# चितवनको साहित्यिक उन्नयनमा
# चितवन साहित्य परिषद्‌को योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली
विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
बालकृष्ण थपलिया
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
भरतपुर, चितवन
२०६६

# चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

# शोधपत्र

शोधनिर्देशक
**एकनारायण पौड्याल**
उपप्राध्यापक

**शोधार्थी**
बालकृष्ण थपलिया
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग
भरतपुर, चितवन
त्रि.वि.दर्ता नं : २२७८२-९२
परीक्षा रोल नं : ५८६०/२०६४
क्याम्पस रोल नं : ३७/२०५९-२०६१

**२०६६**

## शोधनिर्देशकको मन्तव्य

**चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, नेपाली विभाग स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र बालकृष्ण थपलियाले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्णरूपमा सन्तुष्ट छु । अतः यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०६६ । १२ ।२१

......................................
एकनारायण पौड्याल
उपप्राध्यापक
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका छात्र बालकृष्ण थपलियाले त्रि.वि.स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**<u>शोधमूल्याङ्कन समिति</u>**

| **क्र.सं.** | **नाम थर** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १) | प्रा.डा. नारायणप्रसाद खनाल | (विभागीय प्रमख) | .................... |
| २) | उपप्रा.एकनारायण पौड्याल | (शोधनिर्देशक ) | ................. |
| ३) | सह प्रा.गोविन्दराज विनोदी | (बाह्य परीक्षक) | .................... |

मिति : २०६६ ।१२ ।३१

# कृतज्ञताज्ञापन

**चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि समादरणीय गुरु उपप्राध्यापक एकनारायण पौड्यालज्यूका निर्देशनमा तयार पारेको हुँ । आफ्नो कार्यव्यस्तताका बीच पनि यो शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्वक निर्देशन तथा विविध ज्ञानबर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नुहुने श्रद्धेय गुरुप्रति म सदा ऋणी छु ।

प्रस्तुत शीर्षकमा शोधपत्र लेख्न अवसर प्रदान गर्नुहुने विभागीयप्रमुख प्रा.डा.नारायणप्रसाद खनाल तथा नेपाली विभागप्रति म सदा कृतज्ञ छु । यसैक्रममा अमूल्य सहयोग गर्नुहुने क्याम्पस प्रमुख प्रा.डा.गणेशप्रसाद खराल, सहप्राध्यापकहरू डा.लक्ष्मणप्रसाद गौतम, भवनाथ सडौला, उपप्राध्यापक दीननाथ शर्माप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

चितवन साहित्य परिषद्का सल्लाहकार तथा पूर्व अध्यक्ष केदारनाथ खनालले चिसापका महत्त्वपूर्ण दस्तावेजहरू, निर्णयपुस्तिका, उपस्थितिपुस्तिका, दुर्लभ तस्विर तथा चिसापका ऐतिहासिक तथ्याङ्कहरू उपलब्ध गराएर अतुलनीय योगदान पुऱ्याउनु भएको छ । यस अवसरमा खनालज्यूप्रति हृदयतः आभार व्यक्त गर्दछु । यसै गरी चिसापका अध्यक्ष श्रीभक्त अच्युत वाग्ले, सल्लाहकारहरू गोविन्दराज विनोदी, प्रेमविनोद नन्दन, सचिव जी.शर्मा, समालोचक डी.आर. पोखरेल, रामेश्वर पुस्तकालय तथा वाचनालयकी लाइब्रेरियन गणेशमाया शाही, वीरेन्द्र बहुमुखी क्याम्पसका सहायक प्रशासकहरू शिवप्रसाद पोखरेल, विजयराज पण्डित, सहयोगी भीमबहादुर थापाले लगाउनुभएको गुनप्रति कृतज्ञ छु । यसैक्रममा आफ्नो वैयक्तिक विवरण उपलब्ध गराई दिनुहुने चिसापबाट सम्मानित प्रतिभाहरू र सहृदयी मित्रहरू अमर न्यौपाने, सुरेन्द्र अस्तफल, रमेश प्रभात, किसान प्रेमी, भूपिन व्याकुलबाट प्राप्त सहयोगप्रति सदा ऋणी छु । तथ्याङ्क सङ्कलनका क्रममा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू, जिल्ला स्थित विभिन्न साहित्यिक संस्था र तिनका पदाधिकारीहरूबाट प्राप्त सहयोगप्रति आभारी छु । यसैगरी कम्प्युटर सेटिङका क्रममा सहयोग पुऱ्याउनुहुने मित्र विक्रम थापालगायत प्रति आभार व्यक्त गर्दछु । उपयुक्त घरायसी वातावरण बनाई शोधकार्यको लेखनमा सहयोग पुऱ्याउने मेरी जीवनसङ्गी कल्पना थपलियाप्रति साधुवाद व्यक्त गर्दछु । शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६६ । १२ ।२१

बालकृष्ण थपलिया
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

## विषयसूची

| | | पृष्ठ |
|---|---|---|
| स्वीकृतिपत्र | | |
| शोधनिर्देशकको मन्तव्य | | |
| कृतज्ञता ज्ञापन | | |
| सङ्क्षेपीकृत शब्दसूची | | |
| तालिकासूची | | |
| **परिच्छेद एक : शोधपरिचय** | | **१-१०** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य | ७ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ८ |
| १.९ | सामग्री सङ्कलन विधि | ८ |
| १.१० | शोधविधि | ८ |
| १.११ | शोधपत्रको रूपरेखा | ८ |
| **परिच्छेद दुई : चितवन जिल्लाको सङ्क्षिप्त परिचय** | | **१२-१९** |
| २.१ | पृष्ठभूमि | १२ |
| २.२ | नामकरण | १२ |
| २.३ | सिमाना | १३ |
| २.४ | भौगोलिक अवस्था | १३ |
| २.५ | राजनीतिक विभाजन | १३ |
| २.६ | हावापानी तथा तापक्रम | १३ |
| २.७ | नदीनाला तथा तालतलैया | १३ |
| २.८ | वनजङ्गल तथा वन्यजन्तु | १३ |
| २.९ | धार्मिक तथा पर्यटकीयस्थल | १४ |
| २.१० | जनसङ्ख्या | १५ |
| १.११ | धर्म | १५ |
| २.१२ | जाति | १६ |
| २.१३ | भाषा | १६ |
| २.१४ | सामाजिक जनवीजन | १६ |
| २.१५ | यातायात | १७ |
| २.१६ | कृषि तथा पशुपालन | १७ |
| २.१७ | शिक्षा | १७ |

२.१८ सञ्चार १७
२.१९ स्वास्थ्य १८
२.२० उद्योग तथा व्यवसाय १८
२.२१ गैरसरकारी संस्थाहरू १९

२.२२ निश्कर्ष १९
**परिच्छेद तीन : चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचय तथा यहाँ स्थापित साहित्यिक सङ्घ संस्थाहरू २१-५६**
३.१ पृष्ठभूमि २१
३.२ चितवन जिल्लाको साहित्यसिर्जना परम्परा २१
३.२.१ चितवनको गद्य साहित्य २२
३.२.१.१ कथा २२
३.२.१.२ उपन्यास २३
३.२.१.३ निबन्ध २३
३.२.१.४ समालोचना/समीक्षा २४
३.२.१.५ नाटक २४
३.२.२ पद्यसाहित्य २५
३.२.२.१ कविता २५
३.२.२.२ गीति २६
३.२.२.३ गजल २७
३.२.२.४ मुक्तक २८
३.२.२.५ हाइकु २८
३.२.२.६ खण्डकाव्य २८
३.२.२.७ महाकाव्य २८
३.२.२.८ मिश्रितसाहित्य २९
३.३ पत्र पत्रिकामा साहित्य २९
३.४ रेडियोमा साहित्य ३०
३.४.१ सिनर्जी एफ .एम् . ९१ ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३०
३.४.२ कालिका एफ .एम् . ९५.२ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३०
३.४.३ हाम्रो एफ .एम् . ९४ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३०
३.४.४ रेडियो चितवन ९४. ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३०
३.४.५ रेडियो त्रिवेणी १००. ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३२
३.४.६ नारायणी एफ. एम. १०५.२ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू ३२
३.५ चितवनमा स्थापित पुरस्कारहरू ३२
३.५.१ चि.सा.प. प्रतिभा पुरस्कार ३२
३.५.२ कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार ३३
३.५.३ चितवन साहित्य सम्मान ३३
३.५.४ वाल्मीकि साहित्य सम्मान ३४
३.५.५ हाम्रो मझेरी साहित्य सम्मान ३४

३.५.६  पल्लव साहित्य सम्मान ३४
३.५.७  कालिका स्रष्टा  सम्मान ३५
३.५.८  पद्मश्री  पुरस्कार ३५
३.५.९  शहीद शिव पौडेल स्मृति पुरस्कार ३५
३.५.१० गणेश तथा हस्तकुमारी ( लक्ष्मीदेवी ) पुरस्कार ३६
३.५.११ मदनमोहन स्मृति पुरस्कार ३६
३.५.१२ विजय मल्ल प्रतिभा पुरस्कार ३६



३.५.१३ शारदा स्मृति पुरस्कार ३६
३.६ चितवनका साहित्यिक सङ्घ-संस्थाहरूको परिचय ३६
३.६.१ विशुद्ध साहित्यिक सङ्घ-संस्थाहरू ३६
३.६.१.१ दर्ता भई सक्रिय भएका साहित्यिक सङ्घ-संस्थाहरू ३७
३.६.१.१.१ साहित्य सङ्गम, चितवन ३७
३.६.१.१.२ चितवन साहित्य परिषद् ३८
३.६.१.१.३ चितवन वाङ्मय प्रष्ठिान ३९
३.६.१.१.४ वाल्मीकि साहित्य सदन ४०
.६.१.१.५ अभिव्यञ्जना साहित्य प्रष्ठिान ४०
३.६.१.१.६ गजल मञ्च चितवन ४१
३.६.१.१.७ पल्लव साहित्य प्रतिष्ठान ४२
३.६.१.२ दर्ता नभएका तर  सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू ४३
३.६.१.२.१ हाम्रो मझेरी साहित्य प्रष्तिठान ४३
३.६.१.२.२ अविरल साहित्यिक मञ्च ४३
३.६.१.२.३ कैलाश साहित्य मञ्च ४४
३.६.१.२.४ गजल सन्ध्या चितवन ४४
३.६.१.२.५ कविडाँडा साहित्य समाज ४४
३.६.१.२.६ अक्षर समूह ४५
३.६.१.२.७ मध्यक्षितिज वाङ्मय  प्रतिष्ठान ४५
३.६.१.२.८ शब्द सञ्चार नेपाल, चितवन ४६
३.६.१.२.९ गजल शिविर  चितवन ४६
३.६.२ गैर साहित्यिक उद्देश्यले खोलिएका तर साहित्यिक गतिविध सञ्चालन गर्ने सङ्घ-संस्थाहरू ४६
३.६.२.१ नारायणी कला मन्दिर ४६
३.६.२.२ रामेश्वर पुस्कालय तथा वाचनालयल ४७
३.६.२.३ पारिजात पुस्तकालय ४८
३.६.२.४ हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठान ४८
३.६.३. विगतमा साहित्यिक गतिविध सञ्चालन गरेका तर हाल निष्क्रिय रहेका सङ्घ-संस्थाहरू ४९
३.६.३.१ नारायणी पुस्तकालय ४९
३.६.३.२ ज्ञानोदय पुस्तकालय ४९

३.६.३.३ चितवन साहित्य समिति ५०
३.६.३.४ अन्नपूर्णा परिवार ५०
३.६.३.५ समर्पण नाट्य समूह ५०
३.६.३.६ शहीद नारायण दाहाल साहित्य परिषद् ५०
३.६.३.७ सगरमाथा साहित्य समाज ५०
३.६.३.८ साहित्य सुधा कुञ्ज ५१
३.६.३.९ गुराँस नाट्य समूह ५१
३.६.३.१० महाकवि देवकोटा पुस्तकालय ५१
३.६.३.११ समर्पण साहित्य परिषद् ५१
३.६.३.१२ सिस्नुपानी नेपाल चितवन ५२



३.६.३.१३ देवकोटा अध्ययन केन्द्र ५२
३.६.३.१४ मितज्यू साहित्य प्रतिष्ठान ५३
३.६.३.१५ साहित्यिक पत्रकार सङ्घ चितवन शाखा ५३
३.६.४ राजनीतिक विचारधाराबाट प्रभावित साहित्यिक सङ्घ-संस्थाहरू ५३
३.६.४.१ जनसांस्कृतिक महासङ्घ चितवन शाखा ५३
३.६.४.२ प्रगतिशील लेखक सङ्गठन चितवन शाखा ५३
३.६.४.३ नेपाली लेखक सङ्घ ५४
३.६.४.४ एकीकृत अखिल नेपाल जनसाँस्कृतिक महासंघ चितवन ५४
३.७ निश्कर्ष ५५
**परिच्छेद चार : चि.सा.प.को परिचयात्म विवरण ५८-९५**
४.१ पृष्ठभूमि ५८
४.२ प्रथम बैठक ५८
४.३ चि.सा.प.को स्थापना तथा संस्थापकहरूको भेला ५९
४.४ नामकरण तथा संस्थादर्ता ६०
४.५ उद्देश्यहरू ६०
४.६ सदस्यता ६१
४.६.१ मानार्थ सदस्यहरू ६१
४.६.२ सम्मानित सदस्यहरू ६१
४.६.३ आजीवन सदस्यहरू ६२
४.६.४ साधरण सदस्यहरू ६४
४.७ चि.सा.प.को साधरणसभा, नेतृत्व र सल्लाहकारहरू ६४
४.७.१ प्रथम कार्यसमिति ( तदर्थ समिति ) ६५
४.७.२ दोस्रो अधिवेशन ६५
४.७.३ तेस्रो अधिवेशन ६६
४.७.४ चौथो अधिवेशन ६७
४.७.५ पाचौं अधिवेशन ६७
४.७.६ छैटौं अधिवेशन ६८
४.७.७ सातौं अधिवेशन ६८

४.७.८ आठौँ अधिवेशन ६९
४.८ आर्थिक अवस्था र सम्पत्ति ७१
४.९ चि.सा.प.ले गरेका महत्त्वपूर्ण निर्णय तथा सम्पादित कार्यहरू ७१
४.१० चि.सा.प. र अन्य सँस्थाहरूसितको सम्वन्ध ९२
४.१०.१ चि.सा.प. र नारायणी कला मन्दिरको सम्वन्ध ९२
४.१०.२ चि.सा.प. र जिल्ला कार्यालयको सम्वन्ध ९३
४.१०.३ चि.सा.प. र भानु सेवा समितिको सम्वन्ध ९३
४.१०.४ चि.सा.प. र तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सम्वन्ध ९३
४.१०.५ चि.सा.प. र उद्योग वाणिज्य सङ्घ नारायणगढको सम्वन्ध ९३
४.१०.६ चि.सा.प.र अन्य साहित्यिक सँस्थाहरूसित सम्बन्ध ९४
४.११ निष्कर्ष ९४
**परिच्छेद पाँच : चितवन साहित्य परिषद्बाट सम्मानित प्रतिभा एवम् प्रकाशित पत्रिका र पुस्तकहरूको परिचयात्मक अध्ययन ९७-१७४**



५.१ पृष्ठभूमि ९७
५.२ चि.सा.प.बाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय ९७
५.२.१ चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय ९७
५.२.१.१ प्रेमविनोद नन्दन ९८
५.२.१.२ गोविन्दराज विनोदी १००
५.२.१.३ रामबाबु घिमिरे १०१
५.२.१.४ हरिहर खनाल १०२
५.२.१.५ नारायणप्रसाद खनाल १०४
५.२.१.६ विजयराज भट्टराई १०५
५.२.१.७ खुमनारायण पौडेल १०६
५.२.१.८ नारायणदत्त शास्त्री १०७
५.२.१.९ लक्ष्मणप्रसाद गौतम १०८
५.२.१.१० राजकृष्ण कंडेल १०९
५.२.१.११ केशवराज आमोदी ११०
५.२.१.१२.गायत्री श्रेष्ठ र सरस्वती रिजाल १११
५.२.१.१२.१ गायत्री श्रेष्ठ १११
५.२.१.१२.२ सरस्वती रिजाल ११२
५.२.१.१३ कपिल अज्ञात ११३
५.२.१.१४ केदारनाथ खनाल ११४
५.२.१.१५ डी.आर. पोखरेल ११५
५.२.२ कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय ११६
५.२.२.१ सूर्यमणि अधिकारी र कपिल अज्ञात ११६
५.२.२.१.१ सूर्यमणि अधिकारी ११७
५.२.२.१.२ अपिल अज्ञात ११८
५.२.२.२ मोहन दुलाल ११८

५.२.२.३ रमेश श्रेष्ठ १२०
५.२.२.४ शैलेन्दुप्रकाश नेपाल १२१
५.२.२.५ माधव वियोगी र गोविन्दराज विनोदी १२२
५.२.२.५.१ माधव वियोगी १२२
५.२.२.५.२ गोविन्दराज विनोदी १२३
५.२.२.६ खगेन्द्रप्रसाद लुइटेल १२४
५.२.२.७. प्रेमविनोद नन्दन १२५
५.२.२.८ लक्ष्मणप्रसाद गौतम र भूपिन व्याकुल १२५
५.२.२.८.१ लक्ष्मणप्रसाद गौतम १२५
५.२.२.८.२ भूपिन व्याकुल १२५
५.३ चि.सा.प.द्वारा प्रकाशित मुखपत्र **वागीश्वरी**को विवरणात्मक अध्ययन १२७
५.३.१ पहिलो अङ्क १२८
५.३.२ दोस्रो अङ्क १२८
५.३.३. तेस्रो अङ्क १२९
५.३.४ चौथोँ अङ्क १३०



५.३.५ पाचौँ अङ्क १३०
५.३.६ छैटौँ अङ्क १३१
५.२.७ सातौँ अङ्क १३२
५.३.८ आठौँ अङ्क १३२
५.२.९ नऔँ अङ्क १३३
५.३.१० दसौँ अङ्क १३४
५.३.११ एघारौँ अङ्क १३५
५.३.१२ बाह्रौँ अङ्क १३६
५.३.१३ तेह्रौँ अङ्क १३७
५.३.१४ चौधौँ अङ्क १३८
५.३.१५ पन्धौँ अङ्क १३९
५.३.१६ सोह्रौँ अङ्क १४०
५.३.१६ सत्रौँ अङ्क १४१
५.४ चि.सा.प.द्वारा प्रकाशित साहित्यिक कृतिहरू १४५
५.४.१ प्रेमविनोद नन्दन र उनको गीत तथा कवितासङ्ग्रह **बिपनीका पाइलाहरू** (२०५२) १४५
५.४.२ कपिल अज्ञात र उनको समालोचनासङ्ग्रह **समालोचनाको सन्दर्भ** (२०५५) १४६
५.४.३ गोविन्दराज विनोदी र उनको गजलसङ्ग्रह **निर्मम निर्मम घडीहरू** (२०५६) १४७
५.४.४ रामबाबु घिमिरे र उनको निबनधसङ्ग्रह **लेख्न नपर्ने कुराहरू** (२०५६) १४७
५.४.५ सूर्यमणि अधिकारी र उनको कथासङ्ग्रह **आत्मावतार** (२०५६) १४८
५.४.६ श्रीभक्तअच्युत वाग्ले र उनको कवितासङ्ग्रह **म भित्रको मान्छे** (२०५७) १४९
५.४.७ श्यामानन्द पौडेल र उनको कवितासङ्ग्रह **शिवशक्ति शिखरिणी** (२०५८) १४९
५.४.८ गोविन्दराज विनोदी र उनको कवितासङ्ग्रह **छन्द विनोद** (२०५९) १५०

५.४.९ नारायणदत्त शास्त्री र उनको लघुकाव्य **कृषि डायरी** (२०५९) १५१
५.४.१० राजकृष्ण कंडेल र उनको खण्डकाव्य **द्रौपदीको पश्चात्ताप** (२०५९) १५१
५.४.११ नरेन्द्रराज पौडेल र उनको नियात्रासङ्ग्रह **एलो सी माथिको साँझ** (२०६०) १५२
५.४.१२ विमलप्रकाश देवकोटा र उनको हाइकुसङ्ग्रह **बिमल-दर्पण** (२०६०) १५३
५.४.१३ प्रकाश पौडेल माइला र उनको हाइकुसङ्ग्रह **पर्दाफास** (२०६१) १५४
५.४.१४ केदारनाथ खनाल र उनको कवितासङ्ग्रह **अनुभूतिका शब्द-तरङ्ग** (२०६१) १५५
५.४.१५ केदारनाथ खनाल र अन्य (सम्पा.) र कवितासङ्ग्रह **कवितामा चितवन** (२०६१) १५५
५.४.१६ गायत्री श्रेष्ठ र उनको गीतिकवितासङ्ग्रह **बादलको घुम्टोभित्र** (२०६२) १५६
५.४.१७ शीतल कादम्बीनी र उनको गजलसङ्ग्रह **सुगन्धयात्रा** (२०६२) १५६
५.४.१८ केदारनाथ खनाल र उनको शैक्षिक लेखहरूको सङ्गालो **शिक्षा: केही गन्थन केही मन्थन** (२०६२) १५७
५.४.१९ इन्द्रलाल श्रेष्ठ र उनको गजलसङ्ग्रह **भावनामा राष्ट्र बोल्छ** (२०६२) १५७
५.४.२० कल्पना अधिकारी र उनको कथासङ्ग्रह **आमा** (२०६२) १५८
५.४.२१ सुरेन्द्र अस्तफल र उनको कवितासङ्ग्रह **बिम्बशिविर** (२०६२) १५८
५.४.२२ बालकृष्ण थपलिया र उनको कवितासङ्ग्रह **धारा एकसय सत्ताईस** (२०६२) १५९
५.४.२३ होमनाथ पौडेल हिमांशु र उनको महाकाव्य **विभूति दर्पण** (२०६२) १६०
५.४.२४ राजकृष्ण कंडेल र उनको निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) १६१
५.४.२५ सरस्वती रिजाल र उनको कवितासङ्ग्रह **प्रबोधन** (२०६३) १६२
५.४.२६ कृष्णकुमारी महत र उनको गजलसङ्ग्रह **संयोग वियोग** (२०६३) १६३
५.४.२७ इन्द्रलाल श्रेष्ठ र उनको गजलसङ्ग्रह **नयाँ आकाश नयाँ इतिहास** (२०६४) १६४



५.४.२८ इन्द्रलाल श्रेष्ठ र उनको आध्यात्मिक गजलसङ्ग्रह **बिम्ब प्रतिविम्ब** (२०६४) १६५
५.४.२९ खेमराज दवाडी र उनको यात्राकाव्य **अमेरिकाको यात्रा** (२०६३) १६५
५.४.३० प्रेमविनोद नन्दन र उनको गीतसङ्ग्रह **ऐना भित्रको आकाश** (२०६३) १६६
५.४.३१ श्रीभक्त अच्युत वाग्ले र उनको लघुकाव्य **प्रत्यागमन** (२०६४) १६७
५.४.३२ रामबाबु घिमिरे र उनको निबन्धसङ्ग्रह **अनर्गल प्रलाप** (२०६५) १६८
५.४.३३ केदारनाथ खनाल र उनको नियात्रासङ्ग्रह **यात्राका स्पन्दन**हरू (२०६५), १६८
५.४.३४ डी.डी.शर्मा (डमरूदेव शर्मा पौडेल) र उनको कवितासङ्ग्रह **प्रतिध्वनि** (२०६५) १६९
५.४.३५ पुष्प आचार्य र उनको गजलसङ्ग्रह **दैलो भित्र दैलो बाहिर** (२०६५) १७०
५.४.३६ कुलप्रसाद ढुङ्गाना र उनको समालोचनासङ्ग्रह **सस्कृत साहित्य सिद्धान्त** (२०६५) १७०
५.४.३७ तिलकराज शर्मा पौडेल र उनको निबन्धसङ्ग्रह **दौरा सुरवाल र टोपी आतङ्क** (२०६५) १७१
५.४.३८ केदारनाथ खनाल र उनको संस्मरणसङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६६) १७२
५.५ निश्कर्ष : १७४

**परिच्छेद छ : चितवनको साहित्यिक उन्नयनमा चि.सा.प.को योगदान १७६-१८२**
६.१ पृष्ठभूमि १७६
६.२ उद्देश्यका आधारमा भएका कामहरू १७६
६.३ जिल्लामा स्थापित साहित्यिक सङ्घ-संस्थाका सापेक्षतामा यसले खेलेको भूमिका १७९
६.४ चि.सा.प.को शक्ति र सीमा १८०
६.५ निष्कर्ष १८२

**परिच्छेद सात :  उपसंहार** **१८४**
संभावित शोधशीर्षकहरू १८९
सन्दर्भग्रन्थसूची १९२
परिशिष्ट खण्ड (क) व्यक्तिवृत फारम १९२
परिशिष्ट खण्ड (ख) चितवन जिल्लाको नक्सा र चि.सा.प.का हालसम्मका अध्यक्षहरू १९४
परिशिष्ट खण्ड (ग) चि.सा.प.का संस्थापकहरूको प्रथम भेला र निर्णय १९५
परिशिष्ट खण्ड (घ) चि.सा.प.को संस्था दर्ता प्रमाणपत्र र नवीकरण १९७
परिशिष्ट खण्ड (ङ) चि.सा.प.बाट प्रकाशित पुस्तक तथा **वागीश्वरी**का अङ्कहरू १९९
परिशिष्ट खण्ड (च) चि.सा.प.द्वारा सम्पादित कार्यहरूको सङ्क्षिप्त झलकहरू २०५
परिशिष्ट खण्ड (छ) चि.सा.प.बाट प्रदान गरिएका सम्मान पत्रहरू २०८
परिशिष्ट खण्ड (ज) चि.सा.प.को विधान २०९
परिशिष्ट खण्ड (झ) चि.सा.प.लाई युगकवि सिद्धिचरण श्रेष्ठबाट प्राप्त शुभ-कामना र चि.सा.प. प्रतिभा पुरस्कारका लागि छनौट समितिबाट भएको सिफारिस २१५
परिशिष्ट खण्ड (ञ) पत्रपत्रिकामा चि.सा.प. २१६

## तालिकासूची


तालिका नं. १ : चि.सा.प.का मानार्थ सदस्यहरू

तालिका नं. २ : चि.सा.प.का सम्मानित सदस्यहरू

तालिका नं. ३ : चि.सा.प.का आजीवन सदस्यहरू

तालिका नं. ४ : चि.सा.प.का साधरण सदस्यहरू

तालिका नं. ५ : चि.सा.प.को नेतृत्व र समयावधि

तालिका नं. ६ : चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित प्रतिभाहरूको विवरण

तालिका नं. ७ : कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरूको विवरण

तालिका नं. ८ : चि.सा.प.का प्रकाशन **वागीश्वरी**का सङ्क्षिप्त परिचय

तालिका नं ९ : चि.सा.प.बाट प्रकाशित पुस्तकहरू

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| एम.ए. | मास्टर्स अफ आर्ट्स |
| एफ.एम. | फ्रिक्वेन्सी अफ मोडुलेसन |
| का.स. | कार्य समिति |
| कै. | कैफियत |
| गा.पं. | गाउँ पञ्चायत |
| गा.वि.स. | गाउँ विकास समिति |
| गो.द.वा. | गोर्खा दक्षिण बाहु |
| चि.वा.प्र. | चितवन वाङ्मय प्रतिष्ठान |
| चि.सा.प. | चितवन साहित्य परिषद् |
| डा. | डाक्टर |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| न.पा. | नगरपालिका |
| ना.क.म. | नारायणी कला मन्दिर |
| ने.रा.प्र.प. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| प्रा. | प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वी.ब.क्या. | वीरेन्द्र बहुमुखी क्याम्पस |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| मा.वि. | माध्यामिक विद्यालय |
| सह प्रा. | सह प्राध्यापक |
| स्व. | स्वर्गीय |
| सम्पा. | सम्पादक |

# परिच्छेद : एक

# शोधपरिचय

# परिच्छेद : एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी  क्याम्पस भरतपुर नेपाली विभागको स्नातकोत्तर तह (एम.ए.) द्वितीय वर्ष, दसौँ पत्रको प्रयोजनका लागि  प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

वि.सं.२०४५ सालमा चितवन जिल्लाको सबैभन्दा पहिला दर्ता गरिएको पुरानो साहित्यिक संस्था चितवन साहित्य परिषद् (चि.सा.प.)ले चितवनको साहित्यिक उन्नयनमा उल्लेखनीय योगदान पुऱ्याएको छ । स्थानीय प्रतिभाको खोजी, भाषा, कला, साहित्य र संस्कृतिको खोजी, अध्ययन, अनुसन्धान, संरक्षण र सम्बर्धन गर्न यसले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यसले हालसम्म चितवनमा विविध विधाका ३८ वटा पुस्तकहरू प्रकाशन गरेको छभने साहित्यिक प्रतिभाहरू भानुभक्त आचार्य, मोती राम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदिका जयन्तीका अवसर पारेर विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दैआएको छ । आफ्नो नाममा जग्गा लिई पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना तथा प्रतिभा सम्मान कार्यक्रम निरन्तर  रूपमा गर्दै आएको छ । स्थापनाकालको तेस्रो वर्षदेखि नै मुखपत्रका रूपमा **वागीश्वरी** पत्रिका प्रकाशित गर्दै निरन्तरता दिएको छ । विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका व्यक्तित्त्व तथा संस्थाहरूसित हातेमालो गर्दै नेपाली साहित्यको श्रीवृद्धिमा लागिरहेको छ । आवधिक निर्वाचन, संथागत विकास, नेतृत्व विकास आदिका माध्यमबाट पनि यो संस्था आफ्नो पहिचानलाई अझै लोकप्रिय र सुदृढ बनाएर चितवन मात्र नभई देशकै गौरवशाली साहित्यिक सङ्गठनका रूपमा परिचित छ । यसर्थ यस शोधपत्रमा चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचय दिई चितवन साहित्य परिषद्ले सम्पादन गरेका कार्यहरूको प्रकाश पार्नु रहेको छ ।

### १.४ समस्याकथन

चितवन साहित्य परिषद्ले गरेका विविध साहित्यिक क्रियाकलाप र चितवनको साहित्यिक उन्नयनमा यसले कति  योगदान गरेको छ भनी अध्ययन गर्नु प्रस्तुत शोधकार्यको

प्रमुख समस्या रहेको छ । यीनै मुख्य समस्या र यससँग सन्दर्भित भएर आउने विभिन्न समस्याहरू यसप्रकार रहेका छन् :

क) चितवनको भौगोलिक र साहित्यिक अवस्था कस्तो छ र यहाँका साहित्यिक सङ्घ-संस्थाहरूका गतिविधि के कस्ता रहेका छन ?

ख) चितवन साहित्य परिषद् स्थापनाको ऐतिहासिक पृष्ठभूमि, उद्देश्य, दर्ता, नेतृत्व आदिको अवस्था कस्तो छ ?

ग) चितवन साहित्य परिषद्ले सम्पादन गरेका प्रमुख कार्यहरू के कस्ता रहेका छन् ?

घ) चितवन साहित्य परिषद्ले स्थापना गरेका पुरस्कार के कति छन् ?, त्यसबाट सम्मानित प्रतिभाहरू को को रहेका छन् ? र यसले प्रकाशन गरेका सामग्रीहरू के कस्ता रहेका छन् ?

ङ) चितवनको समग्र साहित्यमा चितवन साहित्य परिषद्को योगदान कस्तो रहेको छ ?

यिनै प्रमुख समस्याहरूका बारेमा यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य **चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान**को अध्ययन गर्नु रहेको छ । बुँदागत रूपमा यसका खास उद्देश्यहरू यी रहेका छन् :

क) चितवनको भौगोलिक र साहित्यिक अवस्थाका साथै यहाँका साहित्यिक सङ्घ-संस्थाहरूका गतिविधिका बारेमा प्रकाश पार्नु ।

ख) चितवन साहित्य परिषद् स्थापनाको ऐतिहासिक पृष्ठभूमि,उद्देश्य, दर्ता, नेतृत्व आदिको बारेमा प्रकाश पार्नु ।

ग) चितवन साहित्य परिषद्ले सम्पादन गरेका प्रमुख कार्यहरूका बारेमा उल्लेख गर्नु ।

घ) चितवन साहित्य परिषद्ले स्थापना गरेका पुरस्कारहरू र त्यसबाट सम्मानित प्रतिभाहरूको बारेमा परिचय दिदै यसले प्रकाशन गरेका सामग्रीहरूका बारेमा परिचय गराउनु ।

ङ) चितवनको समग्र साहित्यमा चितवन साहित्य परिषद्को योगदानको बारेमा चर्चा गर्नु ।

यिनै मुख्य सन्दर्भ र अन्य प्रसङ्गहरूका बारेमा अध्ययन गर्नु यस शोधको प्रमुख उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

चितवन साहित्य परिषद्ले आफ्नो मुखपत्र **वागीश्वरी** १७ अङकसम्म प्रकाशन गरेको छ । यस्तै विभिन्न विधाका ३८ वटा पुस्ताकाकार कृतिहरूको प्रकाशनसमेत गरेको छ । **वागीश्वरी**का हरेक अङ्कमा संस्थागतिविधि, सम्पादकीय, संस्मरण, समीक्षात्मक लेख आदि तथा पुस्तक प्रकाशन गर्दा प्रकाशकीयमा समेत संस्थाका बारेमा प्रकाश पारेको पाइन्छ । त्यसबाहेक अन्य विभिन्न स्थानबाट प्रकाशित पुस्तक, पत्रपत्रिका, स्मारिका आदिमा समेत यस संस्थाका बारेमा उल्लेख गरिएको पाइन्छ । छिटपुट रूपमा यस विषयमा भएगरेका चर्चापरिचर्चाहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

केदारनाथ खनाल, *चितवन जिल्लामा सञ्चालित सामाजिक सङ्घ संस्थाहरू*, **विवेक**, ( वर्ष २, अङ्क ५, २०४६, पृ.२४६ ।

खनालले चि.सा.प. स्थापनाको प्रसङ्ग उल्लेख गर्दै २०४५ साल फागुन २८ गते उपस्थित साहित्यकारहरूको भेलाले जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको उत्थान र सम्मान गर्ने, नेपाली र स्थानीय भाषा साहित्यको क्षेत्रमा अध्ययन, अनुसन्धानात्मक कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गराउने, साहित्यको संस्थागत विकासको निमित्त गोष्ठी, प्रतियोगिता आदि आयोजना गर्ने, साहित्यिक कृति अभिलेखको सङ्कलन एवम् प्रकाशन गर्ने आदि उद्देश्यले चितवन साहित्य परिषद्को स्थापना भएको उल्लेख गर्दै यसको ११ सदस्यीय कार्य समिति गठन भएको र वि.सं २०४६ जेठ ३१ जिल्ला प्रशासन कार्यालय चितवनमा यसको दर्ता भएको भनी उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान २०५२, पृ.१२ ।

गौतमले **चि.सा.प.**का पूर्व अध्यक्ष कोमलनाथ कोइरालाको स्वभाव उल्लेख गर्दै कवि प्रेमविनोद नन्दन चि.सा.प.बाट **प्रतिभा पुरस्कार**द्वारा पुरस्कृत प्रथम प्रतिभा भएको उल्लेख गरेका छन् । यसैगरी गैतमले चि.सा.प.ले आफ्नो स्थापना कालदेखि नै राष्ट्रिय स्तरका साहित्य साधकहरूलाई आमन्त्रित गरी साहित्यिक कार्यक्रमहरू गर्दै आउनुका साथै नेपाली शिक्षा परिषद् र चितवन साहित्य परिषद्को संयुक्त आयोजनामा पनि साहित्यिक कार्यक्रमहरू भएको उल्लेख गरेका छन् । त्यसैगरी गौतमले परिषद्ले विगत २ वर्षदेखि प्रत्येक महिनाको अन्तिम शुक्रबार **साहित्यसन्ध्या** कार्यक्रमको आयोजना गरी चितवनका साहित्यकारहरूबीच अन्तर्क्रिया गराएको भन्ने उल्लेख गरेका छन् ।

**चितवन** साप्ताहिक वर्ष १ अङ्क १५, २०५३ मङ्सिर ६ ।

**चितवन** साप्ताहिकको सो अङ्कको समाचारमा चि.सा.प.ले नेपाली वाङ्मयको समुत्थान गर्दै साहित्यका साधकहरूलाई वर्षेनि भानु जयन्तीका अवसरमा जिल्लाका साहित्यकारमध्ये उत्कृष्टताको आधारमा प्रदान गरिँदै आएको प्रतिभा पुरस्कारको अक्षयकोष स्थापनार्थ

दीपावलीको उपलक्ष्यमा सहयोगार्थ अनुरोध गरिए बमोजिम रकम प्रदान गर्नेहरूको नामावली र तिनले प्रदान गरेको रकम उल्लेख गरिएको छ ।

**पारदर्शी** दैनिक वर्ष ३, अङ्क ३९, २०५५ माघ ३ ।

**पारदर्शी**को सो अङ्कमा चि.सा.प.ले हरेक दुई-दुई वर्षमा प्रदान गर्दै आएको कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार साहित्यकार कपिल अज्ञात र इतिहासकार सूर्यमणि अधिकारीलाई ११५औं लेखनाथ जयन्तीका अवसरमा संयुक्त रूपमा प्रदान गरिएको उल्लेख छ ।

लक्ष्मणप्रसाद गौतम, *चितवनको साहित्य : यात्रा र प्रवृत्ति* , **चितवन महोत्सव स्मारिका,** २०५७ पृ.९९ ।

गौतमले चितवनको साहित्यिक विकासमा चितवनका साहित्यिक सङ्घ संस्थाहरूको योगदानको उल्लेख गर्दै चितवनको साहित्यिक इतिहासमा पच्चीसवटा साहित्यिक सङ्घ-संस्थाको इतिहास देखिएपनि हाल चितवन साहित्य परिषद्, चितवन वाङ्मय प्रष्तिठान, साहित्य सङ्गम चितवन, नारायणी कला मन्दिर आदि केही संस्थाहरूमात्र सक्रिय छन् भन्ने उल्लेख गरेका छन् ।

हरिहर खनाल, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका** २०५७ पृ. ८६ ।

खनालले चितवनको साहित्यिक प्रकाशनका बारेमा प्रकाश पार्दै चितवन साहित्य परिषद्ले पनि आफ्नो मुखपत्र **वागीश्वरी**को प्रकाशन सुरू गरेको उल्लेख गरेका छन् ।

**कान्तिपुर** राष्ट्रिय दैनिक, वर्ष ...अङ्क ..., २०५८ मङ्सिर १० ।

**कान्तिपुर**को सो अङ्कमा चि.सा.प.ले कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार वितरणार्थ कृति आह्वानको लागि नेपाली भाषा, साहित्य अनुसन्धान सम्बन्धी विषयका दुई वर्ष अघिसम्मका प्रकाशित कृतिहरू ४/४ प्रति मिति २०५८ मार्ग ३० गते सम्म उपलब्ध गराउनका निम्ति सूचना प्रकाशित गरिएको छ ।

लक्ष्मणप्रसाद गौतम, *पचासको दशकमा चितवनका कविता,* **चितवन महोत्सव स्मारिका** २०५९ पृ.४४।

गौतमले चितवनमा पचासको दशकको कविताका बारेमा प्रकाश पार्दै चितवन साहित्य परिषद्को मुखपत्र **वागीश्वरी**को दसौं अङ्क कविता विशेषाङ्का रूपमा रहेको उल्लेख गर्दै यसलाई यस दशकको एकमात्र कविता विशेषाङ्क रहेको उल्लेख गरेका छन् । यसमा नेपाली भाषाका अठ्चालीसवटा कविताहरू प्रकाशित भएको समेत जानकारी दिएका छन् ।

**आदर्श समाज** दैनिक वर्ष, अङ्क २९५, २०५९ माघ १ ।

**आदर्श समाज**को सो अङ्कमा समाजसेवी गुणचन्द्र विष्टले चि.सा.प.लाई भरतपुर नगरपालिकाको करिव चार लाख मूल्य पर्ने घडेरी जग्गा निःशुल्क प्रदान गरेको र उनको सहृदयतापूर्ण उदार सहयोगको लागि चि.सा.प.ले सम्मानित सदस्यता प्रदान गरेको समाचार प्रकाशित भएको छ ।

**चितवन पोष्ट** दैनिक, वर्ष ६, अङ्क २८९, २०६० आषाढ ११ ।

**चितवन पोष्ट**को सो अङ्कमा चि.सा.प.ले चितवनवासीको तर्फबाट राष्ट्रकवि माधव घिमिरेलाई रथारोहण सहितअभिनन्दन गरिने उल्लेख गर्दै सो को लागि केदारनाथ खनालको संयोजकत्वमा ५८५ सदस्यीय मूल समारोह समिति र २५ सदस्यीय कार्यपरिचालन समिति गठन गरिएको समाचार प्रकाशित भएको छ ।

**पारदर्शी** दैनिक वर्ष...., अङ्क ...., २०६० कार्तिक २ ।

**पारदर्शी**को सो अङ्कमा चि.सा.प. र ना.क.म.को सयुक्त आयोजनामा १४२ औं मोती जयन्तीको अवसरमा प्रतियोगितात्मक गजल गोष्ठी आयोजना गरी मनाइएको र सो प्रतियोगितामा सहभागी प्रतिस्प्रर्धीहरूले रू पचास दर्ता शुल्क तिरी भाग लिएका समाचार प्रकाशित भएको छ ।

केदारनाथ खनाल, *वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घ-संस्थाहरू,* **चितवन महोत्सव स्मारिका** २०६१, पृ.३१-३२ ।

खनालले वाङमयको विकासमा चितवनका साहित्यिक सङ्घ-संस्थाहरूको योगदानको चर्चा गर्दै चितवन साहित्य परिषद्ले आफ्नो स्थापनाकालदेखि नै समय समयमा राष्ट्रियस्तरका साहित्यकारहरूलाई आमन्त्रण गरेर नेपाली शिक्षा परिषद्, नेपाल बाल साहित्य सामाज, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सहभागितामा शोभायात्रा, साहित्यिक परिचर्चा, प्रतियोगितात्मक कविगोष्ठी, संस्मरणगोष्ठी (२०५८), बहुभाषिक कविता सम्मेलन (२०५९), गजल कार्यशाला गोष्ठी (२०६०), राष्ट्रकवि माधव घिमीरेको रथयात्रा तथा अभिनन्दन (२०६१) आदि राष्ट्रियस्तरका कार्यकमका साथै जिल्ला र स्थानीय स्तरमा साहित्यिक कार्यकमहरू सम्पादन गर्दै आएको कुरा उल्लेख गरेका छन् । खनालले चि.सा.प.ले स्थापना गरेको **चि.सा.प.प्रतिभा पुरस्कार**का बारेमा सङ्केत गर्दै चितवन जिल्लामा घरवास भएका वा यहाँको भूमिलाई कर्मथलो बनाउने साहित्यकारलाई भानु जयन्तीका अवसरमा **प्रतिभा पुरस्कार** र लेखनाथ जयन्तीको अवरसरमा **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार**द्वारा सम्मान गर्दै आएको उल्लेख गरेका छन् ।

डी.आर. पोखरेल, *पचासको दशकमा प्रकाशित चितवनको साहित्य,* **चितवन महोत्सव स्मारिका** २०६१, पृ.८८-८९ ।

पोखरेलले  पचासको दशकमा प्रकाशित चितवनको साहित्यको बारेमा उल्लेख गर्दै चितवन साहित्य परिषद्बाट प्रकाशित पुस्तकहरू कपिल अज्ञातको **समालोचनाको सन्दर्भ** (२०५५ कार्तिक), रामबाबु घिमिरेको **लेख्न नपर्ने कुराहरू** निबन्ध सङ्ग्रह (२०५६) सूर्यमणि अधिकारीको **आत्मावतार** कथासङ्ग्रह (२०५६) को विवरण प्रस्तुत गर्दै **वागीश्वरी**को संस्मरण अङ्क पत्रिका प्रकाशन गरेर चितवनको साहित्यलाई गद्य विधाको रिक्तताबाट मुक्त गरेको जानकारी दिएका छन् ।

रामकला कोइराला, **चितवन जिल्लावाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरणात्मक अध्ययन** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग, बीरेन्द्र बहुमुखी क्याम्पस २०६१) पृ.१६ ।

कोइरालाले चि.सा.प.बाट प्रकाशित **वागीश्वरी**को प्रसङ्ग उल्लेख गर्दै चितवन साहित्य परिषद्को स्थापनाले चितवनका साहित्यानुरागीहरूको साहित्यिक व्यक्तित्वको विकाश हुनुका साथै नवोदित प्रतिभाहरूलाई प्रेरणा र प्रोत्साहन गरेको उल्लेख गरेकी छिन् । यसैगरी कोइरालाले साहित्यिक गतिविधिहरूमा सक्रियरूपमा लागेका संस्थाको नाम लिन पर्दा चितवन साहित्य परिषद् अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै संस्था स्थापनाको प्रसङ्ग पनि कोट्याएकी छिन् ।

ऋषिप्रसाद लामिछाने, सम्पा. **पल्लव** अङ्क १०, २०६२ असार अङ्क पृ.९१ ।

**पल्लव**को सो अङ्कमा चितवन साहित्य परिषद्ले एउटै मञ्चमा राष्ट्रिय विभूतिहरू २८२औं पृथ्वी जयन्ती तथा १२१औँ लेखनाथजयन्ती मनाएको र सो समारोह चि.सा.प.का अध्यक्ष केदारनाथ खनालको अध्यक्षतामा र आजीवन प्राज्ञ प्रेमसिँह सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न भएको कुरा उल्लेख गरेका छन् । यसैगरी **पल्लव**कै सोही अङ्कमा चि.सा.प.ले आफ्ना कार्यक्रमहरू जिल्लाका अन्य संस्थाहरूसित पनि मिलेर सम्पादन गर्नेगरेको प्रसङ्ग उल्लेख गर्दै राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको १९१औं जन्मजयन्ती  सदाझैँ यसवर्ष पनि चितवन साहित्य परिषद् र नारायणी कला मन्दिरको सयुक्त  आयोजनामा नारायणी कला मन्दिरको प्राङ्गणमा सम्पन्न भएको समाचार प्रकाशित भएको छ । समाचारमा प्रमुख अतिथि तीर्थराज कोइरालाद्वारा **वागीश्वरी** तथा खनाल रेवती रमणद्वारा रचित **मान्छे भित्र मान्छेको खोजी** नामक हाइकु सङ्ग्रह पनि लोकार्पण गरिएको समाचार प्रकाशित भएको छ ।

**चितवन पोष्ट** दैनिक, वर्ष ८, अङ्क १९३, २०६२ मङ्सिर २९ ।

**चितवन पोष्ट**को सो अङ्कमा प्रकाशित गरेको समाचारमा चि.सा.प.ले प्रकाशन गरेको बालकृष्ण थपलियाको कृति **धारा एकसय सत्ताईस**को प्रमुख अतिथि प्रेमविनोद नन्दनलाई बेचेर नयाँ शैलीमा विमोचन गरिएको उल्लेख गरिएको  छ ।

श्रीचन्द्र वाग्ले, **साहित्यिक पत्रपत्रिका प्रकाशनमा चितवनका सङ्घसंस्थाको भूमिका** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.(नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस २०६३) पृ.२५ ।

वाग्लेले चितवनमा साहित्यिक सङ्घ-संस्थाहरूको स्थापनाको प्रसङ्ग उल्लेख गर्दै वि.सं. २०४४ सालमा साहित्य सङ्गम चितवनको जन्म भएपछि प्रगतिशील लेखक तथा अन्य साहित्यकारहरू  साहित्य सङ्गम चितवनमा गोलबद्ध भएपछि गैर वामपन्थी एवं गैर प्रगतिशील लेखकहरूले आफ्नो प्रतिभा एकत्रित गर्ने माध्यमका लागि चि.सा.प. गठन गर्न खोजेको बताएका छन् । वाग्लेले यसै पृष्ठभूमिमा वि.सं. २०४४ सालमै सूर्यमणि अधिकारीको संयोकत्वमा विधान मास्यौदा समिति गठन गरेको  र २०४५ साल फागुन २८ गते उपस्थित साहित्यकारहरूको भेलाले चितवन साहित्य परिषद् नामक साहित्यिक संस्थाको स्थापना गरेको बताएका छन् । यसैगरी वाग्लेले चितवन जिल्लामा सवैभन्दा धेरै कृति प्रकाश गर्ने  विशुद्ध साहात्यिक संस्था चितवन साहित्य परिषद् भएको उल्लेख गर्दै मुखपत्र **वागीश्वरी**लाई पनि निरन्तरता दिएको बताएका छन् । वाग्लेले कृति प्रकाशन, स्रष्टासम्मान तथा पुरस्कारको दृष्टिले पनि चि.सा.प.को स्थान उच्च रहेको उल्लेख गरेका छन् ।

**चितवन पोष्ट** दैनिक, वर्ष ९, अङ्क ७९, २०६३ आषाढ ३१ ।

**चितवन पोष्ट**को सो अङ्कमा प्रकाशित समाचारमा चि.सा.प.ले १९३ औँ भानु जयन्तीको अवसरमा विविध साहित्यिक कार्यक्रम गरी नेपाली साहित्यलाई योगदान पुऱ्याएबापत नारी साहित्यकारद्वय गायत्री श्रेष्ठ र सरस्वती रिजाललाई यस वर्षको चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित गरिएको समाचार प्रकाशित भएको छ ।

**चितवन पोष्ट** दैनिक, वर्ष ९, अङ्क २२६, २०६३ पौष २८ ।

**चितवन पोष्ट**को सो अङ्कमा प्रकाशित समाचारमा चि.सा.प. र हास्य ब्यङ्ग्य समाज नेपाल (हासने) को संयुक्त आयोजनामा हासने सम्मान एवम् कृति विमोचन तथा हास्यब्यङ्ग्य साहित्यिक कार्यक्रम सम्पन्न भएको उल्लेख गर्दै हास्यब्यङ्ग्यकार नरेन्द्र राज पौडेललाई हासने सम्मान प्रदान गरिएको र कवि होमनाथ पौडेल 'हिमांशु'को महाकाव्य **विभूति दर्पण** विमोचन गरिएको समाचार प्रकाशित भएको छ ।

यसरी विभिन्न पत्रपत्रिका, स्मारिका, पुस्तक आदिमा प्रकाशित लेख तथा समाचारहरूमा चितवन साहित्य परिषद्को स्थापनाका प्रसङ्गहरू, यसले सम्पादन गरेका कार्यक्रमहरू, मुखपत्र **वागीश्वरी** प्रकाशन तथा निरन्तरता, विविध प्रतियोगिता, राष्ट्रियस्तरका कार्यक्रमको संयोजन, विशेषाङ्क प्रकाशन, प्रतिभा पुरस्कार समर्पण तथा विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूसितको सम्बन्ध आदिको बारेमा उल्लेख गरिएको  पाइए पनि यसको आधिकारिक र विस्तृत अध्ययन भने भएको पाइँदैन । यसर्थ यसका बारेमा थप अध्ययन गरी चितवनको साहित्यिक उन्नयनमा यसले पुऱ्याएको योगदानको विश्लेषण गर्नु आवश्यकता देखिएकाले यो अध्ययन गर्न लागिएको हो ।

### १.७ शोधकार्यको औचित्य :

विभिन्न  पत्रपत्रिका एवम् पुस्तकहरूमा चि.सा.प.ले निभाएको भूमिकाको प्रशंसा गरिएको पाइन्छ । हालसम्म विभिन्न विधाका ३८ वटा ( चितवनमा सवैभन्दा धेरै ) पुस्तक

प्रकाशन तथा मुखपत्र **वागीश्वरी**को १७ अङ्कसम्म प्रकाशन गरेर यस क्षेत्रमा आफ्नो स्थान विशिष्ट तुल्याएको छ । **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**को स्थापना गरी राष्ट्रियस्तरमा कृतिहरूको आव्ह्वान गरी ११ जना स्रष्टाहरूलाई पुरस्कृत गरेको छ । यसैगरी स्थानीयस्तरमा भाषा साहित्यमा उल्लेखनीय योगदान दिएका १६ जना स्रष्टाहरूलाई चि.सा.प. प्रतिभा पुरस्कारद्वारा सम्मान गरेको छ । राष्ट्रिय विभूतिहरू पृथ्वीनारायण शाह, भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटाका जयन्तीहरूमा राष्ट्रिय स्तरका साहित्य साधकहरूलाई आमन्त्रित गरी विविध साहित्यिक कार्यक्रमहरू सम्पादन गर्दै आएको यस संस्थाका बारेमा हालसम्म पनि कसैले आधिकारिक र ब्यवस्थित अध्ययन गरेको पाइँदैन । संस्थाको संख्यागत विकास, सदस्य विस्तार तथा नेतृत्व चयन, विभिन्न पुरस्कारबाट सम्मानित प्रतिभाहरूको परिचय, प्रकाशित पुस्तकहरू तथा मुखपत्र **वागीश्वरी**का बारेमा पनि प्रकाश पार्नु सार्न्दभिक देखिन्छ । तसर्थ यो शोधबाट चितवनको साहित्यिक उन्नयनमा चि.सा.प.ले पुऱ्याएको योगदानको चर्चा गर्नु औचित्यपूर्ण देखिन्छ । यस शोधबाट नेपाली साहित्यको क्षेत्रमा चितवनको साहित्य र त्यसमा पनि चितवन साहित्य परिषद्को योगदानका बारेमा शोध/ अनुसन्धान गर्ने व्यक्तिहरूलाई थप सहायता प्राप्त हुने देखिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा चितवन जिल्लाको सामान्य परिचय दिई यहाँको साहित्य सिर्जनाको अवस्था, स्थापना भएका साहित्यिक सङ्घ-संस्था तथा चितवन साहित्य परिषद्को स्थापनादेखि वर्तमानसम्मको महत्त्वपूर्ण गतिविधिका बारेमा सङ्क्षिप्त रूपमा प्रकाश पारिएको छ । चि.सा.प.को मुखपत्र **वागीश्वरी** र अन्य प्रकाशनका बारेमा वस्तुगत विवरण प्रस्तुत गरिएको छ । चि.सा.प.वाट सम्मानित प्रतिभाहरूका बारेमा संक्षिप्त प्रकाश पारिएको छ । चि.सा.प.को अन्य साहित्यिक सामाजिक सङ्घ संस्थाहरूबीचको सम्बन्धको बारेमा पनि सङ्केत गरी चितवनको साहित्यक उन्नयनमा चितवन साहित्य परिषद्ले पुऱ्याएको योगदानका बारेमा प्रकाश पारिएको छ ।

यस शोधपत्रमा चि.सा.प.बाट प्रकाशन भएका प्रकाशनहरू तथा मुखपत्र **वागीश्वरी**को विश्लेषणात्मक अध्ययन गरिएको छैन । यसैगरी चितवनका अन्य साहित्यिक संस्थाहरूका बारेमा सङ्क्षिप्त प्रकाश पारिए पनि ती संस्थाहरू र चि.सा.प.का गतिविधि तथा क्रियाकलापहरूको तुलनात्मक अध्ययन गरिएको छैन । चि.सा.प.बाट सम्मानित प्रतिभाहरूका बारेमा सङ्क्षिप्त प्रकाश पारिए पनि उनीहरूको विस्तृत जीवनी तथा साहित्यिक प्रवृत्ति आदि उल्लेख गरिएको छैन ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा शोधविषयसङ्ग सम्बन्धित आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययनपद्धतिको अवलम्बन गरिएको छ । आवश्यकताअनुसार सम्बधित व्यक्तिहरूसित अन्तर्वार्ता लिँदा तथा चि.सा.प.का कतिपय कार्यक्रमहरूमा सहभागिता समेत जनाइएकोले क्षेत्रीय अध्ययनपद्धति पनि अवलम्बन गरिएको छ । साथै अप्रकाशित शोधपत्रहरू, समाचारपत्रहरू, अभिलेख पुस्तिका- निर्णयपुस्तिकाहरू र परिषद्का गतिविधहरूका तस्वीरहरूको

सूची तयार गरी अध्ययन कार्यमा सामग्रीसङ्कलन र विश्लेषण तथा व्यवस्थापन गरिएको छ । इमेल, इन्टरनेटका माध्यमवाट पनि सामग्रीको सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

सङ्कलन गरिएका सामग्रीलाई निगमनात्मक विधिबाट अध्ययन गरिए पनि सामान्यतया वर्णानात्मक, विश्लेषणत्मक, ऐतिहासिक र कालक्रमिक शोधविधिबाट अध्ययन गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सात परिच्छेदमा मूलशीर्षक र आवश्यकताअनुसार उपशीर्षक राखी व्यवस्थित ढङ्गले यसरी तयार पारिएको छ :

### परिच्छेद एक : शोधपरिचय

यस परिच्छेदमा शोधपत्र परिचयलाई प्रस्तुत गरिएको छ । यसक्रममा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामाग्रीसङ्कलन विधि, शोधविधि, शोधपत्रको रूपरेखा आदि शीर्षकका बारेमा उल्लेख गरिएको छ ।

### परिच्छेद दुई : चितवन जिल्लाको परिचय

यस परिच्छेदमा चितवन जिल्लाको सामान्य परिचयलाई प्रस्तुत गरिएको छ । यसक्रममा ऐतिहासिक पृष्ठभूमि, नामकरण, सिमाना, भौगौलिक अवस्था, राजनीतिक विभाजन, तापक्रम, नदीनाला तथा तालतलैया, जलवायु, वनजङ्गल तथा वन्यजन्तु, प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, जनसङ्ख्या, धर्म, जाति, भाषा, जातजाति, सामाजिक जनवीजन, यातायात, कृषि तथा पशुपालन, शिक्षा, सञ्चार, स्वास्थ्य, उद्योग तथा व्यवसाय, गैरसरकारी संस्थाहरू आदि उप शीर्षकका बारेमा प्रकाश पारिएको छ ।

### परिच्छेद तीन : चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचय तथा यहाँ स्थापित साहित्यिक सङ्घ-संस्थाहरू

यस परिच्छेदमा चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचयलाई प्रस्तुत गरिएको छ । यसक्रममा पृष्ठभूमि, साहित्यसिर्जना परम्परा, गद्य साहित्य, पद्य साहित्य, पत्र पत्रिकामा साहित्य, रेडियोमा साहित्य, चितवनमा स्थापित पुरस्कार, स्थापना भएका साहित्यिक सङ्घ संस्थाहरू- दर्ता भई सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू, दर्ता नभएका तर सक्रिय रहेका साहित्यिक सङ्घ संस्थाहरू, गैर साहित्यिक उद्देश्यले खोलिएका तर साहित्यिक गतिविध सञ्चालन गर्ने सङ्घ-संस्थाहरू, विगतमा साहित्यिक गतिविधि सञ्चालन गरेका तर हाल निष्क्रिय रहेका सङ्घ-संस्थाहरू, विचारधाराबाट प्रभावित साहित्यिक सङ्घ-संस्थाहरू आदिका बारेमा प्रकाश पारिएको छ ।

**परिच्छेद चार : चितवन साहित्य परिषद्को परिचयात्मक विवरण**

यस परिच्छेदमा चितवन साहित्य परिषद् स्थापनाको पृष्ठभूमि, प्रथम बैठक, संस्थापकहरूको भेला, उद्देश्यहरू, सदस्यहरू, नेतृत्वचयन तथा अधिवेशनहरू, आर्थिक अवस्था तथा सम्पत्ति आदिका बारेमा सामान्य परिचय दिँदै यसले गरेका महत्त्वपूर्ण निर्णय तथा सम्पादित कार्यहरूकाबारे उल्लेख गर्दै यसको अन्य सङ्थाहरूसितको सम्बन्धका बारेमा प्रकाश पारिएको छ ।

**परिच्छेद पाँच : चितवन साहित्य परिषद्बाट सम्मानित प्रतिभा एवम् प्रकाशित पत्रिका र पुस्तकहरूको परिचयात्मक अध्ययन**

यस परिच्छेदमा चितवन साहित्य परिषद्ले स्थापना गरेको **चि.सा.प. प्रतिभा पुरस्कार** तथा **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय, प्रकाशन गरेका मुखपत्र **वागीश्वरी** र अन्य विविध विधाका प्रकाशित ३८ वटा पुस्तकहरूको विभिन्न उप शीर्षकहरूमा परिचयात्मक विवरण प्रस्तुत गरिएको छ ।

**परिच्छेद छ : चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान**

यस परिच्छेदमा चितवन साहित्य परिषद्ले उद्देश्यका आधारमा गरेका कार्यहरू, जिल्लामा स्थापित साहित्यिक सङ्घ-संस्थाको सापेक्षतामा यसले खेलेको भूमिका, यसका शक्ति र सीमा आदिको बारेमा चर्चा गर्दै चितवनको साहित्यिक उन्नयनमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ ।

**परिच्छेद सात : उपसंहार**

यस परिच्छेदमा यो शोधपत्रको परिच्छेद दुई देखि छ सम्मको विषयवस्तुलाई सारको रूपमा छोटकरीमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा सम्भावित शोधशीर्षक, सन्दर्भग्रन्थसूची र परिशिष्ट राखिएको छ ।

## परिच्छेद : दुई

# चितवन जिल्लाको सङ्क्षिप्त परिचय

# परिच्छेद : दुई

## चितवन जिल्लाको सङ्क्षिप्त परिचय

### २.१ पृष्ठभूमि

थारू, चेपाङ्ग आदि आदिवासीहरूको मूल थलोका रूपमा रहेको चितवन जिल्ला मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत नारायणी अञ्चलको मह,वपूर्ण जिल्लाको रूपमा परिचित छ । नेपाल राज्यकै मध्यभागमा अवस्थित चितवन जिल्ला ऐतिहासिक धार्मिक तथा पर्यटकीय हिसावले पनि उत्तिकै मह,वपूण स्थानमा रहेको छ । यस जिल्लालाई 'भौगोलिक स्थिति, जैविक विविधता, बहुजातीय, बहुभाषिक, सांस्कृतिक दृष्टिकोर्णले नेपाललाई पनि एक सानो संसारको रूपमा लिन सकिन्छ । त्यसैअन्तर्गत मध्यक्षेत्रमा पर्ने चितवनलाई पनि त्यस्तै विविध दृष्टिकोर्णले हेरेमा नेपाल भित्रको पनि सानो संसार भन्न सकिन्छ ।'[१] पञ्चतन्त्रमा पनि 'तदस्माकं मित्रं हिरण्यको नाम मूषकराजो गण्डकी तीरे चित्रवने निवसति'[२] भनी उल्लेख भएकाले यसको ऐतिहासिक मह,व चित्रवन शब्दले चितवनलाई नै सङ्केत गरेको स्पष्ट हुन आउँछ । यहाँ नेपालका पचहत्तर जिल्लाका विभिन्न जाति र चितवनको आफ्नै मौलिकता देखाउने थारू चेपाङ्ग जातिको सांस्कृतिक सामाजिक जनजीवन मिश्रित भई भिन्नै सामाजिक संरचना भएकाले चितवनलाई नेपालको छहयत्तरौँ जिल्ला भनेर चिनिने गरेको छ ।

### २.२ नामकरण

यस जिल्लाको नामकरणको बारेमा विभिन्न मतहरू पाइएको छ । पञ्चतन्त्रमा उल्लेख भएअनुसार चित्रवनबाट चितवन हुन गएको हो । 'हिमवत्खण्डमा उल्लेख भए अनुसार चित्तपावनबाट चितवन हुन गएको र स्थानीय भनाइअनुसार चित्रसेन राजाको नामबाट, सीतावनबाट वा चितुवावनबाट चितवन हुन गएको हो । शाहकालमा यस क्षेत्रलाई चितौन, त्यसपछि चितावन र हाल चितवन भन्न थालिएको हो । शाहकाल र राणा शासनकालको पूर्वार्धसम्म पनि चितौन यस क्षेत्र विभिन्न प्रगन्नामध्य एक थियो । त्यसवबेला यस जिल्लालाई मर्ज्यादपुर भनिथ्यो ।'[३] चितवन शब्द संस्कृत भाषा-स्रोतबाट आएका चित्र र वन यी दुई शब्दको योगबाट बनेको समस्त शब्द 'चित्रवन'को अपभ्रंश वा तद्भव रूप हो[४]भन्ने भनाइ पनि पाइन्छ । यसलाई 'चित्रसेन राजाको नामका आधारमा, चित्तलवन/चितुवा वन भन्ने अर्थमा र चित्र वा चित्र विचित्रको (सुन्दर) वन भन्ने अर्थमा चितवन शब्दको नामकरण भएको बुझिनाका साथै संस्कृतको चित्रवनबाटः चित्रवन >चित्रवन, चितवन> चिताउन >चितौन गरी अपभ्रंश रूप देखिए पनि 'चितवन' शब्द प्रयोग भएको[५] बताइएको पाइन्छ ।

---

[१] विष्णुप्रसाद घिमिरे, *चितवन उपत्यकाका प्रमुख जनजातिहरू* , **हाम्रो सिर्जना**, (वर्ष ६, अङ्क ८ र ९ असोज २०६६), पृ.३५ ।

[२] लक्ष्मणप्रसाद गौतम , **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** ( चितवन : चितवन वाङ्मय प्रतिष्ठान ), २०५२, पृ. १ ।

[३] देवीप्रसाद कँडेल (डा.), *चितवनको सङ्छिप्त इतिहास,* **हाम्रो पाइला**, (वर्ष १, अङ्क १, २०६६ ), पृ.१४ ।

[४] नारायणप्रसाद खनाल , *चितवन शब्दः निर्वचन प्रक्रियाको कसीमा* , **विवेक**, (वर्ष ५, अङ्क २,२०४६), पृ.१५४ ।

[५] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, पूर्ववत, पृ.१ ।

## २.३ सिमाना

चितवन जिल्लाको पूर्वमा मकावनपुर र पर्सा जिल्ला, पश्चिममा नवलपरासी र तनहुँ जिल्ला, उत्तरमा गोरखा र धादिङ जिल्ला एवम् दक्षिणमा गणतन्त्र भारतको विहार र उत्तर प्रदेश पर्दछन् ।[६]

## २.४ भौगौलिक अवस्था

चितवन जिल्ला नेपालको मद्यमाञ्चल विकासक्षेत्रको नारायणी अञ्चलमा पर्दछ । २२३८.३९ बर्गकिलोमिटर क्षेत्रफलमा रहेको चितवन ८३ डिग्री ५५ मिनेट देखि ८४ डिग्री ४८ मिनेट उत्तरी अक्षांश र २७ डिग्री २१ मिनेट देखि २७ डिग्री ४६ मिनेट पूर्वी देशान्तरमा फैलिएको छ। यसको उचाइ समुद्री सतहबाट १४४ मिटरदेखि १९४७ मिटरसम्म रहेको छ।[७] यहाँको खेतीयोग्य जमिन २६%, वन जङ्गल ६२.९%, चरन क्षेत्र ६.१%, बलौटे क्षेत्र ४.९% र बसोवासको क्षेत्र ०.१५ रहेको छ।[८]

## २.५ राजनीतिक विभाजन

राजनीतिक विभाजन अनुसार चितवन जिल्लालाई ५ निर्वाचन क्षेत्र, १३ इलाका, ३६ गाउँ विकास समिति र २ नगरपालिकामा विभाजन गरिएको छ।[९]

## २.६ हावापानी तथा तापक्रम

यहाँको हावापानी उष्ण र समशीतोष्ण रहेको छ। यसक्रममा यहाँको वार्षिक अधिकतम तापक्रम ४२.५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७ डिग्री सेल्सियस रहेको छ।[१०]

## २.७ नदीनाला तथा तालतलैया

यहाकाँ मुख्य नदीहरूमा नारायणी, राप्ती, लोथर, कायर, रिग्दी , रिऊ, खगेरी पर्दछन् भने मुख्य तालहरूमा सत्रहजार, बीसहजारी, सत्ताईसहजार, अट्ठाईसहजार, मुण्डा, लामी, तमोरघैला, कसरा, नन्दभाउजु, गडुवा, परशुराम कुण्ड, बैकुण्ठ, टोड्के, राइनो ताल आदि रहेका छन् ।

## २.८ वनजङ्गल तथा वन्यजन्तु

चितवन जिल्लामा कुल १ लाख २८ हजार पाँचसय हेक्टर क्षेत्रफल वन जङ्गलले ओगटेको छ । यसमध्ये ४४ हजार ९ सय छत्तीस हेक्टर जिल्ला वन कार्यालय चितवनको क्षेत्रभित्र पर्दछ । बाँकी ८३ हजार ५ सय चौसठ्ठी हेक्टर जमिन चितवन राष्ट्रिय निकुञ्ज, वफरजङ/वरण्डाभार क्षेत्रमा पर्दछ । जिल्लामा करिव १३ हजार हेक्टर जमिन ४० ओटा सामुदायिक वनले ओगटेका छन् भने ३ सय एकतीस ओटा कबुलियती वनका उपभोक्ताले १ हजार ३ सय बयासी हेक्टर जमिन भोगचलन गरेका छन्। जिल्लामा स सना २ ओटा धार्मिक

---

[६] जिल्ला विकास समिति चितवन, सूचना तथा अभिलेख केन्द्र , **चितवन जिल्ला : एक परिचय,** (२०६५)।

[७] ऐजन।

[८] शाखा तथ्याङ्क कार्यालय चितवन, **चितवन जिल्ला एक चिनारी** ,(२०६५)।

[९] चितवन जिल्ला एक चिनारी , पूर्ववत् ।

[१०] ऐजन ।

वन पनि रहेका छन् । यहाँका वनजङ्गलमा पाइने मुख्य काठहरूमा साल, सिसौ, असना, खयर, बुढोधँयरो, चिलाउने, चिउरी, रहेका छन् । गैरकाठ/जडिबुटीहरूमा अमला, हर्रो, बर्रो, गुर्जो, कुरिलो, जीवन्ती, सिकाकाइ, साबो, पि:ला, दाख, सर्पगन्धा, चिराइतो, सेतक चिनी, काउलो, दालचिनी, तेजपात, बोझो, बेल, अल्लो, चिउरी, निगालो, बाँस, कालो मुसली, पिलाजडी आदि पाइन्छ ।[११]

चितवन जिल्लामा वन्यजन्तु भन्ने बित्तिकै एकसिङ्गे गैडा प्रमुख रूपमा लिइन्छ । विश्वमै दुर्लभ मानिएको र चितवनमा मात्र पाइने यस किसिमको गैडाको विशेष मह,व र पर्यटक आकर्षणको लागि प्रमुख माध्यम बनेको छ । यहाँ मूख्य रूपमा पाटेबाग, हात्ती, भालु, चित्तल, जरायो, खरायो, बाँदर, बनेल, जलचर प्राणिहरूमा माछा, घडीयाल गोही उभयचर प्राणीमा कछुवा आदि पाइन्छ । नेपालमा पाइने ८ सय ४४ स्तनधारी प्रजातिका चरा मध्य यहाँ ४ सय ५० प्रजातिका चराहरू पाइन्छ । यहाँ पाइने मुख्य चराहरू चिल, पानीहास, मयुर, ढुकुर, गिद्ध, आदि रहेको छ । [१२]

## २.९ धार्मिक तथा पर्यटकीय स्थल

चितवन पौराणिक एवम् ऐतिहासिक आधारमा उल्लेखनीय र प्राकृतिक दृष्यले मात्र रमणीय छैन, धार्मिक पर्यटनको दृष्टिकोणले पनि त्यतिकै मह,वपूर्ण छ । यही पावनभूमिमा सप्तगण्डकीको सङ्गम आदिप्रयाग देवघाट, भगवान विष्णुले आफ्नो सुदर्शन चक्रद्वारा उद्धार गर्नुभएको गजेन्द्रमोक्षक्षेत्र गण्डक, संस्कृत साहित्यका आदिकवि वाल्मीकिको आश्रम, गुप्तवासको निम्ति भगवतीको अनुष्ठान पूरा गरेर विराटनगरतर्फ प्रस्थान गर्नुअघि पाण्डवहरूले नाम र भेष बदलेर शस्त्रास्त्र राखेको गोद्धक माडी, सिवालिक पर्वत सोमेश्वर र शालिग्राम क्षेत्र लगायत पुराता,वक र मह,वपूर्ण धार्मिक स्थलहरूले यस क्षेत्रको गौरव एवम् गरिमालाई बढाएका छन् ।[१३]

चितवनलाई धार्मिक क्ष्नेत्रको रूपमा पनि चिनिने गर्दछ । देवघाट, वागीश्वरी, सिद्धिगणेशस्थान, शिवघाट, त्रिवेणी, गोद्धक, पाण्डवनगर, सोमेश्वर कालिका, विक्रमबाबा, चित्रसारी, जुटपानी कालिका,हरिहर मन्दिर, दुर्गा मन्दिर, बुद्धविहार, रामेश्वर मन्दिर, धनगढा, नारायण मन्दिर, तीनखोले बुद्रगुम्वा, मस्जिद, चर्च इच्छाकामना ,बालकुमारी देवी आदि प्रमुख क्षेत्रको रूपमा रहेका छन् ।

चितवनलाई प्रमुख पर्यटकी केन्द्रका रूपमा पनि लिने गरिन्छ । यहाँ विश्वसम्पदा सूचीमा सुचिकृत चितवन राष्ट्रिय निकुञ्ज लगायत चिसापानी गढी, उपरदाङगढी, सोमेश्वरगढी, कविलासपुर गढी, सिराइसुली, कंकाली सामुदायिक वन, मनकामना दर्शनका लागि केबुलकार चेरेस कुरिनटार, देवघाट, वागीश्वरी, विक्रमबाबा, गोद्वक, पाण्डवनगर आदि आन्तरिक तथा बाह्य प्रर्यटकहरूका लागि आकर्षणस्थल मानिन्छ ।[१४]

## २.१० जनसङ्ख्या

---

[११] मिति २०६६।८।२ गते जिल्ला वन कार्यालय चितवनका सहायक वन अधिकृत बाबुराम दवाडीद्वारा शोधार्थीलाई उपलब्ध गराइएको जानकारी ।

[१२] बाबुराम दवाडी, पूर्ववत् ।

[१३] उद्योग वाणिज्य संघ नारायणगढ, **ब्रोसर**, (२०५७) ।

[१४] ऐजन ।

वि.सं.२०५८ सालमा गरिएको जनगणना अनुसार चितवन जिल्लाको जनसङ्ख्या ४,७२,०४८ रहेको छ । यसमध्ये महिलाहरूको सङ्ख्या २,३६,९६४ र पुरूषहरूको सङ्ख्या २,३५,०८४ रहेको छ । यसमा ५ वर्ष भन्दामुनिको जनसङ्ख्या ४९,१८९ रहेको भने ७५ वर्ष भन्दा माथिको जनसङ्ख्या ७,२९० रहेको छ । यहाँको सहरी जनसङ्ख्या २६.९३% रहेको छभने चितवनको वार्षिक जनसङ्ख्या वृद्धिदर २.६२ % रहेको छ । घर परिवार सङ्ख्या ९२,८६३ रहेको छभने औषत परिवार सङ्ख्या ५.०८ रहेको छ । यसैगरी यहाँको जनघनत्व प्रति वर्गकिलोमिटर २१३ रहेको छ । नेपालको जनसङ्ख्यामा चितवनको जनसङ्ख्याको अंश २.०४% रहेको छ ।[१५] उपर्युक्त चितवनको जनसङ्ख्या को आधारमा वि.स.२०६६ सालमा चितवनको जनसङ्ख्या ६,०४,२११ हुने प्रक्षेपित गरिएको छ ।[१६]

## १.११ धर्म

'नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न धर्म निरपेक्ष समावेशी, सङ्घीय लोकतान्त्रिक गणराज्यात्मक राज्य हो'।[१७] नेपालमा जसरी विभिन्न धर्म तथा धर्मावलम्बीहरू रहेका छन् त्यसरी नै चितवनमा पनि धर्म मान्ने मानिसहरू बस्दछन् । यहाँ हिन्दू बौद्व, इस्लाम, किराँत, जैन, क्रिश्चियन, शिख, बहइ आदि धर्मावलम्वीहरू रहेका छन् ।[१८] चितवनमा विभिन्न धर्मावलम्वीहरूको बसोवास रहे पनि हिन्दु धर्म मान्नेहरूको सङ्ख्या धेरै रहेको छ । वि.सं.२०५८ सालमा गरिएको जनगणना अनुसार चितवन जिल्लाको जनसङ्ख्या को ८२.७५% मानिसहरू हिन्दू रहेका छन् । यसैगरी बाद्वैमार्गीहरू १५.४८% रहेका छन् भने मुस्लिम समुदाय .७७% रहेका छन् । यसैगरी क्रिश्चियनहरूको सङ्ख्या ०.७७% रहेको छ र अन्य ०.२४% रहेका छन् ।[१९]

## २.१२ जाति

चितवन जिल्लालाई लाई छहत्तरौं जिल्ला भनेर पनि चिनिन्छ । यहाँ विभिन्न जातजाति ब्राह्मण, थारू, क्षेत्री, तामाङ, गुरूङ, चेपाङ, कामी, मगर, दमाई, सन्यासी, घर्ती, राई, मुस्लिम, ठकुरी, बोटे, सेर्पा, सुनार, बानिया आदि ६९ जातजातिको बसोबास रहेको पाइन्छ ।

## २.१३ भाषा

चितवनमा राष्ट्रभाषा नेपालीको अतिरिक्त विभिन्न जातिगत रूपमा भाषा भाषिकाको प्रयोग भएको पाइन्छ । यसक्रममा यहाँ नेपाली, थारू, तामाङ्ग, गुरुङ, चेपाङ्ग, नेवारी , मगर, दराई, भोजपुरी , हिन्दी, बोटे, मैथिली भाषा लगायत अन्य भाषहरू लिम्बू, बान्तवा, शेर्पा, बङ्गाली, मारवाडी, चाइनिज, थकाली, अवधि, पन्जावी, माझी आदि भाषा प्रयोगमा आएको पाइन्छ । [२०] वि.सं.२०५८ सालमा गरिएको जनगणनाअनुसार यहाँ नेपाली ६९%, थारू १२.२%,

---

[१५] ऐजन ।

[१६] चितवन जिल्ला एक चिनारी, पूर्ववत् ।

[१७] **नेपालको अन्तरिम संविधान** २०६३ पाचौँ संसोधन, हिमाली प्रकाशन, काठमाण्डौ, (२०६५) पृ.२ ।

[१८] शिवहरि पंगेनी, *वर्तमान चितवनको जाति, भाषा र धर्म सम्बन्धी अध्ययन* , **चितवन महोत्सव स्मारिका**,२०६१, पृ. १३९ ।

[१९] चितवन जिल्ला : एक चिनारी, पूर्ववत् ।

[२०] शिवहरि पंगेनी, पूर्ववत् ।

तामाङ ५.२%, गुरुङ २.९%, नेवारी २.३%, चेपाङ २.६%, मगर १.५%, दराई १.२% आदि भाषा बोल्ने मानिसहरू बसोवास गर्दछन् ।[२१]

## २.१४ सामाजिक जनवीजन

चितवन सामाजिक सम्पदाको पनि केन्द्रबिन्दु हो । जातीयता, धर्म संस्कार, भाषागत भिन्नता, पेसागत अनेकता, धर्म र चाडपर्व, खानपिन, भेषभुषा, चालचलन, मूल्य-मान्यता, खेलकुद, नाचगान, सङ्गीत आदि सबै सामाजिक सम्पदा हुन् । अनेकतामा एकता चितवनको विशेषता हो । नेपालमा करिब १२० भन्दा भन्दा वढी जातिको प्रतिनिधित्व रहेको छ । ती मध्ये चितवनमा ६४ जाति भन्दा बढी जातिको प्रतिनिधित्व रहेको पाइन्छ । यहाँ हिन्दू, बौद्ध, मुस्लिम र इसाई चारओटै धर्ममा आस्था राख्नेहरू मानिसहरू बसोबास गर्दै आएका छन् । धार्मिक र सामाजिक सहिष्णुता अर्को विशेषता हो । यहाँका दशैं, तिहार, ल्होसार, माघी, छठ, बुद्धजयन्ती यहाँका मुख्य चाडपर्व हुन् । आदिवासी जनताका आ-आफ्नै चालचलन, संस्कार, मूल्य मान्यता र चाडपर्व प्रचलनमा रहेको छ ।[२२]

## २.१५ यातायात

नेपालकै मध्यभागमा पर्ने चितवन यातायात सुविधाका दृष्टिले राम्रो सुविधा भएको जिल्ला मानिन्छ । पूर्व पश्चिम महेन्द्र राजमार्ग पनि चितवन भएरै गएको छ भने काठमाण्डौं जाने पृथ्वी राजमार्ग पनि चितवनको नारायणगढ, मुग्लिङ भएर गएको छ । चितवनमा राजमार्ग खण्ड ८८.७० कि.मि.पर्दछ । चितवनमा २२० कि.मि.सडक कालोपत्रे गरिएको छ । यसै गरी ४२२ कि.मि.सडक ग्राभेल सडक छ भने १९० कि.मि. सडक कच्ची रहेको छ । भरतपुर र मेघौलीमा गरी २ ओटा हवाइमैदान रहेका छन् । यहाँ दैनिक रूपमा काठमाण्डौबाट विमान अवतरण गर्नेगरेको छ ।[२३]

## २.१६ कृषि तथा पशुपालन

चितवनलाई उर्वर खेतीयोग्य जिल्लाका रूपमा पनि लिइन्छ । यहाँ खाद्यान्नबालीमा धान, मकै, गहुँ, कोदो, फापर, जौ आदि र तरकारीबालीको रूपमा आलु, काउली, बन्दा, गोलभेडा, सिमी, बोडी, करेला, फर्सी, लौका आदि उत्पादन भएको पाइनछ । यसैगरी दलहन बालीका रूपमा राजमा, मसुरो, केराउ, मास, भट्टमास, रहर, चना, बोडी आदि तथा तेलहन बालीहरूमा तोरी, सस्युँ तील, आलस, तोरा, सूर्यमुखी, आदि प्रमुख मानिन्छन् । यसैगरी रेशमखेती, सुन्तला खेती, सुन्तला, केरा आदिलाई पनि राम्रो कृषि उत्पादनका रूपमा लिइन्छ ।[२४]

नेपालको कुल ग्राहस्त उत्पादनमा कृषिक्षेत्रको योगदान ३९ % रहेको छ । यसैगरी कृषिको कुल गार्हस्थ उत्पादनमा पशुपालनको योगदान ३१ % रहेको छ । चितवनमा पशुपालन ब्यवसाय निक्कै लोकप्रिय हुँदा-हुँदै पनि ब्यावसायीकरण हुन सकेको छैन ।[२५] चितवनमा गाई-गोरू ६,४,०९६, भैसी राँगो १,००,८२७ बाखा बोका १,६१,३३८, भेडा थुमा ३,४०९, बंगुर/सुँगुर

---

[२१] चितवन जिल्ला एक चिनारी, ऐजन ।

[२२] देवीप्रसाद कंडेल, *चितवन र यस आसपासका सांस्कृतिक सम्पदाहरू*, **चितवन महोत्सव स्मारिका**, २०६५, पृ.९४ ।

[२३] चितवन जिल्ला : एक परिचय, पूर्ववत् ।

[२४] ऐजन ।

[२५] डा.आई.पी. ढकाल, *चितवनमा पशुपालको मह,व :* **चितवन महोत्सव स्मारिका** २०६५, पृ.७१ ।

८,५६८ रहेको छ ।[२६] यहाँ करिव ८०% भैसी, ४५% गाई, ३०% बाखा र ७५% बङ्गुर उन्नत जातका रहेका छन् ।[२७] यहाँ वार्षिक रूपमा दूध ५८,२९४ मेट्रिक टन मासु १६,३९८ तथा २,१७,९९८ गोटा अन्डा उत्पादन हुने गरेको छ ।[२८]

## २.१७ शिक्षा

चितवन जिल्लालाई शैक्षिक क्षेत्रमा पनि राम्रो जिल्लाका रूपमा लिने गरिन्छ । यहाँको साक्षरता प्रतिशत ७१.१ रहेको छ । यसमा पुरूषहरू ७९.३% रहेका छन् भने महिलाहरू ६३% छन् । जिल्लाभरिमा सामुदायिक विद्यालयको सङ्ख्या ३७८ रहेको छ । यसैगरी संस्थागत विद्यालयको सङ्ख्या १५३ रहेको छ । विद्यालयद्वारा सञ्चालित बालविकास केन्द्रको सङ्ख्या ४५३ रहेको छ । यसैगरी समुदायले संचालन गरेको बालविकास केन्द्रको सङ्ख्या ५७ रहेको छ । यस्तै स्रोत कक्षाको रूपमा चितवनमा सुस्त श्रवण ३, सुस्तमनः स्थिति ३ र दृष्टिविहीन कक्षा २ रहेको छ । जिल्लामा १०+२ उच्च मा. वि.को सङ्ख्या १४ रहेका छन् भने आङ्गिक क्याम्पस २, सम्वन्धन प्राप्त ११ र निजी ६ गरी १९ ओटा क्याम्पस रहेका छन् ।[२९]

## २.१८ सञ्चार

चितवन जिल्ला सञ्चारका क्षेत्रमा पनि सुविधायुक्त जिल्लाका रूपमा परिचित छ ।यहाँ सञ्चारका सबै माध्यम फस्टाएको देखिन्छ । 'यहाँ मागेको बोला टेलिफोन सेवा लिन सकिने स्थिति छ ।'[३०] नेपाल टेलिकमले गत २०६६ साल वैशाख सम्म साधरण टेलिफोन १९,६०४, पोस्टपेड मोबाइल ४,२३५, प्रिपेड मोवाइल १,०५,४२५, सिडिएमए स्काइ रिम १४,००८, सिडिएमए पोष्टपेड १,७३१, सिडिएमए प्रिपेड ४,४०० थान वितरण गरेको छ ।[३१] यसैगरी यूटिएल र मेरो मोवाइलले पनि सेवा दिँदै आएका छन् । जिल्लामा हुलाकसेवाको पहुँच पनि राम्रो देखिन्छ । जिल्लामा जिल्लाहुलाक १, इलाकाहुलाक १३, अतिरिक्तहुलाक २५, हुलाक बचत बैङ्किङ्ग सेवा संचालित हुलाक १, धनादेश सेवा सञ्चालित हुलाक १, पोष्टल रेमिट सेवा १ र वैदेशिक पार्सल डेलिभरी सेवा १ रहेका छन् । यसका अलावा एक्सप्रेस डेलिभरी सेवा १३, चलचित्र भवन १४, एफ एम. रेडियो ७, स्थानीय टेलिभिजन २ रहेका छन् ।[३२] यसैगरी जिल्लामा पत्रपत्रिका दर्ताको स्थिति राम्रो देखिए पनि तिनले निरन्तरता पाउन सकेका छैनन् । जिल्ला प्रशासन कार्यालय चितवनमा हालसम्म ९७ ओटा पत्रिका दर्ता भएको अभिलेख पाइन्छ तर तिनमा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक गरी करिव एक दर्जन जति पत्रिकाले मात्र निरन्तरता दिएका छन् ।[३३]

## २.१९ स्वास्थ्य

---

[२६] चितवन जिल्ला : एक परिचय, पूर्ववत् ।

[२७] डा.आई.पी. ढकाल, पूर्ववत् ।

[२८] चितवन जिल्ला : एक परिचय, पूर्ववत् ।

[२९] जिल्ला शिक्षा कार्यालय चितवनद्वारा पकाशित विद्यालय स्तरीय शैक्षिक झलक ब्रोसर २०६५ ।

[३०] मिति २०६६।४।१८ गते नेपाल टेलिकम चितवनका प्रवन्धक प्रकाशलाल प्रधानले शोधार्थीलाई दिनुभएको जानकारी अनुसार ।

[३१] चितवन जिल्ला एक चिनारी, पूर्ववत् ।

[३२] चितवन जिल्ला : एक परिचय, पूर्ववत् ।

[३३] रमेशकुमार पौडेल, *चर्चा चितवनको पत्रपत्रिकाको* , **रामेश्वर** स्मारिका ( वर्ष १, अङ्क १, २०६४) पृ.९९-१०४ ।

चितवनले स्वास्थ्य क्षेत्रमा पनि आफूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सफल भएको छ । यहाँ विभिन्न स्वास्थ्य संस्थाहरूमार्फत स्वास्थ्य सेवाका अलावा विभिन्न किसिमका जनशक्ति पनि उत्पादन हुने गरेका छन् । 'एकसमय मानिसलाई मृत्युदण्ड वरावरको सजायँ दिनुपर्दा उपत्यकाबाट निकाला गरी चितवनमा पठाइन्थ्यो र औलोका कारणले केही समयभित्रै उसको मृत्यु हुन्थ्यो अर्थात चितवनको तराईखण्डलाई कालापानीको रूपमा चिनिन्थ्यो तर आज उपचार नपाए चितवन जानू भन्ने स्थिति आएकोछ ।'[३४]

चितवन जिल्लामा उपक्षेत्रीय अस्पताल १, निजी नर्सिङ्होम १४, आयुर्वेद ६, आँखा अस्पताल १, क्यान्सर अस्पताल १, स्वास्थ्य चौकी ६, प्राथामिक स्वास्थ्य केन्द्र ४, उपस्वास्थ्य चौकी ३१ र मेडिकल कलेज २ रहेका छन् । जिल्लामा चिकित्सकहरूको सङ्ख्या १५३, महिला स्वास्थ्यसेविका ४०५ रहेका छन् ।[३५] यहाँ सरकारी तथा गैरसरकारी स्तरबाट दर्जनौ स्वास्थ्यसंस्था क्रियाशील रहेका छन् । भरतपुर शिक्षण अस्पताल , चितवन मेडिकल कलेज , प्रस्तावित मेडिकल कलेज पर्साबाट चिकित्साशास्त्रमा स्नातक तथा स्नातकोत्तरको पठनपाठन भइरहेको छ । स्कुल अफ हेल्थ साइन्स, आईओएमटी, नेपाल पोलिटेक्निक इन्स्टिच्युट , ओसियस मेडिकल कलेज, मेडिकल एण्ड टेक्निकल साइन्सेज, चितवन हेल्थ फाउण्डेसन जस्ता दर्जनौं स्वास्थ्यसँग सम्बन्धित शैक्षिक संस्थाहरूले अनमी, स्टाफनर्स, एच.ए., बी.पी.एच., बी.एन्., बी.एस्सी.नर्सिङ, फार्मेसी, ल्याब टेक्निसियन लगायत स्वास्थ्य क्षेत्रका निम्न र मध्यमस्तरका जनशक्ति उत्पादन गरिरहेका छन् ।[३६] यहाँ सवै अस्पतालमा गरी २ हजार शैया र ३०० भन्दा बढी चिकित्सक छन् । भरतपुरको क्यान्सर अस्पतालमा स्वदेशका विभिन्न ठाउँबाट र भारतबाट समेत विरामीहरू आउने गरेको पाइन्छ ।

## २.२० उद्योग तथा व्यवसाय

चितवन नवयुगीन सभ्यतासँग सुपरिचित हुँदै उद्योग, वाणिज्य, कृषि, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य, यातायात आदि विकासका आधारहरूको स्तरयुक्त अभिवृद्धिमा लागिपरेको छ । यी विविध क्षेत्रमा चितवनले पनि राम्रो प्रगति हासिल गरेको छ र दिन-प्रतिदिन यसको स्वरूप पनि परिवर्तित हुँदै आएको छ । यहाँ वि.सं. २०६४ को औद्योगिक गणनाअनुसार औद्योगिक प्रतिष्ठानको सङ्ख्या ९८ रहेको छ । यहाँ रोजगारहरूको सङ्ख्या ४,५२७ रहेको छ भने कामदारहरूको सङ्ख्या ४३०७ रहेको छ । यहाँबाट वार्षिकरूपमा रू १५,००,१२८।-हजारको निर्गतमूल्य (input) बरावरको कारोवार हुन्छ भने २०,२९,३३५ हजारको आगतमूल्य (output) रहेको छ । यसैगरी यहाँको कुल मूल्यअभिवृद्धि रू ५,२९,२०७ हजार रहेको छ ।[३७] यस जिल्लामा घरेलुस्तरका उद्योगहरू प्रशस्त रहेका छन् । साना तथा मझौला उद्योगमार्फत जिल्लाको आर्थिक गतिविधिमा ठूलो टेवा पुगेको छ । यहाँ निजी स्तरबाट ४८ ओटा र साझेदारीमा १ ओटा घरेलु उद्योग सञ्चालनमा आएका छन् । यसैगरी निजीस्तरमा २,१०१ तथा साझेदारीमा १४८ प्रा.लि. र ३५० ओटा साना उद्योगहरू संचालनमा आएका छन् ।[३८] यस

[३४] विष्णु अधिकारी, *चितवनको स्वास्थ्य सेवाको विकास* , **चितवन महोत्सव स्मारिका** २०६१, पृ.४५ ।

[३५] चितवन जिल्ला एक चिनारी पूर्ववत् ।

[३६] केदारनाथ खनाल, *चितवन शैक्षिक नगरको रूपमा* , **चितवन महोत्सव स्मारिका** २०६५, पृ.१०८ ।

[३७] चितवन जिल्ला एक चिनारी, ऐजन ।

[३८] जिल्ला विकास समिति चितवन, **ब्रोसर** पूर्ववत् , २०६५ ।

जिल्लामा साना तथा ठूला उद्योग स्थापनाका लागि आ.व.२०६३/०६४ सम्म रू ४२,४३,९२७- लगानी भएको छ ।[३९]

## २.२१ गैरसरकारी संस्थाहरू

जिल्लामा गैरसरकारी संस्थाहरूमार्फत यहाँको आर्थिक, सामाजिक क्षेत्रमा राम्रो भूमिका खेलेको छ । गैर सरकारी संस्थाहरूवीच आपसी समन्वय र तिनको क्षमता अभिवृद्धिको लागि जिल्लामा गैरसरकारी संस्थाहरूको समन्वय समिति गठन भएका छन् । यसक्रममा ४७ ओटा गैर सरकारी संस्था आवद्ध भएका गैरसरकारी संस्था महासङ्घ नेपाल चितवन २०४८[४०] रहेको छ । यसैगरी ३७३ ओटा गैरसरकारी संस्था आवद्ध भएको जिल्ला गैरसरकारी संस्था समन्वय समिति २०५०,[४१] र ४७ ओटा गैर सरकारी संस्था आवद्ध भएका लोकतान्त्रिक गैर सरकारी संस्था २०६५[४२] गठन भएका छन् । यी संस्थाहरूले आफ्नो समितिमा आवद्ध गैर सरकारी संस्थाहरूको क्षमता अभिवृद्धिको अलावा सामाजिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य, वातावरण, मानवअधिकारका अलावा बालबालिका, महिला, एच.आई. भी/एड्स, अधिकारमुखी, प्रकोप व्यवस्थापन, संविधानसभा निर्वाचनजस्ता विषयमा विविध कार्यक्रम गर्दै आएका छन् ।

## २.२२ निष्कर्ष

थारू र चेपाङ जातिको मात्र मूलथलोको रूपमा रहेको चितवन विश्वसम्पदा सूचीमा सुचिकृत चितवन राष्ट्रिय निकुञ्जलगायत चिसापानी गढी, उपरदाङगढी आदि पौराणिक एवम् ऐतिहासिक आधारमा उल्लेखनीय र प्राकृतिक दृश्यले मात्र रमणीय छैन, धार्मिक पर्यटनको दृष्टिकोणले पनि त्यतिकै मह,वपूर्ण जिल्लाको रूपमा परिचित छ । नेपालको मध्यभागमा रहेको, ऐतिहासिक पृष्ठभूमि बोकेको, सम्पूर्ण सहरी सुविधाहरू- यातायत, शिक्षा, स्वाथ्य, सञ्चार, उद्योग, मनोरञ्जन आदिको राम्रो पुर्वाधार भएको, विभिन्न जात, जाति, भाषा, धर्म, संस्कृति- ऋतिरिवाज मान्ने सम्प्रदायका मानिसहरूको वसोवास गर्नेस्थल भएकाले यहाँको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक रूपमा यस जिल्लाको विशिष्ट पहिचान बनेको छ । प्रायः नेपालका सबै जिल्लाका मानिसहरूको बसोवास रहेको र तिनका आ-आफ्नै विशेषता रहेकाले यहाँको सामाजिक, सास्कृतिक जनजीवन विविधतामा एकता रहेको छ । अनेकतामा एकता यहाँको विशेषता बनेको छ । छहत्तरौं जिल्लाको रूपमा परिचित चितवनलाई नेपालभित्रको सानो नेपाल भन्दा पनि हुन्छ ।

---

[३९] चितवन जिल्ला : एक परिचय, पूर्ववत् ।

[४०] मिति २०६६।४। २० गते गैरसरकारी संस्था महासँघ नेपाल, चितवन पूर्व अध्यक्ष केदारनाथ खनालले दिनु भएको जानकारी अनुसार ।

[४१] मिति २०६६।४। २० गते गैरसरकारी संस्था महासँघ नेपाल, चितवन पूर्व अध्यक्ष केदारनाथ खनालले दिनु भएको जानकारी अनुसार ।

[४२] मिति २०६६।४।१९ गते लोकतान्त्रिक गैरसरकारी संस्था समन्वय समितिका अध्यक्ष शिव पौडेलले दिनुभएको जानकारी अनुसार ।

## परिच्छेद : तीन

# चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचय तथा यहाँ स्थापित साहित्यिक सङ्घ-संस्थाहरू

# परिच्छेद : तीन

## चितवन जिल्लाको सङ्क्षिप्त साहित्यिक परिचय तथा यहाँ स्थापित साहित्यिक सङ्घ-संस्थाहरू

### ३.१ पृष्ठभूमि

आदिवासी थारू र चेपाङ जातिको बसोवास रहेको चितवनको साहित्य सिर्जनाको परम्परा त्यति लामो भएको पाइँदैन । अलिखित रूपमा रहेको आएको यहाँको लोकसाहित्य र पहाडका आ-आफ्ना ठाउँबाट ल्याइएका लोकसाहित्यिक परम्परा नै आजको चितवनको साहित्यिक पृष्ठभूमि हो । राप्तीदून परियोजनाले चरणवद्ध रूपमा विकासका योजनाहरू सञ्चालनमा ल्याउन थालेपछि यहाँको साहित्यिले पनि लिखित रूप पाउन थालेको र क्रमशः शैक्षिक सामाजिक संस्थाहरूको स्थापना तथा विकास भएको पाइन्छ ।

### ३.२ चितवन जिल्लाको साहित्यसिर्जना परम्परा

यहाँका आदिवासी थारू, चेपाङ, दरैमा शिक्षाको चेतना नहुनाको कारण यहाँ लिखित साहित्यको अभाव थियो । वि.सं.२०११ मा राप्तीदून विकास परियोजना सुरू भए पछि यहाँ विकास निर्माणका पूर्वाधारहरू शिक्षा, स्वास्थ्य, सञ्चार आदिको साथै साहित्यको पनि उत्तिकै विकास भएको मानिन्छ । विकासका पूर्वाधारहरू खडा हुन थालेपछि पहाडी जिल्लाहरूबाट बसाइ सरी आउनेक्रम सुरू भयो । बसाइकाक्रममा उनीहरू आफूमात्र आएन्न उनीहरूले आफ्नो भाषा, साहित्य र  संस्कृति पनि साथमा ल्याए । तिनीहरूमध्ये चितवनमा साहित्य भित्र्याउनेहरूमा द्धारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, प्रेमविनोद नन्दन, तीर्थराज कोइराला, कोमलनाथ कोइराला, आनन्ददेव भट्ट आदि प्रतिभाहरू पाइन्छन् ।[४३] रापतीदून परियोजनाका लागि आएका कृष्णवम मल्ल र जनकलाल शर्माले वि.स.२०१४ सालमा **रापती उपत्यका** शीर्षकको पुस्तक प्रकाशित गरेका थिए जसलाई चितवनवारे लेखिएको पहिलो पुस्तक मानिएको छ ।[४४] यो साहित्यिक नभएर इतिहास र संस्कृति विषयक पुस्तक हो । त्यसपछि वि.सं.२०१६ सालमा कलानाथ अधिकारीले थारूलोककथा **जितियापावनी**लाई थारूभाषामै लिपिबद्ध गरी प्रकाशनमा ल्याउने कार्य गरको देखिन्छ ।[४५] यसक्रममा तनहुँको बन्दिपुरमा गीतिसङ्ग्रह **झटारो** (२०११), कवितासङ्ग्रह **अञ्जली** (२०१५) प्रकाशन गरिसकेका प्रेमविनोद नन्दन चितवन आएपछि यिनकै प्रयासमा चितवनका अन्य उत्साही व्यक्तिहरूको सहयोगमा वि.सं. २०१८ सालमा नारायणी कला मन्दिरको स्थापना भयो र यसले नाटक मञ्चनको प्रक्रियालाई गतिशील रूपमा अगाडि

---

४३ केदारनाथ खनाल, *स्वस्थ्य प्रतिष्पर्धाले नै साहित्यको विकासमा योगदान पुऱ्याउँछ* , **संवादमा स्रष्टाहरू,** ( काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४),
 पृ.१०९ ।

४४ रमेशकुमार पौडेल, *चर्चा चितवनको पत्रपत्रिकाको* **रामेश्वर स्मारिका**, (वर्ष १, अङ्क १,  २०६४), पृ. १०० ।

४५ लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** ( चितवन : चितवन वाङ्मय प्रतिष्ठान ,२०५२) , पृ.३ ।

बढाउँदै लग्यो ।[४६] कलामन्दिरले साहित्य र कलाको उत्थानको प्रारिम्भक चरणमा अलिखित रूपमै भएपनि मह,वपूर्ण कार्य गऱ्यो । नन्दनले वि.सं.२०२३ सालमा **सपनीबाट ब्यूभ्रेर** गीतिसङ्ग्रह प्रकाशन गरे । नन्दनले वि.सं.२०२३ सालमा **सपनीबाट ब्यूभ्रेर** गीतिसङ्ग्रह प्रकाशन गरे । यो सङ्ग्रह चितवनबाट
प्रकाशित भएको पहिलो मौलिक पुस्तकाकार कृति हो ।[४७] यस कृतिबाट सुरुवात भएको चितवनको साहित्य सिर्जना लेखन तथा प्रकाशनका हिसावले दुईसय नाघिसकेको छ ।

पुस्तकजस्तै चितवनको पत्र-पत्रिकाको इतिहास पनि पुरानो छ । चितवन हाइस्कुलका विद्यार्थीहरूले वि.सं.२०२१ सालमा **चितवनको चिनो** प्रकाशित गरेका थिए । यो नै चितवनको पहिलो साहित्यिक पत्रिका हो ।[४८] उता वि.सं. २०२२ सालमा रामपुरमा सम्पन्न भएको राष्ट्रव्यापी साहित्य सम्मेलनले पनि साहित्यकारहरूमा एक किसिमको जागरण ल्यायो । पत्रिका प्रकाशनको सुरूवात, साहित्यिक गोष्ठी सेमिनार आदि हुन थालेका अवस्थामा वि.सं.२०२४ सालमा जिल्लास्तरीय साहित्यगोष्ठी आयोजना भयो भने वि.सं.२०२५ सालमा आनन्ददेव भट्ट, घनश्याम कंडेल, प्रेमविनोद नन्दन, हरिहर खनाल, रविकिरण 'निर्जीव' आदिको प्रयासमा **दोभान** नामक साहित्यिक पत्रिकाको जन्म भयो र यसका माध्यमबाट नेपाली साहित्यको कथा, कविता, निबन्ध, समालोचना आदि विभिन्न विधाका रचना प्रकाशित हुन थाले ।[४९] यस पत्रिकाले सामुहिक स्तरमा निस्किएको जनस्तरको पहिलो पत्रिका बन्ने मौका पायो ।[५०] यसपछि **प्रकाश पुञ्ज** (२०२५), **वेणी** (२०२५), **रात्री प्रकाश** (२०२६) आदि पत्रिकाहरू प्रकाशित भए । **दोभान** कै विकसित रूपमा निजि क्षेत्रबाट **नौलो राँको (२०२६)** प्रकाशन भयो भने **नयाँ गोरेटो** (२०२७), **छहरो** (२०२७), **मारूनी** (२०२८), **नयाँ जोश** (२०२८), **भृकुटी** (२०३०), **जाँगर** (२०३६), **इन्द्रकमल** (२०३७), **नौलो समाज** (२०३७) **आरन** (२०३७), **ऋचा** (२०३८), **गोधूलि**(२०४०) आदि पत्रिकाहरू प्रकाशन भए । **दोभान**बाट सुरु भएको पत्रिका प्रकाशनले पनि लामो दुरी पार गरिसकेको छ भने सङ्ख्याका हिसावले पनि सय नाघेको छ । यस अवधिमा पुस्तक र पत्रपत्रिकाको संख्या मात्र बढेको नभई साहित्यका विधागत विविधता र गुणस्तरमा पनि वृद्धि भएको पाइन्छ ।[५१]

### ३.२.१ चितवनको गद्य साहित्य

साहित्यिक सिद्धान्तहरूले साहित्यको विधा विभाजनका क्रममा छुट्टाछुट्टै मतहरू राखेका छन् । अचेल नयाँ-नयाँ विधाका लागि आन्दोलनहरूसमेत हुने गरेका छन् । यहाँ सबै कृतिहरूलाई एकै ठाउँमा राख्दा विधा छुट्ट्याउन अप्ठ्यारो पर्ने हुनाले गद्य, पद्य र मिश्रित गरी तिनका भेदहरूलाई विधाका रूपमा स्वीकार गरी कृति प्रकाशनलाई प्राथमिकता दिई निम्न विवरण प्रस्तुत गरिएको छ । यसैगरी भौगोलिक रूपमा अर्को जिल्ला भए पनि आपसी सम्बन्ध र क्रियाकलापका आधारमा नवलपरासी जिल्लाको गैडाकोटका स्रष्टाहरूलाई पनि चितवनकै प्राप्त प्रतिभा मानी प्रस्तुत गरिएको छ ।

---

[४६] एजन्, पृ.४ ।

[४७] ऐजन ।

[४८] डी.आर.पोखरेल, *चितवनको साहित्यिक पत्र पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* **हाम्रो सिर्जना** (वर्ष ६, अङ्क ८ र ९ असोज (२०६६), पृ ५ ।

[४९] लक्ष्मणप्रसाद गौतम, पूर्ववत् ।

[५०] **हाम्रो सिर्जना**, पूर्ववत् ।

[५१] **हाम्रो सिर्जना**, पूर्ववत् , पृ ५-६ ।

### ३.२.१.१ कथा

चितवन जिल्लाबाट वि.स.२०१६ सालमा कलानाथ अधिकारीले थारूलोककथा **जितियापावनी**लाई थारू भाषामै लिपिबद्ध गरी प्रकाशनमा ल्याए । यसरी सुरूमै गद्य प्रकाशनका कृति देखा परे पनि वि.सं.२०३७ साल पछि मात्र कथासङ्ग्रह प्रकाशनको क्रम अगाडि बढेको पाइन्छ । यसक्रममा हरिहर खनालका कथासङ्ग्रह **अजम्बरी गाउँ** (३०३७) प्रकाशन भयो । यिनका अन्य कथासङ्ग्रहहरू **आकाश छुने डाँडामुनि** (२०३८), **देश परदेश** (२०४६), **बमको छिर्का** (२०५७), **विगत आगत** (२०५५) , The voice of Mountain (2000) A.D, **देश भित्र देश खोज्दै जाँदा** (२०६३), **विघटन** (२०६३), **हरिहर खनालका छोटा कथाहरू** (२०६४), **समयको रेखाचित्र** (२०६५) प्रकाशित भएका छन् । यसपछि हरिहर सविताका **कालरात्री** (२०४७), नि.भि.सिलवालका **संसार प्रसिद्ध कथाहरू**(अनु.)(२०४७), मदनमोहन जोशीको **भरियाको कथा** (२०४८), हरिहर पौडेलका **इतिवृत** (२०५१), **कालो उज्यालो** (लघुकथा) (२०६२), **अनुभ्रम प्रतिभ्रम** (२०६६), रमेश श्रेष्ठ 'प्रभात'का **प्रायश्चित** (बालचित्रकथा) (२०५२), गोवर्द्धन पूजाका **शुन्यताको आँचलभित्र** (२०५३), सूर्यमणि अधिकारीका **आत्मावतार** (२०५६), गोपी सापकोटाका **कमिलाको मन** (बालकथा) (२०५७), जलेश्वरी श्रेष्ठका **लाभाका बाफहरू** (२०५८), गोविन्द दाहालका **लघुकथासङ्ग्रह** (२०६०), कल्पना अधिकारीका **प्रेमदीप** (२०६१), **आमा** (२०६२), एच्. लामाका **बाज र परेवाहरू** (२०६१), लक्ष्मणप्रसाद गौतमका सम्पादनमा **नेपाली यौनकथा,** भाग २ (२०६१), **समकालीन नेपाली द्वन्द्वकथा** (२०६३), सीताराम कोइरालाका **अनर्थ** (२०६३), एल.बी.क्षेत्रीका लघुकथा सङ्ग्रह **त्रिसङ्कुको देशमा** (२०६४) र अमर न्यौपानेका आख्यान **पानीको घाम** (२०६६) प्रकाशन भएका छन् ।

### ३.२.१.२ उपन्यास

चितवनमा पुग-नपुग एकदर्जन उपन्यास प्रकाशन भएको पाइन्छ । प्राप्त तथ्याङ्क अनुसार रामबाबु घिमिरको **रित्तो आकाश** (२०३३) चितवनको पहिलो उपन्यास हो । यसपछि लीलामणि भट्टराई र केशवराज आमोदीका संयुक्त लेखनमा **हिमाल रुन्छ** (२०४७), नारायण गौतमका **त्यो को हो ?** (२०४९), मित्रबन्धु पौडेलका **बिर्सन नसकेको तस्वीर** (२०४९), गोवर्द्धन पूजाका **असहमतिका पाइलाहरू** (२०५०), माधव खनालका **परित्याग** (२०५०), शोभा रानाका **बेवारिसे** (२०५२), के. घायलका **जयपराजय** (२०५५), हरिनारायण सापकोटाका **मन पराएको केटो** (२०५५), रविकिरण 'निर्जीव'का **कालो कर्णालीको सेतो छायाँ** (२०५६), सरला जोशीका **अन्तिम स्वीकार** (२०५८), होमर श्रेष्ठका **बूढो माझी र समुद्र** (अनु.)(२०६०) आदि प्रकाशित भएका देखिन्छन् ।

### ३.२.१.३ निबन्ध

गद्यसाहित्यकै अर्को सशक्त विधा निबन्ध पनि चितवनको प्रमुख उपलब्धि हो । यसअघि छिटपुट रूपमा निबन्ध लेखिए पनि पुस्तक प्रकाशन भने वि.सं.२०४७ पछि मात्रै भएको पाइन्छ । रविकिरण 'निर्जीव'का **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) चितवनको पहिलो निबन्धसङ्ग्रह हो । उनका **सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू** (२०६४) पनि प्रकाशन भएको छ । यसपछि रामबाबु घिमिरेका **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्नेकुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५), तिलकराज शर्माका **पार्टी खोल्ने धुनमा** (२०५२), हास्यब्यङ्ग्य

निबन्धसङ्ग्रह **दौरासुरूवाल र टोपी आतङ्क** (२०६५), हरिहर खनालका **युगका पदचापहरू** (२०५९), नरेन्द्रराज पौडेलका **एलो सी माथिको साँझ** (२०६०), नारायणप्रसाद खनालका **नारायणीको लहर लहरमा** (२०६१), चन्द्रबहादुर बस्नेतका **यात्रा संस्मरण** (२०६१), रह शर्माका लेखसङ्ग्रह **अव के हुन्छ ?** (२०६१), **दौरा सुरुवाल** (२०६५), **पहाडको फेदीको पाहना घर** (२०६५), राजकृष्ण कंडेलका **संवेदनाका स्वरहरू** (२०६२), रामहरि श्रेष्ठका **माडी घटना** (२०६२), डी.आर. पोखरेलका **खुला आकाशतर्फ** (२०६३), जीवनाथ तिमिल्सिनाका **स्वर्गको निर्माण** (२०६४), कपिल अज्ञातका **भूलहरूका बिरूद्ध** (२०६४), साहित्यिक पत्रसङ्ग्रह **पत्रसन्देश** (२०६५), पूर्णबहादुर अधिकारीका **अनुभूतिका त्रिवेणी** (२०६५), केदारनाथ खनालका **यात्राका स्पन्दनहरू** (२०६५), **स्मृतिका बिम्बहरू** (२०६६) प्रकाशन भएका छन् । यसैगरी सीताराम कोइरालाका **संवादमा स्रष्टाहरू** निवार्तासङ्ग्रह र हरिहर खनालका **मेक्सिम गोर्की** (अनु.)(२०३७) खुमनारायण पौडेल समेतका सयुक्त लेखनमा **साहित्यका नोबेल पुरस्कार विजेताहरू** (२०६२) र सिर्जन अविरलका जीवनीसङ्ग्रह **आदिगायक सेतुरामदेखि दिलमाया खातीसम्म** (२०६२) प्रकाशन भएको छ । यसैगरी अनिल शर्माको सस्मण लेखहरूको सङ्गालो **संस्मरणमा भारतीय जेल** (२०६५) पनि प्रकाशन भएको छ ।

### ३.२.१.४ समालोचना/समीक्षा

चितवनको समालोचना साहित्य पनि उत्तिकै सशक्त रूपमा अगाडि बढेको पाइन्छ । यहाँबाट डेढ दर्जन भन्दा बढी समालोचना कृतिहरू प्रकाशन भएका छन् । समालोचनाको पहिलो प्रकाशन भने अनिल सिग्देलका **केही समालोचनात्मक रेखाङ्कनहरू** (२०३३) रहेको छ । यसपछि गायत्री श्रेष्ठका **देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** (२०४६), **केही कृति : आफ्नै दृष्टि** (२०६५), नारायणप्रसाद खनालका **केही रहर केही ठहर** (२०४९), **समीक्षा प्रहर प्रहरका** (२०६१), **समीक्षाका आकारहरू** (२०६५), **निर्वचन र भाषिक सन्दर्भ** भाषा : विविध (२०६५), **समस्यापूर्ति परम्परा र लेखनाथका कविताकाव्य** (२०६५), लक्ष्मणप्रसाद गौतमका **नन्दनको काव्यिक परिवेश** (२०५२), **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२), **सान्दर्भिक समालोचना** (२०५७), **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (२०६०), **आख्यानपुरूष ध्रुवचन्द्र गौतम अभिनन्दनग्रन्थ** (सहलेखन तथा सम्पा.) (२०६०), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** (२०६६), **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) कपिल अज्ञातका **साहित्य सिर्जनप्रक्रिया** (२०५५), **समालोचनाको सन्दर्भ** (२०५५), **समीक्षा सन्धान** (२०६४), **देवकोटा आयाम र प्रवृति** (२०६५), **ज्योतिष र साहित्य** (खोज-अन्वेषण) (२०६५), विष्णुप्रसाद पौडेलका **संस्कृत काव्यशास्त्र** (२०५७), डी.आर.पोखरेलका **यथार्थवादी समालोचनाको गोरेटोमा** (२०५८), **पारिजातको साहित्यिक मूल्याँकन** (२०६२), सरस्वती रिजाल र गायत्री श्रेष्ठका सह लेखनमा **नारायणी अञ्चलका नारी साहित्यकारहरू** (२०६२), पूर्णप्रसाद अधिकारीका **महाकवि देवकोटा केही आयाम** (२०६३) र **नेपाली नाटकको अध्ययन** (२०६३), गोविन्दराज विनोदीका **स्रष्टा नरेन्द्रराज पौडेल द्रष्टाहरूका आँखामा** (सम्पादन) (२०६३), विष्णुप्रसाद सापकोटाका **पश्चिमका पचपन्न प्रतिभा** भाग १ (२०६४), तेजविलास अधिकारीका **समीक्षा सन्दर्भ** (२०६५), धनेश्वर भट्टराई र रामचन्द्र सुवेदीका सहलेखनमा **कृति र दृष्टि** (२०६५), कुलप्रसाद ढुङ्गनाका **संस्कृत साहित्य सिद्धान्त** (२०६५) आदि समालोचना सङ्ग्रहहरू प्रकाशन भएका छन् ।

### ३.२.१.५ नाटक

वि.सं.२०१८ सालमा नारायणी कला मन्दिर स्थापना, तत्कालीन राजनीतक व्यवस्था आदिका कारण नाटक छिटपुट रूपमा नाटक लेखन तथा मञ्चन भए पनि चितवनमा नाटकसङ्ग्रह प्रकाशन भने वि.सं. २०४० साल पछि मात्रै भएको पाइन्छ । प्रकाश चापागाईका नाटकसङ्ग्रह **बदला** (२०४०) चितवनको पहिलो प्राप्ति हो । यसपछि मिनप्रसाद सहायका **घाइते सपना** (२०४८), केशवराज ढकालका **तिम्रो कसम** (२०५०), रणेन्द्र बरालीका **आफ्नै व्यथा** (२०५६), गोपी सापकोटाका **पूर्णविराम** (२०४८), **कालो आकृति** (२०६४), नारायणदत्त शास्त्रीका **योगमाता** (२०५६),**पागल** (२०५६), **नेपालमाता** (२०६२), **राधाकृष्ण** नाटिका (२०६४), पुष्प आचार्यको **नेपाल गयो भन्दिनु है र अरू नाटकहरू** (२०५८), **मैना** (२०६१), **अन्तिम लास** (२०६३), **हराएको सूर्य** (२०६५), होमर श्रेष्ठका **चेरीको बगैचा** (अनु.) (२०६४) प्रकाशन भएका छन् ।

### ३.२.२ चितवनको पद्यसाहित्य

नेपाली साहित्यमा सर्वाधिक धेरै लेखिने विधा कविता हो र यसका विभिन्न उपविधामा कलम चलाउनेहरूको सङ्ख्या सयौँ रहेको छ । यहाँ चितवनलाई कर्मक्षेत्र बनाएर कविता रचना गरी पुस्तक प्रकाशन गर्नेहरूको विवरण प्रस्तुत गरिएको छ ।

#### ३.२.२.१ कविता

'कविता' शब्दले खण्डकाव्य, महाकाव्य आदि कविताका उपविधाकाहरूलाई समेत जनाउने भए पनि यहाँ कविता भनेर फुटकर कवितालाई बताउन खोजिएको छ । चितवनको पद्यसाहित्यको इतिहास प्रेमविनोद नन्दनको गीतिसङ्ग्रह **सपनीबाट ब्यूँझेर** (२०२३)बाट सुरू भए पनि पहिलो कवितासङ्ग्रह प्रकाशन गर्ने श्रेय भने रविकिरण 'निर्जीव'ले पाएका छन् । उनका **नवजीवनको फूलवारी** (२०२३), **ऐजेरू लागेको पीपल** (२०६३), हरिहर खनालका **बिदा हुँदा** (२०२४), **आस्थाको गोरेटो** (२०५१), पद्मपाणि विरक्तीका **तिर्सनाको कोशेली** (२०२४), वामदेव पण्डितका **ब्रह्माण्डभित्र** (२०३१), रेशम विरही घिमिरेका **मुलाको बोक्रा र आलीमुनिको झ्याउँकिरी** (२०३७), सुवर्ण कक्षपतिका **मेरी धवला** (२०४०), जगतराज पौडेलका **जेलभित्रको सानो संसार** (२०४२), **श्रद्धाञ्जलिका फूलहरू** (२०५१), मित्रलाल ढकालका **गुम्सिएको रातमा फिँजारिएको एक मुठी जून** (२०४३), देवदत्त अधिकारीका **आमाको आँशु** (२०४६), लीलामणि भट्टराईका **प्रस्थान** (२०४६), मदनमोहन जोशीका **म मर्दिन** (२०४६), गोविन्दराज विनोदीका **मेरो वर्तमानता** (२०४७), **आँखाका नानी** (बालकविता) (२०५७), **छन्दविनोद** (२०५७), **अविश्रान्त** (२०५८), **हिमस्पर्श** (२०६६) , कपिल अज्ञातका **अज्ञातका कविता** (२०४७) रहेका छन् । यसैगरी राम विनयका **म आएको छु** (२०४७), रवीन्द्र न्यौपानेका **अचानो** (२०४७), शिव अधिकारीका **सम्प्रति** (२०४७), **दिगन्त सारथी** (२०४७), उत्तम(?)को **देवचुली** (२०४८), डी.डी.शर्माका **डमरूको आवाज** (२०४८), **प्रतिध्वनि** (२०६५), बिजयराज भट्टराईका **बसन्तको प्रसवव्यथा** (२०४८), बालमुकुन्द पोखरेलका **भावनाको थुङ्गाहरू** (२०४७), खुमनारायण पौडेलका **अन्तिमेत्थम्** (२०४८), **नरमेध** (२०५६), बुद्धिबल श्रेष्ठका **रूख रोपौं** (२०४९) रहेका छन् ।

यसैगरी सरस्वती रिजालका **एकझुल्को घाम** (२०५१), **प्रबोधन** (२०६३), कृष्ण कंडेलका **बुद्धको आँखामा देश** (२०५१), ध्रुवकिरण रेग्मीका **नारीपीडा** (२०५१), **दरिद्रताको परिवेश** (२०६२), धर्मराज अर्यालका **मातृभूमिको गीत** (२०५१), **सिर्जनाका धूनहरू** (२०५६), **तिम्रा मेरा बातहरू** (२०६०), गोपी सापकोटाका **एक अन्त्य, एक सुरूवात** (२०५२), **गुलाफको एस्ट्रेमा मृत्यु** (२०६३), कल्पना कंडेल र कमल कंडेलका **प्रकृति-स्मृति** (२०५३), विष्णुप्रसाद भुसालका

**मेरो समवेदना यो युगलाई** (२०५३), तप्तप्रसाद पौडेलका **तरङ्ग फरक फरक** (२०५३), धनराज गिरीका **राष्ट्रै टुहुरो भयो** (२०५४), चितवन शिखरवासका **मन्को रन्को** भाग २ (२०५४) दिक्पालदेव पंगेनीका **आस्थाको सगरमाथा** (२०५४), कुलचन्द्र कोइरालाका **नारायणी स्तुति** (२०५५), चेतकान्त चापागाईका **यात्रा मुक्ति शिखरको** (२०५५), **राता फूलहरू** (२०६३), **चेतन मनका गुञ्जन** (२०६६), उपेन्द्र श्रेष्ठका **अस्वीकृत** (२०५६), **दासले मसङ्ग मुक्ति मागेको छ** ( २०५९), चूडा ढकालका **समुद्रमा एक थोपा** (२०५६), श्रीभक्त अच्युत वाग्लेका **मान्छे भित्रको मान्छे** (२०५७), **प्रत्यागमन** लघुकाव्य (२०६५), गोवर्द्धन पूजाका **पीडा अवतार** (२०५७), **बाचाल ओठहरू** (२०६१), एकनारायण पौडेलका **बादलका चोटहरू** (२०५७), गोपाल पौडेल, गणेशप्रसाद समेत ९ जनाका **शब्दहरू अविराम यात्रामा** (२०५७), गिरिधारी घिमिरे 'विशिष्ट'का **प्रेरणा** (२०५७), **आमा** शोककाव्य (२०६५), सरिता तिवारीका **बुद्ध र लाभाहरू** (२०५७), किसान प्रेमीका **गाउँ वस्ती रोइरहेको छ** (२०५९), खनाल रेवतीरमणका **कथोपकथन** (२०५९), सी.एन.अपिल 'चितौने'का **नव प्रतिभाका टुसाहरू** (२०५९), **युग फेर्न चाहनेहरू** (२०६२), शिव अधिकारीका **हिमालको हलचल** (२०५९), शङ्कर सुवेदीका **आमा** (२०५९), **भावनाका उद्गार** (२०६१), **चाँदनी** (२०६३) कवितासङ्ग्रह प्रकाशन भएका छन् ।

कवितासङ्ग्रह प्रकाशन गर्नेक्रममा अनिल शर्माका **मनका खाडलहरू** (२०६०), **अग्निपक्षीका गीतहरू** (२०६३), सिर्जन अविरलका **म आकाश हेरी रहेछु** (२०६१), केदारनाथ खनालका **अनभूतिका शब्दतरङ्ग** (२०६१), **कवितामा चितवन** (खनाल समेतको सम्पादन) ( २०६१), रह शर्माका **रहका कविता** (२०६१), **सेलरोटी** बालकविता (२०६३), दधिराम शर्मा पौडेलका **यथार्थका तिता सत्यहरू** (२०६१), हीरादेवी पौडेलका **जीवन** (२०६१), राजेन्द्र सिलवाल 'घायल'का **बेदनाका छालहरू** (२०६१), शिवलाल आचार्यका **सिमलको रूख र म** (२०६१), रविलाल जमरकट्टेलका **मनचिन्ते रूख** (२०६१), शम्भू गिरी 'निर्दोशजीवन'का **आर्शीवाद** (२०६१), सुरेन्द्र अस्तफलका **बिम्बशिविर** (२०६२), बालकृष्ण थपलियाका **धारा एक सय सत्ताईस** ( २०६२), विद्या भण्डारी 'चिराग'का बालकवितासङ्ग्रह **इन्द्रेणीको गेट** (२०६२), भक्तबहादुर नेपालीका **ह्रस्वदीर्गको सवाई** (२०६२), शराहका **शब्द सङ्गोष्ठी** (२०६३), खेमराज दवाडीका **अमेरिकाको यात्रा** (२०६३), गोर्खे साँहिलोका **कादम्बरी** (२०६३), तारा बरालका **आक्रोश** ( २०६४), अशोक ज्ञवालीका **अध्याँरो गल्ली** (२०६४), गीता लामिछानेका **म पनि गुराँस हुन पाए** (२०६४), रामकृष्ण ताराका **मनका घाउहरू** (२०६४), **सृजनाका कोशेलीहरू** (२०६६), **भविष्यका पाइलाहरू (२०६६),** कल्पना आर्चायका **आमाभित्र देश** (२०६५), पुष्प अधिकारी 'अञ्जलि'का सम्पादनमा **समय समयका स्वरहरू** (२०६५), प्रकाश चापागाईं समेतका सम्पादनमा **कवितामा गणतन्त्र** (२०६५), देवीदास अधिकारीका **बधशालाबाट फर्कदा** (२०६५), प्रकाश चापागाईंका **स्मृति बिम्बमा सीता** (२०६५) केशवराज सुवेदीका **छन्द अनुराग** (२०६५), अंग्रेजबाबु गोरादाइका **शान्तिसँग क्रान्ति गर** (२०६५), जी.शर्माका **शब्दक्रान्ति** (२०६६) आदि कवितासङ्ग्रहले चितवनको कवितासाहित्यलाई समृद्ध बनाएका छन् ।

### ३.२.२.२ गीत

गाउनका लागि तयार पारिएको कविताको भेदलाई गीतअन्तर्गत राख्ने गरिन्छ । चितवनमा थारू चेपाङ जातिले आफ्नै भाषामा धेरै पहिलादेखि गीत गाउँदै आएका भए पनि नेपाली गीत गायनको परम्परा एघार-बाह्र सालतिरबाट सुरू भए होला भन्ने अनुमान गर्न सकिन्छ तर सङ्ग्रहका रूपमा प्रकाशन भने वि.सं. २०२३ सालमा आएर मात्र सुरू भएको

देखिन्छ । यसक्रममा चितवनमा वि.सं.२०२३ सालमा प्रेमविनोद नन्दनका **सपनीबाट ब्यूँझेर** गीतसङ्ग्रह प्रकाशन भएको हो । नन्दकै **ऐनाभित्रको आकाश** (२०६४) पनि प्रकाशन भएको छ । यसैगरी यहाँबाट खुसीराम पाख्रिनका **रक्तक्रान्तिका गीतहरू** (२०३८), **आँशुको भाका** भाग १ (२०३८), देवराज पौडेलका **क्रान्तिकारी आवाज** (२०४७), धर्म प्रधान 'अकिञ्चन'का **रागी** (२०५५), रह शर्माका **वचन** (२०५६), द्वारिका नेपालका **ओझेल परेका तस्वीरहरू** (२०६१), गायत्री श्रेष्ठका **बादलुको घुम्टोभित्र** (२०६१), बविता बरालका **माडी शोक समुद्र** भाग १ (२०६२), ध्रुवकिरण रेग्मीका **अशान्तिले जन्माएको सेतोचोली** (२०६४) प्रकाशन भएका छन् ।

### ३.२.२.३ गजल

चितवनमा वि.सं. २०४० सालतिरबाट गजल लेखिन तथा छापिन लागेको हो । यहाँबाट हालसम्म करिव ४ दर्जन गजलसङ्ग्रह प्रकाशित भएका छन् भने फुटकर रूपमा गजल लेख्नेहरूको सङ्ख्या सयौंको रहेको छ । चितवनमा चालीसको दशकबाट गजल लेखिन थाले पनि सङ्ग्रहका रूपमा पचासको दशकको सुरुवाततिर भएको पाइन्छ । 'चितवनमा गजल लेखनको प्रारम्भ कवि गोविन्दराज विनोदीको नेतृत्वमा धर्म प्रधान 'अकिञ्चन'ले वि.सं.२०५२ सालमा **मृगमरिचिका** प्रकाशन गरेपछि'[५२] भएको पाइन्छ । त्यसपछि गोवर्द्धन पूजाका **धर्तीको धूलो** (२०५४), गोविन्दराज विनोदीका **निर्मम निर्मम घडीहरू** (२०५५), उत्सव खरेलका **टाढिएको वसन्त** (२०५७), गोपाल पौडेलका **छातिभरि तिम्रो माया** (२०५९), विमलप्रकाश देवकोटाका **पलपलका तलतलहरू** (२०५९), केशवराज आमोदी र विमलप्रकाश देवकोटाका **गजलदिपिका** (२०६०), केशवराज आमोदीका **जलतरङ्ग** (२०६०), धनराज गिरीका **गजलामृत** (२०६०), **एकसय सेरको गजल** (२०६०), **कुन्साङ्ग काका** (२०६२), **ढल्दैन स्वाभिमान कसैगरी पनि** (२०६४), केदार कुसलका **चोइटिएका तिर्सना** (२०६०), गिरीराज दुवाडी र अजय ढुङ्गनाका **नवयुगका नवपाइला** (२०६०) गजलसङ्ग्रह प्रकाशित भएका छन् ।

बालकृष्ण थपलियाका सम्पादनमा चितवनको पहिलो सयुक्त गजलसङ्ग्रह **गजलपथका यात्रीहरू** (२०६१) र थपलियाकै कविता र गजल समेटिएको सङ्ग्रह **धारा एक सय सत्ताईस** (२०६२) प्रकाशित भएको छ । यसैगरी लेखराम सापकोटाका **श्रद्धाका फूलहरू** (२०६१), मदन भट्टराई 'प्रभृति'का **पहिलो हस्ताक्षर** (२०६१), शीतल कादम्बिनीका **सुगन्धयात्रा** (२०६२), इन्द्रलाल श्रेष्ठ 'अद्वितीय'का **भावनामा राष्ट्र बोल्छ** (२०६२), **बिम्ब प्रतिबिम्ब** (२०६४), **नयाँ नेपाल नयाँ इतिहास** (२०६४), गोर्खे साँहिलोका **मुस्कान** (२०६२), **सम्मोहन** (२०६२), **सुत्रमाला** (२०६३), पुष्प अधिकारी 'अञ्जलि'का **मनभित्रको मन** (२०६२), **स्वप्लिन नयन** (२०६४), अञ्जलिकै सम्पादनमा **गजलबिम्ब** (२०६२), **गजलदीप** (२०६३), **गजलयात्रा** (२०६४), **गजलयात्रा -२** र **गजलगङ्गा** (२०६६) सरला जोशीका **शब्दको सुवास** (२०६३), कृष्णकुमारी महतका **संयोग वियोग** (२०६३), किसान प्रेमीका **गजव छ मान्छे** (२०६३), गणेश शर्मा पौडेलका **आँखामा मेरो देश** (२०६३), जमुना अधिकारीका **नयन** (२०६३), विमलप्रकाश देवकोटाका **पलपलका परिमलहरू** (२०६३), प्रेमविनोद नन्दनका **भीडमा एक्लै एक्लै** (२०६४), विद्या भण्डारी 'चिराग'का **नेपथ्यका कुरा** (२०६४), कपिल अज्ञातका **समय समयका स्वरहरू** (सम्पा.बालकृष्ण थपलिया) (२०६४), विकास विनिता र सुशिल घायलका **सानु** सयुक्त गजलसङ्ग्रह (२०६४), प्रभाकर

---

[५२] केशवराज आमोदी, *चितवनमा गजलको स्थिति र वास्तविकता* , कालिका एफ.एम.द्वारा मिति २०६६।६।२५ मा आयोजित राष्ट्रिय गजल महोत्सवमा प्रस्तुत अप्रकाशित कार्यपत्र ,२०६६, पृ.१ ।

पण्डितको **यो अचम्म भो** (२०६६), युसुफदिन मिया 'पाल्पाली'का **पाल्पालीका गजल** (२०६६) प्रकाशित भएका छन् ।

### ३.२.२.४ मुक्तक

कविताको लघु रचना मुक्तकलेखन परम्परा चितवनमा सम्बृद्ध रहेको देखिन्छ । यहाँ फुटकर रूपमा मुक्तक लेख्ने स्रष्टाहरूको उल्लेख्य उपस्थिति रहेको छ । यहाँ सङ्ग्रह प्रकाशनको रूपमा भने वि.सं.२०५७ सालमा आएर मात्र भएको पाइन्छ । यसक्रममा रामबाबु घिमिरेको **मुक्तकसङ्ग्रह** (२०५७), केशवराज आमोदीको **सत्ता साधन** (२०५८), धनराज गिरीको **अर्थात** (२०५८), कपिल अज्ञातको **अनुभूतिका उमङ्ग** (२०६४) आदि मुक्तकसङ्ग्रह प्रकाशन भएको छ ।

### ३.२.२.५ हाइकु

कविताको लघुतम् रूप हाइकु लेखन परम्परा पनि चितवनका साहित्यिक कार्यक्रमहरू तात्ने गरेको छ । सङ्ग्रह प्रकाशनका हिसावले पनि करिव दर्जन पुग्न आँटेको छ । हालसम्म चितवनबाट प्रकाशित हाइकुसङ्ग्रहको रूपमा रमेश प्रभातका **सत्तालिप्सा** (२०५४), चूडा ढकालका **देश बिरामी हुँदा** (२०५४), मित्रबन्धु पौडेलका **आलोक छ आलोक छैन** (२०५९), **सुहागरात र अनुहारहरू** (२०६०), विमलप्रकाश देवकोटाका **विमल दर्पण** (२०६०), प्रमेशविक्रम कुँवरका **पुतलीहरू** (२०६०), धनराज गिरीका **गोजीको हाइकु** (२०६०), प्रकाश पौडेल 'माइला'का **पर्दाफास** (२०६१), खनाल रेवतीरमणका **मान्छेभित्र मान्छेको खोजी** (२०६१), लेखराम सापकोटाका **तिम्रा खुसीहरूमा** (२०६१), र अनुपराज कंडेलका **पुष्पलता उज्ज्वलतारा** प्रकाशित भएका छन् ।

### ३.२.२.६ खण्डकाव्य

चितवनबाट हालसम्म पुगनपुग अढाइ दर्जन खण्डकाव्य प्रकाशित भएका छन् । यसक्रममा अनिल सिग्देलका **मिलन** (२०३३), खेमराज त्रिपाठीका **मार्कण्ड** (२०३३), श्यामानन्द पौडेलका **आमा** (२०३४), **करूणमयी नारी** (२०५६), कोमलनाथ कोइरालाका **अन्नपूर्णा** (२०३७), दुर्गानाथ उपाध्यायका **बुद्धिविनोद प्रश्नोत्तरी** (२०३९), पोषराज पौडेलका **माडीयात्रा** (२०३९), **मेक्सिम गोर्की कवितात्मक जीवनी** (२०४३), **आमा स्मृतिका छाल** (२०४९), **पागल प्रलाप** (२०५५), वामदेव पण्डितका **हाम्रा पूर्वज** (२०३९), शिवजी पन्तका **जीवनसाथी** (२०३९), रमण एप्याथीका **ल्याउँ साम्यवाद** (२०४७), हरिहर सविताका **मणि** (२०४८), चेतकान्त चापागाईका **दासढुङ्गाको बेथागाथा** (२०५१), लोकराज कंडेलका **ईश्वर बन्दना** (२०५३), रह शर्माका **भ्रम** (२०५५), केशवराज आमोदीका **अरण्य रोदन** (२०५६), **कर्मभूमि** (२०६०), चन्द्रप्रभा घिमिरेका **श्वेता** (२०५६), तारापति देवकोटाका **शोक चिन्तन** (२०५६), राजकृष्ण कंडेलका **द्रोपदीको पश्चाताप** (२०५९), जगन्नाथ देवकोटाका **जया** (२०५९), शोभाकर उपाध्यायका **मातृवियोग** (२०५९), विष्णुहरि थापाका **लक्ष्मण रेखा** (२०६०), धनेश्वर भट्टराईका **गोरखगाथा** (२०६१), सङ्गीत आयामका लामाकविताहरू **चक्रब्यूह र युद्धपीडाहरू** (२०६२), माइल्दाइ न्यौपाने 'टीकाराम'का **कथाव्यथा** (२०६०) धनराज गिरीका **पुष्पलता सामाजिक सान शान दैवी बरदान** गीतिकाव्य (२०६२) र खेमराज दुवाडीका **अमेरिका यात्रा** (२०६३) प्रकाशित भएका छन् ।

### ३.२.२.७ महाकाव्य

महाकवि लक्ष्मीप्रसाद देवकोटाले आइसल्याण्डको सर्प मानेका महाकाव्य नेपाली साहित्यमा निक्कै कम लेखिएको छ । यो समस्याबाट चितवन पनि अछुतो छैन । हालसम्म चितवनले ३ ओटामात्र महाकाव्य हासिल गरेको छ । त्यसमा पोषराज पौडेलका **शहीदगाथा** (२०५५), होमनाथ पौडेल 'हिमांशु'का **विभूतिदर्पण** (२०६२) रहेका छन् । यसैगरी चितवनकै हरिहर सविताद्वारा लिखित **पुष्पपत्रम** महाकाव्य (२०६५) लाई पुष्पलता आचार्यले प्रकाशनमा ल्याएकी छिन् ।

### ३.२.२.८ मिश्रितसाहित्य

संस्कृत काव्यशास्त्रले गद्य र पद्य मिश्रित रूपमा आएको साहित्यलाई चम्पू मानेको छ । विशेष गरी यात्रा वर्णन र यस्तै खाले प्रसङ्गहरूमा गद्य र पद्यलाई मिसाएर लेख्ने प्रचलन संस्कृतमा पाइन्छ । यसखालको रचनाका हिसावले नारायणदत्त शास्त्रीको **अमेरिका यात्रा र अनुभूति** (२०६४) लाई लिन सकिन्छ ।

## ३.३ पत्र पत्रिकामा साहित्य

चितवनको पत्र-पत्रिकाको इतिहास पनि पुरानो छ । चितवन हाइस्कुलका विद्यार्थीहरूले वि.सं.२०२१ सालमा **चितवनको चिनो** प्रकाशित गरेपछि सुरू भएको साहित्यिक पत्र-पत्रिका प्रकाशनहरूको पनि उत्तिकै मह,वपूर्ण स्थान छ । यहाँबाट **प्रकाशपुञ्ज** (२०२५), **वेणी**, (२०२५), **रात्रीप्रकाश** (२०२६) प्रकाशित भयो । यसैगरी नौलोराँको प्रकाशनले **नौलोराँको** (२०२६) प्रगतिवादी साहित्यिक पत्रिका प्रकाशन गर्‍यो । यसैगरी चित्रवन युवा क्लबले **नयाँ गोरेटो** (२०२७) पनि **नौलोराँको** कै सहयात्रीका रूपमा प्रकाशन गर्‍यो । वि.सं.२०२७ सालमा जनज्योति पुस्ताकालयले **छहरो** प्रकाशन गर्‍यो भने नारायणी पुस्ताकालयले **तिर्सना** प्रकाशन गर्‍यो । वि.सं.२०२८ सालमा नारायणी कलामन्दिरले **मारुनी** प्रकाशन गर्‍यो भने **नयाँ जोश** (२०३०), **भृकुटी** (२०३४) आदि पनि प्रकाशित गरे ।

वि.सं.२०३६ सालको राजनीतिक चहलपहल पछिसङ्गै साहित्यिक चहलपहल पनि देखा पर्न थाले । राजनीतिक चहल पहल सङ्गसङ्गै साहित्यिक पत्रिकाहरू प्रकाशन भए ।[५३] हरिहर खनालले व्यक्तिगत रूपमा **जाँगर** (२०३६) प्रकाशन गरे भने चिरन्जीवी नेपालीले **इन्द्रकमल** (२०३७) प्रकाशन गरे । यसैगरी दियालो परिवारले **नौलो समाज** (२०३७), अनिल सिग्देलले **आरन** (२०३७), गङ्गाराम श्रेष्ठले **ऋचा** (२०३८), प्रेमविनोद नन्दन र अनिल सिग्देलले **गोधूलि** (२०४०) प्रकाशन गरे । यसैगरी **सेरोफेरो** (२०४०), **कविता कुसुम** (२०४१), चितवन साहित्य परिषद्ले **वागीश्वरी** (२०४७), रामबाबु घिमिरेले व्यक्तित रूपमा **सम्प्रेषण** (२०४७), हरिहर खनालले **जनसाहित्य** (२०४७), जीवलाल सापकोटाको सम्पादनमा **नवकिरण** (२०४७) सगरमाथा साहित्य समाजले **पाइला र प्रवाह** (२०४८), शैलेन्द्र पियाको सम्पादनमा **आधार** (२०४९), पत्रकारिता समूह वीरेन्द्र बहुमुखी क्याम्पसका विद्यार्थीहरूले खोमनाथ रेग्मी र अन्यको सम्पादनमा **प्रेरणा** (२०५०) आदि प्रकाशन गरे ।

यसैगरी गणेशेखर शर्मा र गोविन्दराज विनोदीले **सुनगाभा** (२०५१), लीलामणि भट्टराईले **मधूलिका** (२०५१), रामबावु पौडेल र श्रीभद्र अधिकारीले **उपहार** (२०५१), सीताराम कोइरालाले **पल्लव** (२०५२), द रेयुकाई नेपाल पार्वतीपुरले मिनबहादुर अधिकारीको सम्पादनमा **समुन्नत**

---

[५३] सीताराम कोइराला, ***संवादमा स्रष्टाहरू***, पूववत्, पृ ११० ।

(२०५२), ध्रुवराज मिश्रसमेतको सम्पादनमा **समाज दर्पण** (२०५२), **मृगतृष्णा** (२०५४) आदि प्रकाशन भए ।[५४]

यसैगरी चितवनबाट **हाम्रो मझेरी** (२०५७), **पल्लवी सन्देश** (२०५९), **अभिव्यञ्जना** (२०५९), डि. आर. पोखरेलको सम्पादनमा **हाम्रो सिर्जना** (२०६१), **स्रष्टा** (२०६१), **सरोजिनी** (२०६२), **सिराइचुली** (२०६३) **सञ्जिवनी** (२०६४), **प्रलेश : चितवन** (२०६४), **गणतान्त्रिक कविता** (२०६५), **मध्यक्षितिज** (२०६५),आदि रहेका छन् । यसैगरी **सौदामिनी** (२०४७), **सुसेली** (२०५०), **अनुप्रस्थ** (२०५३), **प्रस्फुटन** (२०६५), **सेवा** (२०६५), **उपहार, नवप्राञ्जली** लगायत हवाइपत्रिकाहरू प्रकाशित भएका थिए । चितवनमा **चितवनको चिनो** देखि हाल सम्म ४२ वटा पत्रिकाहरू र थप ७ वटा हवाई पत्रिका गरी ४९ वटा प्रकाशित भएका छन् ।[५५] यहाँबाट प्रकाशित हवाइ पत्रिकाहरूले निरन्तरता भने दिन सकेका छैनन् । यसैगरी यहाँबाट प्रकाशित मासिक, पाक्षिक, साप्ताहिक तथा दैनिक पत्र पत्रिकामा पनि साहित्कि रचनाहरू समेटिने गरेको पाइन्छ । यसक्रममा यहाँबाट प्रकाशित **नारायणी टुडे** मासिक, **चितवन, अन्वेषण, प्रवाह, नवसचेतक, पीपलबोट, नारायणी, आक्रमण,जनदर्पण** आदि साप्ताहिक तथा **चितवन पोष्ट, पारदर्शी, कायाकैरन, लोकतन्त्र, हरेक दिन** आदि दैनिक पत्र पत्रिकाहरूमा प्रकाशित साहित्यिक रचनाहरूले पनि यहाँको साहित्यिक विकासमा योगदान दिएका छन् ।

### ३.४ रेडियोमा साहित्य

चितवनमा वि.स.२०५६ सालमा **सिनर्जी** एफ. एम.को स्थापना पछि साहित्यिक कार्यक्रमहरूको उत्पादन तथा प्रसारण हुन थाले । यसपछि स्थापना भएका अन्य एफ. एम.हरू **कालिका, हाम्रो, रेडियो चितवन, रेडियो त्रिवेणी, नारायणी** एफ. एम्.लगायत गैडाकोटमा **विजय** एफ.एम.ले साहित्यिक कार्यक्रमहरूलाई मह**,**वका साथ प्रसारण गर्ने गरेका छन् । यहाँ स्थानीय एफ. एम.हरूबाट प्रसारित कार्यक्रमहरूका बारेमा सङक्षिप्त रूपमा प्रकाश पारिएको छ ।

### ३.४.१ सिनर्जी एफ .एम् . ९१ ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

चितवनको पहिलो रेडियो स्टेशन सिनर्जी एफ. एम्. ९१.६ मेगाहर्जले साहित्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । **प्रणयसुधा, अनुराग, इन्द्रधनुष, मुक्तकमनोहर ,मुटुदेखि मुटुसम्म , शब्दसंसार , मनको मझेरीमा** आदि कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अलावा स्थानीयस्तरमा भएका विशेष साहित्यिक कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गर्ने, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा आदि प्रतिभाहरूको जन्मदिवसमा पनि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।[५६]

### ३.४.२ कालिका एफ .एम् . ९५.२ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

कालिका एफ .एम्. ९५.२ ले **सुगम सङ्गीत, पलप्रतिपल, गजल सरोवर** आदि कार्यक्रम संचाल गर्दैआएको छ । यसका अलावा स्थानीयस्तरमा भएका विशेष साहित्यिक कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गर्ने, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा

---

[५४] रामकला कोइराला, **चितवन जिल्लावाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरणात्मक अध्ययन** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग बीरेन्द्र बहुमुखी क्याम्पस, २०५१), पृ. १०५ ।

[५५] **हाम्रो सिर्जना**, पूर्ववत् ।

[५६] सिनर्जी एफ .एम् . ९१ ६ मेगाहर्जका स्टेशन म्यानेजर अमर प्रधानले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

आदि प्रतिभाहरूको जन्मदिवसमा पनि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।[५७] यसै गरी एफ्. एम.ले साहित्य तथा लागेका साधकरूलाई **कालिका स्रष्टा** सम्मानबाट सम्मानित गर्ने गरेको छ ।

एफ. एम.ले आफ्नो छैटौँ वार्षिकोत्सवको उपलक्षमा मिति २०६५।६।१२ गते आयोजित वृहत कविता महोत्सवमा एक अवधारणा पत्र प्रस्तुत गरेको छ । केदारनाथ खनाल, भवनाथ सडौला र डी.आर.पोखरेलद्वारा सयुक्त रूपमा प्रस्तुत अवधारणापत्रमा केन्द्र र मोसफलको बढ्दो दूरीलाई घटाई साहित्यिक सत्ताको विकेन्द्रीकरणमा जोड दिदै प्रज्ञा प्रतिष्ठानलाई सक्रिय बनाई चितवनमा पनि शाखा खोल्नु पर्नेमा जोड दिइएको छ । यसै गरी साझा प्रकाशनबाट प्रकाशित **गरिमा**को मोफसल अङ्क प्रकाशित गर्ने नीति बनाइनु पर्ने रहेका छन् । त्यसैगरी साहित्य सिर्जना एवम् बौद्विक सम्पत्ति सम्वन्धी स्पष्ट कानूनको अभाव हुनु र प्रतिलिपि अधिकार नियमावली (२०५९) को तर्जुमा भए पनि वास्तविक व्यवहारमा लागु गर्न पहल गर्नुपर्ने, पुस्तक मूल्याङ्कन मापदण्ड लागुहुनु पर्ने, स्थानीय प्रकाशनलाई सरकारी सहयोगको सुव्यवस्था हुनु पर्ने, देश विदेशका सङ्घसंस्था र व्यक्ति**,**वसितको सम्पर्क सम्वृद्धिका निम्ति सम्वर्द्धन समिति गठन हुनुपर्ने लगायत ८ बुँदे अवधारणापत्र प्रस्तुत गरेको छ ।[५८] यसै गरी एफ. एम.ले आफ्नो सातौं वार्षिकोत्सवको उपलक्षमा मिति २०६५।६।२५ गते आयोजित गजल महोत्सवमा केशवराज आमोदीले 'चितवनको गजलको स्थिति र वास्तविकता' शीर्षकमा एक अवधारणा पत्र प्रस्तुत गर्दै चितवनका गजलको पृष्ठभूमि, यहाँबाट प्रकाशित गजलसङ्ग्रहहरू, यसमा देखिने प्रवृत्ति र केही सुझावहरू प्रस्तुत गरेका छन् । यसैगरी एफ.एम्.ले विविध साहित्यिक सामग्री समावेश गरी **कालिका यात्रा** स्मारिका प्रकाशन गरेको छ ।

### ३.४.३ हाम्रो एफ .एम् . ९४ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

यस एफ. एम.ले पनि साहित्य सम्वन्धि कार्यक्रमहरूलाई मह**,**वकासाथ सञ्चालन गर्दै आएकोछ । गत साउन १० गतेबाट तेस्रो वर्षमा प्रवेस गरेको यस एफ. एम.ले आफ्नो स्थापनाकाल देखि नै साहित्यिक कार्यक्रम सञ्चालन गर्देआएको छ । यसले **सर्जक सृजना, आख्यानमाला, प्रेमालाप, बिम्ब ,पीयूष**, **यात्रा गजलपथको, गजलामृत**जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

यसका अलावा आफ्नो स्थापना दिवसमा विविध साहित्यिक कार्यक्रम सञ्चालन तथा स्थानीयस्तरमा भएका विशेष साहित्यिक कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा आदि प्रतिभाहरूको जन्मदिवसमा पनि विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसैगरी एफ.एम्.ले विविध साहित्यिक सामग्रीसमेत समावेश गरी **हाम्रो पाइला** स्मारिका प्रकाशन गरेको छ ।[५९]

### ३.४.४ रेडियो चितवन ९४. ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

---

[५७] कालिका एफ .एम् . ९५.२ मेगाहर्जका कार्यक्रम संयोजक मनोज पन्तले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[५८] **वागीश्वरी**, वर्ष १९ अङ्क १६ , २०६५ , पृ. १५१-१५४ ।

[५९] हाम्रो एफ .एम् . ९४ मेगाहर्जका कार्यक्रम संयोजक खेमराज गोर्खालीले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

चितवनको पहिलो सामुदायिक रेडियो स्टेशन रेडियो चितवन ९४.६ मेगाहर्जले साहित्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसले **परिवर्तित बस्तीहरू**, **मुक्तक मधुरिमा**, **गजलसुधा**, **शब्दसुगन्ध** प्रसारण गर्दै आएको छ। यसका अलावा रेडियोको वार्षिकोत्सव आदिको अवसर तथा विशिष्ट साहित्यक प्रतिभाहरूको जन्मदिवसमा पनि विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ।[६०]

## ३.४.५. रेडियो त्रिवेणी १००. ६ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

यस एफ. एम.ले पनि साहित्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसले **नमेटिने डोवहरू, शब्द बिम्ब, श्रुतिसंवेग, बायोग्राफी, इन्द्रधनुष, छालहरू, मेरो कथा मेरो गीत**, **मधुरात्री, मनको मझेरीमा** आदि कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अलावा स्थानीयस्तरमा भएका विशेष साहित्यिक कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण गर्ने, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा आदि प्रतिभाहरूको जन्मदिवसमा पनि विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ।[६१]

## ३.४.६ नारायणी एफ. एम. १०५.२ मेगाहर्जका साहित्यिक कार्यक्रमहरू

चितवनको पछिल्लो रेडियो स्टेशन नारायणी एफ. एम्. **१०५.२** मेगाहर्जले पनि साहित्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसले **साक्षात्कार ,साहित्य र सृजना त्रिवेणी, उपन्यासयात्रा तथा गीत गजल** कार्यक्रम सञ्चालन हुँदै आएको छ।[६२]

## ३.५ चितवनमा स्थापित पुरस्कारहरू

प्रतिभाहरूलाई प्रोत्साहन गर्न पुरस्कारले मह,वपूर्ण स्थान खेलेको हुन्छ। चितवनमा पनि प्रतिभा प्रोत्साहनका लागि विभिन्न किसिमका पुरस्कार स्थापना तथा वितरण भएका छन् । कतिपय पुरस्कारलाई व्यवस्थित ढङ्गमा स्थापना तथा वितरण गरिएको छ भने कतिपयचाहिँ मौसमी भएका छन्। यहाँ चितवनमा स्थापित प्रमुख पुरस्कारको चर्चा गरिएको छ।

## ३.५.१ चि.सा.प. प्रतिभा पुरस्कार

चि.सा.प.ले आफ्नो उद्देश्यअनुरूप साहित्यिक प्रतिभाको उत्थान र सम्मानको लागि साहित्यिक प्रतिभाहरूलाई चि.सा.प.प्रतिभा पुरस्कारबाट सम्मान गर्ने गरेको छ । परिषद्ले चितवनमा वस्ने वा चितवनलाई कर्मक्षेत्र बनाउने साहित्यकारको कृति,व र व्यक्ति,वको आधारमा मूल्याङ्कन गरी[६३] नगदसहित सम्मान गर्ने गरेको छ । यसलाई संस्थागत र दिगो रूपमा सञ्चालन गर्न एक अक्षयकोष र विधानको व्यवस्था गरिएको छ । प्रतिभा छनौटको लागि चि.सा.प.कार्यसमितिले एक उपसमिति गठन गर्ने र सो समितिको सिफारिसलाई कार्यसमितिले अनुमोदन गरेपछि समान्यतया भानुजयन्तीको अवसरमा यो पुरस्कार वितरण गर्ने गरिएको छ । यस पुरस्कारको राशी रू पाँच हजार नगद, दोसल्ला र सम्मान पत्र रहेको छ । वि.सं.२०५२ साल देखि हालसम्म १६ जना स्रष्टाहरू यो पुरस्कारबाट सम्मानित भएका छन् ।

---

[६०] रेडियो चितवन ९४.६ मेगाहर्जका कार्यक्रम संयोजक मोहन बस्यालले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी।

[६१] रेडियो त्रिवेणी १००. ६ मेगाहर्जका प्रवन्ध निर्देशक रमेश जोशीले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी।

[६२] नारायणी एफ. एम. १०५.२ मेगाहर्जका स्टेशन म्यानेजर रामजी भट्टराईले मिति २०६६।४।१२ गते शोधार्थीलाई दिनु भएको जानकारी।

[६३] चि.सा.प.को मिति २०४६।८।१७ गते बसेको वैठकले गरेको निर्णय ।

यसरी सम्मानित हुने प्रतिभाहरूमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी , रामबाबु घिमिरे, हरिहर खनाल, नारायणप्रसाद खनाल, विजयराज भट्टराई, खुमनारायण पौडेल, नारायणदत्त शास्त्री, लक्ष्मणप्रसाद गौतम, राजकृष्ण कंडेल, केशवराज आमोदी, गायत्री श्रेष्ठ र सरस्वती रिजाल, कपिल अज्ञात, केदारनाथ खनाल, डी.आर.पोखरेल रहेका छन् ।[६४]

### ३.५.२ कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार

चितवन साहित्य परिषद्को उद्देश्यलाई आत्मसात गर्दै नेपाली भाषा साहित्यको समृद्धिको निम्ति चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं ७ निवासी वरिष्ठ समाजसेवी एवम् राजनीतिज्ञ गञ्जसिंह गुरूङबाट आफ्नी स्वर्गीय पत्नी कृष्णाकुमारी गुरूङको पुण्य स्मृतिमा रू एकलाखको अक्षयकोष स्थापना गरी कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार स्थापना गरिएको छ । यसलाई व्यवस्थित र पारदर्शी ढङ्गले वितरण गर्न मिति २०५४।११।२७ बसेको चि.सा.प.को चौथो साधरण सभाले छुट्टै नियमावली पारित गरेको छ । राष्ट्रियस्तमा प्रकाशित पुस्तकहरूवीच प्रतिष्पर्धा गराई हरेक वर्षमा यो पुरस्कार समर्पण गर्ने गरिन्छ । पुरस्कार छनोटको लागि राष्ट्रिय तथा स्थानीय रूपमा सूचना प्रकाशित गरी कृति पेशका लागि आव्ह्वान गर्ने, प्राप्त कृतिहरूलाई कार्यसमितिले प्रारम्भिक मूल्याङ्कन गरी विशेष समितिमा पठाइने र सो समितिबाट आएको नामलाई कार्यसमितिले अनुमोदन गरी सामान्यताया लेखनाथ जयन्तीको अवसरमा विशेष साहित्यिक कार्यक्रम आयोजना गरी दश हजार नगद, दोसल्ला र सम्मान पत्र सहित समर्पण गर्ने गरिएको छ ।[६५]

यो पुरस्कार वि.सं.२०५५ मा सूर्यमणि अधिकारीको **तनहूँ राज्यको इतिहास** र कपिल अज्ञातको **साहित्य सिर्जन प्रक्रिया** नामक खोजमूलक अनुशिलन कृतिका लागि संयुक्तरूपमा वितरण गरियो । यसै गरी वि.सं. २०५६ मा मोहन दुवालको **मानवीय संवेदनाहरू** कवितासङ्ग्रहका लागि प्रदान गरियो भने वि.सं.२०५७ सालमा रमेश श्रेष्ठका **आमा नदीहरू** कवितासङ्ग्रका लागि वितरण गरियो । यसैगरी वि.सं.२०५८ सालमा शैलेन्द्रप्रकाश नेपालको **अमानिका** महाकाव्यका लागि प्रदान गरियो । त्यसपछि भने दुई-दुई वर्षको अन्तरमा यो पुरस्कार वितरण गर्ने गरिएको पाइयो । वि.सं. २०५९ र २०६० मा माधव वियोगीको **छन्द शिरोमणि** महाकाव्य र गोविन्दराज विनोदीको **अविश्रान्त** कवितासङ्ग्रहका लागि संयुक्तरूपमा, वि.सं.२०६१/०६२ मा खगेन्द्र लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** समालोचनासङ्ग्रहलाई, वि.सं.२०६३/०६४ मा प्रेमविनोद नन्दनको **ऐनाभित्रको आकाश** गीत सङ्ग्रहका लागि र वि.सं.२०६५/२०६६ मा लक्ष्मणप्रसाद गौतमको समालोचनासङ्ग्रह **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** र भूपिन व्याकुलको कवितासङ्ग्रह **हजार वर्षको निद्रा**लाई संयुक्त रूपमा प्रदान गरिएको छ ।[६६]

### ३.५.३ चितवन साहित्य सम्मान

---

[६४] चि.सा.प.का सचिव जी.शर्माले शोधार्थीले उपलब्ध गराउनु भएको विवरण र बेला मौकामा भेट हुँदा दिनु भएको जानकारी ।

[६५] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई बेला मौकामा भेट हुँदा दिनु भएको जानकारी ।

[६६] **वागीश्वरी** वर्ष १९,अङ्क १६, (२०६५) पृ.१४४ ।

चितवन साहित्य परिषद्ले  आफ्नो स्थापना दिवसको अवसरमा हरेक वर्ष साहित्य एवम साहित्यिक सङ्घसंस्थालाई सम्मान गर्ने  उद्देश्यले **चितवन साहित्य सम्मान** प्रदान गर्ने निर्णय गरेको छ । चि.सा.प.को मिति २०६६।३।१८ गते बसेको बैठकले सोको बारेमा छलफल गर्न पूर्व अध्यक्ष केदारनाथ खनालको संयोजकत्वमा उपाध्यक्ष सुरेन्द्र अस्तफल र कोषाध्यक्ष श्यामजी अतिथि सदस्य रहेको उप समिति गठन गठन गरेको छ ।[६७] हालसम्म यो पुरस्कार कसैलाई पनि वितरण गरिएको छैन ।

### ३.५.४ वाल्मीकि साहित्य सम्मान

चितवनको रत्ननगरमा साहित्यकार रामबाबु घिमिरे, केशवराज आमोदी, धनराज गिरीलगायतको सक्रियतामा स्थापित वाल्मीकि साहित्य सदनले नेपाली साहित्यमा विशेष योगदान गरेका विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्दै आएको छ । समान्यतया कार्यसमितिको बैठकबाट निर्णय गरी विशेष साहित्यिक कार्यक्रममा यो सम्मान प्रदान गर्ने गरिएको छ । सदनले सम्मान पत्र, दोसल्ला सहित  **वाल्मीकि साहित्य** सम्मानद्वारा सम्मान गर्दै आएको छ । यसक्रममा सदनबाट केशवराज आमोदी, तीर्थराज कोइराला, तिलकराज शर्मा, राजकृष्ण कँडेल, धनराज गिरी, डी.आर.पोखरेल, केदारनाथ खनाल, पोषराज पौडेल, हयग्रीव आचार्य, नारायणप्रसाद खनाल, कपिल अज्ञातलगायतलाई  **वाल्मीकि साहित्य सम्मान**बाट सम्मानित भएका छन् ।[६८]

### ३.५.५ हाम्रो मझेरी साहित्य सम्मान

पुष्प अधिकारी 'अञ्जलि'को सक्रियतामा क्रियाशील साहित्यिक संस्था हाम्रो मझेरी प्रतिष्ठानले पनि बेला मौकामा विविध साहित्यिक कार्यक्रम गरी साहित्यकारहरूलाई सम्मान गर्ने गरेको छ । प्रतिष्ठानले नवराज लम्साल, पूर्णचन्द्र घिमिरे, खगेन्द्र गिरी 'कोपिला', इन्द्रकुमार 'विकल्प', सहन प्रधान, रमेश जोशी, प्रेमविनोद नन्दन, धनराज गिरी, नरेन्द्रराज पौडेल, दामोदर पुडासैनी 'किसोर', प्रकाश राजपुरीलाई सम्मान गरेको छ । यसैगरी केशवराज आमोदी, गोविन्दराज विनोदी, कृष्णदेवी शर्मा ,गङ्गा सुवेदी, बद्रीबहादुर कार्की, सरला जोशी ,विष्णुबहादुर सिंह, गोर्खे साँहिलो र देवकी निरौला, किसान प्रेमी, इन्द्रलाल श्रेष्ठ 'अद्वितीय' र मिलन 'समिर'लाई सम्मान गरेको छ । त्यस्तै सिर्जन अविरल, वियोगी बुढाथोकी, धिरज त्रिवेणी र विमला कार्कीलाई पुरस्कार सहित सम्मान गरेको छ । यसैगरी प्रतिष्ठानले सिनर्जी एफ.एम.,कालिका एफ.एम.,मनकाना एफ.एम., रेडियो अन्नपूर्ण र न्यूसंसार टेलरिङ्गलाई सम्मान पत्र सहित सम्मान गरेको छ ।[६९]

### ३.५.६ पल्लव साहित्य सम्मान

वि.सं.२०६३ सालमा स्थापित ऋषिप्रसाद लामिछने 'गोर्खे साहिँलो' समेत १५ जना सदस्य रहेको पल्लव  साहित्य प्रतिष्ठानले बेलामौकामा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई सम्मान गरी प्रोत्साहन गर्ने गरेको छ । प्रतिष्ठानले वि.सं.२०६० मा चितवनका प्रथम समालोचक अनिल सिग्देल, कवि खनाल रेवतीरमण, सङ्गीत आयाम, र एल.बी.क्षेत्रीलाई यो

---

[६७] चि.सा.प.का सचिव जी.शर्माले शोधार्थीलाई उपलब्ध गराउनु भएको  उपस्थिति पुस्तिकाबाट ।

[६८] वाल्मीक साहित्य सदनका अध्यक्ष रामबाबु घिमिरेबाट मिति २०६६।८।९ गते शोधार्थीलाई प्राप्त जानकारी ।

[६९] हाम्रो मझेरी साहित्य प्रतिष्ठानका अध्यक्ष पुष्प अकिरी 'अञ्जलि'ले शोधार्थलाई उपलब्ध गराउनु भएको विवरण ।

सम्मानद्वारा सम्मान गरेको थियो भने वि.सं. २०६२ सालमा साहित्यकारहरू नरेन्द्रराज पौडेल, कपिल अज्ञात, सरस्वती रिजाल र भागवतशरण न्यौपानेलाई सम्मान गरेको छ । यसैगरी वि.सं. २०६४ सालमा स्रष्टाहरू बूँद राना, राधिका राया, केशवराज आमोदी र श्रीराम श्रेष्ठलाई यसैगरी वि.सं.२०६५ मा कृष्णप्रसाद कोइराला, इन्द्रलाल श्रेष्ठ 'अद्वितीय' पनि यो सम्मानबाट लाभावन्तित भएका छन् । यसैगरी वि.सं.२०६६ मा नरेन्द्रराज शर्मा, नवराज सुव्वा, केदारनाथ खनाल र षडानन्द 'अभागी'लाई **पल्लव साहित्य सम्मान**द्वारा सम्मान गरिएको छ ।[७०]

### ३.५.७ कालिका स्रष्टा सम्मान

कालिका एफ् एम.९५.२ मेगाहर्जले साहित्यसाधकरूलाई कालिका स्रष्टा सम्मानबाट सम्मानित गर्ने गरेको छ । एफ.एम.ले वि.सं.२०६० सालमा कवि धर्मराज थापा, वि.सं.२०६१ मा भीम विराग, २०६२ ईश्वर बल्लभ, वि.सं.२०६३ मा रामबाबु घिमिरे, घनश्याम 'परिश्रमी', गोविन्दराज विनोदी, सरस्वती रिजाल, होमर श्रेष्ठलाई कालिका स्रष्टा सम्मानबाट सम्मानित गरिएको छ । यसैगरी वि.सं.२०६४ मा नारायणप्रसाद खनाल, केदारनाथ खनाल, हरिहर खनाल र पुष्प अधिकारी 'अञ्जलि' वि.सं.२०६५ मा लक्ष्मणप्रसाद गौतम, डी.आर पोखरेल, शराह, वि.सं.२०६६ मा कपिल अज्ञात, सरला जोशी, भूपेन्द्र गण्डर्षिलाई प्रदान गरी सम्मान गरिएको छ ।[७१]

### ३.५.८ पद्मश्री पुरस्कार

साहित्यकार जीवा लामिछानेले आफ्ना माता पिताको नाउँमा स्थापना गर्नु भएको हेमलाल हरिकला समाज कल्याण प्रतिष्ठान रत्ननगरद्वारा स्थापित यो पुरस्कारको राशी राजधानी भन्दा बाहिर सर्वाधिक रहेको छ । यसको पुरस्कार राशी १ लाख १ हजार नगद, तामपत्र र दोसल्ला रहेको छ । मोफसलबाट प्रकाशित साहित्यिक पुस्तकहरूवीच प्रतिष्प्रधा गराई प्रदान गरिने पद्मश्री साहित्य पुरस्कार विगत ३ वर्ष देखि हरेकवर्ष कोजाग्रत पूर्णिमाको दिन प्रदान गरिदै आएको छ । स्थापनाको पहिलो वर्ष २०६४ मा पुरस्कार राशीबाट **दश गजामा उभिएर** संस्मरण कृतिका लागि गणेश रसिकलाई प्रदान गरिएको थियो । यसैगरी २०६५ मा भानुभक्त पोखरेलको **हिमवतखण्ड** महाकाव्यको लागि र २०६६ मा कृष्ण बरालको **समय हराएको बेला** उपन्यासको लागि प्रदान गरिएको छ ।[७२] आगामी वर्ष देखि यस पुरस्कारलाई मोसफलमा मात्र सीमित नगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट निस्केका कृतिहरूलाई पनि समावेश गरिने र पुरस्कार राशी पनि बढाइने[७३] बताइएको छ ।

### ३.५.९ शहीद शिव पौडेल स्मृति पुरस्कार

साहित्य सङ्गम चितवनले विद्यार्थी नेता शिव पौडेलको स्मृतिमा **शहीद शिव पौडेल स्मृति पुरस्कार** स्थापना गरेको छ । पौडेल परिवारका सदस्यहरूले सङ्गमले वितरण गर्ने गरी वि.सं.२०६४ चैत्र १ गते स्थापना भएको यो पुरस्कार नेपाली साहित्यमा उत्कृष्ठ ठहरिएको कृतिका लागि वितरण गरिन्छ । गत वर्ष यो पुरस्कारबाट **सोभ्रा निर्जीवका थप बाङ्गा**

---

[७०] पल्लव साहित्य प्रतिष्ठानका अध्यक्ष ऋषिप्रसाद लामिछने 'गोरखेसाहिँलो'ले शोधीलाई उपलब्ध गराउनु भएको विवरण ।

[७१] मनोज पन्त, पूर्ववत् ।

[७२] हेमलाल हरिकला समाज कल्याण प्रतिष्ठानका सदस्य धनराज गिरीद्वारा मिति २०६६।७।२८ गते शोधार्थीलाई प्राप्त जानकारी ।

[७३] प्रतिष्ठानका संरक्षक जीवा लामिछानेद्वारा मिति २०६६।६।१७ गते २०६६ सालको पद्मश्री पुरस्कार समर्पण समारोहमा अभिव्यक्त मन्तव्य ।

**निबन्धहरू** निवन्धसङ्ग्रहका लागि निबन्धकार रविकिरण निर्जीवलाई प्रदान गरियो । यसै गरी वि.सं.२०६६ मा समालोचक कपिल अज्ञातको समालोचनासङ्ग्रह **देवकोटा आयाम र प्रवृति** कृतिका लागि यो पुरस्कारबाट सम्मान गरियो । [७४]

### ३.५.१० गणेश तथा हस्तकुमारी ( लक्ष्मीदेवी ) पुरस्कार

साहित्य सङ्गम चितवनले सञ्चालन गर्ने गरी मिति २०६९ पौष १२ गते मुरारीकृष्ण पन्तले आफ्नो बुबा गणेश पन्त तथा आमा हस्तकुमारी ( लक्ष्मीदेवी ) पन्तको संझनामा ५०,०००।- को अक्षयकोषको स्थापना गरी सोबाट आर्जित व्याजबाट उत्कृष्ठ ठहरिएको पुस्तकलाई वितरण गरिनेगरी **गणेश तथा हस्तकुमारी ( लक्ष्मीदेवी ) पन्त पुरस्कार** स्थापना गरेका छन् । यो पुरस्कारबाट वि.सं. २०६५ मा हेटौडाका कवि निमेष निखिलको कवितासङ्ग्रह **मनहरूको परिसर** र वि.सं. २०६६ मा सरस्वती प्रतीक्षाको कवितासङ्ग्रह **बिम्बहरूको कठघरा** र निभा शाहको कवितासङ्ग्रह **कालापनीको द्रौपदी**लाई संयुक्त रूपमा यो पुरस्कार वितरण गरिएको छ ।[७५]

### ३.५.११ मदनमोहन स्मृति पुरस्कार

साहित्य सङ्गम चितवनले आफ्ना संस्थापक अध्यक्ष मदनमोहन जोशीको स्मृतिमा **मदनमोहन स्मृति पुरस्कार**को स्थापना गरेको छ । रू १ लाख ४ हजारको अक्षयकोष स्थापना गरी सोही कोषबाट आर्जित ब्याजबाट यो पुरस्कार वितरण गर्ने गरिन्छ । यस पुरस्कारबाट वि.सं.२०६६ मा पहिलोचोटि खुशीराम पाखिनले प्राप्त गरेका छन् ।[७६]

### ३.५.१२ विजय मल्ल प्रतिभा पुरस्कार

साहित्यकार विजय मल्लको स्मृतिमा मैयाँदेवी कन्या कलेजमा 'स्व.विजय मल्ल प्रतिभा पुरस्कार तथा छात्रावृति २०६५' स्थापना गरिएको छ । भरतपुर न. पा. वडा नं. ३ घर भइ हाल अमेरिका वसोवास गर्ने स्व. मल्लकी छोरी अर्चना श्रेष्ठले आफ्नो पिताको स्मृतिमा दुई लाखको अक्षय कोष स्थापना गर्नु भएको हो । आगामी वर्ष देखि अक्षयकोषबाट प्राप्त हुने ब्याजबाट कलेजमा अध्ययनरत साहित्य प्रति रूचि राख्ने छात्राहरूलाई पुरस्कार प्रदान गर्ने क्याम्पस प्रमुख डा. हरिहर पोखरेलले बताउनु भयो ।[७७]

### ३.५.१३ शारदा स्मृति पुरस्कार

एकीकृत अखिल नेपाल जनसाँस्कृतिक महासंघ चितवनले ५ लाखको अक्षयकोष स्थापना गरी **शारदा स्मृति पुरस्कार**को स्थापना गर्ने लक्ष्य राखेको छ र सो को लागि २ लाख जम्मा भइसकेको महासंघले जनाएको छ ।[७८]

---

[७४] साहित्य सङ्गमका सचिव द्वारिका नेपालद्वारा मिति २०६६।८।११ गते शोधार्थीलाई प्राप्त जानकारी ।

[७५] द्वारिका नेपाल, पूर्ववत् ।

[७६] ऐजन ।

[७७] **लोकतन्त्र** राष्ट्रिय दैनिक, वर्ष ४, अङ्क ५०, (२०६६),पृ.२ ।

[७८] मिति २०६६ ।७।१६ गते एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनका सह संयोजक पोषराज पौडेलले शोधार्थीलाई दिनु भएको जानकारी ।

## ३.६ चितवनका साहित्यिक सङ्घ-संस्थाहरूको परिचय

### ३.६.१ विशुद्ध साहित्यिक सङ्घ-संस्थाहरू

कुनै पनि सङ्घ संस्थाहरू निश्चित लक्ष्य तथा उद्देश्यका साथ स्थापना भएका हुन्छन् । साहित्यिक उद्देश्य राख्ने र त्यही उद्देश्यबाट निर्देशित भई आफ्ना गतिविधि सञ्चालन गर्ने सङ्घ संस्थाहरू विशुद्ध साहित्यिक सङ्घ-संस्थाहरू हुन् । यहाँ चितवनमा स्थापना भएका विशुद्ध साहित्यिक सङ्घ-संस्थाहरूका वारेमा सङ्छेपमा प्रकाश पारिएको छ ।

### ३.६.१.१ दर्ता भई सक्रिय रहेका साहित्यिक सङ्घ-संस्थाहरू

विभिन्न पृष्ठभूमिमा स्थापना भई जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भएका विशुद्ध साहित्यिक सङ्घ संस्थाहरूका वारेमा कालक्रमिक रूपमा सङ्क्षेपमा प्रकाश पारिएको छ । दर्ता भएका ती संस्थाहरू निम्नानुसार रहेका छन् :

### ३.६.१.१.१ साहित्य सङ्गम, चितवन

साहित्य सङ्गम चितवन चितवनका प्रगतिशील लेखकहरूको सक्रियतामा चितवनमा सबैभन्दा पहिले स्थापना भएको साहित्यिक संस्था हो । वि.सं.२०२६ मा बाबुराम पाण्डे, पशुपति वाग्ले, ऋद्धिनारायण पियाको व्यवस्थापन तथा मुरारीमोहन जोशी, हरिहर खनाल, प्रभातकुमार जोशीको सम्पादन **नौलो राँको** प्रकाशित भएको थियो । यसको पाँचौं अङ्क प्रशासनले जफत गरेपछि निरास भएका लेखकहरूलाई २०४४ सालमा पारिजातले चितवन आएर साझा साहित्यिक संस्था खोल्न सल्लाह दिएपछि वि.सं.२०४४ कार्तिक २८ गते यस संस्थाको स्थापना भएको हो ।[७९] यस संस्थाको वि.सं.२०४७ जेठ ३१ गते जिल्ला प्रशासन कार्यालयमा चितवनमा दर्ता भएपनि लामो समयसम्म यसको नवीकरण भने भएन । पछि २०६२ मा पुनः यसले नवीकरण गरी विभिन्न साहित्यिक क्रियापकलाप गरिरहेको छ ।'[८०] मदनमोहन जोशीको सक्रियता र नेतृत्वमा गठनभई स्थापना भएको सङ्गमको नेतृ,व हरिहर खनाल, रविकिरण निर्जीव, पोषराज पौडेल, डि.आर. पोखरेल, इन्द्रप्रसाद रेग्मी हुँदै हाल भवनाथ सडौलाले गर्नुभएको छ ।

सङ्गमले हालसम्म श्यामप्रसाद लामिछानेको समालोचनासङ्ग्रह **साहित्यमा सापेक्षतावाद** (२०५०), डी.आर.पोखरेलको समालोचनासङ्ग्रह **समालोचनाको गोरेटोमा** (२०५८), ध्रुवकिरण रेग्मीको कवितासङ्ग्रह **दरिद्रताको परिवेश** (२०६२) प्रकाशित गरेको छ । यसैगरी प्रकाश चापागाईको समवेदनाका स्वरहरू **स्मृतिबिम्बमा सीता** (२०६५), पूर्णबहादुर अधिकारीको निबन्धसङ्ग्रह **अनुभूतिका त्रिवेणी** (२०६५), चेतकान्त चापागाईको कवितासङ्ग्रह **चेतन मनका गुञ्जन** (२०६६) प्रकाशन गरेको छ । यसै गरी यसले आफ्नो मुखपत्रका रूपमा **नौलो राँको** ९ अङ्कसम्म प्रकाशन गरेको छ । यसको पछिल्लो अङ्क (२०६६ मार्ग) मा आफ्ना संस्थापक अध्यक्ष मदनमोहन जोशीको बारेमा विशेषाङ्क प्रकाशन गरेको छ ।[८१]

---

[७९] श्रीचन्द्र वाग्ले , *साहित्यिक पत्रपत्रिका प्रकाशनमा चितवनका संघसंस्थाको भूमिका '* अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.(नेपाली विभाग बीरेन्द्र बहुमुखी क्याम्पस २०६३) पृ.२० ।

[८०] ऐजन, पृ.३५ ।

[८१] साहित्य सङ्गम चितवनका अध्यक्ष भवनाथ सडौलाले मिति २०६६। ७।२५गते शोधार्थीलाई दिनु भएको जानकारी ।

सङ्गमले साहित्यको सेवामा समर्पित भएकाले राष्ट्रियस्तरमा कृष्ण सेन 'इच्छुक', आनन्ददेव भट्ट, पूर्ण विराम, निनु चापागाई र स्थानीय स्तरमा गोरखराज भारो, मदनमोहन जोशी, हरिहर खनाल, रविकिरण 'निर्जीव', पोषराज पौडेल, डी.आर. पोखरेल आदिलाई अभिनन्दित/ पुरस्कृत गरेको छ । यसैगरी सङ्गमले नेपाली वाङ्मयका उत्कृष्ठ ठहरिएका कृतिलाई पुरस्कृत गर्न विभिन्न पुरस्कारको व्यवस्था गरेको छ । यसक्रममा सङ्गमले विद्यार्थी नेता शिव पौडेलको सम्झनामा **शहीद शिव पौडेल स्मृति पुरस्कार** (२०६४) स्थापना गरेको छ । यो पुरस्कारबाट हाल सम्म २ जना ( रविकरिण 'निर्जीब' र कपिल अज्ञात ) सम्मानित भएका छन् । यसैगरी सङ्गमले रू ५०,०००।- को अक्षयकोष स्थापना गरी सोबाट आर्जित ब्याज रकमबाट उत्कृष्ट ठहरिएको पुस्तकलाई यो पुरस्कार वितरण गर्न **स्व.गणेश तथा हस्तकुमारी ( लक्ष्मीदेवी ) पन्त पुरस्कार** स्थापना गरेको छ । यो पुरस्कारबाट पनि हाल सम्म ३ जना स्रष्टा ( निमेष निखिल, सरस्वती प्रतीक्षा र निभा शाह सम्मानित भएका छन् । सङ्गमको अर्को सह्रानीय कार्य भनेको आफ्नो संस्थाको संस्थापक अध्यक्ष मदनमोहन जोशीको स्मृतिलाई ताजा राख्न रू १,०४,०००।-को अक्षयकोष खडा गरी **मदनमोहन स्मृति पुरस्कार** (२०६६) स्थापना गर्नु हो । यो पुरस्कारबाट पहिलोचोटि चितवनकै स्रष्टा तथा सभासद् खुशीराम पाख्रिन सम्मानित भएका छन् ।[८२]

### ३.६.१.१.२ चितवन साहित्य परिषद्

जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको व्यक्तित्व एवम् कृतित्व अभिलेख राखी सम्मान गर्ने, पुरस्कृत गर्ने र साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, नेपाली र स्थानीय भाषा तथा साहित्यको क्षेत्रमा अध्ययन, अनुसन्धानात्मक कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गर्ने, साहित्यको संस्थागत विकासको लागि साहित्य-गोष्ठी तथा प्रतियोगिताहरूको आयोजना गर्ने, साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्य प्रधान कृति तथा पत्रिकाहरू प्रकशन गर्ने, भाषा, संस्कृति तथा इतिहास, पुरातत्वको खोजी गर्ने र प्रकाशमा ल्याउने तथा अञ्चल एवम् राष्ट्रियस्तरका साहित्यिक सङ्घ संस्थासङ्ग सम्पर्क राखी साहित्यिक क्रियाकलापको अभिवृद्धि गर्ने उद्देश्यले २०४५ फागुन २८ गते चितवन साहित्य परिषद्को स्थापना भएको हो । यसको जिल्ला प्रशासन कार्यालय चितवनमा वि.सं.२०४६ जेठ ३२ गते दर्ता भएको छ । यो चितवन जिल्लाको सबैभन्दा पहिले दर्ता भई स्थापना भएको साहित्यिक संस्था हो ।

कोमलनाथ कोइराला संस्थापक अध्यक्ष रहनु भएको चि.सा.प.को सूर्यमणि अधिकारी, प्रेमविनोद नन्दन, केदारनाथ खनाल हुँदै हाल श्रीभक्त अच्युत वाग्लेले यसको नेतृत्व सम्हाल्नु भएको छ । यसले राष्ट्रिय प्रतिभाहरू पृथ्वीनारायण शाह, भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदिका जयन्ती अवसर पारेर विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । आफ्ना नियमित कार्यक्रमका अलवा राष्ट्रिय संस्मरण गोष्ठी, राष्ट्रिय बहुभाषी कवि गोष्ठी, मासिक रूपमा साहित्य सन्ध्या सञ्चालन, कविवर माधव घिमिरेको रथारोहण तथा सार्वजनिक अभिनन्दन, गजल कार्यशाला गोष्ठी, हासने गोष्ठी, एकल कवितावाचन, मनकामना काव्यिकयात्राजस्ता कार्यक्रम गरेर यसले नेपाली साहित्यको उन्नयनमा चितवनको उल्लेख्य उपस्थिति जनाएको छ ।

---

[८२] साहित्य सङ्गम चितवनका सचिव द्वारिका नेपालले मिति २०६६।८।११ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, आफ्नै नाममा जग्गाको व्यवस्था, चि.सा.प. प्रतिभा पुरस्कार तथा कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार वितरण जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदैआएको छ । हालसम्म चि.सा.प. प्रतिभा सम्मानबाट २ जना महिला सहित १६ जना स्रष्टाहरू सम्मानित भएका छन् भने विभिन्न विधाका ११ ओटा कृतिका लागि कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार प्रदान गरिएको छ । स्थापनाको दोस्रो वर्षदेखि नै मुखपत्रको रूपमा **वागीश्वरी**लाई निरन्तरता दिँदै १७औँ अङ्क प्रकाशनमा ल्याएको छ । यसले विभिन्न २७ जना स्रष्टाका ३८ ओटा पुस्तक प्रकाशन गरी सोको संस्थागत मान्यता तथा प्रचारप्रसार गरी प्रतिभाहरूलाई प्रोत्साहन गरेको छ । संस्थाको आवधिक निर्वाचन, संथागत विकास, नेतृत्व विकास आदिका माध्यमवाट पनि यसले आफ्नो पहिचानलाई अझै लोकप्रिय र सुदृढ वनाएर देशको गौरवशाली साहित्यिक संस्थाका रूपमा आफ्नो इतिहास कायम गरेको छ ।

### ३.६.१.१.३ चितवन वाङ्मय प्रतिष्ठान

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्बर्दन र समुन्नयको निम्ति ठोस योगदान पुऱ्याउने उद्देश्यले २०५१ सालमा चितवन वाङ्मय प्रतिष्ठानको गठन तथा स्थापना भएको हो । यसले नेपाली र राष्ट्रिय भाषाहरूको साहित्य,कला, एवम् संस्कृतिको संरक्षण र विकास गर्ने, यस क्षेत्रमा विशिष्ट योगदान दिने प्रतिभाहरूलाई सम्मान गर्ने र लुकेका प्रतिभाहरूलाई प्रकाशमा ल्याउने, अनुसन्धानात्मक तथा मह,वपूर्ण साहित्यि कृतिहरू प्रकाशन गर्ने, विविध गोष्ठीको आयोजना गर्ने, वार्षिक मुखपत्र प्रकाशन गर्ने, साहित्य, कला र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय पुरस्कारको स्थापना गर्ने, देश भित्र र बाहिरका विभिन्न ठाँउमा रहेका प्रतिभाहरूलाई बेला बेलामा जमघट गराई एक अर्काको साहित्य कला एवम संस्कृतिको पहिचान गर्ने गराउने आदि उद्देश्य लिएको छ ।[८३]

यसले आफ्नो उद्देश्यअनुरूप विभिन्न त्रियाकलापहरू सञ्चालन गर्दैआएको छ । प्रतिष्ठानले नेपाली साहित्यमा विशिष्ट योगदान दिएका भीम विरागलाई सार्वजनिक अभिनन्दन गर्दै उपेन्द्र श्रेष्ठ र गोविन्दराज विनोदीलाई सम्मान गरेको छ । यसले 'अनुसन्धानात्मक र सिर्जनात्मक स्तरीय कृतिहरू प्रकाशन गर्दै लैजाने क्रममा हालसम्म हरिहर पौडेलको कथासङ्ग्रह **इतिवृत्त** (२०५१), लघुकथासङ्ग्रह **कालो उज्यालो** (२०६२), लक्ष्मणप्रसाद गौतमको समालोचनासङ्ग्रह **नन्दनको काव्यिक परिवेश** (२०५२), **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण** (२०५२), एकनारायण पौडेलको कवितासङ्ग्रह **बादलका चोटहरू** (२०५२), गोविन्दराज विनोदीको बालकवितासङ्ग्रह **आँखाको नानी** (२०५७), नवपुस्ताका नौजना कविहरूको सयुक्त कवितासङ्ग्रह **शब्दहरू अविराम यात्रामा** (२०५८), गोपाल पौडेलको गीतगजलसङ्ग्रह **छातिभरि तिम्रो माया** (२०५९), खनाल रेवतीरमणको कवितागीतसङ्ग्रह **कथोपकथन** (२०५९), श्रीओम ओम श्रेष्ठको निबन्धसङ्ग्रह **समयका सम्भावनाहरू** (२०६०), लक्ष्मणप्रसाद गौतम र अन्यको सम्पादनमा **आख्यानपुरूष डा.ध्रुवचन्द्र गौतम अभिनन्दन ग्रन्थ ,** कृष्णकुमार सुवेदीको निबन्धसङ्ग्रह **माया तथा लीला** (२०६०), सिताराम कोइरालाको कथासङ्ग्रह **अनर्थ** (२०६३), र एल.बी. क्षेत्रीको लघुकथासङ्ग्रह **त्रिशङ्कुको देशमा** (२०६४), जीवनाथ तिमिल्सिनाको निबन्धसङ्ग्रह **स्वर्गको निर्माण** (२०६४) प्रकाशित गरेको छ । बेला मौकामा साहित्यिक मञ्च खडा गरी विभिन्न किसिमका अन्तर्क्रिया कार्यक्रम चलाउँदै आएको प्रतिष्ठानका संस्थापक अध्यक्ष खुमनारायण पौडेलले राजिनामा दिएपछि २०५५ असोजदेखि

---

[८३] **मधूलिका** (वर्ष ६, पूर्णाङ्क ४, २०५७ ), पृ.८३ ।

हरिहर पौडेलले प्रष्ठिानको नेतृत्व सम्हाल्नु भएको छ । '२०५१ सालमा व्यक्तिगत रूपमा लीलामणि भट्टराईको सम्पादनमा प्रकाशन भएको पत्रिका **मधूलिका'**[८४] लाई 'संस्थागत रूपमा प्रतिष्ठानले आफ्नो मुखपत्रको रूपमा प्रकाशनमा ल्याइ निरन्तरता दिएको छ । यसको पछिल्लो दसौं अङ्कसम्म प्रकाशन भएको छ ।[८५]

### ३.६.१.१.४ वाल्मीकि साहित्य सदन

संस्कृत साहित्यका आदिकवि वाल्मीकिको आश्रमस्थल चितवनको बघौडामा रहेकोले महर्षिको पुण्यस्मृतिमा नामकरण गरी वाल्मीकिको नाममा चितवन र चितवनको नाममा वाल्मीकिको परिचय हुनुपर्छ भन्ने मान्यता लिई वाल्मीकि साहित्य सदनको स्थापना भएको हो । यस संस्थाले नेपाली भाषा, साहित्य, कला, संस्कृतिको  उन्नयनमा विविध साहित्यिक कार्य गर्ने उद्देश्य लिएको छ । पुर्वी चितवन रत्ननगरका साहित्यकारहरू केशवराज भट्टराई, तिलकराज शर्मा, दुर्गाप्रसाद पौडेल, खडानन्द सिलवाल, हरिविलास खनाल, रामचन्द्र मित्र लगायतका साहित्यकारहरूले २०५६ सालमा यो संस्था  स्थापना गरेका हुन् । वि.सं.२०६० साल देखि यस संस्थाको रामबाबु घिमिरेले नेतृत्व सम्हाल्दै विभिन्न साहित्यिक त्रियाकलाप अगाडि बढाएको छ । यसले आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमालको जन्मजयन्ती तथा  हरितालिका तीज आदि अवसरहरूमा विविध साहित्यिक अन्तर्क्रिया, छन्दोवद्ध कविता प्रतियोगिता, पुस्तक प्रकाशन, मुखपत्र **सम्प्रेषण**लाई निरन्तरता दिई चितवनको साहित्यिक उन्नयनमा विशिष्ट पहिचान बनाएको छ ।

यसले रामबाबु घिमिरेको निवन्धसङ्ग्रह **म हरेश खान थालेको छु**  (२०६०), धनराज गिरीको गजलसङ्ग्रह  **गजलामृत** (२०६०), गजल/हाइकुसङ्ग्रह **एकसय एक शेरको** (२०६०), केशवराज आमोदीको गजलसङ्ग्रह **गजलतरङ्ग** (२०६०), केशवराज आमोदी र विमलप्रकाश देवकोटाको गजलसङ्ग्रह **गजलदीपिका** (२०६०),चन्द्रबहादुर बस्नेतको निबन्धसङ्ग्रह **यात्रासंस्मरण**  (२०६१) प्रकाशन गरेको छ ।[८६]

सदनले नेपाली साहित्यमा विशेष योगदान गरेका विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्दैआएको छ । यस क्रममा सदनबाट केशवराज आमोदी, तीर्थराज कोइराला, तिलकराज शर्मा, राजकृष्ण कँडेल, धनराज गिरी, डी.आर. पोखरेल, केदारनाथ खनाल, पोषराज पौडेल, हयग्रीव आचार्य, नारायणप्रसाद खनाल, कपिल अज्ञातलगायतलाई  **वाल्मीकि साहित्य सम्मान**बाट सम्मान गरेको छ ।[८७]

### ३.६.१.१.५ अभिव्यञ्जना साहित्य प्रष्ठिान

चितवनका युवा सर्जकहरूले युवाहरूको अस्तित्व रक्षाको लागि अभिव्यञ्जना साहित्य प्रष्ठिानको गठन गरेका हुन् । रमेश प्रभात, गोपाल पौडेल, सुरेन्द्र अस्तफल, जी.शर्मा, नवराज ढुङ्गाना, सिताराम कोइराला, विद्या भण्डारी, नमूना शर्मा, सिर्जन अविरल, अमर न्यौपाने, बालकृष्ण थपलिया, शीतल कादम्बिनी आदि दुई दर्जन युवा स्रष्टाहरूद्वारा २०५९ सालमा यो

---

[८४] श्रीचन्द्र वाग्ले ,पूर्ववत्, पृ.३५ ।

[८५] **मधूलिका** (वर्ष १३, पूणाङ्क १०,२०६५ ), पृ.११९ ।

[८६] वाल्मीक साहित्य सदनका पूवअध्यक्ष केशवराज आमोदीबाट मिति २०६६।८।८ गते शोधार्थीलाई प्राप्त जानकारी ।

[८७] वाल्मीक साहित्य सदनका अध्यक्ष रामबाबु घिमिरेबाट मिति २०६६।८।९ गते शोधार्थीलाई प्राप्त जानकारी ।

संस्था गठन गरिएको हो । संस्थापक अध्यक्ष रमेश प्रभात रहनु भएको यस प्रतिष्ठानको गोपाल पौडेल हुँदै हाल सुरेन्द्र अस्तफलले नेतृत्व सम्हाल्नुभएको छ ।

प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, साहित्यिक पत्रिकाको माध्यमबाट भाषा साहित्यको संरक्षण गर्ने , पत्रिका प्रकाशनलाई निरन्तरता दिने जस्ता उद्देश्य लिएर यसले बेला मौकामा साहित्यिक अन्तरक्रिया, प्रतियोगितात्मक साहित्यिक गोष्ठी, पुस्तक प्रकाशन, प्रतिभा सम्मान  आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसले चितवनमै पहिलो चोटि स-शुल्क गजल प्रतियोगिता गरेको  छ भने पहिलो सयुक्त गजलसङ्ग्रह प्रकाशन गरेर चितवनको साहित्यमा फरक पहिचान बनाएको छ ।[८८]

प्रतिष्ठानले आफ्नो मुखपत्र **अभिव्यञ्जना** (२०५९) प्रकाशित गर्दै द्वारिका नेपालको गीतिसञ्चयन **ओझेल परेका तस्वीर** (२०६०), बालकृष्ण थपलियाको सम्पादनमा गजलसङ्ग्रह **गजलपथका यात्रीहरू** (२०६१) प्रकाशन गरेको छ । यसैगरी  विद्या भण्डारी 'चिराग'को बालकवितासङ्ग्रह **इन्द्रेणीको गेट** (२०६२) र गजलसङ्ग्रह **नेपथ्यका कुराहरू** (२०६४), किसान प्रेमीको गजलसङ्ग्रह **गजव छ मान्छे !** (२०६३), कपिल अज्ञातका निबन्धसङ्ग्रह **भुलहरूका विरूद्ध** (२०६४), सरस्वती रिजालको लघुकथासङ्ग्रह **प्रसङ्ग, भ्रम र पात्रहरू** (२०६५) र जी. शर्माको कवितासङ्ग्रह **शब्दक्रान्ति** (२०६६) जस्ता कृतिहरू दिएर चितवनको वाङ्मयमा थप उर्जा थपेको छ ।'[८९]

प्रतिष्ठानले केदारनाथ खनाल, केशवराज आमोदी, गोवन्दराज विनोदी, रामबाबु घिमिरे, लक्ष्मणप्रसाद गौतम र गायत्री श्रेष्ठलाई **अभिव्यञ्जना साहित्य सम्मान**द्वारा सम्मान गरेको छ । प्रतिष्ठानको आगामी दिनहरूमा पनि साहित्यिक अन्तक्रियालाई निरन्तरता दिदै प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, स्थापित स्रष्टहरूलाई सम्मान गर्ने, पुस्तक तथा मुखपत्र प्रकाशन गर्ने जस्ता कार्यक्रमहरू रहेको छ ।[९०]

### ३.६.१.१.६ गजल मञ्च चितवन

चितवनको गजल माहौललाई मध्यनजर गर्दै युवा गजलकारहरूले **गजल मञ्च चितवन** गठन गरेका छन् । यो साझा गजलप्रधान साहित्यिक संस्था हो । साथीहरू आपसमा जम्मा भई गजलका बारे बहस चलाउने, गजल लेखन, गजलको संरक्षण तथा  प्रचार प्रसार गर्ने, साहित्यिक अन्तरक्रियाका माध्यमबाट साहित्यको सम्वर्द्धन गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि गर्ने उद्देश्यले २०६१ श्रावण २७ गते वीरेन्द्र क्याम्पसमा भेला भएका गजलकारहरूले चितवनको पहिलो गजलकेन्द्री साहित्यिक संस्थाको औपचारिक रूपमा गठन गरिएको हो ।

धनराज गिरीको अध्यक्षतामा रावल कृष्ण, किसान प्रेमी, बालकृष्ण थपलिया, पुष्प अधिकारी 'अञ्जलि', अर्जुन पौडेल, अजित देवकोटाहरू संस्थापक रहेको यस मञ्चको २०६३।१२।२३मा जि.प्र.का.चितवनमा दर्ता भए पछि ०६३ माघ ९ गते भएको अधिवेशनले किसान प्रेमीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति र २०६४ मंसिरमा भएको विशेष भेलाले पुनः प्रेमी र ०६६ फागुनमा गोर्खे साँहिलोको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरी क्रियाशील रहेको छ । चितवनका वरिष्ठ गजल साधकहरू गोविन्दराज विनोदी, प्रेमविनोद

---

[८८] प्रतिष्ठानका सचिव जी.शर्माबाट २०६६।८।१ गते शोधार्थलाई प्राप्त भएको जानकारी अनुसार ।

[८९] सुरेन्द्र अस्तफल, *प्रकाशकीय,* **शव्दक्रान्ति** ( चितवन : अभिव्यञ्जना साहित्य प्रष्ठिान, २०६६ ), पृ.ढ ।

[९०] जी.शर्मा, ऐजन ।

नन्दन, धनराज गिरी, केशवराज आमोदी सल्लाहकार रहेको मञ्चले मासिक रूपमा गजल वाचन कार्यक्रम सञ्चालन गर्दै आएको र  हाल यो श्रृङ्खला रोकिएको छ । मञ्चले आफ्नो मुखपत्र **गजलसारथी** प्रकाशन गर्दै धनराज गिरीको नानी गजलसङ्ग्रह **कुन्साङ् काका** (२०६४), **ढल्दैन स्वाभिमान् कसैगरे पनि** गजलसङ्ग्रह (२०६४) र बाललकृष्ण थपलियाको सम्पादनमा कपिल अज्ञातको गजलसङ्ग्रह **समय समयका स्वरहरू** (२०६४) प्रकाशन गरेर चितवनको वाङ्मयमा आफ्नो उपस्थिति जनाएको छ । मञ्चले विमलप्रकाश देवकोटा र विद्या भण्डारी 'चिराग'लाई **गजल स्रष्टा सम्मान**बाट सम्मान गरेको छ भने  आगामी दिनमा मुखपत्र **गजलसारथी**लाई निरन्तरता दिँदै गजल पुस्तकालय तथा सङ्ग्रहालय, गजल एल्बम प्रकाशन, गजल लेखन तथा गायन प्रशिक्षण आदि गर्ने योजना बनाएको छ ।[९१]

### ३.६.१.१.७ पल्लव साहित्य प्रतिष्ठान

ऋषिप्रसाद लामिछाने 'गोर्खे साहिँलो'को नेतृत्वमा पल्लव साहित्य प्रतिष्ठान विविध साहित्यिक त्रियाकलाप गरी सक्रिय रहेको छ । यसको मिति २०६३।१२।१८ गते जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भएको छ । यस संस्था स्थापनामा **पल्लव** विविध साहित्यिक प्रत्रिकाको पृष्ठभूमि रहेको छ । प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, मोफसलीय साहित्यिक पत्रिकाको माध्यमबाट भाषा साहित्यको संरक्षण गर्ने, पत्रिका प्रकाशनलाई निरन्तरता दिने जस्ता उद्देश्य लिएर सीताराम कोइरालाको सम्पादकत्वमा २०५२ सालको नयाँवर्षसँगै कथा विशेषाङ्कका रूपमा  साहित्यिक पत्रिका **पल्लव** प्रकाशन भएको थियो ।  यसको वि.सं.२०६० चैत्र ४ गते जिल्ला प्रशासन कार्यालय चितवनमा दर्ता भएको छ । यस पत्रिकाको  सम्पादकमा भरतप्रसाद लामिछाने रहेका छन् भने प्रधानसम्पादकको रूपमा ऋषिप्रसाद लामिछाने 'गोर्खे साहिँलो' र अतिथि सम्पादकमा सीताराम कोइराला रहका छन् ।[९२]

प्रतिष्ठानले बेलामौकामा साहित्यिक कार्यक्रमद्वारा स्रष्टाहरूलाई सम्मान गरी प्रोत्साहित गरेको छ । प्रतिष्ठानले वि.सं.२०६० मा चितवनका प्रथम समालोचक अनिल सिग्देल, कवि खनाल रेवतीरमण, सङ्गीत आयाम, र एल.बी.क्षेत्रीलाई, वि.सं २०६२ सालमा नरेन्द्रराज पौडेल, कपिल अज्ञात, सरस्वती रिजाल र भागवतशरण न्यौपानेलाई, वि.सं.२०६४ सालमा बूँद राना, राधिका राय, केशवराज आमोदी र श्रीराम श्रेष्ठ, २०६५मा कृष्णप्रसाद कोइराला, इन्द्रलाल श्रेष्ठ 'अद्वितीय', ०६६ मा माधव वियोगी, नगेन्द्रराज शर्मा, केदारनाथ खनाल, नवराज सुब्बा र सडानन्द अभागीलाई **पल्लव सम्मान**द्वारा सम्मान गरेको छ । प्रतिष्ठानको आयोजनामा टीकाप्रसाद लामिछानेद्वारा पिलङ्ग छन्दमा कविता लेख्ने सर्जकलाई प्रदान गर्नेगरी स्थापना गरिएको **दुल्लभ स्मृति पुरस्कार** र **पल्लव साहित्य सम्मान**  कवि गोविन्दराज विनोदी र माधव वियोगीलाई प्रदान गऱ्यो ।[९३] ,

प्रतिष्ठानले दर्जनभन्दा बढीजति पुस्ताकार कृति प्रकाशन गरेको छ । यसले गोर्खे साहिँलोका गजलसङ्ग्रहहरू **सम्मोहन** (२०६२), **मुस्कान** (२०६२), **सूत्रमाला** (२०६३), शंकर सुवेदीका कविता सङ्ग्रह  **चाँदनी** (२०६३), द्वितीय संस्करण (२०६४), विमलप्रसाद देवकोटाका गजलसङ्ग्रह **पलपलका परिमलहरू** (२०६३), शुकदेव लामिछानेको गजलसङ्ग्रह **गौरीपुत्र**

---

[९१] मञ्चका अध्यक्ष किसान प्रेमीद्वारा  मिति २०६६।८।५ गते शोधार्थलाई दिइएको जानकारी ।

[९२] **पल्लव** साहित्य विविध, वर्ष ५, पूणाङ्क १४,(२०६६) ।

[९३] बालकृष्ण थपलिया, *जिल्लाका साहित्यिक गतिविधिहरू सङ्क्षेपमा* , **वागीश्वरी** (वर्ष २०, अङ्क १७, २०६६), पृ.१२९ ।

**गजानन्** (२०६४), हुसेन खाँको कवितासङ्ग्रह **मरूद्यान** (२०६४) प्रकाशन गरेको छ ।[९४] यसैगरी प्रतिष्ठानले टीकाप्रसाद लामिछानेको अनुवाद कृति **प्राणयाम रहस्य** (२०६६), **प्रश्नोत्तर धर्म सम्वाद** (२०६६), गोविन्दराज विनोदीको कवितासङ्ग्रह **हिमस्पर्श** (२०६६), युसुफदिन मिया 'पाल्पाली'को गजलसङ्ग्रह **पाल्पालीका गजल** (२०६६) प्रकाशन गरेको छ । [९५]

### ३.६.१.२ दर्ता नभएका तर सक्रिय रहेका साहित्यिक सङ्घ-संस्थाहरू

#### ३.६.१.२.१ हाम्रो मझेरी साहित्य प्रष्तिठान

'सकिन्छ साहित्य सिर्जना गरौँ, सकिदैन साहित्यको संरक्षण गरौँ' भन्ने मूल नाराका साथ वि.सं.२०५७ सालमा पुष्प अधिकारी 'अञ्जलि'को सक्रियतामा हाम्रो मझेरी साहित्य प्रष्तिठान स्थापना भएको छ । यस संस्थाले विविध साहित्यिक कार्यक्रम तथा पुस्तक प्रकाशन, पुरस्कार स्थापना तथा सम्मान प्रदान गरी साहित्यिक क्रियाशीलता देखाएको छ । यसले महेन्द्र अधिकारीको नाममा **हाम्रो मझेरी** राष्ट्रिय साहित्य विविध दर्ता गरी ४७ अङ्कसम्म प्रकाशन गरी निरन्तरता दिएको छ भने गजलप्रधान पत्रिका **पुष्पाञ्जलि** २० अङ्कसम्म प्रकाशन गरेको छ । प्रतिष्ठानले पुष्प अधिकारी 'अञ्जलि'का गजलसङ्ग्रहहरू **मनभित्रको मन** (२०६२), **स्वप्निल नयन** (२०६६) कवितासङ्ग्रह **समयका स्वरहरू** (२०६६), मुक्तकसङ्ग्रहहरू **एकअञ्जुली घाम** (२०६६), **जूनफुलेको वस्ती** (२०६६), प्रकाशन गरेको छ । यसैगरी अधिकारीकै सम्पादनमा सयुक्त गजलसङ्ग्रहहरू **गजलबिम्ब** (२०६३), **गजलदीप** (२०६४), **गजलयात्रा-१** (२०६५), **गजलयात्रा -२** र **गजलगङ्गा** (२०६६) प्रकाशन गरेको छ ।

प्रतिष्ठानले नवराज लम्साल, पूर्णचन्द्र घिमिरे, खगेन्द्र गिरी 'कोपिला', इन्द्रकुमार 'विकल्प', सहन प्रधान, रमेश जोशी, प्रेमविनोद नन्दन, धनराज गिरी, नरेन्द्रराज पौडेल, दामोदर पुडासैनी 'किसोर', प्रकाश राजपुरी, केशवराज आमोदी, गोविन्दराज विनोदी, कृष्णादेवी शर्मा ,गङ्गा सुवेदी, बद्रीबहादुर कार्की, सरला जोशी ,विष्णुबहादुर सिंह, गोर्खेसाहिलो र देवकी निरौला, किसान प्रेमी, इन्द्रलाल श्रेष्ठ 'अद्वितीय', मिलन 'समीर'लाई सम्मान गरेको छ । प्रतिष्ठानबाट सिर्जन अविरल, वियोगी बुढाथोकी, धीरज त्रिवेणी र विमला कार्की पुरस्कार सहित सम्मानित भएका छन् । यसैगरी प्रतिष्ठानले सिनर्जी एफ.एम., कालिका एफ.एम., मनकाना एफ.एम., रेडियो अन्नपूर्ण र न्यूसंसार टेलरिङ्गलाई पनि सम्मान पत्र सहित सम्मान गरेको छ ।[९६]

#### ३.६.१.२.२ अविरल साहित्यिक मञ्च

साहित्य लेखन तथा अन्तर्क्रिया/ गोष्ठी, प्रतियोगिता आदि क्रियाकलापलाई संस्थागत रूपमा अगाढि बढाउन अनौपचारिक रूपमा गठन गरिएको हो साहित्यिक संस्थाको नाम हो अविरल साहित्यिक मञ्च । चेतकान्त चापागाई, रविकिरण निर्जीव, अरविन्दप्रताप राणा, ध्रुवकिरण रेग्मी जस्ता स्थापित स्रष्टाहरूको सल्लाह/ सुझावमा यो संस्थाले आफ्ना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । ३६ जना सदस्य रहेको यस संस्थाको वद्रि देवकोटाको नेतृत्वमा शारदा चौलागाई, इन्दु पोखरेल लगायत ९ सदस्यीय कार्यसमिति क्रियाशील रहेको

---

[९४] **पल्लव**, पूर्ववत् पृ.१३ ।

[९५] गोर्खेसाहिँलोले शोधार्थीलाई दिनु भएको जानकारी र भर्नु भएको फारम ।

[९६] हाम्रो मझेरी साहित्य प्रष्तिठानका अध्यक्ष पुष्प अधिकारी 'अञ्जलि'ले मिति २०६६।७।३ गते शोधार्थिलाई उपलब्ध गराउनु भएको विवरण ।

छ । यसले बेला मौकामा साहित्यिक कार्यक्रम सञ्चालन गरी पुस्तक विमोचन, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि कार्यक्रमहरू सञ्चालन गरेको छ । आगामी दिनमा पनि साहित्यिक कार्यक्रमहरूलाई निरन्तरता दिदै मुखपत्र **चुली** प्रकाशन गर्ने सोच बनाएको छ ।[९७]

### ३.६.१.२.३ कैलाश साहित्य मञ्च

नेपाली भाषा, कला साहित्यलाई संरक्षण गरी प्रचार-प्रसार गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्साहन गर्ने, पत्रिका प्रकाशनलाई निरन्तरता दिनेजस्ता उद्देश्य लिएर जुटपानीको सूर्यपुरका स्थानीय साहित्यकारहरूले साहित्यिक संस्था **कैलाश साहित्य मञ्च** स्थापना गरेका हुन् । वि.सं.२०६१ मा स्थापना भएको यस संस्थाले आफ्नो उद्देश्य अनुरूप साहित्यिक पत्रिका **कैलाश** राष्ट्रिय विविध प्रकाशन गरी निरन्तरता दिएको छ । यसको वि.सं.२०६४ सालमा साल दर्ता भएको छ । यसको नेतृत्व योगेन्द्र पौडेल हुदैं हाल रूविन पौडेलले गरेका छन् । मञ्चले बेलामौकामा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई सम्मान गरी प्रोत्साहन गरेको छ । यसैगरी मञ्चले किसान प्रेमी, पुष्प अधिकारी ‘अञ्जलि’लगायतलाई सम्मान गरेको छ । आफ्नो प्रकाशन **कैलाश**को विभिन्न अङ्कहरूमा गणेशप्रसाद पौडेल, गोर्खे साँहिलो, पुष्प अधिकारी ‘अञ्जलि’, किसान प्रेमीको आदि स्रष्टाहरूको विशेषाङ्कको रूपमा प्रकाशन गरेको छ ।[९८]

### ३.६.१.२.४ गजल सन्ध्या चितवन

‘नव पुस्तालाई स्वागत, स्थापितलाई सम्मान’ भन्ने मूल नाराका साथ गजल लेखन, वाचन तथा गायन क्रियाकलापलाई संस्थागत रूप दिई नवपुस्ताका युवाहरूलाई साहित्यमा रूचि जगाउन गजल सन्ध्या चितवन गठित गरिएको हो । साथीहरू आपसमा जम्मा भई गजलका बारे बहस चलाउने, गजल लेखन, गजलको संरक्षण तथा प्रचार प्रसार गर्ने, साहित्यिक अन्तरक्रियाका साहित्यको सम्वर्द्धन गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि गर्ने उद्देश्यले यस प्रतिष्ठानको अनौपचारिक रूपमा वि.सं.२०६२ मा यो संस्था गठन गरिएको हो । सुरूमा पुष्प अधिकारी ‘अञ्जलि’ र पछि हरि चालीसे नेतृत्वमा गठित सन्ध्यामा किसान प्रेमी, सरला जोशी, इन्द्रलाल श्रेष्ठ‘अद्वितीय’ खेमराज ढकाल गोर्खाली, इन्दिरा अधिकारी, भीम न्यौपाने आदि स्रष्टाहरू यस संस्थामा आवद्ध छन् । यसले मासिक रूपमा गजल सन्ध्या सञ्चालन गर्दै आएको छ । यो श्रृङ्खला २२ पुगिसकेको छ । सन्ध्याले आगामी दिनमा मुखपत्र प्रकाशन गर्ने तयारी गरेको छ ।[९९]

### ३.६.१.२.५ कविडाँडा साहित्य समाज

भरतपुर नगरपालिका वडा नं १३ का कविहरूको सामुहिक संस्थाका रूपमा कविडाँडा साहित्य समाज गठन गरिएको हो । स्थानीय एल.बी.क्षेत्री, उदय अधिकारी, सुरेन्द्र अस्तफल, जी.शर्मा, नवराज ढुङ्गना, सङ्गीत आयाम, सिताराम कोइरालाहरूले २०६३ सालमा यो संस्था गठन गरेका हुन् । यसले अन्तराष्ट्रिय लेखक दिवस, विश्व कविता दिवस, विजया दशमी तथा दीपावलीका अवसरमा साहित्यिक अन्तक्रिया, गोष्ठी, पुस्तक विमोचन, स्रष्टा सम्मान, कविडाँडा

---

[९७] अविरल साहित्यिक मञ्चका अध्यक्ष बद्रि देवकोटाले मिति २०६६।८।१ गते शोधार्थलाई दिनु भएको जानकारी ।

[९८] **कैलाश** साहित्य पत्रिकाका संयोजक अमृत अम्गाइले मिति २०६६।७।१५ गते शोधार्थलाई दिनु भएको जानकारी ।

[९९] गजल सन्ध्याका संस्थापक अध्यक्ष हरि चालीसे ‘एबीसी’ले मिति २०६६।८।१ गते शोधार्थलाई दिनु भएको जानकारी ।

साहित्यिक साँझ आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसले आगामी दिनहरूमा साहित्यिक अन्तरक्रियालाई निरन्तरता दिदै प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, पत्रिका प्रकाशन गर्ने, 'कवि अनिल सिग्देलका पाइलाहरू' वृत्तचित्र बनाउने जस्ता कार्यक्रम राखेको छ ।[१००]

### ३.६.१.२.६ अक्षर समूह

चितवनका केही उत्साही युवा कविहरू खास गरी गद्य कविता लेखकहरूले अक्षर समूह गठन गरेका छन् । मिति २०६२।१२।९ गते भरतपुरमा शिखर आरोहरणको कोठामा मुकुल दाहाल, होमर श्रेष्ठ, सङ्गीत आयाम, भूपिन व्याकुल, सरिता तिवारी, उदय अधिकारी, सिर्जन अरिल आदिको उपस्थितिमा अनौपचारिक रूपमा यस समूहको गठन भएको हो । यस समूहमा हाल भूपिन व्याकुल, सरिता तिवारी, प्रशन्न, रमेश प्रभात, द्वारिका नेपाल, शिखर आरोहरण, सङ्गीत आयाम आदि सक्रिय रहेका छन् । साहित्यिक अन्तरक्रियाका माध्यमबाट भाषा साहित्यको संरक्षण तथा प्रचार प्रसार गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने आदि उद्देश्य लिएर यसले बेलामौकामा साहित्यिक अन्तरक्रिया, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

समूहले स्रष्टा सरूभक्तको सशुल्क पहिलो एकल कविता वाचन कार्यक्रम, सङ्गीत आयामको लामा कविताहरूको सङ्ग्रह **चक्रब्युह र युद्धपीडा** र लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** समालोचनासङ्ग्रह तथा प्रकाश सायमीको **नेपाली सङ्गीतको एक शतक** माथि लेखक /पाठक तथा स्रष्टाहरूवीच अन्तरक्रिया तथा 'अक्षरहरूका माझ कवि भीष्म उप्रेती' नामक एकल कविता वाचन कार्यक्रम गराएको छ । यसै गरी समूहले राष्ट्रियता झल्काउने प्रतियोगितात्मक कवि गोष्ठी, नेपाली कला साहित्य कला डट कम प्रतिष्ठानको सहकार्यमा 'सहअस्तित्वमा राष्ट्रिय एकता' विषयक सिर्जनायात्रा सम्पन्न गरेको छ ।[१०१]

### ३.६.१.२.७ मध्यक्षितिज वाङ्मय प्रतिष्ठान

नेपाली भाषा र कला-साहित्यलाई संरक्षण गरी विश्वव्यापी रूपमा प्रचार-प्रसार गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, पत्रिका प्रकाशनलाई निरन्तरता दिनेजस्ता उद्देश्य लिएर पश्चिम चितवनको पटिहानीमा २०६५ मा मध्यक्षितिज वाङ्मय प्रतिष्ठान गठन भएको हो । साहित्य, शिक्षा तथा समाजिक सरोकारमा रुची राख्ने स्थानीय ३३ जना आजीवन तथा ११ जना साधरण सदस्यहरू रहेको यस प्रतिष्ठानको नेतृत्व कवि विमलप्रकाश देवकोटाले गरेका छन् ।

यस प्रतिष्ठानले बेलामौकामा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई सम्मान गरी प्रोत्साहन गरेको छ । प्रतिष्ठानले वि.सं.२०६५ को लक्ष्मी जयन्तीको अवसर पारी वरिष्ठ संचारकर्मी प्रकाश सायमीको प्रमुख आतिथ्यमा साहित्यिक गोष्ठीको आयोजना गरी चितवनका दुई कविहरू चेतकान्त चापागाई र गोर्खे साहिँलोलाई सम्मान गरेको छ । प्रतिष्ठानले आफ्नो मुखपत्रको रूपमा समसामायिक सङ्कलन **मध्यक्षितिज** (२०६५) प्रकाशन गरेको छ ।[१०२]

---

[१००] कविडाँडा साहित्य समाजका सचिव जी. शर्माले मिति २०६६।८।१ गते दिनुभएको जानकारी ।

[१०१] समूहका भूपिन व्याकुलले मिति २०६६।८।५ गते दिनु भएको जानकारी ।

[१०२] विमलप्रकाश देवकोटाले शोधार्थीलाई मिति २०६६।७।१९ गते दिनु भएको जानकारी ।

### ३.६.१.२.८ शब्द सञ्चार नेपाल, चितवन

लोकतन्त्रप्रति प्रतिवद्ध रही गद्यकविता लेख्ने चितवनका केही उत्साही युवा कविहरू स्रष्टाहरूले वि.सं.२०६५ मा शब्द सञ्चार नेपाल साहित्यिक संस्थाको गठन गरेका छन् । आधुनिक सञ्चारका माध्यमबाट नेपाली साहित्यलाई संरक्षण तथा प्रचार प्रसार गर्ने, साहित्यिक अन्तर्क्रियाका माध्यमबाट भाषा साहित्यको सम्बर्द्धन गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी, पुस्तक प्रकाशन, प्रतिभा सम्मान गर्नै आदि उद्देश्य यस संस्थाले लिएको छ । जी.शर्मा, सुरेन्द्र अस्तफल, गोपाल पौडेल, नवराज ढुङ्गाना आदि युवाकविहरू यस संस्थामा आवद्ध रहेका छन् । अनौपचारिक रूपमा यो संस्था गठन भए पनि औपचारिक रूपमा यसले चितवनमा कुनै काम भने गरेको छैन ।[१०३]

### ३.६.१.२.९ गजल शिविर चितवन

'अग्रज र अनुजवीच समन्वय गरी सेतुको भूमिका निभाउने' भन्ने मूल नाराका साथ गजल लेखन, वाचन तथा गायन क्रियाकलापलाई संस्थागत रूप दिई नवपुस्ताका युवाहरूलाई साहित्यमा रूचि जगाउन गजल शिविर चितवन गठन गरिएको छ । गजल लेखन, गजलको संरक्षण तथा प्रचारप्रसार गर्ने, साहित्यिक अन्तरक्रियाको माध्यमबाट साहित्यको सम्वर्द्धन गर्ने उद्देश्यले यस संस्थाको गठन गरिएको हो । भीम न्यौपाने, जीवन सुवेदी 'प्रणय', मिथिला प्याकुरेल, विनोद अनुज, गीता पौडेल 'चाहना', पावना पाठक 'तेजस्वी', टङ्क ढकाल, कृष्ण बराल, दीपिका अधिकारी, इन्दिरा अधिकारी, शिव सेढाँई आदि युवा पुस्ताका गजलकारहरूको सम्लग्नतामा शिविर संचालनमा रहेको छ । यसले बेला मौकामा गजलप्रधान साहित्यिक कार्यक्रम सञ्चालन गरेको छ । गत असोजको पहिलो साता मात्रै वरिष्ठ गजलकार बूँद रानाको एकल गजलवाचन कार्यक्रम गरेर गजलको क्षेत्रमा नयाँ आयाम थपेको छ । यसले आगामी दिनमा मुखपत्र प्रकाशन गर्ने तयारी गरेको छ ।[१०४]

उपर्युक्त साहित्यिक संस्थाहरूको अलावा जिल्लामा साहित्यको विकासमा धेरथोर भएपनि कार्य गरेका साहित्यिक संस्थाहरू प्रशस्तै मात्रामा भेटिन्छन् । माडी साहित्य समिति (२०५०), साहित्य सुधा कुञ्ज (२०५०), चितवन अध्ययन केन्द्र (२०५३), राष्ट्रउत्थान साहित्य समाज (२०५५), पल्लवी सन्देश साहित्यिक मञ्च (२०५८), ज्ञानज्योति साहित्य मञ्च ( २०६०), उत्साही नारी प्रतिष्ठान (२०६०), कालीगण्डकी साहित्य मञ्च (२०६१), पदमपुर साहित्य समाज (२०६१), रत्न साहित्य कुञ्ज (२०६१), मुक्ति साँस्कृतिक परिवार, आदि साहित्यिक संस्थाहरूले पनि बेला बेलामा साहित्यिक कार्यक्रम सञ्चालन गर्ने, पत्रपत्रिका प्रकाशन गर्ने, स्रष्टाहरूलाई सम्मान गर्ने जस्ता कार्य गरेर साहित्यिक वातावरण सिर्जना गरेका छन् । सुरूमा संस्था स्थापना गर्न हौसिने, एक दुई ओटा कार्यक्रम पनि गर्ने तर विस्तारै त्यस तर्फ सक्रिय हुन नसक्नु यसको कमजोरी मानिन्छ । जेहोस् यिनीहरूले सम्पादन गरेका साहित्यिक क्रियाकलापबाट केही हदसम्म भए पनि यस क्षेत्रमा टेवा पुऱ्याएको कुरालाई भने भुल्न मिल्दैन ।

---

[१०३] शब्द सञ्चारका संस्थापक जी.शर्माले मिति २०६६।८।१ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[१०४] गजल शिविरका सदस्य भीम न्यौपानेले मिति २०६६।८।१ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

## ३.६.२ गैर साहित्यिक उद्देश्यले खोलिएका तर साहित्यिक गतिविध सञ्चालन गर्ने सङ्घ संस्थाहरू

### ३.६.२.१ नारायणी कला मन्दिर

'विभिन्न जिल्लाबाट बसाइसराइको क्रममा यहाँ भित्रिएका विभिन्न जात जाति, भाषा-भाषी, र समुदायका व्यत्तिहरूले आफ्नै परम्परा, भाषा, सँस्कृति तथा जीवनशैली बोकेर आए अनि त्यसलाई हृदयङ्गम गर्दै सोको संरक्षण र विकासका लागि चितवनका विभिन्न प्राज्ञिक समूहले निरन्तरता दिन गरेको प्रयासको फलस्वरूप वि.सं.२०१८ सालमा नारायणी कला मन्दिरको स्थापना भएको हो ।'[१०५] यस संस्थाको स्व.लालकुमार श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, कृष्णराज हमाल, ऋद्धिचरण श्रेष्ठ, प्रेमविनोद नन्दन, सूर्यवहादुर मास्के, रामप्रसाद श्रेष्ठ, स्व.भगवानदास श्रेष्ठ, गायत्री श्रेष्ठ, प्रभातकुमार जोशी, दीपक प्रधान, राजु श्रेष्ठ, सहन प्रधान, शेखर श्रेष्ठ नारायण प्रधान[१०६] हुँदै हाल विनय श्रेष्ठले यो संस्थाको नेतृत्व गर्नु भएको छ ।

'राष्ट्रिय कला, साहित्य र संस्कृतको क्षेत्रमा अनुसन्धान, परिमार्जन, साधना र सिर्जना गर्दै गतिशीलता ल्याउने, नूतन, पुरातन, लोकोपयोगी गीत तथा नृत्य स्थापना गर्ने, अन्य सास्कृतिक तथा साहित्यिक संस्थाहरूसँग सम्वन्ध बढाउँदै आवश्यक सहयोग आदान प्रदान गर्ने, योग्य प्रतिभाहरूको विकास गर्ने जस्ता उद्देश्य लिएको यस मन्दिरले विभिन्न अवसरमा विविध सास्कृतिक कार्यक्रमहरू धिमे नृत्य, तामाङ्ग सेलो, सारङ्गी नृत्य, मञ्जुश्री नृत्य, सेब्रु (शेर्पानृत्य), कौडा नृत्य, चण्डी नृत्य, झ्यागड, तप्पा, घिन्ताङ्ग, भोजपुरी, लाखेनृत्य, याक नृत्य, सोरठी आदि नृत्यहरू प्रदर्शन गर्नेगरेको छ ।

मन्दिरले नृत्य प्रशिक्षण, देश भित्र र बाहिर विभिन्न सास्कृतिक कार्यक्रहरू सञ्चालन गर्दैआएको छ । मन्दिरले हरेक वर्ष 'इन्द्रणी साँझ' र 'जुनेली रात', चितवन महोत्सवका अवसरमा हुने साँस्कृतिक कार्यक्रमको संयोजन आदि गरेको छ ।[१०७] यसैगरी यस संस्थाले चि.सा.प.को सहकार्यमा पृथ्वी, भानु, मोतिराम, लेखनाथ, लक्ष्मी जयन्तीका अवसरमा विविध साहित्यिक कार्यक्रम सम्पन्न गरेको छ ।

यसले धर्म प्रधान'अकिञ्चन'का गीतसङ्ग्रह **रागी** (२०५५), हरिहर खनालका कथासङ्ग्रह **विगत आगत** (२०५५), कपिल अज्ञातका समालोचनासङ्ग्रह **साहित्य सिर्जना प्रक्रिया** (२०५५), पुष्प आचार्यका नाटकसङ्ग्रह **नेपाल गयो भन्दिनु है** (२०५८), **हराएको सूर्य** (२०६५) गायत्री श्रेष्ठ र सरस्वती रिजालको अनुसन्धनात्मक कृति **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (२०६२) प्रकाशन गर्दै मुखपत्रका रूपमा **मारुनी**लाई निरन्तरता दिएको छ । यसको बाह्रो फन्को प्रकाशन भइसकेको छ ।[१०८]

### ३.६.२.२ रामेश्वर पुस्कालय तथा वाचनालय

स्थानीय जनप्रतिनिधिहरू, बुद्धिजीवी, समाजसेवी धर्मप्रति आस्था राख्नेहरूले २०४४/०४५ सालतिर सामुदायिक पुस्तकालयको परिकल्पना गरी क्षेत्रपुरचोकमा पुस्तकालय

---

[१०५] नारायणी कला मन्दिरद्वारा प्रकाशित **ब्रोसर** ।

[१०६] **मारूनी** ११ औं फन्को, २०६४, पृ.४।

[१०७] नारायणी कला मन्दिरको **ब्रोसर** , ऐजन ।

[१०८] विनयकुमार श्रेष्ठ र अन्य (सम्पा.), **मारूनी** ( वर्ष ४१ अङ्क १०, २०६४) ।

स्थापना गरी सञ्चालन भएको[१०९]मा२०५५ सालमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी स्व.टेकबहादुर गुरूङको स्मृतिमा उहाँका परिवारले उपलब्ध गराएको एक कट्ठा जमिनमा ग्रामीण शिक्षा तथा विकास (रिड) नेपाल, भरतपुर नगरपालिका तथा स्थानीय जनसमुदायको सहयोगमा प्रथम तलासहितको पक्की घर बनाई २०६४ सालदेखि त्यसै भवनमा पुस्तकालय सञ्चालन हुँदै आएको छ । स्थापनाकालमा सोमनाथ पौडेलको नेतृत्व पाएको यस पुस्तकालयको भीष्मकान्त अधिकारी, शरदरञ्जन श्रेष्ठ, बटुकराज विष्ट, विष्णुप्रसाद अधिकारी हुँदै हाल केशवकुमार श्रेष्ठले तेश्रो कार्यकालको नेतृत्व गरेका छन् ।

यसले पुस्तकालयले दैनिक पुस्तकालय सेवा दिदै अन्य साहित्यिक, सामाजिक क्रियाकलाप पनि सञ्चालन गर्दै आएको छ । यसले वरिष्ठ गजलकार बूँद राना तथा घनश्याम न्यौपाने ‘परिश्रमी’को आतिथ्यमा गजलगोष्ठी सम्पन्न गरी गजलकार धर्म प्रधान ‘अकिञ्चन’ तथा शीतल ‘कादम्बिनी’लाई सम्मान गर्दै **रामेश्वर** स्मारिका (२०६४) प्रकाशन गरेको छ । यसैगरी साहित्यकार हरिबहादुर श्रेष्ठ (नारायणमान विजुक्छे ‘रोहित’) र सभासद् लीला न्याइच्याईको उपस्थितिमा बृदह कविगोष्ठी गरेको छ । यसैगरी बालकृष्ण थपलियाको कविता/गजलसङ्ग्रह **धारा एक सय सत्ताईस** र डि.आर. पोखरेलको निबन्धसङ्ग्रह **खुला आकाश तर्फ**को विमोचन गराएको छ भने प्रकाश सायमीको निबन्धसङ्ग्रह **वर्षादीका दिनहरू** माथि अर्न्तक्रिया तथा कवि भीष्म उप्रेतीको एकल कविता वाचन कार्यक्रममा सहयोगी भूमिका खेल्दै अतिरिक्त क्रियाकलापहरू रक्तदान, आँखा तथा दन्त शिविर, क्यान्सर सचेतना, महिला, बालबालिकाकेन्द्री विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ ।[११०]

### ३.६.२.३ पारिजात पुस्तकालय

पुस्तकालय सञ्चालन का माध्यमबाट नेपाली भाषा, कला साहित्यलाई संरक्षण गरी प्रचार-प्रसार गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने , पत्रिका प्रकाशन गर्ने जस्ता उद्देश्य लिएर भ.न.पा. वडा नं ११ भोजाडका शिक्षाप्रमी सामाजिक अगुवाहरूले पारिजात पुस्तकालय को स्थापना गरेका हुन् । तिलक अधिकारी, इन्द्र रेग्मी, लीलानाथ रेग्मी, हेमराज गिरी, चिरन्जीवी हमाल आदि सामाजिक कार्यकर्ताहरूको सक्रियतामा २०६२ सालमा यस संस्थाको स्थापना भएको हो । ७०-७२ जना सदस्य रहेका यस पुस्तकालयको तिलक अधिकारी र स्व.लीलानथ रेग्मीले नेतृत्व सम्हाल्नु भएको थियो । रेग्मीको निधन पछि यस संस्था क्रियाशील हुन सकेको छैन । यस पुस्तकालयले दैनिक पुस्तकालय सेवा दिदै अन्य साहित्यिक, सामाजिक क्रियाकलाप पनि सञ्चालन गर्दै आएको थियो । यसले गोपाल प्रसाद रिमाल, पारिजात, लक्ष्मी जयन्ती आदि अवसरमा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई मञ्च प्रदान गरेको छ । करिव चार पाँचसय पुस्तक तथा पत्रपत्रिका रहेको पुस्तकालयले आफ्नो नाममा जग्गा जोड्न सफल भएको छ र त्यसै जग्गामा पुस्तकालय भवन बनाउने कार्यक्रम राखेको छ । [१११]

### ३.६.२.४ हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठान

चितवन जिल्लाको पदमपुरमा जन्मी हुर्की हाल अन्तर्राष्ट्रिय स्तरमा आफ्नो विशिष्ट पहिचान बनाएका स्रष्टा जीवा लामिछानेले आफ्नो माता पिताको नाममा हेमलाल हरिकला

---

[१०९] बटुकराज विष्ट , रामेश्वर पुस्तकालयको स्थापनाको प्रसङ्गदेखि भवननिर्माणका प्रयासहरू , **रामेश्वर** स्मारिका, (२०६४) पृ.११, ।

[११०] पुस्तकालयकी लाइब्रेरियन गणेशमाया शाहीले मिति २०६६।८।२ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[१११] मिति २०६६।८।१ गते पुस्तकालयका संस्थापक सदस्य इन्द्र रेग्मीले दिनु भएको जानकारी ।

लामिछाने समाज कल्याण प्रतिष्ठान खोल्नुभएको छ । प्रतिष्ठानले राजधानी बाहिरबाट प्रकाशित साहित्यिक पुस्तकहरूको छनोट गरी उत्कृष्ट ठहरिएको कृतिलाई हरेक वर्ष कोजाग्रत पूर्णिमाको दिन विशेष साहित्यिक कार्यक्रम गरी **पद्मश्री** सम्मान प्रदान गर्ने गरेको छ । हालसम्म राजधानी बाहिरको सर्वाधिक पुरस्कारराषी रहेको **पद्मश्री** सम्मानमा सुरूमा नगद पचास हजार रूपैया, ताम्रपत्र र दोसल्ला रहेकोमा यसै वर्षबाट पुरस्कारराशी बढाएर १ लाख १ रूपैया पुऱ्याएको छ । हालसम्म यो सम्मानबाट गणेश रसिकको निबन्धसङ्ग्रह **दशगजामा उभिएर** (२०६४) भानुभक्त पोखरेलको महाकाव्य **हिमवत्खण्ड** (२०६४) र केशव बरालको उपन्यास **समय हराएको बेला** (२०६५) लाई यो पुरस्कारबाट सम्मान गरिएको छ । आगामी वर्षदेखि भने यसलाई मोफसलमा सिमित नराख्ने र पुरस्कार राशी पनि बढाइने भएको छ ।[११२]

### ३.६.३ विगतमा साहित्यिक गतिविध सञ्चालन गरेका तर हाल निष्क्रिय रहेका सङ्घ-संस्थाहरू

### ३.६.३.१ नारायणी पुस्तकालय

वि.सं.२००८ सालमा स्थापना भएको 'कृषि सहकारी समिति' वि.सं. २०१२ सालमा सहकारी पुस्तकालयको रूपमा स्थापित भयो । अर्कोतिर ग्राम विकासले 'प्रभा पुस्तकालय' खोलेको थियो । यी पुस्तकालयहरू राम्रोसँग चल्न नसकेको बेला भारतीय राजदूतावासबाट अर्को पुस्तकालय खोल्न पुस्तकहरू प्रदान भए । त्यसपछि 'कृषि सहकारी पुस्तकालय', 'प्रभा पुस्तकालय' र भारतीय राजदूतावासबाट प्रदान भएका पुस्तकहरू एकीकृत गरी ब्यापार सङ्घ नारायणगढको भवनमा २०१६ सालमा 'नारायणी पुस्तकालय'को स्थापना भएको हो ।[११३]

यसका संस्थापक अध्यक्ष महेश्वरलाल श्रेष्ठलाई तत्कालीन सरकारको बक्रदृष्टि पऱ्यो । यसपछि श्रेष्ठ भारततिर प्रवासमा रहन थालेपछि यसको संरक्षणमा पनि प्रश्न चिन्ह खडा भयो । कतिपय पुस्तकहरू नारायणी नदीमा बगाइए । पछि श्रेष्ठ स्वदेश फर्केपछि सोही पुस्तकालयलाई 'नेपाल भारत मैत्री वाचनालय'को नाम दिएर २०२८ सालको श्रीपञ्चमीको दिन खोलियो । वि.सं.२०३२ सालमा सरकारले काठमाण्डौं बाहिर छिमेकी देशहरूबाट सञ्चालन भएका संस्थाहरू चलाउन नपाउने गरी प्रतिबन्ध लगायो । त्यसपछि वि.सं.२०३३ सालमा यसलाई 'नारायणी पुस्तकालय'को नाउँबाट सञ्चालन गरियो । यसले वि.सं.२०२६ मा **तिर्सना** नामक पत्रिका प्रकाशन गरेको थियो । वि.सं.२०२७ देखि २०३० सम्म यसले मासिक रूपमा साहित्यिक कार्यक्रम सञ्चालन गरेको र **तिर्सना** पनि पाँच अङ्क सम्म प्रकाशन गरेको थियो । पुस्तकालय चलाउन राजदूतावासबाट वार्षिक रूपमा रू आठ हजार चार सय प्रदान गरिदै आएकोमा वि.सं. २०५३ सालदेखि उक्त सहयोग पनि बन्द भए पछि यसका संस्थापक अध्यक्ष महेश्वर लाल श्रेष्ठले आफ्नै निजी खर्चमा भ.न.पा. ३ स्थित श्यामकृष्ण प्रधानको घरको भुँइ तलामा पुस्तकालय सञ्चालन गर्दै यसको इतिहास जोगाउनुभएको छ ।[११४]

---

[११२] हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठानका संरक्षक जीवा लामिछानेले मिति २०६६।६।२४ गते रत्ननगरमा आयोजित पद्मश्री पुरस्कार वितरण समारोहमा गरिएको संवोधन ।

[११३] श्रीचन्द्र वाग्ले , ऐजन, पृ.२५।

[११४] श्रीचन्द्र वाग्ले , ऐजन , पृ.२५।

### ३.६.३.२ ज्ञानोदय पुस्तकालय

चितवनका केही उत्साही मणिप्रसाद गुरूङ, बच्चुराम श्रेष्ठ, तोपमानसिँह गुरूङ, मानबहादुर गुरूङजस्ता युवाहरूको सक्रियतामा ज्ञानोदय पुस्तकालयको चितवनको शारदानगरमा २०२६ मा स्थापना तथा सञ्चालन भएको हो । चितवनमा साहित्यिक जागरण ल्याउन यो संस्थाको महत्वपूर्ण भूमिका रहेको छ । यसले २०२७ देखि २०५७ सम्ममा **छहरो** नामक पत्रिका पाँच अङ्कमात्र प्रकाशन गरेको छ । हाल यो त्यति सक्रिय छैन तर चितवनको इतिहासमा पुस्तकालय तथा वाचनालय स्थापना तथा पत्रिका प्रकाशमा यसले ठूलो भूमिका खेलेको छ ।[११५]

### ३.६.३.३ चितवन साहित्य समिति

अनिल सिग्देल, चिरन्जीवी नेपाली जस्ता आठ जना युवाहरूको क्रियाशीलतामा २०३९ सालमा चितवन साहित्य समिति स्थापना भई साहित्यिक गतिविधि गरेको थियो । आफ्नो स्थापनाकालदेखि नै कविगोष्ठी तथा साहित्यकारहरूको जन्मजयन्ती मनाउने गरेको थियो । पछि अनिल सिग्देल मानसिक रूपमा विक्षिप्त तथा चिरन्जीवी नेपालीको निधन पछि यो संस्थाले पुनर्जीवन प्राप्त गर्न सकेन ।[११६]

### ३.६.३.४ अन्नपूर्णा परिवार

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान केन्द्रीय क्याम्पस रामपुरका प्राध्यापक तथा विद्यार्थीहरूको सक्रियतामा अन्नपूर्णा परिवारको वि.सं.२०४६ सालमा स्थापना भएको हो । आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही क्याम्पसभित्रै कवितागोष्ठी गर्ने गरेको र यसले **अन्नपूर्णा** नामक पत्रिकासमेत प्रकाशन गरेको थियो । यसको दुई अङ्क सम्म प्रकाशन भएको पाइन्छ । हाल यो संस्था निष्क्रिय रहेको छ ।[११७]

### ३.६.३.५ समर्पण नाट्य समूह

नाटकका क्षेत्रमा काम गर्ने संस्थाको रूपमा समर्पण नाट्य समूहको स्थापना वि.सं. २०४६ मा भएको हो । चितवनका युवा कलाकारहरूको सक्रियतामा स्थापित यस समूहले आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही रचनात्मक कार्यहरू गर्ने गरेका थियो । तीन दर्जनजति नाटक प्रदर्शन गरेको यो समूहले पनि तीन वर्ष पछि आफ्नो गति लिन सकेन ।[११८]

### ३.६.३.६ शहीद नारायण दाहाल साहित्य परिषद्

वि.सं. २०४६ चैत्र २६ गते बहुदलीय व्यवस्थाको घोषणा हुनेवित्तिकै खुसियाली मनाउन आफ्ना साथीहरूसित सडकमा निस्केका तत्कालीन कमर्स क्याम्पस (हालको शहीद स्मृति कलेज) रत्ननगर चितवनका छात्र नारायण दाहाललाई प्रहरीले गोही हानी मारेपछि उनकै स्मृतिमा **शहीद नारायण दाहाल साहित्य परिषद्**को वि.सं.२०४७ स्थापना गरिएको हो । यस परिषद्ले कलेजभित्रै साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको थियो । शहीद दाहाल तथा

---

[११५] श्रीचन्द्र वाग्ले ,ऐजन , पृ.९४ ।

[११६] ऐजन ।

[११७] ऐजन ।

[११८] ऐजन ।

अन्य कवि तथा साहित्यकारहरूको जन्मजयन्तीमा साहितियक कार्यक्रमहरू सञ्चालन गर्दैआएको यो संस्था  हाल निष्क्रिय छ ।[119]

### ३.६.३.७ सगरमाथा साहित्य समाज

विद्याथीहरूवीच लुकेर रहेका साहित्यिक प्रतिभाहरूलाई बाहिर ल्याउने उद्देश्यले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान केन्द्रीय क्याम्पस रामपुरका विद्यार्थीहरूको सक्रियतामा **सगरमाथा साहित्य समाज**को  वि.सं.२०४८ सालमा स्थापना भएको हो । आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही क्याम्पसभित्रै कवितागोष्ठी गर्ने गरेको र यसले वि.सं.२०४८ मा **पाइला र प्रवाह** पत्रिका समेत प्रकाशन गरेको थियो । यसको दुई अङ्कसम्म प्रकाशन भएको पाइन्छ ।  २०४८/०४९ तिर निक्कै सक्रिय यो संस्था हाल निष्क्रिय रहेको  छ ।[120]

### ३.६.३.८ साहित्य सुधा कुञ्ज

चितवन जिल्लाको शिवनगर आसपासमा रहेका कवि तथा साहित्यकारहरूको सक्रियतामा वि.सं. २०५० मा  **साहित्य सुधा कुञ्ज**को स्थापना भएको हो । यसले बेला बेलामा जिल्लास्तरीय प्रतियोगितात्मक कविता प्रतियोगिता सञ्चालन गरेको थियो । यसले प्रत्येक महिनाको अन्तिमतिर कवितावाचन कार्यक्रम पनि सञ्चालन गर्ने गरेको थियो । यसले पनि आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही साहित्यिक गतिविधि सञ्चालन गर्दै आएपनि हाल पुस्तकालय निष्क्रिय देखिन्छ ।[121]

### ३.६.३.९ गुराँस नाट्य समूह

विशेषगरी नाटकलेखन तथा प्रदर्शन गर्ने उद्देश्यले वि.सं.२०५० सालमा **गुराँस नाट्य समूह**को स्थापना भएको हो । चितवन जिल्लाको गुञ्जानगर गा.वि.स. तथा यसको आसपासमा नाटक प्रदर्शन गरेर यसले आफ्नो प्रसिद्धी कमाएको थियो । यसले लगभग तीसओटा जति नाटक प्रदर्शन गरेको थियो । आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही नाटक प्रदर्शन गर्दै आएको यस समूह हाल निष्क्रिय देखिन्छ ।[122]

### ३.६.३.१० महाकवि देवकोटा पुस्तकालय

चितवन जिल्लाको रत्ननगर नगरपालिमा वि.सं. २०४८ मा  महाकवि देवकोटाको नाममा महाकवि देवकोटा पुस्तकालय स्थापना गरिएको छ । यस पुस्तकालयले २०४९ सालतिर प्रतियोगितात्मक कविगोष्ठी गरको थियो । आफ्नो स्थापनाको सुरूवातमा निक्कै सक्रिय रही साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको यस पुस्तकालय पनि हाल निष्क्रिय देखिन्छ ।[123]

### ३.६.३.११ समर्पण साहित्य परिषद्

---

[119] ऐजन ।

[120] ऐजन ।

[121] ऐजन ।

[122] ऐजन ।

[123] ऐजन ।

चितवन भ.न.पा.वडा नं. ८ तोरीखेत आसपासका उत्साही युवास्रष्टाहरूले नवपुस्ताका युवाहरूलाई साहित्यमा रूचि जगाउन वि.सं.२०६०मा **समर्पण साहित्य परिषद्** स्थापना गरिएको हो । नेपाली साहित्यलाई संरक्षण तथा प्रचारप्रसार गर्ने, साहित्यिक अन्तरक्रियाका माध्यमबाट भाषा-साहित्यको सम्बर्द्धन गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्साहन गर्ने, प्रतियोगितात्मक साहित्यिक गोष्ठी आदि गर्ने उद्देश्यले यस प्रतिष्ठानको अनौपचारिक रूपमा गठन गरिएको हो । स्थानीय सजल नयनको नेतृत्वमा गठित यस परिषद्मा सुजन अनिमेष, सुरेश अधिकारी, तेजप्रसाद ढकाल, राजकृष्ण पौडेल, सुनिता ढकाल, प्रतिमा अधिकारी, रूद्र अधिकारी, रश्मी प्याकुरेल, वसुन्धरा गौतम आदि स्रष्टाहरू आवद्ध छन् । स्थापनाको सुरूसुरूमा केही साहित्यिक कार्यक्रम सञ्चालन गरे पनि हाल यो परिषद् त्यति सक्रिय देखिँदैन ।[१२४]

### ३.६.३.१२ सिस्नुपानी नेपाल चितवन

राष्ट्रियस्तरका हास्यव्यङ्ग्य कार्यक्रम गरी हास्यव्यङ्ग्य साहित्यको प्रचारप्रसार गर्ने, सामाजिक विकृति र विसङ्गतिप्रति साहित्यको माध्यमबाट व्यङ्ग्य गर्ने, हास्यव्यङ्ग्य साहित्य र साहित्यकारहरूको पहिचान गरी पुरस्कृत गर्ने, अग्रज स्रष्टालाई सम्मान गर्ने र नयाँ प्रतिभाको प्रतिभा पहिचान गरी उजागर गर्ने उद्देश्यले **सिस्नु पानी नेपाल** चितवन गठन गरिएको हो । तिलकराज शर्माको अध्यक्षतामा यो संस्था गठन भएको थियो । यसले खास कुनै साहित्यिक गतिविधि सञ्चालन गर्न सकेको छैन । यस संस्थामा धनराज गिरी, तीतेपाती, राजेन्द्र हमाल, स्वागत अधिकारी, हिमाल घिमिरे, इन्द्र रेग्मी, जगन्नाथ प्रजापति, गोविन्द हमाल, ओम वस्ताकोटी, ज्योति काफ्ले, सावित्री सन्ध्या, एकल सिलवाल आदिको सम्लग्नता रहेको छ । यसले रत्ननगर महोत्सव २०६२ का अवसरमा घनश्याम न्यौपाने 'परिश्रमी', बूँद राना, गोविन्दराज विनोदी, ललिजन रावल र रामचन्द्र रिजाललाई सम्मान गरेको थियो ।[१२५]

### ३.६.३.१३ देवकोटा अध्ययन केन्द्र

'पढ्ने, अध्ययन गर्ने संस्कृतिको निर्माण गरौं' भन्ने मान्यता **बोकेर देवकोटा अध्ययन केन्द्र** २०६० माघ १६ गते सहिद दिवसका अवसरमा स्थापना भएको संस्था हो । विशिष्ट विद्वान तथा बुद्धिजीवीहरूलाई समायोजन गरी साझा मञ्चको निर्माण गर्ने, सम्वादको खोजी गरी अन्तर्क्रियात्मक तथा बहसमूलक कार्यक्रमहरू आयोजना गर्ने, नेपाली तथा अङ्ग्रेजीमा पत्रिका प्रकाशनको साथसाथै साहित्यको मूल्य र मान्यताद्वारा अभिप्रेरित भई लेखिएका गम्भीर प्रकृतिका पुस्तकहरू प्रकाशित गर्ने, प्रतिभा र साधनालाई सम्मान गर्दै क्षमता अभिवृद्धिको निम्ति आधार निर्माण गर्ने, विशिष्ट व्यक्तित्वहरूलाई उहाँहरूको योगदानको कदर गर्दै सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने आदि उद्देश्यहरू रहेको यस केन्द्रले केही समय भरतपुर-१०, सिंचाइरोडमा पुस्तकालय सञ्चालन गरेको थियो । उदय अधिकारीको अध्यक्षतामा सङ्गीत आयाम, अरूण दवाडी, किसान प्रेमी, रमेश प्रभात, शिखर आरोहण, चण्डिका दवाडी, भूपेन्द्र धिताल, सिर्जन अविरल, श्रीमात्मा श्रेष्ठ, विनोद पन्त आदि यस केन्द्रका सदस्य रहेका छन् । हाल सङ्गीत आयामको घरमा यो पुस्तकालय सीमित रहेको छ ।

सार्वजनिक पुस्तकालयको स्वरूपमा स्थापना भएको भए पनि यसले समय समयमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गर्दथ्यो । केन्द्रले वार्षिकोत्सव तथा अन्य सान्दर्भिक

---

[१२४] सर्मपण साहित्य परिषद्की संस्थापक अध्यक्ष सजल नयलले मिति २०६६।८।१ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[१२५] श्रीचन्द्र वाग्ले ,पूर्ववत् ।

अवसरमा पुस्तकालयको परिसरभित्रै स्रष्टाहरूद्वारा रचना सुन्नेसुनाउने कार्यक्रम सुंचालन गर्ने गर्दथ्यो । यसले केन्द्रका कवि सङ्गीत आयामको लामा कविताहरूको सङ्ग्रह **चक्रब्यूह र युद्धपीडा** प्रकाशन गरेको छ । यसैगरी केन्द्रले गजलकार किसान प्रेमीको एकल गजल वाचन तथा भर्खरै प्रकाशित पुस्तक तथा सदावहार पुस्तकमाथि अन्तरक्रिया गराई पाठकहरूमा पढने संस्कृतिको विकास गरेको थियो । यसले महिनामा उत्कृष्ट स्रष्टा छनौट गरेर एकजना स्रष्टालाई पुरस्कार दिने व्यवस्था पनि गर्दथ्यो । हाल संस्थापक सदस्यहरूको कार्यव्यस्तताका कारण यो केन्द्रले त्यति सक्रियता देखाउन सकेको छैन ।[१२६]

### ३.६.३.१४ मितज्यू साहित्य प्रतिष्ठान

नेपाली भाषा र कला-साहित्यलाई संरक्षण गरी प्रचार-प्रसार गर्ने, प्रतिभाहरूको खोजी गरी प्रोत्सान गर्ने, पत्रिका प्रकाशनलाई निरन्तरता दिने, पुस्तकालय सञ्चालन गर्नेजस्ता उद्देश्य लिएर भ.न.पा. वडा नं.५ लङ्कुका युवा स्रष्टाहरूले अनुपराज कंडेलको नेतृत्वमा २०६२ सालमा **मितज्यू साहित्य प्रष्ठिान**को स्थापना गरेका हुन् । यस प्रतिष्ठानले बेलामौकामा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई सम्मान गरी प्रोत्साहन गर्ने गरेको छ । यसले बूँद राना, गोर्खे साहिँलो, र सरस्वती शर्मा 'जिज्ञासु'लाई सम्मान गरेको छ । आफ्नो उद्देश्यअनुरूप **मितेरी** नामक साहित्यिक पत्रिका प्रकाशन गरेको छ । अनुपराज कंडेलले चितवन छाडेपछि यो संस्थाले अन्यकाम गर्न सकेको छैन ।[१२७]

### ३.६.३.१५ साहित्यिक पत्रकार सङ्घ चितवन शाखा

साहित्य र पत्रकारिमा क्रियाशील चितवनका स्रष्टाहरूले साहित्यिक पत्रकार सङ्घ चितवन शाखा गठन गरेका छन् । वि.सं. २०६५ मा कवि गोविन्दराज विनोदीको अध्यक्षतामा गठित यस शाखाको उपशाखामा लक्ष्मणप्रसाद गौतम, भूपिन ब्याकुल, शारदा चौलागाई, रामहरि श्रेष्ठ, रमेश प्रभात, हरि चालिसे 'एबिसी', पूर्णबहादुर अधिकारी आदि रहेका छन् । यसले साहित्यिक पत्रकार सङ्घ केन्द्रीय समिति र नेपाल प्रेस काउन्सीलको सहयोगमा ०६६ जेठमा बि.पि.मेमोरियल क्यान्सर अस्पतालमा एक गोष्ठीको आयोजना गरी स्रष्टा सम्मान तथा मोफसलीय साहित्यिक पत्रकारिताको बारेमा कार्यत्रप प्रस्तुत गरी अन्तरक्रिया गराएको थियो ।[१२८]

## ३.६.४ राजनीतिक विचारधाराबाट प्रभावित साहित्यिक सङ्घ-संस्थाहरू

### ३.६.४.१ जनसांस्कृतिक महासङ्घ चितवन शाखा

कला साहित्यसँग सम्वन्धित नेकपा(एमाले)को भातृसङ्गठनकोरूपमा **जनसांस्कृतिक महासङ्घ** चितवन शाखा गठन गरिएको छ । केन्द्रमा ०४२ सालतिर मोदनाथ पश्रितको संयोजकत्वमा जनसांस्कृतिक मञ्च गठन भएको र एमालेको छैटौं महाधिवेशन पछि चितवनमा पनि कला, साहित्य, संस्कृति, आदि विभिन्न क्षेत्रमा क्रियाशील प्रतिभाहरूको सामुहिक साहित्यिक सङ्गठनकारूपमा यो संस्थाको चितवनमा शाखा स्थापना गरेका हुन् । विभिन्न ७

---

[१२६] देवकोटा अध्ययन केन्द्रका निर्देशक सङ्गीत आयामले मिति २०६६।८।४ गते इमेल मार्फत उपलब्ध गराउनु भएको जानकारी ।

[१२७] श्रीचन्द्र वाग्ले ,पूर्ववत् ।

[१२८] साहित्यिक पत्रकार सङ्घ चितवन शाखाका सचिव भूपिन ब्याकुलले मिति २०६६।५।२९ गते उपलब्ध गराउनु भएको जानकारी ।

ओटा भातृसङगठनको महासङ्घ भए पनि चितवनमा हाल किसान प्रेमीको अध्यक्षतामा जन साहित्य मञ्च र  चित्र लिम्बुको अध्यक्षतामा जन सङ्गीत मञ्चको तदर्थ समिति गठन भएका छन् । जनचेतनाका माध्यमबाट समतामूलक समाज निर्माण गर्ने लक्ष्य अनुरूप यसले आफ्ना गतिविधि बढाएको देखिन्छ । १२/१३ वर्ष पहिला देवराज पौडेलको अध्यक्षतामा गठित सङ्घले विभिन्न कार्यक्रम चलाए पनि हाल त्यति सक्रिय देखिँदैन ।[१२९]

### ३.६.४.२ प्रगतिशील लेखक सङ्गठन चितवन शाखा

प्रगतिशील लेखकहरूको हकहितको संरक्षण एवम् सर्म्वद्धनका निम्ति प्रयत्नशील एवम् कार्यरत रहने, विद्यमान सामन्तवादी तथा साम्राराज्यवादी संस्कृतिका विरूद्ध सङ्घर्ष गर्दै मौलिक राष्ट्रिय तथा नयाँ जनवादी संस्कृतिको योजनावद्ध निर्माणका साथै मुलुकको जनगणतान्त्रिक रूपान्तरणका निम्ति शब्द र कर्मका क्षेत्रमा सक्रिय रहने[१३०]आदि उद्देश्यले वि.सं. २००९ सालमा केन्द्रमा श्यामप्रसाद शर्माको नेतृत्वमा **प्रगतिशील लेखक सङ्गठन** गठन भएको  हो । यसले चितवनमा पनि शाखा स्थापना गरी विविध साहितियक क्रियाकलाप सञ्चालन गरिरहेको छ ।

रामहरि श्रेष्ठ, होमनाथ सापकोटा हुदै हाल यसको नेतृत्व डि.आर.पोखरेलले गर्नुभएको छ । यसले पनि पुस्तक प्रकाशन, विविध साहित्यिक अर्न्तक्रिया, स्रष्टा सम्मान आदि क्रियाकलाप सञ्चालन गरेको छ । यसक्रममा रह शर्माको बालकवितासङ्ग्रह **सेलरोटी,** मुखपत्र **प्रलेशः चितवन** अङ्क २ सम्म प्रकाशन गरेको छ । यसैगरी सङ्गठनले जगतराज पौडेल, पोषराज पौडेल, चेतकान्त चापागाई, हरिहर सवितालाई सम्मान गरेको छ । यसैगरी गणतान्त्रिक सडक कविता गोष्ठी २०६४, प्लेकार्ड कविता प्रदशनी २०६४ आदिका अलवा प्रशिक्षण कार्यक्रम, नारी लेखन सम्बन्धि गोष्ठी आदि सम्पन्न गरेको छ ।[१३१]

### ३.६.४.३ नेपाली लेखक सङ्घ , चितवन

राजनीतिक रूपमा प्रजातान्त्रिक समाजवादी विचारको निकट तर लेखनका हिसावले स्वतन्त्र लोकतन्त्र प्रति प्रतिवद्ध साहित्यकारहरूको साहित्यिक संस्थाका रूपमा **नेपाली लेखक सङ्घ** गठन गरेका छन् ।  कला साहित्यमा रूचि भएका र विचारमा प्रजातन्त्र प्रति आस्थावास प्रतिभाहरू यस संस्थामा आवद्ध भएका छन् ।  केन्द्रमा डा. तुलसी भट्टराईको अध्यक्षतामा यो संस्था क्रियाशील रहेको छ भने चितवनका अधिकाँश प्रतिभाहरू रहेको नारायणी अञ्चल समिति पनि गठन भएको छ । यसले चितवनका विभिन्न साहित्यिक मञ्चहरूमा आफ्नो उपस्थिति देखाउने गरेको छ । नारायणी अञ्चल संयोजक डा.लक्ष्मणप्रसाद गौतमको नेतृत्वमा केदारनाथ खनाल, गोविन्दराज विनोदी, नारायणप्रसाद खनाल, धनराज गिरी, राजकृष्ण कँडेल, श्रीभक्त अच्युत वाग्ले, गायत्री श्रेष्ठ, गोर्खे साँहिलो,  सुरेन्द्र अस्तफल, जी.शर्मा, बालकृष्ण थपलिया, पुष्प अधिकारी 'अञ्जलि', सामना पहाड, आदि स्रष्टाहरू यो संस्थामा आवद्ध रहेका छन् । यसले 'गणतन्त्र कविता उत्सव'मा आफ्नो सक्रिय उपस्थिति देखायो भने गायत्री श्रेष्ठको समालोचनासङ्ग्रह **केही कृति : आफ्नै देष्टि** (२०६५) को विमोचन गराएको छ । यसैगरी

---

[१२९] जनसांस्कृतिक महासङ्घकी केन्द्रीय सदस्य नमूना शर्माले मिति २०६६ मंसिर ३ गते दिनु भएको जानकारी ।

[१३०] धनेश्वर भट्टराई (सम्पा.), *प्रगतिशील लेखक सङ्घ नेपालको नीति र उद्देश्य* , **प्रलेश : चितवन** (वर्ष ३ अङ्क २, २०६६), पृ.१०७ ।

[१३१] प्रगतिशील लेखक सङ्गठन चितवनका अध्यक्ष डि.आर. पोखरेलले मिति २०६६।८।२९ गते शोधार्थीलाई उपलब्ध गराउनु भएको जानकारी ।

सङ्घको केन्द्रीय समितिले ०६६ वैशाखमा आयोजित  राष्ट्रव्यापी 'अँध्याराका विरूद्ध कविता वाचन तथा नाटक प्रर्दशनी'को नारायणगढमा संयोजन गरी प्रस्तुत गऱ्यो ।[१३२]

### ३.६.४.४ एकीकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ, चितवन

सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद विरोधि साहित्य कला र संस्कृतिको विकास गर्ने उद्देश्यले प्रगतिशील, प्रगतिवादी , अग्रगामी साहित्यकारहरूको संस्थाको रूपमा चितवनमा पनि **एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ** गठन गरिएको छ । केन्द्रीयस्तरमा २००९ सालतिर यस संस्थाको स्थापना भए पनि चितवनमा भने २०४७ सालमा कवि कृष्ण सेन 'इच्छुक'को उपस्थितिमा  यस संस्थाको  स्थापना भएको हो । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) निकटको भातृसङ्गठनकोरूपमा क्रियाशील रहेका अखिल नेपाल लेखक संघ, अखिल नेपाल कलाकार संघ, शिवशारदा सांस्कृतिक परिवार र अखिल नेपाल ललितकला संघको महासंघको रूपमा  अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र एकताकेन्द्र मसालको निकटको भातृसङ्गठन  प्रगतिशील सांकृतिक संगठनको  रूपमा  अलग अलग रूपमा आफ्ना गतिविधि सञ्चालन गर्दै आएका यी संस्थाले नेपाल कम्युनिस्ट पार्टी माओवादी र एकता केन्द्र मसालबीच एकता भई  एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) गठन भएपछि ०६६ सालमा यी साहित्यिक संस्थाहरूको पनि एकीकरण भयो । हाल यो संस्था एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनको नाउँबाट क्रियाशील रहको छ । महासङ्घको विधानप्रति आस्थावान र स्वतन्त्र साहित्यिक व्यक्तिहरू संस्थाको सदस्य बन्न सक्ने प्रावधानअनुरूप हाल जिल्लामा ३३ जनाले यस संस्थाप्रति आवद्धता जनाएका छन् । यहाँ इन्द्र रेग्मी संयोजक र पोषराज पौडेल सह संयोजक रहेर यस संस्थाको नेतृत्व प्रदान गरिरहनु भएको छ ।

महासङ्घले विगतमा सञ्चालन गरेको 'घरदैलो साहित्यिक कार्यक्रम' र अ.ने.सङ्घले सञ्चालन गदैआएको 'शारदा साहित्य यात्रा' लाई समायोजन गरी 'शारदा घर दैलो प्रतिभा प्रवाह' नामकरण गरी सञ्चालन गरिरहेको छ । एकीकृत पूर्व सञ्चालन भएको घरदैलोको ६४औं श्रृङ्खलालाई निरन्तरता दिदै पछिल्लो पटक ०६६ कार्तिकमा ७१औं श्रृङ्खला पुऱ्याएको छ । यसले आफ्नो मुखपत्रका रूपमा **स्रष्टा**लाई निरन्तरता दिने बताएको छ । यसैगरी महासङ्घले ५ लाखको अक्षयकोष स्थापना गरी **शारदा स्मृति पुरस्कार**को स्थापना गर्ने लक्ष्य राखेको छ र सोका लागि २ लाख जम्मा भइसकेको जनाएको छ ।[१३३]

## ३.७ निष्कर्ष

आदिवासी थारू र चेपाङ जातिको बसोवास रहेको चितवनमा वि.सं.२०११ मा रापतीदून विकास परियोजनाले विकास निर्माणका पुर्वाधारहरू थालेपछि चितवनमा सबैकुराको विकास हुन थाल्यो । अलिखित रूपमा रहेका लोकसाहित्य पनि लिखितरूपमा आउनथाले भने साहित्यका अन्य विधाका विविध कृतिहरू पनि प्रकाशन हुन थाले । कृष्णवम मल्ल र जनकलाल शर्माले चितवनबारे लेखेका **रापती उपत्यका** (२०१४), कलानाथ अधिकारीको थारूलोककथा **जितियापावनी** (२०१६)को जगमा रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्य सम्मेलन (२०२२),

---

[१३२] नेपाली लेखक सङ्घका नारायणी अञ्चल संयोजक डा.लक्ष्मणप्रसाद गौतमले शोधार्थीलाई मिति २०६६।५।३ गते दिनु भएको जानकारी ।

[१३३] मिति २०६६ ।७। १६ गते एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासंघ चितवनका सह संयोजक पोषराज पौडेलले शोधार्थीलाई दिनु भएको जानकारी ।

जिल्लास्तरीय साहित्यगोष्ठी (२०२४) जस्ता कार्यक्रमका पृष्ठभूमिमा प्रेमविनोद नन्दनको गीतसङ्ग्रह **सपनीबाट व्यूझेर** (२०२३) हुदैं करिव दुईसय पुस्तक प्रकाशन तथा चितवन हाइस्कुलका विद्यार्थीहरूले निकालेका **चितवनको चिनो** (२०२१) जस्तापत्रिका लगायत **दोभान** (२०२५) आदि हुँदै दर्जनौ साहित्यिक पत्रिकाको प्रकाशन भइसकेका छन् ।

जिल्लामा शिक्षाको जागरण, अन्यत्रबाट चितवन बसाई सर्ने प्रवृति, साहित्य कला प्रतिको अनुराग, आर्थिक सामाजिक राजनीतिक रूपमा अगाडि बढ्दै जाँदा साहित्य रचना, प्रकाशन आदिको क्रमसङगसङ्गै साहित्यिक सङ्घ संस्थाहरू स्थापना हुने क्रम पनि अगाडि बढ्यो ।वि.सं.२०१६ सालमा नारायणी पुस्तकालय, वि.स.२०१८ सालमा नारायणी कला मन्दिर आदिको स्थापना सँग सँगै पत्रपत्रिका, पुस्तक प्रकाशन, साहित्य सिर्जना , कला आदिको संस्थागत विकास गराउँन यी संस्थाहरू मार्गनिर्देशक बन्न पुगे । राजनीतिक प्रतिकूलता र स्रष्टाहरूमा वैचारिक उच्चताले साहित्यिक संस्थाहरूको स्थापना भएको पाइन्छ । वि.सं.२०४४ सालमा साहित्य सङ्गम चितवनको स्थापना भयो । लगत्तै वि.सं.२०४५ मा चितवन साहित्य परिषद् स्थापना भई जिल्ला कार्यालय चितवनमा दर्ता समेत गराई साहित्यिक संस्थालाई वैधानिकरूपमा अगाडि बढाउने काम भए ।

मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएपछि दर्जनौ साहित्यिक संस्थाहरूको स्थापना भए । यसक्रममा कतिपय संस्थाहरू स्थापना भएका सुरूका वर्षमा साहित्यिक गतिविधि बढाएका र पछि सुस्ताउँदै गएको पाइन्छ । चितवन वाङ्मय प्रष्ठिान, वाल्मीकि साहित्य सदन, अभिव्यञ्जना साहित्य प्रष्ठिानलगायत आधा दर्जन भन्दा बढि दर्ता भएका र हाम्रो मझेरी साहित्य प्रष्तिठान, अक्षर समूह, मद्य क्षितिज वाङ्मय  प्रतिष्ठानलगायत दर्जनौं संस्थाहरूले संस्था दर्ता नगरी पनि आफ्नो साहित्यिक कार्यक्रम सञ्चालन गर्दै यहाँको साहित्यिक श्रीवृद्धिमा योगदान पु¥याएका छन् । यसैगरी गैर साहित्यिक उद्देश्यले संस्था खोलिए पनि नारायणी कला मन्दिर, रामेश्वर पुस्कालय तथा वाचनालयल एवम राजनीतिक विचारधाराबाट स्थापिना भएका साहित्यिक संस्थाहरूले पनि यहाँको साहित्यलाई माथि उकास्न मद्धत पुगेको छ ।

चितवनबाट गद्य, पद्य र मिश्रित रूपमा करिव दुईसय पुस्तकहरू प्रकाशन भएका छन् । यहाँबाट प्रकाशित पुस्तक र पत्रपत्रिकाको सङ्ख्या मात्र बढेको नभई साहित्यका विधागत विविधता र  गुणस्तरमा पनि वृद्धि भएको भएका छन् ।  यहाँको साहित्यको प्रचार प्रसार तथा सम्बर्धनमा स्थानीय एफ् एम.रेडियोहरू, पत्रपत्रिका, स्मारिका, मुखपत्र आदिको पनि उल्लेखनीय भूमिका रहेको छ । कृतिको मूल्याङ्कन, प्रतिभाको सम्मानका लागि यहाँ स्थापना गरी वितरण गरिएका पुरस्कार तथा सम्मान आदि कार्य पनि स्तुत्य छन् ।

संस्था स्थापना गर्नु तर त्यसलाई विधिसम्मत रूपमा दर्ता नगर्नु, पत्र पत्रिका निकाल्नु तर निरन्तरता दिन नसक्नु, पुस्तक प्रकाशन गर्नु तर तिनलाई उचित प्रचार प्रसार गर्न नसक्नु, पुरस्कार वितरणका क्रममा कतिपय अवस्थामा आग्रह पूर्वाग्रहबाट मुक्त हुन नसक्नु, प्रतिभा छनौटका पर्याप्त आधारहरू सार्वजनिक गर्न नसक्नु, साहित्य कला जस्तो विशुद्ध सिर्जना क्षेत्रलाई पनि राजनीति निरपेक्ष बनाउन नसक्नु, आर्थिक अवस्थालाई मजबुत बनाउन नसक्नु, यहाँबाट प्रकाशित कतिपय कृतिहरू व्यावसायिक नभई ‘रहर पूरा गर्न प्रकाशित गर्नु र उपहारस्वरूप वितरण गर्नु’ मा सीमित रहनु चितवनको साहित्य र यहाँका  साहित्यिक सङ्घ संस्थाका सीमा हुन् ।

## परिच्छेद : चार

# चितवन साहित्य परिषद्को परिचयात्मक विवरण

# परिच्छेद : चार

## चितवन साहित्य परिषद्को परिचयात्मक विवरण

### ४.१ पृष्ठभूमि

आदिवासी जनजाति थारू, चेपाङ्ग, दराई, कुमाल, बोटेहरूको बसोवास रहेको चितवनमा लेख्य परम्पराको साहित्य थिएन । रापतीदून विकास परियोजना सुरू भएपछि पहाडी जिल्लाका मानिसहरू चितवन आउन थाले । त्यहाँका प्रतिभाहरूले आफूसँग भएको प्रतिभा पनि सँगै ल्याए । परियोजनाका जनकलाल शर्मा र कृष्णबम मल्लले वि.सं. २०११ सालमा **रापती उपत्यका** त निकाले तर त्यो साहित्यिक थिएन । वि.सं.२०१६ सालमा कलानाथ अधिकारीको **जितिया पावनी**बाट सुरु भएको चितवनको लेख्य साहित्यले पुस्तक, मुखपत्र तथा पत्रपत्रिकाको प्रकाशन, पुस्तकालय तथा विभिन्न शैक्षिक प्रतिष्ठानहरूको स्थापना भए पनि साहित्यलाई संस्थागत गर्ने प्रयास भएको थिएन ।

वि.सं.२०२२ सालमा रामपुरमा भएको राष्ट्रिय कवि सम्मेलन, ०२४ सालमा भरतपुरमा भएको जिल्लास्तरीय कवि गोष्ठीको पृष्ठभूमिमा साहित्यप्रति स्रष्टाहरूको रुचि बढिरहेको थियो । एकातिर मुलुकमा पञ्चायती शासन व्यवस्था थियो, दलमाथि प्रतिवन्ध लगाइएको र अभिव्यक्ति स्वतन्त्रता नभएको बेला यसलाई संस्थागत गर्नु एक किसिमको चुनौति थियो भने सर्जकहरूमा क्रमशः साहित्यप्रतिको अनुराग बढ्दै थियो । उता जिल्ला सदरमुकाममा प्रत्येक वर्ष राष्ट्रिय पर्वहरूको उपलक्ष्यमा साहित्यिक कार्यक्रम सञ्चालन हुन्थे । त्यसको जिम्मेवारी सदरमुकामका विद्यालयका प्रधानाध्यापक तथा प्राध्यापकहरूले गर्न जिम्मा लिनुपर्ने थियो ।

'आजको चितवनलाई प्रतिनिधि,व गर्ने साहित्यिक गतिविधिको अभाव खड्किदो विषय छ ' र ' भाषा साहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मान्न सकिन्छ' जस्ता आपसमा विरोधाभाष कुरालाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न चितवन साहित्य परिषदको गठन भएको हो ।[१३४] वि.सं. २०४४ साल फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा आयोजित साहित्यिक कार्यक्रमको समापन समारोहमा एउटा साहित्यिक संस्थाको स्थापना गर्ने र आयन्दा यस्ता कार्यक्रमहरू सञ्चालनगर्न सोही संस्थाको जिम्मा लगाउने केदारनाथ खनालको प्रस्तावको मूर्तरूप नै आजको चितवन साहित्य परिषद् र यसको गतिविधि हो ।

### ४.२ प्रथम बैठक

जिल्ला सदरमुकाममा प्रत्येक वर्ष राष्ट्रिय प्रजातन्त्र दिवस, श्री ५ वीरेन्द्र तथा ऐश्वर्यको जन्मोत्सव, बाल दिवस, सामाजिक सेवा दिवस, संविधान दिवस आदि विभिन्न पर्वहरूको उपलक्ष्यमा साहित्यिक कार्यक्रम सञ्चालन गर्न जिम्मा लिनुपर्ने केही प्रधानाध्यापक र प्राध्यापकहरूको सल्लाह बमोजिम २०४२/०४३ सालदेखि नै साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको हो ।[१३५] वि.सं. २०४४ साल फागुन ७ गते प्रजातन्त्र दिवसका उपलक्ष्यमा

---

[१३४] हिरण्यगर्भः, *वागीश्वरी एक समीक्षा,* **सम्प्रेषण** , ( वर्ष ३, अङ्क ३, २०५०) पृ. उल्लेख नभएको ।

[१३५] केदारनाथ खनाल : *वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घ-संस्थाहरू,* **चितवन महोत्सव स्मारिका,** (२०६१), पृ.३१ ।

आयोजित साहित्यिक कार्यक्रमको समापन समारोहमा संयोजक (केदारनाथ खनाल) को हैसियतले एउटा साहित्यिक संस्थाको स्थापना गर्ने र आयन्दा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सोही संस्थाको जिम्मा लगाउने व्यवस्था भए राम्रो हुन्थ्यो भन्ने प्रस्ताव राखिएको र उपस्थित भेलाले ताली पिटेर समर्थन गऱ्यो ।[१३६] मदनमणि दीक्षितसमेतको उपस्थितिमा सम्पन्न गोष्ठीमा सूर्यमणि अधिकारीको संयोजकत्वमा विधान मस्यौदा समिति समेत बन्यो ।[१३७] त्यसपछि वि.सं.२०४५ फागुन २१ गते शुक्रवारका दिन गत संविधान दिवसका सर्न्दभमा आयोजित कविगोष्ठीको अवसरमा गठित चितवन साहित्य परिषद् पूर्व तयारी समितिको प्रथम बैठक कोमलनाथ कोइरालाको अध्यक्षतामा बस्यो । सोही बैठकले आगामी फागुन २८ गते शनिबारका दिन चितवन जिल्लाका लव्धप्रतिष्ठ साहित्यकारहरूको भेला चितवन छापाखानामा गर्ने र सोका लागि पत्राचार गर्न केदारनाथ खनाललाई सुम्पने[१३८] निर्णय गऱ्यो ।

## ४.३ चितवन साहित्य परिषद्को स्थापना तथा संस्थापकहरूको भेला

वि.सं.२०४५ फागुन २८ गते शनिवारका दिन पूर्वनिर्धारित कार्यक्रमअनुसार भरतपुर स्थित केदारनाथ खनालको निवास चितवन छापाखानामा चितवन जिल्लाकाका लब्धप्रतिष्ठित २७ जना साहित्यकारहरूको भेला भयो । भेलामा निम्नानुसारका व्यक्तिहरूको उपस्थिति रहेको थियो :[१३९]

१ श्री कोमलनाथ कोइराला
२) श्री प्रेमविनोद नन्दन
३) श्री केदारनाथ खनाल
४) श्री नरबहादुर ‘पिपासा’
५) श्री विजयराज भट्टराई
६) श्री रेशम ‘विरही’
७) श्री लक्ष्मीकान्त शर्मा पौडेल
८) श्री सूर्यमणि अधिकारी
९) श्री श्यामानन्द पौडेल
१०) श्री हरिप्रसाद बुढाथोकी
११) श्री भागवतशरण न्यौपाने
१२) श्री रामबाबु घिमिरे

---

१३६ केदारनाथ खनाल :*सूर्यमणि शिक्षा साहित्य र इतिहासका त्रिवेणी* , **प्रा.डा. सूर्यमणि अधिकारी स्मृतिग्रन्थ** (चितवन : प्रा.डा. सूर्यमणि अधिकारी स्मृति फाउन्डेसन २०६५), पृ ६४ ।

१३७ ऐजन ।

१३८ केदारनाथ खनालले उपलब्ध गराउनु भएको निर्णयपुस्तिकाबाट ।

१३९ ऐजन ।

१३) श्री प्रेमराज कोइराला
१४) श्रीमती गायत्री श्रेष्ठ
१५) श्री बालमुकुन्द पोखेल
१६) श्री भीष्मप्रसाद ढुङ्गाना
१७) श्री गोरखबहादुर सिंह
१८) श्री तिलकराज शर्मा
१९) श्री गोविन्दप्रसाद भट्टराई
२०) श्री कपिलमणि रेग्मी
२१) श्री मोहन बन्जाडे
२२) श्री आत्माराम पाण्डे
२३) श्री रामशरण पाठक
२४) श्री भीष्मकान्त अधिकारी
२५) श्री राजकृष्ण कँडेल
२६) श्री विष्णुप्रसाद 'भूषण'
२७) श्री भीष्म श्रेष्ठ

माथि उल्लिखित साहित्यकारहरूको भेलाले कोमलनाथ कोइरालाको अध्यक्षतामा ११ सदस्यीय चितवन साहित्य परिषद्को तदर्थ समिति गठन गर्‍यो ।[१४०]

### ४.४ नामकरण तथा संस्थादर्ता

चितवन साहित्य परिषद्को नामकरण साधरण अर्थमा राखिएको पाइन्छ । जिल्लामा यसअघि कुनै साहित्यिक संस्थानभएको र साहित्यको संस्थागत विकास गर्ने प्रयत्न स्वरूप चितवन जिल्लाको साहित्यिक प्रतिभा पहिचान, लेखन तथा प्रकाशन र तिनको संरक्षण गर्न उपयुक्त संस्थाको आवश्यकता बोध भएर चितवनलाई संबोधन गरेर **चितवन साहित्य परिषद्**को नामकरण गरिएको हो ।[१४१] यो संस्थाको मिति २०४६।२।३१ गते जिल्ला कार्यालय, चितवनमा दर्ता भयो ।[१४२] यो नै चितवन जिल्लाको पहिलो दर्ता भएको साहित्यिक संस्था हो ।[१४३]

## ४.५ उद्देश्यहरू

जिल्लाका साहित्यिक गतिविधिलाई संस्थागत र व्यवस्थित रूपमा सञ्चालन गर्ने प्रारम्भिक सोचअनुरूप चि.सा.प.को गठन भएको हो । यस संस्थाले प्रमुख रूपमा निम्नानुसारका उद्देश्य राखेको देखिन्छ :[१४४]

क) जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको व्यक्ति**,**व एवम् कृतित्वको

---

१४० ऐजन ।

१४१ मिति २०६६।२।१३ गते चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई उपलब्ध गराउनु भएको जानकारी अनुसार ।

१४२ **वागीश्वरी** (वर्ष १ अंक १, २०४७ ), पृ. इ ।

१४३ केदारनाथ खनाल , ऐजन ।

१४४ *चि.सा.प.को विधान २०४६ दोस्रो संसोधन २०५४,* **वागीश्वरी** (वर्ष १०, अङ्क ६ , २०५५), पृ. १०७ ।

अभिलेख राख्ने, सम्मान गर्ने, पुरस्कृत गर्ने र साहित्यसिर्जनामा प्रोत्साहन गर्ने ।

ख) नेपाली र स्थानीय भाषा तथा साहित्यको क्षेत्रमा अध्ययन, अनुसन्धनात्मक कार्यहरू गर्ने ।

ग) सामयिक रूपमा साहित्यकारहरूको भेला गर्ने ।

घ) साहित्यको संस्थागत विकासका लागि साहित्य-गोष्ठी तथा प्रतियोगिताहरूको आयोजना गर्ने ।

ङ) साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरू प्रकाशन गर्ने ।

च) भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने ।

छ) अञ्चल एवम् राष्ट्रियस्तरका साहित्यिक सङ्घ-संस्थासँग सम्पर्क राखी साहित्यिक क्रियाकलापको अभिवृद्धि गर्ने ।

## ४.६ सदस्यता

चि.सा.प.ले कुनै पनि नेपाली नागरिकले संस्थामा दिएको योगदान, नेपाली भाषा साहित्यमा पुऱ्याएको योगदान, क्रियाशीलता आदिको मूल्याङ्कन गर्दै कार्यसमितिको बैठकले विभिन्न किसिमका सदस्यता प्रदान गर्ने गरेको छ । १८ वर्ष उमेर पुगेको नेपाली नागरिक, मगज नबिग्रेको, नैतिक पतन देखिने फौजदारी अभियोग सजायँ नपाएको, चि.सा.प.को विधानवमोजिम काम गर्न इच्छुक, चितवन जिल्लामा बसोवास गरेको वा कुनै व्यवसाय गरी वसेको र साहित्यमा अभिरूचि भएको व्यक्तिले सदस्यता प्राप्त गर्न सक्दछ । यसैगरी विधानले मानसिक असन्तुलन भएमा, स्वेच्छाले राजिनामा दिई स्वीकृत भएमा, सदस्यको मृत्यु भएमा, साधरणसभाको दुईतिहाइ बहुमतले सदस्यताबाट हटाउने निर्णय गरेमा, परिषद्को विधान र हित विपरित कार्य गरेमा, साधरण सदस्यको हकमा सदस्यता नवीकरण नगराएमा स्वतः सदस्यता खारेज हुने व्यवस्था गरेको छ । यसैगरी आजीवन सदस्यको हकमा परिषदको हित विपरित कार्य गर्न खोजेमा वा गरेको पर्याप्त कारण भएमा कार्यसमितिको निर्णयले सदस्यता निलम्वन गर्नेछ । चि.सा.प.को विधानले चार किसिमका सदस्यहरूको व्यवस्था गरेकोछ । यसअनुसार मानार्थ, सम्मानित, आजीवन र साधरण सदस्यताको व्यवस्था रहेको छ ।[१४५]

### ४.६.१ मानार्थ सदस्यहरू

चि.सा.प.को अक्षयकोषको लागि घटीमा रू एक लाख नगद रकम वा सो बराबरको स्थायी सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई सम्मानित सदस्यता प्रदान गरिन्छ । यसरी सदस्यता प्राप्त गर्ने सदस्यले कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।[१४६] चि.सा.प.ले हालसम्म निम्नलिखित व्यक्तिहरूलाई मानार्थ सदस्यता प्रदान गरेको छ :[१४७]

**तालिका नं. १**

---

[१४५] ऐजन , पृ.१०८ ।

[१४६] ऐजन , पृ.१०९ ।

[१४७] **वागीश्वरी** (वर्ष १९ अङ्क १६, २०६५), पृ.१४८ ।

### चि.सा.प.का मानार्थ  सदस्यहरू

| क्र.सं. | नाम थर | ठेगना |
|---|---|---|
| १ | स्व.गञ्जसिंह गुरूङ | शारदानगर |
| २ | स्वामी कृष्णानन्द भारती | भ.न.पा.४, चितवन |

### ४.६.२ सम्मानित सदस्यहरू

चि.सा.प.को कार्यसमितिको बहुमतको सिफारिसमा वरिष्ठ विद्वान् एवम् साहित्यकारलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने र यसरी सदस्यता प्राप्त गर्ने सदस्यले कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुन नपाइने[१४८]भन्ने व्यवस्था गरिएको छ । हाल परिषद्का निम्नानुसार व्यक्तिहरू मानार्थ सदस्य रहेका छन् :[१४९]

### तालिका नं. २
### चि.सा.प.का सम्मानित सदस्यहरू

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | उपेन्द्र श्रेष्ठ | भ.न.पा.३, चितवन हाल काठमाण्डौ |
| २ | द्वारिका श्रेष्ठ | भ.न.पा.३, चितवन हाल काठमाण्डौं |

### ४.६.३ आजीवन सदस्यहरू

चि.सा.प.को साधरण सदस्यको योग्यता पुगेका (१८ वर्ष उमेर पुगेका नेपाली नागरिक, मगज नबिग्रेको, नैतिकपतन देखिने फौजदारी  अभियोगमा  सजायँ नपाएको, चि.सा.प.को विधान वमोजिम काम गर्न इच्छुक, चितवन जिल्लामा बसोवास गरेको वा कुनै व्यवसाय गरी वसेको, साहित्यमा अभिरूची भएको र चि.सा.प.सङ्ग सम्मबद्ध रही लगातार पाँच वर्षसम्म साहित्यिक गतिविधिमा सक्रिय रही सेवा गरेको) व्यक्तिले रू ५००।- रकम बुझाई आजीवन सदस्य बन्न सक्ने व्यवस्था गरेको छ ।[१५०] हाल परिषद्मा निम्नानुसार व्यक्तिहरू आजीवन सदस्य  रहेका छन्[१५१] :

### तालिका नं. ३
### चि.सा.प.का आजीवन  सदस्यहरू

---

[१४८] चि.सा.प.को विधान, ऐजन, पृ.१०९ ।

[१४९] **वागीश्वरी**, पूर्ववत् पृ. १४८ ।

[१५०] चि.सा.प.को विधान , ऐजन , पृ.१०९ ।

[१५१] **वागीश्वरी**, (वर्ष २०, अङ्क, १७,२०६६), पृ.१३६-१३८ ।

| क.सं. | नाम थर | ठेगना |
|---|---|---|
| १ | केदारनाथ खनाल | भ.न.पा.१०, चितवन |
| २ | कपिल अज्ञात | भ.न.पा.१२, चितवन |
| ३ | सुरेन्द्र अस्तफल | भ.न.पा.७, चितवन |
| ४ | गणेशप्रसाद | भ.न.पा.१४, चितवन |
| ५ | धाराज गिरी | बच्छौली , चितवन |
| क.सं. | नाम थर | ठेगना |
| ६ | प्रभातकुमार जोशी | भ.न.पा.३, चितवन |
| ७ | मणिराम शर्मा काफ्ले | भ.न.पा.१०, चितवन |
| ८ | डी.डी.शर्मा ( विश्वराज पौडेल) | भ.न.पा.८,पारसनगर , चितवन |
| ९ | सरस्वती रिजाल | भ.न.पा.२, आँपटाडी , चितवन |
| १० | रमेश प्रभात | मंगलपुर , चितवन |
| ११ | श्रीभक्त अच्युत वाग्ले | भ.न.पा.४,बेलचोक, चितवन |
| १२ | राजकृष्ण कँडेल | भ.न.पा.७,कृष्णपुर, चितवन |
| १३ | प्रेमविनोद नन्दन | भ.न.पा.३,नारायणगढ, चितवन |
| १४ | गायत्री श्रेष्ठ | भ.न.पा.३,नारायणगढ, चितवन |
| १५ | नवराज ढुङ्गना | भ.न.पा.१४,गुलाफवाग, चितवन |
| १६ | युवराज अर्याल | भ.न.पा.१४,गुलाफवाग, चितवन |
| १७ | गोविन्दराज विनोदी | गैँडाकोट-८, नवलपरासी |
| १८ | तुलसीप्रसाद न्यौपाने | भ.न.पा.९,शरदपुर, चितवन |
| १९ | कुलप्रसाद ढुङ्गाना | भ.न.पा.१०, दीपेन्द्रनगर, चितवन |
| २० | उत्सवराज खरेल | र.न.पा.२, चितवन |
| २१ | नारायणदत्त शास्त्री | भ.न.पा.२, चितवन |
| २२ | नारायणप्रसाद खनाल | भ.न.पा.६, लङ्कु, चितवन |
| २३ | केशवराज भट्टराई 'आमोदी' | र.न.पा.१३, माधवपुर, चितवन |
| २४ | एल.बी. क्षेत्री | भ.न.पा.१४,कविडाँडा, चितवन |
| २५ | बुद्धिनाथ कोइराला | भ.न.पा.९,शरदपुर, चितवन |
| २६ | जीवनराज वाग्ले | र.न.पा., चितवन |
| २७ | बालकृष्ण थपलिया | सल्यानटार- १, धादिङ, हाल चितवन |
| २८ | विजयराज भट्टराई | हाल काठमाण्डौ |
| २९ | दीनबन्धु अर्याल | भ.न.पा.७, कृष्णपुर, चितवन |
| ३० | तिलकराज शर्मा | र.न.पा., चितवन |
| ३१ | स्व.धर्म प्रधान 'अकिञ्चन' | भ.न.पा.१, चितवन |
| ३२ | हिक्मत थापा | र.न.पा., चितवन |
| ३३ | तेजराज सुवेदी | भ.न.पा.७, चितवन |
| ३४ | विमलप्रकाश देवकोटा | पटिहानी , चितवन |
| ३५ | भानुप्रकाश जोशी | भ.न.पा.३,नारायणगढ, चितवन |
| ३६ | नरेन्द्रराज पौडेल | हाल काठमाण्डौ |

| | | |
|---|---|---|
| ३७ | अर्जुनमणि पौडेल | माडी, चितवन |
| ३८ | इन्द्रलाल श्रेष्ठ 'अद्वितीय' | भ.न.पा.४,बेलचोक, चितवन |
| ३९ | ऋषिप्रसाद लामिछाने 'गोर्खेसाँहिलो' | भ.न.पा.४,विसालमार्ग, चितवन |
| ४० | प्रकाश पौडेल 'माइला' | ज्योतिनगर, चितवन |
| ४१ | भागवतशरण न्यौपाने | भ.न.पा.१२, चितवन |
| ४२ | शीतल कादम्विनी | ह्ल काठमाण्डौं |
| **क्र.सं.** | **नाम थर** | **ठेगना** |
| ४३ | कृष्ण महत | भ.न.पा.१२, चितवन |
| ४४ | होमनाथ सापकोटा 'सिद्धार्थ' | भ.न.पा.१२, चितवन |
| ४५ | कल्पना अधिकारी | र.न.पा, चितवन |
| ४६ | लक्ष्मणप्रसाद गौतम | भ.न.पा.१०, चितवन, हाल काठमाण्डौ |
| ४७ | बुद्धिनाथ अधिकारी | भ.न.पा.१३, चितवन |
| ४८ | होमनाथ पौडेल | भ.न.पा.१०, चितवन |
| ४९ | श्यामजी अतिथि | भ.न.पा.१२, चितवन |
| ५० | पुष्प आचार्य | मङ्गलपुर , चितवन |
| ५१ | सामना पहाड | र.न.पा, चितवन |
| ५२ | दीपकप्रसाद  गौतम | भ.न.पा.५, चितवन, चितवन |
| ५३ | पदमप्रसाद अर्याल | भरतपुर ९ शरदपुर, चितवन |
| ५४ | उपेन्द्र रिजाल | भ.न.पा.२, आँपटाडी, चितवन |
| ५५ | देवीदास अधिकारी | भ.न.पा.५, लङ्क, चितवन् |
| ५६ | पूर्णप्रसाद अधिकारी | भ.न.पा.१०, भरतपुर, चितवन |
| ५७ | गोपाल पौडेल | भ.न.पा.१३, गुलाफवाग, चितवन |
| ५८ | किसान प्रेमी | भ.न.पा.१२, चितवन |
| ५९ | जगन्नाथ पण्डित | भ.न.पा.१०, चितवन |
| ६० | रामबाबु घिमिरे | र.न.पा-२,  चितवन |
| ६१ | रेशमलाल श्रेष्ठ | भ.न.पा.२, नारायणगढ बसपार्क, चितवन |

### ४.६.४ साधरण सदस्यहरू

१८ वर्ष उमेर पुगेका नेपाली नागरिक, मगज नबिग्रेको, नैतिकपतन देखिने फौजदारी अभियोगमा सजायँ नपाएको, चि.सा.प.को विधानबमोजिम काम गर्न इच्छुक, चितवन जिल्लामा बसोवास गरेको वा कुनै व्यवसाय गरी वसेको र साहित्यमा अभिरुचि भएका व्यक्तिलाई कार्यसमितिले तोकेको शुल्क तिरी अनसूची २ बमोजिम फारम भरेका व्यक्तिलाई कार्यसमितिको निर्णयले चि.सा.प.को साधरण सदस्यता प्रदान गर्न सक्छ । यसरी सदस्यता प्राप्त गरेका व्यक्तिहरूले दुईवर्षको एकपटक सदस्यता नवीकरण गर्नुपर्ने छ ।[१५२] हाल परिषद्मा निम्नानुसार व्यक्तिहरू साधरण  सदस्य रहेका छन् :[१५३]

---

[१५२] चि.सा.प.को विधान , ऐजन , पृ.११० ।

[१५३] **वागीश्वरी**, पूर्ववत्  पृ.१३८ ।

**तालिका नं. ४**
**चि.सा.प.का साधरण सदस्यहरू**

| क्र.सं. | नाम थर | ठेगना |
|---|---|---|
| १ | चिरञ्जीवी श्रेष्ठ | भ.न.पा.४, चितवन |
| २ | चन्द्रविलास अधिकारी | भ.न.पा.१०, चितवन |
| **क्र.सं.** | **नाम थर** | **ठेगना** |
| ३ | जगन्नाथ पण्डित | भ.न.पा.१२, चितवन |
| ४ | भूपिन व्याकुल | बलेवा स्याङ्जा, हाल भरतपुर, चितवन |
| ५ | विनोद अनुज | भ.न.पा.५, लङ्कु, चितवन |
| ६ | विश्वराज लम्साल | गैडाकोट, नवलपरासी |
| ७ | जमुनाकुमारी जोशी | भ.न.पा.१०, चितवन |
| ८ | हुसैन खाँ | भ.न.पा.४, गणेशमार्ग, चितवन |

## ४.७ चि.सा.प.को साधरणसभा, नेतृत्व र सल्लाहकारहरू

चि.सा.प.को विधानबमोजिम सदस्यता पाएका व्यक्तिहरूको वर्षको एकपटक साधरणसभा बस्ने व्यवस्था गरेको छ । साधरणसभाले वार्षिक कार्यप्रगति समीक्षा र वार्षिक कार्यक्रमका विषयमा छलफल गरी बजेट स्वीकृत गर्ने, लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने, लेखापरीक्षक नियुक्त गरी पारिश्रमिक तोक्ने आदि काम गर्ने व्यवस्था गरेको छ । साधरणसभाले परिषद्को सामान्य उद्देश्य प्राप्तिको लागि दैनिक काम कारवाही सुव्यवस्थित रूपमा सञ्चालन र समन्वय गर्न कार्यसमिति चुन्ने काम गर्दछ । कार्यसमितिले निर्वाचनका लागि परिषद्का कुनै एक सदस्यको संयोजकत्वमा आवश्यक संख्या भएको निर्वाचन समिति गठन गर्नेछ । कार्यसमितिको कार्यकाल दुई वर्षको हुने र कारणवश कार्यसमिति गठन हुन नसकेमा साधरण सभाका सदस्यहरू मध्येबाट समिति गठन गरी कार्य सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । साधरणसभामा पहिलो पटक एकाउन्न प्रतिशत, दोस्रो पटक एक तिहाइ र तेस्रो पटक जतिसुकै सदस्य उपस्थित भए पनि साधरणसभाको गणपुरक संख्या मानिने व्यवस्था गरेको छ । यसैगरी परिषद्लाई मार्गनिर्देश गर्न, सुझाव दिन कार्यसमितिको सिफारिसमा साधरणसभाले बढीमा ५ जनासम्म सल्लाहकार मनोनित गर्ने व्यवस्था गरेको छ ।[१५४] तर परिषद्को पाचौं, सातौं र आठौं साधरणसभापछि गठन भएका कार्यसमितिले ७ जनासम्म सल्लाहकार मनोनित गरेको पाइएको छ ।

### ४.७.१ प्रथम कार्यसमिति ( तदर्थ समिति )

---

[१५४] चि.सा.प.को विधान , ऐजन , पृ.११०-११५ ।

मिति २०४५।११।२८ गते जिल्लाका लब्धप्रतिष्ठित २७ जना साहित्यकारहरूको भेला केदारनाथ खनालको निवास चितवन छापाखाना भरतपुरमा सम्पन्न भयो । भेलाले कोमलनाथ कोइरालाको अध्यक्षतामा ११ सदस्यीय निम्नानुसार तदर्थ समिति गठन गऱ्यो [१५५] :

अध्यक्ष श्री कोमलनाथ कोइराला
उपाध्यक्ष श्री प्रेमविनोद नन्दन
सचिव श्री केदारनाथ खनाल
सहसचिव श्रीमती गायत्री श्रेष्ठ
कोषाध्यक्ष श्री लक्ष्मीकान्त शर्मा
सदस्यहरू श्री तिलकराज शर्मा
श्री आत्माराम पाण्डे
श्री विजयराज भट्टराई
श्री भागवतशरण न्यौपाने
श्री रेशम 'विरही' घिमिरे
श्री नरबहादुर 'पिपासा'

### ४.७.२ दोस्रो अधिवेशन

वि.सं.२०४६।२।१२ गते बसेको चि.सा.प.को बैठकमा 'प्रजातन्त्रको पुनस्थापनाको सूर्योदयलाई हार्दिक अभिनन्दन गर्दै जनआन्दोलनका क्रममा वीरगति प्राप्त गरेका अमर सहिदहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गरी'[१५६]आफ्नो विधानमा पनि फेरबदल गऱ्यो । 'तत्कालीन पञ्चायती व्यवस्थामा अञ्चलाधीश, प्र.जि.अ., जिल्ला पञ्चायतका सभापतिको नुकुलताअनुसार संस्था खोल्न पर्थ्यो । संस्थाको विधानमा उनीहरूलाई यथासम्मान नदिइए वा नाम नलिइए संस्था दर्ता हुनै सक्दैनथ्यो । यस्ता बाध्यता भएर नै परिषद्को सल्लाहकारहरूमा उनीहरूलाई पदेन हिसावले राखिएको थियो । तर बहुदल आएपछि पञ्चायती राग आउने सबै दफा हटाइयो ।'[१५७] बैठकले यसअघि कोमलनाथ कोइरालाको अध्यक्षतामा गठन भएको तदर्थ समिति विघटन गरी २ वर्षे अवधिको लागि निम्नानुसार ११ सदस्यीय कार्यसमितिको सर्वसम्मत चयन गऱ्यो :[१५८]

अध्यक्ष : श्री सूर्यमणि अधिकारी
उपाध्यक्ष : श्री प्रेमविनोद नन्दन
सचिव : श्री केदारनाथ खनाल
सह सचिव : श्री तिलकराज शर्मा

---

[१५५] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

[१५६] ऐजन ।

[१५७] मिति ३०६६ ४।१२ गते चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थलाई दिनु भएको जानकारी ।

[१५८] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

कोषाध्यक्ष : श्रीमती गायत्री श्रेष्ठ

सदस्यहरू

श्री रामबाबु घिमिरे

श्री कोमलनाथ कोइराला

श्री भागवतशरण न्यौपाने

श्री चन्द्रविलास अधिकारी

श्री लक्ष्मीकान्त शर्मा

श्री प्रेमराज कोइराला

### ४.७.३ तेस्रो अधिवेशन

मिति २०५२।५।३० गते सूर्यमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकले प्रेमविनोद नन्दनको अध्यक्षतामा ११ सदस्यीय कार्यसमितिको सर्वसम्मत चयन गऱ्यो । समितिमा निम्नानुसार महानुभावहरू रहेका थिए :[१५९]

अध्यक्ष : श्री प्रेमविनोद नन्दन
उपाध्यक्ष : श्री मणिराम शर्मा काफ्ले
सचिव : श्री केदारनाथ खनाल
कोषाध्यक्ष : श्री डी.डी. शर्मा (डमरूदेव शर्मा पौडेल)

**सदस्यहरू**

श्री राजकृष्ण कँडेल
श्रीमती सरस्वती रिजाल
श्री कपिल अज्ञात
श्री प्रभातकुमार जोशी
श्री लक्ष्मणप्रसाद गौतम गौतम
श्री होमनाथ सापकोटा 'सिद्धार्थ'
श्री श्यामानन्द पौडेल

**सल्लाहकार**

श्री सूर्यमणि अधिकारी

### ४.७.४ चौथो अधिवेशन

मिति २०५४।११।२७ गते चि.सा.प.को चौथो साधरण सभा सम्पन्न भयो । अधिवेशनले पूर्व सचिव केदारनाथ खनालको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गऱ्यो । समितिमा निम्नानुसार महानुभावहरू रहेका थिए :[१६०]

अध्यक्ष : श्री केदारनाथ खनाल

---

१५९ ऐजन ।

१६० ऐजन ।

उपाध्यक्ष : श्री मणिराम काफ्ले
सचिव : श्री कपिल अज्ञात
सहसचिव : श्री सुरेन्द्र अस्तफल
कोषाध्यक्ष : श्री डी.डी. शर्मा

**सदस्यहरू**

श्री प्रभातकुमार जोशी
श्री चन्द्रविलास अधिकारी
श्री श्यामानन्द पौडेल
श्री धर्म प्रधान 'अकिञ्चन'
श्रीमती सरस्वती रिजाल
श्री जीवनराज वाग्ले

**सल्लाहकारहरू**

श्री सूर्यमणि अधिकारी
श्री प्रेमविनोद नन्दन
श्री गोविन्दराज विनोदी
श्रीमती गायत्री श्रेष्ठ
श्री राजकृष्ण कँडेल

### ४.७.५ पाचौं अधिवेशन

मिति २०५८।४।१३ गते भएको चि.सा.प.को पाचौं अधिवेशनले कार्यसमिति पुनर्गठन गऱ्यो । अधिवेशनले निर्वाचन समितिका प्रेमविनोद नन्दन र गोविन्दराज विनोदीले पेश गरेका निम्नानुसार कार्यसमिति तथा सल्लाहकारहरूको नामलाई अनुमोदन गऱ्यो :[१६१]

अध्यक्ष श्री केदारनाथ खनाल
उपाध्यक्ष श्री कपिल अज्ञात
सचिव श्री सुरेन्द्र अस्तफल
सहसचिव श्री गणेश शर्मा
कोषाध्यक्ष श्री धनराज गिरी

**सदस्यहरू**

श्री प्रभातकुमार जोशी
श्री मणिराम काफ्ले
श्री सरस्वती रिजाल
श्री डी.डी.शर्मा
श्री श्रीभक्त अच्युत वाग्ले
श्री रमेश प्रभात

**सल्लाहकारहरू**

श्री सूर्यमणि अधिकारी

---

[१६१] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

श्रीमती गायत्री श्रेष्ठ
श्री राजकृष्ण कँडेल
श्री गोविन्दराज विनोदी
श्री प्रेमविनोद नन्दन
श्री चिरन्जीवी श्रेष्ठ

### ४.७.६ छैटौँ अधिवेशन

मिति २०६०।७।१ गते चि.सा.प.को छैटौँ साधरणसभा बालकुमारी कलेज नारायणगढमा सम्पन्न भयो । चि.सा.प.का अध्यक्ष केदारनाथ खनालको अध्यक्षतामा सम्पन्न सभाले प्रेमविनोद नन्दनको संयोजकत्वमा सदस्यहरू नारायणप्रसाद खनाल, चिरन्जीवी श्रेष्ठ रहेको निर्वाचन समिति गठन गऱ्यो । समितिले पुनः केदारनाथ खनालको अध्यक्षतामा समिति घोषणा गऱ्यो । समितिमा निम्नानुसार पदाधिकारी रहेका थिए [१६२] :

अध्यक्ष : श्री केदारनाथ खनाल
उपाध्यक्ष : श्री श्रीभक्तअच्युत वाग्ले
सचिव : श्री सुरेन्द्र अस्तफल
सहसचिव : श्री बालकृष्ण थपलिया
कोषाध्यक्ष : श्री गणेशप्रसाद

**सदस्यहरू**

श्री मणिराम काफ्ले
श्री भागवतशरण न्यौपाने
श्री प्रभातकुमार जोशी
श्री सरस्वती रिजाल
श्री रमेश प्रभात
श्री धनराज गिरी

**सल्लाहकारहरू**

श्री प्रेमविनोद नन्दन
श्री गोविन्दराज विनोदी
श्री गायत्री श्रेष्ठ
श्री राजकृष्ण कँडेल
श्री चिरन्जीवी श्रेष्ठ

### ४.७.७ सातौँ अधिवेशन

मिति २०६३।६।२८गते गते बालकुमारी कलेज नारायणगढको सभाकक्षमा चि.सा.प.का अध्यक्ष केदारनाथ खनालको अध्यक्षतामा चि.सा.प.को सातौँ अधिवेशन सम्पन्न भयो । अधिवेशनका प्रमुख अतिथि चि.सा.प.का सल्लाहकार प्रेमविनोद नन्दनले 'तिमी आयौ रस आयो हँसिलो भो जीवन, गए रुन्चे क्षणहरू हँसिलो भो जीवन' भन्ने गजलको मत्ला उद्घोष गरेर

---

[१६२] केदारनाथ खनाल, ऐजन ।

अधिवेशनको उद्घाटन गरेका थिए । उद्घाटन समारोहमा गजल मञ्च चितवनका अध्यक्ष धनराज गिरी, वाल्मीकि साहित्य सदनका पूर्व अध्यक्ष केशवराज आमोदी, त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, सचिव गोविन्दराज विनोदी, चितवन वाङ्मय प्रतिष्ठानका सचिव लक्ष्मणप्रसाद गौतम, पल्लव साहित्य विविधका सम्पादक गोर्खे साँहिलो, बालकुमारी कलेजका प्रिन्सिपल चिरन्जीवी श्रेष्ठ, सहप्राध्यापक राजकृष्ण कँडेल, अभिव्यञ्जना साहित्य प्रतिष्ठानका अध्यक्ष रमेश प्रभातले चितवनको साहित्यिक उन्नयनमा चि.सा.प.ले खेलेको भूमिकाको उच्च प्रशंसा गर्दै आगामी दिनमा अझै प्रभावकारी कार्यक्रम सञ्चालन गर्न शुभ-कामना दिएका थिए । अधिवेशनमा सचिव सरेन्द्र अस्तफल र कोषाध्यक्ष गणेशप्रसादले पेश गरेका प्रतिवेदन र कार्यसमितिद्वारा साधरणसभामा पेश भएको विधानसंसोधन सम्बन्धी प्रस्तुत प्रस्ताव सर्वसम्मत अनुमोदन गर्दै श्रीभक्तअच्युत वाग्लेको नेतृत्वमा १२ सदस्यीय कार्य समिति गठन गर्‍यो । समितिमा निम्नानुसार पदाधिकारी रहेका थिए :[१६३]

| | |
|---|---|
| अध्यक्ष | : श्री श्रीभक्तअच्युत वाग्ले |
| निवर्तमान अध्यक्ष | : श्री केदारनाथ खनाल |
| उपाध्यक्ष | : श्री धनराज गिरी |
| सचिव | : श्री सुरेन्द्र अस्तफल |
| सहसचिव | : श्री बालकृष्ण थपलिया |
| कोषाध्यक्ष | : श्री गणेशप्रसाद |

**सदस्यहरू**

श्री प्रभातकुमार जोशी
श्री भागवतशरण न्यौपाने
श्री सरस्वती रिजाल
श्री रमेश प्रभात
श्री कृष्णकुमारी महत

**सल्लाहकारहरू**

श्री प्रेमविनोद नन्दन
श्री गोविन्दराज विनोदी
श्रीमती गायत्री श्रेष्ठ
श्री राजकृष्ण कँडेल
श्री चिरञ्जीवी श्रेष्ठ
श्री कृष्णनन्द भारती
श्री जीवा लामिछाने

### ४.७.८ आठौँ अधिवेशन

मिति २०६६।१।५ गते चि.सा.प.को आठौँ अधिवेशन बालकुमारी कलेज नारायणगढमा सम्पन्न भयो । अधिवेशनले सचिव सरेन्द्र अस्तफल र कोषाध्यक्ष गणेशप्रसादले पेश गर्नुभएको प्रतिवेदन अनुमोदन गर्दै आगामी २ वर्षे कार्यकालको लागि पुनः श्रीभक्तअच्युत वाग्लेको

---

१६३ शोधार्थी नै सहभागी ।

नेतृत्वमा निम्नानुसारको कार्यसमिति गठन गऱ्यो । समितिमा निम्नानुसारका पदाधिकारी रहेका छन् :[१६४]

अध्यक्ष : श्री श्रीभक्तअच्युत वाग्ले
उपाध्यक्ष : श्री सुरेन्द्र अस्तफल
सचिव : श्री गणेशप्रसाद
सहसचिव : श्री बालकृष्ण थपलिया
कोषाध्यक्ष : श्री श्यामजी अतिथि

**सदस्यहरू**

श्री प्रभातकुमार जोशी
श्री सरस्वती रिजाल
श्री रेशमलाल श्रेष्ठ
श्री गोर्खे साँहिलो
श्री धनराज गिरी
श्री सामना पहाड

**सल्लाहकारहरू**

श्री प्रेमविनोद नन्दन
श्री गोविन्दराज विनोदी
श्रीमती गायत्री श्रेष्ठ
श्री राजकृष्ण कँडेल
श्री चिरञ्जीवी श्रेष्ठ
श्री कृष्णनन्द भारती
श्री जीवा लामिछाने

चि.सा.प.ले आफ्नो विधान बमोजिम हरेक २/२ वर्षमा वार्षिक साधरणसभा आव्ह्वान गरेको, कुनै कारणवस साधरण सभा हुन नसकेमा, सदस्यहरूको आवश्यक सङ्ख्या नपुगेमा कार्यसमितिको बैठकबाट निर्णय गराइ साधरणसभा सार्ने गरिएको र साधरणसभामा जिल्लाका अन्य साहित्यिक सङ्घ संस्थाबाट पनि अतिथिहरू आमन्त्रण गर्ने गरिएको, नेतृत्व चयनको लागि प्रजातान्त्रिक तरिकाबाट खुला छलफल तथा निर्वाचन समितिका माध्यमबाट गरिएको पाइन्छ । चि.सा.प.को २१ वर्षे समयावधिमा आठओटा साधरणसभा भएको र आपसी सहमतिमा नेतृत्व चयन भएको पाइन्छ । यसक्रममा केही ले दुई-तीन कार्यकाल पनि नेतृत्व गरेको पाइन्छ । यसलाई तालिकामा यसरी देखाउन सकिन्छ :

**तालिका नं. ५**
**चितवन साहित्य परिषद्को नेतृत्व र समयावधि**

| क्र. सं. | अधिवेशन | अध्यक्ष | कार्यकाल | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | पहिलो अधिवेशन | कोमलनाथ कोइराला | २०४५।११।२८ | २०४६।२।१२ | तदर्थ |

[१६४] ऐजन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समिति |
| २ | दोस्रो अधिवेशन | सूर्यमणि अधिकारी | २०४६।२।१२ | २०५२।५।३० | |
| ३ | तेश्रो अधिवेशन | प्रेमविनोद नन्दन | २०५२।५।३० | २०५४।११।२७ | |
| ४ | चौथो अधिवेशन | केदारनाथ खनाल | २०५४।११।२७ | २०५८।४।१३ | |
| ५ | पाचौँ अधिवेशन | केदारनाथ खनाल | २०५८।४।१३ | २०६०।७।१ | |
| ६ | छैटौँ अधिवेशन | केदारनाथ खनाल | २०६०।७।१ | २०६३।६।२८ | |
| ७ | सातौँ अधिवेशन | श्रीभक्तअच्युत वाग्ले | २०६३।६।२८ | २०६६।१।५ | |
| ८ | आठौँ अधिवेशन | श्रीभक्तअच्युत वाग्ले | २०६६।१।५ | हाल सम्म | |

## ४.८ आर्थिक अवस्था र सम्पत्ति

चितवनको पुरानो साहित्यिक संस्था चितवन साहित्य परिष्दले आफ्नो साहित्यिक, सामाजिक क्रियाकलापका साथै आर्थिक अवस्था सुदृढ पार्न प्रयत्नरत छ । यसको आफ्नै नाममा चल-अचल सम्पत्ति रहेको छ । अचल सम्पत्तिको रूपमा परिषद्को नाममा नारायणगढ स्थित आनन्दनगरमा ९ धुर जग्गा छ । समाजसेवी कृष्णानन्द भारतीले निःशुल्क रूपमा उपलब्ध गराउनु भएको दश हात मोहडा भएको साँढे चार धुर र पछि त्यसको आडैमा रहेको दश हात मोहडा भएको साँढे चार धुर जग्गा खरिद गरी हालको चलन चल्तीको मूल्यमा करिव एक करोडको जग्गा जोड्न सफल भएको छ । चि.सा.प. सो जग्गामा सुविधासम्पन्न बहुउद्देश्यीय भवन बनाउन प्रयत्नरत छ । यसले आफूलाई आर्थिक रूपमा निर्भर र सक्षम बनाउँन विविध कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रायः जिल्लाका प्रतिभाशाली र स्थापित व्यक्तिहरूको सम्लग्नता रहेको चि.सा.प.ले आफ्नो कोषलाई मजबुत बनाउन प्रयास जारी राखेको छ । यसले आफ्नै प्रयासमा चि.सा.प. प्रतिभा पुरस्कार तथा कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार प्रदानार्थ एक अक्षयकोष पनि स्थापना गरेको छ । यसका लागि परिषद्का सदस्यहरूले द्यौसी-भैलो खेली तथा शुभेच्छुकहरूबाट चन्दा उठाई रकम जम्मा गर्ने गरिएको छ । यसै क्रममा चि.सा.प.को उद्देश्यलाई आत्मसात गर्दै चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं ७ निवासी वरिष्ठ समाजसेवी एवम् राजनीतिज्ञ गञ्जसिंह गुरूङले आफ्नी ‘स्वर्गीय पत्नी कृष्णाकुमारी गुरुङको पुण्य स्मृतिमा नेपाली भाषा साहित्य, कला र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने प्रतिभालाई आर्जित ब्याजबाट कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार प्रदान गर्ने गरी चितवन साहित्य परिषद्लाई अक्षयकोष स्थापनार्थ रू १,००,०००।- एक लाख मात्र प्रदान’[१६५] गरेका रकम र अन्य रकम गरी रू४,००,०००।- स्थानीय नारायाणी फाइनान्स लिमिटेड नारायणगढमा मुद्दति खातामा राखिएको छ । त्यसबाट वर्षेनि प्राप्त ब्याजबाट चि.सा.प.ले आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ । हाल चि.सा.प.को नाममा अचल सम्पत्तिको रूपमा ९ धुर घडेरी जमिन, करिब चार लाख बीस हजार नगद तथा कार्यालय संचालनार्थ दराज तथा चि.सा.प.लाई प्राप्त पुस्तकहरू आदि रहेका छन् ।[१६६]

---

[१६५] **वागीश्वरी,** (वर्ष १०, अङ्क ६, २०५५), पृ.१०१ ।

[१६६] मिति २०६६।६।३० गते चि.सा.प.का सचिव गणेशप्रसादले शोधार्थीलाई दिनु भएको जानकारी ।

## ४.९ चि.सा.प.ले गरेका मह,वपूर्ण निर्णय तथा सम्पादित कार्यहरू

चि.सा.प.ले स्थापनाकालदेखि नै आफ्नो उद्देश्यअनुरूप नेपाली भाषा साहित्यको उत्थान तथा प्रतिभा प्रस्फुटनका लागि आफ्ना विविध गतिविधि सञ्चालन गर्दै आएको छ । स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका साहित्यिक तथा शैक्षिक, सामाजिक सङ्घ संस्थाहरूसित हातेमालो गर्दै विविध कार्यक्रम सम्पादन गर्दै आएको छ । यसले राष्ट्रिय प्रतिभाहरू पृथ्वीनारायण शाह, भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदिको जयन्ती अवसर पारेर विभिन्न साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, आफ्नो नाममा जग्गाको व्यवस्था तथा चि.सा.प. प्रतिभा सम्मान कार्यक्रम तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारको स्थापना गरी समर्पण कार्यक्रमलाई  निरन्तरता दिदै आएको छ । स्थापनाको दोस्रो वर्षैदेखि नै मुखपत्रको रूपमा **वागीश्वरी**लाई निरन्तरता दिएको छ । यसको हालसम्म १७ अङ्कसम्म प्रकाशित भएको छ । यसैगरी  विभिन्न स्रष्टाका ३८ ओटा पुस्तक प्रकाशन गरी सो को संस्थागत मान्यता तथा प्रचार प्रसार गरी प्रतिभाहरूलाई प्रोत्साहन गरेको छ । संस्थाको आवधिक निर्वाचन, संथागत विकास, नेतृत्व विकास आदिका माध्यमवाट पनि यसले आफ्नो पहिचानलाई अझै लोकप्रिय र सुदृढ वनाएर गौरवशाली साहित्यिक संस्थाको रूपमा आफ्नो इतिहास रचेको छ । यहाँ यस संस्थाले गरेका मह,वपूर्ण निर्णय र सम्पादन गरेका प्रमुख कार्यहरूलाई कालक्रमिक आधारमा बुँदागत रूपमा यसी प्रस्तुत गरिएको छ :

१) मिति २०४५।११।२८ गते जिल्लाका लब्धप्रतिष्ठ २७ जना साहित्यकारहरूको भेला केदारनाथ खनालको निवास चितवन छापाखानामा सम्पन्न भयो । भेलाले चि.सा.प.को विधान पारित गर्दै कोमलनाथ कोइरालाको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गऱ्यो ।[१६७]

२) मिति २०४५।१२।५ गते चि.सा.प. अध्यक्ष कोमलनाथ कोइरालाको अध्यक्षताका बसेको बैठकले चि.सा.प.को विधान दर्ता गराउने र मिति ०४५।१२।१० गतेदेखि सदस्यता वितरण गर्ने  निर्णय गऱ्यो ।[१६८]

३) मिति २०४६।३।१७ गते चितवनका तत्कालीन कायम मुकायम पमुख जिल्ला अधिकारी बुद्धिसागर त्रिपाठी, तत्कालीन भरतपुर नगरपञ्चायतका उपप्रधानपञ्च गंगाधर लम्साल, उद्योग वाणिज्य सङ्घका अध्यक्ष महेन्द्रलाल प्रधान, बी.ब.क्या.का क्याम्पस प्रमुख सूर्यमणि अधिकारीको विशेष उपस्थितिमा चि.सा.प.का अध्यक्ष कोमलनाथ कोइरालाको अध्यक्षतामा बैठक बस्यो । बैठकले नारायणगढ सङ्गमचोक देखि बेलचोक हुँदै यज्ञपरी फर्मचोक सम्मको सडकलाई भानुमार्ग राख्न भरतपुर नगरपञ्चायतलाई आग्रह गर्ने र चितवन मा.वि.(हालको आदिकवि भानु भानु मा.वि.)को पूर्व तर्फ राजमार्गको छेउमा भानुभक्त आचार्यको शालिक राख्न विद्यालय व्यवस्थापन समितिसँग अनुरोध गर्दै १७६ औं भानु जयन्तीको सन्र्दभमा जिल्लाको कुनै विद्यालयको राष्ट्रिय विभूति भानुको नाममा राख्न जिल्ला शिक्षा कार्यालयसँग अनुरोध गर्ने  निर्णय गऱ्यो ।[१६९] यसै आग्रहलाई जिल्ला शिक्षा कार्यालय चितवनले सो

---

[१६७] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई उपलब्ध गराउनुभएको निर्णय पुस्तिकाबाट ।

[१६८] ऐजन ।

[१६९] ऐजन ।

विद्यालयको नाम आदिकवि भानु माद्यामिक विद्यालय राखेको र विद्यालयको स्वर्णजयन्तीको अवसरमा चि.सा.प.ले आदिकवि भानुभक्त आचार्यको अर्धकदको शालिक स्थापना गरिएको छ ।[१७०]

४) मिति २०४६।३।२९ गते गत आषाढ १७ गतेको निर्णयानुसार १७६औं भानुजयन्तीको अवसरमा शोभायात्रा, प्रवचन, प्रतियोगितात्मक कविगोष्ठी सम्पन्न भयो । सो समारोहमा नेपाली शिक्षा परिषद्का सदस्य सचिव श्रीमती रमा शर्मा, भानु सेवा समितिबाट दैवज्ञराज न्यौपाने, तुलसी भट्टराई, नारायणी वाङ्मय प्रतिष्ठानका सदस्य सचिव रमेश गोर्खालीको विशेष उपस्थिति रहेको थियो । ५३ जना कविहरूको सहभागिता रहेको प्रतियोगितात्मक कविगोष्ठीमा होमनाथ सापकोटा प्रथम, रमेश अधिकारी द्वितीय, कपिलमणि रेग्मी तथा गोविन्दबाबु तिवारीले तृतीय र शर्मिला घिमिरेले सान्,वना स्थान हासिल गरेका थिए ।[१७१]

५) मिति २०४६।५।१५ गते गते श्रावण १८ गते चि.सा.प.ले गरेको निर्णयानुसार १२४औं मोतीराम भट्टको जन्मजयन्तीको अवसरमा गजल गायन र 'मोति झैं चम्कियुन युवा' शीर्षकमा कवि गोष्ठीको आयोजना गरी मनाइयो । ३५ जना स्रष्टाले रचना वाचन गरेका कार्यक्रममा भागवतशरण न्यौपानेले भट्टको साहित्यिक व्यक्तित्व माथि प्रकाश र सूर्यमणि अधिकारीले कार्यक्रमको समीक्षात्मक टिप्पणी गरेका थिए ।[१७२]

७) मिति २०४६।७।११ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८१औं जन्मजयन्ती नारायणी मा.वि.मा प्रवचन तथा रचनावाचन गरी सम्पन्न भयो । सो कार्यक्रममा महाकविको बारेमा गायत्री श्रेष्ठले प्रवचन दिएकी थिइन् भने ३५ जनाले रचना वाचन गरेका थिए ।[१७३]

८) मिति २०४६।८।१७ गते चि.सा.प.का अध्यक्ष कोमलनाथ कोइरालाको अध्यक्षतामा बसेको बैठकले संस्थाको स्थापना सम्बन्धमा पूर्व तयारी समिति गठन, मिति ०४५।९।१, प्रथम औपचारिक बैठक मिति ०४५।११।२१ तथा मिति २०४६ ।२।३२ गते विधान स्वीकृत भइ संस्था दर्ता भएपनि सबै दृष्टिले मिति २०४६ बैशाख १ गतेलाई स्थापना दिवस मानी सोही अनुसार वार्षिक कार्यक्रम तय गर्ने निर्णय गऱ्यो । यसैगरी बैठकले चि.सा.प.ले यस अघि सम्पन्न गरेका साहित्यिक कार्यक्रमहरूमा सङ्कलित रचना छानविन गरी मुखपत्र **वागीश्वरी** प्रकाशन गर्ने र सो को लागि भागवतशरण न्यौपाने, केदारनाथ खनाल, लक्ष्मीकान्त शर्मा , तिलकराज शर्मा र रेशम विरही 'घिमिरे' रहेको सम्पादकमण्डल गठन गऱ्यो । सोही बैठकले चितवनमा वस्ने वा चितवनलाई कर्मक्षेत्र बनाउने साहित्यकारको कृतित्व र व्यक्तित्वको आधारमा मूल्याङ्कन गरी ५,०००। (पाँच हजार) नगद पुरस्कार आफ्नो स्थापना दिवसको अवसरमा प्रदान गर्ने निर्णय गऱ्यो । सो को लागि सूर्यमणि अधिकारीको संयोजकत्वमा रामशरण पाठक, केदारनाथ खनाल र प्रेमविनोद नन्दन सदस्य रहेको उपसमिति गठन गऱ्यो ।[१७४]

---

[१७०] मिति २०६६।१०।६ गते चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई दिनुभएको जानकारी ।

[१७१] **वागीश्वरी** , पूर्ववत् पृ. आ ।

[१७२] ऐजन ।

[१७३] ऐजन ।

[१७४] केदारनाथ खनाल, ऐजन ।

९) मिति २०४६।९।२ गते भरतपुरमा जिल्लास्तरीय प्रतियोगितात्मक कविता गोष्ठी सम्पन्न भयो । ४५ जना कविहरूको सहभागिता रहेको प्रतियोगितामा गोविन्द विनोदी प्रथम, कपिलमणि शर्मा द्वितीय, लक्ष्मीकान्त शर्मा र गोविन्दबाबु तिवारी तृतीय एवम् काका नेपालीले सान्,वना स्थान हासिल गरेका थिए ।[१७५]

१०) मिति ०४६।१०।१ गते कविशिरोमणि लेखनाथ पौड्यालको समाधिस्थल देवघाटमा प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न भयो । ३५ जना कविहरूले भाग लिएको प्रतियोगितात्मक कविता गोष्ठीमा रामकुमारी तिवारी प्रथम, अष्टदेव खनाल द्वितीय, प्रकाश चापागाई तृतीय र कल्पना कँडेलले सान्त्वना स्थान हासिल गरेका थिए ।[१७६]

११) मिति २०४६।११।२७ गते बसेको चि.सा.प.को बैठकले चितवनको ऐतिहासिक स्थानको नाममा **वागीश्वरी** नामाकरण गरी नववर्षको अवसरमा प्रकाशित गर्ने, चि.सा.प. प्रतिभा पुरस्कार वितरणार्थ बायोडाटा माग गरी बैशाख १ गते घोषणा गर्ने र भानु जयन्तीमा प्रदान गर्ने, आर्थिक सङ्कलन गर्न प्रमुख जिल्ला अधिकारी, जिल्ला पञ्चायत, भरतपुर नगरपञ्चायत, उद्योग वाणिज्य सङ्घ नारायणगढलगायतसँग अनुरोध गर्ने निर्णय गऱ्यो ।[१७७]

१२) मिति २०४७।२।१२ गते कोमलनाथ कोइरालाको अध्यक्षतामा बसेको चि.सा.प.को बैठकले देशमा प्रजातन्त्र पुनस्थापनाको सूर्योदयलाई हार्दिक अभिनन्दन गर्दै जनआन्दोलनको क्रममा वीरगति प्राप्त गरेका अमर सहिदहरूलाई हार्दिक श्रद्धाञ्जलि अर्पण गऱ्यो । सोही बैठकले चि.सा.प.को विधानको धारा ५को 'उ' बमोजिम संस्थाको आचरण नगरेको हुनाले भीष्म श्रेष्ठ, नरबहादुर 'पिपासा' र रेशम 'विरही' घिमिरेलाई परिषद्को सदस्यतावाट निष्काशन गऱ्यो । यसैगरी सोही बैठकले चि.सा.प.को विधानमा पनि संसोधन गऱ्यो । विधानको परिच्छेद १ को उपदफा १'ङ', परिच्छेद ३ को उपदफा ५ 'ख', परिच्छेद ४ को उपदफा १०'ग' १६'घ', परिच्छेद ६, परिच्छेद ७ को उपदफा २७ खारेज गऱ्यो । यसैगरी सोही बैठकले विधानको परिच्छेद १ को उपदफा २'ङ'लाई 'साधरण सदस्य भन्नाले परिषद्बाट तयार पारिएको फारम भरी निर्धारित शुल्क तिरी सदस्यता प्राप्त गरेको व्यक्तिलाई जनाउने छ' भनी परिवर्तन गरियो । विधानकै परिच्छेद ३ को उपदफा ५ 'क' को अन्त्यमा 'तर सदस्यताको लागि साहित्यिक वा अनुसन्धानमूलक कृति (पुस्तक, लेख,कविता,) प्रकाशित भएको हुनुपर्नेछ' भनी थप गऱ्यो । सोही बैठकले विधानको परिच्छेद ३ को उपदफा ५ 'ग' लाई संसोधन गरी 'साधारण सदस्यता शुल्क रू २५।–नवीकरण शुल्क रू १०।- र आजीवन शसल्क रू ५००।- लाग्नेछ भनी संसोधन गऱ्यो । तर संस्थापक सदस्यले आजीवन सदस्य बन्न चाहेमा थप ४००।- थपी आजीवन बन्न सक्नेछन्' भनी थप गर्ने व्यवस्था मिलायो । यसैगरी विधानको परिच्छेद ७ को उपदफा २२ मा उल्लेखित 'संस्थापक सदस्यहरूको प्रत्यक्ष नियन्त्रणमा' को सट्टा 'संथापक सदस्यहरूको राय सल्लाह लिएर काम गर्नु पर्नेछ' भनी राख्ने । त्यस्तै परिच्छेद ७ को उपदफा २३ लाई संसोधन गरी 'परिषदका अन्य कामकार्यवाहीहरू प्रचलित नेपाल ऐन कानूनका परिधिभित्र रही सञ्चालन गरिने छन्' भन्ने राख्ने निर्णय गऱ्यो । सोही बैठकले गत वर्षको हिसाव मिलान गर्दै २ वर्षे अवधिको लागि सूर्यमणि अधिकारीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमितिको सर्वसम्मत चयन

---

[१७५] **वागीश्वरी**, ऐजन ।

[१७६] ऐजन, पृ.इ ।

[१७७] केदारनाथ खनाल , पूर्ववत् ।

गऱ्यो । यसैगरी सोही बैठकले यस अघि **वागीश्वरी** प्रकाशनार्थ गठित पूर्वसम्पादकमण्डल विघटन गरी रामबाबु घिमिरे, केदारनाथ खनाल, भागवतशरण न्यौपाने, कोमलनाथ कोइराला र लक्ष्मीकान्त शर्मा रहेको सम्पादकमण्डल गठन गऱ्यो ।[१७८]

१३) मिति २०४७।३।२९ गते चि.सा.प.अध्यक्ष सूर्यमणि अधिकारीको अध्यक्षतामा समालोचक आनन्ददेव भट्ट प्रमुख अतिथि, खगेन्द्र सङ्ग्रौला, निर्मोही व्यासको विशेष उपस्थितिमा भानुभक्तको १७७औँ जयन्तीको अवसरमा प्रवचन, प्रतियोगितात्मक रामायण स-स्वरवाचन गरी साहित्यगोष्ठी सम्पन्न भयो । सो प्रतियोगितामा बाबुराम दवाडी र समिर थापा प्रथम, गोविन्द विनोदी र पुष्पराज कोइराला द्वितीय, लेखनाथ पौडेल र बाबुराम रेग्मी तृतीय भएका थिए । सोही अवसरमा चि.सा.प.को मुखपत्र **वागीश्वरी** पहिलो अङ्कको पनि विमोचन गरियो ।[१७९]

१४) मिति २०४७।५।५ गते मोतीराम भट्टको १२५औँ जयन्ती प्रतियोगितात्मक गजल र रूपकको आयोजना गरियो । कार्यक्रममा भागवतशरण न्यौपानेबाट गजल सम्बन्धी कार्यपत्र प्रस्तुत भयो भने सूर्यमाणि अधिकारीले कार्यक्रममा वाचित गजल तथा रूपकको समीक्षा गरे । [१८०]

१५) मिति २०४७।६।३१ गते चि.सा.प.का अध्यक्ष सूर्यमणि अधिकारीको अध्यक्षतामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८२औँ जन्मजयन्ती वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा सम्पन्न भयो । कार्यक्रममा गायत्री श्रेष्ठले मुनामदन खण्डकाव्यको वाचन र कपिलमणि अज्ञातबाट प्रवचन भएको थियो ।[१८१]

१६) मिति २०४७।८।२९ गते बसेको बैठकले चि.सा.प.का संस्थापक अध्यक्ष कोमलनाथ कोइरालाको मिति २०४७।८।१९ गते राति ११.१० वजे आफ्नै निवास अन्नपूर्णा सदन अमरवस्ती चितवनमा अचानक हृदयगति बन्द भई असामयिक निधन भएकाले चितवनको साहित्य र सामाजिक क्षेत्रमा अपूरणीय क्षति भएकोले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै १ मिनेट मौन धारणा गरी श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवार प्रति समवेदना व्यक्त गऱ्यो । सोही बैठकले स्वरसम्राट, गीतकार नारायणगोपाल गुरूवाचार्यको मिति ०४७।८।१९ गते हृदयरोग, मृगौला र मधुमेय रोगका कारण असामयिक निधन भएकोमा नेपाली सङ्गीतकलाको क्षेत्रमा ठूलो क्षति भएकोले दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवार प्रति समवेदना व्यक्त गऱ्यो । सोही बैठकले नेपाली समालोचना जगतका प्रसिद्ध समालोचक एवम् विविध भाषा र भाषिकाका अनुसन्धानदाता हीरामणि पौडेलको मिति ०४७।७।३० गते निधन भएकाले नेपाली समालोचना जगतले ठूलो क्षति ब्यहोर्नु परेको महसुस गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवार प्रति समवेदना व्यक्त गऱ्यो । चि.सा.प. परिषदका अध्यक्ष सूर्यमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकमा संस्थापक सदस्य बालमुकुन्द शर्मा पोखरेल, तीर्थराज खनिया, गणशेखर शर्मा,

---

[१७८] केदारनाथ खनाल , पूर्ववत् ।

[१७९] केदारनाथ खनाल , पूर्ववत् ।

[१८०] वागीश्वरी , पूर्ववत्।

[१८१] केदारनाथ खनाल , पूर्ववत् ।

नारायणप्रसाद कोइराला, हरिहर खनाल, जगतराज पौडेल, प्रेमराज लेखक, घनश्याम पौड्याल, गोविन्दबाबु तिवारी, कृष्णप्रसाद पण्डित, मदनमोहन जोशी, पूर्णप्रसाद अधिकारी, हरिहर सविता, लक्ष्मणप्रसाद गौतम, बुद्धिनाथ अधिकारी, छविलाल ढकाल, वैजनाथ देवकोटा, प्रदीपचन्द्र भट्टराई, केशवराज पौडेल, कृष्णराज हमाल आदिको उपस्थिति रहेको थियो ।[१८२]

१७) मिति २०४९।२।२६ गते प्रेमविनोद नन्दनको अध्यक्षतामा बसेको बैठकले नेपाली कविता परम्परामा स्वच्छन्दतावादको मह,वपूर्ण भूमिका निर्वाह गर्ने क्रान्तिकारी एवम् मानवतावादी कवि सिद्धिचरण श्रेष्ठको २०४९।२।२२ गते विहान ८.१५ वजे श्वासप्रश्वास तथा मुटु सम्बन्धी रोगबाट रोगबाट शिक्षण अस्पतालमा भएको निधनले चि.सा.प.मर्माहत हुँदै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवार प्रति समवेदना व्यक्त गऱ्यो ।[१८३]

१८) मिति २०४९।७।७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८४औँ जन्मजयन्ती लक्ष्मी मा.वि.लङ्कुमा प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न भयो । प्रतियोगितामा प्रेमलाल खरेलको ‘हिजो पनि उस्तै आज पनि उस्तै’ शीर्षकको कविता प्रथम, विदुर केसीको ‘लक्ष्मी पूजा’ शीर्षकको कविता द्वितीय र रामप्रसाद लामिछानेको ‘स्मृतिको नाउँमा’ शीर्षकको कविताले तृतीय स्थान हासिल गरेका थिए ।[१८४]

१९) मिति २०५०।१०।१४ गते सूयमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकले प्रत्येक महिनाको अन्तिम शुक्रवार ठीक ४ बजे अर्को व्यवस्था नभएसम्म बालकुमारी कलेजमा नियमित रूपमा ‘साहित्य सन्ध्या’ कार्यक्रम सञ्चालन गर्ने निणर्य गऱ्यो ।[१८५]

२०) मिति २०५१।९। २९ गते बालकुमारी कलेजमा १११औँ लेखनाथ जयन्ती भव्यताका साथ मनाइयो । सूयमणि अधिकारीको अध्यक्षता तथा तुलसी भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न सो समारोहमा कविहरू विष्णुविभू घिमिरे, सिक्किमका कवि एवम् समालोचक राजेन्द्र भण्डारी, चितवनका स्रष्टाहरू खुमनारायण पौडेल, हरिहर पौडेल, गोविन्दराज विनोदी, केदारनाथ खनाल, प्रेमविनोद नन्दन, विजयराज भट्टराई, नारायणप्रसाद खनाल, हरिहर खनाल, गोपी सापकोटा, कृष्ण कँडेल, कल्पना कँडेल, कमला श्रेष्ठ, लक्ष्मण गौतम, मणि काफ्ले, होमनाथ सिद्धार्थ, सरस्वती रिजाल, तीर्थराज कोइरालालगायत स्रष्टाहरूले कविता वाचन गरेका थिए । सोही कार्यक्रममा नाटककार गोपी सापकोटाको निर्देशनमा धर्मराज सापकोटा, श्रीराम कँडेल, गोविन्दराज विनोदी, र गोपी सापकोटा अभिनित नाटक ‘यस्तै रहेछ यहाँको चलन’ मञ्चन तथा **वागीश्वरी** अङ्क २ को विमोचन गरियो ।

२१) २०५१।१२।३० गते सूयमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकमा गत पौष १४ गते मनाइएको लेखनाथ जयन्तीको अवसरमा आयोजित साहित्य सन्ध्याको समीक्षा गरी **वागीश्वरी** अङ्क २ को ५०० प्रति छपाइ गर्न १०,९३३।- खर्च भएकोमा सोको अनुमोदन गरी विज्ञापन उठाई रकम भुक्तानी दिने निर्णय गऱ्यो । यसैगरी सोही बैठकले चि.सा.प. प्रतिभा

---

[१८२] केदारनाथ खनाल, ऐजन ।

[१८३] ऐजन ।

[१८४] ऐजन ।

[१८५] ऐजन ।

पुरस्कारको स्रष्टा छनोटका लागि सूयमणि अधिकारीको संयोजकत्वमा नारायणप्रसाद खनाल र मणि शर्मा काफ्ले रहेको उपसमिति गठन गऱ्यो ।[१८६]

२२) मिति २०५२।३।२१ गते सूयमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकले यस वर्ष (२०५२) को चि.सा.प. प्रतिभा पुरस्कार छनौट उपसमितिको सिफारिस अनुसार किशोरावस्था देखिन नै कविता, गीतरचनाका क्षेत्रमा संलग्न भइ निरन्तररूपमा सृजनधर्मिताको संवहन गर्ने चितवनलाई नै प्रमुख रूपमा साधना क्षेत्र बनाएर अनेक कृतिहरू प्रकाशित गरी नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउनु हुने कवि तथा गीतकार प्रेमविनोद नन्दनलाई अर्पण गर्ने निर्णयानुसार [१८७]भानुजयन्तीको अवसरमा समर्पण गरियो ।[१८८]

२३) मिति २०५२।५।३० गते सूर्यमणि अधिकारीको अध्यक्षतामा बसेको बैठकले प्रेमविनोद नन्दनको अध्यक्षतामा ११ सदस्यीय कार्यसमितिको सर्वसम्मत चयन गऱ्यो ।[१८९]

२४) मिति २०५३।३।१ गते प्रेमविनोद नन्दनको अध्यक्षतामा बसेको बैठकले चि.सा.प. प्रतिभा पुरस्कारको लागि प्रतिभा छनोट गर्न अध्यक्ष नन्दनकै संयोजकत्वमा उपसमिति गठन गऱ्यो । सोही बैठकले चि.सा.प. प्रतिभा पुरस्कारको कोष निम्ति सहयोगार्थ प्रेमविनोद नन्दन, सूर्यमणि अधिकारी, राजकृष्ण कँडेल, डी.डी.शर्मा, केदारनाथ खनालबाट जनही रू ५०००।-, सरस्वती रिजालबाट रू २,०००।-, कपिलमणि शर्मा र होमनाथ सिद्धार्थबाट जनही रू १०००।-, भीष्मप्रसाद कौशिक र बुद्धिनाथ कोइरालाबाट जनही रू ५००।- प्रदान गर्ने निर्णय भयो । प्रतिभा पुरस्कार अक्षयकोष विधान मस्यौदाको निम्ति मणि शर्मालाई जिम्मेवारी दिने निर्णय गऱ्यो ।[१९०]

२५) १८२औं भानु जयन्तीको अवसरमा चि.सा.प. प्रतिभा पुरस्कार २०५३ कवि एवम् कलाकार गोविन्दराज विनोदीलाई समर्पण गरियो ।[१९१]

२६) मिति २०५३।९।११ गते चितवन महोत्सव नारायणगढमा चि.सा.प. र चि.वा.प्र.द्वारा संयुक्त रूपमा पुस्तक प्रदर्शन गरियो । प्रदर्शनीमा चितवनका कवि, लेखक, अनुसन्धानधाताका कृतिहरू राखिएको थियो । त्यहाँ राखिएको मूल्याङ्कन पुस्तिकामा गोविन्दराज विनोदी, सोमनाथ घिमिरे, सूर्य लम्साल, विनोदकान्त ढकाल, कृष्णप्रसाद सापकोटा, तारा पोखरेल, गोविन्दबहादुर कार्की, दीपक आचार्य, नारायणप्रसाद खनाल, तीर्थराज कोइराला, टीकाराम न्यौपाने, हरिहर खनाल, नारायण आजादी गौतम, बिदुर के.सी., पद्मपाणी विरक्ति, कमल कँडेल प्रकृति, दिलबहादुर बोगटी, सिर्जन अविरल, विष्णुप्रसाद भुषालगायत ३९ जनाबाट आ-आफ्नो विचार व्यक्त गर्दै कृतिप्रर्दशनीबाट भाषा साहित्यमा टेवा पुगेकोमा प्रशंसा गरिएको थियो । [१९२]

---

[१८६] ऐजन ।

[१८७] ऐजन ।

[१८८] **वागीश्वरी**, (वर्ष ९, अंक ५,२०५४), पृ उ.न. ।

[१८९] चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले उपलब्ध गराउनु भएको निर्णय पुस्तिकाबाट ।

[१९०] ऐजन ।

[१९१] ऐजन ।

[१९२] ऐजन ।

२७) श्री ५ वीरेन्द्र स्वर्ण जन्मोत्सव मूल समारोह समितिले चि.सा.प.लाई प्रतियोगितात्मक कवि गोष्ठी गर्न जिम्मेवारी दिइएअनुसार मिति २०५३।९।१५ गते प्रेमविनोद नन्दनको अध्यक्षतामा चितवन महोत्सवको मञ्चमा कविता प्रतियोगिता सम्पन्न भयो । सो प्रतियोगितामा तीर्थराज कोइराला प्रथम, सुरेन्द्र अस्तफल द्वितीय, रेशमलाल श्रेष्ठले तृतीय तथा गणेश शर्मा र उर्मिला न्यौपानेले सान्,वना स्थान हासिल गरेका थिए ।

२८) मिति २०५३।९।१७ गते प्रतियोगिताको समीक्षा गर्न बसेको बैठकले अक्षयकोषमा प्राप्त रकमलाई बैङ्कको मुद्दति खातामा राख्ने र कवि शिरोमणि लेखनाथ पौड्याको देहावशान भएको स्थानमा चितवन पट्टीको देवघाटमा प्रहरीले बनाएको भवनको पश्चिमपट्टि वा उपयुक्त ठाउँमा साहित्यिक भेला गोष्ठी आदि समेत गर्न प्रयाप्त पुग्ने ठाउँमा 'लेखनाथ स्मारक चौतारी' निर्माणार्थ जग्गा उपलब्ध गराउन देवघाट क्षेत्र विकास समितिलाई अनुरोध गर्ने निर्णय गऱ्यो ।[१९३]

२९) मिति २०५३।१०।५ गते रमेश विकलको प्रमुख आतिथ्यमा कवि शिरोमणि लेखनाथ पौड्यालको १३३औं जन्म जयन्तीको अवसरमा पवित्रधाम देवघाटमा विशेष कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा सूर्यमणि अधिकारी, लीलाराज विष्ट, नारायणप्रसाद खनाल, हरिहर खनाल, जगन्नाथ सुवेदी, हिमकान्त शर्मा न्यौपाने, तीर्थराज कोइराला, खेमराज केशवशरण, प्रकाश चापागाई, केदारनाथ खनाललगायत ४८ जनाको उपस्थिति रहेको थियो ।[१९४]

३०) मिति २०५३।१०।२५ गते बसेको बैठकले चि.सा.प.का अध्यक्ष प्रेमविनोद नन्दनको **विपनीका पाइलाहरू** र सदस्य लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य र सर्वेक्षण र विश्लेषण** पुस्तकहरूले संयुक्त रूपमा नारायणी वाङ्मय प्रतिष्ठानबाट २०५२ को **नारायणी वाङ्मय पुरस्कार**बाट सम्मानित भएकामा बधाइ ज्ञापन गर्दै आदिकवि भानु मा.वि.को प्राङ्गणमा भानुभक्तको प्रतिमा स्थापनार्थ शिलापत्रमा नामोल्लेख हुने गरी रू ६,०००।-उपलब्ध गराउने निर्णय गऱ्यो।[१९५]

३१) मिति२०५४।३।२९ गते प्रेमविनोद नन्दनको अध्यक्षतामा बसेको बैठकले भानुजयन्ती समारोहमा आयोजित कार्यक्रममा चि.सा.प. प्रतिभा पुरस्कार छनौट उपसमितिको सिफारिस अनुसार रामबाबु घिमिरेलाई चि.सा.प. प्रतिभा पुरस्कार २०५४ अर्पण गऱ्यो ।[१९६]

३२) ४८औं प्रजातन्त्र दिवस मूल आयोजक समिति चितवनबाट चि.सा.प.को संयोजकत्वमा साहित्यिक कार्यक्रम उपसमिति गठन भई कार्यक्रम सञ्चालनार्थ अनुरोध भई आएकोमा मिति २०५४।११।११ गते जि.वि.स.चितवनमा कविगोष्ठी सम्पन्न भयो ।[१९७]

३३) मिति २०५४।११।२७ गते प्रेमविनोद नन्दनको अध्यक्षतामा २७ जनाको उपस्थितिमा बसेको बैठक ( चौथो साधरणसभा) ले चि.सा.प.का उपाध्यक्ष मणिराम काफ्लेद्वारा प्रस्तुत विधान संसोधन मस्यौदा २०५४ सर्वसम्मत रूपमा पारित गर्दै कृष्णाकुमारी गुरूङ स्मृति

---

[१९३] ऐजन ।

[१९४] ऐजन ।

[१९५] ऐजन ।

[१९६] ऐजन ।

[१९७] ऐजन ।

पुरस्कार २०५४ को नियमावली पनि सर्वसम्मतरूपमा पारित गऱ्यो । यसैगरी नेपाली भाषा साहित्यको समृद्धिको निम्ति चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं ७ निवासी वरिष्ठ समाजसेवी एवम् राजनीतिज्ञ गञ्जसिंह गुरूङबाट आफ्नी स्वर्गीय पत्नी कृष्णाकुमारी गुरूङको पुण्यस्मृतिमा रू१,००,०००।-अक्षयकोष स्थापना गरिदिएकामा हार्दिक धन्यवाद ज्ञापन गऱ्यो । सोही साधरणसभामा चि.सा.प.का सल्लाहकार सूर्यमणि अधिकारीले सभाको अनुमति लिएर केदारनाथ खनालको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति घोषणा गरे ।[१९८]

३४) मिति २०५४।१२।१४ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले चि.सा.प.का पूर्व अध्यक्ष तथा सल्लाहकार प्रेमविनोद नन्दनले नेपाली साहित्यमा गरेका योगदानको मूल्याङ्क गर्दै गीति रचनातर्फबाट बहुप्रसिद्धि छिन्नलता पुरस्कारबाट पुरस्कृत हुनु भएकाले चि.सा.प. तथा चितवनवासीलाई नै गौरवको अनुभूति भएकोमा परिषद्को तर्फबाट हार्दिक बधाई ज्ञापन गर्ने निर्णय गऱ्यो । यसैगरी सोही बैठकले **वागीश्वरी**को छैटौं अङ्क प्रकाशनको निम्ति सम्पादन मण्डल गठन गर्दै नेपाल बाल साहित्य समाजको नारायणी कला मन्दिरमा सम्पन्न दशौं राष्ट्रिय सम्मेलनमा चि.सा.प.का तर्फबाट रू २,१००।-प्रदान गरिएकोमा अनुमोदन गऱ्यो।[१९९]

३५) मिति २०५५।३।२९ गते मदन पुरस्कार गुठीका अध्यक्ष एवम् समालोचक कमलमणि दीक्षितको प्रमुख आतिथ्यमा १८५औं भानु जयन्तीको अवसर पारी ना.क.म.मा प्रतियोगितात्मक रामायण वाचन, साहित्यिक कार्यक्रम, पुरस्कार वितरण गरी कथाकार हरिहर खनाललाई चि.सा.प. प्रतिभा पुरस्कार २०५५ समर्पण गऱ्यो ।[२००]

३६) मिति २०५५।५।६ युवाकवि मोतीराम भट्टको १३३औं जयन्तीको अवसरमा 'गुढ्थ्यो पजेरो किन ?' शीर्षकमा समस्यापूर्ति कविता गोष्ठी सम्पन्न भयो ।[२०१]

३७) मिति २०५५।७।१० गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार नियमावली २०५४ मा उल्लेख भएको दफा ७ मा '.....मूल्याङ्कनमा समावेश हुने कृति राष्ट्रभाषामा नेपालीमा लेखिएको हुनुपर्ने छ भन्ने कायम गरी 'वा नेपालका राष्ट्रभाषा' भन्ने वाक्याम्श हटाउने निर्णय गऱ्यो । यसैगरी दफा ८ को उद्देश्यको प्रतिकूल भएकाले सो दफा हटाउने निर्णय गर्दै सो पुरस्कार वितरणको लागि कृति आह्वानका निम्ति राष्ट्रिय दैनिक **कान्तिपुर**मा सूचना प्रकाशित गर्ने गऱ्यो ।[२०२]

३८) मिति २०५५।९।२४ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारको अक्षयकोष व्यवस्थापन तथा सञ्चालन सम्बन्धी नियमावली २०५४ को परिच्छेद ३ को दफा ५ उपदफा २ मा '...यो पुरस्कार प्रत्येक वर्ष एउटा कृतिका लागि प्रदान गरिने' भन्ने उल्लेख भएकोमा सोही दफाको उपदफा १४ ले दिएको अधिकार प्रयोग गरी 'एक वा एक भन्दा बढी कृतिका लागि पुरस्कार प्रदान गर्न सकिने' भन्ने

---

१९८ ऐजन ।

१९९ ऐजन ।

२०० **वागीश्वरी** ,(वर्ष ११ अङ्क ७ ,२०५६), पृ ङ ।

२०१ **वागीश्वरी** , पूर्ववत् ।

२०२ केदारनाथ खनाल, पूर्ववत् ।

वाक्याम्श राखी संसोधन गर्ने निर्णय गर्दै कृति मूल्याङ्कन उप समितिले पेश गरेको सिफारिस बमोजिम सूर्यमणि अधिकारीको **तनहूँ राज्यको इतिहास** र कपिल अज्ञातको **साहित्य सिर्जन प्रक्रिया** कृतिका लागि कृष्णाकुमारीगुरूङ स्मृति पुरस्कार संयुक्त रूपमा प्रदान गर्ने निर्णय गऱ्यो ।[२०३]

३९) मिति २०५६।३।२५ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले चि.सा.प. प्रतिभा पुरस्कार छनौट उपसमितिको सिफारिस अनुसार नेपाली साहित्यमा अविरल साधनारत कवि समालोचक, नारायणप्रसाद खनाललाई यस वर्षको चि.सा.प. प्रतिभा पुरस्कार २०५६ अर्पण गर्ने निर्णय गऱ्यो ।[२०४]

४०) मिति २०५६।७।१९ गते ९१औँ देवकोटाको जन्मजयन्ती चि.सा.प. र त्रि.सा.प.को सयुक्त आयोजनामा जनक उच्च मा.वि. गैडाकोटमा निर्मोही व्यासको प्रमुख आतिथ्यमा विविध कार्यक्रम गरी सम्पन्न भयो । कार्यक्रममा चि.सा.प.द्वारा प्रकाशित रामबाबु घिमिरेको **लेख्न नपर्ने कुराहरू** निबन्धसङ्ग्रहको लोकार्पणसमेत गरियो ।[२०५]

४१) वि.सं.२०५६ सालको लेखनाथ जयन्तीको अवसरमा यस वर्षको कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार काभ्रे, बनेपाका स्रष्टा मोहन दुलालको कवितासङ्ग्रह **मानवीय संवेदनाहरू**का लागि प्रदान गरियो । देवघाट क्षेत्र विकास समितिका अध्यक्ष विष्णुप्रसाद धितालको प्रमुख आतिथ्यमा सम्पन्न पुरस्कार समर्पण समारोहमा सूर्यमणि अधिकारीद्वारा लिखित **आत्मावतार** कथासङ्ग्रको विमोचनसमेत गरियो ।[२०६]

४२) मिति २०५७।३।२९ गते १८७औँ भानु जयन्तीको अवसरमा आदिकवि भानु मा.वि.मा भानुभक्तीय रामायण वाचन, युवा तथा बाल समूहवीच छुट्टा छुट्टै प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न भयो । सोही समारोहमा नेपाली साहित्यमा साधनारत कवि तथा निबन्धकार विजयराज भट्टराईलाई यस वर्ष (२०५७)**को चि.सा.प. प्रतिभा पुरस्कार सम**र्पण गरियो । सोही कार्यक्रममा श्रीभक्त अच्युत वाग्लेको **म भित्रको मान्छे** कवितासङ्ग्रहको लोकार्पण गरियो ।[२०७]

४३) मिति २०५८।१।१४ र १५ ने.रा.प्र.प्र.को आयोजनामा तथा चि.सा.प.को संयोजनमा राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी सौराहामा सम्पन्न भयो । सो कार्यक्रम सफल पार्न चि.सा.प. अध्यक्ष केदारनाथ खनालको संयोजकत्वमा २१ सदस्यीय मूल समिति तथा विभिन्न उपसमितिहरू गठन भएको थियो । गोष्ठीमा नेराप्रका उपकुलपति मोहन कोइराला, कमलमणि दीक्षित, केशवप्रसाद उपाध्याय, टीकाराम पन्थी, रामदायल राकेश, सनत रेग्मी, मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, सुधा त्रिपाठी, भिक्टर प्रधान, निर्मोही व्यास, सृजन लम्साल, काजी रोशन, ज्ञानेन्द्र विवश, खगेन्द्रप्रसाद लुइटेल, रमेशमोहन अधिकारी, गोविन्द गिरी प्रेरणा, युवराज नयाँघरे, रमा पराजुली, अच्युत खनाल, ब्याकुल पाठक, माधव काफ्ले, रमेश श्रेष्ठ, सुरेन्द्रबहादुर

---

२०३ पूर्ववत् ।

२०४ पूर्ववत् ।

२०५ **वागीश्वरी**, ( वर्ष १२, अङ्क ८, २०५७), पृ ख ।

२०६ **वागीश्वरी,** ( वर्ष ११, अङ्क ७, २०५६), पृ ख-ग ।

२०७ **वागीश्वरी,** ( वर्ष १२, अङ्क ८, २०५७), पृ.ग ।

श्रेष्ठ, ईशान गौतम, यज्ञप्रसाद दङ्गाल, पशुपति भण्डारी , नरेन्द्रराज पौडेल, कृष्ण बराल, टङ्क उप्रेती, कृष्ण धरावासी, मनोज दाहाललगायत चि.सा.प.का पदाधिकारी तथा सदस्य, स्थानीय मानक स्रष्टाहरूको उपस्थिति[२०८] रहेको थियो । सोही कार्यक्रममा चि.सा.प.द्वारा प्रदान गरिदै आएको कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार पोखराका कवि रमेश श्रेष्ठको कवितासङ्ग्रह **आमा नदीहरू**लाई समर्पण गरियो ।[२०९]

४४) मिति २०५८।३।२९ गते अशेष मल्लको प्रमुख आतिथ्यमा भानु जयन्तीको अवसर पारी आदिकवि भानु मा.वि.मा आयोजित समारोहमा विगत दुई दशकदेखि साधनारत नेपाली साहित्यका समकालीन कविताका क्षेत्रमा उल्लेखनीय योगदान पु¥याएका कवि खुमनारायण पौडेललाई यसवर्ष (२०५८)को चि.सा.प. प्रतिभा पुरस्कार समर्पण गरियो ।[२१०]

४५) २०५८।४।६ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले चि.सा.प.को आगामी अधिवेशन आगामी श्रावण २३ गते बालकुमारी कलेजमा गर्ने र चि.सा.प.का सदस्यले नवीकरण शुल्क रू ५०।–, प्रवेश शुल्क रू ५०।-, तथा आजीवन सदस्यता शुल्क रू ५००।– लिने निर्णय गर्दै साधरण सभामा पेश गर्ने निर्णय गर्‍यो ।[२११]

४६) मिति २०५८।४।१३ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठक (साधरणसभा)ले चि.सा.प.को विधान संसोधन गरी नेतृत्वमा फेरबदल गर्‍यो । विधान संसोधनका सम्बन्धमा परिच्छेद २ को दफा २ को उपदफा 'च'मा .....भाषा साहित्य संस्कृति तथा इतिहास पुरात**,**वको खोजी गर्ने र प्रकाशनमा ल्याउने उल्लेख भएकोमा 'भाषा साहित्यको खोजी र प्रकाशन गर्ने' वाक्यांश मात्र राख्ने र चि.सा.प.को कार्यसमितिको सङ्ख्या उल्लेख नभएकाले कार्यसमितिको सङ्ख्या ७ देखि ११ जनासम्म राख्ने निर्णय गर्‍यो । यसैगरी कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार नियमावली २०५४ मा उल्लेख भएको परिच्छेद ३ को दफा ९ मा '.....कृतिकार नेपाली नागरिक हुनु पर्नेछ' भन्ने दफा हटाउने, दफा ३ को 'भाषा साहित्य संस्कृति तथा इतिहास पुरात**,**व आदि विषय ....' उल्लेख भएकोमा 'नेपाली भाषा साहित्यको मौलिक लेखन तथा अन्वेषण अनुसन्धान कार्यको विकासमा योगदान पु¥याउने' मात्र राखी संस्कृति इतिहास पुरात**,**व आदि विषयलाई उक्त पुरस्कारको निम्ति समावेस नगर्ने निर्णय गर्‍यो । साथै पुरस्कारको निम्ति दर्ता कृतिहरू अन्य कुनै साहित्यिक संङ्घ संस्थाबाट पुरस्कृत भएको थाहा हुन आएमा समावेश नगरिने निर्णय समेत गर्‍यो । सोही साधरणसभामा कार्यसमिति पुनर्गठन सम्बन्धमा ब्यापक छलफल गरी पुनः केदारनाथ खनालको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति गठन गर्‍यो ।[२१२]

४७) मिति २०५८।९।१३ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** वितरणार्थ प्रयाप्त मात्रामा कृतिहरू प्राप्त नभएकाले पुनः

---

[२०८] केदारनाथ खनाल, पूर्ववत् ।

[२०९] केदारनाथ खनाल, पूर्ववत् ।

[२१०] **वागीश्वरी,** ( वर्ष १४, अङ्क, १०, २०५९), पृ. उ.न. ।

[२११] केदारनाथ खनाल, पूर्ववत् ।

[२१२] केदारनाथ खनाल, पूर्ववत् ।

आह्वान गर्दै चि.सा.प.का सम्मानित सदस्य गञ्जसिंह गुरुङ र मानार्थ सदस्य उपेन्द्र श्रेष्ठलाई सम्मान गरी आजीवन सदस्यहरूलाई प्रमाणपत्र प्रदान गर्ने निर्णय गऱ्यो ।[२१३]

४८) मिति २०५८।९।२८गते तत्कालीन ने.रा.प्र.प्र., ना.क.म. र चि.सा.प.को सयुक्त आयोजनामा केदारनाथ खनाल र ना.क.म.का अध्यक्ष राजु श्रेष्ठको सयुक्त अध्यक्षतामा र ने.रा.प्र.प्र.का सदस्य सचिव तुलसी भट्टराईको प्रमुख आतिथ्यमा ११८औँ लेखनाथ जयन्ती एवम् राष्ट्रिय एकता दिवसको अवसरमा आयोजित बहुभाषीय कवि गोष्ठी सम्पन्न भयो । गोष्ठीमा राष्ट्रभाषा नेपाली, संस्कृत, तथा राष्ट्रिय भाषाका गरी ४५ वटा रचना वाचन भएका थिए ।[२१४] गोष्ठीमा नेपाली राष्ट्रभाषाका अलावा संस्कृत, नेपालीभाषा, तथा थारू, दराइ, नेवारी, भोजपुरी, मैथली, तमु (गुरुङ) मगर, राई वान्तवा, पहाडी मिया (चुरेटी) मारबाडी, हिन्दी, जस्ता राष्ट्रियभाषाका कविता वाचन गरिएका थिए । ने.रा.प्र.प्र.का सदस्य सचिव तुलसी भट्टराईको प्रमुख आतिथ्यता सम्पन्न गोष्ठीमा प्राज्ञ रामदायल राकेश, कृष्णप्रसाद वस्ती, आचार्य खेमराज केशवशरण विशिष्ठ आतिथ्यता थियो । गोष्ठीमा सूर्यमणि अधिकारीले राष्ट्रिय एकताः आजको सर्न्दभका बारेमा बौद्धिक विश्लेषण प्रस्तुत गरेका थिए भने [२१५] कार्यक्रममा निर्मोही व्यास, अच्युत खनाल (बारा) काठमाण्डौबाट तुलसी भट्टराई, उपेन्द्र श्रेष्ठ, सत्येन्द्रराज भट्टराई, सुधा भट्टराई, तारादेवी, टीकाराम ढुङ्गना 'विकलाङ्ग', प्रदीप ढुङ्गना, गुल्मीबाट बुद्धिराज ढकाल, कुलप्रसाद ढकाल, जनकपुरबाट राजेन्द्र विमल, रमेश रञ्जन, बाग्लुङबाट इन्द्र केसी, अछामबाट रावल कृष्ण, अनिल सिग्देल, गञ्जसिं गुरूङ, सूर्यमणि अधिकारी आदि स्रष्टाहरूको उपस्थिति रहेको थियो । सोही कार्यक्रममा केशवराज आमोदीको **सत्तासाधन** मुक्तकसङ्ग्रह विमोचन गरिएको थियो भने **चितवनपोष्ट** दैनिकद्वारा लोककवि काका नेपाली एवम् समालोचक अनिल सिग्देललाई सम्मान गर्न मञ्च प्रदान गरियो ।[२१६] समारोहमा आफ्नी धर्मपत्नी कृष्णाकुमारी गुरूङको पुण्यस्मृतिमा रू १,००,०००।- अक्षयकोषमा राखीदिएकाले चि.सा.प.को विधान अनुसार गञ्जसिंह गुरुङलाई सम्मानित सदस्यबाट र मानार्थ सदस्य उपेन्द्र श्रेष्ठलाई सम्मान तथा परिषद्का अन्य आजीवन सदस्यहरूलाई प्रमाणपत्र प्रदान गरियो ।[२१७]

४९) मिति २०५९।३।२९ गते १८९औँ भानुजयन्तीका अवसरमा चि.सा.प. र ना.क.म.को सयुक्त आयोजनामा विविध साहित्यिक कार्यक्रम गरी **चि.सा.प. प्रतिभा पुरस्कार** (२०५९) र **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** (२०५८) समर्पण गरियो । केदारनाथ खनालको अध्यक्षता तथा प्राज्ञ टीकाराम पन्थीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा काठमाण्डौं निवासी शैलेन्दुप्रकाश नेपालको **अनामिका** महाकाव्यलाई **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** र विगत

---

[२१३] केदारनाथ खनाल, पूर्ववत् ।

[२१४] **वागीश्वरी**, पूर्ववत् ।

[२१५] ऐजन ।

[२१६] ऐजन ।

[२१७] केदारनाथ खनाल, पूर्ववत् ।

चार दशकभन्दा बढी समयदेखि काव्य-कविता तथा नाटक विधाका दीर्घसाधक नारायणदत्त शास्त्रीलाई **चि.सा.प. प्रतिभा पुरस्कार** समर्पण गरियो ।[२१८]

५०) मिति २०५९।७।१८ गते ९४औं देवकोटाको जन्मजयन्ती माद्यामिक शिक्षा परिषद्को सभाहलमा स्थानीय साहित्यकारहरूको जमघटमा देवकोटको बहुआयामिक व्यक्ति**,**वका बारेमा अन्तकिया  गरी सम्पन्न भयो ।[२१९]

५१) मिति २०५९।९।२६ गते  केदारनाथ खनालको  अध्यक्षतामा बसेको बैठकले विगत दुई दशकदेखि अविच्छिन्न रूपमा सामाजिक सेवामा लागिपरेका गुणचन्द्र विष्ट (स्वामी कृष्णानन्द भारती)ज्यूले १० हात मोहडा भएको (साविक नारायणगढ  गा.पं. वडा नं ६ कि.नं ३९९३ क्षेत्रफल ०-०-४$^{१/५}$) घडेरी जग्गादान गरेकामा हार्दिक कृतज्ञता व्यक्त गर्दै उनको महादानको सम्मानस्वरूप चि.सा.प.को सम्मानित सदस्यता प्रदान गर्ने निर्णय गऱ्यो । सोही बैठकले नेपाली साहित्यमा विशेष योगदान गर्नुहुने राष्ट्रियस्तरमा ख्याती कमाएका चितवनका कवि द्वारिका श्रेष्ठलाई चि.सा.प.को विधान अनुसार मानार्थ सदस्यता प्रदान गर्ने निर्णय गऱ्यो ।[२२०]

५२) मिति २०६०।३।२९ गते १८८औं भानुजयन्तीको अवसरमा भानु मा.वि. नारायणगढमा  ने.रा.प्र.प्र.का प्राज्ञ सनत रेग्मी प्रमुख आतिथ्य तथा केदारनाथ खनालको अध्यक्षतामा कवि गोष्ठी तथा लक्ष्मणप्रसाद गौतमलाई  **चि.सा.प. प्रतिभा पुरस्कार** (२०६०) समर्पण, पुस्तक विमोचन आदि गरी सम्पन भयो । [२२१]

५३) मिति २०६०।४।३१ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले कार्यसमितिको कार्यकाल २०६०।४।१३ गते समाप्त भएकाले मिति २०६०।५।३ गते सम्म थप गर्ने निर्णय गर्दै परिषदको सदस्य बन्न सक्ने व्यक्तिहरूको नाम अर्को बैठकमा पेश गर्ने निर्णय गऱ्यो । [२२२]

५४) मिति ०६०।४।१० गते १३८औं मोतीजयन्तीको अवसरमा वरिष्ठ गजलकार बूँद रानाको प्रमुख आतिथ्य तथा केदारनाथ खनालको अध्यक्षतामा नेपाल अधिराज्यमै दोस्रो पटक गजल सम्बन्धी विशेष कार्यक्रम गजल प्रशिक्षण गरी सम्पन्न भयो । सहभागीहरूबाट प्रवेश शुल्क रू १००।-समेत लिइएको सो प्रशिक्षण कार्यक्रममा घनश्याम न्यौपाने 'परिश्रमी'ले कार्यपत्र प्रस्तुत गरेका र सो कार्यपत्र माथि गजलकारहरू बूँद राना, गोविन्दराज विनोदी, कपिल अज्ञात, रमेश प्रभातले टिप्पणी गरेका थिए ।[२२३]

५५) मिति २०६०।७।१ गते चि.सा.प.को छैटौं साधरणसभा सम्पन्न भयो । साधरणसभाले पुनः केदारनाथ खनालको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गऱ्यो । सोही

---

[२१८] **वागीश्वरी,** (वर्ष १५, अङ्क, ११, २०६०) , पृ. उ.न. ।

[२१९] **वागीश्वरी,** ऐजन ।

[२२०] केदारनाथ खनाल,  पूर्ववत् ।

[२२१] **वागीश्वरी,** ( वर्ष १६, अङ्क, १२, २०६१) , पृ.१२८ ।

[२२२] केदारनाथ खनाल,  पूर्ववत् ।

[२२३] **वागीश्वरी,**  (वर्ष १७, अङ्क १३, २०६२), पृ.उल्लेख नभएको ।

साधरणसभाले समितिको सल्लाहकारहरूमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, गायत्री श्रेष्ठ, राजकृष्ण कँडेल, चिरन्जीवी श्रेष्ठलाई चयन गऱ्यो ।[२२४]

५६) मिति २०६०।८।१३ गते १२० जनाको उपस्थितिमा केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले राष्ट्रकवि माधव घिमिरेको रथयात्रा तथा अभिनन्दनको निम्ति उद्योग वाणिज्य सङ्घमा विशेष भेला सम्पन्न भयो । भेलाले आगामी पौष १६ गते राष्ट्रकवि माधव घिमिरेको रथयात्रा तथा अभिनन्दन गर्ने निर्णय गऱ्यो । भेलाले चि.सा.प.का अध्यक्ष केदारनाथ खनालको संयोजकत्वमा ५८५ सदस्यीय मूल समिति तथा विभिन्न १२ ओटा उपसमितिहरू गठन गऱ्यो । यसअनुसार केदारनाथ खनालको संयोजकत्वमा २५ सदस्यीय कार्य परिचालन (स्टेरिङ्ग) समिति, र अनुगमन तथा मूल्याङ्कन, श्रीभक्तअच्युत वाग्लेको संयोजकवमा अर्थ सङ्कलन, नारायणप्रसाद खनालको संयोजकत्वमा अभिनन्दन पत्र तयारी, गोविन्दराज विनोदीको संयोजकत्वमा **वागीश्वरी**को राष्ट्रकवि विशेषाङ्काक प्रकाशन समिति गठन भयो । यसैगरी प्रेमविनोद नन्दनको संयोजकत्वमा स्वागत सत्कार, रमेश प्रभातको संयोजकत्वमा ब्याच व्यवस्थापन, सनत शाहको संयोजकत्वमा रथ सजावट, बालकृष्ण थपलियाको संयोजकत्वमा स्वागतद्वार तथा ब्यानर व्यवस्थापन, गणेशप्रसाद शर्माको संयोजकत्वमा सचिवालय व्यवस्थापन, प्र.जि.अ.को अध्यक्षतामा शान्ति सुरक्षा व्यवस्थापन, नेपाल स्काउटको संयोजकत्वमा प्ले कार्ड व्यवस्थापन उप समिति गठन भए ।[२२५]

५७) मिति २०६०।९।१६ गते केदारनाथ खनालको अध्यक्षता तथा कवि तीर्थराज कोइरालाको प्रमुख आतिथ्यमा राष्ट्रकवि माधव घिमिरेको रथारोहण तथा अभिनन्दन सम्पन्न भयो । सो दिन विहान ११.०० वजे वीरेन्द्र बहुमुखी क्याम्पसस्थित महाकवि देवकोटाको प्रतिमामा माल्यापर्ण गरी पञ्चेबाजा, हात्तिमा पञ्चकन्याहरू र ५८५ वटा सिङ्गारिएका पूर्ण कलश सहित विभिन्न सांस्कृतिक झाँकीका साथ सुरु भएको रथयात्रा नारायणगढ बजार परिक्रमा गरी क्याम्पाचौरमा पुगी औपचारिक कार्यक्रममा परिणत भएको थियो । आकर्षक ढङ्गले सिङ्गारिएको पुष्पविमान सदृष्य रथमा कवि दम्पतीलाई आरोहरण गराइएको ऱ्यालीमा हजारौँ विद्यार्थी, शिक्षक, प्राध्यापक, पत्रकार, वुद्धिजीवी, समाजसेवी, वाङ्मयसेवी उद्योगी व्यापारीलगायत सर्वसाधरणको विसाल सहभागिता रहेको थियो । राष्ट्रकविले चितवनको जनतासित ‘चन्दन मिसिएको माया र श्रद्धाभाव भएको’ स्नेहाभिषिक्त अभिव्यक्ति दिएपछि समस्त चितवनवासी खुसीले गदगद भएका थिए । सोही समारोहमा चि.सा.प.द्वारा स्थापना गरिएको **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** (२०६०) माधव वियोगीको **छन्दशिरोमणि** महाकाव्य र गोविन्दराज विनोदीको कवितासङ्ग्रह **अविश्रान्त**कालागि संयुक्त रूपमा समर्पण गरिएको थियो । यसैगरी सोही समारोहमा विभिन्न स्रष्टाहरूको आधा दर्जनभन्दा बढी कृतिहरूको पनि लोकार्पण गरिएको थियो ।[२२६]

५८) मिति २०६०।९।२७ गते चि.सा.प. र ना.क.म.को संयुक्त आयोजनामा श्री ५ पृथ्वी दिवस तथा राष्ट्रिय एकता दिवस विविध साहित्यिक तथा सास्कृतिक कार्यक्रम गरी सम्पन्न

---

२२४ केदारनाथ खनाल, पूर्ववत् ।

२२५ केदारनाथ खनाल, पूर्ववत् ।

२२६ **वागीश्वरी,** (वर्ष १६, अङ्क १२, २०६१), पृ.१२८ ।

भयो । कार्यक्रममा ने.रा.प्र.प्र.का प्राज्ञ केशवप्रसाद उपाध्याय प्रमुख अतिथि रहेका थिए भने कार्यक्रमको अध्यक्षता चि.सा.प.का अध्यक्ष केदारनाथ खनालले गरेका थिए ।[२२७]

५९) मिति २०६१।१।११ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले राष्ट्रकवि माधव घिमिरेको रथारोहण तथा अभिनन्दन समारोहमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैलाई धन्यावाद गर्दै सो कार्यक्रममा तुल ब्यानर राख्ने, आर्थिक सहयोग गर्ने सबैलाई ज्ञापन गर्दै सहयोगीको नाम **वागीश्वरी**को आगामी अङ्कमा प्रकाशित गर्ने निर्णय गऱ्यो । सोही बैठकले माधव घिमिरेको रथारोहण तथा अभिनन्दनका सन्र्दभमा रसिदबाट रू ७४,४४२।- र रसिद बाहेक रू २८,४९८ ।- गरी रू १,०२,९३०।- आम्दानी भएको र खर्च रू ५८,२२९ भएकाले बाँकी रकम रू४४,७०२।- चि.सा.प.को बचत खातामा राख्ने निर्णय गऱ्यो ।[२२८]

६०) मिति २०६१।३।२ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले भानुजयन्तीको अवसरमा यसवर्ष (२०६१)को **चि.सा.प. प्रतिभा पुरस्कार** निबन्धकार राजकृष्ण कँडेललाई अर्पण गर्ने र सोही अवसरमा कवि शिवलाल आचार्य 'सौम्यपुष्प'को कवितासङ्ग्रह **सिमलको रूख र म** को विमोचन समेत गर्ने निर्णय[२२९] अनुसार १९१ औँ भानुजयन्तीको अवसरमा पुरस्कार समर्पण, पुस्तक विमोचन तथा विविध साहित्यिक कार्यक्रम गरी सम्पन्न भयो ।[२३०]

६१) मिति २०६१।५।१९ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले १३९ मोतीजयन्ती आगामी ०६१।५।२९ गते ना.क.म.को सहकार्यमा प्रतियोगितात्मक समस्यापूर्ति गजल गोष्ठी र **वागीश्वरी**को १२ औँ अङ्क लोकार्पण गर्ने निर्णय भयो ।[२३१]

६२) मिति २०६२।१।१ गते चि.सा.प.को संयोजन तथा ब्रह्मकुमारी राजकुमारी सेवा केन्द्र नारायणगढको आतिथ्यमा आध्यात्मिक कवि गोष्ठी समपन्न भयो ।[२३२]

६३) मिति २०६२।१।७ र ८ गते तत्कालीन शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको आयोजना तथा चि.सा.प.को संयोजनामा **निकुञ्जमा कविता र कवितामा निकुञ्ज** विशेष साहित्यिक कार्यक्रम गरी कविता र गीतको माध्यमबाट वन्यजन्तु र निकुञ्ज संरक्षणमा योगदान पुऱ्याइयो ।[२३३]

६४) मिति २०६२।३।२९ गते १९२ औँ भानुजयन्ती ना.क.म.सँगको सहकार्यमा प्रतियोगितात्मक छन्दोबद्ध कविता बाचन तथा सांस्कृतिक कार्यक्रम तथा चि.सा.प. प्रतिभा पुरस्कार समर्पण गरी मनाइयो । पोखराका कवि तीर्थ श्रेष्ठको प्रमुख आतिथ्य तथा चि.सा.प.

---

[२२७] **वागीश्वरी,** पूर्ववत् पृ. २७९ ।

[२२८] केदारनाथ खनाल, पूर्ववत् ।

[२२९] केदारनाथ खनाल, पूर्ववत् ।

[२३०] **वागीश्वरी,** (वर्ष १६, अङ्क १२, २०६१), पृ.२६७

[२३१] केदारनाथ खनाल, पूर्ववत् ।

[२३२] **वागीश्वरी,** (वर्ष १८,अङ्क १४, २०६३), पृ.१२३ ।

[२३३] मिति २०६६ ।४।१५ गते चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई दिनुभएको जानकारी अनुसार ।

अध्यक्ष केदारनाथ खनालको अध्यक्षतामा सञ्चालित कार्यक्रममा र.न.पा. १२ माधवपुर निवासी साहित्यकार केशवराज आमोदीलाई यस वर्ष (२०६२)को **चि.सा.प. प्रतिभा पुरस्कार** समर्पण गरियो ।[२३४]

६५) मिति २०६२।५।१७ गते केदारनाथ खनालको अध्यक्षतामा सम्पन्न १४०औँ मोतीजयन्ती शैक्षिक तालिम केन्द्र भरतपुर मोतीराम भट्टको व्यक्तित्वमाथि प्रकाश पार्दै विविध किसिमका गजलवाचन गरियो । केदारनाथ खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मोतीराम भट्टको कृतित्वमाथि रमेश प्रभातले प्रकाश पारेका थिए भने ५२ जना स्रष्टाहरूले रचना वाचन गरेका थिए ।[२३५]

६६) मिति २०६२।६।३१ गते केदारनाथ खनालको अध्यक्षतामा बसेको बैठकले चि.सा.प.को कार्यसमितिको कार्यकाल मिति २०६२।७।१ बाट सकिने भएको र तत्काल साधरणसभा बोलाउन समस्या देखिएकाले २०६२ चैत्र १२ सम्म कायम गर्ने र सोही दिन साधरणसभा बोलाउने निर्णय गर्दै चि.सा.प.को विधानमा आवश्यक संसोधन गर्न मणिराम काफ्लेको संयोजकत्वमा प्रभातकुमार जोशी र भागवतशरण न्यौपाने सदस्य रहेको उपसमिति गठन गर्‍यो ।[२३६]

६७) मिति २०६२।७।१५ गते केदारनाथ खनालको अध्यक्षता तथा रामबाबु घिमिरे प्रमुख आतिथ्यमा ९७ औं महाकवि देवकोटा जयन्ती होटल वैष्णवमा सम्पन्न भयो ।[२३७]

६८) मिति २०६२।८।१८ गते चि.सा.प. अध्यक्ष केदारनाथ खनाल र रामेश्वर पुस्तकालयका अध्यक्ष केशवकुमार श्रेष्ठको संयुक्त अध्यक्षतामा साहित्यकार बालकृष्ण थपलियाको कविता तथा गजलसङ्ग्रह **धारा एकसय सत्ताईस**को रामेश्वर पुस्तकालय क्षेत्रपुरमा प्रमुख अतिथि प्रेमविनोद नन्दनले कृति खरिद गरी लोकार्पण गरे । बिमोचन समारोहमा चि.सा.प.का सल्लाहकार गोविन्दराज विनोदी, सचिव सुरेन्द्र अस्तफल, समालोचक लक्ष्मणप्रसाद गौतम, डी.आर पोखरेल, रमेश प्रभात, संचारकर्मी अर्जुनमणि पोडेल, भूवन तिमिल्सिना, कविहरू धनराज गिरी, विश्वनाथ थपलिया, मधुराम दुवाडीलगायतले कृतिमाथि टिप्पणी तथा रचना वाचन गरेका थिए ।[२३८]

६९) मिति २०६२।९।१६ गते बसेको चि.सा.प.को बैठकले यसवर्ष (२०६२)को **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** खगेन्द्र लुइटेलको समालोचनासङ्ग्रह **कविताको संरचनात्मक विश्लेषण** (२०६२) लाई प्रदान गर्ने निर्णयानुसार[२३९] गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यमा

---

२३४ **वागीश्वरी,** पूर्ववत् ।

२३५ चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई उपलब्ध गराउनु भएको निर्णयपुस्तिका अनुसार ।

२३६ केदारनाथ खनाल, पूर्ववत् ।

२३७ **वागीश्वरी,** पूर्ववत् ।

२३८ **रामेश्वर स्मारिका**,( वर्ष १, अङ्क १, २०६४), पृ११५-११६ ।

२३९ केदारनाथ खनाल, पूर्ववत् ।

पृथ्वी जयन्ती ०६२ को अवसरमा बालकुमारी कलेजमा आयोजित साहित्यिक कार्यक्रम गरी सो पुरस्कार समर्पण गरियो ।[२४०]

७०) मिति २०६२।१२।१२ गते केदारनाथ खनालको अध्यक्षता शैक्षिक तालिम केन्द्र भरतपुरमा कवि भूपिन व्याकुलको एकल कविता वाचन तथा Random memoriging objects बाट ७५ वटा वस्तुहरू स्मतिमा राखी गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल भएकी भ.न.पा.४ निवासी प्रतिष्ठा अमात्य विष्टलाई विशेष कार्यक्रम गरी सम्मान गरियो ।[२४१]

७१) मिति २०६३।१।३ गते वाकस्वतन्त्रताका लागि सडक कविता र जनआन्दोल संयोजन समितिको कार्यक्रम अर्न्तगत चितवनमा क्रियाशील विभिन्न साहित्यिक सङ्घ संस्थाहरूको सयुक्त आयोजनामा नारायणगढको पुलचोकमा आयोजित लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको ऐक्यबद्धतामा चि.सा.प.को संस्थागत सहभागिता रह्यो ।[२४२] यस कार्यक्रममा परिषद् आवद्ध पदाधिकारीले कार्यक्रम आयोजक समितमा रही क्रियाशील रहेका थिए ।

७२) मिति २०६३।२।१० गते परिषदका संस्थापक सदस्य तथा पूर्वअध्यक्ष सूर्यमणि अधिकारीको ९औँ दिनको पुण्यस्मृतिमा अधिकारीको निवास यज्ञपुरीमा साहित्यिक श्रद्धाञ्जलिसभा आयोजना गरी उनको कृतित्व तथा व्यक्तित्व माथि प्रकाश पारियो ।[२४३]

७३) मिति २०६३।३।७ गते बसेको बैठकले चि.सा.प.को वर्तमान कार्यसमितिको कार्यकाल सकिएकाले मिति २०६२।१२।१२ गते बैठकले २०६३ ज्येठ महिनाको पहिलो शनिवार बोलाउने निर्णय भए पनि विशेषकारणवश सो अवधिमा पनि साधरणसभा बोलाउन नसकिएकाले २०६३ असोज २८ गते बोलाउने निर्णय गऱ्यो । यसैगरी सोही बैठकले चि.सा.प. प्रतिभा पुरस्कार (२०६३) को स्रष्टा छनौटको लागि राजकृष्ण कँडेलको संयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गऱ्यो ।[२४४]

७४) मिति २०६३।३।१० गते नारायणी कला मन्दिरमा हासने प्रतिष्ठानद्वारा आयोजित बृहद् हास्यव्यङ्ग्य सम्मेलन तथा विशेष हासने सम्मान एवम् कृति विमोचन साहित्यिक कार्यक्रम चि.सा.प.को संयोजनमा सम्पन्न भयो । हास्यव्यङ्ग्यकार तथा सांसद बलदेव मजगैयाँको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा व्यङ्ग्यकार नरेन्द्रराज पौडेललाई सम्मान गरिएको थियो । कार्यक्रममा धर्मराज बराल, आनन्दप्रकाश नेपाल, शैलेन्द्रप्रकाश नेपाल, बमबहादुर थापा, विष्णु प्रभातलगायतको १२५ जना उपस्थिति रहेको थियो ।[२४५]

७५) मिति २०६३।३।३० गते १९३औँ भानुजयन्ती व्यङ्ग्यकार नरेन्द्रराज पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सो कार्यक्रममा यस वर्ष (२०६३) **चि.सा.प. प्रतिभा पुरस्कार** स्रष्टाद्वय

---

[२४०] **वागीश्वरी**, पूर्ववत् ।

[२४१] **वागीश्वरी**, पूर्ववत् ।

[२४२] **वागीश्वरी**, पूर्ववत् ।

[२४३] केदारनाथ खनाल, पूर्ववत् ।

[२४४] ऐजन ।

[२४५] केदारनाथ खनाल, पूर्ववत् ।

गायत्री श्रेष्ठ र सरस्वती रिजाललाई संयुक्त रूपमा अर्पण गरियो । सोही समारोहमा नेपाली भाषालाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन योगदान दिनु हुने मेजर किशोर गुरुङलाई सम्मान प्रदान गर्दै समसामयिक विषयमा रचना वाचन गरियो । कार्यक्रममा त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, चितवन वाङ्मय प्रतिष्ठानका सचिव लक्ष्मणप्रसाद गौतम, रेडियो नेपालका सञ्चारकर्मी रमेश पौडेल, रामेश्वर पुस्तकालयका अध्यक्ष केशवकुमार श्रेष्ठ, अखिल नेपाल जनसांकृतिक महासङ्घका केन्द्रीय सदस्य पोषराज पौडेललगायत १०५ जनाको उपस्थिति रहेको थियो ।[२४६]

७६) मिति ०६३।५।१७ गते १४१औँ मोतीजयन्ती शैक्षिक तालिम केन्द्र भरतपुरमा 'यदि हौसला बुलन्द भए हतियार किन चाहियो ?' शीर्षकको समस्यापूर्ति दिएर गजललेखन कार्यक्रम सम्पन्न भयो ।[२४७]

७७) मिति २०६३।६।२१/२२ गते मनकाना दर्शन प्रा.लि.का संस्थापक अध्यक्ष लक्ष्मणबाबु श्रेष्ठको उदारता, मनकामना क्षेत्र विकास समितिका अध्यक्ष कृष्णप्रसाद देवकोटा, प्रेमकुमार श्रेष्ठ, रामकुमार जोशी, इन्सान थापा लगायतका मनकामना निवासी समाजसेवी तथा होटल व्यवसायीहरूको आतिथ्यमा मनकामना काव्यिक यात्रा सम्पन्न भयो ।[२४८] कोजाग्रत पूर्णिमाको दिन मनकामना प्रस्थान, साँझमा काव्यिक गोष्ठी तथा सरस्वती रिजालको कवितासङ्ग्रह **प्रबोधन**को लोकार्पण गरियो । सोही कार्यक्रममा तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति शिवहरि मरहट्टा, व्यङ्ग्यकार नरेन्द्रराज पौडेललगायत ४३ जना स्रष्टाहरूको उपस्थिति रहेको थियो । भोलिपल्ट विहान मनकामनामाताको दर्शन, बक्रेश्वर थाना तथा लखनगुफालगायत त्यस वरपरका पर्यटकीय क्षेत्रको अवलोकन गरी टोली फर्केको थियो । [२४९]

७८) मिति २०६३।६।२८ गते चि.सा.प.को ७औँ साधरण सभा सम्पन भयो । साधरणसभाले श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति गठन गऱ्यो । सोही साधरणसभाले विधान संसोधन सम्बन्धी प्रस्तावअनुसार आजीवन सदस्यको लागि रू १०००।-,साधरण सदस्यको लागि रू १००।- र प्रवेश शुल्क रू५०।- कायम गर्ने कार्यसमितिको निर्णय सर्वसम्मतरूपमा अनुमोदन गऱ्यो ।[२५०]

७९) मिति २०६३।६।२८ गते श्रीभक्त अच्युत वाग्लेको अध्यक्षतामा बसेको बैठकले केदारनाथ खनालको अध्यक्षमा गठित चि.सा.प.को पूर्व कार्यसमितिलाई धन्यवाद ज्ञापन गर्दै चि.सा.प.सङ्ग निकट सम्बन्ध राख्नुहुने सदस्यहरू प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, राजकृष्ण कँडेल, गायत्री श्रेष्ठ, चिरञ्जीवी श्रेष्ठ, स्वामी कृष्णानन्द भारती र जीवा लामिछानेलाई सल्लाहकारमा मनोनयन गर्दै चि.सा.प.को नाममा रहेका बैङ्क तथा फाइनान्समा रहेका खाता यसअघि अध्यक्ष केदारनाथ खनाल र कोषाध्यक्ष गणेशप्रसादको दस्तखतमा

---

[२४६] चि.सा.प.का सचिव गणेशप्रसादले उपलब्ध गराउनु भएको उपस्थिति पुस्तिकाबाट ।

[२४७] गणेशप्रसाद , पूर्ववत् ।

[२४८] **वागीश्वरी** ,( वर्ष १८, अङ्क १५, २०६४), पृ.उ.न. ।

[२४९] शोधार्थीको पनि सहअभागिता रहेको ।

[२५०] गणेशप्रसाद , पूर्ववत् ।

चलेकाले उपरान्त  अध्यक्ष श्रीभक्तअच्युत वाग्ले र कोषाध्यक्ष गणेशप्रसादको संयुक्त दस्तखतमा सञ्चालन गर्ने निर्णय गऱ्यो ।[२५१]

८०) मिति २०६३।७।४ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षता तथा प्रेमविनोद नन्दनको प्रमुख आतिथ्यमा ९८औँ लक्ष्मी जयन्ती विविध कार्यक्रम गरी सम्पन्न भयो । कार्यक्रममा नारायणप्रसाद खनालले देवकोटाको कृतित्व तथा व्यक्तित्व माथि प्रकाश पारेका  थिए । कार्यक्रममा ४४ जना स्रष्टाहरूको उपस्थिति रहेको थियो ।[२५२]

८१) मिति २०६३।८।५ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा बसेको बैठकले घडेरी खरिदको प्रयोजनार्थ रू४,०६,३०५।-खर्च भएकोमा चि.सा.प.को नाममा रहेको रा.वा.बैङ्कमा रहेको खाताबाट रू १६,०००।-, नारायणी फाइनान्सबाट रू २,७०,०००।- निकालिएकोमा सो को समर्थन गरी नगद रू २६,५००।- र बाँकी रकम ९३,८०५।-अध्यक्ष श्रीभक्तअच्युत वाग्लेको सिद्धिलक्ष्मी भेटफर्माबाट  सापटी लिई जग्गा पास गरिएको जानकारी गराइयो । सोही वैठकले चि.सा.प.का सम्मानित सदस्य गञ्जसिंह गुरूङको ८६ वर्षको उमेरमा असामयिक  निधन भएकोमा श्रद्धाञ्जलि अर्पण गर्दै  शोकाकुल परिवार प्रति समवेदना व्यक्त गऱ्यो ।[२५३]

८२) मिति २०६३।९।२२ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा १२३औँ लेखनाथ जयन्ती समसामयिक विषयमा रचना पाठ तथा लेखनाथको व्यक्तित्व माथि प्रकाश पारी सम्पन्न भयो ।[२५४]

८३) १९४औँ भानुजयन्ती चि.सा.प. र ना.क.म.को संयुक्त आयोजनामा चि.सा.प. प्रतिभा पुरस्कार समर्पण, कृति लोकार्पण तथा रचना वाचन एवम् विविध सांस्कृतिक कार्यक्रम गरी  नारायणगढमा सम्पन्न भयो । सो कार्यक्रममा कवि निबन्धकार तथा समीक्षक कपिलमणि शर्मा  रेग्मी ( कपिल अज्ञात) लाइ चि.सा.प. प्रतिभा पुरस्कार समर्पण गरियो । सोही समारोहमा प्रेमविनोद नन्दनको गजलसङ्ग्रह **भीडमा एक्लै एक्लै** र इन्द्रलाल श्रेष्ठ 'अद्वितीय'को कवितासङ्ग्रह **बिम्ब प्रतिबिम्ब** र गजलसङ्ग्रह **नयाँ आकाश नयाँ इतिहास** र श्यामानन्द पौडेलको **रचनात्रिवेणी** लोकार्पण गरियो ।  यसैगरी सोही अवसरमा नन्दनको गीतिसङ्ग्रह **ऐना भित्रको आकाश**को विमोचनका क्रममा सहयोग पुऱ्याउनु हुने होटल गैडा वाइडलाइफ सौरहाबाट प्राप्त आतिथ्य र सौजन्यताको लागि प्रशंसा-पत्र प्रदान गरियो ।[२५५]

८४) मिति २०६४।९।२१ गते चि.सा.प.का उपाध्यक्ष धनजराज गिरीको अध्यक्षता तथा राष्ट्रकवि माधव घिमिरेको प्रमुख आतिथ्यमा चि.सा.प.को घडेरी आनन्दनगरमा १२४औँ लेखनाथ जयन्ती प्रेमविनोद नन्दनलाई **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** (२०६४) समर्पण, रचनावाचन तथा विविध सांस्कृतिक कार्यक्रम गरी मनाइयो । कार्यक्रममा वाणी प्रकाशन विराटनगरका देवी पन्थी, त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, ना.क.म.का अध्यक्ष

---

[२५१] ऐजन ।

[२५२] ऐजन ।

[२५३] ऐजन ।

[२५४] ऐजन ।

[२५५] ऐजन ।

नारायण प्रधान, आनन्द मार्ग टोल विकास संस्थाका अध्यक्ष शिवराज गिरी, सुरेशचन्द्र रेग्मी, सम्मानित प्रतिभा नन्दनका सहधर्मिणी शीतलकुमारी श्रेष्ठ, गजल मञ्च चितवनका अध्यक्ष किसान प्रेमीको विशेष उपस्थिति रहेको थियो । सोही अवसरमा चि.सा.प.को घडेरी खरिदार्थ सहयोग पुऱ्याउने महानुभावहरूलाई सम्मान गरी राष्ट्रकवि माधव घिमिरेले सम्मानपत्र प्रदान गरेका थिए ।[२५६]

८५) लोकतन्त्र दिवस समारोह जिल्ला समिति चितवनको आयोजना र चि.सा.प.को संयोजनमा मिति २०६४।१।१२ गते जिल्ला विकास समिति भरतपुरमा प्रतियोगितात्मक कवि गोष्ठी सम्पन्न भयो ।[२५७]

८६) संविधान सभाको निर्वाचन सम्पन्न भए पछि बसेको पहिलो वैठकले मूलुक संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा परिणत भयो । यस अधिका लोकतान्त्रिक आनदोलनहरूमा पनि सक्रिय सहभागिता जनाएको चि.सा.प.ले गणतन्त्रको औपचारिक घोषाणाको खुसियालीमा मिति २०६५।२।२३ गते नारायणगढमा चितवनमा क्रियाशील १६ ओटा साहित्यिक सङ्घ संस्थाहरुको सयुक्त आयोजनामा आयोजित बृहद् गणतान्त्रिक कविता उत्सवमा सक्रियताका देखायो । गोष्ठीको सफलताका लागि चि.सा.प. आवद्ध पदाधिकारी तथा सदस्यहरू क्रियाशील समितिमै रही खटेका थिए । परिषद्का सल्लाहकारहरू प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, केदारनाथ खनाल, अध्यक्ष श्रभिक्तअच्युत वाग्ले गोष्ठी आयोजक समितिका सल्लाहकार रहेका थिए भने सचिव सुरेन्द्र अस्तफल सचिव र सहसचिव बालकृष्ण थपलिया सदस्यमा रही सक्रिय रहेका थिए ।[२५८]

८७) मिति २०६५।३।६ चि.सा.प.का अध्यक्ष श्रभिक्तअच्युत वाग्लेको **प्रत्यागमन** कवितासङ्ग्रह र पूर्वअध्यक्ष केदारनाथ खनालको **यात्राका स्पन्दनहरू** नियात्रासङ्ग्रह लोकार्पण तथा रचना वाचन कार्यक्रम होटल आइल्याण्ड भरतपुरमा सम्पन्न भयो । नियात्राकार निर्मोही व्यासको प्रमुख आतिथ्यमा सम्मपन्न लोकार्पण कार्यक्रममा वी.ब.क्याम्पसका क्याम्पस प्रमुख गणेशप्रसाद खराल, वाल्मीकि साहित्य सदनका अध्यक्ष रामबाबु घिमिरे, त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, चि.वा.प्र.का सचिव लक्ष्मणप्रसाद गौतम, ब्रह्मकुमार विजयराज सिग्देल, रामेश्वर पुस्तकालयका अध्यक्ष केशवकुमार श्रेष्ठलगायत ५४ जना स्रष्टाहरूको उपस्थिति रहेको थियो ।[२५९]

८८) मिति २०६५।३।२९ गते चि.सा.प. र ना.क.म.को सयुक्त आयोजनामा १९५औं भानुजयन्ती विविध कार्यक्रम गरी सम्पन्न भयो । चि.सा.प. अध्यक्ष श्रीभक्तअच्युत वाग्ले र ना.क.म.का नारायण प्रधानको संयुक्त अध्यक्षता तथा हेमाङ्गराज अधिकारीको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रम आदिकवि भानु मा.वि.नारायणगढमा रहेको भानुको शालिकमा माल्यापण गरी सुरूवात भएको थियो । सो कार्यक्रममा चि.सा.प.का पूर्व अध्यक्ष एवम् भाषासेवी

---

[२५६] ऐजन ।

[२५७] ऐजन ।

[२५८] लक्ष्मणप्रसाद गौतम, *लोकतान्त्रिक गणतान्त्रिक आन्दोलन र चितवनको साहियक परिवृतको सङ्क्षिप्त इतिर्वत्त* , **कवितामा गणतन्त्र**, ( चितवन : गणतान्त्रिक कविता उत्सव संयोजन समिति, २०६५ ) पृ.९-१० ।

[२५९] गणेशप्रसाद , पूर्ववत ।

केदारनाथ खनाललाई चि.सा.प. प्रतिभा पुरस्कार (२०६५) समर्पण गरिएको थियो । सो कार्यक्रममा उषा अधिकारी, सम्मानित स्रष्टा केदारनाथ खनालकी सहधर्मिणी कलादेवी खनाल, ऋद्धिचरण श्रेष्ठ, डा.ईश्वरचन्द्र घिमिरे त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, गजल मञ्च चितवनका अध्यक्ष किसान प्रेमी लगायत ४७ जनाको उपस्थिति रहेको थियो ।[२६०]

८९) मिति २०६५।५।१४ गते श्रीभक्त अच्युत वाग्ले र नारायण प्रधानको सयुक्त अध्यक्षता तथा प्रकाश सायमीको प्रमुख आतिथ्यमा १४३ मोतीजयन्ती नारायणीकला मदिन्रसँगको सहकार्यमा प्रतियोगितात्मक गजल प्रतियोगिता तथा वाचन गरी सम्पन्न भयो । कार्यक्रममा विशिष्ट अतिथि ललिजन रावल, ना.क.म.का पूर्व अध्यक्ष सूर्यबहादुर मास्के, त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, जगल मञ्चका अध्यक्ष किसान प्रेमी लगायत ९५ जनाको विशेष उपस्थिति रहेको थियो । गजल प्रतियोगितामा फजुल्का संग्रौला प्रथम, भीम न्यौपाने दोस्रो तथा भूमिश्वर पौडेल तृतीय भएका थिए ।[२६१]

९०) मिति २०६५।७।१२ गते लक्ष्मीप्रसाद देवकोटाको १००औँ (शतवार्षिकीको अवसर) बालकुमारी कलेजमा रचना वाचन, देवकोटाको कृतित्व माथि प्रकाश पारियो । सोही समारोहमा **वागीश्वरी** अङ्क १६ र **साकुरा फुल्दा** कृति लोकार्पण गरियो ।[२६२]

९१) चि.सा.प.ले पुस्तक प्रकाशन गर्ने क्रममा गत २०६४ देखि २०६५ कार्तिक मसान्त सम्म विभिन्न स्रष्टाहरूको कृति प्रकाशन गरेर संसथागत मूल्य बढायो । यसक्रममा चि.सा.प.का अध्यक्ष श्रीभक्तअच्युत वाग्लेको लघुकाव्य **प्रत्यागमन** (२०६४), आजीवन सदस्य रामबाबु घिमिरेको निबन्धसङ्ग्रह **अनर्गल प्रलाप** (२०६५), पूर्व अध्यक्ष केदारनाथ खनालको नियात्रासङ्ग्रह **यात्राका स्पन्दनहरू** (२०६५), आजीवन सदस्य डी.डी.शर्माको कवितासङ्ग्रह **प्रतिध्वनि** (२०६५), पुष्प आचार्यको गजलसङ्ग्रह **दैलो भित्र दैलो बाहिर** (२०६५), र कुलप्रसाद ढुङ्गनाको काव्यसिद्धान्त **संस्कृत साहित्य सिद्धान्त** (२०६५) प्रकाशन गऱ्यो ।[२६३]

९२) मिति २०६५।९।५ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा बसेको बैठकले अक्षर समूहद्वारा आयोजना गरिएको 'अक्षरहरूका माझ सरूभक्त' कार्यक्रमका लागि ब्यानरका लागि अनुरोध भई आएकोमा रू ५००।-उपलब्ध गराउने निर्णय गऱ्यो । यसैगरी सोही बैठकमा चि.सा.प.को आनन्दमार्गस्थित घडेरीमा भवन निर्माण गर्न भारतीय राजदूतावासमा सहयोगका लागि अनुरोध गर्ने निर्णय भयो । सोही बैठकले कथाकार रमेश विकलको मिति २०६५।३।२ गते भएको निधन तथा मिति २०६५।८।२६ गते हिलवर्ड आवासीय मा.वि.को गाडी गैडाकोटको थुम्सीमा भएको सवारी दुर्घटनामा निधन भएका चि.सा.प.का आजीवन सदस्य श्यामजी अतिथिको बुहारी र नाती तथा दिवङ्गत हुनुहुने सम्पुर्ण आत्माहरूको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गऱ्यो ।[२६४]

---

[२६०] ऐजन ।

[२६१] ऐजन ।

[२६२] ऐजन ।

[२६३] सुरेन्द्र अस्तफल : *चितवन साहित्य परिषद्को पातो,* ( **वागीश्वरी** , वर्ष १९, अङ्क १६, २०६५), पृ.१४६ ।

[२६४] गणेशप्रसाद , पूर्ववत् ।

९३) मिति २०६५।९।१६ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षता तथा प्रेमविनोद नन्दन प्रमुख आतिथ्यमा १२५औँ लेखनाथ जन्मजयन्ती बालकुमारी कलेजमा रचना पाठ तथा **वागीश्वरी** अङ्क १६को विमोचन गरी सम्पन्न भयो । कार्यक्रममा अनेलेसङ्घका के.स.पोषराज पौडेल, प्रगतिशील लेखक सङ्घ चितवनका अध्यक्ष डि.आर.पोखरेल, चि.वा.प्र.का लक्ष्मणप्रसाद गौतम, साहित्य सङ्गम चितवनका रमेश प्रभात, देवकोटा अध्ययन केन्द्रका संङ्गीत आयाम, संरक्षण कविता आन्दोलनका प्रसन्न, चि.सा.प.का सल्लाहकार प्रेमविनोद नन्दन, केदारनाथ खनालगायत २३ जनाको उपस्थिति रहेको थियो ।[२६५]

९४) मिति २०६६।१।५ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षता तथा नेपाली लेखक सङ्घका केन्द्रीय अध्यक्ष तुलसी भट्टराईको प्रमुख आतिथ्यमा चि.सा.प.को आठौं अधिवेशन बालकुमारी कलेज नारायणगढमा सम्पन्न भयो । अधिवेशनमा चितवन वाङ्मय प्रतिष्ठानका अध्यक्ष हरिहर पौडेल, प्रगतिशील लेखक सङ्घ चितवनका अध्यक्ष डी.आर.पोखरेल, हाम्रो मझेरी साहित्य प्रतिष्ठानका अध्यक्ष पुष्प अधिकारी 'अञ्जली', अखिल नेपाल लेखक सङ्घका पोषराज पौडेल, वी.ब.क्याम्पसका उप प्राध्यापक एकनारायण पौडेल, देवकोटा अध्ययन केन्द्रका सङ्गीत आयाम आदि अतिथि तथा परिषद् सम्बद्ध ५९ जनाको उपस्थिति रहेको थिाये । अधिवेशनले पुनः श्रीभक्तअच्युत वाग्लेको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति गठन गर्‍यो। [२६६]

९५) मिति २०६६।१।२३ गते श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा बसेको बैठकले चि.सा.प.को सल्लाहकारका रूपमा प्रेमविनोद नन्दन, केदारनाथ खनाल, गोविन्दराज विनोदी, राजकृष्ण कँडेल, गायत्री श्रेष्ठ, चिरन्जीवी श्रेष्ठ, कृष्णानन्द भारती र जीवा लामिछानेलाई मनोनयन गर्‍यो । यसैगरी सोही वैठकले चि.सा.प.को नाममा रहेको घडेरी बिक्री गर्ने सर्वसम्मत निर्णय गर्दै किनबेच गरी भवन निर्माण कार्यका लागि सम्पूर्ण अधिकार अध्यक्ष श्रीभक्तअच्युत वाग्लेलाई दिने निर्णय गर्‍यो ।[२६७]

९६) मिति २०६६।३।१८ गते चि.सा.प.का उपाध्यक्ष सुरेन्द्र अस्तफलको अध्यक्षतामा बसेको बैठकले साहित्य एवम साहित्यिक सङ्घ संस्थालाई सम्मान गर्ने उद्देश्यले चितवन साहित्य सम्मान हरेक वर्ष प्रदान गर्ने र सो को छलफल गर्न पूर्वअध्यक्ष केदारनाथ खनालको संयोजकत्वमा उपाध्यक्ष सुरेन्द्र अस्तफल र कोषाध्यक्ष श्यामजी अतिथि सदस्य रहेको उप समिति गठन गर्‍यो ।[२६८]

९७) मिति २०६६।३।२९ गते चि.सा.प. उपाध्यक्ष सुरेन्द्र अस्तफल र ना.क.म.का अध्यक्ष नारायण प्रधानको सयुक्त अध्यक्षता तथा गोविन्दराज भट्टराईको प्रमुख आतिथ्यमा १९६औँ भानु जयन्ती ना.क.म.सँगको सहकार्यमा विविध क्रियाकलाप गरी सम्पन्न भयो । आदिकवि भानु मा.वि.नारायणगढमा रहेको भानुको शालिकमा मार्ल्यापण गरी सुरुवात भएको थियो । कार्यक्रममा यस वर्ष (२०६६) को चि.सा.प. प्रतिभा पुरस्कार डी.आर.पोखरेललाई समर्पण

---

[२६५] ऐजन ।

[२६६] ऐजन ।

[२६७] ऐजन ।

[२६८] ऐजन ।

गरियो । सो कार्यक्रममा कुमारप्रसाद कोइराला, हरि गौतम, मातृभूमि साहित्य समाज मकावनपुरका ह्याग्रिव आचार्य, पूर्वविधायक काशीनाथ अधिकारी, सम्मानित स्रष्टा पोखरेलका सहधर्मिणी लक्ष्मी पोखरेललगायत ९३ जना कवि कलाकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा रामायण तथा विविध रचना वाचन एवम् ना.क.म.को प्रस्तुति विविध सास्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।[२६९]

९८) मिति २०६६।५।५ गते चि.सा.प., ना.क.म. तथा गजलमञ्च चितवनको संयुक्त आयोजनामा १४४औं मोतीराम जयन्ती गजल गायन तथा वाचन प्रतियोगिता, मोतीराम भट्टको कृतित्व तथा व्यक्तित्व माथि प्रकाश गरी ना.क.म.मा सम्पन्न भयो । वरिष्ठ सञ्चारकर्मी प्रकाश सायमीको प्रमुख आतिथ्य तथा चि.सा.प. सल्लाहकार प्रेमविनोद नन्दन, केदारनाथ खनाल, गोविन्दराज विनोदी, राजकृष्ण कँडेल, डा.ईश्वरचन्द्र घिमिरे, अखिल नेपाल लेखक सङ्घका केन्दीय सदस्य पोषराज पौडेललगायत ६१ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । भूपिन व्याकुल, रमेश प्रभात र हरि योञ्जन रहेको निर्णायक समूहले प्रतियोगितात्मक गजल गायनमा जीवन सुवेदी 'प्रणय' प्रथम, विष्णु तिवारी 'उषा' द्वितीय, भीम न्यौपाने र शम्भु गिरी 'निर्दोशजीवन'ले तृतीय स्थान हासिल गरेको घोषणा गरेका थिए । विजयी सबैलाई नगद तथा पुरस्कारद्वारा सम्मान गरिएको थियो ।[२७०]

९९) मिति २०६६।७।२७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीको अवसर पारी देवकोटाको कृतित्व तथा व्यक्तित्वमा माथि प्रकाश पार्दै **वागीश्वरी**को १७औं अङ्क विमोचन तथा रचना वाचन गरी शैक्षिक तालिम केन्द्र भरतपुरमा सम्पन्न भयो । साहित्यकार वनमाली निराकारको प्रमुख आतिथ्य तथा परिषद्का अध्यक्ष श्रीभक्त अच्युत वाग्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्ने स्रष्टाहरूले सरकारले देवकोटालाई राष्ट्रिय विभूति घोषण गरी देवकोटाको योगदानलाई राज्यले संरक्षण गर्नुपर्ने कुरामा जोड दिएका थिए । कार्यक्रममा त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनाल, परिषद्का सल्लाहकारहरू केदारनाथ खनाल, गोविन्दराज विनोदी, प्रेमविनोद नन्दन, राजकृष्ण कँडेल, उपाध्यक्ष सुरेन्द्र अस्तफल, चितवन वाङ्मय प्रष्ठिानका लक्ष्मणप्रसाद गौतम, अखिल नेपाल जन साँस्कृतिक महासङ्घका पोषराज पौडेल, अक्षर समूहका भूपिन व्याकुल, कविहरू नारायणदत्त शास्त्री, तिलक राज शर्मा, मित्रराज घिमिरे, भीम न्यौपाने, जीवन सुवेदी, इन्द्रलाल श्रेष्ठ'अद्वितीय', जी शर्मा, बालकृष्ण थपलियालगायतले रचना वाचन गरेका थिए ।[२७१]

१००) मिति २०६६।९। १५ गते **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** समर्पण तथा रचना वाचन गरी १२६ औं लेखनाथ जयन्ती मनाइयो । यसवर्ष (२०६६) को उक्त पुरस्कार समालोचक लक्ष्मणप्रसाद गौतम र कवि भूपिन व्याकुललाई संयुक्त रूपमा समर्पण गरियो । गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** समालोचनासङ्ग्रह र व्याकुलको **हजार वर्षको निद्रा** कवितासङ्ग्रहलाई सयुक्त रूपमा नगद रू दश हजार एक, सम्मान पत्र र दोसल्ला सहित सम्मान गरियो । नेपाली शिक्षा परिषद्की सदस्य सचिव रमा शर्मा ( गोपाल पाण्डे 'असिम'की छोरी) को प्रमखु आतिथ्य तथा चि.सा.प.का अध्यक्ष श्रीभक्तअच्युत वाग्लेको अध्यक्षतामा

---

२६९ ऐजन ।

२७० ऐजन ।

२७१ मिति २०६६।७।२६ गते चि.सा.प.का अध्यक्ष श्रीभक्त अच्युत वाग्लेले शोधार्थीलाई दिनु भएको जानकारी ।

कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा पुरस्कार छनौट समितिका संयोजक तथा परिषद्का सल्लाहकार केदारनाथ खनाल, जिल्ला शिक्षा अधिकारी गोपालकृष्ण पौडेल, वाणी प्रकाशन विराटनगरका उपाध्यक्ष टीकाराम लामिछाने, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष तिलक सापकोटा, त्रि.सा.प.का अध्यक्ष नारायणप्रसाद खनालले लेखनाथको कृतित्व तथा व्यक्तित्वका बारेमा प्रकाश पारेका थिए । पुरस्कारबाट सम्मानित स्रष्टाहरू गौतमको बारेमा सहप्राध्यापक कपिल अज्ञात र व्याकुलको बारेमा समालोचक रमेश प्रभातले प्रकाश पारेका थिए । सोही कार्यक्रममा धनराज गिरी, सामना पहाड, ज्ञानु अधिकारी, पुष्प अधिकारी 'अञ्जलि', प्रभाकर पण्डित, सुरेन्द्र अस्तफल, जी शर्मा, प्रसन्नलगायतले रचना वाचन गरेका थिए ।[२७२]

१०१) चि.सा.प.ले गत वर्षहरूमा झैं यस वर्ष पनि पुस्तक प्रकाशनलाई निरन्तरता दियो । यसवर्ष चि.सा.प.ले चि.सा.प.का पूर्व अध्यक्ष केदारनाथ खनालको संस्मणसङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६६) र आजीवन सदस्य तिलकराज शर्माको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **दौरा सुरूवाल र टोपी आतङ्क** (२०६६) प्रकाशन गऱ्यो ।[२७३]

## ४.१० चितवन साहित्य परिषद् र अन्य संस्थाहरूसितको सम्बन्ध

चितवन साहित्य परिषद्ले आफ्नो स्थापनाकालदेखि नै विभिन्न साहित्यिक तथा सामाजिक, शैक्षिक संस्थाहरूसित हातेमालो गर्दै विभिन्न कार्यक्रम सम्पादन गर्दै आएको छ । चि.सा.प.को उद्देश्य पनि अञ्चल एवम् राष्ट्रिय, अन्तराष्ट्रिय साहित्यिक सङ्घ-संस्थाहरूसँग सम्पर्क राखी साहित्यिक क्रियाकलापको अभिवृद्धि गर्ने भएकाले सो अनुरूप सम्बन्ध स्थापित गर्दै विविध साहित्यिक क्रियाकलाप सञ्चालन गर्दै आएको छ । यसले विगतमा गरेका निर्णयहरू तथा कामकारवाहीबाट यसको अन्य संस्थाहरूको सम्बन्धको बारेमा थाहा पाउन सकिन्छ । यसको आफ्नै भवन नभएको, मजबुत आर्थिक स्थिति तथा कार्यालय सञ्चालन गर्ने दक्ष जनशक्ति पनि नभएको अवस्थामा कतिपय कार्यक्रमहरू आपसी सहयोग र समन्वयमा सम्पन्न भएको देखिन्छ । यहाँ चि.सा.प.को विभिन्न संस्थाहरूसित रहेको सम्बन्धलाई सङ्छेपमा प्रस्तुत गरिएको छ ।

### ४.१०.१ चितवन साहित्य परिषद् र नारायणी कला मन्दिरको सम्बन्ध

वि.स.२०१८ सालमा स्थापित नारायणी कला मन्दिरको मूल उद्देश्य राष्ट्रिय कला, साहित्य र संस्कृतको क्षेत्रमा अनुसन्धान, परिमार्जन, साधना र सिर्जना गर्दै गतिशीलता ल्याउने, हाम्रो मौलिक संस्कृतिमा छरिएर नूतन, पुरातन, लोकोपयोगी गीत तथा नृत्य स्थापना गर्ने, अन्य सास्कृतिक तथा साहित्यिक संस्थाहरूसँग सम्बन्ध बढाउँदै आवश्यक सहयोग आदान प्रदान गर्ने, समयसमयमा कला सहित्य र सास्कृतिक फाँटमा सामयिक प्रतियोगिताहरू आयोजना गरी योग्य प्रतिभाहरूको विकास गर्ने, नेपाली प्रतिभाहरूको सम्मानार्थ सहयोग पुऱ्याउने आदि रहेको छ । यसैगरी चि.सा.प.को उद्देश्य पनि अञ्चल तथा राष्ट्रियस्तरमा साहित्यिक सङ्घ संस्थासङ्ग सम्पर्क राखी साहित्यिक क्रियाकलापको अभिवृद्धि गर्ने लगायतका भएकाले कतिपय कार्यक्रमहरू संयुक्त रूपमा वा सहकार्यमा भएका छन् । चि.सा.प.ले आफ्नो

---

[२७२] पुरस्कार वितरण समारोहमा शोधार्थी सहभागी ।

[२७३] गणेशप्रसाद शर्मा : *चितवन साहित्य परिषद्को पातो,* ( **वागीश्वरी** , वर्ष २०, अङ्क १७, २०६६), पृ.१३३ ।

स्थापनाकाल देखि नै राष्ट्रिय एकता तथा श्री ५ पृथ्वी जयन्ती, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, कवि शीरोमणि लेखनाथ पौड्याल तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा आदिहरूको जयन्तीहरूमा आयोजित विभिन्न कार्यक्रमहरू, बहुभाषीय कवि गोष्ठी, हास्य व्यङ्ग्य सम्मेलन आदि ना.क.म.को सहयोग तथा कतिपय कार्यक्रहरू संयुक्त रूपमा सञ्चालन गर्दै आएको छ ।

### ४.१०.२ चितवन साहित्य परिषद् र जिल्ला कार्यालयको सम्बन्ध

चि.सा.प. चितवनको पुरानो र पहिलो दर्तावाल साहित्यिक संस्था हो । यसभन्दा अगाडि जिल्लामा कुनै सङ्गठित साहित्यिक संस्था थिएन । जिल्ला सदरमुकाम भरतपुरमा राष्ट्रिय पर्वहरूमा विविध साहित्यिक कार्यक्रमहरू सञ्चालन त हुन्थ्यो तर त्यसको औपचारिक र संस्थागत संस्था नभएकाले चि.सा.प.को स्थापना भएको हो । तत्कालीन परिस्थितिमा संस्थादर्ता गर्न त्यति सजिलो थिएन । तत्कालीन प्रमुख जिल्ला अधिकारी विजयराज भट्टराईको सहयोगमा मिति २०४६।२।३१ मा चितवन साहित्य परिषद्को जिल्ला कार्यालय, चितवनमा दर्ता भएको हो ।[२७४] त्यहाँबाट चि.सा.प.को संस्था नवीकरण तथा जिल्लामा भएका साहित्यिक कार्यक्रमहरूमा पनि आवश्यक सुरक्षा तथा अन्य सहयोग तथा समन्वय भइरहेको छ ।

### ४.१०.३ चितवन साहित्य परिषद र भानु सेवा समितिको सम्बन्ध

चि.सा.प.ले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा मोफसल तथा राष्ट्रियस्तरका साहित्यिक संस्थाहरूसित सम्बन्ध राख्दै आएको छ । यसैक्रममा मिति २०४६।३।२९ सम्पन्न १७६ औं भानु जयन्तीको अवसरमा आयोजित कार्यक्रममा भानु सेवा समितिबाट दैवज्ञराज न्यौपाने र तुलसी भट्टराई, सदस्य सचिव रमा शर्माको उपस्थितिले चि.सा.प. र भानु सेवा समितिको सम्बन्ध राम्रो रहेको पाउन सकिन्छ ।

### ४.१०.४. चितवन साहित्य परिषद् र तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसितको सम्बन्ध

चि.सा.प.ले आफ्ना साहित्यिक गतिविधि तल्कालीन तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानसितको सहकार्यमा पनि सञ्चालन गर्दै आएको छ । यसले राष्ट्रिय एकता दिवसका तथा श्री ५ पृथ्वी जयन्तीका अवसरमा विभिध कार्यक्रम सञ्चालन गर्दै आएको छ । मिति २०५८।१।१४ र १५ गते प्रतिष्ठानको आयोजनामा राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी सम्पन्न भएको छ । गोष्ठी ने.रा.प्र.प्र.का उपकुलपति मोहन कोइराला, कमलमणि दीक्षित, केशवप्रसाद उपाध्याय, टीकाराम पन्थी, रामदायल राकेश, सनत रेग्मी, मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, सुधा त्रिपाठी, भिक्टर प्रधान, निर्मोही व्यास, सृजन लम्साल, काजी रोशन, ज्ञानेन्द्र विवश, खगेन्द्रप्रसाद लुइटेल, रमेशमोहन अधिकारी, गोविन्द गिरी प्रेरणा, युवराज नयाँघरे, रमा पराजुली, अच्युत खनाल, ब्याकुल पाठक, माधव काफ्ले, रमेश श्रेष्ठ, सुरेन्द्रबहादुर श्रेष्ठ, ईशान गौतम, यज्ञप्रसाद दङ्गाल, पशुपति भण्डारी, नरेन्द्रराज पौडेल, कृष्ण बराल, टङ्क उप्रेती, कृष्ण धरावासी, मनोज दाहाललगायत चि.सा.प.का पदाधिकारी तथा सदस्य, स्थानीय मानक स्रष्टाहरूको उपस्थितिमा[२७५] सम्पन्न भएको थियो ।

---

[२७४] **बागीश्वरी** ( वर्ष १, अङ्क १, २०४७ ) पृ.इ ।

[२७५] केदारनाथ खनालले उपलब्ध गराउनु भएको उपस्थिति पुस्तिकाबाट ।

### ४.१०.५ चितवन साहित्य परिषद् र उद्योग वाणिज्य सङ्घ नारायणगढसितको सम्बन्ध

चि.सा.प.को स्थापनाकालदेखि नै चि.सा.प.को उद्योग वाणिज्य सङ्घसँग सम्बन्ध रहदैआएको छ । चि.सा.प.को आयोजना आयोजित राष्ट्रकवि माधव घिमिरेको रथारोहण तथा सम्मान कार्यक्रमममा पनि यसको राम्रो सम्बन्ध रहेको थियो । **वागिश्वरी**को प्रकाशनका लागि विज्ञापन तथा कृति प्रर्दशनी एवम् चितवन महोत्सव आदिका साहित्यिक कार्यक्रमहरूमा पनि चि.सा.प.को समन्वय तथा संयोजनमा विविध कार्यक्रम भएका छन् ।

### ४.१०.६ चितवन साहित्य परिषद् र अन्य साहित्यिक संस्थाहरूसितको सम्बन्ध

चि.सा.प.को नेपाली शिक्षा परिषद्, त्रिवेणी साहित्यि परिषद्, नारायणी वाङ्मय प्रतिष्ठान, चितवन राष्ट्रिय निकुञ्ज, चितवन वाङ्मय प्रतिष्ठान, प्रगतिशील लेखक सङ्घ चितवन, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, अखिल नेपाल जन सांस्कृतिक महासङ्घ , साहित्य सङ्गम, प्रगतिशील लेखक सङ्घ, निजगढसाहित्य परिषद्, महेश संयास आश्रम देवघाट, मौलाकाली मन्दिर गैडाकोट, समता साहित्य परिषद् इलाम, देवकोटा अध्ययन केन्द्र, गजल मञ्च चितवन, अक्षर समूह चितवन, बालकुमारी कलेज नारायणगढ, बीरेन्द्र बहुमुखी क्याम्पस, ब्रह्मकुमारी राजयोग सेवा केन्द्र, जिल्ला विकास समिति, चितवन, भरतपुर नगरपालिका कार्यालय, आदिकवि भानु मा.वि., जनक उच्च मा.वि., सत्य साई केन्द, देवकोटा स्मृति प्रतिष्ठान बारा कलैया, सुनगाभा साहित्यिक त्रैमासिक, हासने प्रतिष्ठान, मनकामना क्षेत्र विकास समिति, मनकाना दर्शन प्रा.लि., नेपाल बाल समाज, शैक्षिक तालिम केन्द्र भरतपुर, सिद्धिलक्ष्मी भेटफर्मा, चितवन छापाखाना तथा जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाहरूलगायत अन्य साहित्यिक सामाजिक संस्थाहरूसित पनि उत्तिकै राम्रो सम्बन्ध रहेको पाइन्छ ।

### ४.११ निष्कर्ष :

चितवनलाई प्रतिनिधि,व गर्ने साहित्यिक गतिविधिको अभाव खड्किएको र भाषा साहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मानिएको अवस्थामा यसलाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न चितवन साहित्य परिषदको गठन भएको हो । मदनमणि दीक्षित समेतको उपस्थितिमा वि.सं.२०४४ सालमा सूर्यमणि अधिकारीको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरी सोही समितिको आव्ह्वानमा मिति २०४५।११।२८ गते जिल्लाका लब्धप्रतिष्ठ सत्ताईस जनाको भेलाले चि.सा.प.को विधान अनुमोदन गर्दै कोमलनाथ कोइरालाको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गऱ्यो । मिति २०४६।२।३१ जिल्ला कार्यालय चितवनमा दर्ता गराइ चितवनको पहिलो दर्तावाल साहित्यिक संस्थाका रूपमा यसले आफ्नो इतिहास बनाएको छ ।

सम्मानित, मानार्थ, आजीवन र साधरण सदस्य गरी ७३ जना सदस्य रहेका, आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी कोमलनाथ कोइरालादेखि सूर्यमणि अधिकारी, प्रेमविनोद नन्दन, केदारनाथ खनाल हुँदै हाल श्रीभक्तअच्युत वाग्लेले नेतृत्व सम्हालेका चि.सा.प.ले जिल्लामा विविध साहित्यिक क्रियाकलाप सम्पादन गर्दै आएको छ । अग्रज-अनुज तथा सबैखाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्च चि.सा.प.ले बैङ्क

मार्फत आर्थिक कारोवार, हरेक वर्ष संस्था नवीकरण, आफ्नै नाममा जग्गाको व्यवस्था, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना गरी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ ।

राष्ट्रिय प्रतिभाहरूको जयन्तीका अवसरमा विविध साहित्यिक गतिविधिहरूका साथै राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी, आदिकवि भानुभक्त आचार्यको प्रतिमा स्थापना, राष्ट्रिय बहुभाषी कवि गोष्ठी, मासिक रूपमा साहित्य सन्ध्या सञ्चालन, कविवर माधव घिमिरेलाई रथारोहण तथा अभिनन्दन, सशुल्क कविता वाचन, प्रतियोगितात्मक कविता/गजल प्रतियोगिता, गजल प्रशिक्षण कार्यशाला गोष्ठी, एकल कविता वाचन, मनकामना काव्यिक यात्रा, वाक स्वतन्त्रताका लागि सडक कविताजस्ता कार्यक्रमहरू गरेर यहाँको साहित्यिक उन्नयनमा योगदान दिएको छ । चि.सा.प.ले आफ्नो मुखपत्रकारूपमा **वागीश्वरी** साहित्यिक विविध प्रकाशन गरी निरन्तरता दिएको छभने विभिन्न विधाका ३८ओटा कृति प्रकाशन गरी जिल्लामा सबैभन्दा धेरै कृति प्रकाशन गर्ने श्रेय लिएको । यसले स्थानीयस्तरमा नेपाली भाषा-साहित्यमा उत्कृष्ठ योगदान पुऱ्याएका २ जना महिला सहित १६ जना स्रष्टाहरूलाई नगद पुरस्कार सहित चि.सा.प. प्रतिभा पुरस्कार तथा राष्ट्रियस्तरमा कृतिहरू आह्वान गरी ११ ओटा कृतिका लागि कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार समर्पण गरेको छ । विभिन्न प्रतिष्ठित साहित्यिक, शैक्षिक, सामाजिक सङ्घ-संस्थाहरूसित हालेमालो गर्दै क्रियाशील रहेको चि.सा.प.ले आफ्ना कार्यक्रमहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित स्रष्टाहरूलाई आमन्त्रण गरी यहाँका सर्जकहरूलाई लाभावन्तित गराएको छ ।

यसरी जिल्लाको पहिलो दर्तावाल साहित्यिक संस्था, जिल्लामा सर्वाधिक धेरै कृति प्रकाशन गरी संस्थागत मूल्य मान्यता तथा प्रचारप्रसार गरी स्रष्टाहरूलाई हौसला प्रदान गरेको छ । यसैगरी **वागीश्वरी**को प्रकाशनको निरन्तरता दिँदै विविध साहित्यिक क्रियाकलापका माध्यमबाट चितवनको साहित्यिक उन्नयनमा टेवा पुऱ्याएको छ । आफ्ना विविध गतिविधिका माध्यमबाट चि.सा.प.ले चितवनको साहित्यिक उन्नयनमा आफ्नो दह्रो उपस्थिति जनाएको छ । यसको प्रभाव कुनै न कुनै रूपमा राष्ट्रिय साहित्यमा पनि सकारात्मक रहेको आत्मसात गर्न सकिन्छ ।

# परिच्छेद : पाँच

# चितवन साहित्य परिषद्‌बाट सम्मानित प्रतिभा एवम् प्रकाशित पत्रिका र पुस्तकहरूको परिचयात्मक अध्ययन

# परिच्छेद : पाँच

## चितवन साहित्य परिषद्बाट सम्मानित प्रतिभा एवम् प्रकाशित पत्रिका र पुस्तकहरूको परिचयात्मक अध्ययन

### ५.१ पृष्ठभूमि :

जिल्लामा विविध साहित्यिक कार्यक्रम सञ्चालन गर्दै आएको चि.सा.प.ले आफ्नो उद्देश्य अनुरूप साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको व्यक्तित्व एवम् कृतित्वको अभिलेख राख्ने, सम्मान गर्ने, पुरस्कृत गर्दै साहित्यसिर्जनामा प्रोत्साहन गर्ने, साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरू प्रकशन गर्ने  तथा भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने गरेको छ । यसक्रममा यस क्षेत्रमा त्रियाशील स्रष्टाहरूको खोजी गरी यथोचित सम्मान प्रदान, मुखपत्र **वागीश्वरी**को प्रकाशन तथा निरन्तरता एवम् नेपाली भाषा साहित्यका विविध विधाका पुस्तकहरू प्रकाशन गरेर जिल्लामा सबैभन्दा धेरै कृति प्रकाशन गर्ने संस्थाको रूपमा आफूलाई उभ्याउन सफल भएको  छ । यहाँ चि.सा.प.बाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय तथा प्रकाशित कृतिहरूका बारे विवरणत्मक परिचय प्रस्तुत गरिएको छ ।

### ५.२ चि.सा.प.बाट सम्मानित प्रतिभाहरूको  सङ्क्षिप्त परिचय

चि.सा.प.ले वि.सं.२०५२ सालदेखि स्थानीय स्तरमा भाषा, कला, साहित्य आदिका क्षेत्रमा उल्लेखनीय योगदान गरेका स्रष्टाहरूलाई चि.सा.प. प्रतिभा पुरस्कार र वि.सं.२०५५ सालदेखि केन्द्रीयस्तरमा कृतिहरूको आह्वान गरी उत्कृष्ट ठहरिएको कृतिका स्रष्टाहरूलाई कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार प्रदान गर्दै आएको छ । यसले हालसम्म १६ जनालाई चि.सा.प. प्रतिभा पुरस्कार र  ११ जनालाई कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारबाट सम्मान गरेको छ । कतिपय स्रष्टाहरू चि.सा.प. प्रतिभा पुरस्कार र कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार समेत दुवै पुरस्कारबाट सम्मानित  भएका छन् । यहाँ तिनको सङ्क्षिप्त परिचय दिइएको छ ।

### ५.२.१ चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय

चि.सा.प.ले आफ्नो स्थापनाको उद्देश्यअनुरूप वि.सं.२०५२ सालदेखि स्थानीयस्तरमा साहित्यिक प्रतिभाहरूको उत्थान र सम्मानको लागि हरेक वर्ष सामान्यतया भानुजयन्तीका अवसरमा  **चि.सा.प. प्रतिभा पुरस्कार**द्वारा सम्मान गर्दै आएको छ । मिति २०४६।८।१७ गते चि.सा.प.का तत्कालीन अध्यक्ष कोमलनाथ कोइरालाको अध्यक्षतामा बसेको बैठकले चितवनमा वस्ने वा चितवनलाई कर्मक्षेत्र बनाउने साहित्यकारको कृतित्व र व्यक्तित्वको आधारमा मूल्याङ्कन गरी आफ्नो स्थापना दिवसको अवसरमा प्रदान गर्ने[२७६] निर्णय गरिएको भएपनि

---

[२७६] चिसापका पूर्व अध्यक्ष केदारनाथ खनालले उपलब्ध गराउनु भएको माइन्यूट पुस्तिकाबाट ।

तत्कालीन परिस्थितिका  कारण वि.सं. २०५२ सालदेखि मात्र यो पुरस्कार समर्पण गर्न थालियो । चि.सा.प.ले यो पुरस्कार वितरणार्थ प्रतिभा छनोटको लागि एकजना शिक्षाविद्, कार्यसमितिको पदाधिकारी एकजना तथा चि.सा.प.का कुनै एकजना सदस्य रहको उपसमिति गठन गर्ने र समितिले पेश गरेको नाउँलाई कार्यसमितिको बैठकले अनुमोदन गरेपछि यो पुरस्कार वितरण गर्ने गरिएको छ । प्रायः भानु जयन्तीका अवसरमा आयोजित
विशेष साहित्यिक कार्यक्रममा समितिबाट सिफारिस भएका प्रतिभालाई नगद रू ५०००।-  ( पाँच हजार), सम्मान-पत्र र दोसल्लासहित यो पुरस्कार प्रदान गर्नेगरिएको छ ।[२७७] परिषद्ले हालसम्म १६ जनालाई चि.सा.प. प्रतिभा पुरस्कार सपर्मण गरेको छ । वि.सं.२०६३ सालमा दुई जना नारीस्रष्टालाई संयुक्त रूपमा यो पुरस्कार प्रदान गरिएको छ ।  यहाँ उक्त पुरस्कारबाट सम्मानित हुनुहुने प्रतिभाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### ५.२.१.१ प्रेमविनोद नन्दन

नेवारहरूमा प्रचलित लाल, बहादुर, मान, आदिलाई कवि सिद्धिचरणको प्रभावबाट आफ्नो नाममा आमूल परिवर्तन गरेका सूर्यलाल श्रेष्ठ नै नेपाली साहित्यमा चिनिएका प्रेमविनोद नन्दन हुन् । वि.सं. १९९२ साल जेठ १९ गते पिता मोतीलाल श्रेष्ठ र माता नन्दकुमारी श्रेष्ठको कोखबाट तनहुँको बन्दिपुरमा जन्मी हुर्केका नन्दन पत्नी शीतलकुमारी, ३ छोरा र ३ छोरीसँगै हाल भरतपुर नगरपालिका वडा नं ३ नारायणगढमा बसोवास गर्दै आएका छन् ।[२७८]

किराना ब्यवसाय सञ्चालन गर्दै आएका नन्दन 'जीवन नै एउटा पसल भएको बताउँदै महाकविले चार आनामा कविता बेच्दा-बेच्दै दुई आनामा झरेको र भारतीय उपन्यासकार उपेन्द्रनाथ अश्कले पनि सडकमा सर्वत बेचेको स्मरण गर्दै परिश्रम आफ्नो पूजा ठान्छन् । उनको लेख्ने मुड वा अनुकूल समय भने राती हो । यही मर्म बुझेर होला उनलाई राष्ट्रकवि माधव घिमिरेले नेपाली गीतको गोलसिमलको उपाधि दिएका छन् ।[२७९]

स्वअध्ययन तथा अनौपचारिक शिक्षा लिई तनहुँको बन्दिपुरमै भानु साँस्कृतिक मण्डलीबाट साहित्यिक यात्रा आरम्भ गरी वि.सं. २०२० सालमा चितवन झरेका[२८०] नन्दन नारायणी कला मन्दिरको स्थापना र सञ्चालनमा सक्रिय रहे । उनी रङ्गमञ्चले गायन, लेखन र अभिनयले आफूलाई चिनाएको र राजनीतिले बाटो देखाएका[२८१]ले यिनलाई आफ्ना दुई आँखा ठान्छन् ।[२८२] कुनै वादमा वन्धित भएर साहित्यसिर्जना गर्नुहुदैन, साहित्य सार्वभौम, विश्वजनीन र सार्वकालिक हुनुपर्छ[२८३] भन्ने मान्यता राख्ने नन्दनका आधा दर्जन पुस्तकाकार कृति प्रकाशित भएका छन् ।

---

[२७७] मिति २०६६।६।२१ गते  चिसापका अध्यक्ष श्रीभक्त अच्युत वाग्लेले शोधार्थीलाई दिनु भएको जानकारी  ।

[२७८] मिति २०६६।६।२४ गते प्रेमविनोद नन्दनले शोधार्थीलाई दिएको जानकारी ।

[२७९] सिताराम कोइराला (सम्पा), **सम्वादमा स्रष्टाहरू** , ( काठमाण्डौं : नारी साहित्य प्रतिष्ठान, २०६४), पृ.१६ ।

[२८०] लक्ष्मणप्रसाद गौतम,  **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, ( चितवन :  चितवन वाङ्मय प्रतिष्ठान, २०५२,), पृ.४४ ।

[२८१] ऐजन ।

[२८२] ऐजन ।

[२८३] लक्ष्मणप्रसाद गौतम, पूर्ववत् पृ. ४५ ।

उनका गीतिसङ्ग्रहहरू **झटारो** (२०११), **अञ्जली** (२०१५), **सपनीबाट ब्यूँझेर** (२०२३), **ऐना भित्रको आकाश** (२०६३), गीत कवितासङ्ग्रह **विपनीका पाइलाहरू** (२०५२) र गजलसङ्ग्रह **भीडमा एक्ला एक्लै** (२०६३) प्रकाशित भएका छन् । यसबाहेक उनका प्रसस्तै फुटकर रचनाहरू पनि प्रकाशित छन् ।

नारायणी कला मन्दिरको मुखपत्र **मारूनी**, चितवन साहित्य परिषद्को मुखपत्र **वागीश्वरी**, साहित्यिक पत्रिकाहरू **दोभान, गोधूलि, चितवन महोत्सव, लुमन्ती, नेपाल भाषा** स्मारिका आदिको सम्पादन गरेका नन्दन दर्जनौं साहित्यिक सङ्घ-संस्थासँग आबद्ध रहेका छन् । चितवन साहित्य परिषद्को संस्थापक सदस्य तथा पूर्व अध्यक्ष रहेका नन्दन नारायणी कला मन्दिर, त्रिवेणी साहित्य प्ररिषद्, चितवन वाङ्मय प्रतिष्ठान, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, नेवाःपुच नारायणगढ, उद्योग वाणिज्य सङ्घ नारायणगढ, नेवा देय दबु काठमाण्डौंलगायतका संस्थाहरूमा आबद्ध रहेका छन् ।

नन्दनले नेपाली भाषा-साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै दर्जनौ साहित्यिक, सामाजिक, शैक्षिक संस्थाहरूले उनलाई पुरस्कृत तथा सम्मानित गरेका छन् । नन्दन चि.सा.प.द्वारा प्रदान गरिएको **चि.सा.प. प्रतिभा पुरस्कार** प्राप्त गर्ने पहिलो व्यक्ति हुन् । त्यसो त नन्दनले चि.सा.प.द्वारा राष्ट्रियस्तमा प्रदान गरिने **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** समेत प्राप्त गरेका छन् । उनको गीतिसङ्ग्रह **ऐना भित्रको आकाश** (२०६३) को लागि यो पुरस्कार प्रदान गरिएको थियो । नन्दन चितवन वाङ्मय प्रतिष्ठानबाट सम्मान (२०५३), छिन्नलता गीत पुरस्कार (२०५४), नारायणी वाङ्मय प्रतिष्ठान बीरगञ्जबाट सम्मान (२०५४), रेडियो नेपालबाट विशिष्ट श्रेणीका गीतकारको सम्मान (२०५४), **चितवन पोष्ट** दैनिकबाट सम्मान, निजगढ साहित्य प्रतिष्ठानबाट सम्मान (२०५५), भरतपुर नगरपालिकाबाट प्रतिभा सम्मान तथा पुरस्कार (२०५८), जनमत साहित्य सम्मान (२०५८), यति फाइनान्स साहित्य पुरस्कार (२०५९), देवकोटा स्मृतिसभा कलैयाबाट रथयात्रा तथा अभिनन्दन (२०५९), साधन सम्मान काठमाण्डौ (२०५९), दोभान साहित्यिक सम्मान (२०५९), चलचित्र पुरस्कार सङ्घबाट सम्मान (२०६०), मातृभूमि साहित्य समाज हेटौंडाबाट सम्मान (२०६०), सिनर्जी एफ.एम.बाट सम्मान (२०६१), साल्टट्रेडिङ्ग कर्पोरेसन लिमिटेडबाट पुरस्कृत (२०६१) , कालिका एफ. एम.बाट सम्मान (२०६२) तथा अपाङ्ग पुनस्थापना केन्द्र नवलपरासीबाट सम्मान (२०६२) आदि रहेका छन् । त्यसैगरी नेपाल सरकारबाट राष्ट्रगानको उत्कृष्ट दशको सम्मान (२०६४), गैडाकोट नमूना मा.वि.गैडाकोटबाट अभिनन्दन (२०६४), नारायणी कला मन्दिर नारायणगढबाट सम्मान (२०६४), अलिमिया स्मृति सम्मान (२०६५), भास्कर लामिछाने लोकसंकृति स्मृति पुरस्कार ( २०६६), देवकोटा शताब्दी सम्मान (२०६६) आदि रहेका छन् । आगामी जेठ महिनामा उनको हीरक जन्मोत्सवका अवसरमा चितवनवासिका तर्फबाट सार्वजनिक अभिनन्दन गरिने कार्यक्रम रहेको र सो को लागि गोविन्दराज विनोदीको संयोजकत्वमा एक समितिसमेत गठन भएको छ ।[२८४]

प्रणय-चेतना, राष्ट्रचेतना, क्रान्तिचेतना र विश्वजनिन वा सार्वजनिन प्रितिचेतनालाई सत्यम्, शिवम् र सुन्दरम्सित एकाकार गर्दै रहस्यमयब्रह्मचेतनाको आलोकले साहित्यलाई आलोकित पार्ने नन्दनका रचनामा ‘स्वच्छनदतावादी गीतिचेतना, स्वच्छन्दतावादी क्रान्तिकारी

---

[२८४] मिति २०६६।६।२४ गते नन्दनले शोधार्थीलाई दिनु भएको जानकारी ।

कवित्व चेतनाबाट अनुप्राणिता, र अभिव्यक्तिमा युगबोध-जीवनबोध पाइन्छ ।'[२८५] यसैगरी उनका कविताले 'रोमान्टिक धारलाई पछ्याएको पाइएपनि सामाजिक यथार्थता र प्रगतिशीलता पाइन्छ । पारम्पिरिक सामाजिक परिवेशका सङ्किणताप्रति कतै आलोचनात्मक व्यङ्ग्य त कतै सुधारको कामना पाइन्छ ।'[२८६] नन्दन सदैव सम्माननीय, अभिनन्दनीय, वन्दनीय, साहित्यस्रष्टा हुन् । उनको सम्मान साहित्यको पूजा हो; साहित्यकारको सम्मान हो र सिङ्गो वाङ्मयको अभ्यर्थना-अर्चना हो । सौन्दर्यचेतना, सरलता, सहजता, यथार्थता, भावको गहनता, सूक्ष्म वौद्धिकता र स्तरको उच्चताको दृष्टिकोणले नन्दनको काव्यिक यात्रा उच्च छ । भावलाई सुन्दरशैयामा विछ्याएर सहज अभिव्यक्ति दिनु र शब्दचयनमा कुनै कसिङ्गर फेला नपर्नु उनको वैशिष्ट्य हो ।'[२८७]

नेपाली भाषा साहित्यमा विशिष्ट योगदान तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नन्दनलाई चि.सा.प.ले आफूले स्थापना गरेको दुईवटै पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उचो बनाएको छ ।

### ५.२.१.२ गोविन्दराज विनोदी

नेपाली साहित्यमा विनोदी, भृगु, गोरावि आदि नामबाट चिनिएका गोविन्दराज विनोदीको जन्म वि.सं. २०१० साल श्रावण २८ गते कास्की जिल्लाको रूपाकोटमा पिता कृष्णानन्द सरस्वती र माता गौरीदेवीको कोखबाट भएको हो । जीवनयापनको क्रममा कास्कीबाट नवलपरासीको गैडाकोट नगरोन्मुख गा.वि.स.वडा नं ८ मा बसाइ सरी आएका विनोदी पत्नी गीता छोरा सुरेश, गणेश, दिनेश, छोरी शोभासँग बसोवास गर्दै आएका छन् । नेपालीमा स्नातकोत्तर गरेका विनोदीले वीरेन्द्र बहुमुखी क्याम्पस, बालकुमारी कलेजमा स्नातकोत्तरतहमा नेपाली विषयको प्राध्यापन गरेका छन् । विनोदी वि.सं.२०६३ देखि सूर्यभक्त-पतनादेवी मेमोरियल कलेज, गैँडाकोट, नवलपरासीमा प्राचार्यको रूपमा सेवारत छन् ।

एघार वर्षको उमेरमा चितवनको पहिलो पत्रिका **चितवनको चिनो**मा 'रिस' शीर्षकको कविता छपाएर साहित्य क्षेत्रमा लागेका विनोदी विभिन्न साहित्यिक सामाजिक सङ्घ संस्थामा आबद्ध रहेका छन् । चितवन साहित्य परिषद्को सल्लाहकार समेत रहेका विनोदी त्रिवेणी साहित्य परिषद् नवलपरासी, प्रेमा वाङ्मय प्रतिष्ठान, नवलपरासी साहित्य परिषद् नवलपरासी, नेपाल कमर्सियल आर्टिस्ट संघ, चितवन तथा गजल मञ्च चितवन, मानव अधिकार तथा शान्ति समाज नवलपरासी, जनक उच्च मा.वि.गैंडाकोट आदि संस्थाहरूमा आबद्ध रहेका छन् ।

विनोदीको कवितासङ्ग्रहहरू **मेरो वर्तमानता** (२०४७), **निर्मम नर्मम घडीहरू** (२०५६), **आँखाको नानी** (२०५७), **छन्दविनोद** (२०५९), **अविश्रान्त** (२०५९), **हिमस्पर्श** (२०६६) प्रकाशित भएका छन् भने शताधिक तैलरङ्ग र जलरङ्गका मूर्त/अमूर्त चित्रकलाको रचना गरी फुटकर रूपमा सयौँका संख्यामा कविता, गीत, गजल, मुक्तक, हाइकु, स्तम्भलेखन, भूमिकालेखन, समालोलोचना, टिप्पणी तथा कार्यपत्रहरू प्रस्तुत भएका छन् । यिनले **वागीश्वरी, मारूनी, चितवन महोत्सव स्मारिका, साप्ताहिक चितवन** लगायत दर्जनौं पत्रिकाहरूको सम्पादन गरेका छन् ।

---

[२८५] कवि गोविन्दराज विनोदीले नन्दनको कृतित्व तथा व्यक्तित्वमाथि प्रकाश पारिएको अप्रकाशित लेख २०६५ ।

[२८६] भाउपन्थी (सम्पा.), **कविकोष**, ( काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान , २०६०) पृ.११६ ।

[२८७] गोविन्दराज विनोदीले नन्दनको बारेमा मिति २०६५।१०।२९ गते शोधार्थीलाई गराउनु भएको जानकारी ।

साहित्यसेवा, कलासृजना, अध्यापन र समाजसेवामा अभिरूचि राख्ने विनोदीलाई सहयात्री सामाजिक विकास प्रतिष्ठान नवलपरासीले वि.सं.२०५२ मा आधुनिक युगका शास्त्रीय कवि उपाधिद्वारा सम्मान गरेको छ । विनोदी चि.सा.प.द्वारा प्रदान गरिने चि.सा.प. प्रतिभा पुरस्कार (२०५३) तथा कवितासङ्ग्रह अविश्रान्त र माधव वियोगीको महाकाव्य छन्द शिरोमणिलाई संयुक्तरूपमा प्रदान गरिएको कृष्णाकुमारी गुरूङ्ग स्मृति पुरस्कार (२०६०)बाट समेत सम्मानित भएका छन् । उनी नेपाल प्रेस युनियन चितवन र युनियनको केन्द्रीय समितिद्वारा उत्कृष्ट पत्रकारिता पुरस्कार (२०५५) बाट सम्मानित भएका छन् । यसैगरी विनोदी दोभान साहित्य सम्मान (२०५८), चितवन वाङ्मय प्रतिष्ठानद्वारा स्रष्टा सम्मान (२०५९), गजल सन्ध्या पोखराद्वारा गजल सन्ध्या सम्मान (२०६१), नवलपरासी साहित्य परिषद्बाट अभिनन्दन (२०६१), वाल्मीकि साहित्य सदन चितवनद्वारा वाल्मीकि साहित्य सम्मान (२०६२), मितज्यू साहित्य प्रतिष्ठान चितवनद्वारा मितज्यू साहित्य सम्मान (२०६२), अभिव्यञ्जना साहित्य प्रतिष्ठान चितवनद्वारा अभिव्यञ्जना साहित्य सम्मान (२०६३), तन्नेरी द्वैमासिक काठमाडौंबाट तन्नेरी साहित्य सम्मान (२०६४), पश्चिमाञ्चल गजल मञ्च घनगढीद्वारा अभिनन्दन (२०६४), दुल्लभ स्मृति पुरस्कार तथा पल्लव साहित्य सम्मान (२०६५), साहित्य संजाल रौतहट चन्द्रनिगाहपुरबाट देवकोटा शताव्दी सम्मान (२०६६), स्याङ्जा साहित्य प्रतिष्ठानबाट सम्मान (२०६६), नरेन्द्र सुनिता साहित्यिक पुरस्कार (२०६६), भवानी भिच्छु स्मृति पुरस्कार (२०६६) आदि लगायत गजल मञ्च हेटौडा, सिर्जनशील साहित्य पुरस्कार, नेपाल युवा समाज दोहा कतारलगायत विभिन्न साहित्यिक, सामाजिक, शैक्षिक तथा धार्मिक सङघ संथाहरूबाट सम्मानित भएका छन् ।

विनोदीको व्यक्तित्वलाई अध्ययन गर्न टङ्कप्रसाद पौडेलद्वारा "कवि गोविन्दराज विनोदीको व्यक्तित्व र कृति,वको अध्ययन" शीर्षकमा त्रि.वि.स्नातकोत्तर शोधपत्र प्रस्तुत भएको छ भने ने.सं.वि.मा गोविन्द सुवेदीद्वारा "कवि गोविन्दराज विनोदीको **अविश्रान्त** कवितासङ्ग्रहको विश्लेषण" शीर्षकमा शोधपत्र प्रस्तुत गरेका छन् ।[२८८]

जीवन 'नदीजस्तै निरन्तर गतिशील, फूलजस्तै सुन्दर र क्षणिक, अनुपम चेतनापुञ्ज हो' भन्ने धारणा राख्ने विनोदी साहित्यको सम्बन्धमा 'सत्याश्रित सुन्दर कल्पना, अनुभूतिको निश्छल एवम् कलात्मक उच्छलन' हुनुपर्ने धारणा राख्छन् । साहित्यका सम्बन्धमा 'साहित्य शाश्वत, कालजयी र विश्वजनीन र मानवहितार्थ हुनुपर्छ यसलाई सङ्कीण घेरामा साँघुऱ्याउँनु हुदैन'[२८९] भन्ने उनको मान्यता रहेको छ । विनोदीका कवितामा 'प्रकृतिप्रेम, उच्च उदात्त, राष्ट्रिय चेतना, समाजचेतना र मनोचेतनाको अभिव्यक्ति एवम् समसामयिक वस्तुस्थितिको चित्राङ्कन पाइन्छ ।'[२९०]

नेपाली भाषा साहित्य, कला, पत्रकारिता तथा शैक्षिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका विनोदीलाई चि.सा.प.ले आफूले स्थापना गरेको दुईवटै पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.३ रामबाबु घिमिरे

---

[२८८] गोविन्दराज विनोदीले मिति २०६६।७।१२ गते शोधार्थीलाई उपलब्ध गराउनु भएको विवरण अनुसार ।

[२८९] सिताराम कोइराला (सम्पा), **सम्वादमा स्रष्टाहरू** ,पूर्ववत्, पृ. २५ ।

[२९०] ऐजन ।

चितवन चण्डीभञ्ज्याङको तोप्लाङमा पिता गम्भीरध्वज घिमिरे र माता चन्द्रकुमारीको कनिष्टपुत्ररत्नको रूपमा वि.सं. २०११ साल जेठ २१ गते जन्मिएका पूर्णबहादुर घिमिरे नै नेपाली साहित्यमा चिनिएका रामबाबु घिमिरे वा घिमिरे कान्छो हुन् । घिमिरे वि.सं. २०१६ सालमा बुबासँगै तोप्लाङबाट बसाइँ सरी जुटपानीमा आएका र हाल रत्ननगर नगरपालिका वडा नं.२ टाँडीमा पत्नी सरस्वती घिमिरे, छोरा हिमालय, विकास तथा छोरी दीपासँग बसोवास गर्दै आएका छन् । घरमा बुबाबाटै प्रारम्भिक शिक्षा सिकेका घिमिरेले नेपालीमा स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेका छन् ।

चौध वर्षको उमेरमा नै 'वेदना' शीर्षकको कविता रचना गरेर सिर्जनायात्रामा प्रवेश गरेका घिमिरेको पहिलो प्रकाशित रचना भने 'मेरो अनुहार' शीर्षकको कविता वि.सं.२०२६ सालमा **राष्ट्रपुकार**मा प्रकाशित भएको थियो । घिमिरे अध्ययनको क्रममा लक्ष्मीप्रसाद देवकोटा, शंकर लामिछाने, भूपि शेरचन, बी.पी.कोइराला, राहुल साङ्कृत्यायन, अमृता प्रीतम, प्रेमचन्द, रवीन्द्रनाथ टैगोर, मोन्टेन, वर्डस्वर्थका कृतिबाट प्रभावित भएका छन् । 'साहित्यकारको आदर्श भनेको अभिव्यक्तिको इमान्दारिता हो' भन्ने मान्यता राख्ने घिमिरे साहित्य जीवन, जगतको अनुभवको अभिव्यक्ति हो; जसमा मानिसको हाँसो, रोदन, सुख-दुःख, समेटिएको हुन्छ । त्यसैले 'साहित्य भनेको भाषा र विचारको सर्वोच्च उपलब्धि भएकाले जीवन नै साहित्य हो, साहित्य नै जीवन भएको'[२९१] धारणा राख्छन् ।

बहुमुखी प्रतिभाका धनी घिमिरेले नेपाली साहित्यलाई करिव आधा दर्जन पुस्ताकाकार कृति समर्पण गरेका छन् । उनले **रित्तो आकाश** (२०३३) उपन्यास प्रकाशन गरेर चितवनमा उपन्यास प्रकाशनको ढोका खोले भने निबन्धसङ्ग्रहहरू **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्नेकुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५) प्रकाशन गरेर निबन्धसाहित्यलाई समृद्ध बनाएका छन् । यसैगरी उनको **मुक्तकसङ्ग्रह** (२०५७) पनि प्रकाशन भएको छ ।[२९२] उनका निबन्धमा झल्याकझुलुक लामिछानेको झझल्को आउँछ र आक्कल-झुक्कल देवकोटाको महक[२९३]पाइन्छ । घिमिरेको लेखनमा मात्र नभई सम्पादनकार्यमा पनि उत्तिकै योगदान रहेको छ । उच्चशिक्षा अध्ययनको क्रममा वि.सं.२०२९ सालमा त्रिचन्द्र कलेजबाट प्रकाशन भएको **ज्योत्स्ना** पत्रिका, चि.सा.प.द्वारा प्रकाशित **वागीश्वरी**को प्रथम अङ्क तथा कमर्श क्याम्पसबाट प्रकाशित **वन्दना**को पनि सम्पादनमा संलग्न घिमिरे वि.सं.२०४८ देखि त्रैमासिक रूपमा प्रकाशित **सम्प्रेषण**को प्रधान सम्पादक भइ क्रियाशील रहेका छन् । हालसम्म यसको १९ अङ्क प्रकाशन भएको छ ।

वि.सं.२०३६ सालमा सहायक प्राध्यापककारूपमा वीरेन्द्र बहुमखी क्याम्पस छिरेका घिमिरे कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर, हुँदै सहिद स्मृति बहुमुखी क्याम्पस रत्ननगरको क्याम्पस प्रमुख भई नेतृत्व सम्हालेका थिए । चि.सा.प.को संस्थापक मध्ये एक रहेका घिमिरे वि.सं.२०६० देखि वाल्मीकि साहित्य सदनको अध्यक्ष भई नेतृत्व गरिरहेका छन् । प्राध्यापन, साहित्यसिर्जना, सम्पादन, प्रशासनिक कार्य, राजनीतिक गतिविधिमा संलग्न घिमिरेले विभिन्न सामाजिक सङ्घ-संस्थामा आबद्ध रही सेवा पुऱ्याएका छन् । उनले पृथ्वी

---

[२९१] रामजी भट्टराई : **साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्ति,व र कृति,व,** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग बीरेन्द्र बहुमुखी क्याम्पस २०६२), पृ.३७ ।

[२९२] मिति २०६६।८।११ गते रामबाबु घिमिरेले शोधार्थीलाई दिनुभएको जानकारी ।

[२९३] निर्मोही व्यास , *रामबावुको निवन्कारिता* , **लेख्न नपर्ने कुारहरू** ,( चितवन : चितवन साहित्य परिषद् , २०५६) पृ. उल्लेख नभएको ।

मा.वि.जुटपानी, नेपाल मा.वि.रत्ननगर, शहीद स्मृति बहुमुखी क्याम्पस आदि शैक्षिक संस्थाहरूको व्यवस्थापन समितिमा रहेर पनि योगदान दिएका छन् ।

घिमिरेले शैक्षिक तथा नेपाली साहित्यमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै विभिन्न सङ्घसंस्थाले पुरस्कृत तथा सम्मान गरेका छन् । घिमिरे राष्ट्रिय शिक्षा सेवा पदक (२०४१), नेपाली साहित्यिक गुठी साहित्य प्रतिष्ठानबाट सम्मानित (२०५०), चितवन साहित्य परिषद्बाट **चि.सा.प. प्रतिभा पुरस्कार** (२०५४), नारायणी वाङ्मय प्रतिष्ठानबाट निबन्धसङ्ग्रह **लेख्न नपर्ने कुराहरू**का लागि नारायणी वाङ्मय पुरस्कार (२०५७), रत्ननगर रनगरपालिका रत्ननगर, रामयुग मल्ल प्रष्ठिान रत्ननगरबाट सम्मानित भएका छन् । यसैगरी उनी प्रधानसम्पादक रहेको सम्प्रेषण त्रैमासिक पत्रिका प्रेस काउन्सिलबाट पुरस्कृत भएको छ ।[२९४]

नेपाली भाषा साहित्य, पत्रकारिता तथा शैक्षिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका घिमिरेलाई चि.सा.प.ले आफूले स्थापना गरेको **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उचो बनाएको छ ।

### ५.२.१.४ हरिहर खनाल

हरिहर खनालको जन्म कास्की जिल्लाको फल्याङ्कोटमा वि.सं.२००३ साल भाद्र १२ पिता कृष्णप्रसाद खनालको जेठीपट्टिका साँहिलो र कान्छी आमा राधा खनालपट्टिको जेठो छोराको रूपमा भएको हो ।[२९५] वि.सं.२०२० सालमा कास्कीबाट चितवन बसाइँ सरेका खनाल हाल काठमाण्डौंको धापासीमा बसोवास गर्दै आएका छन् । 'आफ्नो पाखो-पखेरो, गाउँघर, इष्टमित्र साथीसङ्गी सबैलाई झलझली देखे, अनि त्यही नियास्रो मेट्न केही कविता र गीत सिर्जना गरेका[२९६] खनालको वि.सं. २०१४ सालमा **बिदा हुँदा** कविता सङ्ग्रह प्रकाशित भएको छ । यसैगरी यिनका कवितासङ्ग्रह **आस्थाको गोरेटो** (२०५१) का अतिरिक्त पौने दर्जन कथासङ्ग्रह प्रकाशित भएका छन् । **अजम्बरी गाउँ** (२०३७), **आकाश छुने डाँडामुनि** (२०३८), **देश परदेश** (२०४६), **बमको छिर्का** (२०५७), **विगत आगत** (२०५५), **The voice of Mountain (2000A.D.) देश भित्र देश खोज्दै जाँदा** (२०६३) **विघटन** (२०६३), **हरिहर खनालका छोटा कथाहरू** (२०६४), **समयको रेखाचित्र** (२०६५), **अस्तित्वको खोजी** (२०६६) प्रकाशित भएका छन् । यसैगरी उनको निबन्धसङ्ग्रह **युगका पदचापहरू** (२०५९) प्रकाशित भएको छ भने तेजविलास अधिकारीको सम्पादनमा **उज्यालोको खोजीमा** (२०६५) उपन्यास, **चीनको डायरी** (२०६६) **नियात्रा** प्रकाशित भएको छ । यसैगरी खनालले जेह्राल्ड ह्यावरमनको **मेक्सिम गोर्कीको जीवनी** (२०३७) लाई नेपालीमा अनुवाद गरेका छन् भने **बेलायतको डायरी** नियात्रासङ्ग्रह प्रकाशोन्मुख छ ।[२९७]

खनालले विभिन्न शैक्षिक तथा सामाजिक, साहित्यक क्षेत्रको नेतृत्वदायी भूमिका पनि निभाएका छन् । सप्तगण्डकी बहुमुखी क्याम्पसको संस्थापक क्याम्पस प्रमुख रहेका खनाल प्रगतिशील लेखक सङ्घ केन्द्रीय साीति, साहित्य सङ्गम चितवन, नारायणी कला मन्दिर, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डि.सी., **जनमत** मासिक, जीवनस्मृति प्रतिष्ठान

---

[२९४] रामबाबु घिमिरे, पूर्ववत् ।

[२९५] मिति २०६६।६।२८ गते हरिहर खनालले शोधार्थीलाई दिनु भएको जानकारी ।

[२९६] सिताराम कोइराला (सम्पा) , **सम्वादमा स्रष्टाहरू** ,पूर्ववत् पृ. १६ ।

[२९७] धनेश्वर भट्टराई र अन्य (सम्पा.), **प्रलेस : चितवन**, (वर्ष ३ अङ्क २, २०६६ ) पृ १०१ ।

दमक, भानु नेपाली परिषद्, नेपाल बाल समाजलगायतका संस्थाहरूमा विभिन्न पदमा आबद्ध रहेका छन् ।[२९८]

नेपाली साहित्यमा उनले पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ-संस्थाले पुरस्कृत तथा सम्मान गरेका छन् । खनाल गण्डकी साहित्य परिषद्बाट सम्मान (२०२७), **चि.सा.प.प्रतिभा पुरस्कार** (२०५५), साहित्यसन्ध्या पुरस्कार (२०५५), भरतपुर नगरपालिकाद्वारा प्रतिभा पुरस्कार (२०५६), जिल्ला विकास समिति चितवनद्वारा प्रतिभा पुरस्कार (२०५८) यथार्थ कुरा जुही सम्मान (२०६१), प्रलेस सम्मान झापा (२०६१), कालिका स्रष्टा सम्मान (२०६३), प्रलेस केन्द्रीय समिति आदिबाट सम्मानित भएका छन् ।[२९९]

मेक्सिम गोर्की, लुसुन, र प्रेमचन्दजस्ता कथाकारबाट प्रभावित कथाकारका कथाहरू वर्गसङ्घर्षमा आधारित छन् । खनाल कथाकारका अतिरिक्त कवि, निबन्धकार पनि हुन्भने अनुवादकको रूपमा पनि यिनको पहिचान छ । यिनले देश र जनताको अवस्था सामाजिक न्यायको पाटो आदि पक्षलाई उद्घाटन गर्ने पक्षमा आदर्शवादी, यथार्थवादी, सामाजिक यथार्थवादी हुदै समाजवादी यथार्थवादी विचारमा रही निरन्तर परिष्कृत र परिमार्जित लेखन अभ्यासलाई अगाडि बढाएका छन् । नेपाली समाजमा प्रचलित छुवाछुत, भेदभाव, घृणा द्वैष, राग जस्ता विविध वर्गीय विषय र पक्षलाई मार्क्सवादी चेतका आधारमा साहित्य सिर्जना गर्ने काम गर्दै आएका छन् ।[३००]

'खनालले विविध विधामा कलम चलाए पनि मूलतः कथाकारका रूपमा परिचित छन् । धेरै कथाकृतिका स्रष्टा खनालका कथाहरूमा वर्गद्वन्द्वको चित्रण पनि पाइन्छ । यिनका कथाहरूमा ग्रामीण नेपाली जनजीवनका सूक्ष्मपक्षको चित्रण पाइन्छ ।'[३०१]

नेपाली साहित्य, विशेष गरी कथालेखन शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका खनाललाई चि.सा.प.ले आफूले स्थापना गरेको पुरस्कार **चि.सा.प.प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.५ नारायणप्रसाद खनाल

हरोहरिर्हिरण्यगर्भ, हिरण्यगर्भः, प्रणय सुधा, प्रणयराना, ना.पी.के. नासाल, नाप्रख, एनपी के, एन् पी खनाल आदि नामबाट नेपाली साहित्यमा कविता, निबन्ध, समालोचनाका क्षेत्रमा चिनिएका व्यक्तित्व नारायणप्रसाद खनाल हुन् । यिनको जन्म वि.सं.२००९ आषाढ १० गते प्युठान जिल्लाको पूजा-४ बिर्नातमा स्व.पिता दामोदर खनाल तथा माता लीलादेवी खनालको कोखबाट भएको हो । स्थायी ठेगाना नवलपरासी अग्यौली गा.वि.स.को वडा नं.९ बताए पनि खनाल हाल चितवनको भरतपुर नगरपालिका वडा नं. ५ लङ्कुमा पत्नी सन्तकुमारी खनाल, छोराहरू धरणीशचन्द्र, गुणाधीशचन्द्र, छोरी सीतासँगै बसोबास गर्दै आएका छन् ।

संस्कृतसाहित्यमा साहित्याचार्य, नेपालीमा स्नातकोत्तर र लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्यको अलङ्कारशास्त्रीय अध्ययनका बारेमा विद्यावारिधि गरेका खनाल हाल त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा प्राध्यापक पदमा रही नेपाली

---

[२९८] हरिहर खनाल पूर्ववत् ।

[२९९] ऐजन ।

[३००] तेजविलास अधिकारी : **समीक्षा सन्दर्भ**, ( काठमाण्डौं : विवेक सिर्जनसील प्रकाशन प्रा.लि. २०६५), पृ. २२ ।

[३०१] लक्ष्मणप्रसाद गौतम (सम्पा), **समकालीन नेपाली द्वन्द्वकथा,** ( काठमाण्डौं : पैरवी प्रकाशन प्रा.लि., २०६३) पृ १०७ ।

विभागको विभागीय प्रमुखको जिम्मेवारी सम्हालिरहेका छन् । खनालले विभिन्न सामाजिक तथा साहित्यिक संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका छन् । वि.सं.२०४७ सालदेखि अनवरत रूपमा त्रिवेणी साहित्य परिषद् नवलपरासीको अध्यक्ष रहँदै आएका खनाल चितवन साहित्य परिषद्, नवलपरासी साहित्य परिषद्, नेपाल प्राध्यापक सङ्घ, नेपाल प्रजातान्त्रिक प्राध्यापक सङ्घ, प्रेमा वाङ्मय प्रतिष्ठान, नेपाली लेखक सङ्घ आदि संस्थाहरूमा पनि आबद्ध छन् ।

अर्काको कविता वाचन गरेर पुरस्कृत भएको घटनाले लेखनमा प्रेरणा पाएका खनाल ई.सं.१९७४ मा नेपाली छात्र सङ्घले गोरखपुरबाट प्रकाशित गरेको **सिम्रिक** पत्रिकामा 'सिम्रिक' शीर्षकको इन्द्रावंशा छन्दको कविता छपाएर साहित्ययात्रामा लागेका खनालका ७ ओटा पुस्ताकाकार कृति प्रकाशित भएका छन् । उनका समालोचनासङ्ग्रहहरू **केही रहर : केही ठहर** (२०४९), **समीक्षा प्रहर प्रहरका** (२०६१), **समीक्षाका आकारहरू** (२०६५), **समस्यापूर्ति परम्परा र लेखनाथका कविताकाव्य** (२०६५), संस्मरण तथा समीक्षासङ्ग्रह **गोरखाको डायरी** (२०६१), निबन्धसङ्ग्रह **नारायणीको लहर लहरमा** (२०६१),र भाषाः विविध **निर्वचन र भाषिक सन्दर्भ** ( २०६५) प्रकाशन भएका छन् । खनालका १० ओटा विविध फुटकर निबन्धसङ्ग्रह, दुर्घटना डायरी, दैनिक निबन्धसङ्ग्रहका पाण्डुलिपि तयार भएका र **स्वप्नयात्रा र चिठ्ठी** शीघ्र प्रकाशोन्मुख रहेका छन् ।

खनालले **वागीश्वरी, अन्नपूर्णा, अभिनव प्रस्तुति, नमूना स्मारिका, सोभनियर, सुनगाभा, मृगतृष्णा, साप्ताहिक चितवन** आदि स्मारिका तथा पत्र-पत्रिकाको सम्पादन समेत गरेका छन् । खनालका कृतिसमीक्षा-समालोचना, भाषिक अनुसन्धान, भावानापरक लेख, हास्यव्यङ्ग्य निबन्ध, संस्मरणात्मक लेख, अन्तर्वार्तामूलक लेखलगायत निबन्ध, स्तम्भलेखन, भूमिकालेखन, प्रकाशकीयलेखन, मन्तव्यलेखन, कविता, गीत गजल, मुक्तक, हाइकु, आदि प्रकाशित भएका छन् । विभिन्न परियोजनामा विशेषज्ञका रूपमा प्रशिक्षण र गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत गर्दै आएका खनालले स्नातकोत्तर तह, (नेपाली)मा अनुसन्धान कार्यमा शोधनिर्देशकको भूमिका समेत निर्वाह गरेका छन् ।[३०२]

खनालले नेपाली साहित्य तथा शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै विभिन्न सङ्घ-संस्थाहरूले अभिनन्दन, सम्मान तथा पुरस्कारबाट सम्मान गरेका छन् । **चि.सा.प. प्रतिभा पुरस्कार** (२०५६) बाट सम्मानित खनाल लेखनाथ साहित्य प्रतिष्ठान कास्की, लक्ष्मी स्मृति प्रष्ठिान नवलपरासी, वाल्मीकि साहित्य सदन रत्ननगर, गैँडाकोट नमूना मा.वि.गैडाकोट नवलपरासी, मुनाल शिशु सदन कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर, नेपाल प्राध्यापक सङ्घ वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन युवा समूह दोहा कतारलगायत संस्थाहरूबाट सम्मानित भएका छन् ।[३०३]

'खनाल पद्य र गद्य दुवै विधाका स्रष्टा र द्रष्टा हुन् । निरन्तर अध्ययन अनुशीलन र अनुसन्धानमा प्रवृत्त खनालको समीक्षक व्यक्तित्व चिन्तन खोज र विश्लेषणमा अभिरमित छ । प्रभावपरक र यथार्थपरक समालोचनाको निकटस्थ खनालले आफ्नो दृष्टिकोणलाई सप्रमाण

---

[३०२] मिति २०६६।८।६ गते नारायणप्रसाद खनालले शोधार्थीलाई उपलब्ध गराउनु भएको जानकारी ।

[३०३] नारायणप्रसाद खनाल : ऐजन ।

प्रस्तुत गर्नुपर्छ भन्ने मान्यता राख्छन् । खनाल आधुनिक नेपाली समालोचनको क्षेत्रमा 'क्षीर-अम्वु' छुट्याउने कलहंस वृत्तिकै समीक्षकको सन्निकट रहेको अनुभव गर्न सकिन्छ ।'[३०४]

नेपाली साहित्य, विशेष गरी निबन्धलेखन, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका खनाललाई चि.सा.प.ले आफूले स्थापना गरेको पुरस्कार चि.सा.प.प्रतिभा पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

## ५.२.१.६ विजयराज भट्टराई

तनहुँको चुँदी रम्घामा वि.सं.२००५ साल पौष ११ गते पिता हरिवंश भट्टराई र माता हरिकला भट्टराईको जेठो छोराको रूपमा विजयराज भट्टराईको जन्म भएको हो । हाल काठमाण्डौ -१४, कुलेश्वरमा पत्नी उमा भट्टराई र तीन छोराहरूसँग बसोवास गर्दै आएका भट्टराईले शास्त्री, एम. ए. (नेपाली) को औपचारिक शिक्षा प्राप्त गरेका छन् ।

एघार बाह्र वर्षको उमेरमा पढ्नका लागि काठमाण्डौं आएका बेला वि.सं.२०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्र नै अपहरण गरेको राजनीतिक घटनाबाट साहित्य लेखनामा प्रभावित भट्टराईले वि.सं.२०२० सालतिरबाट लेखनयात्रा थालेका हुन् । विभाग्री, भी.आर .शर्मा आदि छदम नामबाट पनि राजनीतिक लेख तथा साहित्यिक रचना गरी प्रकाशन गराएका भट्टराईको प्रकाशित प्रथम प्रकाशित रचना भने गण्डकी छात्र समितिले प्रकाशन गरेको **विवेक-बिन्दु**को पहिलो अङ्कमा कविता छापिएको थियो । यसैगरी भट्टराईले नवीनजङ्ग प्रकाश शाहको सम्पादनमा प्रकाशित **सरिता**मा 'सरिता' शीर्षकको कथा छपाएका र त्यसै कथालाई आधार मानी नारीवैधता प्रति आत्मवृतान्त समेटिएको **समलैङ्गिक** उपन्यास तयार पारिएको तर प्रकाशन हुन भने सकेन । यद्यपि उनको कविता सङ्ग्रहहरू **वसन्तका प्रसव ब्यथा** (२०४७) र **प्रस्तरस्तम्भ** (२०५६) प्रकाशित भएका छन् । भट्टराईको **पल्लव** गीति एल्वम (२०६६) बजारमा आएको छ भने **श्रीमद्भागवत गीता**को अनुवादित कृति प्रकाशोन्मुख रहेको छ ।

निजामति सेवाको सचिव पदसम्म पुगी हाल निवृत्त भट्टराई विभिन्न साहित्यिक, सामाजिक सङ्घ संस्थामा क्रियाशील छन् । उनी चितवन साहित्य परिषद्को संस्थापक सदस्य समेत हुन् । उनी त्रिवेणी साहित्य परिषद्, नवलपरासी साहित्य समाज, प्रभाश्री फाउन्डेसन, पूर्व कर्मचारी परिषद् नेपाल, त्रितुङ्ग विकास समाज, तनहुँ काठमाण्डौं सम्पर्क समाजलगायतका संस्थाहरूसित पनि संलग्न छन् ।

उनले नेपाली साहित्य तथा प्रशासनिक सेवामार्फत समाजलाई पुऱ्याएको योगदानलाई कदर गर्दै विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ-संस्थाहरूले पुरस्कृत तथा सम्मानित गरेका छन् । उनी **चि.सा.प. प्रतिभा पुरस्कार** (२०५७), बगर सम्मान, तन्नेरी प्रतिभा सम्मानबाट सम्मानित भएका छन् । यसैगरी दैवीप्रकोप उद्धार पदक, श्री ५ वीरेन्द्र गद्दीआरोहरण रजत पदक, शुभराज्याभिषेक पदक, जनपद सेवा पदक, गो.द.वा.तेस्रो, त्रिशक्तिपट्ट तेस्रो, दीर्घ सेवा पदक आदिबाट पुरस्कृत तथा सम्मानित भएका छन । [३०५]

---

[३०४]गोविन्दराज विनोदी :*प्रकाशकीय,* **समीक्षा प्रहर प्रहरका,** नारायणप्रसाद खनाल, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१),पृ.उल्लेख नभएको ।

[३०५] मिति २०६६।७।२८ गते विजयराज भट्टराईले शोधार्थीसँग टेलिफोनमा गर्नु भएको कुराकानी ।

नेपाली साहित्य, प्रशासनिक तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका भट्टराईलाई चि.सा.प.ले आफूले स्थापना गरेको पुरस्कार **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.७ खुमनारायण पौडेल

खुमनारायण पौडेलको जन्म पिता मोतीप्रसाद पौडेल र माता यमुना पौडेलको कोखबाट वि.सं.२०२० सालमा ज्येष्ठपुत्ररत्नको रूपमा भएको हो । चितवनको भरतपुर नगरपालिका वडा नं १३ गुलाफवागमा जन्मी हुर्केका पौडेल हाल पत्नी कृष्णकुमारी पौडेल, छोरी कृतिका र छोरा अनुप्रस्थको साथमा ललितपुरमा बसोवास गर्दै आएका छन् । पौडेलले भियना विश्वविद्यालय अस्ट्रियाबाट भूगर्भशास्त्र (Geology) मा विद्यावारिधि गरेका छन् । पौडेल हाल त्रि.वि.केन्द्रीय क्याम्पस कीर्तिपुरमा सह-प्राध्यापकको रूपमा प्राध्यापनरत छन् ।[३०६]

वि.सं.२०३४/०३५ तिरबाट कविता लेख्न थालेका पौडेलले स्थानीय स्तरमा 'सामन्तीलाई हाँक' शीर्षकको कविता वि.सं.२०३७ सालमा **विश्वज्योति**मा छपाएका थिए भने राष्ट्रियस्तरमा 'बाच्न जन्मेको भोक' शीर्षकको कविता २०४० सालको **समष्टि**मा । हल्ला भीड र जमातबाट टाढा बस्न रूचाउने अर्न्तमुखी स्वभावका पौडेलका कवितासङ्ग्रहहरू **अनिमेत्थम** (२०४९), **नरमेध** (२०४९) प्रकाशित भएका छन् । पौडेलले सहलेखनमा **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** (२०६२), **नेपालमा विज्ञान र प्रगति** (२०६०), **वैज्ञानिक गोरेटोमा आत्म वृतान्त** (२०६२) प्रकाशन गरेका छन् । यसैगरी पौडेलले **जीवन सरिता : धर्म रत्नयमीका कविता, छहरो** (२०४४), **नवकविता** (२०४५), **आभा** (२०५५), **सुनगाभा** (२०५१), **मधूलिका** (०५२-०६२) आदिको सम्पादन गरेका छन् ।[३०७]

चितवन वाङ्मय प्रतिष्ठानका संस्थापक अध्यक्ष समेत रहेका पौडेल राष्ट्रिय कविता महोत्सव पुरस्कार (२०४९), चालीसको दशकका काव्य नायक (२०५१), उत्कृष्ट गीतकार पुरस्कार (२०५३), नारायणी वाङ्मय पुरस्कार (२०५६), चि.सा.प. प्रतिभा पुरस्कार (२०५८), युवा वर्ष मोती पुरस्कार (२०५९), महेन्द्र विद्याभूषण पदक (२०५९), हरिभक्त कटुवाल प्रतिभा पुरस्कार (२०६२) आदिबाट पुरस्कृत तथा सम्मानित भएका छन् ।[३०८]

'समकालीन नेपाली साहित्यवृत्तमा कविताको जोखिम आवृत स्रष्टा खुमनारायणका पौडेलका कवितामा मानवीय सत्ता महत्ता र गरिमाका सुरुचिपूर्ण अभिलेख छ । चित्ताकर्षक बिम्बविधानसहित करूणाका भेलमा आस्था र विश्वासको सङ्घर्ष उनको काव्यिक निजTव हो । यसैले कवि पौडेल जीवनको विसङ्गत आँधीहुरीमा पनि जीवनको कालिक सौन्दर्यबोध गर्दै अस्तिTवको दावी गर्दछन् ।[३०९] पौडेलले देखेका, भोगेका संस्कृति, यात्राबिम्व, मिथकीयरूपका स्वदेशको माटो, आफ्नोपन, दृश्य परिदृश्य कवितामा उर्ताछन् ।[३१०]

---

[३०६] मिति २०६६।६।२८ गते पौडेलले शोधार्थीलाई दिनु भएको जानकारी ।

[३०७] मोमिला (सम्पा.), **सगरमाथाको नृत्यमग्न आत्मा** ( काठमाण्डौं : नेपाली कला साहित्य डट कम प्रतिष्ठान ) २०६५, पृ.४८७ ।

[३०८] पौडेलले मिति २०६६।६।२२ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[३०९] मोमिला (सम्पा.), ऐजन ।

[३१०] रोशन थापा 'नीरव', **नरमेध** ( ललितपुर : साझा प्रकाशन २०५६ ) पृ. पछाडिगाता ।

नेपाली साहित्य, विशेष गरी कवितालेखन, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका पौडेललाई चि.सा.प.ले आफूले स्थापना गरेको पुरस्कार चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.८ नारायणदत्त शास्त्री

आदिकवि भानुभक्त आर्याचको गाउँ तनहुँको रम्घामा वि.सं.१९८९ चैत्र २ गते रामनवमीका दिन पिता रामचन्द्र आचार्य र माता रितुमाया आचार्यको कोखबाट जन्मेका नारायणदत्त आचार्य नै नेपाली साहित्यमा चिनिएका नारायणदत्त शास्त्री हुन् । हाल चितवनको भरतपुर नगरपालिका वडा नं २ क्षेत्रपुरमा पत्नी मिठुमाया आचार्यसँग स्थायी बसोवास गर्दै आएका छन् । साहित्यमा शास्त्री गरेका नारायणदत्त निजामति सेवा (जिल्ला शिक्षा अधिकारी) बाट अवकाश लिई निवृत्तजीवनमा अहिले पनि साहित्य सिर्जनामा तल्लिन देखिन्छन् । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरेका लेखनीलाई मन पराउने शास्त्री माता, पिता, गुरू तथा विशेषत : भानुभक्तीय रचनाबाट प्रभावित भएको बताउँछन् ।

वि.सं. २०१४ सालमा 'सङ्घर्षजीवन' कविता लेखेर साहित्ययात्रामा लागेका आचार्यका कविता र नाटकका गरी डेढ दर्जनभन्दा बढी पुस्ताकार कृतिहरू प्रकाशन भएका छन् । उनका कवितासङ्हरूमा **गोरखनाथ सुक्ति** (२०१५), **आमाको आशु** (२०१५), **भानुको सम्झना** ( २०१७), **बैनीको कोशेली** (२०१८), **गोरखाको गोरेटो** (२०२०), **श्रीमद्भागवत साराम्श** (२०५७), **कृषि डायरी** (२०५९), **गीता मञ्जरी** (२०६१), **वन वनस्पति** (२०६२) रहेका छन् । उनका नाटकसङ्ग्रहहरूमा भने **महाभारत पञ्चामृत** (२०१५), **नारी हत्या** (२०१६), **आमा** (२०१७), **कालो झण्डा** (२०१७), **राम वनवास** गीतिनाटक (२०२१), **योगमाता** (२०५६) र लक्षणग्रन्थकारूपमा **साहित्य ऐना** (२०१६) प्रकाशित भएको छ । यसैगरी उनका पछिल्लो कृति भने यात्रासंस्मरण **अमेरिका यात्रा र अनुभूति** (२०६४) प्रकाशित भएका छन् ।

चितवन साहित्य परिषद्का आजीवन सदस्य रहेका शास्त्री रामेश्वर पुस्तकालय तथा वाचनालय लगायत विभिन्न साहित्यिक तथा शैक्षिक संस्थाहरूसँग सम्बन्धित छन् । नेपाली साहित्यमा उनले पुऱ्याएको योगदान स्वरूप विभिन्न संस्थाहरूबाट उनी पुरस्कृत समेत भएका छन् । वि.सं.२०५४ सालमा वातावरण मन्त्रालयबाट अवधारणा पुरस्कारबाट पुरस्कृत शास्त्री चितवन साहित्य परिषद्बाट स्थापित **चि.सा.प. प्रतिभा पुरस्कार** (२०५९)बाट सम्मानित भएका छन् ।[३११]

नेपाली साहित्य, विशेष गरी कविता, नाटक लेखन, प्रशासनिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका शास्त्रीलाई चि.सा.प.ले आफूले स्थापना गरेको पुरस्कार **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.९ लक्ष्मणप्रसाद गौतम

लक्ष्मणप्रसाद गौतमको जन्म वि.सं.२०२० फागुन २० गते भरणी नक्षत्रको तेस्रो पाउ मेष राशीमा पिता शशिधर गौतम तथा माता यमकला गौतमको कोखबाट दिनको १२.१५ बजे

---

[३११] मिति २०६६।५।१२ गते नारायणदत्त शास्त्रीले शोधार्थीलाई दिनु भएको जानकारी ।

अभिजित शुभमुहुर्तमा बाग्लुङ्गको गलकोटमा भएको हो ।[३१२] पत्नी सीता गौतम, छोरा सौरभ, छोरी सिन्धु र इन्दुसँगै हाल भरतपुर नगरपालिका वडा नं १० स्याउलीबजारमा बसोवास गर्दै आएका गौतमले नेपालीमा एम.ए. गरी त्रि.वि.बाट समकालीन नेपाली कविताका प्रवृत्तिमा विद्यावारिधि गरेका छन् । गौतम हाल त्रि.वि.नेपाली केन्द्रीय विभागमा सहप्रध्यापक पदमा सेवारत छन् । आफ्नै अन्तःप्रेरणाबाट साहित्य लेखन तथा समालोचनामा लागेका गौतम महाकवि लक्ष्मीप्रसाद देवकोटा, आख्यानकार बिश्वेश्वरप्रसाद कोइराला, पारिजात, ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा तथा टी.एस.इलियट, ज्याक डेरिडा, रोलाँबार्थ, समरसेट मम आदिको लेखनीलाई मन पराउछन् ।[३१३]

वि.सं. २०३६ सालमा **नयाँपुकार** पत्रिकामा 'मातृभूमि' शीर्षकको कविता छपाएर साहित्ययात्रामा लागेका गौतमका दर्जनौ पुस्ताकाकार कृति प्रकाशन भएका छन् भने फुटकररूपमा कथा, कविता, गीत, भाषालगायत समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् । उनका समालोचनासङ्ग्रहहरू **नन्दनको काव्यिक परिवेश** (२०५२), **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) **सान्दर्भिक समालोचना** (२०५७) अनुसन्धानग्रन्थहरूमा **समकालीन नेपाली कविताको बिम्वपरक विश्लेषण** (२०५२) र **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** ( २०६६), **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) प्रकाशित भएका छन् । गौतमले हरिहर पौडेलसित सहलेखन गरी अङ्ग्रेजी नेपालीमा **विज्ञान शव्दकोष** (२०६०) र **नोबेल पुरस्कार विजेता साहित्यकारहरू** (२०६२) प्रकाशन गरेका छन् । यसैगरी गौतमले संयुक्त कविताङ्ग्रह **शब्दहरू अविराम यात्रामा** (२०५७), **नेपाली यौन कथाभाग २**,(२०५९), **आख्यानपुरूष ध्रुवचन्द्र गौतम अभिनन्दनग्रन्थ** (२०६०), **समकालीन नेपाली द्वन्द्वकथा** (२०६३), **अन्तरसम्वादः परशु प्रधान** को सम्पादन गरेका छन् । यसैगरी गौतमले चितवन साहित्य परिषद्को मुखपत्र **वागीश्वरी**को केही अङ्क, चितवन वाङ्मय प्रष्ठिानको मुखपत्र **मधूलिका**लगायत पत्र-पत्रिकाहरूको सम्पादन गरेका छन् । चितवन साहित्य परिषद्का आजीवन सदस्य रहेका गौतम चितवन वाङ्मय प्रतिष्ठान, नेपाली लेखक सङ्घ, नेपाली साहित्यिक पत्रकार सङ्घ चितवन, रामेश्वर पुस्तकालय तथा वाचनालय, नारायणी कला मन्दिर आदि सङ्घ-संस्थाहरूसित आबद्ध रहेका छन् ।

गौतमले नेपाली साहित्य समालोचनाको क्षेत्रमा पुऱ्याएको योगदानस्वरूप विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरूबाट पुरस्कृत तथा सम्मानित भएका छन् । उनी नारायणी वाङ्मय पुरस्कार (२०५२), नवकविता सम्मान (२०५७), दोभान प्रतिभा सम्मान (२०५९), **चि.सा.प.प्रतिभा पुरस्कार** (२०६०), रत्न श्रेष्ठ पुरस्कार (२०६१), रोहिणी अन्तराष्ट्रिय उत्कृष्ट कृति पुरस्कार (सन् २००५), अभिव्यञ्जना साहित्य सम्मान (२०६४), कालिका स्रष्टा सम्मान (२०६५) तथा भूपिन ब्याकुलसँग संयुक्तरूपमा कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार ( २०६६) आदिबाट पुरस्कृत तथा सम्मानित भएका छन् ।

नेपाली साहित्य, विशेषगरी समालोचनालेखन तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका गौतमलाई चि.सा.प.ले आफूले स्थापना गरेको दुईवटा पुरस्कार **चि.सा.प. प्रतिभा**

---

[३१२] कपिल अज्ञात, *ज्योर्तिविज्ञानका आधारमा समालोचक लक्ष्मण प्रसाद गौतमको साहित्यिक व्यत्तित्वको निरूपण* ,**समष्टि** (वर्ष २९, अङ्क ५/६७, चैत्र- वैशाख २०६५/०६७ ) पृ.२ ।

[३१३] मिति २०६६।५।२४ गते लक्ष्मणप्रसाद गौतमले शोधार्थीलाई उपलव्ध गराउनु भएको विवरण फारमबाट ।

**पुरस्कार** र **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.१० राजकृष्ण कँडेल

न्वारनमा पण्डितले 'चिन्तामणि', हजुरआमा जानकीदेवीले 'कृष्ण', अध्ययनको सिलसिलामा काशीस्थित मारवाडी संस्कृत विद्यालयमा दाजु घनश्यामले 'कृष्णराज' र पछि आफैले गोयन्का संस्कृत विद्यालय बुलनालामा 'राजकृष्ण' नाम राखेका राजकृष्ण कँडेल नै आजका साहित्यकार, प्रबुद्ध शिक्षक, शिक्षाप्रशासक, समाजसेवी व्यत्तित्व हुन्।[३१४] धादिङ्गको मलेखु रिचोकटारमा वि.सं.२००२ साल असोज ७ गते पिता पुष्पराज उपाध्याय कँडेल र माता नन्दकुमारी कँडेलको कोखबाट जन्मेका कँडेल हाल भरतपुर नगरपालिका वडा नं ७ कृष्णपुरमा पत्नी मायादेवी एवम् छोराहरू दीपक र राजुसँगै बसोवास गर्दै आएका छन् ।[३१५]

एम्.ए.सम्मको औपचारिक शिक्षा आर्जन गरेका, आमा र दाजुको प्रेरणबाट साहित्यमा लागेका कँडेलले काशीमा पढ्नबस्दा वि.सं.२०१८ सालमा **नयाँ पाइलो** साहित्यिक पत्रिकामा 'चुनिया धारो' शीर्षकको कविता प्रकाशित गरी सिर्जनायात्रामा लागे ।[३१६] महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, राष्ट्रकवि माधव घिमिरे तथा किट्स, लियो टस्टायल, प्रेमचन्दको लेखनीलाई मन पराउँने कँडेल जीवनको भोगाई र अनुभूतिलाई भाषाको माध्यमद्वारा अभिव्यक्ति गर्नु नै साहित्य हो भन्ने धारणा राख्दछन् । उनका शोककाव्य **सम्भनाका छालहरू** (२०५६), खण्डकाव्य **दौपदीको पश्चातत्ताप** (२०५६) र निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) प्रकाशित भएका छन् । चितवन साहित्य परिषद्का संस्थापक सदस्य मध्य एक कँडेल हाल परषद्का सल्लाहकार रहेका छन् । यसैगरी कँडेल **जनमत** साहित्यिक पत्रिका, नेपाल रेडक्रस सोसाइटी, भ्रष्टाचार विरूद्ध अभियान, धादिङ्ग समर्क मञ्च, प्रेमवस्ती उच्च मा.वि.जस्ता साहित्यिक, शैक्षिक, सामाजिक सङ्घ संस्थामा आबद्ध रहेका छन् ।

कँडेल नेपाली साहित्य तथा शैक्षिक-सामाजिक संस्थाहरूमा रहेर सेवा पुऱ्याए बापत् पुरस्कृत तथा सम्मानित भएका छन् । चि.सा.प. प्रतिभा पुरस्कार (२०६१) बाट समेत सम्मानित भएकका कँडेल शुभराज्याभिषेक पदक, राष्ट्रिय शिक्षा पुरस्कार, जिल्ला शिक्षा समिति चितवन, वाल्मीकि साहित्य सदन ,नेपाल रेडक्रस सोसाइटी चितवन, नारायणी टुडे मासिक, नेपाल स्काउट , नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, नेपाल शिक्षक सङ्घ, प्राणनाथ आश्रम सेवाकेन्द्र, विश्वशान्ति वाचनालय आदि दुई दर्जन भन्दा बढी सङ्घ संस्थाबाट पुरस्कृत तथा सम्मानित भएका छन् ।[३१७]

राजनीति, संस्कृति, आर्थिक, शैक्षिक क्षेत्रमा पनि उत्तिकै चिन्तनशील कँडेल साहित्यमा जीवन बोल्नुपर्छ, साहित्य मनको क्रियाकलाप र आत्माभिव्यञ्जना भएको हुनाले जीवन अनुभूति सिर्जना गर्नसक्ने विचारको विस्तार गर्न सक्ने, जीवनमा हलचल ल्याउन सक्ने र जीवनको प्रश्न-उत्तरलाई वहन गर्नसक्नुपर्ने धारणा राख्छन् । उनी साहित्यमा समसामयिकता हुनुपर्ने,

---

[३१४] डी .आर. पोखरेल , *राजकृष्ण कंडेलको जीवनी* , **नारायणी टुडे** ( चितवन : वर्ष ८,अङ्क ४८, २०६५ ) पृ.४ ।

[३१५] मिति २०६६।३।२८ गते शोधार्थीलाई कंडेलले उपलव्ध गराएको जानाकारी ।

[३१६] डी .आर. पोखरेल ,ऐजन ।

[३१७] ऐजन ।

साहित्यिक प्रवृत्ति, मूल्य मान्यतालाई कुनै निश्चित समयावधिमा बाँधेर हेर्न सकिदैन तापनि साहित्यमा समय बोल्नु पर्छ, युग बोल्नु पर्ने[३१८] धारणा राख्छन् ।

नेपाली साहित्य, विशेषगरी कविता तथा निबन्धलेखन तथा प्रशासनिक, शैक्षिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका कँडेललाई चि.सा.प.ले आफूले स्थापना गरेको **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.११ केशवराज आमोदी

तनहुँ जिल्लाको केशवटार १ सुकौरामा पिता कमलाकान्त भट्टराई  र माता दमयन्तीदेवी भट्टराईको कोखबाट वि.सं.२०१३ साल जेठ २० गते जन्मिएका केशवराज भट्टराई नै नेपाली साहित्यमा परिचित केशवराज आमोदी  हुन् । वि.सं.२०२८ सालमा पितासँगै चितवन वसाइँ सरी आएका भट्टराई हाल र.न.पा.१२, माधवपुरमा बसी साहित्य सिर्जना तथा विभिन्न साहित्यिक सद्भावमा रमाएका छन् । वनारस विश्वविद्यालयबाट स्नातक गरेका आमोदीले बर्दियाबाट प्रकाशित **कर्णाली** पत्रिकामा 'कर्णाली' शीर्षकमा नै कविता छपाएर नेपाली साहित्यको यात्रा थाले । कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि देवकोटा, भूपि शेरचन, गोपाल प्रसाद रिमाल, रविन्द्रनाथ टैगोर, मुल्सी प्रेमचन्द, मेक्सीम गोर्कीको लेखनीलाई आर्दश ठान्ने आमोदीको कलम निबन्ध, कथा हुँदै उपन्यास, गीत गजल, कविता, खण्डकाव्यसम्म चलेको पाइन्छ ।

साहित्य जीवनको दर्पण भएको, प्रतिच्छाया भएकोले यसैका माध्यमबाट आफ्ना अनुभूति पोख्ने आमोदीको लीलामणि भट्टराईसँगको सहकार्यमा उपन्यास **हिमाल रून्छ** (२०४७) प्रकाशन भएको छ । यसैगरी आमोदीको एकल कृतिकारूपमा खण्डकाव्यहरू **अरण्यरोदन** (२०५४), **कर्मभूमि**  (२०६०), मुक्तकसङ्ग्रह **सत्तासाधन** (२०५८), गजलकाव्य **जलतरङ्ग** (२०६०) र विमलप्रकाश देवकोटाको सहलेखनमा गजलसङ्ग्रह **गजलदीपिका** (२०६०) प्रकाशित भएका छन् ।

आमोदी विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थामा रही क्रियाशील रहेका छन् । चितवन साहित्य  परिषद्का आजीवन सदस्य रहेका आमोदी वाल्मीकि साहित्य सदन, राष्ट्र उत्थान साहित्य समाज, पल्लव साहित्य प्रष्ठिान, सिस्नुपानी नेपाल चितवन शाखा, कालीगण्डकी साहित्य मञ्च, सञ्जीवनी साहित्य समाज, रत्नवाटिका पत्रिका, गजल मञ्च चितवन तथा गजल सन्ध्या आदि संस्थाहरूसित आबद्ध रहेका छन् ।

आमोदीले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ संस्थाहरूबाट पुरस्कृत तथा सम्मानित भएका छन् । आमोदीलई राष्ट्रउत्थान साहित्य समाज चितवनले २०५९ सालमा  अधुनातन शास्त्रीय कविको सम्मान गरेको छ । यसैगरी उनी वाल्मीकि साहित्य सम्मान, चि.सा.प. प्रतिभा पुरस्कार (२०६२), अभिव्यञ्जना साहित्य सम्मान आदिबाट सम्मानित भएका छन् । यसैगरी आमोदीलाई पल्लव साहित्य प्रतिष्ठान तथा हाम्रो मझेरी साहित्य प्रतिष्ठान, मातृभूमि साहित्य समाज हेटौडाले पनि सम्मान गरेको छ ।[३१९]

---

[३१८] डी .आर. पोखरेल ,पूर्ववत्  पृ.३९ ।

[३१८] मिति २०६६।६।२ गते आमोदीले शोधार्थीलाई दिनु भएको अन्तर्वार्ता  ।

नेपाली साहित्य, विशेषगरी गजललेखन तथा समीक्षा, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका आमोदीलाई चि.सा.प.ले आफूले स्थापना गरेको चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.१२ गायत्री श्रेष्ठ र सरस्वती रिजाल

चि.सा.प.ले पहिलोपटक वि.सं.२०६३ सालमा चितवनका दुई नारी स्रष्टाहरूलाई संयुक्त रूपमा **चि.सा.प. प्रतिभा पुरस्कार** प्रदान गरेको छ ।

### ५.२.१.१२.१ गायत्री श्रेष्ठ

गायत्री श्रेष्ठको जन्म वि.सं.२००७ साल भदौ २६ गते इलाम जिल्लाको इलामबजारमा पिता मानबहादुर श्रेष्ठ तथा माता हरिकुमारी श्रेष्ठको कोखबाट भएको हो । श्रेष्ठ हाल चितवनको भरतपुर नगरपालिका वडा नं २ क्षेत्रपुरमा पति केशवकुमार श्रेष्ठ, छोरा प्रणय र समिरको साथमा बसोवास गर्दैआएकी छिन् ।

नेपालीमा स्नातकोत्तर गरेकी श्रेष्ठ हाल बीरेन्द्र बहुमुखी क्याम्पसमा सह प्रध्यापक तथा बालकुमारी कलेज नारायणगढमा सहायक क्याम्पस प्रमुख पदमा कार्यरत छिन । विभिन्न शैक्षिक, सामाजिक तथा साहित्यक संस्थामा नेतृत्वदायी भूमिका निभाउँदै आएकी श्रेष्ठ चितवन इङ्ग्लिस बोर्डिङ्ग स्कूल तथा चितवन साहित्य परिषद्को संस्थापक मध्ये एक हुन् । श्रेष्ठले नारायणी कला मन्दिर, लायन्स क्लव अफ चित्रवन, त्रि.वि. प्राध्यापक संघ वीरेन्द्र बहुमुखी क्याम्पस इकाइ, नारायणगढ जेसिज, रामेश्वर पुस्तकालय तथा वाचनालय, नेपाली लेखक सङ्घ आदि सामाजिक तथा साहित्यिक संस्थाहरूसित आबद्ध रही विभिन्न जिम्मेवारी सम्हालेकी छिन् ।

स्कुले जीवनबाटै साहित्य सिर्जनामा लागेकी श्रेष्ठ पद्मकन्या कन्या कलेजबाट वि.सं.२०२७ सालमा प्रकाशित मुखपत्र **कस्तुरी**मा 'दोष कस्को ?' शीर्षकको कथा प्रकाशन गरी यस क्षेत्रमा लागेकी हुन् । महाकवि देवकोटा तथा प्रेमचन्द, टल्सटाय, वर्डस्वर्थ, देवकुमारी थापा आदिबाट प्रभावित श्रेष्ठका ४ ओटा पुस्ताकाकार कृति प्रकाशित भएका छन् । उनका समालोचनासङ्ग्रहहरू **कथाकार देवकुमारी थापाको व्यक्तित्व र कृति,व** (२०४६), **केही कृति : आफ्नै दृष्टि** (२०६५), गीतिसङ्ग्रह **बादलको घुम्टो** (२०६२) र सरस्वती रिजालसँगको सहलेखनामा समालोचनासङ्ग्रह **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर** (२०६३) प्रकाशन भएको छ । विभिन्न पत्रिकाहरूमा फुटकर रचनाहरू नियात्रा, गीत, कविता, समीक्षा आदि प्रकाशन गराएकी श्रेष्ठले **मारुनी** तथा **चितवन महोत्सव स्मारिका** आदिको सम्पादन समेत गरेकी छिन् ।

उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदरस्वरूप विभिन्न सङ्घ-संस्थाबाट पुरस्कृत तथा सम्मान भएकी छिन् । उनी दोभान प्रतिभा सम्मान (२०५९), चि.सा.प. प्रतिभा पुरस्कार संयुक्तरूपमा (२०६३), नारायणी वाङ्मय पुरस्कार (२०६४), केवलपुरे जनमत सम्मान

(२०६५), बबरसिंह थापा सेवा पुरस्कार (२०६६), अभिव्यञ्जना साहित्य सम्मान (२०६६) आदिबाट सम्मानित भएकी छिन् ।[३२०]

'जीवन गति हो यति होइन । बर्तमानको भोगाइ जीवन हो । जन्मिसकेपछि आउने दुःखलाई स्वभाविक रूपमा लिनु पर्छ । सकुन्जेल कर्म गर्नुपर्छ, जीवनका सबै चुनौती स्वीकार गर्नसक्नु पर्छ[३२१] भन्ने धारणा राख्ने श्रेष्ठ समीक्षा, गीत, र नियात्राकी त्रिवेणी हुन् । '....सरल र आत्मगत -बस्तुगत शैलीका उनका समीक्षाले निबन्धको स्वाद पनि चखाउँछ ।'[३२२] '.... साहित्यिकवाद वा सिद्धान्तका आधारमा गरिने समालोचना अत्यन्त मह,वपूर्ण हुन्छ तर त्यो एकदमै जटिल हुन्छ । समालोचनाजस्तो जटिल लेखन अजटिल पारामा गर्नु गायत्रीको विशेषता हुन् ।[३२३]

नेपाली साहित्य, विशेषगरी समीक्षा लेखन, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएकी श्रेष्ठलाई चि.सा.प.ले आफूले स्थापना गरेको **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.१२.२ सरस्वती रिजाल

सरस्वती रिजालको जन्म वि.सं.२०१२ साल माघमा काठमाण्डौको नयाँबजारमा स्व.लीलानाथ तिमिल्सिना र स्व.नर्मदा तिमिल्सिनाको कोखबाट भएको हो । रिजाल हाल चितवनको भरतपुर नगरपालिका वडा नं २ आँपटारीमा पति उपेन्द्र रिजाल, छोरा ऋषभ र छोरी ऋचाको साथमा बसोवास गर्दै आएकी छिन् । नेपालीमा स्नातकोत्तर गरेकी रिजाल हाल बालकुमारी उच्च मा.वि.नारायणगढमा प्राचार्यको रूपमा सेवारत् छिन् ।

रिजालले विभिन्न शैक्षिक, सामाजिक तथा साहित्यक संस्थामा नेतृत्वदायी भूमिका निभाउँदै आएकी छिन् । उनी चितवन साहित्य परिषद्, सत्य साई केन्द, नारायणी कला मन्दिर, नारी अभ्युदय केन्द्र, गैरसरकारी संस्था महासङ्घ, जिल्ला गैरसरकारी संस्था समन्वय समिति, अभय उपचार केन्द, नेपाल नेत्रज्योति सङ्घ, नेपाल परिवार नियोजन सङ्घ, नेपाल रेडक्रस सोसाइटी, रामेश्वर पुस्तकालय तथा वाचनालय आदि संस्थाहरूमा आबद्ध भई विभिन्न जिम्मेवारी सम्हाल्दै आएकी छिन् ।

रिजाल 'जीवन बहुमूल्य छ, सदुपयोग गर्नु पर्छ' भन्ने धारणा राछिन् । उनी लेखनीका लागि आफैबाट तथा वरपरका घटनाक्रमबाट प्रेरणा पाएको बताउछिन् । 'साहित्य अन्तर्मनको कलात्मक उद्गार हो, जीवन, समाज र जगतको यथार्थ हो अनि जीवन र समाजलाई रूपान्तरित गर्ने आदर्श हो' भन्ने धारण राख्ने रिजालको कवितासङ्ग्रह **एक झुल्को घाम** ( २०५१), **प्रबोधन** (२०६३) तथा गायत्री श्रेष्ठसँगको सहलेखनमा समालोचनासङ्ग्रह **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** (२०६२) प्रकाशित भएका छन् ।

रिजालले नेपाली साहित्य तथा शैक्षिक तथा सामाजिक क्षेत्रमा आबद्ध भई समाजमा पुऱ्याएको कदर स्वरूप विभिन्न सङ्घ संथाबाट पुरस्कृत तथा सम्मानित भएकी छिन् । उनी बालकुमारी उच्च मा.वि.बाट प्रशंसा पत्र तथा दीर्घसेवा पदक, जिल्ला शिक्षा समितिबाट प्रशंसा

---

[३२०] मिति २०६६।५।२९ गते गायत्री श्रेष्ठले शोधार्थीलाई दिएको जानकारी तथा भर्नुभएको फारम ।

[३२१] ऐजन ।

[३२२] लक्ष्मणप्रसाद गौतम : *मन्तव्य,* **केही कृति : आफ्नै दृष्टि,** गायत्री श्रेष्ठ, ( काठमाण्डौं : नेपाली लेखक सँघ २०६५ ) पृ. पछाडि गाता ।

[३२३] मोहनराज शर्मा : *मन्तव्य* , **केही कृति : आफ्नै** , पूर्ववत् ।

पत्र तथा दीर्घसेवा पदक, ॐ प्रतिभा प्रशिक्षण केन्द्र, महिला विकास कार्यालय तथा जिल्ला महिला गै.स.स.समन्वय समिति, कालिका एफ.एम्., पल्लव प्रकाशन, नेपाल रेडक्रस सोसाइटी चितवन, युनिभर्सल पिस फेडेसनबाट कदर पत्र तथा नारायणी वाङ्मय प्रतिष्ठान वीरगञ्जबाट नारायणी वाङ्मय पुरस्कार, शिक्षा विभागबाट राष्ट्रिय शिक्षा पुरस्कार, चि.सा.प. साहित्य परिषद्द्वारा चि.सा.प. प्रतिभा पुरस्कार संयुक्तरूपमा (२०६३), उच्च माध्यामिक शिक्षा परिषद्बाट वर्ष प्राचार्य २०६४ आदिबाट पुरस्कृत तथा सम्मानित भएकी छिन् ।[३२४]

नेपाली साहित्य, विशेषगरी कथालेखन, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएकी रिजाललाई चि.सा.प.ले आफूले स्थापना गरेको **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

## ५.२.१.१३ कपिल अज्ञात

वि.सं.२०१४ साल चैत्र १६ गते रामनवमीका दिन स्याङ्जा जिल्लाको पौवेगौडे ढाडेटारीमा पिता लीलाधर रेग्मी र माता चन्द्रकला रेग्मीको जेष्ठपुत्ररत्नका रूपमा जन्मेका कपिल मणि शर्मा रेग्मी नै आजका चर्चित साहित्यकार कपिल अज्ञात हुन् । स्याङ्जाबाट जीवन गुर्जान चितवनको भरतपुर नगरपालिका वडा नं १२ थानीचोकमा बसाइसरी पत्नी निर्मलाकुमारी, छोराहरू सुशिल र सुभाषका साथमा बसोवास गर्दैआएका छन् । नेपालीमा स्नातकोत्तर अज्ञातले हाल वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा सहप्राध्यापक पदमा रही सहायक क्याम्पस प्रमुखको जिम्मेवारी सम्हालेका अज्ञात चि.सा.प.का संस्थापक तथा आजीवन सदस्य समेत हुन् ।

'मेरो देश महान् छ ?' (अप्राप्य) शीर्षकको रचना छपाएर नेपाली साहित्ययात्रामा लागेका अज्ञातका दर्जनौ पुस्ताकार कृतिहरू प्रकाशित भएका छन् । उनको कवितासङ्ग्रह **अज्ञातका कविता** (२०४७), समालोचनासङ्ग्रहहरू **साहित्यसिर्जना प्रक्रिया** (२०५५), **समालोचनाको सन्दर्भ** (२०५५), **समीक्षा-सन्धान** (२०६४), **देवकोटा आयाम र प्रवृत्ति** (२०६५), **ज्योतिष र साहित्य** (२०६६), साहित्यिक पत्र सङ्ग्रह **पत्र सन्देश** (२०६४), मुक्तकसङ्ग्रह **अनुभूतिका उमङ्ग** (२०६४), बालकृष्ण थपलियाको सम्पादनमा गजलसङ्ग्रह **समय समयका स्वरहरू** (२०६४) र निबन्धसङ्ग्रह **भूलहरूका विरूद्ध** (२०६४) प्रकाशित भएका छन् ।

**वागीश्वरी, विवेक, हरिहर क्षेत्र सन्देश** जस्ता मुखपत्र स्मारिका, सूर्यमणि अधिकारीको कथासङ्ग्रह **आत्मावतार** आदिको सम्पादन गरेका अज्ञात विभिन्न साहित्यिक, सामाजिक, शैक्षिक संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत भएका छन् । उनी चितवन साहित्य परिषद्द्वारा स्थापित कृष्णाकुमारी गुरूङ्ग स्मृति पुरस्कार (२०५६) सयुक्त रूपमा तथा **चि.सा.प. प्रतिभा पुरस्कार** (२०६३) बाट सम्मानित भएका छन् । यसैगरी अज्ञात पल्लव सम्मान, ज्योतिष दिवाकर, ज्योतिष मार्तण्ड, कालीगण्डकी साहित्य कला पुरस्कार, कालिका स्रष्टा सम्मान, शहीद शिव पौडेल स्मृति पुरस्कार आदिबाट समेत सम्मानित भएका छन् ।[३२५]

'साहित्य सत्य, शिव, सौन्दर्यमुखी भावनाले युक्त हृदयको पोषक हो; यो समाजको मूर्त अनुहार मात्र नभै अन्धकारभेदी आँखा हो, यथार्थ ऐना मात्र नभई समाजको पथप्रर्दशक दर्शन हो' भन्ने धारणा राख्ने अज्ञात जीवनलाई 'प्रकृतिको अनमोल उपहार तर नरहोस् लोभ

---

[३२४] सरस्वती रिजालले मिति २०६६ कार्तिक १८ गते शोधार्थीलाई उपलब्ध गराउनु भएको विवरण फारम ।

[३२५] मिति २०६६।६।२७ गते अज्ञातले शोधार्थीलाई दिएको जानकारी ।

लालसाको सिकार'[३२६] ठान्छन् । अज्ञातको लेखनीमा 'अभिव्यक्तिमा निर्भिकता, प्रस्तुतिमा स्पष्टता, विवेचनात्ममा दृष्टिकेन्द्रीता भइकन पनि कहीँकहीँ सङ्क्षिप्त शैलीको प्रभावपूर्ण प्रयोग पाइन्छ । अझ साहित्य र ज्योतिष शास्त्रकावीच अर्न्तसम्वन्धको अध्ययन र साहित्यकारका जीवनवृत्तमा ज्योतिषशास्त्रीय प्रभाव तथा ज्योर्तिविज्ञानका कोणबाट साहित्यिक व्यक्तित्वको अध्ययन र निरूपण उनका विशिष्ट प्राप्ति हुन् ।'[३२७]

नेपाली साहित्यका विशेषगरी समीक्षा, निबन्धलेखन, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका अज्ञातलाई चि.सा.प.ले आफूले स्थापना गरेको दुईवटै पुरस्कार **चि.सा.प. प्रतिभा पुरस्कार** र **कृष्णाकुमारी गुरुङ्ग स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.१४ केदारनाथ खनाल

केदारनाथ खनालको जन्म वि.सं.२००१ साल कार्तिक ७ गते गोरखा जिल्लाको ताक्लुङ्ग २ मा बुबा स्व. भोगप्रसाद खनाल र आमा स्व.श्रीमती देवमाया खनालको कोखबाट भएको हो । माइलाबा तुलसीप्रसाद खनालसँग वि.सं.२०१३ सालमा गोरखाबाट बसाई सरी चितवनको जयमङ्गला र पछि वि.सं.२०२८ सालमा भरतपुर नगरपालिका वडा नं १० चौबीसकोठीमा पत्नी कला खनाल, छोरा डा.किरण, छोरी कविता, करूणा र कल्पनाको साथमा बसोबास गर्दै आएका छन् ।[३२८]

नेपाली साहित्यमा स्नातकोत्तर खनाल घरायसी वातावरण र पिताको प्रेरणा र पछि गोरखापत्र संस्थान तथा साझा प्रकाशनको जागिरको सिलसिलामा राष्ट्रियस्तरका स्रष्टाहरू क्षेत्रप्रताप अधिकारी, परशु प्रधान, केदारमान अमात्यलगायत थुप्रै साहित्यकारहरूको सङ्गत र तत्कालीन परिवेशले आफूलाई साहित्य लेख्नलाई प्रभाव पारेको[३२९] बताउनु हुने खनालका करिव आधा दर्जन साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । उनको कवितासङ्ग्रह **अनुभूतिका शब्दतरङ्ग** (२०६१), शैक्षिक लेखहरूको सङ्गालो **शिक्षा केही गन्थन केही मन्थन** (२०६२), नियात्रासङ्ग्रह **यात्राका स्पन्दनहरू** (२०६५) संस्मरणसङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६६) प्रकाशित भएका छन् भने **भाषिक र समीक्षात्मक लेखहरू**, **साँस्कृतिक लेखहरू** (निबन्धसङ्ग्रह) प्रकाशोन्मुख छन् ।[३३०]

चि.सा.प.का संस्थापक सचिव तथा मिति २०५४।११।२७ देखि २०६३।६।२८सम्म तीन कार्यकाल अध्यक्ष भई संस्थाको नेतृत्व सम्हालेका खनाल हाल सल्लाहकार छन् । उनले विभिन्न साहित्यिक, शैक्षिक तथा सामाजिक संस्थाहरूमा रहेर योगदान पुऱ्याएका छन् । उनी नेपाल नेत्र ज्योति सङ्घ, रामेश्वर पुस्तकालय तथा वाचनालय, हरि सांस्कृतिक केन्द्र गोरखा, मनकामना क्षेत्र विकास समितिलगायत सङ्घ संस्थाहरूमा आबद्ध छन् । हाल बालकुमारी कलेज शिक्षा संकायको कार्यक्रम प्रमुखको रूपमा सेवारत खनालले **वागीश्वरी, सम्प्रेषण, सुधांशु ,**

---

[३२६] **जनमत मासिक**, कपिल अज्ञात विशेषाङ्क (वर्ष २५ अङ्क १२९, २०६५,)पृ. पुछारको हस्ताक्षर पातो ।

[३२७] ऐजन ।

[३२८] खनालले मिति २०६६।६।२३ गते शोधार्थीलाई दिनु भएको जानकारी ।

[३२९] सिताराम कोइराला (सम्पा.), **सम्वादमा स्रष्टाहरू** , पूर्ववत् , पृ.११२ ।

[३३०] केदारनाथ खनालले मिति २०६६।६।३ गते शोधार्थीलाई दिनु भएको जानकारी अनुसार ।

**आलोक, शिक्षक आवाज, आदर्शपुञ्ज, मुद्रण स्मारिका, मुद्रण बुलेटिन, चितवन महोत्सपव स्मारिका, वेणी, सेव्स स्मारिका , पुष्पोपहार, दीपशीखा** आदिको सम्पादन गरेका छन् ।

खनालले समाजमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ-संस्थाहरूले पुरस्कृत तथा सम्मान गरेका छन् । उनी राष्ट्रिय शिक्षा समिति, जिल्ला शिक्षा समिति चितवन, नारायणी मा.वि.भरतपुर , आदर्श युवा क्लब रामपुरद्वारा सम्मान, अभिव्यञ्जना साहित्य सम्मान, वाल्मीकि साहित्य सम्मान, कालिका स्रष्टा सम्मान, चि.सा.प. प्रतिभा पुरस्कार (२०६४), नुवाकोट साहित्य महामण्डल नुवाकोट, पल्लव साहित्य सम्मान, चितवन युवा समूह दोहा कतार, हरि साँस्कृतिक केन्द्र गोरखालगायत संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत भएका छन् ।[३३१]

नेपाली साहित्यका विशेषगरी कविता, निबन्धलेखन, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका खनाललाई चि.सा.प.ले आफूले स्थापना गरेको चि.सा.प. प्रतिभा पुरस्कार बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.१.१५ डी.आर. पोखरेल

आमा कृष्णकुमारी पोखरेल र पिता डण्डराज पोखरेलको कोखबाट वि.सं.२०११ साल भदौ ११ गते शुक्रवार ओखलढुङ्गाको रूम्जाटार-६ मा जन्मेका डिल्लीराम नै आजका चर्चित समालोचक तथा साहित्यकार डि.आर. पोखरेल हुन् । हाल भरतपुर नगरपालिका वडा नं १० जनपथमा पत्नी लक्ष्मी र छोरा निरन्जनसँगै बसोवास गर्दै आएका पोखरेलको साहित्यिक यात्रा भने २०३२ सालमा 'मेरी आमाको व्यथा' शीर्षकको कविता दोस्रो पुल्चोक इन्जिनियरिङ्ग इन्स्टि्युच्यूटबाट प्रकाशित **प्राविधिक विकास**बाट भएको हो । प्राविधिक विषयमा प्रमाणपत्र तह सम्मको औपचारिक शिक्षा हासिल गरेका  पोखरेल ओभरसियरको जागिर छाडेर साहित्यको विशद अध्ययन अनुसन्धान खोज र सृजनामा लागिरहेका छन् ।

हजुरआमा, बाबा र पारिजातको  प्रेरणाबाट साहित्यममा होमिएका पोखरेल चूडामणि रेग्मी, प्रदीप नेपाल, शरदचन्द्र चट्टोपाध्याय, गोर्की, ल्युसून आदिको लेखनीलाई मन पराउँछन् । " जीवन प्रकृतिको सुन्दर वरदान हो यसलाई जति भोगेपनि थोरूै हुन्छ, यो फेरि पाइन्न अमूल्य, अमूल्य र अमूल्य छ " भन्नु हुने पोखरेल जीवन र जगतको सूक्ष्म समीक्षा नै साहित्य हो भन्न रूचाउँने पोखरेलका आधा दर्जनभन्दा बढी पुस्ताकार कृतिहरू प्रकाशित भएका छन् । उनले पेकिङ रिभ्यूबाट अनुवादित **माओत्सेतुङ्गबाट सिकौं** (२०३६), **कम्युनिष्ट के चाहन्छन्** ? (२०४७) जस्ता राजनीतिमुखी पुस्तिका प्रकाशन गरेका छन्भने उनका पछिल्ला कृतिहरू भने साहित्य सिर्जना तथा अनुसन्धानमा आधारित छन् । उनको समालोचनासङ्ग्रहहरू **यथार्थवादी समालोचनाको गोरेटोमा** (२०५८), **निकुञ्ज र जनताको द्वन्द्व : एक अध्ययन** (२०५९), **पारिजातको साहित्यिक मूल्याङ्कन** (२०६२), संस्मरणसङ्ग्रह  **खुला आकाशतर्फ** (२०६४), सास्कृतिक निबन्धसङग्रह **संस्कृतिको सेरोफेरो** (२०६४) तथा अन्वेषणपुस्तिका **साहित्य सङ्गम चितवनको सङ्क्षिप्त इतिहास** (२०६४) प्रकाशित भएका  छन् ।

वि.सं. २०४७ सालमा प्रगतिशील लेखक सङ्घको केन्द्रीय सदस्य रहेका पोखरेल हाल सल्लाहकार रहेका छन् भने चितवनका अध्यक्ष रहेका छन्  । उनले चितवन अध्ययन केन्द्र, साहित्य सङ्गम चितवन, नेपाल साहित्यिक पत्रकार सङ्घ, रामेश्वर पुस्तकालय तथा वाचनालय आदि संस्थाहरूमा विभिन्न जिम्मेवारी वहन गरेका छन् ।

---

[३३१] ऐजन ।

पोखरेलले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ संस्थाहरूले सम्मान तथा पुरस्कृत गरेका छन् । यथार्थ कुरा साहित्यिक पत्रिका झापाबाट यथार्थ प्रतिभा सम्मान, वाल्मीकि साहित्य सदन रत्ननगर चितवनबाट वाल्मीकि साहित्य सम्मान, नारायणी टुडे मासिक पत्रिकाद्वारा कदर पत्र, नमूना आवासीय मा.वि.गैडाकोट नवलपरासी सम्मान पत्र, साहित्य सङ्गम चितवनले साहित्य सङ्गम सम्मान, कालिका एफ्.एम.बाट कालिका स्रष्टा सम्मान र चितवन साहित्य परिषद्बाट चि.सा.प. प्रतिभा पुरस्कार (२०६६)बाट सम्मानित भएका छन् ।[३३२]

नेपाली साहित्यका विशेषगरी समीक्षा तथा अनुसन्धानमूलक लेखन, विभिन्न साहित्यिक तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका पोखरेललाई चि.सा.प.ले आफूले स्थापना गरेको चि.सा.प. प्रतिभा पुरस्कार बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

**तालिका नं. ६**

**चि.सा.प. प्रतिभा पुरस्कारबाट सम्मानित प्रतिभाहरूको विवरण**

| क्र.सं. | सम्मानित प्रतिभाको नाम | सम्मान गरिएको वर्ष |
|---|---|---|
| १ | प्रेमविनोद नन्दन | २०५२ |
| २ | गोविन्दराज विनोदी | २०५३ |
| ३ | रामबाबु घिमिरे | २०५४ |
| ४ | हरिहर खनाल | २०५५ |
| ५ | नारायणप्रसाद खनाल | २०५६ |
| ६ | विजयराज भट्टराई | २०५७ |
| ७ | खुमनारायण पौडेल | २०५८ |
| ८ | नारायणदत्त शास्त्री | २०५९ |
| ९ | लक्ष्मणप्रसाद गौतम | २०६० |
| १० | राजकृष्ण कँडेल | २०६१ |
| ११ | केशवराज भट्टराई 'आमोदी' | २०६२ |
| १२ | गायत्री श्रेष्ठ र सरस्वती रिजाल | २०६३ |
| १३ | कपिल अज्ञात | २०६४ |
| १४ | केदारनाथ खनाल | २०६५ |
| १५ | डी.आर.पोखरेल | २०६६ |

### ५.२.२ कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय

चितवन साहित्य परिषद्को उद्देश्यलाई आत्मसात गर्दै नेपाली भाषा साहित्यको समृद्धिको निम्ति चितवन जिल्ला शारदानगर गा.वि.स. वडा नं ७ निवासी वरिष्ठ समाजसेवी एवम् राजनीतिज्ञ गञ्जसिंह गुरुङबाट आफ्नी स्वर्गीय पत्नी कृष्णाकुमारी गुरुङको पुण्यस्मृतिमा रू १,००,०००।-(एक लाख)को अक्षयकोष स्थापना गरी सोबाट आर्जित ब्याजबाट वितरण गर्न

[३३२] डी.आर. पोखरेसँग बेला बेलामा भएका कुराकानी र उहाँले भर्नुभएको फारम ।

**कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** स्थापना गरिएको छ । यसलाई व्यवस्थित र पारदर्शी ढङ्गले वितरण गर्न मिति २०५४।११।२७ गते बसेको चि.सा.प.को चौथो साधरण सभाले छुट्टै नियमावली पारित गरेको छ । राष्ट्रियस्तमा प्रकाशित पुस्तकहरूवीच प्रतिर्ष्पधा गराई हरेक वर्ष यो पुरस्कार समर्पण गर्ने गरिन्छ । पुरस्कार छनोटको लागि राष्ट्रिय तथा स्थानीय रूपमा सूचना प्रकाशित गरी कृति पेशका लागि आह्वान गर्ने, प्राप्त कृतिहरूलाई कार्यसमितिले प्रारम्भिक मूल्याङ्कन गरी विशेष समितिमा पठाइने र सो समितिबाट सिफारिस भई आएको नामलाई कार्यसमितिले अनुमोदन गरी सामान्यतया लेखनाथ जयन्तीका अवसरमा विशेष साहित्यिक कार्यक्रम आयोजना गरी यो पुरस्कार रू १०,००१।- (दश हजार एक) नगद, दोसल्ला र सम्मान पत्र सहित समर्पण[३३३] गर्ने गरिएको छ । यहाँ यो पुरस्कारबाट सम्मानित प्रतिभाहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

### ५.२.२.१ सूर्यमणि अधिकारी र कपिल अज्ञात

चि.सा.प.ले पहिलोपटक इतिहासकार तथा चि.सा.प.का पूर्व अध्यक्ष सूर्यमणि अधिकारी र समालोचक कपिल अज्ञातलाई संयुक्त रूपमा यो पुरस्कार समर्पण गरेको छ । अधिकारीको इतिहासपरक कृति **जुम्ला राज्यको इतिहास** (२०५५) र अज्ञातको समालोचनात्मक कृति **साहित्य सिर्जन प्रक्रिया** (२०५५) लाई सालमा यो पुरस्कार संयुक्त रूपमा प्रदान गरिएको हो ।

#### ५.२.२.१.१ सूर्यमणि अधिकारी

सूर्यमणि अधिकारीको जन्म वि.सं.२००५ साल मङ्सिर ६ गते तनहुँ जिल्लाको बाहुन पोखरामा पिता तारानाथ अधिकारी र माता पार्वती अधिकारीको कोखबाट पहिलो सन्सानको रूपमा भएको हो । वि.सं.२०११ सालमा पिताको पछि पछि लागि चितवन झरेका अधिकारीको १३ वर्षको उमेरमै चन्द्र प्रभासँग विवाह भयो । त्यति बेला उनी कक्षा ७ मा पढ्दै थिए । चितवन मा.वि. भरतपुरवाट प्रवेशिका उत्तिण गरेपछि त्रि.वि.बाट प्राइभेट परीक्षार्थीका रूपमा स्नातकोत्तर गरेपछि त्रि.वि.कै छात्रवृत्तिमा इतिहास विषयमा वि.सं.२०४१ सालमा विद्यावारिधिको उपाधि प्राप्त गरे । अधिकारी अध्ययन, अध्यापन, निर्माण कार्य सम्वन्धी ठेक्कापट्टा, विभिन्न संस्थाको नेतृत्व सँगसँगै चार छोरा -छोरी र दर्जनौ पुस्तकका जनक बने ।[३३४]

अधिकारीका अनुसन्धानात्मक कृतिहरू **पशिचिम नेपालको ऐतिहासिक अन्वेषण** (२०४३), **द खस किङ्डम** (अधिकारीको विद्यावारिधिको शोधपत्र) (सन१९८८) **चेपाङ्ग र दराई** (२०४५), **पश्चिम नेपालको खस अधिराज्य** (२०५३) **नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास** ( २०५५), **जुम्ला राज्यको इतिहास** (२०५५), **तनहुँ राज्यको इतिहास** (२०५५), **विश्व इतिहासको रूपरेखा** (२०५७) **आधुनिक विश्वको सरल इतिहास** ( २०५७), **नेपालको इतिहास र समाज अध्ययन** (२०५८), **नेपाली काँग्रेसको इतिहास** (२०५९),**बाइसे राज्यको इतिहास** (२०६०), **खस साम्राराज्यको इतिहास** (२०६१), प्रकाशित भएका छन् । भाषा-साहित्य तथा धार्मिक क्षेत्रका विषयमा पनि उनका कृतिहरू प्रकाशित भएका छन् । उनको **नेपाल भाषाको इतिहास** (

---

[३३३] चिसापका पूर्व अध्यक्ष केदारनाथ खनालले शोधार्थीलाई बेला मौकामा भेट हुँदा दिनुभएको जानकारी ।

[३३४] सिताराम कोइराला (सम्पा.): **सम्वादमा स्रष्टाहरू,** पूर्ववत् , पृ.३९ ।

२०५६), कथासङ्ग्रह **आत्मावतार** (२०५५) **भगवत् गीता ज्ञान** (२०६२) प्रकाशित भएका छन् । यसका अतिरिक्त उनले **काश्यप गोत्रीय अधिकारी वंशको इतिहास** (२०६०) का साथै कक्षा ४ देखि १० सम्मका पाठ्यक्रममा आधारित '**कम्प्रिहेन्सिभ सोसल इस्टडिज**' नामका पाठ्यपुस्तकहरू रचना गरी प्रकाशन गरेका छन् ।

वीरेन्द्र बहुमुखी क्याम्पस, बालकुमारी कलेज जस्ता चितवनका दुई ठूला क्याम्पसहरूको नेतृत्व सम्हालेका अधिकारी चि.सा.प.को विधान मस्यौदा समितिका संयोजक, संस्थापक सदस्य तथा पूर्व अध्यक्ष हुन् । त्रि.वि.सभासद् तथा नेपाल पब्लिक क्याम्पस सङघको केन्द्रीय अध्यक्ष समेत रहेका अधिकारी जीवनको उत्तरार्धमा त्रि.वि.केन्द्रीय क्याम्पस इतिहास विभागमा प्राध्यापक पदमा रही रक्त क्यान्सर जस्तो प्राणघातक रोगसँग लडे । चार वर्षसम्म क्यान्सरबाट पीडित भए पनि कलम चलाउन छाडेनन् । उनले त्यस अवधिमा पाँच ओटा कृति लेखेर प्रकाशित गरे । 'धेरै बाँचेर मात्र हुदैन, जीवन जति बाचिन्छ उपलब्धिपूर्ण र योगदानमूलक हुनुपर्छ भन्ने मान्यता राख्ने[३३५] अधिकारीको अन्ततः सोही रोगका कारण ५८ वर्षको उमेरमा वि.सं.२०६३ जेठ २ गते आफ्नै निवास भ.न.पा. ६ यज्ञपुरीमा निधन भयो ।

अधिकारीले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई गदर गर्दै विभिन्न संस्थाहरूले सम्मान गरेका छन् । उनी चि.सा.प.द्वारा स्थापित **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** ( कपिल अज्ञातसँग संयुक्त रूपमा ) तथा चि.सा.प. प्रतिभा सम्मान तथा नारायणी वाङ्मय प्रतिष्ठानबाट सम्मानित भएका छन । अधिकारीको योगदानलाई चिरस्थायी बनाउन उहाँका परिवार तथा शुभ चिन्तकहरूले प्रा.डा.सूर्यमणि फाउण्डेसन स्थापना गरेका छन् । यस फाउण्डेसनले वीरेन्द्र बुहुमुखी क्याम्पसका सवै तहका इतिहास विषयका उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने गरेको छ ।[३३६]

नेपाली साहित्यमा विशेषगरी अनुसन्धनात्मक कृति प्रकाशन, प्रशासनिक, शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका अधिकारीलाई चि.सा.प.ले आफूले स्थापना गरेको कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.२.१.२ अपिल अज्ञात

कपिल अज्ञातको बारेमा यसै शोधको परिच्छेद पाँचको चि.सा.प.प्रतिभा पुरस्कारकारबाट सम्मानित प्रतिभाहरूको परिचय (५.२.१.१३) मा प्रकाश पारिएको छ ।

### ५.२.२.२ मोहन दुलाल

नेपाली साहित्यमा शरद बनेपा, किरण, बहादुर, लालकिरण, शरद श्रेष्ठ, प्रतिमा श्रेष्ठ आदि नामबाट परिचित व्यक्तित्वको नाम हो मोहन दुलाल । दुलालको जन्म वि.सं.२००६ साल जेठ १६ गते आमा स्व. खिलकुमारी दुवाल र बुवा स्व. गणेशबहादुर दुवालको कोखबाट हालको बनेपा नगरपालिका -७, भोलाखाटोल काभ्रेमा भएको हो । पत्नी भारती श्रेष्ठ, छोरीहरू सिर्जना, संरचना (सोनी) र छोरा सचेत दुवालसँग बसोवास गदै आएका दुलालले राजनीतिशास्त्र र शिक्षाशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गरेका छन् ।

---

[३३५] सिताराम कोइराला, पूर्ववत् पृ. ४१ ।

[३३६] मिति २०६६।३।२८ गते अधिकारीका भतिज महेन्द्र प्रसाद अधिकारीले शोधार्थीलाई दिएको जानकारी अनुसार ।

साहित्यकार दाजु कृष्णप्रसाद दुवाललाई भेट्न घरमा साहित्यकारहरू आइरहने र साहित्यिक पत्र-पत्रिका नियमितजसो घरमा आइरहने वातावरण तथा घरायसी वातावरण पाएर साहित्य-लेखनको प्रेरणा प्राप्त गरेका दुलालले वि.सं.२०२० सालतिर 'मेरो सपना' शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्ययात्रामा लागेका हुन् । नेपालको चौधै अञ्चल, भारत, चीन, उत्तर कोरिया आदिका भ्रमण गरेका दुलाल कविता, समालोचना, निबन्ध, साहित्यिक पत्रकारिता विधामा विशेष रूची राख्छन् । उनका डेढ दर्जन कृतिहरू प्रकाशन भएको छ । उनका नेपालभाषा कवितासङ्ग्रहहरू **चुलिजाःगु स्वां** (२०२१), **जः.जीवन, जीवन.जः** (२०५९), कवितासङ्ग्रहहरू **सचेतका धुनहरू** (२०४७), **मानवीय संवेदनाहरू** (२०५५), **भारतीका उत्सर्गहरू** (२०६२), **क्रान्त कविताका अक्षरहरू** (२०६२), कृति आलोचना र परिचयसङ्ग्रह **आलोचना र परिचय** (२०४४), चित्रसहितको मुक्तकसङ्ग्रहहरू **सिर्जनाका फूलहरू** (२०४६), **संभावनाका मनहरू** (२०५९), **संरचनाका मूलहरू** (२०५२), लेखसङ्ग्रहहरू **गर्भका रहस्यहरू** (२०४८), **क्रमशः सन्दर्भहरू** (२०५२),**साहित्यिक चिन्तनहरू** लेखसङ्ग्रह (२०५२), जीवनीसङ्ग्रह **केदारनाथ प्रधान** (२०५१), **प्रतिबिम्बित बिम्बहरू** (२०५६), अन्तर्वार्तासङ्ग्रह **वैचारिक अनुभूतिहरू** (२०६४), नियात्रासङ्ग्रह **चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण** (२०६५) र सम्पादकीयसङ्ग्रह **जनमत के भन्छ ?** (२०६६) प्रकाशित भएका छन् ।

उनले दुई दर्जन भन्दा बढी पत्र पत्रिका, स्मारिका आदिको सम्पादन गरेका छन् । **बिगुल, सः, उत्साह भन्ज्याङ्ग भुजङ्ग, विद्यालय सहायक स्मारिका, अठोट, सँगम, मत/अभिमत, मनोभावना/लेखिकाहरू, जनमत (पाक्षिक), जनमत मासिक, युद्ध १ र २, बाल साहित्य, बनेपाको ऐतिहासिक रूपरेखा , कमला : सम्झना, कन्या, पनौतीको ब्रह्मायणी जात्रा , कवि व्यथित स्मृति ग्रन्थ ,आजाद स्मारिका, केदारनाथ प्रधानः व्यक्तित्व र कृतित्व,,बहुआयामिक व्यक्तित्व कृष्णराम श्रेष्ठ, जनमत : कविता (खण्ड-१ र २), जनमत कविता खण्ड १ र २ कुलमानसिंह भण्डारी स्मृति ग्रन्थ, झी नेवाः दँपौ,** (नेपाल सम्वत ११२८) आदि रहेका छन् ।

वि.सं.२०२२ देखि २०४९ सम्म शिक्षण सेवामा संलग्न रहेका दुलाल २०२७ देखि निरन्तर रूपमा पत्रकारिता, साहित्यिक तथा सामाजिक सेवामा लागेका छन् । उनी केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति, प्रतिभा सम्मान प्रबन्ध गुठी, हृदयचन्द्र स्मृति प्रतिष्ठान, सुनकोसी साहित्य प्रतिष्ठान, युद्धप्रसाद मिश्र प्रतिष्ठान, व्यथित-सिन्धु प्रतिभा कोष नेपाल, बालसाहित्य समाज, साहित्य सदन नेपाल, जीवन स्मृति प्रतिष्ठान, दायित्व वाङ्मय प्रतिष्ठान काभ्रे, सुस्त मनस्थिति कल्याण संस्था काभ्रे, गोकुल साहित्य पुरस्कार, गण्डकी पुरस्कार पोखरा, रामभक्त कोख श्रेष्ठ स्मृति सिरपा प्रबन्ध समिति, रसुवा साहित्यिक तथा सांस्कृतिक समाज रसुवा, बनेपा लाइब्रेरी, रत्न श्रेष्ठ पुरस्कार गुठी बागलुङ आदि सङ्घ सस्थाहरूमा आबद्ध रहेका छन् । यसैगरी दुलाल **जनमत** साहित्यिक मासिक, केदारनाथ प्रधान स्मृति तथा प्रकाशन समिति, चीन अध्ययन केन्द्र, काभ्रे बहुमुखी क्याम्पस, बाबा-ओमवीरसिंह प्रतिष्ठान, नेपाल साहित्यिक पत्रकार संघ, रोशी वाङ्मय प्रतिष्ठान , सयपत्री प्रतिष्ठान, नाला साहित्यिक मञ्च, काभ्रे साहित्यिक समाजलगायत अन्य सङ्घ संस्थाहरूसित पनि संलग्न रहेका छन् ।

दुलाले नेपाली साहित्य तथा समाजलाई पुऱ्याएको योगदनालाई कदर गर्दै उनलाई विभिन्न साहित्यिक प्रतिष्ठान तथा सामाजिक सङ्घ संस्थाहरूले पुरस्कृत, सम्मान तथा अभिन्नदन गरेका छन् । उनी दानमाया प्रतिभा पुरस्कार, प्रेस काउन्सिल पुरस्कार, जिल्ला विकास समिति काभ्रेको साहित्यिक उत्कृष्ट पुरस्कार, साहित्य सन्ध्या पुरस्कार, **मानवीय संवेदनाहरू** कवितासङ्ग्रहका लागि वि.सं.२०५६ मा **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार,** व्यथित

काव्य पुरस्कार , प्रतिभा सम्मान प्रबन्ध गुठी बनेपा गौरव सम्मान, विसाप साहित्यिक पत्रकारिता पुरस्कार, वीरगञ्ज, सुश्री लक्ष्मी कार्की स्मृति नेपाली साहित्यिक पत्रकारिता पुरस्कार २ पटक, बाबा ओमवीरसिंह बस्न्यात गुठी पुरस्कार, नेपाल प्रेस काउन्सिलद्वारा उत्कृष्ट साहित्यिक पत्रकारिता पुरस्कार आदिबाट पुरस्कृत तथा सम्मानित भएका छन् ।

यसैगरी उनी स्रष्टा सम्मान समिति काभ्रे, ने.रा.शि.सं. काभ्रे, टोखा साहित्य समाज, टोखा, काठमाडौं, राजदास बादे प्रतिष्ठान बनेपा, काभ्रे बहुमुखी क्याम्पस बनेपा, सरस्वती सङ्गीत पाठशाला बनेपा, जुनकीरी साहित्य समूह, कुमारी प्रकाशन काठमाडौं, रोशी वाङ्मय प्रतिष्ठान, काठमाडौं हाइस्कुल, बागमती मा.वि. बनेपा, सिन्धु साहित्य अभिलेखालय/सिन्धु-यात्रा मासिक, चौतारा, अविरल साहित्य समाज मेलम्चीबाट लोकतान्त्रिक स्रष्टा सम्मान, सयपत्री राष्ट्रिय सम्मान, एकीकृत विकास केन्द्रबाट एकीकृत पौरख सम्मान, सामाजिक जागरण मञ्च धुलिखेलबाट स्रष्टा सम्मान, मौलिक साहित्यिक समाज, धुलिखेलबाट स्रष्टा सम्मान, **मध्यमार्ग** साप्ताहिकबाट मध्यमार्ग साधना सम्मान, बनेपा कला परिषद् स्रष्टा सम्मान, रोटरी क्लब अफ धुलिखेलबाट सम्मान, मातृभूमि साहित्य समाज हेटौडा आदिबाट सम्मानित तथा अभिनन्दित भएका छन् ।

उनका बारेमा त्रि.वि.बाट शोध अनुसन्धन्धान भई तिनलाई पुस्ताकार रूपमा प्रकाशित पनि भएका छन् । यसक्रममा गोपी श्रेष्ठले **निबन्धकार मोहन दुवाल र उनको निबन्धकारिता** (२०५९), शेषराज शिवाकोटीले अभिनन्दन ग्रन्थ **सिर्जना र साधनाका दोभान : मोहन दुवाल** (२०५९), **पूर्वीय दर्पण** दैनिकले दुलालको जन्मदिन पारेर **सिर्जना र साधनाका दोभान : मोहन दुवाल** विशेषाङ्क प्रकाशन गरेका छन् । त्यस्तै सानु श्रेष्ठले **निबन्धकार मोहन दुवालका निबन्धमा युगबोधको अध्ययन**, सुभद्रा अधिकारीले **मोहन दुवालका मुक्तकहरूको अध्ययन** अप्रकाशित शोध पत्र तयार पारी त्रि.वि.मा बुझाएका छन् ।[३३७]

नेपाली साहित्यमा विशेषगरी साहित्यिक पत्रकारिताका माध्यमबाट सेवा पुऱ्याएका, दर्जनौं कृतिको लेखन तथा सम्पादन गर्दै शैक्षिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका दुवाललाई चि.सा.प.ले आफूले स्थापना गरेको **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.२.३ रमेश श्रेष्ठ

वि.सं. २०२४ साल पौष १७ गते कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं १ बगरमा माता चन्द्रकुमारी श्रेष्ठ र पिता गोपालध्वज श्रेष्ठको कोखबाट जन्मेका रमेशध्वज श्रेष्ठ नै नेपाली साहित्यमा चिनिएका रमेश श्रेष्ठ हुन् । श्रेष्ठ हाल पोखरामा पत्नी सृजना, छोरा आदिम र छोरी अक्षतासङ्गै बसोबास गदै साहित्यसेवामा तल्लीन छन् । वि.सं.२०३५/०३६ सालतिरबाट कविता लेखनबाट साहित्य यात्रामा निस्केका श्रेष्ठको औपचारिक अध्ययन स्नातक सम्म हो । हाल नेपाल प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा कार्यरत श्रेष्ठ आफ्नै नजरमा जीवनको जुलुसको एक थोपा भएको बताउँछन् । कविता अभिव्यक्तिकलाको सबैभन्दा मुख्य माध्यम हो । संसारमा सबै कुरा नअटाउन सक्छ तर कवितामा सबै कुरा अटाउन सक्ने क्षमता रहन्छ भन्ने धारणा राख्ने श्रेष्ठका गीतसङ्ग्रह **नपोतिएका रङ्गहरू** (२०५२) तथा कवितासङ्ग्रहहरू **चराहरूको पहाड** (२०५५), **आमा नदीहरू** (२०५७), **बुद्ध बिम्ब अक्षर**

---

[३३७] मोहन दुलालले शोधार्थीलाई मिति २०६६।७।२६ गते इमेल मार्फत उपलब्ध गराउनु भएको विवरण ।

**बिम्ब** ( २०५८ ), **घाँस उखेलिरहेकी केटी** (२०५२), **In the Name of Buddha** (२०५८), **अक्षरको खेत** (२०५६) र VCD कवितासङ्ग्रह **कविता र साँझ** प्रकाशित भएका छन् ।

पोखरेली युवा सांस्कृतिक परिवार, साराशं नेपाल, सृजनशील कलाकार समूह, नेपाल कलाकार समाज, पश्चिमाञ्चल साहित्य प्रतिष्ठान, भू.पू. खेलाडी मञ्च नेपाल, नेपाल प्रज्ञा प्रतिष्ठान जस्ता सङ्घ-संस्थामा रहेर साहित्यिक तथा सामाजिक सेवा पुऱ्याउँदै आएका श्रेष्ठ विभिन्न प्रतियोगितामा पुरस्कृत तथा सम्मानित भएका छन् । उनी राष्ट्रिय कविता महोत्सव २०५३, गद्धीआरोहण रजत महोत्सव ०५३, राष्ट्रिय कवि सम्मेलन २०५५, मा प्रथम तथा शताब्दी युवा सम्मान ०५६, TOYN award 2000, नेपाल जेसिजबाट स्वर्णपदक, नेत्रस्मृति पुरस्कार, **आमा नदीहरू** कवितासङ्ग्रहका लागि वि.सं.२०५७ मा कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार, द रेयुकाइ नेपाल स्वर्णपदक, राष्ट्रिय प्रतिभा पुरस्कार, युवा मोती पुरस्कार, पं.होमनाथ सुवेदी स्मृति पुरस्कार आदि पुरस्कारबाट सम्मानित भएका छन् । [३३८]

नेपाली साहित्यमा विशेषगरी कविता तथा चित्रकलाका माध्यमबाट सेवा पुऱ्याएका, प्रशासनिक तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका श्रेष्ठलाई चि.सा.प.ले आफूले स्थापना गरेको **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.२.४ शैलेन्दुप्रकाश नेपाल

शैलेन्द्रप्रकाश नेपालको जन्म पिता पूर्णप्रकाश नेपाल तथा माता चन्द्रकुमारी नेपालको कोखबाट वि.सं.२०१८ मङ्सिर २९ मा भोजपुरको कटुञ्जे गाउँमा भएको हो । पत्नी सविता नेपाल, छोरी सृजना र छोरा साहित्यप्रकाश नेपालसँग हाल काठमाण्डौमा वसोवास गर्दै आएका नेपालले जीवित नेपाली स्रष्टा एवम् राष्ट्रकवि माधव घिमिरे विषयमा पहिलो विद्यावारिधि उपाधि हासिल गरेका छन् । वि.सं.२०२९ सालमा कविता लेखेर साहित्ययात्रामा लम्केका नेपालको पहिलोचोटी वि.सं.२०३९ कार्तिकको **झङ्कारमा** 'निबन्धकार देवकोटा' शीर्षकको लेख प्रकाशित भएको थियो । वि.सं.२०३६को सडक कविता क्रान्तिमा सहभागी नेपाल हाल त्रि.वि.पद्मकन्या बहुमुखी क्याम्पसमा सहप्राध्यापक पदमा सेवारत छन् ।[३३९]

नेपालका प्रमुख सिर्जनात्मक विधाहरू कविताकाव्य, निबन्ध, नियात्रा, समालोचना र बालसाहित्य हुन् । उनका विभिन्न विधामा दर्जनौं पुस्तक प्रकाशित गरेका छन् । उनको सबैभन्दा पहिला पुस्ताकार कृतिको रूपमा वि.सं.२०३९ मा **प्रेमपूजा** गीतिकाव्य प्रकाशन भएको थियो । त्यसपछि **नमिता सुनीता** (२०४३), **कल्पना कुसुम** (२०४४) प्रकाशित भएका छन् । यसैगरी उनका खण्डकाव्यहरूमा **विन्देश्वरी** (२०४१), लामाकवितासङ्ग्रह **वेदना बोल्छ** ( २०४२), **दिग्बोध** (२०४३), **जानकी विरह** (२०५३) प्रकाशन गरेका छन् । नेपालका महाकाव्यहरूमा **जुनू** (२०४८), **अनामिका** (२०५६) र **डायना** (२०६१) रहेका छन् ।[३४०] नेपाली आख्यानमा पनि नेपालको राम्रो हात बसेको छ । उनका उपन्यासहरूमा **कामना** ( २०४१), **अपरिभाषित** (२०६१) प्रकाशित भएका छन् । यसैगरी उनको समालोचना सङ्ग्रहहरूमा **समालोचनासङ्ग्रहमा राममणि आ.दी. : व्यक्ति र कृति** (२०५०), **पारख प्रयत्न** (सहलेखन,

---

[३३८] मोमिला (सम्पा.) :**सगरमाथाको नृत्यमग्न आत्मा**, (काठमाण्डौ :नेपाली कला साहित्य कला डट कम प्रतिष्ठान,२०६५), पृ.५१९ ।

[३३९] मिति २०६६।८।१ गते नेपालले शोधार्थलाई इमेल मार्फत उपलब्ध गराउनु विवरण अनुसार ।

[३४०] शैलेन्द्रप्रकाश नेपाल , पूर्ववत् ।

२०५४), **राष्ट्रकवि माधव घिमिरे** (२०६१) रहेको छ । त्यस्तै उनका निबन्धसङ्ग्रहहरूमा **सरल नेपाली निबन्धमाला** (२०४९), **नयाँ नेपाली निबन्धमाला** (सहलेखन, २०५६) रहेका छन् । यसैगरी उनका बालसाहित्यमा लेखनमा पनि दह्रो उपस्थिति रहेको छ । उनका प्रकाशित बालसाहित्यहरूमा कवितासङ्ग्रहहरू **झुल्के घाम** (२०४९), **मकमक घुर्र** (२०६१) कथासङ्ग्रह **फूलको साथी** (२०६०) रहेका छन् ।

पत्रपत्रिकामा ३०० भन्दा बढी रचनाहरू प्रकाशित गराएका नेपालसँग विभिन्न विद्यालय तथा महाविद्यालयमा २७ वर्ष अध्यापन गरेको अनुभव छ । उनका विद्यालय तथा महाविद्यालय तहका पाठ्यपुस्तकहरू पनि प्रकाशित भएका छन् । उनका प्रकाशित पाठ्यपुस्तकहरूमा **प्रयोगमूलक नेपाली व्याकरण र रचना** (माध्यमिक, सहलेखन, २०६४), **प्रयोगमूलक नेपाली व्याकरण र रचना** (निम्नमाध्यमिक, सहलेखन २०६४), **प्रयोगमूलक अनिवार्य नेपाली** (उच्चमाध्यमिक, सहलेखन, २०६४), **प्रयोगमूलक अनिवार्य नेपाली** (प्रंमाणपत्र तह, सहलेखन २०६४), रचनात्मक नेपाली वाणी (कक्षा क-ग र १ - ५, सहलेखन २०६६), रचनात्मक नेपाली व्याकरण (कक्षा १ -५, सहलेखन २०६६) रहेका छन् । सिर्जनामा मात्र होइन नेपालको सम्पादन पक्ष पनि उत्तिकै सशक्त छ । उनले सम्पादन गरेका ग्रन्थहरूमा **नेपाली पद्य प्रवाह** (२०५४), **संवेदनाका स्वरहरू** (संयुक्त निबन्ध, २०५४), **वाङ्मय समालोचना** (२०५५), **इन्दिरा यात्रा** (जीवनी, २०५६), **सम्झनामा फाल्गुन** (कविता, २०६०) , **नेपालको एकीकरण र पृथ्वीनारायण शाह** (२०६३), **कृष्णकुमारी- मनोरथ नेपाल** स्मृतिग्रन्थ (२०६६) रहेका छन् । यसैगरी नेपालले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । उनले सम्पादन गरेका पत्रपत्रिकाहरूमा **हिमाली सौगात** (द्वैमासिक), **अनामिका** (मासिक), **शिक्षासौरभ** (त्रैमासिक), **ज्ञानसिन्धु** (वार्षिक), **अर्चना** (वार्षिक), **नेपाली वाङ्मय** (वार्षिक), **अभिचाहना** (वार्षिक), **देवकोटा अध्ययन** (अर्धवार्षिक), **साहित्यसौगात** (त्रैमासिक), **बालसाहित्य** (वार्षिक) रहेका छन् ।

नेपाली वाङ्मय प्रतिष्ठानको संस्थापक अध्यक्ष रहेका नेपाल, सिजामित्र समूह अध्ययन तथा अनुसन्धान केन्द्र, कर्मशील नेपाल परिवारको नेतृत्व गर्दै गुणनिधि पन्त स्मृति प्रतिष्ठान, नेपाल वंशज परिषद्, महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र, नेपाल बालसाहित्य समाज जस्ता संस्थाहरूसित पनि नेपालको संलग्नता र क्रियाशीलता रहेको छ ।

नेपालले नेपाली साहित्य र समाजमा पुऱ्याएको योगदानस्वरूप विभिन्न सङ्घ संस्थाहरूले सम्मान तथा पुरस्कृत गरेका छन् । बेला मौकामा हुने कविता, निबन्ध प्रतियोगितामा पुरस्कृत नेपाल जिल्ला शिक्षा पुरस्कार काठमाडौं, राष्ट्रिय युवा महोत्सवमा ( संस्कृति मन्त्रालय), वि.सं.२०५८ मा **अमानिका** महाकाव्यको लागि चितवन साहित्य परिषद्द्वारा प्रदान गरिने **कृष्णाकुमारी गुरूङ स्मृति** पुरस्कार, गेरू-अम्बिका कोइराला स्मृति सम्मान, माउन्ट ग्लोरी विद्यालय, दीपज्योति सम्मान अभिनन्दन, सैनध्वज-नन्दकुमारी विद्वद्वृत्तिआदि पुरस्कारबाट सम्मानित भएका छन् ।[३४१]

उनी 'शास्त्रीय छन्द र लोकछन्दका कवि हुन् ।' उनको 'काव्य कविताहरू आफ्नो देशको प्राकृतिक सौन्दर्य, ग्रामीण परिवेशको निश्छलता र आफ्नै धरती आफ्नै नदी खोला,

[३४१] शैलेन्द्रप्रकाश नेपाल , पूर्ववत् ।

हिमशृङ्गहरूको चित्रण र राष्ट्रनिर्माणका सन्देशले परिपाक्य छन् । महाकाव्यलेखनमा पनि उनको कलम अविश्रान्त चलेको छ ।'[३४२]

नेपाली साहित्यमा विशेषगरी कविता, आख्यान, बालसाहित्यका अनुसन्धनात्मक कृतिहरू प्रकाशन गरेका, प्रशासनिक तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नेपाललाई चि.सा.प.ले आफूले स्थापना गरेको **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

## ५.२.२.५ माधव वियोगी र गोविन्दराज विनोदी

यसअघि हरेक वर्ष प्रदान गर्दै आएको **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** चि.सा.प.ले दोस्रोपटक वि.सं.२०५९ र ०६० सालको एकैचोटी कविवर माधव घिमिरेको चितवनमा भएको रथयात्रा तथा अभिनन्दन समारोहमा माधव वियोगीको महाकाव्य **छन्दशिरोमणि** (२०६०) र गोविन्दराज विनोदीको **अविश्रान्त** (२०६०) कवितासङ्ग्रहका लागि सयुक्तरूपमा यो पुरस्कार समर्पण गऱ्यो ।

## ५.२.२.५.१ माधव वियोगी

कास्की जिल्लाको लेखनाथ नगरपालिका वडा नं १३ स्थित अर्घौं झाँझरमारे कालिकास्थानमा पिता अग्निधर घिमिरे र माता स्व.विष्णुमाया घिमिरेको कोखबाट ज्येष्ठ पुत्ररत्नका रूपमा वि.सं.२०१८ साल आषाढ १९ गते जन्मिएका माधवप्रसाद घिमिरे नै नेपाली छन्देली साहित्यमा परिचित माधव वियोगी हुन् । हाल पोखरामा बसी साहित्य सिर्जना तथा विभिन्न साहित्यिक क्रियाशीलतामा रमाउने वियोगी नेपालीमा स्नातकोत्तर गरेका छन् । 'अर्घौ आसपासका मनोरम प्राकृतिक छटाको अवलोकन, कमजोर घरायासी आर्थिक अवस्थाका कहालीलाग्दा कठिनाइको सामना र अध्ययन तथा साहितियिक सरसङ्गतको समष्टी'[३४३] नै आफ्नो लेखनीका कारण बताउने वियोगी २०३४ सालतिरबाट कविता लेखेर साहित्य यात्रामा लागेका हुन् । उनको पहिलो कविता 'लेखनाथमा श्रद्धाञ्जली' शीर्षकको कविता २०४१ मा छापिएको'[३४४] थियो । कवि शिरोमणि लेखनाथ पौड्याल, छन्द शिरोमणि, माधव घिमिरे, मुकुन्दशरण उपाध्यायको लेखनीलाई आदर्श ठान्ने वियोगीको कलम निबन्ध, कथा हुँदै गीत गजल, कविता, खण्डकाव्य, महाकाव्यसम्म चलेको पाइन्छ ।

उनका कवितासङ्ग्रहरूमा **भावनाको लडाइँ** (२०४५), **नूतन सङ्कल्प** (२०५३), सहेका छन् भने खण्डकाव्यहरूमा **प्रेम र बिधवा** (२०४५),**लाहुरे** (२०४८), **विष्णुमाया** (२०५८), **अलिमिया** (२०५८) रहेका छन् । यसै गरी महाकाव्यहरूमा **छन्द शिरोमणि** (२०६०), **धर्मराज** (२०६१), **जगदम्बा** (२०६२), **जुरेली** (२०६३), **पुष्पलता** (२०६४) रहेका छन् । यसैगरी वियोगीको गजलसङ्ग्रह **गुम्सिएका भावहरू** (२०५८), गीतसङ्ग्रह **फराकिलो आकाशमुनि** (२०५९), निबन्धसङ्ग्रह **अनुभूतिको उच्छलन** (२०५८), छन्दसूत्रसङ्ग्रह **छन्दकेशर** (...) र समालोचनासङ्ग्रह **नव पल्लव** (२०६४) प्रकाशित भएका छन् ।

---

[३४२] भाउपन्थी (सम्पा.), **कविकोष**, ( काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०६०) पृ.१९९ ।

[३४३] लक्ष्मण थापा र अन्य (सम्पा.), **सिउँडी** (वर्ष ६ अङ्क १३, कार्तिक, २०६५) पृ.१७-२६।

[३४४] **सिउँडी**, पूर्ववत् ।

वियोगी विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ-संस्थाका संस्थापक तथा सल्लाहकार रहेका छन् । उनी कवि शिरोमणि साहित्य परिषद्, लेखनाथ साहित्य समाज, छन्दवादी समाज नेपाल, सासंक सञ्जिवनी सङ्गम, माछापुच्छ्रे वाङ्मय प्रतिष्ठान, छन्द बचाउ अभियानको संस्थापक तथा सल्लाहकार हुन । यसैगरी वियोगी युवा साहित्य सदन, लेखनाथ साहित्य प्रष्तिठान, गुप्तेश्वर महादेव पुस्तकालय, अमरापुरी मिश्रित चारपाते क्लव, शिव मन्दिर तथा नवबुद्ध गुम्बा, बौद्धिक जागरण समाज, विद्याथी साहित्य प्रतिष्ठान, भीमकला परोपकार, जनप्रिय सम्मान साहित्य समाज, अलिमिया वाङ्मय प्रतिष्ठानलगायतका संस्थाहरूका विभिन्न जिम्मेवारी बहन गर्दै साहित्यिक-सामाजिक सेवामा लागेका छन् ।

छन्दबचाउँ अभियान, महाकाव्य लेखन अभियान, सजिलो वर्णमाला आदिका घोषणा पत्र तयार पारी सार्वजनिक गरेका वियोगी नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ ससंस्थाबाट पुरस्कृत तथा सम्मानित भएका छन् । उनी वि.सं.२०६० मा चितवन साहित्य परिषद्बाट स्थापित कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार (गोविन्दराज विनोदीसँग संयुक्त रूपमा), लेखनाथ पौडेल सम्मान, रत्नश्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कारलगायत दर्जनौ पुरस्कार र सम्मानबाट सम्मानित भएका छन् ।[३४५]

नेपाली साहित्यमा विशेषगरी छन्दबद्ध कवितालेखन, प्रशासनिक तथा धार्मिक, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका घिमिरेलाई चि.सा.प.ले आफूले स्थापना गरेको कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारबाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको  छ ।

## ५.२.२.५.२ गोविन्दराज विनोदी

गोविन्दराज विनोदीको बारेमा यसै शोधको परिच्छेद पाँचको चि.सा.प. प्रतिभा पुरस्कारकारबाट सम्मानित प्रतिभाहरूको परिचय (५.२.१.२) मा प्रकाश पारिएको छ ।

## ५.२.२.६  खगेन्द्रप्रसाद लुइटेल

बाल्यकालमा नानी  भनेर बोलाइएका र नेपाली साहित्यमा खलु, डा. खलु, डार्बिन नेपाली, विज्ञान शर्मा छट्टुपाध्याय आदि नामबाट चिनिएका खगेन्द्रप्रसाद लुइटेलको जन्म आमा योगमाया लुइटेल  र पिता इन्द्रप्रसाद लुइटेलको कोखबाट  वि.सं.२०१८ पौष २५  गते तेह्रथुम जिल्लाको सोल्मा-९, कालीमाटीमा  भएको हो । लुइटेल हाल पत्नी लीला लुइटेल, छोरा विभु लुइटेल र छोरी ऋभु लुइटेलसँग काठमाण्डौं कीर्तिपुर न.पा. वडा नं १ मा बसोवास गर्दै आएका छन् ।

नेपालीमा एम्.ए., नेपाली/भाषाविज्ञानमा विद्यावारिधि गरेका लुइटेल विभिन्न विद्यालयहरूमा अध्यापन गरी २०४७ देखि त्रिभुवन विश्वविद्यालयमा प्राध्यापनरत छन् । लुइटेलले पाठ्यक्रम विकास केन्द्र, माध्यमिक विद्यालय नेपाली विषय समिति तथा विभिन्न पत्रपत्रिकाको सम्पादन र सल्लाहकार एवम् विभिन्न सङ्घ संस्थाहरूको नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । उनले  राष्ट्रियस्तरका विभिन्न गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत गर्दै थुप्रै स्नातकोत्तर तथा विद्यावारिधि शोधार्थीहरूको शोधनिर्देशन समेत गरेका छन् ।

---

[३४५] सिउँडी, ऐजन ।

५-६ कक्षामा पढ्दादेखि नै साहित्यमा रूचि भएका लुइटेल वि.सं. २०२९ सालमा प्रकाशित **रत्नज्योति**मा 'विद्यार्थी' शीर्षकको कविता छपाएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । स्वदेशीमा देवकोटा, भैरव अर्याल आदि र विदेशी लेखकहरूमा सेक्सपियर, चेखब, सस्युर, याकोब्सन, बार्थ, क्लडलेभाइस्ट्राउस आदिको लेखनीबाट प्रभावित लुइटेल घरायसी परिस्थिति र परिवेशजन्य कारणले प्राप्त प्रेरणाबाट साहित्य लेखनमा लागेका हुन् । यथार्थाश्रित सौन्दर्यमूलक भाषिक रचना नै साहित्य हो भन्न रूचाउने लुइटेल जीवनप्रति सदैव सकारात्मक दृष्टि राख्दै साहित्यिक क्षेत्रमा लागेर सन्तोष लागेको बताउँछन् ।

लुइटेलका अङ्ग्रेजीबाट नेपालीमा अनुवाद, **गाइड** (२०४९), **शोधविधि** (२०५२), **ध्वनिविज्ञान र वर्णविज्ञान** (२०५३), **नेपाली प्रकृति प्रत्यय कोश** (२०५३), **नेपाली बृहत् शब्दकोश**,संशोधन-परिमार्जन (२०५३) प्रकाशन (२०५८), **नेपाली कविता** (२०५४), **नेपाली एकाङ्की** (२०५४),**नेपाली कवि र कविता** (२०५४), **नेपाली निबन्ध** (२०५४), **हाम्रो नेपाली किताब** कक्षा ८ संशोधन-परिमार्जन (२०५४), **नेपाली कविता र आख्यान** (२०५५), **नेपाली गद्य, भाषासाहित्य र इतिहास** (२०५५), **नेपाली गद्य र भाषासाहित्य** (२०५५), **नेपाली कविता, नाटक र इतिहास** (२०५६), **हाम्रो नेपाली किताब** कक्षा ९ संशोधन-परिमार्जन (२०५६), **हाम्रो नेपाली किताब** कक्षा १० संशोधन-परिमार्जन (२०५६), **आधुनिक नेपाली समालोचना**(२०५७), **भाषासाहित्य सिद्धान्त** (२०५७) प्रकाशित भएका छन् । यसैगरी **हाम्रो नेपाली किताब** कक्षा ६ संशोधन-परिमार्जन (२०५८), **कोशविज्ञान** (२०५८), **हाम्रो नेपाली किताब** कक्षा ७ संशोधन-परिमार्जन (२०५९),**प्रहरी भाषा संस्कृति** (२०५९), **नेपाली भाषाव्याकरण र नाटक** (२०६०), **नेपाली काव्य र साहित्य** (२०६०), **नेपाली गद्य** (२०६०), **आधुनिक भाषाविज्ञान** (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **सनत रेग्मीका प्रतिनिधि कथा** (सम्पा. २०६०), **डा. बल्लभमणि दाहालका भाषिक चिन्तन** (सम्पा.२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१),**प्रयोजनपरक विशेष नेपाली** (२०६२), **कविताको संरचनात्मक विश्लेषण** ( २०६२), **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३), **डा. बल्लभमणि दाहालका रचनाहरू** ( सम्पा.२०६३), नर्सरीदेखि कक्षा आठसम्मका **हाम्रो नेपाली** (२०६४) ११ वटा, कक्षा एकदेखि कक्षा दससम्म **नेपाली व्याकरण** (२०६६) प्रकाशन भएका छन् । यसका साथै लुइटेलका स्वदेशी तथा विदेशी विभिन्न पत्रपत्रिकाहरूमा भाषा, साहित्य र संस्कृतिसम्बन्धी अनुसन्धानात्मक लेखरचनाहरू तथा प्रशस्त हास्यव्यङ्ग्य, यात्रानिबन्ध, कथा र कविताहरू प्रकाशित भएका छन् ।

त्रिभुवन विश्वविद्यालय अनुसन्धान महाशाखा, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलगायत विभिन्न सङ्घ-संस्थाहरूबाट थुप्रै अनुसन्धान परियोजना सम्पन्न गरी त्रिभुवन विश्वविद्यालयको दीर्घावधिक विद्वत्वृत्तिमा विद्यावारिधि अनुसन्धानकार्य तथा व्यक्तिगत तथा संस्थागत रूपमा विविध प्रकारका अनुसन्धान कार्यमा संलग्न लुइटेलले खेलकुद, वादविवाद, वक्तृत्वकला आदिमा प्रथम भई पटकपटक पदक, पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका छन् । लुइटेल प्राथमिक तहदेखि उच्च तहसम्म सर्वप्रथम भई जेहेन्दार छात्रवृत्ति तथा विद्वत्वृत्ति प्राप्त २०२६ देखि ,त्रिभुवन विश्वविद्यालयबाट दीर्घावधिक विद्वत्वृत्ति, कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठानबाट कदरपत्र महेन्द्र विद्याभूषण क श्रेणी, विष्णुराम वाङ्मय विद्वत्वृत्ति, वि.सं. २०६२ मा समालोचनासङ्ग्रहलाई **कविताको संरचनात्मक विश्लेषण** चि.सा.प.द्वारा स्थापना गरिएको कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार, शिक्षा पुरस्कार, भगवती बुढाथोकी स्मृति पुरस्कार ,अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार, नेपाल प्रहरी सम्मान, दीपा-

जनमत सम्मान, सयपत्री राष्ट्रिय सम्मानलगायत विभिन्न सङ्घ संस्थाहरूबाट सम्मानित-अभिनन्दित भएका छन् ।[३४६]

नेपाली साहित्यमा विशेषगरी नेपाली व्याकरण तथा समीक्षालेखन, पाठ्यपुस्तक प्रकाशन, शैक्षिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका लुइटेललाई चि.सा.प.ले आफूले स्थापना गरेको **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

### ५.२.२.७. प्रेमविनोद नन्दन

अघिल्लोपटक दुई वर्षको अन्तरमा प्रदान गसरएको **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** वि.सं. २०६३ र ०६४ सालको एकैचोटी चि.सा.प.का पूर्व अध्यक्ष गीतकार प्रेमविनोद नन्दनको गीतिङ्ग्रह **ऐना भित्रको आकाश**का लागि यो पुरस्कार समर्पण गऱ्यो । नन्दनका बारेमा यसै शोधको परिच्छेद पाँचको चि.सा.प. प्रतिभा पुरस्कारकारबाट सम्मानित प्रतिभाहरूको परिचय (५.२.१.१.) मा प्रकाश पारिएको छ ।

### ५.२.२.८ लक्ष्मणप्रसाद गौतम र भूपिन व्याकुल

अघिल्ला दुईवर्षदेखि दुई वर्षको अन्तरमा प्रदान गरिदैं आएको **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** वि.सं.२०६५ र०६६ सालको लागि लक्ष्मणप्रसाद गौतम र भूपिन व्याकुललाई सयुक्तरूपमा यो पुरस्कार समर्पण गरियो । गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना** समालोचनासङ्ग्रह र व्याकुलको **हजार वर्षको निद्रा** कवितासङ्ग्रहका लागि यो पुरस्कार समर्पण गरिएको छ ।

### ५.२.२.८.१ लक्ष्मणप्रसाद गौतम

लक्ष्मणप्रसाद गौतमको बारेमा यसै शोधको परिच्छेद पाँचको चि.सा.प. प्रतिभा पुरस्कारकारबाट सम्मानित प्रतिभाहरूको परिचय (५.२.१.९) मा प्रकाश पारिएको छ ।

### ५.१०.२.८.२ भूपिन व्याकुल

बाग्लुङ जिल्लाको नारायणस्थान बलेवामा पिता सर्वजित खड्का र माता बसुन्धरा खड्काको कोखबाट वि.सं.२०३० साल चैत्र ३० गते जन्मिएका भूपेन्द्रबहादुर खड्का नै नेपाली साहित्यमा परिचित भूपिन व्याकुल हुन् । गाउँबाटै माध्यामिक शिक्षा हासिल गरेका व्याकुलले त्रि.वि.केन्द्रीय क्याम्पसबाट शारीरिक शिक्षामा स्नातकोत्तर गरेका छन् । व्याकुल सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर तथा एस.पी.एम. कलेज गैडाकोटमा प्राध्यापन गर्दै सिनर्जी एफ.एम.मा कार्यक्रम प्रस्तोताको रूपमा क्रियाशील रहेका छन् । आमा बसुन्धरा, घरमा रहँदै आएका मगरमामा र आफूले अध्ययन गरेका पुस्तकहरू तथा रेडियो नेपालका बालकार्यक्रम प्रस्तोता बासुदेव मुनाल, नुपुर भट्टाचार्यबाट लेखनीमा प्रेरणा पाएका व्याकुलको पहिलो प्रकाशित रचना भने वि.सं.२०४७ सालको **कामना** सिनेमासिकमा गजल छापिएको थियो । त्यसो त

---

[३४६] खगेन्द्रप्रसाद लुइटेलले शोधार्थीलाई मिति २०६६।७।१४ गते इमेल मार्फत पठाउनु भएको विवरण ।

व्याकुलको लेखनी गजलका अलावा गीत, मुक्तक, गद्यकविता, निबन्ध, यात्रासंस्मरण, कथा आदिमा समेत रहेको छ ।

उनको कवितासङ्ग्रहहरू **क्षतिग्रस्त पृथ्वी र मूल सडक** (२०५३), **शब्दहरूको नेपथ्य** सयुक्तकवितासङ्ग्रह (२०५६), **हजार वर्षको निद्रा** (२०६६) प्रकाशित भएकोछ भने **साङ्ग्रिलाको हृदय** नियात्रासङ्ग्रह प्रकाशोन्मुख रहेका छन् ।

व्याकुल विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ संस्थाहरूमा रही क्रियाशील रहेका छन् । उनी संरक्षण कविता आन्दोलन, अक्षर समूह चितवनका संस्थापक मध्येका एक हुन् भने साहित्य सङ्गम चितवन, नेपाल साहित्यिक पत्रकार सङ्घ चितवन, चितवन साहित्य परिषद्, गजल मञ्च चितवन, अभिव्यञ्जना साहित्य प्रतिष्ठान चितवन, नेपाल साहित्यिक पत्रकार सङ्घ आदि लगायतका संस्थाहरूका विभिन्न जिम्मेवारी बहन गर्दै साहित्यिक-सामाजिक सेवामा लागेका छन् ।

नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै विभिन्न सङ्घ संस्थाबाट व्याकुल पुरस्कृत तथा सम्मानित भएका छन् । उनी राष्ट्रिय साहित्य सम्मेलन दमौली तनहूँमा स्वर्ण पदक, बृहद् प्रतियोगितात्मक कवि सम्मेलन पोखरामा प्रथम, पोखरामै आयोजित मुक्तक प्रतियोगितामा प्रथम भएका व्याकुललाई गण्डकी वाङ्मय प्रतिष्ठान दमौलीले सम्मान गरेका छन् । भारतको दिल्लीमा आयोजित सार्कस्तरीय कवि सम्मेलन (२०६६) मा समेत सहभागी ब्याकुलको **हजार वर्षको निद्रा** कवितासङ्ग्रहका लागि चितवन साहित्य परिषद्बाट स्थापित **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** लक्ष्मणप्रसाद गौतमसँग सयुक्त रूपमा प्रदान गरिएको छ । व्याकुलको लेखनीलाई मूल्याङ्कन गर्दै चितवन साहित्य परिषद् चितवन, सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुर र द म्यूजिकल जर्नी काठमाण्डौ, मार्टिन चौतारीले एकल कविता वाचन तथा अन्तरक्रिया समेत गराएका छन् ।[३४७]

नेपाली साहित्यमा विशेषगरी कविता लेखन, शैक्षिक तथा सञ्चार, सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्याकुललाई चि.सा.प.ले आफूले स्थापना गरेको **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार**बाट सम्मानित गरेर यसको गरिमालाई उँचो बनाएको छ ।

---

[३४७] मिति २०६६ पौष १७ गते भूपिन व्याकुलले शोधार्थीलाई उपलब्ध गराउनु भएको जानकारी ।

**तालिका नं. ७**
**कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारबाट सम्मानित प्रतिभाहरूको विवरण**

| क्र.सं. | नाम थर | कृतिको नाम | वितरण गरिएको साल | कैफियत |
|---|---|---|---|---|
| १ | सूर्यमणि अधिकारी | जुम्ला राज्यको इतिहास | २०५५ | संयुक्त |
| | कपिल अज्ञात | साहित्य सिर्जना प्रक्रिया | | |
| २ | मोहन दुलाल | मानवीय संवेदनाहरू | २०५६ | |
| ३ | रमेश श्रेष्ठ | आमा नदहिरू | २०५७ | |
| ४ | शैलेन्द्रप्रकाश नेपाल | अमानिका | २०५८ | |
| ५ | माधव वियोगी | छन्द शिरोमणि | २०६० | संयुक्त |
| | गोविन्दराज विनोदी | अविश्रान्त | | |
| ६ | खगेन्द्र लुइटेल | कविताको संरचनात्मक विश्लेषण | २०६२ | |
| ७ | प्रेमविनोद नन्दन | ऐना भित्रको आकाश | २०६४ | |
| ८ | लक्ष्मणप्रसाद गौतम | नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना | २०६६ | संयुक्त |
| | भूपिन व्याकुल | हजार वर्षको निद्रा | | |

## ५.३ चि.सा.प.द्वारा प्रकाशित मुखपत्र वागीश्वरीको विवरणात्मक अध्ययन

साहित्यिक प्रतिभाहरूको उत्थान र हौसलाको निमित्त कविगोष्ठीमा सङ्कलित रचनाहरू छानविन गरी साहित्यिक कृतिहरूको सङ्कल र प्रकाशन गर्ने परिषद्को उद्देश्यअनुरूप मिति २०४६।८।१७ गते बसेको चि.सा.प.को  बैठकले नववर्ष २०४७ को अवसरमा मुखपत्र प्रकाशन गर्ने निर्णयानुसार भागवतशरण न्यौपाने, केदारनाथ खनाल, लक्ष्मीकान्त शर्मा, तिलकराज शर्मा र रेशम 'विरही' घिमिरे रहेको सम्पादकमण्डल गठन गऱ्यो ।[३४८] दियालोबङ्गलाको पश्चिमपट्टि सेन वंशकालीन ऐतिहासिक पुरातार्ि,वक मह,वको ठाउँ योगी नरहरिनाथले महेन्द्र संस्कृत विश्वविद्यालयको शिलान्यास गरेका, विश्व हिन्दू सम्मलेनको आयोजना भएको र शिक्षा मन्त्रालयले मेडिकल कलेजलाई जग्गा दिएर विवादस्पद बनिरहेको थियो । त्यहाँको भग्नावशेष पुरानो मन्दिरको ठाउँमा नयाँ मन्दिर बनाउन उत्खनन् गर्दा ढुङगामा कुँदिएका बाघको मूर्ति फेला परेको आधारमा बागेश्वरीदेवी भनिएपनि व्याकरणसम्मत नभएकाले परिषद्को उद्देश्यलाई लक्षित गरी सरस्वतीको प्रतीक **वागिश्वरी** राख्ने प्रस्ताव केदारनाथ खनालले राख्नु भएको[३४९] र उक्त प्रस्तावलाई परिषद्को मिति २०४६।११।२७ गते बसेको बैठकले अनुमोदन गदै[३५०] गर्दै हालसम्म सोही नामबाट १७ अङ्कसम्म  प्रकाशन भएको छ । यहाँ तिनको सङ्क्षिप्त विवरण प्रस्तुत गएिको छ ।

---

[३४८] केदारनाथ खनालले शोधार्थीलाई उपलब्ध गराउनुभएको  निर्णयपुस्तिका अनुसार ।

[३४९] सिताराम कोइराला (सम्पा.), **सम्वादमा स्रष्टाहरू**, पूर्ववत् , पृ.११३ ।

[३५०] केदारनाथ खनाल, पूर्ववत्  ।

### ५.३.१. पहिलो अङ्क

चितवन साहित्य परिषद्को मुखपत्र **वागीश्वरी**को पहिलो अङ्कको प्रकाशन १७७औँ भानुजयन्ती, २९ असार २०४७ मा कविता अङ्कको रूपमा  प्रकाशन भएको छ । यसका सम्पादकहरूमा रामबाबु घिमिरे, कोमलनाथ कोइराला, केदारनाथ खनाल, भागवतशरण न्यौपाने र लक्ष्मीकान्त शर्मा पौडेल रहेका छन् । ५०० प्रति छापिएको र १३६+१४ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको सहयोग मूल्य रू २५।- राखिएको छ । चौघेराभित्र सिरानमा पत्रिकाको नाम **वागीश्वरी** र त्यसको तल तीनओटा ठाडा धर्का तानी पुछारमा प्रकाशक चितवन साहित्य परिषद् उल्लेखगरी आवरण सजाइएको यस अङ्कको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यस अङ्कमा कवि माधवप्रसाद घिमिरेको पत्रिकाको स्थायि,वका निम्ति दिएको शुभ-कामना र नेपाली शिक्षा परिषद्का अध्यक्ष एवम् युगकवि सिद्धिचरण श्रेष्ठले आफू उपस्थित हुन नसकेको पत्र समावेश गरिएको छ ।  प्रकाशकीय लेखमा चि.सा.प. स्थापनाका प्रसङ्गहरू उल्लेख गर्दै स्थापनाकालदेखि गरिएका क्रियाकलाप आदि उल्लेख गरिएका छन् । यी लेखहरू बाहेक ३६ ओटा गद्यकविता, ५ ओटा झ्याउरे, १३ ओटा अनुष्टुप्, ९ ओटा  शार्दूलविक्रीडित, ६ ओटा मन्दाक्रान्ता र एक ओटा शिखरिणी, वसन्ततिलका, पञ्चचामर, वंशस्थछन्द गरी ६८ जना कविहरूका ७२ ओटा कविताहरू यस अङ्कमा समेटिएका छन् ।[३५१]

चितवनमा साहित्यिक संस्था स्थापना गरी संस्थागत रूपमा मुखपत्र प्रकाशन गर्नु आफैमा उपलब्धिमूलक कार्य हो । पहिलो अङ्कमै विविध स्वादका कविताहरू समावेश गरी कविता प्रतिको सम्मानलाई **वागीश्वरी**मा समेटी यहाँको कवितालाई उजागर गर्नु सह्रानीय पक्ष हो ।

### ५.३.२ दोस्रो अङ्क

**वागीश्वरी**को दोस्रो अङ्क पहिलो अङ्क प्रकाशन भएको ४ वर्षपछि  ८६औं देवकोटा जयन्ती २०५१ मा सामयिकसङ्कलनको रूपमा प्रकाशन भएको छ । यसको संरक्षकमा चि.सा.प. अध्यक्ष सूयमणि अधिकारी र सम्पादकहरूमा प्रेमविनोद नन्दन, केदारनाथ खनाल र लक्ष्मणप्रसाद गौतम रहेको छन् । ८९+१६ पृष्ठको आयतनमा फैलिएको यस अङ्को सहयोग मूल्य रू २५।- राखिएको छ । चितवनको नक्सा र त्यको सिरानमा सामयिक सङ्कलन लेखी ब्लकलेटरमा  पत्रिकाको नाम **वागीश्वरी** र त्यसको पुछारमा प्रकाशक चितवन साहित्य परिषद् उल्लेख गरी आवरण सजाइएको यस अङ्कको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

रवीन्द्रनाथ टैगोरको गीताञ्जली कविताबाट सुरूवात गरिएको यस अङ्कको सम्पादकीयमा परिषद्ले सञ्चालन गरेको हरेक महिनाको अन्तिम शुक्रवार सञ्चालन गरेको साहित्य सन्ध्याको उपज **वागीश्वरी**को यो अङ्क भएको भनी उल्लेख गरिएको छ ।

**वागीश्वरी**को यस अङ्कमा सुरेन्द्र अस्तफल, मणि काफ्ले, डी.डी. शर्मा, तीर्थराज कोइराला, कल्पना स्मृति, कपिल अज्ञात, गोविन्द तिवारी, बुद्धिनाथ अधिकारी, खुमनारायण

---

[३५१] हिरण्यगर्भः, *वागीश्वरी एक  समीक्षा* , **सम्प्रेषण** , ( वर्ष ३, अङ्क ३,२०५०), पृ.३६ ।

पौडेल, सानु रेग्मी, कमला श्रेष्ठ, गायत्री श्रेष्ठ, अनिल सिग्देल, कृष्णप्रसाद पोखेल, सूर्य जमरकट्टेल, प्रेमविनोद नन्दन, राजकृष्ण कँडेल, नरबहादुर पिपासा, देवदत्त अधिकारी, विश्वराज लम्साल र नारायणदत्त शास्त्रीका कविता  समावेश गरिएको छ ।

यसैगरी मणि काफ्ले, लीलामणि भट्टराई, रामबाबु घिमिरे, सिद्धार्थ, विजय भट्टराई, रघुवीर सहायका मुक्तकका साथै गोपी सापकोटा, शराह, गोपाल पौडेल, धर्म प्रधानका गजलहरू समावेश गरिएका छन् । त्यस्तै यसमा  हरिहर खनालको कथा र चेतनाथ अधिकारी, अर्जुन अस्तफल, सरस्वती रिजालको लघुकथा प्रकाशित भएका छन् । निबन्धकोरूपमा तिलकराज शर्माको हास्यव्यङ्ग्य निबन्ध प्रकाशित भएको **वागीश्वरी**को यस अङ्कमा भाषिक लेखकोरूपमा केदारनाथ खनाल र नारायण प्र.खनालका भाषिक लेख छापिएका छन् भने ऐतिहासिक तीर्थस्थल वागीश्वरीकोबारेमा डा.सूर्यमणि अधिकारीको लेख प्रकाशित भएको छ ।

पहिलो अङ्क प्रकाशन भएको चार वर्ष पछि भए पनि पत्रिकालाई निरन्तरता दिनु यसको सकारात्मक पक्ष हो । कविताका साथै अन्य विविध विधाका रचनाहरू समावेश गरिनु सह्रानीय पक्ष  हो ।

### ५.३.३ तेस्रो अङ्क

**वागीश्वरी**को तेस्रो अङ्कको प्रकाशन नव वर्ष २०५२ सालको अवसरमा सामयिक सङ्कलनका रूपमा प्रकाशन भएको छ । यसको संरक्षकमा चि.सा.प. अध्यक्ष सूयमणि अधिकारी र सम्पादन समूहमा प्रेमविनोद नन्दन, केदारनाथ खनाल, मणिराम शर्मा, होमनाथ सापकोटा ‘सिद्धाथ’ र लक्ष्मणप्रसाद गौतम रहेका छन्  । ५० जना स्रष्टाका रचना तथा परिषद्कै विविध समाचार गरी  १०८+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्को सहयोग मूल्य रू ५०।- राखिएको छ । कवि गोविन्दराज विनोदीको अमूर्त चित्र आवरणमा सजाइएको यस अङ्कको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो

‘कान्तिपुरीदेखि नारायणगढसम्म’ शीर्षकको बालकृष्ण पोखरेलको  कविताबाट सुरूवात गरिएको यस अङ्कको  सम्पादकीयमा परिषद्ले सञ्चालन गरेको ‘साहित्य सन्ध्यामा स्थापित मात्र प्रतिभाहरू मात्र नभई, नव प्रतिभाहरूको बाहुल्यता रहेको र यी दुवैको बीचमा पुलको काम गर्नेहरूको उपस्थिति रहनु पनि स्वभाविकै भएकाले नयाँ पुरान सबैलाई समेटी स्तरीयताका दृष्टिकोणले मात्र भन्दा समानताका आँखाले हेर्न उपयुक्त हुने कुरा उल्लेख गरिएको छ ।

यसमा नरबहादुर पिपासा, श्यामानन्द पौड्याल, कृष्ण कँडेल, गोपी सापकोटा , आरती पराजुली, कमला श्रेष्ठ, गायत्री श्रेष्ठ, शराह, गणेशप्रसाद शर्मा, डि.डि. शर्मा, रवीन्द्रराज लामिछाने, कल्पना स्मृति, इन्दिरा मिश्र, चन्द्रविलास अधिकारी, कमलकृष्ण ‘प्रकृति’, सूर्य जमरकट्टेल, गोविन्द बहादुर कुँवर, नारायणदत्त अधिकारी, सुरेन्द्र अस्तफल, गोविन्दराज विनोदी, तीर्थराज कोइराला, पुष्पराज कोइराला, मित्रबन्धु पौडेल, लकाश पौडेल, रविलाल जमरकट्टेल, हृषिकेश पौडेल, कपिल अज्ञात, राजकृष्ण कँडेल, चेतकान्त चापागाई, केदारनाथ खनाल, चेतनाथ अधिकारी, गोविन्द दाहाल, भरत रेग्मी र अर्जुन अस्तफलका कविता तथा मुक्तकहरू छापिएको छ । यसैगरी रेशमलाल श्रेष्ठ, गोपाल पौडेल,प्रेमविनोद नन्दन, युवराज अर्याल, धर्म प्रधानको गीत गजल प्रकाशित भएका छन् ।

लेख निबन्धका रूपमा लक्ष्मणप्रसाद गौतम, नारायणप्रसाद खनाल, मणिराज शर्मा, तीलकराज शर्मा, सिद्धार्थ, दीनबन्धु अर्याल, रामबावु घिमिरेका रचनाहरू छापिएका छन्भने

सरस्वती रिजाल र हरिहर पौडेलका कथा प्रकाशित भएका छन् । हिम लेकालीको साहित्यिक चिट्ठी समावेश **वागीश्वरी**को यस अङ्कमा चि.सा.प.ले सञ्चालन गरेको साहित्य सन्ध्या किन ? भन्ने वारेमा जानकारी दिइएको छ भने साहित्यिक समाचार पनि प्रकाशित गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै कविता, गीत गजल र अन्य समसामयिक रचनाहरू समावेश गरी प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचनाले यसको गरिमा बढाएको छ ।

### ५.३.४ चौथो अङ्क

**वागीश्वरी**को चौथो अङ्कको प्रकाशन नव वर्ष २०५३ सालको अवसरमा सामयिक सङ्कलनका रूपमा प्रकाशन भएको छ । यसको सम्पादक समूहमा मणिराम शर्मा, कपिल अज्ञात र केदारनाथ खनाल रहका छन् । ४२ जना स्रष्टाका रचना समावेश १३४+८ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको सहयोग मूल्य रू ५०।- राखिएको छ । यस अङ्कको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

चि.सा.प.को आफ्नो उद्देश्य तथा कार्यक्रमबारे सम्पादकीय लेखमा उल्लेख गर्दै **वागीश्वरीको** यस अङ्कमा कवि शिरोमणिको हस्तलिखित कविताको प्रतिलिपि समावेश गराई प्रकाशित गरिएको छ । यसमा डि.डि. शर्मा, खुमनारायण पौडेल, विष्णुहरि पौडेल, गोपी सापकोटा, पुष्पराज कोइराला, रामनाथ खनाल, राजकृष्ण कँडेल, शराह, कमल कँडेल प्रकृति, सङ्गीत आयाम, बाबुराम लामिछाने, सुरेन्द्र अस्तफल, अस्तफल अर्जुन, सिर्जन अविरल, होमनाथ सापकोटा, विश्वनाथ खनाल र श्यामानन्द पौड्यालका कविता समावेश गरिएको छन् । यसैगरी प्रेमविनोद नन्दन, तीर्थराज कोइरालाको गीत समावेश गरिएको छ भने गोविन्दराज विनोदी, जगन्नाथ पण्डित, गणेशप्रसाद, धर्म प्रधान अकिञ्चन, गौपाल पौडेलका गजल समावेश गरिएका छन् ।

समायिक अङ्कका रूपमा प्रकाशित यस अङ्कमा कपिल अज्ञात, लक्ष्मण प्रसाद गौतम, दामोदर रिजाल, भागवतशरण न्यौपाने, विष्णुप्रसाद सापकोटा, सिद्धार्थ, केदारनाथ खनाल, कुलप्रसाद ढुङ्गानाका समीक्षत्मक लेखहरू छापिएका छन् भने गङ्गाराम श्रेष्ठको आध्यात्मिक लेख प्रकाशित भएको छ । यसैगरी तिलकराज शर्माको व्यङ्ग्य निबन्ध एवम् रामबाबु घिमिरे, नारायणप्रसाद खनाल, भरत रेग्मी, रमेश गोर्खालीका निबन्ध प्रकाशित भएका छन् भने सूर्यमणि अधिकारीको कथा एवम् हरिहर पौडेल र एम.पी. मनोहरको लघुकथा छापिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै विविध स्वादका कविता, गीत गजल र समसामयिक रचनाहरू समेटी प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधिहरू समेत उल्लेख गराउँदै स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचना समावेश हुनुले यसको स्तरीयता बढाएको छ ।

### ५.३.५ पाचौं अङ्क

**वागीश्वरी**को पाचौं अङ्कको प्रकाशन नववर्ष २०५४ सालको अवसरमा सामयिक सङ्कलनको रूपमा भएको छ । यसको सम्पादन समूहमा केदारनाथ खनाल, कपिल अज्ञात र होमनाथ सिद्धार्थ रहेका छन् । ५५ जना स्रष्टाका रचना तथा प्रकाशकीय/सम्पादकीय, पदाधिकारी एवम् चि.सा.प. प्रतिभा पुरस्कार अक्षयकोष स्थापनार्थ सहयोग गर्ने व्यक्तिहरूको

विवरण समावेश गरी १०६+४ पृष्ठको आयातनमा फैलिएको यस अङ्को सहयोग मूल्य रू ५०।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

पत्रिका निकाल्नुका गर्भपीडा र चि.सा.प.का गतिविधि समेटी सम्पादकीय लेख समावेश गर्दै यस अङ्कमा प्रेमविनोद नन्दन, दैवज्ञराज न्यौपाने, दुर्गाप्रसाद पोखरेल, गोविन्दराज विनोदी, बाबुराम लामिछाने, प्रमोध प्रधान, बैरागी काँइला, हेमन्त श्रेष्ठ, धीरेन्द्र पेमर्षी, देवदत्त अधिकारी, गणेशप्रसाद शर्मा, होमनाथ सापकोटा, सुरेन्द्र अस्तफल, केशवराज आमोदी, कविता शेरचन, सि.के. शर्मा, रमेश प्रभात, चन्द्रप्रकाश विवेकी, रवीन्द्रराज लामिछाने, पुष्पराज कोइराला, पीडाभोगी, रविलाल जमरकट्टेल, हेमराज अर्याल, घनश्याम न्यौपानेका रचनाहरू प्रकाशित गरिएका छन् । यसैगरी सूर्य जमरकट्टेल, धर्म प्रधान 'अकिञ्चन', नारायणदत्त शास्त्री, राजेश गौतम, सूर्यपुस्कर कँडेल, प्रकाश प्राञ्जल, अर्जुन पौडेल, युसुफदिन पाल्पाली, सङ्गीत आयाम, भरत रेग्मी, दीनबन्धु अर्याल, राधा पौडेल, कृष्णप्रसाद, पोखरेल, मणि काफ्ले, चेतकान्त चापागाई, तीर्थराज कोइराला, सिद्धार्थ, सरस्वती रिजाल, शोभा राना, श्यामानन्द पौडेल, डी.डी. शर्माका कविता/गीत/गजल समावेश गरिएका छन् ।

यसैगरी रमेश गोर्खाली, राजकृष्ण कँडेल, केदारनाथ खनाल र नारायणप्रसाद खनाल, कपिल अज्ञात तथा पूर्णप्रसाद अधिकारीका लेख, निबन्ध तथा समीक्षाहरू समावेश गरिएको छन् । कथाकार रमेश विकलसङ्गको अन्तर्वार्ता एवम् डा.सूर्यमणि अधिकारी, एल बी.क्षेत्री र सिर्जन अविरलको कथा पनि यस अङ्कमा छापिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै विविध स्वादका कविता, गीत गजल र अन्य समसामयिक रचनाहरू समेटी प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि तथा प्रतिभा पुरस्कार स्थापनार्थ सहयोगीहरूका बारेमा उल्लेख गराउँदै स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचना समावेश हुनुले यसको स्तरीयता बढाएको छ ।

### ५.३.६ छैटौँ अङ्क

**वागीश्वरी**को छैटौँ अङ्कको प्रकाशन नव वर्ष २०५५को अवसरमा सामयिक सङ्कलनकोरूपमा भएको छ । यसको सम्पादन समूहमा केदारनाथ खनाल, मणिराम शर्मा काफ्ले, कपिल अज्ञात र सुरेन्द्र अस्तफल रहेका छन् । चि.सा.प.को विधान तथा कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार नियावली समेत समावेश गरिएको यस अङ्कमा पनि कथा, कविता, गीत गजल, लेख/समीक्षा/ निबन्ध, प्रतिभा परिचय, अन्तर्वार्ता, अक्षयकोष प्रदान पत्र आदि समावेश गरिएको छ । ४५ जना स्रष्टाका रचना तथा प्रकाशकीय/सम्पादकीय, चि.सा.प. पदाधिकारी आदि समावेश गरी १२०+४ पृष्ठको आयातनमा फैलिएको यस अङ्को सहयोग मूल्य रू ५०।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यसमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, बिजय वजिमय, मणि नेपाली, प्रभातकुमार जोशी, राधा पोडेल, प्रमिला देवकोटा, चन्द्रप्रकाश विवेकी, राजकृष्ण कँडेल, होमनाथ सापकोटा, नारायणदत्त शास्त्री, देवीदाश अधिकारी, दीपक पाठक, तीर्थराज कोइराला, दीक्षा सापकोटा, जीवनराज वाग्ले, माणिराम शर्मा काफ्ले, गायत्री श्रेष्ठ, रमेश प्रभात, बुद्धप्रसाद सिंह, सिर्जन अविरल, चेतकान्त चापागाई, पद्यमपाणि 'विरक्ति', श्यामानन्द पौडेल, शारदा पौडेल, भरत रेग्मी, रविलाल जमरकट्टेल, लक्ष्मी श्रेष्ठ, डि.डि. शर्मा, केशवराज भट्टराई, लोकेश अन्जान, नवराज ढुङ्गाना, निर्मोही व्यास, धर्म प्रधान 'अकिञ्चन' र घनश्याम न्यौपानेका कविता, गीत गजल रमावेश गरिएका छन् ।

यसैगरी नारायणप्रसाद खनाल, लक्ष्मण गौतम, कपिल अज्ञात, केदारनाथ खनाल, रामबाबु घिमिरेका समीक्षत्मक लेख तथा निबन्धहरू छापिएको छ । सोही अङ्कमा सूर्यमणि अधिकारी, गणेशप्रसाद शर्मा, एल.वी. क्षेत्री, सुरेन्द्र अस्तफलका कथा छापिएका छन् । बर्मेली साहित्यकार ठाकुरप्रसाद गुरागाईँसँग गरिएको अन्तर्वार्ता र तीर्थराज कोइरालाको प्रतिभा परिचय र कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार स्थापना गर्न अक्षयकोष स्थापना गर्नु हुने गञ्जसिंह गुरूङ र कृष्णाकुमारी गुरूङको परिचय पनि समावेश गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै विविध स्वादका कविता, गीत गजल र अन्य समसामयिक रचनाहरू, अन्तर्वार्ता, प्रतिभा परिचय समेत समेटी प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि  तथा चि.सा.प.को विधान तथा कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार नियावली आदि समावेश गराउँदै स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचना समावेश हुनुले यसको स्तरीयता बढाएको छ ।

### ५.२.७ सातौं अङ्क

**वागीश्वरी**को सातौँ अङ्कको प्रकाशन नववर्ष २०५६ को अवसरमा सामयिक सङ्कलनको रूपमा भएको छ । यसको सम्पादन समूहमा  केदारनाथ खनाल, प्रेमविनोद नन्दन, कपिल अज्ञात र सुरेन्द्र अस्तफल  रहेका छन् । यस अङ्कमा पनि कथा, कविता, गीत गजल, लेख/समीक्षा/ निबन्ध, अन्तर्वार्ता, विविध विषय समावेश गरिएको छ । ५० जना स्रष्टाका रचना तथा चि.सा.प.का आफ्नै कुरा तथा प्रतिभा पुरस्कार एवम कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारको अनुरोध  आदि समावेश  गरी १२४+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्को सहयोग मूल्य रू ५०।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यसमा प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, गायत्री श्रेष्ट, चेतकान्त चापागाई, श्यामानन्द पौडेल, सिर्जन अविरल, जीवनराज वाग्ले, राजकृष्ण कँडेल, धनराज गिरी, रवीन्द्रराज लामिछाने, गणेश शर्मा, पद्यपाणि 'विरक्ति', दीपकप्रसाद गौतम, चन्द्रप्रकाश विवेकी, केशवराज भट्टराई, लक्ष्मी श्रेष्ठ, सूर्य पुस्कर, होमनाथ सापकोटा, अर्जुन अस्तफल, वी.पी.तिवारी, शरद परासर, दीक्षा सापकोटा, नवराज ढुङ्गाना, अर्जुनकुमार श्रेष्ठ, राधा पौडेल, मणि काफ्ले, प्रभातकुमार जोशी, डी.डी. शर्मा, दशरथ तिवारी, नारायणदत्त शास्त्रीका कविता, गीत/गजल समावेश गरिएको छन् ।

यसैगरी दीनबन्धु अर्याल, कपिल अज्ञात, देवीप्रसाद कँडेल, नारायणप्रसाद खनाल, अच्युत खनाल, नारायणप्रसाद तिम्सिना, लक्ष्मण गौतम, हरिहर पौडेल, ईश्वरीप्रसाद शर्मा, केदारनाथ खनाल,  सुरेन्द्र अस्तफल, कुलप्रसाद ढुङ्गाना, र चन्द्रविलास अधिकारीका समीक्षात्मक लेख तथा निबन्धहरू छापिएको छन् ।

सोही अङ्कमा सूर्यमणि अधिकारी, एल.वी. क्षेत्री, रमेश प्रभात, सरस्वती रिजालका कथा छापिएका छन् । बर्मेली साहित्यकार ठाकुरप्रसाद गुरागाईँसँग गरिएको अन्तर्वार्ता तथा  मनोज कुमार चौधरीको  'सम नर्मल भ्यालुज' र विजय भाइको 'इम्पोटेन्स अफ राजयोगा इन द मोडेन एज' शीर्षकका अङ्ग्रेजी लेख  समावेश गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै समसामयिक रचनाहरू, अङ्ग्रेजी लेख समेत समेटी प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि तथा स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचना समावेश हुनुले यसको स्तरीयता बढाएको छ ।

### ५.३.८ आठौँ अङ्क

**वागीश्वरी**को आठौँ अङ्कको प्रकाशन नववर्ष २०५७ को अवसरमा सामयिक सङ्कलनका रूपमा भएको छ । यसको सम्पादन समूहमा  केदारनाथ खनाल, प्रेमविनोद नन्दन, कपिल अज्ञात र सुरेन्द्र अस्तफल  रहेका छन्  । यस अङ्कमा पनि कथा, कविता, गीत गजल, लेख/समीक्षा/ निबन्ध, अन्तर्वार्ता, विविध विषय समावेश गरिएका छन् । ३७ जना स्रष्टाका रचना तथा चि.सा.प.का आफ्नै कुरा तथा प्रतिभा पुरस्कार एवम कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारको अनुरोध तथा  पुरस्कृत प्रतिभाहरूको नामावली आदि समावेश  गरी ११२+४ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको सहयोग मूल्य रू ५०।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

सुरूवातको पृष्ठमै धरणीधर शर्माको कविताशं समावेश गरी स्रष्टाहरू गोविन्दराज विनोदी, प्रेमविनोद नन्दन, गायत्री श्रेष्ठ, सरस्वती रिजाल, श्रीभक्तअच्युत वाग्ले, चन्द्रप्रकाश विवेकी, गणेशप्रसाद शर्मा, अनिल सिग्देल, केशवराज भट्टराई, टीकाराम अर्याल, दुर्गाप्रसाद पोखेल, मणि काफ्ले, प्रभातकुमार जोशी, श्री पशुपतिनाथ शर्मा आचार्य, नारायणदत्त शास्त्री, राजकृष्ण कँडेल, दीनबन्धु अर्याल, सिर्जन अविरल, डी.डी. शर्मा, चेतकान्त चापागाई, श्यामानन्द पौडेल, जीवनराज वाग्ले, राजकृष्ण कँडेल, धनराज गिरी, रविलाल जमरकट्टेल, आचार्य नारायणप्रसाद शर्मा, गोपी सापकोटा र भरत रेग्मीका कविता, गीत/गजल समावेश गरिएको छ ।

यसैगरी नारायणप्रसाद खनाल, लक्ष्मणप्रसाद गौतम,  कपिल अज्ञात, तीर्थराज कोइराला, पूर्णप्रसाद अधिकारी, बुद्धिनाथ अधिकारी, रमेश प्रभात, राम पराजुली, लक्ष्मी ढकाल, दीपकप्रसाद गौतम, सुरेन्द्र अस्तफल र केदारनाथ खनालका समीक्षा, लेख तथा निबन्धहरू छापिएको छ । त्यस्तै प्रा.डा.चूडामणि बन्धुसँग चि.सा.प. अध्यक्ष केदारनाथ खनालले गर्नुभएको अन्तर्वार्ता पनि समावेश गरिएको छ भने जीवनराज वाग्लेको एउटा कथा पनि छापिएको छ । 'हामो कुरा' भित्र परिषद्ले वार्षिक रूपमा सम्पादन गरेका क्रियाकलापका बारेमा उल्लेख गर्दै पत्रिका प्रकाशनका विविध प्रसङ्गहरू उल्लेख गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै समसामयिक रचनाहरू, प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि तथा चि.सा.प.बाट पुरस्कृत प्रतिभाहरूको नामावली समेटी स्थानीय तथा राष्ट्रियस्तरका लेखकहरूको रचना समावेश हुनुले यसको स्तरीयता बढाएको छ ।

### ५.२.९ नवौं अङ्क

**वागीश्वरी**को नवौँ अङ्कको प्रकाशन १३६औँ मोतीजयन्ती २०५८को अवसरमा संस्मरण विशेषाङ्कोरूपमा भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल र सम्पादक मण्डलमा कपिल अज्ञात, प्रेमविनोद नन्दन, मणिराम शर्मा काफ्ले, सुरेन्द्र अस्तफल र गणेशप्रसाद शर्मा  रहेका छन् । यस अङ्कलाई मिति२०५८।१।१४र१५ मा चितवनको सौराहामा आयोजित बृहत् नेपाली संस्मरण गोष्ठी विशेष बनाइएको छ । पृष्ठभूमिमा हिमाली शृङ्खला, पहाड अनि चितवनको घनाजंगलमा हात्ती सवार तथा इन्सेटमा संस्मरण गोष्ठी सम्पन्न होटेलको आवरण र पछाडिगातामा गोष्ठीमा सहभागी स्रष्टाहरूको सामुहिक तस्विरबाट सजाइएको छ । २१०+१२ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १२५।- राखिएको र मुद्रण  चितवन छापाखाना भरतपुरमा भएको हो ।

यस अङ्कमा सम्पादकीय, 'कार्यपत्र खण्ड', 'संस्मरण खण्ड', 'बटुलबाटुल खण्ड' र 'प्रतिवेदन खण्ड' गरी चारओटा खण्ड र त्यससङ्ग सम्बन्धित तस्वीरहरू र चि.सा.प.को नियमित सूचनाहरू, प्रकाशित तथा पुरस्कृत कृतिहरूको नामावली, र चि.सा.प.को पातो तथा परिषद्आबद्ध सदस्यहरूको नामावली यस अङ्कका मुख्य आकर्षणहरू रहेका छन् ।

यसको पहिलो खण्डमा भिक्टर प्रधान, नारायणप्रसाद खनाल र गोविन्दराज विनोदी, कपिल अज्ञात, पूर्णप्रसाद अधिकारीले पेश गर्नुभएका कार्यपत्रहरू समावेश गरिएको छ । दोस्रो खण्डमा कमल दीक्षित, तुलसी भट्टराई, सनत रेग्मी, टीकाराम पन्थी, केशवप्रसाद उपाध्याय, सुधा त्रिपाठी, प्रेमविनोद नन्दन, गोविन्द गिरी 'प्रेरणा', खेमराज केशवशरण, सृजन लम्साल, केदारनाथ खनाल, गायत्री श्रेष्ठ, राजकृष्ण कँडेल, धनराज गिरी, हरिहर पौडेल, लक्ष्मणप्रसाद गौतम, विमलप्रकाश देवकोटा, हरिहर खनाल, दीनबन्धु अर्याल, नरेन्द्रराज पौडेल, अच्युत खनाल, राम पराजुली, चिरन्जीवी श्रेष्ठ, सुरेन्द्र अस्तफल, नारायणदत्त शास्त्री, सकला पण्डित, गणेशप्रसाद शर्माका संस्मरणात्मक लेखहरू समावेश गरिएका छन् । यसैगरी तेस्रो बटुलबाटुल खण्डमा ध्रुवचन्द्र गौतम, रामदयाल राकेश, मनोज दाहाल, भीम विराग, चितवन साप्ताहिक र नेपाल समाचारपत्रमा गोष्ठी सम्बन्धी प्रकाशित  समाचार समावेश गरिएको छ । र अन्तिम प्रतिवेदन खण्डमा संस्मरण गोष्ठीको प्रतिवेदन र परिषद्को पातोका मार्फत चि.सा.प.ले वार्षिकरूपमा सम्पादन गरेका क्रियाकलाप उल्लेख गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि तथा चि.सा.प.को संयोजनमा सौरहामा आयोजित बृहत् नेपाली संस्मरण गोष्ठीका प्रस्तुत कार्यपत्र, टीप्पणी, तथा रोचक संस्मरणहरू समावेश गरी प्रकाशित यो अङ्क उपलब्धिमूलक तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.१० दसौँ अङ्क

**वागीश्वरी**को दसौँ अङ्कको प्रकाशन नववर्ष २०५९ को अवसरमा कविता  विशेषाङ्कको रूपमा भएको छ । यसको प्रधानसम्पादकमा केदारनाथ खनाल र सम्पादक मण्डलमा प्रेमविनोद नन्दन, कपिल अज्ञात, मणिराम शर्मा काफ्ले, सुरेन्द्र अस्तफल र गणेशप्रसाद शर्मा  रहेका छन् । यस अङ्कलाई गत ११६औं लेखनाथ जयन्ती एवम् राष्ट्रिय एकता दिवस तथा १८१औं पृथ्वी जयन्तीको अवसरमा मिति २०५८।९।२८ गते चि.सा.प. र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आयोजना तथा नारायणी कला मन्दिरको सहभागितामा आयोजित बहुभाषिक कवि गोष्ठीमा वाचित अधिकाशं कविताहरू समावेश गरिएका छन् । चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली  यस अङ्कमा समावेश गरिएको छ । ९३+८ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १२५।- राखिएको र मुद्रण  चितवन छापाखाना भरतपुरमा भएको हो ।

माधव घिमिरेको हस्ताक्षरमा 'राम्रो' शीर्षकको कविताबाट सुरूवात गरिएको यस अङ्कमा गोविन्दराज विनोदी, विजयराज भट्टराई, जीवनराज वाग्ले, कपिल अज्ञात, केदारनाथ खनाल, श्रीभक्त अच्युत वाग्ले,  सुरेन्द्र अस्तफल, राजकृष्ण कँडेल, एल.बी.क्षेत्री, श्यामप्रसाद न्यौपाने, सरस्वती रिजाल, लक्ष्मण राजभण्डारी 'प्रतीक', पुष्पा पौडेल'बिन्दु', नरेन्द्रराज पौडेल, नवराज ढुङ्गना, नीरज पन्त, लक्ष्मण कँडेल, प्रतिभा आचार्य, केशवराज आमोदी, सिर्जन

अविरल, , अधिकारी अल्पविराम, शान्ति सुवेदी, प्रेमराज कोइराला, गणेशप्रसाद शर्मा, अच्युत खनाल, देशवन्धु अधिकारी, रावल कृष्ण , रमेश प्रभात, धर्मराज अर्याल, शरद परासर, सुमन सिलवाल, बुद्धिनाथ अधिकारी, विवेकी, मनोज गौतम, एकदेव रिमाल, आचार्य खेमराज केशवशरण, डी.डी. शर्मा, भीमराज सापकोटाका नेपाली भाषाका कविता समावेश गरिएको छ ।

यसैगरी नारायणप्रसाद खनाल, कृष्णप्रसाद वस्ती, लक्ष्मण भण्डारी गाउँले, नारायणदत्त शास्त्रीको संस्कृतमा प्रेमविनोद नन्दन र लक्ष्मीप्रसाद देव भण्डारीको नेवारी भाषामा लेखिएको कविता समावेश गरिएको छ । त्यस्तै धनराज गिरी, चन्द्रमणि महतो' अपिल चितौने'को थारू भाषमा, रमेशप्रसाद मिश्र, नन्दलाल मिश्रका भोजपुरी भाषामा लेखिएको कविता समावेश गरिएको छ । राजेन्द्र विमल, रमेश रंजन का मैथलीमा, मणि काफ्ले र चन्द्रमान तमु ( गुरूङ) को गुरूङ भाषामा लेखिएको कविता छापिएको छ । सोही अङ्कमा महेन्द्र थापा मगरको मगर भाषमा, लक्ष्मण लखौटियाको मारवाडी भाषामा, खेमराज परियारको दराई भाषामा युसुफदिन पाल्पालीको पहाडी मियाँ भाषामा र लक्ष्मी किकोनारा (लक्ष्मीप्रसाद राई)का किराती वान्तवा भाषामा लेखिएको कविताले एकै ठाउँमा विभिन्न स्वादका कविताको रस्वादन गर्न सकिन्छ ।

नेपाली भाषा तथा अन्य विभिन्न राष्ट भाषामा लेखिएको कविताका अलवा यस अङ्कमा धर्म प्रधान 'अकिञ्चन', युवराज अर्याल, विमलप्रकाश देवकोटा, केशवराज आमोदी र पुस्करका गजल तथा अर्जुन अस्तफल र गायत्री श्रेष्ठका गीत समावेश गरिएका छन् । यसैगरी रामकुमार एलनको दश हाइकु र हरिहर पौडेलका तीन मुक्तक पनि यसमा छापिएका छन् । **वागीश्वरी**को अघिल्ला अङ्कहरूमाजस्तै यसमा पनि  सम्पादकीय, चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली पनि समावेश गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि तथा प्रज्ञा प्रतिष्ठानको आयोजना तथा चि.सा.प.को संयोजन र  नारायणी कला मन्दिरको सहभागितामा आयोजित बहुभाषिक कवि गोष्ठीमा वाचित कविताहरू समावेश गरि प्रकाशित अङ्क उपलब्धिमूलक तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.११ एघारौँ अङ्क

**वागीश्वरी**को एघारौँ अङ्क नववर्ष २०६० को अवसरमा सामयिक सङ्कलनको  रूपमा प्रकाशित भएको छ ।  यसको प्रधानसम्पादकमा केदारनाथ खनाल र अतिथि सम्पादक मण्डलमा गोविन्दराज विनोदी तथा सम्पादक मण्डलमा प्रेमविनोद नन्दन, कपिल अज्ञात, मणिराम शर्मा काफ्ले, सुरेन्द्र अस्तफल र गणेशप्रसाद शर्मा  रहेका छन् । बसन्त पराजुलीको सौजन्यतामा ऐतिहासिक किल्ला उपरदाङ्गढीको तस्विरबाट आवरण सजाइएको यस अङ्कमा ७३ जना स्रष्टाहरूका रचनाहरू समावेश गरिएका छन् । १४०+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य ७५।- राखिएको छ भने र मुद्रण  चितवन छापाखाना भरतपुरमा भएको   हो ।

प्रेमविनोद नन्दनको गजल गुञ्जनबाटसुरूवात गरिएको यस समायिक सङ्कलनमा गोविन्दराज विनोदी, गायत्री श्रेष्ठ, ईश्वर बा खनाल, हरिहर खनाल, राजकृष्ण कँडेल, एल.बी.क्षेत्री, उमेशचन्द्र परदेशी, केदार खनाल, होमनाथ सापकोटा, मणि काफ्ले, नारायणदत्त शास्त्री, सुवर्ण कक्षपति, श्यामानन्द पौडेल, लक्ष्मण भण्डारी 'गाउँले', नमूना शर्मा, सरला घिमिरे, डी.डी. शर्मा, सी.बी. अधिकारी, एकदेव रिमाल, श्यामानन्द न्यौपाने, होमनाथ सिद्धार्थ, भीष्मराज पौडेल, देशभक्त पौडेल, विमलप्रकाश सापकोटा, गीता लामिछाने, अनिल सिग्देल,

विपिन्द्र कोइराला, सावित्री सापकोटा'सन्ध्या', कृष्ण 'सुदामा', चिरन्जीवी श्रेष्ठ, सामना पहाड, राजेन्द्र हमाल, राधा पौडेल, तेजराज सुवेदी, सूर्यप्रकाश जमरकट्टेल, फणीन्द्र शर्मा सापकोटा, हेमराज रिजाल 'दयालु', पद्मपाणि विरक्ति, देवीदाश अधिकारी, कृष्णप्रसाद पोखरेल, कमल भण्डारी र केशवराज सुवेदीका कविता प्रकाशन गरिएको छ।

यसैगरी कपिल अज्ञात, बूँद राना, श्रीभक्त अच्युत वाग्ले, विद्या भण्डारी 'चिराग', पीताम्वर चापागाई' पदमपानी', शीतल गुरूङ, रविन धरेल, सुशिल खनाल, विश्वनाथ खनाल, दुर्गा कँडेल, प्रकाश थापा, चूडा ढकाल, सनत अञ्जाम, बालकृष्ण थपलिया, अमर न्यौपाने, किसान प्रेमी र अर्जुन अस्तफलका गजल/गीत समावेश गरिएको छ ।

सरस्वती रिजाल, सिर्जन अविरल, गणेशप्रसाद, धनराज गिरी, सीताराम कोइरालाका कथा तथा नारायणप्रसाद खनाल, लक्ष्मणप्रसाद गौतम, केशवराज आमोदी, रमेश प्रभात, सुरेन्द्र अस्तफल, कुलप्रसाद ढुङ्गना र नवराज ढुङ्गानाका मीषत्मक लेख निबन्ध छापिएको छ । यसैगरी केदारनाथ खनालको संस्मरणात्मक लेख र २८१औ पृथ्वी जयन्तीको कार्यक्रम प्रगति पनि यसमा समेटिएका छन् । **वागीश्वरी**को अघिल्ला अङ्कहरूमा जस्तै यसमा पनि सम्पादकीय, चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, परिषद् आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली समावेश गरिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि समावेश गरी स्थानीय तथा राष्ट्रियस्तरका लेकहरूको रचनाहरू समावेश गरि प्रकाशित यो अङ्क उपलब्धिमूलक तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.१२. बाह्रौं अङ्क

**वागीश्वरी**को बाह्रौं अङ्क नववर्ष २०६१ को अवसरमा राष्ट्रकवि माधव घिमिरे विशेषाङ्कको रूपमा प्रकाशित भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल, संयोजकमा गोविन्दराज विनोदी तथा सल्लाहकारहरूमा प्रेमविनोद नन्दन र डा. नारायणप्रसाद खनाल तथा सम्पादन सहयोगीहरूमा भागवतशरण न्यौपाने, श्रभिक्त अच्युत वाग्ले र कपिल अज्ञात एवम् सम्पादक मण्डलमा मणिराम शर्मा, सुरेन्द्र अस्तफल, गणेशप्रसाद, बालकृष्ण थपलिया र रमेश प्रभात रहेका छन् । राष्ट्रकवि माधव घिमिरेको तस्विरबाट आवरण सजाइएको यस अङ्कमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको शुभ-कामना सहित ५३ जना स्रष्टाहरूका रचनाहरू र प्रतिवेदनका रूपमा ५ ओटा सामग्री तथा अभिनन्दन समारोहका तस्विरहरू समावेश गरिएको छ । २७०+१२ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १५०।- राखिएको छ भने र मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

चि.सा.प.को आयोजनामा मिति २०६०।९।१६ गते चितवनवासीको तर्फबाट गरिएको राष्ट्रकवि माधव घिमिरेको रथारोहण एवम् अभिन्नदन र त्यसमा समावेश कवि गोविन्दराज विनोदीका शब्दचित्रबाट सुरू भएको **वागीश्वरी**को यस अङ्कमा घिमिरेप्रति समर्पित कविता तथा उनका प्रकाशित कृतिहरू र घिमिरेसङ्गका संस्मरण आदिका समीक्षात्मक लेखहरू समावेश गरिएका छन् । यसमा तीर्थराज कोइराला, होमनाथ सापकोटा, जनकविकेशरी धर्मराज थापा, श्रीभक्त अच्युत वाग्ले, नारायणदत्त शास्त्री, देवीदाश अधिकारी, पद्मपाणि विरक्ति, खनाल रेवतीरमण, रह शर्मा, चूडामणि ओली, केशवराज सुवेदी, प्रेमराज कोइराला, कमलनाथ घिमिरे, हेमराज रिजाल 'दयालु', होमनाथ सापकोटा 'सिद्धार्थ', चन्द्रवदना घिमिरे, रावल कृष्ण र शराहका कविता प्रकाशन गरिएका छन् ।

समीक्षा तथा लेख खण्डतर्फ नारयणप्रसाद खनाल, माधव वियोगी, प्रेमविनोद नन्दन, केदारनाथ खनाल, भागवतशरण न्यौपाने, लक्ष्मणप्रसाद गौतम, गायत्री श्रेष्ठ, होमनाथ सापकोटा, मणि काफ्ले, कपिल अज्ञात, सरस्वती रिजाल, दीननाथ शर्मा पण्डित, पूर्णप्रसाद अधिकारी, धनेश्वर भट्टराई, केशवराज आमोदी, रघुनाथ घिमिरे, कमल भण्डारी, रमेश प्रभात, कुलप्रसाद ढुङ्गाना, सुरेन्द्र अस्तफल, विमलप्रकाश देवकोटा, एकराज शर्मा, नवराज ढुङ्गाना, जर्नादन शर्मा पौडेल, राजकृष्ण कँडेल, शोभा अधिकारी, गिरिधारी विशिष्ट, सिर्जन अविरल, धनराज गिरी, डा.किरण रेग्मी, तुलसीप्रसाद न्यौपाने, उमेशचन्द्रलाल कर्ण, देशभक्त पण्डित, गणेशप्रसाद र बालकृष्ण थपलियाका रचनाहरू समावेश गरिएको छन् ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमा जस्तै यसमा पनि प्रकाशकीय/सम्पादकीय, चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली तथा राष्ट्रकवि माधव घिमिरेको रथारोहण एवम् अभिन्नदन कार्यक्रमका कार्यपरिचालन समितिका सदस्यहरू, मूल समितिका समितिका सदस्यहरू, विभिन्न उपसमितिका सदस्यहरू, आर्थिक सहयोग गर्नेहरूको नामावली, प्रभातफेरीमा संलग्न विद्यालय तथा तुल ब्यानरद्वारा स्वागत गर्ने सङ्घ-संस्थाहरूको नामावली समावेश गरिएको छन् ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । आफ्ना वर्षभरिका गतिविधि समावेश गरी राष्ट्रकवि माधव घिमिरलाई चितवनमा गरिएको रथारोहण तथा अभिनन्दन एवम् घिमिरेका बारेमा लेखिएका समीक्षात्मक लेख रचनाहरू समावेश गरी प्रकाशित यो अङ्क आफैमा विशिष्ट तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.१३ तेह्रौं अङ्क

**वागीश्वरी**को तेह्रौं अङ्क नववर्ष २०६२ को अवसरमा गजल विशेषाङ्कको रूपमा प्रकाशित भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल र वरिष्ठ सल्लाहकारमा गोविन्दराज विनोदी तथा सल्लाहकारहरूमा प्रेमविनोद नन्दन र नारायणप्रसाद खनाल एवम् सम्पादक मण्डलमा सुरेन्द्र अस्तफल, गणेशप्रसाद र बालकृष्ण थपलिया रहेका छन् । नारायणी नदीको पुल सहित सूर्यास्तको दृष्यको तस्विरबाट आवरण सजाइएको यस अङ्कमा ७३ जना स्रष्टाहरूका रचनाहरू समावेश गरिएको छ । ८६+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १००।- राखिएको छ भने र मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यो अङ्कको मूख्य आर्कषण भनेको चितवनमा नै पहिलो पटक चि.सा.प.द्वारा १३८ औं मोती जयन्तीको अवसरमा वरिष्ठ गजलकार बूँद रानाको प्रमुख आतिथ्यमा आयोजित गजल कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र र त्यसमाथिको टिप्पणी तथा अग्रज-अनुजहरूको गजलहरू रहेका छन् । यसमा घनश्याम न्यौपाने 'परिश्रमी'को 'गजलको स्वरूप र वहरहरूको चिनारी तथा नेपाली गजलको एक सङ्क्षिप्त अभिरेखाङ्कन' र त्यस कार्यपत्रमाथि गोविन्दराज विनोदीको सुत्रात्मक आत्मदृष्टि रहेका छन् । यसैगरी कपिल अज्ञातको सो कार्यक्रमको समीक्षात्मक लेख र केशवराज आमोदीको 'मुफरद वहर अन्तर्गत मुसम्मन सालिमसङ्ग सम्बन्धित शेरहरका केही बान्की' शीर्षकको लेखहरू समोवेस गरिएका छन् । यस अङ्कमा चि.सा.प.ले गतवर्ष आयोजना गरेको 'आफ्नै घर जलाएर आगो ताप्न लाग्यो किन ?' शीर्षकमा आयोजित समस्यापुर्ति गजल प्रतियोगितामा समावेश गजललगायत ६८ जनाका गजलहरू समावेश गरिएका छन् ।

प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, केशवराज आमोदी, नारायणप्रसाद खनाल, केदारनाथ खनाल, शीतल कादम्बिनी, धनराज गिरी रमेश 'समर्थन', होमनाथ सापकोटा, हरिहर

पौडेल, शराह, श्रीभक्तअच्युत वाग्ले, गोपाल पौडेल, रमेश प्रभात, पुष्प अधिकारी 'अञ्जली', विमलप्रकाश देवकोटा, खनाल रेवतीरमण, नमूना शर्मा, सरिता तिवारी, लक्ष्मण भण्डारी 'गाउँले', किसान प्रेमी, सुरेन्द्र अस्तफल, सङ्गीत आयाम, ऋषिप्रसाद लामिछाने, बालकृष्ण थपलिया, तेजविलास अधिकारी, गणेशप्रसाद, प्रकाश पौडेल 'माइला', अमर न्यौपाने, सरला जोशी, भानुप्रकाश जोशी, चिराग, सनत अन्जाम, द्वारिका नेपाल, गोपी दवाडी, एच.के., सरिता गुरूङ, सूर्यप्रकाश कँडेल, नवराज ढुङ्गाना, ढाकाराम लामिछाने, रेशमलाल राजभण्डारी, मदन भट्टराई 'प्रभृति', आरजु गिरी, नकुल अर्याल, बाबुराम लम्साल, विनु सुवेदी, सन्ध्या विवश पथिक, सविना 'सम्झौता'खनाल, ठूले बैरागी, सुरेश रानाभाट, इन्द्रलाल श्रेष्ठ, लीला अनमोल, बुद्धिसागर दवाडी 'वेदाग', असोक थापा, गणेश शर्मा पौडेल, शिवप्रसाद सापकोटा, रामबाबु घिमिरे, नारायण 'प्रभु', लौडारी 'निस्कलङ्क', नरेन्द्रराज पौडेल, राजन विफल पौडेल, लेखराम सापकोटा, 'अदृष्य प्रतिबिम्ब' भानुभक्त सापकोटा, तिलकराज शर्मा, धीरग गिरी 'कल्पित', घनश्याम न्यौपाने 'परिश्रमी' र बूँद रानाका गजलहरू प्रकाशन गरिएका छन् ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमा जस्तै यसमा पनि  प्रकाशकीय/सम्पादकीय, चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली समावेश गरिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । गजल कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र र त्यसमाथिको टिप्पणी तथा अग्रज-अनुजहरूका गजलहरू समावेश गरी प्रकाशित यो अङ्क आफैमा विशिष्ट तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.१४ चौधौं अङ्क

चितवन साहित्य परिषद्को मुखपत्र **वागीश्वरी**को चौधौं अङ्क  १९३ औं भानुजयन्ती २०६३ को अवसरमा सामयिक सङ्कलनका रूपमा प्रकाशित भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल र वरिष्ठ सल्लाहकारमा गोविन्दराज विनोदी तथा सल्लाहकारहरूमा प्रेमविनोद नन्दन र नारायणप्रसाद खनाल एवम् सम्पादक मण्डलमा सुरेन्द्र अस्तफल , गणेशप्रसाद र बालकृष्ण थपलिया रहका छन् । ऐतिहासिक मन्दिर वागीश्वरीको निर्माणधीन मन्दिरको तस्विरबाट आवरण सजाइएको यस अङ्कमा ६० जना स्रष्टाहरूका रचनाहरू समावेश गरिएको छ । १३०+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १००।- राखिएको छ भने र मुद्रण  चितवन छापाखाना भरतपुरमा भएको हो ।

प्रेमविनोद नन्दनको गजलबाट सुरूवात गरिएको यस समायिक सङ्कलनमा गोविन्दराज विनोदी, तीर्थराज कोइराला, नारायणदत्त शास्त्री, राजकृष्ण कँडेल, हरिहर पौडेल, भूपिन व्याकुल, श्रीभक्त अच्युत वाग्ले, मुकुल दाहाल, मणि काफ्ले, नमूना शर्मा, होमनाथ पौडेल, सुरेन्द्र अस्तफल, सरस्वती रिजाल, डा. ईश्वरचन्द्र घिमिरे, जगन्नाथ पण्डित, सरस्वती शर्मा जिज्ञासु, नवराज ढुङ्गाना, देवीदाश अधिकारी, अनिता गिरी, विपिन्द्र कोइराला, गोर्खे साँहिलो, हुसैन खाँ, कृष्णप्रसाद पोखरेल, कृष्णहरि देवकोटा, अष्टदेव खनाल, शंकर सुवेदी, गिरीधारी 'विशिष्ट', डी.डी शर्मा, चेतकान्त चापागाई, सीताराम कोइरालाका कविताहरू कविता प्रकाशन गरिएको छ ।

नरेन्द्रराज पौडल,शीतल कादम्बिनी, बालकृष्ण थपलियाका गीत, रमेश प्रभातको हाइकु तथा इन्द्र रेग्मीका ताङ्का पनि यसमा समेटिएका छन् । यसैगरी धनराज गिरी, शराह, किसान प्रेमी, पुष्प अधिकारी 'अञ्जली', विमलप्रकाश देवकोटा, नकुल अर्याल, ईश्वर अर्याल, कृष्णकुमारी महत, कृष्णप्रसाद पोखरेल, सुधा भट्टराई अर्यालका गजल शिवहरि अधिकारीको लघु कथा र

अमर न्यौपानेको निबन्ध, केदारनाथ खनाल, कपिल अज्ञातका संस्मरणत्मक लेखहरू समावेश गरिएका छन् । यसैगरी डा.नारायणप्रसाद खनाल, लक्ष्मणप्रसाद गौतम, केशवराज आमोदी, प्रकाशबाबु खनाल, कुलप्रसाद ढुङ्गाना, प्रकाश पौडेल माइला, पूर्णप्रसाद अधिकारी, भागवतशरण न्यौपानेका समीक्षात्मक लेखहरू पनि प्रकाशित भएका छन् ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमाजस्तै यसमा पनि प्रकाशकीय/सम्पादकीय, चि.सा.प.को पातो तथा नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा कृतिहरूको नामावली समावेश गरिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । सामयिक सङ्कलनका रूपमा अग्रज-अनुजहरूका रचनाहरू समावेश गरी प्रकाशित यो अङ्क सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३.१५ पन्धौँ अङ्क

**वागीश्वरी**को पन्धौँ अङ्क विजयादशमी तथा शुभ-दीपावली २०६४ को अवसरमा सामयिक सङ्कलन, मनकामना काव्यिकयात्रा विशेषको रूपमा प्रकाशित भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल र सल्लाहकारहरूमा गोविन्दराज विनोदी, श्रीभक्त अच्युत वाग्ले, र प्रेमविनोद नन्दन तथा सम्पादन सहयोगीहरूमा सुरेन्द्र अस्तफल, गणेशप्रसाद र बालकृष्ण थपलिया रहेका छन् । हिमाली श्रृङ्खलाको पार्श्वमा पहाडी भूभाग र मनकामना मन्दिर र काव्यिकयात्राको तस्विरबाट आवरण सजाइएको यस अङ्कमा ५७ जना स्रष्टाहरूका रचनाहरू समावेश गरिएका छन् । १३४+६ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १००।- राखिएको छभने र मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

चि.सा.प.ले यो अङ्कदेखि विशिष्ट वाङ्मयसेवीको व्यक्तित्व र कृति,व प्रकाशमा ल्याउने निर्णय गरेसङ्गै प्रेमविनोद नन्दनको गजल र उनका बारेमा लक्ष्मणप्रसाद गौतमको ‘सिर्जनवृत्तका परिधिभित्रः नन्दन’ को लेखबाट नन्दनलाई अझ नजिकबाट चिनाइएको छ । यस अङ्कमा गायत्री श्रेष्ठ, मणिराम काफ्ले, नारायणदत्त शास्त्री, सुरेद्र अस्तफल, गणेशप्रसाद, कृष्णकुमारी महत, रावल कृष्ण, भूमिश्वर पौडेल, जानकी बराल, सरला जोशी, अमर न्यौपाने, ऋषभ रिजाल, शराह, खेमराज दवाडी, बी.पी. तिवारी, कृष्णदेवी शर्मा, निरज क्षेत्री, हुसैन खाँ, चेतराज रेग्मी ‘दीपक’, गोर्खे साँहिलो, सामना पहाड, नवराज ढुङ्गाना, ज्ञानु अधिकारीका कविता प्रकाशित भएका छन् ।

यसमा रामबाबु घिमिरेको मुक्तक, बालकृष्ण थपलिया, रमेश प्रभात, इन्द्रलाल श्रेष्ठ ‘अद्वितीय’, पुष्प अधिकारी ‘अञ्जली’, किसान प्रेमी, विनोद अनुजका गजल प्रकाशित भएका छन् भने प्रकाश पौडेल ‘माइला’, इन्द्र रेग्मीको हाइकु एवम् दिनेशकुमार थपिलियाको गीत समावेश गरिएको छ । डा.नारायणप्रसाद खनाल, धनराज गिरी, भूपिन व्याकुलको निबन्धहरू तथा नरेन्द्रराज पौडेलले कृष्णकुमारी महतको गजलसङ्ग्र **संयोग वियोग**का बारेमा गरेका समीक्षा, लक्ष्मण अर्यालको कथा र सङ्गीत आयामको नेल्सन मण्डेलाको **लङ्ग वाल्क टु फिडम**को ग्रामीण बाल्यावस्थाको अनुवाद लेख पनि समावेश गरिएका छन् । यसैगरी मनकामना काव्यिक खण्डतर्फ गोविन्दराज विनोदी, ऋषिराम पोखरेल, श्रीभक्त अचयुत वाग्ले, शिवहरि मरहट्टा, राजकृष्ण कँडेल, कपिल अज्ञात, श्यामजी अतिथि, शङ्कर सुवेदी, विमलप्रकाश देवकोटाको मनकामनाको सेरोफेरमा सृजना गरिएका कविता, केदारनाथ खनालको संस्मरण र

मनकामनाको बारेमा कविता, पूर्णप्रसाद अधिकारीको मनकामना काव्यिक यात्राकाबारे समीक्षात्मक टिप्पणी, केशवराज आमोदीको गजल र सरस्वती रिजालको हाइकु पनि प्रकाशित भएका छन् ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमाजस्तै यसमा पनि प्रकाशकीय/सम्पादकीय, चि.सा.प.को पातो, कोषध्यक्षको प्रतिवेदन, चि.सा.प.का नियमित सूचनाहरू, चि.सा.प. आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा प्रकाशित कृतिहरूको नामावली समावेश पनि यस अङ्कमा समावेश गरिएका छन् ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । मनकामना काव्यिकयात्राका स्मरणीय लेख तथा अग्रज-अनुजहरूका सम सामयिक रचनाहरू समावेश गरी प्रकाशित यो अङ्क विशिष्ट तथा सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

### ५.३. १६ सोह्रौँ अङ्क

**वागीश्वरी**को सोह्रौँ अङ्क विजयादशमी तथा शुभ-दीपावली २०६५ को अवसरमा सामयिक सङ्कलनका रूपमा प्रकाशित भएको छ । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल र सल्लाहकारहरूमा गोविन्दराज विनोदी, श्रीभक्त अच्युत वाग्ले, र प्रेमविनोद नन्दन तथा सम्पादन सहयोगीहरूमा सुरेन्द्र अस्तफल, गणेशप्रसाद र बालकृष्ण थपलिया रहेका छन् । हिमाली श्रृङ्खलाको पार्श्वमा पहाडीभू-भाग र तराईको समथर भू-भागको घनाजङ्गलमा हात्तीमाथि रमाएका पर्यटक तथा उत्सुकतापूर्वक हेरिएका गैडाका तस्विरबाट आवरण सजाइएको यस अङ्कमा ७० जना स्रष्टाहरूका रचनाहरू समावेश गरिएको छ । १५४+८ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १००।- राखिएको छ भने र मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

चि.सा.प.ले अघिल्लो अङ्कदेखि विशिष्ट वाङ्मयसेवीको व्यक्तित्व र कृति,व प्रकाशमा ल्याउने क्रममा यसपटक कवि गोविन्दराज विनोदीको कवि,व र उनका बारेमा सुरेन्द्र अस्तफलको 'कवि विनोदीको सिर्जनधर्मिताः एक सङ्क्षिप्त दृष्टिकोण'को लेखबाट विनोदीलाई अझ नजिकबाट चिनाइएको छ । यस अङ्कमा प्रेमविनोद नन्दन, राजकृष्ण कँडेल, नारायणदत्त शास्त्री, श्रीभक्त अच्युत वाग्ले, शैलेन्द्रप्रकाश नेपाल, गणेशप्रसाद, प्रकाश चापागाई, गोर्खेसाँहिलो, नवराज ढुङ्गाना, दीपकप्रसाद गौतम, सीताराम अधिकारी, अनिता पोखरेल, दशरथ तिवारी, विष्णु तिवारी, एन.पी. परिहस्त, पद्मपाणि विरक्ति, कृष्णप्रसाद पोखरेल, होमनाथ पौडेल'हिमांशु', हुसैन खाँ, मणि काफ्ले र देवीदाश अधिकारीका कविता प्रकाशित भएका छन् । यसैगरी रमेश प्रभात, धनराज गिरी, भूपिन व्याकुल, इन्द्रलाल श्रेष्ठ, सामना पहाड, विश्वनाथ खनाल, पुष्प अधिकारी 'अञ्जली', द्वारिका नेपाल, फजुल्का सङ्ग्रौला, भीम न्यौपाने, भूमिश्वर न्यौपाने, पुष्प आचार्य, गणेश शर्मा पौडेल, रूद्रराज कँडेल, प्रमिला कोइराला, जीवन सुवेदी, नकुल अर्याल'परिचित', भानुभक्त सापकोटा, हरिकृष्ण खतिवडा 'अपरूष', सरस्वती आचार्य 'सरूसुधा', भावना पाठक 'तेजस्वी', शम्भु गिरी 'निर्दोषजीवन', धर्म प्रधान 'अकिञ्चन', तितेपाती, सुदेश सत्याल र बालकृष्ण थपलियाका गजलहरू समावेश गरिएका छन् ।

प्राज्ञ सनत रेग्मीसित लक्ष्मणप्रसाद गौतमले गरेको अन्तर्वार्ता तथा केदारनाथ खनाल, डा.नारायणप्रसाद खनाल, उपेन्द्र रिजालको संस्मरणात्मक निबन्ध, कपिल अज्ञातको रामबाबु घिमिरेलाई आत्मसात गरी लेखिएको आत्मपरक निबन्ध, ज्ञानु अधिकारीको निबन्ध, श्यामजी अतिथिले सूर्यमध्यरातलाई चिनारी गराइएको छ । यसैगरी प्रभादेवी कैनी र रमा घिमिरेको कथा तथा पुष्पा पौडेलको लघुकथा र मिति २०६५।६।१२ गते कालिका एफ.एम.को छैटौं वार्षिकोत्सवको उपलक्षमा आयोजित बृहत् कविता महोत्सवमा केदारनाथ खनाल, भवनाथ सडौला र डि.आर. पोखरेलले प्रस्तुत गरेका 'अवधारणा पत्र' समावेश गराइएको छ ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमाजस्तै यसमा पनि प्रकाशकीय/सम्पादकीय, चि.सा.प.को पातो, चि.सा.प.का नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा प्रकाशित कृतिहरूको नामावली समावेश पनि यस अङ्कमा गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । सामयिक सङ्कलनका रूपमा रहेको तथा अग्रज-अनुजहरूका रचनाहरू समावेश गरी प्रकाशित यो अङ्क सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

## ५.३.१६ सत्रौँ अङ्क

**वागीश्वरी**को सत्रौँ अङ्क विजयादशमी तथा शुभ-दीपावली तथा देवकोटा शतवार्षिकी २०६६ को अवसरमा देवकोटा विशेषाङकको रूपमा प्रकाशित भएको छ । यसको सल्लाहकारहरूमा श्रीभक्त अच्युत वाग्ले र प्रेमविनोद नन्दन, प्रधान सम्पादकमा केदारनाथ खनाल र अतिथि सम्पादकमा गोविन्दराज विनोदी तथा सम्पादकमा सुरेन्द्र अस्तफल सम्पादन सहयोगीहरूमा गणेशप्रसाद र बालकृष्ण थपलिया रहेका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको सुन्दर तस्विर तथा महाकविले मृत्युशय्याबाट लेखिएको अन्तिम कविता 'संसार रूपी सुख स्वर्गभित्र ...........'.समेटी आवरण सजाइएको यस अङ्कमा २७ जना स्रष्टाका देवकोटाको सेरोफेरोमा लेखिएका रचनाहरू समावेश गरिएको छ । १४०+४ पृष्ठको आयातनमा फैलिएको यस अङ्कको मूल्य १५०।- राखिएको छ भने र मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यसमा बुद्धिनाथ अधिकारीको सौजन्यतामा देवकोटारद्वारा रचित नौ भाषाका कविता समावेश गराइएको छ । यो अङ्कमा देवकोटाका कृतित्त्व झल्किने खालका समीक्षात्मक लेखहरू रहेका छन् । यसक्रममा डा.गोविन्दराज भट्टराई, नारायणप्रसाद खनाल, निर्मोही व्यास, कपिल अज्ञात, कुलप्रसाद ढुङ्गाना, दामोदर रिजाल, लक्ष्मणप्रसाद गौतम, गोविन्दराज विनोदी, राजकृष्ण कँडेल, केदारनाथ खनाल, प्रभातकुमार जोशी, पूर्णप्रसाद अधिकारी, होमनाथ सापकोटा'सिद्धार्थ', धनेश्वर भट्टराई, सरस्वती रिजाल, सुरेन्द्र अस्तफल, सिर्जन अविरलका देवकोटाको व्यक्तित्व झल्काउने समीक्षात्मक लेख तथा संस्मरणात्मक लेखहरू रहेका छन् । यसैगरी प्रेमविनोद नन्दन, श्रीभक्त अच्युत वाग्ले, नारायणदत्त शास्त्री, धनराज गिरी, श्यामजी अतिथि, सामना पडाड, गोर्खे साँहिलोका देवकोटालाई संवोधन गरेर लेखिएका कविताहरू समावेश गरिएका छन् । त्यस्तै यस अङ्कमा गणेशप्रसादले चि.सा.प.को पातो र बालकृष्ण थपलियाले चितवन जिल्लाका साहित्यिक गतिविधिहरू सङ्छेपमा प्रस्तुत गरिएका छन् ।

**वागीश्वरी**को अघिल्ला अङ्कहरूमाजस्तै यसमा पनि प्रकाशकीय/सम्पादकीय, चि.सा.प.का नियमित सूचनाहरू, चि.सा.प.आबद्ध सदस्यहरूको नामावली, चि.सा.प.द्वारा पुरस्कृत प्रतिभा तथा प्रकाशित कृतिहरूको नामावली समावेश गरिएको छ ।

पत्रिकालाई निरन्तरता दिदै प्रकाशित **वागीश्वरी** आफैमा उल्लेख्य उपलब्धि हो । देवकोटा विशेषाङ्कको रूपमा रहेको तथा अग्रज-अनुजहरूका रचनाहरू तथा जिल्लाका सङ्क्षिप्त साहित्यिक गतिविधिहरू समावेश गरी प्रकाशित यो अङ्क विशिष्ट सङ्ग्रहणीय कृतिका रूपमा रहेको छ ।

यसप्रकार जिल्ला र केन्द्रीयस्तरका स्रष्टाहरूलाईसमेत समेटेर वि.सं.२०४७ सालदेखि प्रकाशनारम्भ भएको वागीश्वरी वि.सं.२०५१ देखि वार्षिकरूपमा निरन्तर प्रकाशित भइरहेको देखिन्छ । वागीश्वरीको उपर्यक्त विवरणलाई सङ्छेपमा तालिकामा राखी यसरी प्रस्तुत गरिएको छ :

## तालिका नं.८

## चि.सा.प.का प्रकाशन वागीश्वरीका सङ्क्षिप्त परिचय

| क्र.सं. | अङ्क | सम्पादक मण्डल | प्रकाशित साल | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो अङ्क | रामबाबु घिमिरे<br>कोमलनाथ कोइराला<br>केदारनाथ खनाल<br>भागवतशरण न्यौपाने<br>लक्ष्मीकान्त शर्मा पौडेल | १७७औं भानु जयन्ती, २०४७ | कविता अङ्क |
| **क्र.सं.** | **अङ्क** | **सम्पादक मण्डल** | **प्रकाशित साल** | **कैफियत** |
| २ | दोस्रो अङ्क | **संरक्षक**<br>सूर्यमणि अधिकारी<br>**सम्पादक**<br>प्रेमविनोद नन्दन<br>केदारनाथ खनाल<br>लक्ष्मणप्रसाद गौतम | ८६औभानु जयन्ती, २०५१ | सामयिक सङ्कलन |
| ३ | तेस्रो अङ्क | प्रेमविनोद नन्दन<br>केदारनाथ खनाल<br>मणिराम शर्मा<br>होमनाथ सापकोटा'सिद्धार्थ'<br>लक्ष्मणप्रसाद गौतम | नव वर्ष, २०५२ | सामयिक सङ्कलन |
| ४ | चौथो अङ्क | मणि काफ्ले<br>कपिल अज्ञात<br>केदारनाथ खनाल | नयाँवर्ष २०५३ | सामयिक सङ्कलन |
| ५ | पाचौं अङ्क | केदारनाथ खनाल<br>कपिल अज्ञात<br>होमनाथ सिद्धार्थ | नयाँवर्ष, २०५४ | सामयिक सङ्कलन |
| ६ | छैटौं अङ्क | केदारनाथ खनाल<br>मणिराम शर्मा काफ्ले | नयाँवर्ष, २०५५ | सामयिक सङ्कलन |

| | | | | |
|---|---|---|---|---|
| | | कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | | |
| ७ | सातौं अङ्क | केदारनाथ खनाल<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | नयाँवर्ष, २०५६ | सामयिक सङ्कलन |
| ८ | आठौं अङ्क | केदारनाथ खनाल<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>सुरेन्द्र अस्तफल | नयाँवर्ष, २०५७ | सामयिक सङ्कलन |
| ९ | नऔं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**सम्पादकहरू**<br>कपिल अज्ञात<br>प्रेमविनोद नन्दन<br>मणिराम शर्मा काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | १३६औं मोती जयन्ती, २०५८ | संस्मरण विशेषाङ्क |
| १० | दशौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**अतिथि सम्पादक**<br>गोविन्दराज विनोदी<br>**सम्पादक**<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>मणिराम काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | नयाँवर्ष, २०५९ | बहुभाषिक कविता विशेषाङ्क |
| ११ | एघारौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**अतिथि सम्पादक**<br>गोविन्दराज विनोदी<br>**सम्पादक**<br>प्रेमविनोद नन्दन<br>कपिल अज्ञात<br>मणिराम काफ्ले<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद शर्मा | नयाँवर्ष, २०६० | सामयिक सङ्कलन |
| १२ | बाह्रौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**संयोजक**<br>गोविन्दराज विनोदी | १९१औं भानु जयन्ती, २०६१ | राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क |

| | | | | |
|---|---|---|---|---|
| | | **सल्लाहकार**<br>प्रेमविनोद नन्दन<br>डा.नारायणप्रसाद खनाल<br>**सम्पादन सहयोगी**<br>भागवतशरण न्यौपाने<br>श्रीभक्त अच्युत वाग्ले<br>कपिल अज्ञात<br>**सम्पादक**<br>मणिराम काफ्ले<br><br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया<br>रमेश प्रभात | | |
| १३ | तेह्रौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**वरिष्ठ सल्लाहकार**<br>गोविन्दराज विनोदी<br>**सल्लाहकार**<br>प्रेमविनोद नन्दन<br>डा.नारायणप्रसाद खनाल<br>**सम्पादन सहयोगी**<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया | नयाँवर्ष २०६२ | गजल विशेषाङ्क |

| **क्र.सं.** | **अङ्क** | **सम्पादक मण्डल** | **प्रकाशित साल** | **कैफियत** |
|---|---|---|---|---|
| १४ | चौधौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**वरिष्ठ सल्लाहकार**<br>गोविन्दराज विनोदी<br>**सल्लाहकार**<br>प्रेमविनोद नन्दन<br>डा.नारायणप्रसाद खनाल<br>**सम्पादन सहयोगी**<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया | १९३ औं भानु जयन्ती २०६३ | सामयिक सङ्कलन |
| १५ | पन्धौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**सल्लाहकार**<br>गोविन्दराज विनोदी<br>श्रीभक्त अच्युत वाग्ले | विजया दशमी तथा शुभ दीपावली २०६४ | सामयिक सङ्कलन, मनकामना काव्यिक अङ्क |

| | | | | |
|---|---|---|---|---|
| | | प्रेमविनोद नन्दन<br>**सम्पादन सहयोगी**<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया | | |
| १६ | सोह्रौँ अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**सल्लाहकार**<br>गोविन्दराज विनोदी<br>श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन<br>**सम्पादन सहयोगी**<br>सुरेन्द्र अस्तफल<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया | विजया दशमी तथा शुभ दीपावली २०६५ | सामयिक सङ्कलन |
| १७ | सत्रौं अङ्क | **प्रधान सम्पादक**<br>केदारनाथ खनाल<br>**अतिथि सम्पादक**<br>गोविन्दराज विनोदी<br>**सल्लाहकार**<br>श्रीभक्त अच्युत वाग्ले<br>प्रेमविनोद नन्दन<br>**सम्पादक**<br>सुरेन्द्र अस्तफल<br>**सम्पादन सहयोगी**<br>गणेशप्रसाद<br>बालकृष्ण थपलिया | विजया दशमी, शुभ दीपावली तथा देवकोटा शतवार्षिकी २०६६ | महाकवि देवकोटा विशेषाङ्क |

### ५.४ चि.सा.प.द्वारा प्रकाशित साहित्यिक कृतिहरू

साहित्यिक प्रतिभाहरूको उत्थान र हौसलाको निमित्त चि.सा.प.ले आफ्नो उद्देश्य उनुसार साहित्यिक कृतिहरूको सङ्कलन र प्रकाशन गरिरहेको छ । परिषद्को आफ्नो आर्थिक भार भन्दा पनि अधिकाङ्श कृतिहरूको स्रष्टा स्वयमले नै खर्च ब्यहोर्ने र चि.सा.प.बाट प्रचार प्रसार, लोकार्पण, तथा संस्थागत मूल्यमान्यता स्थापित गर्ने भूमिका खेलेको छ । हालसम्म यसले ३८ ओटा कृति प्रकाशन गरिसकेको छ । चितवन जिल्लाबाट यतिधेरै पुस्तक प्रकाशन गर्ने संस्था चि.सा.प. नै रहेको छ । यहाँ चि.सा.प.बाट प्रकाशित पुस्तकहरूको बारेमा सङ्क्षेपमा विवरणात्मक जानकारी प्रस्तुत गरिएको छ ।

#### ५.४.१ प्रेमविनोद नन्दन र उनको गीत तथा कवितासङ्ग्रह बिपनीका पाइलाहरू (२०५२)

चि.सा.प.ले आफ्नो पहिलो पुस्तककार कृति प्रकाशनकारूपमा प्रेमविनोद नन्दन (१९९२) को गीत तथा कवितासङ्ग्रह **बिपनीका पाइलाहरू** (२०५२) प्रकाशन गरेको छ ।

यसबाहेक नन्दनका गीतिसङ्ग्रहहरू **झटारो** (२०११), **अञ्जली** (२०१५), **सपनीबाट ब्यूँझेर** (२०२३), **ऐना भित्रको आकाश** (२०६३ ) र गजलसङ्ग्रह **भीडमा एक्ला एक्लै** (२०६३) पनि प्रकाशित भएका छन् । प्रकाश थापाले आवरण कला कोरेका र ५०१ प्रति छापिएको ५८+१० पृष्ठको आयातनमा फैलिएको **बिपनीका पाइलाहरू**को सर्वाधिकार लेखकमा रहेको छ । यसमा सङ्गृहीत गीतहरू गाउन वा सङ्गीतवद्ध गर्न लेखकबाट पूर्वस्वीकृति लिनु अनिवार्य रहेको उल्लेख गरिएको छ । यसको मूल्य रू २५।- राखिएको छ भने यसको मुद्रण कुमार छापाखाना नारायणगढले गरेको हो ।

यस पुस्तकमा प्रकाशन संस्था चि.सा.प.को प्रकाशकीय लेख, कविवर माधव घिमिरेको 'नेपाली गीतको गोलसिमल' शीर्षकमा मन्तव्य, स्रष्टा नन्दनको दुई शब्द, पुस्तकको पछाडि गातामा स्रष्टा परिचय र लक्ष्मणप्रसाद गौतमको मन्तव्य रहेको छ । चि.सा.प.का तर्फबाट प्रकाशकीय मन्तव्य राख्दै नन्दनले यस कृतिमा आफ्ना अनुभूतिका माध्यमबाट मानवीय मूल्य खोजी गरी प्रीतिमय रागहरू अभिव्यक्त गर्न खोजेको यसरी उल्लेख गरेका छन् :[३५२]

> 'प्रत्येक पाइलाहरूमा अङ्कित सुन्दर बान्की एवम् सचेत मनले सिङ्गारिएका नवीनतम् हृदयकारी प्रतीकात्मक पदचिन्हहरू कसैले लिपेर वा बढारेर मेटिन सक्दैनन् । माटाको ममता जातीय स्वाभिमान् एवम् साधना र प्रतिभाबाट प्रस्फुटित वासना कसैले थुनेर थुनिदैन । मानवीय मूल्य खोजी एवम् प्रीतिमय रागहरू कसैले रोकेर रोकिदैनन्, यिनै महत्तम अनुभूतिहरू यस कृतिमा मुखरित भएका छन् ।

सोही कृतिमा मन्तव्य दिदै कविवर माधव घिमिरेले नन्दनलाई नेपाली गीति साहित्यको गोलसिमल भन्दै यसरी प्रशंसा गरेका छन :[३५३]

> म त प्रेमविनोदलाई नेपालीसाहित्यको गोलसिमल भन्छु । ऊ डाली डाली डुल्दै गाउने कोइली पनि हैन र ऊ त एकान्त रातमा एक्लै आफ्नै सुरमा गोलसिमलको सुन्दर कोमल काकलीमा गाउने पंन्छी हो । उस्को गीतमा आफ्नैपन छ, सम्पूर्ण पीडालाई पान गरेर उद्गारित कम्पन छ । यति सुन्दर देशमा बैंश चढेका ठिटीहरू लाहुरे प्रियको बिरहमा जसरी गाउँछन्, बिषपान गर्दै नीलकण्ठ जसरी गड्गडाउँछन्, ऊ त्यसरी गाउँछ । उसको गीतमा कामवासना होइन लोक कल्याणको प्रार्थना छ । उस्को हृदयमा गण्डकी सुसाउँछ र उसको नजरमा पर्वतको शिर छुने तारा मुस्कुराउँछ । ऊ दुःखी देशको मर्म गाउँछ, पीडित मानवताको पीडा गाउँछ । ऊ धर्तिमै नन्दनवन उतार्ने नन्दन हो, ऊ मनुष्य भित्रबाटै देवता ब्युँझाउने किन्नर हो ।'

यसमा स्रष्टा नन्दनले कृति प्रकाशनका बारेमा आफ्ना भनाइ राख्दै ' विविध समय र सर्न्दभमा टेकिएका केही नयाँ पुराना लेखनीका पाइलाहरू सङ्गेल्दा **बिपनीका पाइलाहरू**को रूपमा प्रस्तुत भएको र यसमा नवीनताको आस्वाद र पुरानाको आभाष कतै भेटिए पनि त्यो अतीतकै यात्राक्रमको बिसौनि ठान्ने उल्लेख गरेका छन् ।

नारायणी वाङ्मय पुरस्कार, छिन्नलता गीति पुरस्कार, रेडियो नेपालबाट विशिष्ट गीतकार लगायत दर्जनौं पुरस्कारबाट सम्मानित प्रतिभा नन्दनको यो कृति नेपाली गीति

---

[३५२] *प्रकाशकीय* , **बिपनीका पाइलाहरू**, प्रेमविनोद नन्दन, ( चितवन : चितवन साहित्य परिषद् , २०५२ ), पृ.क ।

[३५३] माधव घिमिरे, *नेपाली गीतको गोलसिमल* , **बिपनीका पाइलाहरू**, प्रेमविनोद नन्दन, पूर्ववत्, पृ ग-घ ।

साहित्यमा उल्लेखनीय कृतिका रूपमा रहेको छ । चि.सा.प.ले नन्दनका यस्ता कृति प्रकाशन गरेर नेपाली वाङ्मयलाई समृद्ध बनाउन सहायक भूमिका निर्वाह गरेको छ ।

## ५.४.२ कपिल अज्ञात र उनको समालोचनासङ्ग्रह समालोचनाको सन्दर्भ (२०५५)

चि.सा.प.ले आफ्नो दोस्रो प्रकाशनमालाकारूपमा कपिल अज्ञात (कपिलमणि शर्मा रेग्मी) (ई.सं.१९५७) को तेस्रो पुस्तकाकार कृति समालोचनासङ्ग्रह **समालोचनाको सन्दर्भ** (२०५५) प्रकाशन गरेको छ । यसबाहेक अज्ञातका कवितासङ्ग्रह **अज्ञातका कविता** (२०४७), खोजमूलक अनुशीलन **साहित्यसिर्जना प्रक्रिया** (२०५५), साहित्यिक पत्रसङ्ग्रह **पत्र सन्देश** (२०६४), मुक्तकसङ्ग्रह **अनुभूतिका उमङ्ग** (२०६४), बालकृष्ण थपलियाको सम्पादनमा गजलसङ्ग्रह **समय समयका स्वरहरू** (२०६४), निबन्धसङ्ग्रह **भूलहरूका बिरूद्ध** (२०६४) समीक्षासङ्ग्रहहरू **समीक्षा-सन्धान** (२०६४), **देवकोटा आयाम र प्रवृत्ति** (२०६५), खोज-अन्वेषणात्मक कृति **ज्योतिष र साहित्य** (२०६६) प्रकाशित भएका छन् । प्रकाश थापा (प्रथा) को आवरण कला रहेको यस कृति **समालोचनाको सन्दर्भ** 'लेखकको पसिनालाई जो अमूल्यरत्न संझन्छन्' भनी समपर्ण गरिएको छ । सवाधिकार लेखकमा रहेको, ९८+६ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू १००।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

अज्ञात सन्तान र सिर्जनाको तुलना गर्दै कतिपय अर्थमा सिर्जना नै प्यारो लाग्ने बताउँछन् । उनी भन्छन् 'सन्तान र सिर्जना मलाई उस्तै लाग्छन् । न सन्तान छोडेर सिर्जनातर्फ मात्रै लाग्न सक्छु, न सिर्जना छोडेर सन्तानतिर मात्रै फर्कन सक्छु । दुबैप्रति उत्तिकै मोह छ, उत्तिकै माया । दुबैसँग खेल्ने बानी पऱ्यो । दुबैले रुवाउने र हसाँउने गर्छन् । कतिपय सन्दर्भमा मलाई सन्तान भन्दा सिर्जना नै अझ आत्मीय लाग्छन् किनकि तिनले मेरो मर्म बोल्ने प्रयत्न गर्दछन् ।'[३५४]

यसमा विविध विषयका गरी १६ ओटा समालोचनात्मक लेखहरू आबद्ध गरिएका छन् । यस सङ्ग्रहका लेखहरूलाई दुई खण्डमा विभाजित गरिएको छ । प्रथम खण्डमा विविध विषयका लेख र द्वितीय खण्ड देवकोटेली रचनाका लेखसँग सम्बन्धित छन् ।

उच्च शिक्षाको विशेष सहयोगी कृतिका रूपमा समेत रहेको अज्ञातका यस्ता कृति प्रकाशन गरेर चि.सा.प.ले नेपाली भाषा साहित्य तथा महाकवि देवकोटाको कृतित्व तथा व्यक्तित्वका बारेमा रूची राख्ने पाठकहरूलाई थप सहयोग पुग्ने कुरामा दुई मत छैन ।

## ५.४.३ गोविन्दराज विनोदी र उनको गजलसङ्ग्रह निर्मम निर्मम घडीहरू (२०५६)

चि.सा.प.ले आफ्नो तेस्रो प्रकाशनमालाकारूपमा गोविन्दराज विनोदी (२०१०)को दोस्रो पुस्तकाकार कृति गजलसङ्ग्रह **निर्मम निर्मम घडीहरू** (२०५६) प्रकाशन गरेको छ । यसबाहेक विनोदीका कवितासङ्ग्रह **मेरो वर्तमानता** (२०४७), बालकवितासङ्ग्रह **आँखाका नानी** (२०५७), कवितासङ्ग्रहरू **अविश्रान्त** (२०५९) र **हिमस्पर्श** (२०६६) प्रकाशित भएका छन् । वि.सं. २०५६ सालको भानु जयन्तीको अवसरमा प्रकाशित यस **निर्मम निर्मम घडीहरू** कृतिको आवरण कला प्रकाश थापा (प्रथा) को रहेको छ । सवाधिकार कृतिकारमा रहेको, ४४+८ पृष्ठको आयातनमा

---

[३५४] कपिल अज्ञात, **समालोचनाको सन्दर्भ** (चितवन : चितवन साहित्य परिषद् , २०५५), पृ.उल्लेख नभएको ।

फैलिएको र एक हजार प्रति छापिएको यस कृतिको मूल्य रू २५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

कवि विनोदीले आफ्नो कृति प्रकाशनको सिलसिलामा 'कुनै पनि रचना प्रकाशमा आउनु पर्छ । प्रकाशमा आएपछि  नै यसको पहिचान हुन्छ । पारखीले राम्रो नराम्रो भेद पर्गेल्न सक्छ । ओलोकविना मूल्यवान वस्तु पनि ओझेलमा पर्दछ । त्यसैले रचना प्रकाशनको निम्ति छापिनु मह,वपूर्ण कुरा हो ।.....मोतीराम भट्टबाट सचेत रूपमा थालनी भएको गजल विधा शम्भूप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगर, हुँदै सामयिक परिवेशमा ज्ञानुवाकार पौडेल, मनु बाज्राकी, ललिजन रावल प्रभृत्तिबाट मौलाइरहेको परिप्रेक्षमा गजल विधालाई विनोदीको प्रस्तुत सङ्ग्रहले मार्ग प्रशस्त गरेको छ ।

आफ्नो गजललेखनबारे विनोदी भन्छन् । 'गजलहरू मेरा रहरका उपज हुन् । मलाई बढी मन पर्ने विषय कविता विधा नै हो । मलाई थाहा छैन म कसरी गजलप्रति आर्कशित भएँ । हुन सक्छ, गजल पढ्दा एउटा रमाइलो अनुभूति हुने भएकाले म त्यस तर्फ तानिएको हुँ । गजलमा सङ्गीतको जस्तो मिठो झङ्कार र छन्दोबद्ध कवितामा जस्तो आनुप्रासिक मधुरता भएकाले पनि मेरो अनुराग गजल लेखनप्रति लागेको हुँ ।'[३५५]

विनोदीका यस गजलसङ्ग्रहमा ४४ वटा गजलहरू सँग्रहित रहेका छन् । यी गजलहरूमा कलाकार प्रकाश थापाले कोरेका चित्रहरूले पनि जीवन्त र ससक्त बनाएका छन् भन्ने लाग्छ ।

छन्देली कविको रूपमा परिचित विनोदी चितवनका पुराना गललकारका रूपपमा समेत परिचित छन् । उनको गजलसङ्ग्रह  निर्मम निर्मम घडीहरू  चितवनको गजल लेखन तथा सङ्ग्रह प्रकाशन ऐतिहासिक  प्राप्ति हो । प्रथाका कलात्मक चित्रकारिताले विनोदीका गजलहरू अझ पठनीय र सङ्ग्रणीय रहेको छ ।

### ५.४.४ रामबाबु घिमिरे  र उनको निबनधसङ्ग्रह  लेख्न नपर्ने कुराहरू (२०५६)

चि.सा.प.ले चौथो प्रकाशनमालाकारूपमा रामबाबु घिमिरे (२०११) को चौथो पुस्तकाकार कृति निबनधसङ्ग्रह **लेख्न नपर्ने कुराहरू** (२०५६) प्रकाशन गरेको छ । यसबाहेक घिमिरका उपन्यास **रित्तो आकाश** (२०३२), निवन्धसङ्ग्रह **म हरेश खान थालेको छु** (२०४७) र **मुक्तकसङ्ग्रह** (२०५६), **अनर्गल प्रलाप** (२०६५) प्रकाशन भएका छन् । वि.सं.२०५६ सालको देवकोटा जयन्तीको अवसरमा  प्रकाशित **लेख्न नपर्ने कुराहरू** कृतिको आवरण कला गोविन्दराज विनोदीको रहेको छ । १८ ओटा निबन्धहरू सञ्चयन ६२+८ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू ५०।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस कृतिमा निवन्धकार निर्मोही व्यासको भूमिका मन्तव्य र प्रकाशन संस्था चि.सा.प.ले प्रकाशकीय मन्तव्य मार्फत घिमिरेको व्यक्तित्वबारेमा प्रकाश पारिएको छ । यसको प्रकाशकीयमा 'कथ्यलाई व्याख्या विश्लेषणरहित सरलसूक्ति काव्यमय वक्रोक्तिशैलीमा ढाली आत्मकेन्द्रित तवरबाट बहकिदै र बादल झैँ मडारिदै वीचवीचमा कौतुहलमय किस्सा एवम् मधुरस्मित रागात्मक प्रसङ्गहरू निम्त्याई कमलो तर घतिलो व्यङ्ग्य हान्दै छोटा छरिता र रसिला रूपमा प्रस्तुत भएका घिमिरेका निबन्धले यस विधामा नै नयाँ क्षितिज उघ्रिएको

[३५५] गोविन्दराज विनोदी, *आत्मनिवेदन,* **निर्मम निर्मम घडीहरू,** ( चितवन : चितवन साहित्य परिषद्, (२०५६), पृ.उल्लेख नभएको ।

गराउँछन्'[३५६] भनी उल्लेख गरिएको छ । यसैगरी व्यासले घिमिरेलाई 'मोन्तेन-परम्परामा जन्मनुभएका, शङ्कर लामिछाने शैलीमा हुर्कनुभएका र आफ्नै छुट्टै शैली-शिल्पको आविस्कार गरिसक्नुभएका एक सरल, तरल, अनि निश्चल र इमान्दार निबन्धकारको रूपमा पाउन'[३५७] सकिन्छ भनेका छन् ।

चितवनमा उपन्यास प्रकाशन गरी ऐतिहासिक स्थान सुरक्षित बनाएका घिमिरे निबन्ध तथा मुक्तक लेखनमा विशेष दख्खल राख्छन् । उनको उक्त निबनधसङ्ग्रह **लेख्न नपर्ने कुराहरू** आफैमा उपलब्धिमूलक कृतिका रूपमा रहेको छ ।

### ५.४.५ सूर्यमणि अधिकारी र उनको कथासङ्ग्रह आत्मावतार (२०५६)

चि.सा.प.ले पाचौं प्रकाशनमालाका रूपमा सूर्यमणि अधिकारी (२००५-२०६३) को पहिलो साहित्यिक पुस्तकाकार कृति कपिल अज्ञातको सम्पादनमा कथासङ्ग्रह **आत्मावतार** (२०५६) प्रकाशनमा ल्याएको छ । यसबाहेक अधिकारीका **पशिचिम नेपालको ऐतिहासिक अन्वेषण** (२०४३), **द खस किङ्गडम** (अधिकारीको विद्यावारिधिको शोधपत्र), **चेपाङ्ग र दराई** (२०४५), **पश्चिम नेपालको खस अधिराज्य** (२०५३) **नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास** (२०५५), **जुम्ला राज्यको इतिहास** (२०५५), **तनहुँ राज्यको इतिहास** (२०५५), **नेपाली भाषाको इतिहास** (२०५६) प्रकाशित भइसकेका थिए । उनको **विश्व इतिहासको रूपरेखा** ( २०५७) **आधुनिक विश्वको सरल इतिहास** ( २०५७), **नेपालको इतिहास र समाज अध्ययन** ( २०५८), **नेपाली काँग्रेसको इतिहास** (२०५९), **बाइसे राज्यको इतिहास** (२०६०), **खस साम्राराज्यको इतिहास** (२०६१) प्रकाशित भएका छन् । ११६औं लेखनाथजयन्तीको अवसरमा प्रकाशित यस कृति कथासङ्ग्रह **आत्मावतार** 'पोखी वात्सल्यधारा हृदयरस सुधा जिन्दगी यो भिजाई, धर्तीमा ज्यूँनलाई ध्वनि प्रथम दिई भावभाषा सिकाई, जस्का सत्प्रेरणाले गतिमय हुनगो स्नहले सिक्त गाथ, आमाश्री पार्वतीमा सृजन-सुमन यो अर्पिएँ हर्षसाथ' भनी समर्पण गरिएको छ । जम्मा २० ओटा कथाहरू सङ्ग्रहित, ५२+६ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू २५।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यसको प्रकाशकीय मन्तव्यमा अधिकारीले आफ्नो अध्ययन अनुसन्धानको विषय इतिहासलाई बनाए पनि उनका साहित्य प्रतिको अनुरागलाई यस कथा सङ्ग्रहले उजागर गरेको यसरी उल्लेख गरिएको छ :[३५८]

> 'इतिहास र भाषाका समस्याहरूको अनुसन्धानमै प्रौढ र परिपक्क भइसकेका मनमस्तिष्कलाई साहित्यजस्तो कोमल प्रतिभाप्रसुन विधातर्फ लगाउनु आफैमा एक गम्भिर च'नौती हो । किनभने बौद्धिक दबाबका कारण सिर्जनात्मक धूनमा विभिन्न व्यवधानहरू सक्रिय रहन सक्छन् तथापि त्यस प्रवृत्तिबाट बहुमुखी व्यक्तित्वको प्रकटीकरण एवम् सिर्जनासँगको निकटतम् साख्यभाव प्रकाशित गर्न पुग्नु हो । अधिकारीमा लेखनीसँग गहिरो ममता छ, लेख्ने संस्कार जीवन्त छ, समय र श्रमलाई

---

[३५६] *प्रकाशकीय,* रामबाबु घिमिरे, **लेख्न नपर्ने कुराहरू,** ( चितवन : चितवन साहित्य परिषद् २०५६), पृ.उल्लेख नभएको ।

[३५७] निर्मोही व्यास, *लेख्न नपर्ने कुराहरूमा लेख्न मन लागेका कुराहरू,* **लेख्न नपर्ने कुराहरू,** रामबाबु घिमिरे, पूर्ववत्, पृ.उल्लेख नभएको ।

[३५८] *प्रकाशकीय,,* सूर्यमणि अधिकारी, **आत्मावतार** ( चितवन : चितवन साहित्य परिषद् २०५६), पृ.उल्लेख नभएको ।

भौतिक मूल्यसँग जोडघटाउ नगरी स्वान्त सुखाय को निमित्त लेखीरहनु उनको जीवनशैली भएको छ ।'

इतिहास, भाषा, राजनीत तथा कथा साहित्यमा विशिष्ट योगदान दिएका अधिकारी कुशल प्रशासक तथा सङ्गठक पनि हुन् । उनको प्रस्तुत कथासङ्ग्रह **आत्मावतार** आख्यानप्रेमीहरूले अध्ययन गर्नु सान्दर्भिक हुनेछ ।

### ५.४.६ श्रीभक्तअच्युत वाग्ले र उनको कवितासङ्ग्रह म भित्रको मान्छे (२०५७)

चि.सा.प.ले छैटौं प्रकाशनमालाकारूपमा श्रीभक्त अच्युत वाग्ले (२००३)को पहिलो पुस्तकाकार कृति कवितासङ्ग्रह **म भित्रको मान्छे** (२०५७) प्रकाशित गरेको छ । यसबाहेक उनका कवितासङ्ग्रह **प्रत्यागमन** (२०६४) पनि प्रकाशन भएको छ । चि.सा.प.को अध्यक्ष समेत रहेका वाग्लेले गीति एल्वमहरू **मेरी श्रीमती** (२०६०) र **निलो पछ्यौरी** (२०६४) निकालेका छन् । नववर्ष २०५७ सालमा कवि गोविन्दराज विनोदीको आवरण कलामा प्रकाशित यस कृति **म भित्रको मान्छे** परमपुज्य पिता स्व.सु.रामचन्द्र उपाध्याय (वाग्ले), आमाहरू श्रीमती रक्तकाली र श्रीमती रमादेवीको चरणकमलमा समर्पण गरिएको छ । मुक्तक, गद्यकविता, छन्देली कविता, गीतिकविता तथा भजन गरी ७७ ओटा रचनाहरू सङ्ग्रहित ९६+१० पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू ३५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस कृतिमा तुलसी भट्टराईले भूमिका मन्तव्य राख्दै कवि वाग्लेको कवितामा सामाजिक तथा राजनितिक विकृति औंल्याएको यसरी उल्लेख गरेका छन् :[३५९]

> 'सामाजिक र राजनीतिक विकृति, विसङ्गतिहरू जतातत‌ै भरिएको पाइन्छ । कविता स्वच्छन्द पोखिएका छन् । कविमा साच्चै स्वाभिमान् देखिन्छ । कविताले कवि वाग्लेको अर्न्तमन प्रकट गरेको छ ।'[३६०] यसमा चि.सा.प.ले प्रकाशकीय मन्तव्य राख्दै वाग्लेको कवितामा 'मान्छे भित्रको मान्छेसँग विकृति र विसङ्गति दर्शाउँदै स्वार्थको पराकाष्ठाप्रति कठोर व्यङ्ग्य गर्दै कतै भक्तिभावनाको स्वर, कतै जनशक्ति सञ्चालन गर्ने राष्ट्रिय विकासको स्वर, कतै बलात्कृत पीडाको स्वर गुञ्जिएको पाइन्छ' भनी उल्लेख गरेको छ ।

कवि वाग्लेको प्रस्तुत कवितासङ्ग्रहले वाग्ले भित्र रहेको कवि,व चेत त प्रकट भएको छ नै समाजका विसङ्गत पक्षलाई पनि उजागर गरिएकाले उक्त कृति सङ्ग्रहणीय रहेको छ ।

### ५.४.७ श्यामानन्द पौडेल र उनको शिवशक्ति शिखरिणी कवितासङ्ग्रह (२०५८)

चि.सा.प.ले सातौं प्रकाशनमालाका रूपमा श्यामानन्द पौडेल (१९९०-२०६६) को नवौं पुस्तकाकार कृति **शिवशक्ति शिखरिणी** (२०५८) प्रकाशनमा ल्याएको छ । चि.सा.प.को संस्थापक सदस्य समेत रहेका पौडेलका यसबाहेक गीतिकविता सङ्ग्रहहरू **पर्वत वालुङलहरी** (२०१७), **लाहुरेको घर संझना** (२०२०), **म सदुपदेश कुञ्ज** (२०२०), **पञ्चायत पल्लव** (

---

[359] *प्रकाशकीय* , श्रीभक्तअच्युत वाग्ले, **म भित्रको मान्छे** , श्रीभक्तअच्युत वाग्ले, पूर्ववत्, पृ.उल्लेख नभएको ।

[३६०] तुलसी भट्टराई, *'म भित्रको मानछे'सँग जम्काभेट* , **म भित्रको मान्छे** , श्रीभक्तअच्युत वाग्ले, ( चितवन : चितवन साहित्य परिषद्, २०५७ ), पृ. उल्लेख नभएको ।

२०२१), **पृथ्वी उपदेशमाला** (२०२२), **नेपाल हाम्रो संस्कृति** (२०४१), **गीता लहरी** (२०४९), **पर्वतलहरी** (२०५१), **करूणामयी नारी** (२०५६) र खण्डकाव्य **आमा मातृवियोग** (२०३४), हरिशचन्द्र नाटकमा आधारित काव्य **रचना त्रिवेणी** (२०५९), गीतिकविता सङ्ग्रहहरू **रामगीता लहरी, स्वर्गद्वारी यात्रासंस्मरण वृद्धलहरी** (२०६५) प्रकाशित भएका छन् ।

हरिवोधनी एकादशी २०५८ मार्गको अवसरमा प्रकाशित यस पुस्तिका **शिवशक्ति शिखरिणी**मा धार्मिक विषयवस्तुको रूपमा श्री शिव महिम्न स्तोत्र र देव्यापराध क्षमापन स्तोत्रको नेपालीमा भावानुवाद् गरिएको छ । ५०१ प्रति छापिएको मूल्य रू १५।- राखिएको यस पुस्तिकामा विभिन्न ६ ओटा उपशीर्षकका रचनाहरू समावेश गरिएको छ । प्रकाशकको कुनै भनाई नभएको यस कृतिमा पौडेलले पुस्तिका प्रकाशनार्थ शुभ-आशीर्वाद, सम्मति प्रदान तथा सदाशयता प्रकट गर्नेहरूप्रति आभार व्यक्त गरेका छन् ।[३६१]

यो कृति साहित्यिक नभए पनि चि.सा.प.ले समाजका कवि प्रतिभाहरूको खोजी गरी तिनका अन्य विधा ( धार्मिक, सांस्कृतिक) पक्षमा पनि चासो राखी यसलाई प्रकाशमा ल्याएर नेपाली वाङ्मयमा थप योगदान दिएको कुरालाई नकार्न मिल्दैन ।

### ५.४.८ गोविन्दराज विनोदी र उनको कवितासङ्ग्रह छन्दविनोद (२०५९)

चि.सा.प.ले आठौं प्रकाशनमालाकारूपमा गोविन्दराज विनोदीको चौंथो पुस्तकाकार कृति कवितासङ्ग्रह **छन्द विनोद** (२०५९) प्रकाशन गरेको छ । यसबाहेका विनोदीका कवितासङ्ग्रहहरू **मेरो वर्तमानता** (२०४७), **अविश्रान्त** (२०५९), **हिमस्पर्श** (२०६६), बालकवितासङ्ग्रह **आँखाको नानी** (२०५७) र गजलसङ्ग्रह **निर्मम निर्मम घडीहरू** (२०५६) प्रकाशित भएका छन् । वि.सं. २०५९ बुद्धपुर्णिमाको अवसरमा प्रकाशित **छन्दविनोद** कृतिको आवरण कला प्रकाश थापा (प्रथा) को रहेको छ । 'कला, साहित्य, सङ्गीत' भन्दा हुन्छन् हुरूक्क जो; म अर्पन्छु तिनैलाई सानो **छन्द विनोद** यो' भनी समर्पण गरिएको यस कृतिको सवाधिकार कविमा रहेको छ । ५०+२ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू २५।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यसको भूमिकामा नारायणप्रसाद खनालले विनोदीको कृति,व तथा व्यत्तित्वमाथि प्रकाश पार्दै यस कृतिले शास्त्रीय छन्दको ह्रास भइरहेको अवस्थामा नेपाली साहित्यमा शास्त्रीय छन्दको जीर्णोदार हुने कुरामा विश्वस्त हुन सकिने कुरामा जोड दिएका छन् । खनालले यद्यपि कविताका निम्ति छन्दलाई बनधन भन्नेहरूकै बाहुल्य बर्तमानतमा छ र भोलि यो अझ जोड-तोडले उफ्रने छ तथापि छन्दै हो र यसको लयात्मकता साङ्गीतिक सात राग र तिनका रागिनीको उचाइलाई छुने प्रयत्न गर्नुमा छ भनी उल्लेख गरेका छन् ।[३६२] यसैगरी प्रकाशकीय मन्तव्यमा केदारनाथ खनालले 'आकार प्रकारमा लघु देखिए तापनि गुणवत्ताको दृष्टिकोर्णले निकै ओजनदार यस छन्दबोधक कृतिमा गण, सङ्केतकचिह्न, सूत्र, स्पष्टीकरण र ३,३ वटा उदाहरण सहित सम्बन्धित छन्दलाई अर्थ्याउने गरी प्रस्तुत गरिएको छन्दको बारेमा जिज्ञासा राख्ने पाठक र सर्जकहरूलाई निश्चित रूपमा सघाउ पुग्ने विश्वास'[३६३] गरेका छन् ।

---

[३६१] श्यामानन्द पौडेल, **शिवशक्ति शिखरिणी**, ( चितवन : चितवन साहित्य परिषद् २०५८ )

[३६२] नारायणप्रसाद खनाल, *छन्द विनोदको कवि,व र कवि विनोदी* , **छन्दविनोद** गोविन्दराज विनोदी, ( चितवन : चितवन साहित्य परिषद्, २०५९),पृ.ढ ।

[३६३] केदारनाथ खनाल , *प्रकाशकीय* , **छन्दविनोद,**, गोविन्दराज विनोदी, पूर्ववत्, पृ.त ।

छन्देली कवि विनोदीका **छन्द विनोद**ले छन्दका रूचि राख्ने जो कोहीलाई पनि मार्गदर्शक कृति बन्न सक्छ । नेपालमा प्रचलित प्राय सबै छन्दको प्रयोगमा सम्बन्धित छन्दका बारेमा सुन्दर कविता र छन्दसूत्र समेत प्रस्तुत गरिएकाले यो कृति सङ्ग्रहणीय रहेको छ ।

### ५.४.९ नारायणदत्त शास्त्री र उनको कृषि डायरी लघुकाव्य (२०५९)

चि.सा.प.ले नऔं प्रकाशनका रूपमा नारायणदत्त शास्त्री ( १९८९)को पन्ध्रौं पुस्तकाकार कृति लघुकाव्य **कृषि डायरी** (२०५९) प्रकाशन गरेको छ । यसबाहेक शास्त्रीका कविता र नाटकका गरी डेढ दर्जनभन्दा बढी पुस्ताकाकार कृतिहरू प्रकाशन भएका छन् । उनका कवितासङ्ग्रहहरू **गोरखनाथ सुक्ति** (२०१५), **आमाको आशुँ** (२०१५), **भानुको सम्झना** (२०१७), **बैनीको कोशेली** (२०१८), **गोरखाको गोरेटो** (२०२०), **श्रीमद्भागवत साराम्श** (२०५७), **गीता मञ्जरी** (२०६१), **वन वनस्पति** (२०६२), नाटकसङ्ग्रहहरू **महाभारत पञमृत** (२०१५), **नारी हत्या** (२०१६), **आमा** (२०१७), **कालो झण्डा** (२०१७), **राम वनवास** गीतिनाटक (२०२१), **योगमाता** (२०५६) रहेको छ । यसैगरी लक्षणग्रन्थको रूपमा **साहित्य ऐना** (२०१६), **अमेरिका यात्रा र अनुभूति** (२०६४) प्रकाशित भएका छन् । विजया दशमी २०५९ को अवसरमा प्रकाशित **कृषि डायरी** ३८+४ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू २५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

'कृषि पैदावरको बारेमा सरल भाषमा कविताद्वारा परिचय दिएर लेखिएको पुस्तिका कृषि-उपजप्रति अभिरूची राख्ने जो कोहीलाई पनि लाभदायी हुने ठानी प्रकाशित गरिएको'[३६४] **कृषि डायरीमा** कृषिजन्य वस्तुहरूको मह,व र विशेषतासमेत रोचक ढङ्गले काव्यात्मक शैलीमा वर्णन गर्नुभएको हुँदा बाल, बृद्ध लगायत कृषि प्रचारप्रसारको निम्ति यो काव्यकृति निकै उपयोगी सिद्ध हुने विश्वास लिइएको छ ।

चि.सा.प.ले समाजका कवि प्रतिभाहरूको खोजी गरी तिनले विविध विषयमा रचना गरेका कृतिलाई प्रकाशन गर्ने क्रममा शास्त्रीको कवितलयमा रचित गरिएको **कृषि डायरी**ले कविताको स्वादमा कृषिजन्य उत्पादन र यसका मह,का बारेमा बुझ्न अझ सजिलो हुने अपेक्षा गर्न सकिन्छ ।

### ५.४.१० राजकृष्ण कँडेल र उनको खण्डकाव्य द्रौपदीको पश्चातत्ताप (२०५९)

चि.सा.प.ले १०औं प्रकाशनमालाकारूपमा राजकृष्ण कँडेल (२००२) को दोस्रो पुस्तकाकार कृति खण्डकाव्य **दौपदिको पश्चातत्ताप** (२०५९) प्रकाशन गरेको छ । चि.सा.प.का आजीवन सदस्य तथा हाल सल्लाहकार रहेका कँडेलका यसबाहेक शोककाव्य **सम्झनाका छालहरू** (२०५६) र पछि निवन्धसङ्ग्रह **समवेदनाका स्वरहरू (२०६२)** प्रकाशित भएका छन् । ११९औं लेखनाथ जयन्तीको अवसरमा प्रकाशित कृति **दौपदिको पश्चातत्ताप**को आवरण कला प्रकाश थापाको रहेको छ । सर्वाधिकार कृतिकारमा रहेको यस कृतिको मूल्य रू ३०।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

---

[३६४] *प्रकाशकीय* , **कृषि डायरी,** नारायणदत्त शास्त्री, ( चितवन : चितवन साहित्य परिषद् ,२०५९), पृ. उल्लेख नभएको .।

यस कृतिमा कवि कँडेलले महाभारतकालीन पात्र दौपदिको माध्यमबाट सामान्य नारीमा हुने संवेदना, मातृत्व, पतित्व र सामाजिकता देखाइएको उल्लेख[३६५] गरेका छन् । आजको विश्वलाई, नेपाललाईसमेत शान्ति सन्देश दिन यो काव्य उदाहरणीय हुने उल्लेख गर्दै 'महाभारतीय युद्ध अथवा प्रथम, द्वितीययुद्ध र आजको मानवता विरोधि युद्धहरू सबै व्यर्थ छन् । शान्ति सद्भाव र मैत्रिपूर्ण जीवन सबैले पाउर्नुपर्ने, सबैले बाँच्नपाउनु पर्ने चाहना प्रकट भएको[३६६] उल्लेख गरेका छन् ।

काव्यका बारेमा कवि कँडेल भन्छन् 'द्वापरयुगिन महाभारत महाकाव्यकी मुख्य नायिका दौपदिलाई ठूलो नरसंहारपछि प्राप्त पटरानीको पदले सन्तोष र सुख दिन सक्दैन । नारीभित्रको संवेदना जाग्छ र उनलाई पश्चातत्तापको रापले पोल्छ । नारीमा सिर्जनशीलता हुन्छ संहार होइन । प्रतिशोधको भावनामा बगेर यदि कुनै नारी संहार गर्न उद्यत हुन्छे भने त्यो नारी धर्म र प्रकृतिको विपरित हुन्छ । यस काव्यमा दौपदि संहारकी प्रतीक हो भने दौपदी भित्रकी नारी सिर्जनशीलता र कोमलताकी प्रतीक । जब द्रौपदी भित्रकी नारी संवेदित हुन्छे तब ऊ चुप लागेर बस्न सक्दिन त्यही कुरा यस काव्यमा द्रौपदीका मुखबाट अभिव्यक्ति गरिएको छ ।'[३६७]

पौराणिक मिथकलाई आधुनिक सोचका साथ शास्त्रीय छन्द (शार्दूलविक्रीडित) मा रचेर प्रकाशित **दौपदीको पश्चातत्ताप** को अध्ययनले नारी शक्ति बारेमा पनि आकलन गर्न सकिन्छ । चि.सा.प.ले खण्डकाव्य पनि प्रकाशन गरेर नेपाली वाङ्मयलाई समृद्ध बनाउन सहायक भूमिका खेलेको कुरालाई नकार्न मिल्दैन ।

### ५.४.११ नरेन्द्रराज पौडेल र उनको नियात्रासङ्ग्रह एलो सी माथिको साँझ (२०६०)

चि.सा.प.ले ११औँ प्रकाशनमालाका रूपमा नरेन्द्रराज पौडेल (२००६)को दशौँ पुस्तकाकार कृति नियात्रासङ्ग्रह **एलो सी माथिको साँझ** (२०६०) प्रकाशन गरेको छ । यसबाहेक पौडेलका कवितासङ्ग्रह **छरिएका टुक्राहरू** (२०३९), हास्यब्यङ्ग्यसङ्ग्रहहरू **घर भित्रको गाईजात्रा** (२०४१), **बिहेको निम्ता** (२०४४), **मङ्की स्टेट याने वानरराज्य** (२०५१), समालोचनासङ्ग्रह **सप्तपल्लव** (२०४२), यात्रासंस्मरणसङ्ग्रह **छडुको जंगलमा हराउँदा** ( २०४७), कथासङ्ग्रहहरू **मेटिएका रेखाहरू** (२०५२), **फट्टिकको खम्बा** (२०५३) र **पर्खाल बाहिर** (२०५८) प्रकाशित भएका छन् । २५४७औँ बुद्धजयन्तीको अवसरमा प्रकाशित यस कृति **एलो सी माथिको साँझ**को आवरण कला मनुजबाबु मिश्रको रहेको छ । एक हजार एक प्रति छापिएको र सवाधिकार कृतिकारमा रहेको यस कृतिको मूल्य रू १००।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

गोविन्दराज विनोदीले यस कृतिमा मन्तव्य राख्दै पौडेलको यात्रास्मृति र निबन्धकार व्यक्तित्वको उच्चताको परिचय दिएका छन् । यसैगरी प्रकाकीय मन्तव्यमा केदारनाथ खनालले देश विदेशको भ्रमण गरेर आर्जन गरिएका विविध अनुभूतिहरूलाई अत्यन्त सरल ,रोचक एवम् प्रभावपूर्ण शैलीमा प्रस्तुत गर्न पौडेल कुशल देखिएको उल्लेख गरेका छन् । खनाल अगाडि लेख्छन उनका हरेक अभिव्यक्तिपुञ्जहरू कवितात्मक हुन्छन् । पाठकहरूको हृदयलाई सजिलैसित

---

[३६५] तुलसी भट्टराई, *दौपदिको पश्चातत्तापमा कवि कंडेल,* **द्रौपदिको पश्चातत्ताप**,राजकृष्ण कंडेल, (चितवन चितवन साहित्य परिषद् ,२०५६),पृ. ग ।

[३६६] तुलसी भट्टराई, **द्रौपदिको पश्चातत्ताप**, राजकृष्ण कंडेल, पूर्ववत् ।

[३६७] राजकृष्ण कंडेल, **द्रौपदिको पश्चातत्ताप**, राजकृष्ण कंडेल, पूर्ववत्, पृ.ज ।

छुन र एउटा गहिरो प्रभाव पार्न सफल उनका अभिव्यक्तिहरू जति पढ्यो उति पढौँ  पढौँ लाग्ने खालका छन् ।

चि.सा.प.ले विविध विधाका पुस्तकहरू प्रकाशन गर्ने क्रममा नियात्राकार पौडेलका स्मणहरूलाई पुस्तकाकार रूपमा प्रकाशन गरेर सह्रानीय कार्य गरेको छ । पौडेलले यात्राका क्रममा सङ्गालेका अनुभवहरूले पाठकहरूलाई पनि तद्स्थानका बारेका धेरथोर अनुभूत गराउन सक्नु पौडेलको लेखकीय शक्ति प्रशंसायोग्य छ ।

## ५.४.१२ विमलप्रकाश देवकोटा र उनको हाइकुसङ्ग्रह विमल-दर्पण हाइकुसङ्ग्रह (२०६०)

चि.सा.प.ले १२औं प्रकाशनमालाका रूपमा विमलप्रकाश देवकोटा (२०२७) को तेस्रो पुस्तकाकार कृति हाइकुसङ्ग्रह **विमल-दर्पण** (२०६०) प्रकाशन गरेको छ । चि.सा.प.का आजीवन सदस्य समेत रहेका देवकोटाका यसबाहेक गजलसङ्ग्रहहरू **पलपलका तलतलहरू** ( २०५९), **पलपलका परिमलहरू** गजलसङ्ग्रह  (२०६३) र सयुक्त गजलशोध काव्य **गजलदीपिका** (२०६०) प्रकाशन भएका छन् । 'मेरा सुख दुःखकी सहचरी मेरी जीवनसङ्गिनी इन्दिरामा बिन्दुमा सिन्धमा यो **विमल-दर्पण** सच्चा अर्पण' भनी समर्पण गरेका **विमल-दर्पण**को आवरण कला प्रकाश थापाले कोरेका छन् । २२२ ओटा हाइकुहरू समाविष्ट **विमल-दर्पण**को सर्वाधिकार लेखकमा सुरक्षित रहेको छ । ६२ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू ५१।- राखिएको छभने यसको एकता प्रिन्टिङ्ग एण्ड स्टेशनरी उद्योग प्रा.लि., रत्ननगर चितवनले मुद्रण गरेको हो ।

यस सङ्ग्रहमा प्रकाशकीय मन्तव्य राख्दै केदारनाथ खनालले हाइकुकार देवकोटाले समाजमा व्याप्त विकृति र विसङ्गतिलाई **विमल दर्पण**द्वारा छर्लङ्ग पारेर देखाउन सफल भएको उल्लेख गरेका छन् । खनालले  'यथा नाम तथा काम'लाई चरितार्थ गर्दै देवकोटाले यस हाइकुसङ्ग्रह **विमल-दर्पण**मा विभिन्न बिम्ब, प्रतीकहरूको माध्यमद्वारा वर्तमानका विसङ्गति र विकृतिहरूप्रति तीखो व्यङ्ग्यवाण हान्दै, प्रणयपरक अभिव्यक्ति एवम् राष्ट्रिय चेतना र व्यक्तिगत चरित्र निर्माणका साथै सामाजिक सुधारको अपेक्षा राखेको औंल्याएका छन् ।[३६८]

यसैगरी समालोचक नारायणप्रसाद खनालले मन्तव्य राख्दै देवकोटाले यस हाइकुसङ्ग्रहमा वर्तमान युगीनविसङ्गतिको अनावरण, राजनीतिक स्वतन्त्रताप्रतिको मोहभङ्ग, नेतृ,वपङ्क्तिप्रतिको अनास्था, भ्रष्टाचारप्रतिको तीब्र निन्दा, राष्ट्रिय संस्कृतिप्रतिको उत्कट प्रेम, शैक्षिक क्षेत्रमा देखिएको नैराश्य र निरीहता, नैतिकताप्रतिको गैरजिम्मेवारीपन, राष्ट्रिय चिन्तनको नितान्त अभाव, शान्तिको खोजी र स्थायित्वको खाँचो, छाडावादी प्रवृत्तिमाथिको तीक्ष्ण व्यङ्ग्य, सौन्दर्य र प्रेमप्रतिको हार्द अनुराग, नारीप्रतिको सद्भाव  र स्नेहानुभूति रहेको उल्लेख गरेका छन् ।

त्यसैगरी गोविन्दराज विनोदीले हाइकुकार देवकोटाका हाइकुलाई कवितात्मक शैलीमा यसरी प्रस्तुत गरेका छन् :[३६९]

युगीन प्रगतिको आकाङ्क्षा, प्रेम प्रणय, मानवीय सौन्द्रर्यप्रतिको अनुराग,
राष्ट्रिय विभूति, अग्रज साहित्यकारप्रतिको श्रद्धाका साथै उच्च राष्ट्रभावको प्रदर्शन !

---

[३६८] केदारनाथ खनाल, *प्रकाशकीय*, **विमल दर्पण** , विमलप्रकाश देवकोटा , ( चितवन : चितवन साहित्य परिषद् ,२०६१ ), पृ. उल्लेख नभएको  ।

[३६९] गोविन्दराज विनोदी, **बिमल-दर्पण**,  विमलप्रकाश देवकोटा, ,पूर्ववत् ,  पृ .बाहिरी गाता ।

विकृति  र विसङ्गतिजन्य परम्पराप्रति व्यङ्ग्यवाण-वर्षण !

**विमल-दर्पण** मूलतः साहित्य प्रतिको विमलजीको असीम आस्था र हार्द समर्पण । उहाँका पौढत्वपूर्ण सशक्त उक्तिहरू पठनीय, मननीय छन् ।

साहित्यमा विविधता थप्ने क्रममा चि.सा.प.ले हाइकुसङ्ग्रह प्रकाशन गरेर हाइकुपारखीहरूलाई बेग्लै स्वादको आश्वादन गराएको छ । बिन्दुमा सिन्धु भनेझैँ आजको व्यस्त समाजमा छोटो मिठो रचनाको अपेक्षामा देवकोटाको यस कृति पठनीय र सङ्ग्रहणीय रहेको छ ।

### ५.४.१३ प्रकाश पौडेल माइला र उनको हाइकुसङ्ग्रह पर्दाफास (२०६१)

चि.सा.प.को १३औं प्रकाशनमालाका रूपमा प्रकाश पौडेल माइलाको पहिलो पुस्तकाकार कृति हाइकुसङ्ग्रह **पर्दाफास** (२०६१) प्रकाशन गरेको छ । चि.सा.प.का आजीवन सदस्य रहेका माइलाले यस कृतिलाई ‘स्वर्गवासी हजुरबुबा तथा हजुरआमा मेघनाथ पौडेल र भूमिकला पौडेल जसको समीपमा मैले बोल्न, पढ्न र लेख्न सिकेँ’ भनी समर्पण गरेका छन् ।  टेकवीर मुखियाले आवरण कला कोरेका यस कृतिको  सर्वाधिकार हाइकुकारमा सुरक्षित रहेको छ । ८४+१२ पृष्ठको आयातनमा फैलिएको र स-शीर्षक ५७४ ओटा हाइकु समावेश गरिएको यस कृतिको मूल्य व्यत्तिगत रू ७६।५० र संस्थागत मूल्य  रू १५३।- राखिएको छ भने यसको मुद्रण लुम्बिनी अफसेट प्रेस काठमाण्डौंले गरेको हो ।

रामकुमार पाँडेले मन्तव्य राख्दै यस कृति भित्र सङ्ग्रहित हाइकुले प्रणयगाथाका गीत गाउँदै प्रकृतिसङ्ग जीवनको जून छरेको बताउँदै  कैयन कथाका दृश्य समेटिएका हाइकुले साच्चै पर्दाफास गरेको उल्लेख गरेका छन् । सङ्ग्रहमा प्रकाशकीय मन्तव्य लेख्दै सुरेन्द्र अस्तफलले  यसमा सङ्ग्रहित प्रत्येक हाइकुहरू स-शीर्षक उपस्थित हुनु र एक अर्काबीच भिन्न रूपमा प्रस्तुत हुनुले हाइकुहरू सुस्वाद्य बनेका छन् । अस्तफल अगाडि लेख्छन्;  प्रकृतिपरकता, बिम्बात्मकता, कलात्मकता, प्रतीकात्मकता एवम् सुन्दरताका बान्कीहरू प्रायः हाइकुहरूमा पाइनु र हाइकुकार आफू बाँचेको समयलाई टपक्क टिपेर हाइकुरूपी शिरमा सजाउन सफल भएका भनी उल्लेख गरेका छन् ।

साहित्यमा विविधता थप्ने क्रममा चि.सा.प.ले हाइकुसङ्ग्रह प्रकाशनलाई पनि जोड दिएको पाइन्छ । बिन्दुमा सिन्धु भने झै आजको व्यस्त समाजमा छोटो मिठो रचनाको अपेक्षामा माइलाको यस हाइकुसङ्ग्रह पठनीय र सङ्ग्रहणीय रहेको छ ।

### ५.४.१४ केदारनाथ खनाल र उनको कवितासङ्ग्रह अनुभूतिका शब्द-तरङ्ग  (२०६१)

चि.सा.प.को १४औँ प्रकाशनमालाका रूपमा केदारनाथ खनाल (२००१) को पहिलो पुस्तकाकार कृति कवितासङ्ग्रह **अनुभूतिका शब्द-तरङ्ग** (२०६१) प्रकाशन गरेको छ । चि.सा.प.का संस्थापक सचिव, पूर्व अध्यक्ष तथा हाल सल्लाहकार रहेका खनालले ९६औँ देवकोटाजयन्ती २०६१ को अवसरमा प्रकाशिन भएको यस कृतिको आवरणमा कवि स्वयम्को परिकल्पनामा कलात्मक रेखाचित्रले सजाइएको छ । ‘ज-जसले यस कृतिलाई आकार दिन सत्प्रेरणा प्रदान गर्नु भयो !’ भनी समर्पण गरिएको यस कृतिको  सर्वाधिकार लेखकमा रहेको छ । ६३+१८ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू ५०।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको   हो ।

यस कृतिमा राष्ट्रकवि माधव घिमिरेले मन्तव्य राख्दै चितवनमा साहित्यिक माहौल बनाउन खनालले दिएको योगदानको चर्चा गर्दै प्रस्तुत कृति खनालका अनुभूतिमा मौलिक चिन्तन प्रस्तुत भएको उल्लेख यसरी गरेका छन् :[३७०]

'चितौनमा साहित्यिक गतिविधिको लहर चलाउन, अञ्चल स्तरीय साहित्यकारहरूलाई राष्ट्रियस्तरमा पुऱ्याएर चित्रवनलाई आधुनिक चित्रवन बनाउन सतत संलग्न रहदै आएका खनालले **अनुभूतिका शब्द तरङ्ग**मा मनको मार्मिक अनुभूति र मौलिक चिन्तनहरू सरल शैलीमा अभिव्यक्ति गरेका छन् ।'

खनालले आफ्नो भन्नुमा आफूले विभिन्न समय र सर्न्दभमा रचेका कविताहरू टिपनटापन पार्दै जाँदा यो कृति तयार भएको र यसमा सङ्गृहीत सबै रचनाहरू सही अर्थमा कविता नभई केवल अनुभूतिका शब्द तरङ्गहरू मात्र रहेको बताएका छन् ।

चितवनमा साहित्यिक संस्था खोली संस्थागत विकास गराउन उद्यत खनालका आत्मानुभूतिहरू समाजकै प्रतिबिम्बित रूप हो । उनका अनुभूतिहरूलाई पाठकले पनि आस्वादन गरी मनोरञ्जन लिन सक्ने विश्वास लिन सकिन्छ ।

### ५.४.१५ केदारनाथ खनाल तथा अन्य (सम्पा.) र कवितामा चितवन (२०६१)

चि.सा.प.को १५औं प्रकाशनमाला रहेको कवितासङ्ग्रह **कवितामा चितवन** (२०६१) विभिन्न स्रष्टाहरूले चितवनबारे लेखिएको कविताहरूको सङ्ग्रह हो । यसको प्रधान सम्पादकमा केदारनाथ खनाल, सल्लाहकारमा गोविन्दराज विनोदी तथा सम्पादकहरूमा नारायणप्रसाद खनाल र होमनाथ सापकोटा रहेका छन् भने सम्पादन सहयोगीमा सुरेन्द्र अस्तफल र बालकृष्ण थपलिया रहेका छन् । १८१औं लेखनाथ जयन्ती तथा २८३ औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस २०६१ को अवसरमा प्रकाशित यस कृतिको आवरणमा प्रकाश थापाले चितवनको नक्सा भित्र हात्ती गैडा, गोही कमल, माछा आदिको आकृतिलाई झल्काइएको छ । यस कृतिको सवाधिकार प्रकाशकमा रहेको छ । उदयानन्द अर्ज्यालदेखि रवि भट्ट सम्मका ५५ जना स्रष्टाहरूले चितवनबारे अभिव्यक्त गरेका रचनाहरू समावेश गरी ८६+८ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू १००।- राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस कृतिको प्रकाशकीय लेखमा चितवनको ऐतिहासिक पृष्ठभूमि कोट्याउँदै कवि कलाकारहरूले चितवनबारे कविताका माध्यमबाट दिइएका रचनाहरू सङ्गृहीत गरिएको यसरी उल्लेख गरिएको छ :[३७१]

> 'आधुनिक चितवनको इतिहास राप्तीदून विकास परियोजना (२०१२) देखि सुरु भएपनि पुराण र इतिहासका पानाहरूमा यो ठाँउको प्रयाप्त चर्चा परिचर्चा भएको पाइन्छ । तथापि कवितात्मकरूपमा विभिन्न किसिमले चितवनको वर्णन गरिएको सिङ्गो कृति संभवतः यो पहिलो मानिएको छ । उदयानन्द अर्याल, यदुनाथ पोखऱ्याल, कवि शिरोमणि लेखनाथ पौड्यालदेखि हालसम्मका कवि कवियित्रीहरूले आ-आफ्ना किसिमले

---

[३७०] माधव घिमिरे, *चितवनलाई चित्रमन बनाउने कवि,* **अनुभूतिका शब्द-तरङ्ग**, केदारनाथ खनाल, ( चितवन : चितवन साहित्य परिषद् , (२०६१),पृ. उल्लेख नभएको ।

[३७१] *प्रकाशकीय,* **कवितामा चितवन,** केदारनाथ खनाल र अन्य (सम्पा.), चितवन : चितवन साहित्य परिषद् , २०६१),पृ. उल्लेख नभएको ।

देखे बुझेका र आतमसात गरेका अनुभूतिलाई कविताहरूको सङ्गालोको रूपमा प्रस्तुत गरिएको छ ।'

सोही कृतिमा राष्ट्रकवि माधव घिमिरेले चितवनबारे कवितात्मक शैलीमा उल्लेख यसरी उल्लेख गरिएका छन् :[३७२]

तोरीफुली सम्थर रम्य देख्छु,
गोरी चुलीको शिररम्य देख्छु ,
चितौन चारैतिर रम्य देख्छु
र भित्र मेरैतिर रम्य देख्छु ।

चितवनबारे विभिन्न स्रष्टाहरूले रचना गरेका कवितात्मक अभिव्यक्तिलाई सङ्कलन गरी सिङ्गो पुस्तकाकार कृतिका रूपमा प्रकाशन गर्नु आफैमा उपलब्धिमूलक कार्य हो । यस सङ्ग्रहले चितवनको समग्र पक्षलाई स्रष्टाहरूले कसरी बुझेका छन् भन्ने बारेमा पनि जान्न सकिन्छ ।

### ५.४.१६.गायत्री श्रेष्ठ र उनको गीतिकवितासङ्ग्रह बादलको घुम्टोभित्र (२०६२)

चि.सा.प.को १६औं प्रकाशनमालाका रूपमा गायत्री श्रेष्ठ (२००७) को दोस्रो पुस्तकाकार कृति गीतसङ्ग्रह **बादलको घुम्टोभित्र** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को संस्थापक समेत रहेकी श्रेष्ठका यसबाहेक समालोचनासङ्ग्रह **कथाकार देवकुमारी थापाको व्यक्तित्व र कृति विश्लेषण** (२०४६) र सरस्वती रिजालसङ्गको सहलेखनमा **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू** (२०६२) प्रकाशित भएका छन् । नव वर्ष २०६२ को अवसरमा प्रकाशित यस कृति **बादलको घुम्टोभित्र**को आवरण कला प्रकाश थापाको रहेको छ । १०५+१४ आयातनमा फैलिएको र ५६ ओटा गीतिकविता सञ्चयन गरिएको यस गीतिसङ्ग्रहको सवाधिकार लेखकमा रहेको छ । यस कृतिको मूल्य रू १०८।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरमा भएको हो ।

यसमा राष्ट्रकवि माधव घिमिरे, कविवर गोविन्दराज विनोदी, प्रेमविनोद नन्दनको गीतिलयमा शुभकामना, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य रहेको छ । गोविन्दराज विनोदीले यस सङ्ग्रहमा सङ्गृहीत गीतिकविताहरूमा मूलतः प्रणयजन्य भावनाको प्रकटीकरण, राष्ट्रप्रेम, माटोप्रतिको ममता, जीवन भोगाइका सन्दर्भहरू, सौन्दर्यबोध, कर्मशीलता, आशा, उत्साहको अभिव्यक्ति, नारीमनको कोमलता, मातृत्वभाव, सहचार्य, मानवीय, कर्तव्यबोध, शैक्षिक अनुभूति आदिको सुन्दर अभिव्यञ्जना पाइएको [३७३] उल्लेख गरेका छन् ।

चि.सा.प.ले नारी स्रष्टाहरूलाई खोजी खोजी तिनका सङ्ग्रह प्रकाशन गरेर स्तुतियोग्य कार्य गरेकोछ । साच्चै आफ्नो माटो प्रतिको प्रेम र स्नेह, नारीका पीडाजन्य भोगाइहरू, शैक्षिक तथा सामाजिक जिम्मेवारीपनलाई पनि कवितामा उजागर गरेर गीति कविताका पाठकहरूलाई फरक स्वादका अनुभूति दिलाउन खोजेकी छिन् ।

---

[३७२] *मन्तव्य,* मात्रव घिमिरे , **कवितामा चितवन,** केदारनाथ खनाल र अन्य (सम्पा.), पूर्ववत्, पृ. उल्लेख नभएको ।

[३७३] गोविन्दराज विनोदी, *बादलुको घुम्टोभित्र गीत-कविता सङ्ग्रह माथि एक दृष्टि,* **बादलको घुम्टोभित्र** , गायत्री श्रेष्ठ, ( चितवन : चितवन साहित्य परिषद, २०६२) , पृ.पछाडिगाता ।

### ५.४.१७ शीतल कादम्बीनी र उनको गजलसङ्ग्रह सुगन्धयात्रा (२०६२)

चि.सा.प.को १७औँ प्रकाशनमालाका रूपमा शीतल कादम्बिनीको पहिलो पुस्तकाकार कृति गजलसङ्ग्रह **सुगन्धयात्रा** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को आजीवन सदस्य समेत रहेकी कादम्बिनीको यसअघि बालकृष्ण थपलियाको सम्पादनमा प्रकाशित गजलसङ्ग्रह **गजलपथका यात्रीहरू** (२०६१) मा पनि केही गजलहरू समावेश गरिएका छन् । यसैगरी उनको गीतिएल्बम **कादम्बिनी** (२०६६) पनि प्रकाशमा आएको छ । 'मेरा मुटुका दुई टुक्रा **चाहना** र **उत्सव**लाई स्नेहाशीर्वादसहित' भनी समर्पण गरी प्रकाशित यस **सुगन्धयात्रा**को कृतिको आवरण कला रमेश पौडेलको रहेको छ । ६६+२४ पृष्ठको आयातनमा फैलिएको र ६२ ओटा गजल र ६ ओटा फर्द सञ्चयन गरिएको यस गजलसङ्ग्रहको सवाधिकार लेखकमा रहेको छ । यस कृतिको मूल्य व्यक्तिगत रू ६०।- र संस्थागत रू १००।-राखिएको छभने यसको मुद्रण रोशन अफसेट प्रेस काठमाण्डौंमा भएको हो ।

यस सङ्ग्रहमा केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, केशवराज आमोदी, खगेन्द्र गिरी कोपिला, किसोर गुरूङ आदि स्रष्टाहरूका मन्तव्य समावेशी गराई कादम्बिनीको गजलकारिताका बारेमा उल्लेख गरिएको छ । उनका गजलकारिताको प्रशंसा गर्दै कवि गोन्दिराज विनोदीले 'शब्द, अर्थ र भावगत वैशिष्ट्यका साथै हृदयस्पर्शी सुमधुर गायन कलामा समेत सिद्धिप्राप्त सुगन्धमय अमरतातिरको प्रयास हो[३७४] भनी उल्लेख गरेका छन् ।

गजलकार कादम्बिनीका गजलहरूमा प्रविधिगत सचेतता, अभिव्यक्तिगत मनोहरिता, श्रुतिमधुरता, शाब्दिक सरलता, भावसघनता, प्रतीकात्मकता, प्रेम-प्रणयानुराग, अनुभूतिको तीव्रता, विषयगत विविधता, युगीन विकृति र विसङ्गतिप्रतिको तीक्ष्ण अभिव्यक्त भएको पाइन्छ । चि.सा.प.ले यस्ता प्रतिभाको पहिचान गरी तिनका कृतिलाई प्रकाशमा ल्याउनु प्रशंसनीय कार्य मान्न सकिन्छ ।

### ५.४.१८ केदारनाथ खनाल र उनको शैक्षिक लेखहरूको सङ्गालो शिक्षाः केही गन्थन केही मन्थन (२०६२)

चि.सा.प.को १८औँ प्रकाशनमालाका रूपमा रहेको केदारनाथ खनालको दोस्रो पुस्तकाकार कृति शैक्षिक लेखहरूको सङ्गालो **शिक्षा : केही गन्थन केही मन्थन** (२०६२) प्रकाशन भएको छ । १९२औँ भानुजयन्तीको अवसरमा प्रकाशित यसकृतिको आवरणमा पुस्तकहरूको चाङ्ग तथा खुला किताबहरूलाई सजाइएको छ । १२४+१२ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू १००।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

मनप्रसाद वाग्ले, नारायणप्रसाद खनालको भूमिकापरक लेख, प्रेमविनोद नन्दनको प्रकाशकीय मन्तव्य, स्रष्टा खनालको आत्मकथन समेत समोवेस गरी प्रकाशन गरिएको यस सङ्ग्रहमा खनालका शिक्षा सम्बन्धि आफ्ना अनुभूतिहरू समेटिएका छन् । शिक्षा-विज्ञानमा

---

[३७४] गोविन्दराज विनोदी , *सुगन्धयात्रा माथि दृष्टि प्रक्षेपण,* **सुगन्त्र यात्रा,** शीतल कादमिबनी, ( चितवन : चितवन साहित्य परिषद, २०६२) , पृ.उल्लेख नभएको ।

आधारित भएको र यसमा प्रायः समीक्षात्मक शैलीका माध्यमबाट शैक्षिक योजना र विकृतिमाथि कटुसत्य आलोचना  प्रस्तुत गरिएकाले पठनयोग्य राहेको छ ।

प्रस्तुत कृतिले शिक्षा क्षेत्रमा नयाँ आयाम दिएको र यसको अध्ययनबाट अब नेपालको शिक्षा कुन दिशातर्फ उन्मुख हुनु पर्ने हो भन्ने कुराको निर्क्यौलमा पुग्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ । चि.सा.प.ले फरक फरक विधामा कृति प्रकाशन गर्ने क्रममा साहित्यिक कृतिबाहेक शैक्षिक सामग्री समेटिएका रचनाहरूको सङ्ग्रहीत प्रस्तुत कृति सङ्ग्रहणीय रहेको छ ।

### ५.४.१९ इन्द्रलाल श्रेष्ठ र उनको गजलसङ्ग्रह  भावनामा राष्ट्र बोल्छ (२०६२)

चि.सा.प.को १९औँ प्रकाशनमालाकारूपमा इन्द्रलाल श्रेष्ठको पहिलो पुस्तकाकार कृति गजलसङ्ग्रह **भावनामा राष्ट्र बोल्छ** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को आजीवन सदस्य समेत रहेका श्रेष्ठको यस कृतिको आवरणकला नवीनभक्त अधिकारीको रहेको छ । परमपुज्य पिता काजीमान श्रेष्ठ एवम् ममतामयी माताद्वय नन्दकुमारी श्रेष्ठ तथा सन्तकुमारी श्रेष्ठका पुण्यस्मृतिमा सादर सपर्पित गरिएको यस कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । ६६+२४ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू ७५।- राखिएको छ भने यसको मुद्रण लम्जुङ्ग छापाखाना नारायणगढले गरेको हो  ।

यस सङ्ग्रहमा केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, केशवराज आमोदी, विष्णुलाल श्रेष्ठका मन्तव्यहरू समावेश गरिएका छन् । केशव राज आमोदीले श्रेष्ठको सङ्ग्रका बारेमा यस्तो धारणा राखेका छन् :[३७५]

> 'बिम्ब प्रतीकको सटीक चित्रणका साथ भौतिक सुख सौविध्यको परित्याग, सांसरिक भ्रमजाल, जीवनको सार्थकता, शैक्षिक अनुराग, राष्ट्र र राष्ट्रियताको सद्भाव , कला र संस्कृतिप्रतिको सदासयता, मानवीय पीडा, बेथिति, निस्सारता, असन्तुष्टि, निराशा, आशा, उद्योग, द्वन्द्व र आतङ्कप्रतिको परिपात, नारीप्रतिको दृष्टिकोण समानता, न्याय, राजनीति, एवम् प्रेमप्रणय आदि विविध पक्षमा सजीव र कलात्मक चित्रण गरेका छन् ।

श्रेष्ठको यस सङ्ग्रहका माध्यमबाट नेपाली गजललाई नयाँ शैली दिन सेतुको काम गरेको छ । उनले सीमाना मिचिएको कथा, देशभरि आगोझैं सल्किएको द्वन्द्वको व्यथा, वर्तमानप्रतिको असन्तुष्टिलाई आफ्ना गजलमा पोखेका छन् । चि.सा.प.ले फरक स्वादका गजल आश्वादनका लागि श्रेष्ठको खोजी गरी यस्ता गजलसङ्ग्रह प्रकाशन गरेर नेपाली वाङ्मयलाई समृद्ध बनाएको छ ।

### ५.४.२० कल्पना अधिकारी  र उनको  कथासङ्ग्रह  आमा (२०६२)

चि.सा.प.ले २०औँ प्रकाशनमालाका रूपमा कल्पना अधिकारी (२०२२) को  दोस्रो पुस्तकाकार कृति कथासङ्ग्रह **आमा** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को  आजीवन सदस्य समेत रहेकी अधिकारीको यसबाहेक कथासङ्ग्रह **प्रेमदीप** र भजन गीतिक्यासेट प्रकाशन भएको छ । ९७औँ लक्ष्मीजयन्तीको अवसरमा प्रकाशित यस कृतिको आवरणकला मीन

---

[३७५] केशवराज आमोदी, *भावनामा राष्ट्र बोल्छ माथिको वैचारिक दृष्टि,* **भावनामा राष्ट्र बोल्छ,**, इन्द्रलाल श्रेष्ठ, ( चितवन : चितवन साहित्य परिषद् , २०६२), पृ. छ ।

अधिकारीको रहेको छ । ५०१ प्रति छापिएको ५ ओटा कथाहरू सङ्ग्रहित गरिएको यस कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । ७६+२० पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू ८५।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

कथासङ्ग्रहमा ईशान गौतमको भूमिका, केदारनाथ खनालको प्रकाशकीय लेख, बैरागी जेठाका मन्तव्य समावेश गरिएको छ । केदारनाथ खनालले प्रकाशकीय मन्तव्य राख्दै अधिकारीका कथाबारे यस्तो धारणा राखेका छन् :[३७६]

> अधिकारीका कथाहरू उदात्त भावना र आध्यात्मिक चेतनाद्वारा उच्च मानवीय मूल्यको वकालत गर्न तथा समवेदनाहीन बर्बर एवम् जर्जर मानव मन मस्तिकष्कलाई अमृतमयी वाणी र प्रेमरसद्वारा धोइपखाली स्वच्छ, स्वस्थ्य, शान्त र सुन्दर नेपालको पुनःनिर्माणमा उद्यत छन् ।

जन्ममाता, कर्ममाता एवम् देशमाता प्रति सरल भाषामा बास्तविक घटनालाई कथाबस्तु बनाएर कथाकारले आफ्ना कृतिमा समग्र नेपालको चरित्र चित्रण गर्न सफल भएकी छिन् । चि.सा.प.ले अधिकारीका कथासङ्ग्रह प्रकाशन गरेर चितवनको कथा साहित्यलाई सम्वृद्ध बनाउन प्रशंनीय कार्य गरेको छ ।

### ५.४.२१ सुरेन्द्र अस्तफल र उनको कवितासङ्ग्रह बिम्बशिविर (२०६२)

चि.सा.प.ले २१औं प्रकाशनमालाकारूपमा सुरेन्द्र अस्तफल (२०३१) को पहिलो पुस्तकाकार कृति कवितासङ्ग्रह **बिम्बशिविर** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को आजीवन सदस्य तथा हाल कार्यसमितिका उपाध्यक्ष समेत रहेका अस्तफलको यसअघि सयुक्त कवितासङ्ग्रह **शब्दहरू अविराम यात्रामा** (२०५७) प्रकाशन भइसकेको छ । विजया दशमीको अवसरमा प्रकाशित यस कृति **बिम्बशिविर**को आवरणकला मीन अधिकारीको रहेको छ । समसामयिक खण्डमा २० ओटा, वैयक्तिक खण्डमा ६ ओटा र यौन/प्रणयपरकखण्डमा ५ ओटा कविताहरू सङ्ग्रहित गरिएको यस कृतिको सर्वाधिकार मुना पौडेलमा रहेको छ । ६७+१८ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य व्यक्तिगत रू ५१।- र संस्थागत मूल्य रू १०१।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस सङ्ग्रहमा खगेन्द्र लुइटेल, लक्ष्मणप्रसाद गौतम, दीपकप्रसाद गौतमका समीक्षात्मक लेखहरू, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, मैयादेवी श्रेष्ठको शुभेच्छा समावेश गरिएको छ । कवि अस्तफलको काव्यकारिता औंल्याउँदै प्रस्तुत कृतिका बारेमा खगेन्द्रप्रसाद लुइटेल यस्तो धारणा राखेका छन् :[३७७]

> यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा कविले पूर्णताविहीन वर्तमान जीवनका विवशता र बाध्यताको प्रस्तुति, दिनानुदिन ओइलाउँदो नेपाली संस्कृति र फस्टाउँदो विकृतिको चित्रण, चुनावी अफवाह एवम् भाषणमुखी ढटौरेप्रवृत्ति तथा सहिदको अपमान र प्रजातान्त्रिक विकृतिप्रति असन्तुष्टि व्यक्त गरेका छन् । यसमा निरर्थक जीवन भोगाइ, वर्तमानकालीन अशान्त वातावरण एवम् युद्धजन्य परिस्थिति तथा विखण्डित मूल्य-

---

[३७६] केदारनाथ खनाल, *प्रकाशकीय,* **आमा,** कल्पना अधिकारी , ( चितवन : चितवन साहित्य परिषद् , २०६२), पृ. क ।

[३७७] खगेन्द्रप्रसाद लुइटेल, *मन्तव्य* , **बिम्बशिविर,** सुरेन्द्र अस्तफल ( चितवन : चितवन साहित्य परिषद् ,२०६२), पृ.पछाडिगाता ।

> मान्यताप्रतिको खिन्नता, माटोको महिमागान, नारीहरूको दयनीय अवस्थाको चित्रण, मोसफलका कविहरूको गुनासो र पीडाबोध आदिको अभिव्यञ्जना पनि पाइन्छ ।

अस्तफलका सरल तर प्रभावी बिम्बचेतना, भावना र अनुभूतिको तीव्रतालाई युगीन यथार्थसँग समीकरण गराइ प्रकाशित प्रस्तुत कृतिले नेपाली कवितामा फरक किसिमको छाप छाड्न सफल भएको छ । वर्तमान समसामयिक जीवनका पीडा, समाजका सङ्गतिहीनता, राष्ट्रिय एवम् अन्तराष्ट्रिय युगबोध, जीवनका तितामिठा अनुभूति, मानवीय यौन तथा प्रणयलाई सूक्ष्मरूपले उजागर गरेको कुरा यसै सङ्ग्रहका कविताहरूले सप्रमाण पुष्टि गरेका छन् । चि.सा.प.ले युवा पुस्ताका प्रतिभाहरूलाई प्रकाशनका माध्यमबाट उनीहरूको सिर्जनायात्रामा थप प्रोत्साहन दिएको छ ।

### ५.४.२२ बालकृष्ण थपलिया र उनको कवितासङ्ग्रह धारा एकसय सत्ताईस (२०६२)

चि.सा.प.ले २२औं प्रकाशनमालाकारूपमा बालकृष्ण थपलिया (२०३१) को पहिलो पुस्तकाकार कृति  कवितासङ्ग्रह **धारा एकसय सत्ताईस** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.को  आजीवन सदस्य तथा हाल  कार्यसमितिका सहसचिव समेत रहेका थपलियाको सम्पादनमा यस अघि  गजलसङ्ग्रह **गजलपथका यात्रीहरू** (२०६१) प्रकाशन भइसकेको छ । १६औं संविधान दिवसको अवसरमा प्रकाशित यस कृतिको आवरणकला अमर न्यौपानेको रहेको छ । १५  ओटा कविता र १६ ओटा गजलहरू सङ्ग्रहीत यस कृतिको सर्वाधिकार सुशान्ति र सुरक्षामा रहेको छ । ७८+१६ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य व्यक्तिगत रू ५१।- र संस्थागत मूल्य रू २०१।- राखिएको छ भने यसको मुद्रण चितवन  छापाखाना भरतपुरले गरेको हो  ।

केदारनाथ खनालको प्रकाशकीय मन्तव्य र अमर न्यौपानेले 'यो भूमिका होइन' भन्दै कवि थपलियाको व्यक्तित्व तथा कवि,व शक्ति र सीमाका बारेमा आत्मपरक शैलीमा रोचक ढङ्गमा राखेका छन् । कृतिको नामकरण र थपलियाका कविता प्रवृत्तिका बारेमा केदारनाथ खनालले यस्तो अभिव्यक्ति दिएका छन् :[३७८]

> नक्षत्र र होडाचक्रको आधारमा यसको न्वारनको नाउँ **धारा एकसय सत्ताईस** जुरेको यस सङ्ग्हका प्रायः सबै रचनाहरू सरल, तरल र सामयिक छन् । यिनका रचनामा वर्तमानता अभिव्यञ्जित छ । यथार्थमा वर्तमान समाजको दर्पण भएको छ यो काव्यकृति । अरू भन्दा पृथक, चोपिलो र नौलो बान्कीको स्वादका कविता र गजलले पाठकको मनमस्तिष्कलाई छुनसक्ने विश्वास लिइएको  छ ।

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकाल र राजनीतिक दलहरूले प्रतिगमन विरूद्ध चलाएको आन्दोलनताका यस्ता कृति प्रकाशन हुनु आफैमा चुनौती  थियो । चि.सा.प.ले समसामयिक विषयवस्तुमा रचिएका कविता तथा गजलहरूलाई सङ्गृहीत गरी कृति प्रकाशन गरेर बेलैमा समयलाई बुझ्न सकेको देखिन्छ । चि.सा.प.ले युवा पुस्ताका कवि प्रतिभाहरूलाई प्रकाशनका माध्यमबाट उनीहरूको सिर्जनायात्रामा थप प्रोत्साहन दिएको छ ।

### ५.४.२३  होमनाथ पौडेल 'हिमांशु' र उनको महाकाव्य विभूति दर्पण (२०६२)

---

[३७८] केदारनाथ खनाल, *प्रकाशकीय,* **धारा एकसय सत्ताईस,** बालकृष्ण थपलिया, ( चितवन : चितवन साहित्य परिषद् ,२०६२), पृ. उल्लेख नभएको ।

चि.सा.प.ले २३औँ प्रकाशनमालाकारूपमा होमनाथ पौडेल 'हिमांश'को छैटौँ पुस्तकाकार कृति ऐतिहासिक महाकाव्य **विभूति दर्पण** (२०६२) प्रकाशन गरेको छ । चि.सा.प.का आजीवन सदस्य समेत रहेका पौडेलका यसबाहेक तीजी लयमा ४ ओटा र १ ओटा अन्य १ गरी ५ ओटा कृति प्रकाशन भएका छन् । वि.सं.२०६२ फागुन ७ को अवसरमा प्रकाशित यस कृतिको आवरणमा हिमाली पृष्ठभूमिमा पुरानो विसाल नेपालको नक्सा र त्यसका वरपरमा राष्ट्रिय विभूतिहरू, श्री ५ पृथ्वी वीरविक्रम शाहदेव, चार महान सहिदहरू, कृष्णप्रसाद कोइरालालगायतका तस्विरहरूले सजाइएको छ । २५०+४० पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य व्यक्तिगत रू १५५।-, भा.रू.१००।-र $ ५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

महाकाव्यकार पौडेलले शहीदहरूको बलिदानीको गाथा गाउँदै र महाकाव्य लेखेर यसरी समपर्ण गरेका छन् ।

'सँगै बाँचौं भन्थे विलय हुन गो जीवन कला ।
कठै नेपालीका दिलसँग मिले ती लय हुँदा ।
न ता उन्को केही धन पद लिने लालच थियो ।
खुला चौडा छाती हृदय कमलो सुन्दर अहो !
शहिदैको गाथा हरबखत गुन्गुन् गगनमा ।
सुसाएको जस्तै पल पल हुँदा भित्र मनमा ।
उनैले पोखेका अघि जति थिए गुञ्जन हरे ।
सुनी वर्षे आँखा करपुट भरी अर्पण गरैं ।'

यस महाकाव्यमा वि.सं.१८२५ देखि २००७ साल सम्मका राजाहरू, वि.सं.१८२५ देखि २००७ सालसम्मका प्रधानमन्त्रीहरू, विशाल राष्ट्र निर्माताहरू, विभूतिहरू तथा राष्ट्रिय प्रजा परिषद्का सभापति टङ्कप्रसाद आचार्य, श्री ५ त्रिभुवन, शहिद भोगेन्द्रमान सिंह, धरणीधर कोइराला, के.आई.सिंह, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, थीरबम मल्ल, पूरण सिंह, मुक्तिसेना, दशरथ चन्द, धर्मभक्त माथेमा, जुलिया राणा, रूद्रशमशेर ज.व.रा., मोहन शमशेर, कृष्णप्रसाद कोइरालाको परिवारको तस्विरले महाकाव्य सजाइएको छ । सत्ताईस बिसौनी र तिनका उपशीर्षकहरू राखेर रचित महाकाव्य एक खोजमूलक ऐतिहासिक दस्तावेज पनि हो । यसमा प्रयुक्त सामग्रीहरूको पुष्टिको लागि सन्दर्भसामाग्रीहरू पनि समावेश गरिएको छ ।

यसमा केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, गोवन्दराज विनोदी र मणि काफ्लेको समीक्षात्मक भूमिका, महाकाव्यकार पौडेलको आत्मनिवेदन समावेश गरिएको छ । प्रकाशकीय मन्तव्य राख्दै खनालले पौडेलको महाकाव्यकारिताको चर्चा यसरी गरेका छन् :[३७९]

> प्रायः शासकहरूको प्रशस्ति गाइने ऐतिहासिक परम्परालाई तोडेर पौडेलले राणकालीन निरङ्कुश तानाशाही शासन सत्ताको विरूद्ध निर्भीक भएर आवाज बुलन्द पार्ने बलिदानी जनता र प्रजातन्त्रप्रेमी विभूतिहरूको रोमाञ्चकारी गाथा पद्यात्मक शैलीमा प्रभावकारी ढङ्गले गाएका छन् । उनले यस कृतिका माध्यमबाट ओझेल परेका कतिपय मह,वपूर्ण घटना र व्यक्तिलाई उद्घाटित गरेका छन् ।

---

[३७९] केदारनाथ खनाल, *प्रकाशकीय* , **विभूति दर्पण** ,होमनाथ पौडेल' हिमाँशु' ( चितवन : चितवन साहित्य परिषद् ,२०६२),पृ.घ ।

यसैगरी कवि गोविन्दराज विनोदीले पौडेलको महाकाव्यकारितालाई यसरी औल्याएका छन् :[३८०]

> प्रथम सर्ग वा बिसौनीमा मङ्गलाचरण प्रस्तुत गरेर शिवको आराधनाबाट काव्यारम्भ गरिएको छ भने सत्ताईसौं सर्गपछि उपसंहार खण्ड राखिएको छ । प्रत्येक सर्गको आरम्भमा शिखरिणी छन्द र अन्त्यमा अनुष्टुप छन्दको संयोजन हुनु बीच भागको वर्णन शार्दूलवीक्रीडित छन्दमा हुनु, वीर पुरूषहरूको साहसिक कार्य, प्रेम वियोग आदिको वर्णन, ऐतिहासिक तथ्यको उद्घाटन, वीररस अङ्गीरस रहनुजस्ता विशेषताले गर्दा यस काव्यलाई महाकाव्यको कोटीमा पुऱ्याएको छन् । आकार प्रकार मात्र नभएर वर्ण्य वस्तुको विस्तृता, उदात्तनायक तथा सहनायकहरू, प्रजातन्त्र प्राप्तिको सङ्घर्ष आदिको समाहितिले काव्यलाई गहन बनाएको छ ।

यसैगरी यस महाकाव्यमा मणि काफ्लेले आफ्नो धारणा यसरी राखेका छन्:[३८१]

तात्कालिक फलप्राप्तिप्रति अनासक्त भोगभङ्ग व्यक्तिद्वारा खेलिएको जनस्वायत्त साम्राज्यको स्थापनाप्रति पूर्णरूपमा समर्पित महान आत्माहरूको महान् कार्यको कीर्तिविवरणिका हो, जहाँ राष्ट्रप्रेम र बलिदानको अमरगाथा उत्कीर्ण गरिएको छ ।

चितवनमा कमै कविहरूले मात्र महाकाव्य लेखनको प्रयास गरेका पाइन्छ । पौडेलले यस महाकाव्यका माध्यमबाट मुलुकमा प्रजातन्त्रको स्थापनामा शहीदहरूको बलिदानीलाई कलात्मक तथा तथ्यात्मक रूपले प्रस्तुत गरेका छन् । चि.सा.प.ले विभिन्न विधामा पुस्तक प्रकाशन गर्ने क्रममा महाकाव्य प्रकाशनलाई पनि प्राथामिकतामा राखी प्रकाशमा ल्याउनु आफैमा ऐतिहासिक कार्य हो ।

## ५.४.२४ राजकृष्ण कँडेल र उनको निबन्धसङ्ग्रह संवेदनाका स्वरहरू (२०६२)

चिसापले २४औं प्रकाशनमालाकारूपमा रहेको राजकृष्ण कँडेलको तेस्रो पुस्तकाकार कृति निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) प्रकाशन गरेको छ । चिसापका आजीवन सदस्य तथा हाल सल्लाहकार रहेका कँडेलको यसबाहेक शोककाव्य **सम्झनाका छालहरू** ( २०५६), खण्डकाव्य **दौपदिको पश्चातत्ताप** (२०५९) प्रकाशित भएका छन् । वि.सं.२०६२ को रामनवमीका अवसरमा प्रकाशित यस कृति **संवेदनाका स्वरहरू**को आवरण कला मीन अधिकारीको रहेको छ । २० ओटा निबन्धहरू समाविष्ट गरिएको यस कृतिको सवाधिकार निबन्धकारमा रहेको छ । ५०१ प्रति छापिएको यसको मूल्य रू १०१।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना तथा अफसेट प्रेस भरतपुरमा भएको हो ।

यस निबन्धसङ्ग्रहमा समालोचक राजेन्द्र सुवेदीको भूमिका, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य समावेश गरिएका छन् । यस निवन्ध सङ्ग्रहमा समालोचक राजेन्द्र सुवेदीले कँडेलको प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत निवन्हरूका बारेमा यस्तो धारणा राखका छन्:[३८२]

> मान्छेका मनोवेगको अभिव्यञ्जना गर्ने अमूर्त पद र पदावलीहरूको केन्द्रमा निबन्धलाई उभ्याउने प्रयत्न भएको छ । प्रस्तुत निवन्धहरूमा भावुक र सम्वेद्य भाषा, अमूर्त र

---

[३८०] गोविन्दराज विनोदी, *विभूति दर्पणमाथि एक दृष्टि,* **विभूति दर्पण** ,होमनाथ पौडेल' हिमाँशु', पूर्ववत्, ,पृ.छ-ज ।

[३८१] मणि काफ्ले, *विभूति दर्पणमा अर्पित स्वरहरू,* **विभूति दर्पण** ,होमनाथ पौडेल' हिमाँशु', पूर्ववत्, ,पृ.घ ।

[३८२] राजेन्द्र सुवेदी, *शुभास्ते पन्थान,* **संवेदनाका स्वरहरू,** राजकृष्ण कंडेल, ( चितवन : चितवन साहित्य परिषद् २०६२), पृ.क-ङ ।

सम्वेगजन्य अनुभूतिहरू आविर्भाव भएर अनन्तसम्म पुगेका छन् । यी निवन्धहरूमा देवकोटाको कथनको रमरम बोद्धिकता र सघन हार्दिकता सहज ढङ्गले प्रकट भएको देखिन्छ । समकालीन निजात्मक निबन्धका सन्दर्भमा सफल शिखरको आरोहणमा निस्केका यात्री कँडेलको निबन्ध सिर्जना सफल र सशक्त अभिव्यञ्जना खोज्नमा छट्पटिएको छ ।

चिसापले विविध विधाका पुस्तक प्रकाशन गर्ने क्रममा निबन्ध सङ्ग्रह प्रकाशनमा पनि ध्यान दिएको पाइन्छ । लेखन क्षेत्रमा विशिष्ट स्थान बनाइसकेका कँडेलका आत्मपरक एवम् चिन्तनपरक प्रस्तुत निबन्धसङ्ग्रह नेपाली साहित्यको भण्डारमा थप उपलब्धि हुने ठानिएको छ ।

### ५.४.२५ सरस्वती रिजाल र उनको कवितासङ्ग्रह प्रबोधन (२०६३)

चिसापले २५औं प्रकाशनमालाकारूपमा सरस्वती रिजाल(२०११)को तेस्रो पुस्तकाकार कृति कवितासङ्ग्रह **प्रबोधन** (२०६३) प्रकाशन गरेको छ । चिसापको आजीवन सदस्य तथा हाल कार्यसमितिको सदस्य समेत रहेकी रिजालको यसबाहेक कवितासङ्ग्रह **एक भुल्को घाम** (२०५१) तथा गायत्री श्रेष्ठसँगको सहलेखनमा समालोचनासङ्ग्रह **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** (२०६२) प्रकाशित भएका छन् । विजयादशमीको अवसरमा प्रकाशित यस कृति **प्रबोधन**को आवरण कला सुरेन्द्र श्रेष्ठ'सुरेन' र निक जोशीको रहेको छ । 'ज-जसले मलाई कृति प्रकाशित गर्न प्रेरित गर्नु भयो, ज-जसले मलाई यसका लागि सहयोग दिनु भयो' भनी समर्पण गरिएको यस कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । गद्यलय, गीतिलय र शास्त्रीय छन्दमा संरचित चवालीसओटा कवितात्मक रचनाहरूको सङ्गालो ९४ पृष्ठको आयातनमा फैलिएको छ । ५०१ प्रति छापिएको यस कृतिको व्यक्तिगत मूल्य रू ७५।- र संस्थागत मूल्य रू १२५।- राखिएको छभने मुद्रण चित्रवन प्रिन्टर्स प्रा.लि. नारायणगढले गरेको हो ।

कवितासङ्ग्रह **प्रबोधन**मा परशु प्रधान, लक्ष्मणप्रसाद गौतम, प्रेमविनोद नन्दन, गोविन्दराज विनोदीका समीक्षात्मक भूमिका लेखन, केदारनाथ खनालका प्रकाशकीय मन्तव्य सहित प्रकाशित भएको छ । परशु प्रधानले सिर्जना, शिक्षा र समाजसेवाको त्रिवेणी रिजालको **प्रबोधन** पढ्दा नेपाली कविताले अर्को यौटा सशक्त नारीस्रष्टा वा नारीस्वर पाएको अनुभूति[३८३] गरेका छन् । यसैगरी यस सङ्ग्रहका बारेमा लक्ष्मणप्रसाद गौतमले यसरी आफ्नो धारणा राखेका छन्:

> रिजालको यस कृति भित्र जीवन र जगत्लाई जागृत गराउने अभीप्सा तथा 'उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत' को उद्घोष छ । यसमा अहम्प्रतिको विमति छ । राष्ट्र, संस्कृति र मान्छेप्रतिको अनुराग छ । युगीन सङ्गतिहीनताप्रति सौम्य विद्रोह छ अनि जीवनबोध, मृत्युबोध एवम् नारित्वको आभाष छ र रागात्मकताको सम्पुटनसमेत छ । समकालीन चेतनाका दृष्टिले हेर्दा **प्रबोधन**का कविताहरू युगचेतनासँग पनि आबद्ध छन् । त्यसैले **प्रबोधन** उज्यालोको सङ्केतक हो । [३८४]

---

[३८३] परशु प्रधान, *मन्तव्य,* **प्रबोधन,** सरस्वती रिजाल, ( चितवन : चितवन साहित्य परिषद् २०६३) पृ. बाहिरीगाता ।

[३८४] लक्ष्मणप्रसाद गौतम, *मन्तव्य,* **प्रबोधन,** सरस्वती रिजाल, पूर्ववत् , पृ. बाहिरीगाता ।

यसैगरी प्रेमविनोद नन्दनले 'क्लीष्ट शब्दालङ्कार र कटु वक्रोक्तिभन्दा सुरूचिपूर्ण सोद्देश्य अभिव्यक्तिलाई आफ्नै सरस र सरल शैलीमा भाव प्रक्षेपण गर्नु कवियित्री सरस्वती रिजालको वैशिष्ट्य हो भन्दै आधुनिक र उत्तरआधुनिकताको छेउटुप्पो नभेटिने कोलाज कविताहरूको दिमाग चाट्ने शैलीसित सरस्वती रिजालका गीत, कविताहरू भौतारिन चाहन्नन्[३८५] भन्दै उनका रचनामा लय तथा विचार वा भावका बीच अन्तःसङ्गति पाइएको उल्लेख गरेका छन् । यसैगरी गोविन्दराज विनोदीले रिजालको काव्यकारितालाई चिन्तनको गहिराइ र अनुभूतिको सरल प्रवाहले गद्यकविता मैदानी भागकी सरिताभैँ बन्न पुगेका छन् भने शब्द, अर्थ र भावको चमत्कारपूर्ण झङ्कारले गीतिलय तथा शास्त्रीय लयमा आधारित कविता पहाडको बीचमा शोभायमान झरनाजस्तै साङ्गीतिक माधुर्ययुक्त बनेका छन्[३८६] भनी उल्लेख गरेका छन् ।

चिसापले अग्रज अनुज कवि प्रतिभाहरूको पुस्तक प्रकाशन गर्नेक्रममा नारी स्रष्टा रिजालको कवितासङ्ग्रह प्रकाशन गरी प्रशंसायोग्य कार्य गरेको छ । प्रस्तुत कवितासङ्ग्रह नेपाली साहित्यभण्डारमा थप उपलब्धि हुने ठानिएको छ ।

## ५.४.२६ कृष्णकुमारी महत र उनको गजलसङ्ग्रह संयोग वियोग (२०६३)

चिसापले २६औं प्रकाशनमालाकारूपमा कृष्णकुमारी महतको पहिलो पुस्तकाकार कृति गजलसङ्ग्रह **संयोग वियोग** (२०६३) प्रकाशन गरेको छ । चिसापको आजीवन सदस्य समेत रहेकी महतले 'आन्तरिक जीवनमा ठूलो परिवर्तन ल्याइदिनुहुने आदरणीय गुरूदेव श्री शतपालजी महाराजका पवित्र-पाणि पल्लवमा' भनी समर्पण गरी यो कृति प्रकाशित गरेकी हुन् । यस कृति **संयोग वियोग**को आवरण कला रमेश पौडेलको रहेको छ । ७५ ओटा गजलहरू सञ्चयन गरिएको यस कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । ७५+४ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य व्यक्तिगत रू ६३।- र संस्थागत रू.१००।- राखिएको छ भने यसको मुद्रण शब्दघर अफसेट प्रेस काठमाण्डौंले गरेको हो ।

यस सङ्ग्रहमा बूँद रानाका शुभकामनात्मक अभिव्यक्ति, केशवराज आमोदीका समीक्षात्मक भूमिका, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य रहेको छ । यस सङ्ग्रहमा खनालले महतको गजलकारिताको बारेमा उल्लेख गर्दै खास-खास समय र अवसरमा मात्र सहभागी भएर प्रेम-प्रणय, मिलन विछोड, हर्ष र विस्मातका रसिला, मीठा-मीठा र मार्मिक रचना सुनाएर श्रोतालाई आल्हादित तुल्याउने महतको प्रस्तुत काव्य कृति **संयोग वियोग** त्यस्तै दुःख सुख, सङ्गति-विसङ्गतिको सङ्गालो हो[३८७] भनेका छन् । यसैगरी महतको गजलकारिता यस कृतिका बारेमा केशवराज आमोदीले यसरी धारणा राखेका छन्:[३८८]

> महतको गजल शृङ्गार-रस प्रधान कविता हो र यो कृति संभोग र विप्रलम्भ शृङ्गारले सुसज्जित बनेको छ । अभिव्यक्तिशिल्पिका सुन्दर सिर्जनाहरू आफ्नै माटो र पानीका आफ्नै गज र जीवनका अनि आफ्नै संयोग र वियोगजन्य क्षणहरूका दृष्टान्तस्वरूप कृतिका शेरशेरमा ओर्लिएका छन् । गजलका भावनाहरू कल्पनाका उडानमा रचिदैनन्

---

[३८५] प्रेमविनोद नन्दन , *शुभेच्छा ,* **प्रबोधन,** सरस्वती रिजाल, पूर्ववत् , पृ.७ ।

[३८६] गोविन्दराज विनोदी , *प्रबोधन : एक दृष्टि,* **प्रबोधन,** सरस्वती रिजाल, पूर्ववत् , पृ.१० ।

[३८७] केदारनाथ खनाल , *प्रकाशकीय ,* **संयोग-वियोग** , कृष्णकुमारी महत, ( चितवन : चितवन साहित्य परिषद् , २०६३ ) पृ. उल्लेख नभएको ।

[३८८] केशवराज आमोदी , *संयोग वियोगबाट उत्पन्न केही अनुभूतिहरू ,* **संयोग-वियोग** , कृष्णकुमारी महत, पूर्ववत् , पृ.८ ।

बरू ती अन्तरआत्माले सत्य ठानेका जीवनका अनुभूतिका आधारमा रचिन्छन् । गजलकार कृष्णले आत्माको कुरो बाहिर ल्याएकी छन् ।

नारी गजलकार महतको प्रस्तुत गजलसङ्ग्रहले जीवनको मिलन विछोडको स्वभाविक प्रक्रियालाई आत्मसात गर्दै गजलका माध्यमबाट प्रेम, सयोग, वियोग आदिका पक्षमा कलात्मक अभिव्यक्ति प्रकाशमा ल्याएको सङ्ग्रहले जीवनको मिलन विछोडको स्वभाविक प्रक्रियालाई आत्मसात गर्दै गजलका माध्यमबाट प्रेम, सयोग, वियोग आदिका पक्षमा कलात्मक अभिव्यक्ति प्रकाशमा ल्याएको छ ।

चिसापले नारी स्रष्टा महतको गजलसङ्ग्रह प्रकाशन गरेर एकातिर नारीहरूलाई पनि लेखन प्रोत्सान तथा हौसला थपेको छ भने नेपाली गजल साहित्यमा पनि स्तरीय कृति दिएर यसको सम्वृद्धिमा थप टेवा दिएको छ ।

## ५.४.२७ इन्द्रलाल श्रेष्ठ र उनको गजलसङ्ग्रह नयाँ आकाश नयाँ इतिहास (२०६४)

चिसापले २७औं प्रकाशनमालाका रूपमा इन्द्रलाल श्रेष्ठको दोस्रो पुस्तकाकार कृति गजलसङ्ग्रह **नयाँ आकाश नयाँ इतिहास** (२०६४) प्रकाशन गरेको छ । श्रेष्ठको यसबाहेक गजलसङ्ग्रहरू **भावनामा राष्ट्र बोल्छ** (२०६४), **नयाँ आकाश नयाँ इतिहास** (२०६४) प्रकाशित भइसेकेको छ । निक जोशीको आवरण रहेको यस कृति 'प्रजातन्त्रको लागि जीवन उत्सर्ग गर्ने सहिदहरूको सम्झनामा सादर सपर्पित' गरिएको छ । सर्वाधिकार कृतिकारमा रहेको यस कृति ९५ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको छ । यसको मूल्य रू ७५।- राखिएको छभने यसको मुद्रण चित्रवन प्रिन्टर्स प्रा.लि. नारायणगढले गरेको हो ।

यस सङ्ग्रहमा बूँद राना, केशवराज आमोदी, गोविन्दराज विनोदीको शुभकामनात्मक अभिव्यक्त, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य समावेश गरिएको छ । बूँद रानाले श्रेष्ठको गजलकारिताको उल्लेख गर्दै यस्तो धारणा राखेका छन्:[३८९]

> नयाँ आकाश नयाँ इतिहास नामै मिठो ! गजलसङ्ग्रह नामले मात्रै सम्पन्न ऐतिसासिक जन आन्दोलनबाट प्राप्त उपलब्धिको व्याख्या गरेको छ । झण्डै अढाईसय वर्षदेखि नेपालमा व्याप्त सामन्तवादी संरचनाको विषाक्त बादललाई आन्दोलनको हुरीले पन्छाएर स्वच्छ, शुभ्र आकाश उदाएको अवस्था हो अहिलेको । यो आकाशमा घाम, तारा देखिने छन् निर्विघ्न । अनि लेखिनेछ जनताको वास्तविक इतिहास । यो इतिहास नयाँ हुनेछ ।

सूक्ष्म तर सटीक, सहजै हृदयस्पर्श गर्ने उक्तिवैचित्र्यपूर्ण, साङ्गीतिक झङ्कारयुक्त लय र बिम्ब-प्रतीकहरूको सार्थक संयोजन भएका गजल लेख्ने श्रेष्ठको मूल्याङ्कन गरी चिसापले नेपाली गजल साहित्यमा थप गजल कृति दिएर यसको सम्वृद्धिमा थप टेवा दिएको छ ।

## ५.४.२८ इन्द्रलाल श्रेष्ठ र उनको आध्यात्मिक गजलसङ्ग्रह बिम्ब प्रतिविम्ब (२०६४)

चिसापले २८औं प्रकाशनमालाकारूपमा इन्द्रलाल श्रेष्ठको तेस्रो पुस्तकाकार कृति आध्यात्मिक गजलसङ्ग्रह **बिम्ब प्रतिविम्ब** (२०६४) प्रकाशन गरेको छ । श्रेष्ठको यसबाहेक

---

[३८९] बूँद राना, *सधैं प्रेररक बन्नुहोस,* **नयाँ आकाश नयाँ इतिहास** , इन्द्रलाल श्रेष्ठ, ( चितवन : चितवन साहित्य परिषद् , २०६४), पृ ७ ।

गजलसङ्ग्रहहरू **भावनामा राष्ट्र बोल्छ** (२०६२) र **नयाँ आकाश नयाँ इतिहास** (२०६४) प्रकाशित भएका छन् । निक जोशीको आवरण कला रहेको यस कृति ब्रह्मज्ञानी स्व.अङ्कलाल श्रेष्ठ तथा डा. क्षितिजचन्द्र चक्रवर्तीका सम्झनामा सपर्पित गरिएको छ । सर्वाधिकार कृतिकारमा रहेको यस कृति ६४ पृष्ठको आयातनमा फैलिएको छ । ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू ७५।- राखिएको छभने यसको मुद्रण चित्रवन प्रिन्टर्स प्रा.लि.नारायणगढले गरेको हो ।

यस गजलसङ्ग्रहमा सागर श्रेष्ठ 'महासरस्वती', तुलसीराम सापकोटा, नारायणप्रसाद गौतम, शिवराम पौडेलको शुभ कामनात्मक अभिव्यक्ति, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, गजलकार श्रेष्ठको आत्मकथन समावेश गरिएको छ । श्रेष्ठको गजलकारिताका बारेमा सागर श्रेष्ठ 'महासरस्वती'ले यस्तो धारणा राखेका छन् :[390]

> **बिम्ब प्रतिबिम्ब**प्रतिको यथार्थलाई दृष्टिपात गर्दा कविको सानो कलमभित्र प्रकाण्ड शक्ति छ । अरूलाई बाँच्न सिकाइ मात्र ऊ आफु बाच्दछ । यहाँ ब्रह्मज्ञानका छालहरू उर्लिएका छन् । जगत मिथ्यात्वका प्रमाणहरू पाइन्छन्, ब्रह्मवेत्राका स्वभावहरू भेटिन्छन् । यससङ्ग्रहमा 'ब्रह्म सत्य जगन्मिथ्या, जीवो ब्रह्मैव नापर' तथा 'एकोऽहं बहु-स्यामःप्रजायेपति'को व्याख्या पाइन्छ । यसमा आदित्य वर्णन्मतमसः परस्तात्' एवम् तमेव विदित्वातिमृत्युमेति नान्यःपन्था विद्यतेऽपनाय'को शंखनाद गरिएको पाइन्छ ।

अद्वितीयको प्रस्तुत काव्य कृति अद्वैतवेदान्तमा आधारित विशुद्ध आध्यात्मिक गजलसङ्ग्रह हो । चिसापले भिन्न भिन्न स्वादका गजलहरू समावेश गरी पुस्तकहरू प्रकाशित गर्ने क्रममा श्रेष्ठको प्रस्तुत गजलसङ्ग्रह **बिम्ब प्रतिविम्ब**ले पनि नेपाली गजल साहित्यमा थप योगदान दिने कुरामा दुई मत नहोला ।

### ५.४.२९ खेमराज दवाडी र उनको यात्राकाव्य अमेरिकाको यात्रा (२०६३)

चिसापले २९औं प्रकाशनमालाका रूपमा खेमराज दवाडी (२०२४)को दोस्रो पुस्तकाकार कृति काव्यसङ्ग्रह **अमेरिकाको यात्रा** (२०६३) प्रकाशन गरेको छ । यसबाहेक उनका कवितासङ्ग्रह **पुट्टपर्तीको यात्रा र मेरो अनुभव** प्रकाशित भएको छ । दवाडीको यस कृतिमा एकदेखि उन्नाईस श्लोकसम्मको आयाममा विस्तारित पचासीओटा कविताहरू सञ्चयन गरिएको छ । १०८+२० पृष्ठको आयातनमा फैलिएको यस कृतिको सर्वाधिकार लेखकमा रहेको छ । मूल्य रू ७५।- राखिएको यस कृतिको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, लक्ष्मणप्रसाद गौतमको समीक्षात्मक भूमिका, गोविन्दराज विनोदीको शुभकामना समावेश गरी आफ्नो अमेरिका यात्राका अनुभूतिलाई कवितात्मक रूपमा प्रस्तुत गरिएको छ । **अमेरिकाको यात्रा**मा डलरको लोभमा अमेरिका भासिँदाका निजी भोगाइ, विवशता, बाध्यता, घरपरिवारप्रतिको चिन्ता, बन्धु-बान्धवसँगको विछोड र स्वदेशको माया आदि विभिन्न विषयवस्तु र भावनात्मक अनुभूतिको हार्दिक प्रस्तुतिले पाठकको मन-मस्तिष्क छुन सकिएको[391] ठानिएको छ ।

---

[390] सागर श्रेष्ठ 'महासरस्वती', *भूमिका,* **बिम्ब प्रतिविम्ब,** इन्द्रलाल श्रेष्ठ, ( चितवन : चितवन साहित्य परिषद् २०६४), पृ. १४-१६ ।

[391] केदारनाथ खनाल, *प्रकाशकीय,* **अमेरिकाको यात्रा ,** खेमराज दवाडी, ( चितवन : चितवन साहित्य परिषद्, २०६३), पृ. क ।

यस कृतिमा कविले मनका अनेकौ. तरङ्गहरूलाई स्मृति, हर्ष, विष्मय, चिन्ता, प्रेम-प्रणय, देश प्रेम आदि विविध भावतरङ्गमा रङ्गाएर काव्यचित्रका रूपमा प्रस्तुत गरेका छन् । स्वस्फुर्त भाव, वर्णनात्मक शैली, तद्भव, आगन्तुक शब्दको सुन्दरप्रयुक्ति लगायत कोमलता र तरलता, अविधामूलक अभिव्यक्ति, मनको निश्चल पोखाइ जस्ता विशेषता अन्तर्निहित छन् ।[३९२] उनी भित्र रहेका अनेकौँ उकुसमुकुसहरू वर्णिक छन्दहरूमा बग्न पाउँदा भावनाहरूले निकास पाएका छन् ।[३९३]

यात्राका अनुभूतिलाई कवितात्मक रूपमा वर्णन गरिएको यस कृतिले प्रवासिँदाको पीडा, यात्राका सुखद, दुःखद प्रसङ्गहरूको वर्णनले पाठकहरूलाई पनि एक किसिमको आनन्दको अनुभूति हुने ठानिएको यस्ता कृति प्रकाशन गरेर चिसापले यहाको साहित्यिक विकासमा थप योगदान दिएको छ ।

### ५.४.३० प्रेमविनोद नन्दन र उनको गीतसङ्ग्रह ऐनाभित्रको आकाश (२०६३)

चिसापले ३०औं प्रकाशनमालाका रूपमा प्रेमविनोद नन्दनको छैटौँ पुस्तकाकार कृति गीगिसङ्गालो **ऐनाभित्रको आकाश** (२०६३) प्रकाशन गरेको छ । यसबाहेक उनका गीत तथा कवितासङ्ग्रह **बिपनीका पाइलाहरू (२०५२),** गीतिसङ्ग्रहहरू **झटारो** (२०११), **अञ्जलि** (२०१५), **सपनीबाट ब्यूँझेर** (२०२३) र गजलसङ्ग्रह **भीडमा एक्ला एक्लै** (२०६३) प्रकाशित भएका छन् । आवरण कला नवीनभक्त अधिकारीले कोरेका यस कृति **ऐनाभित्रको आकाश**को सर्वाधिकार गीतकारमा रहेको छ । ५०१ प्रति छापिएको र १३६+१२ पृष्ठको आयातनमा फैलिएको यस सङ्ग्रहको साधरण मूल्य रू १५१।- र विशेष मूल्य २०१।-राखिएको छ । यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

श्रीभक्त अच्युत वाग्लेको प्रकाशकीय मन्तव्य, राष्ट्रकवि माधव घिमिरेको शुभेच्छा मन्तव्य सहित प्रकाशित नन्दनका गीति गजलमा लोकलयको छनक पाइने र त्यसमा प्राकृतिक र आफ्नोपन पाइन्छ । यस क्रममा राष्ट्रकवि माधव घिमिरेले नन्दनको गीतिकारिताको बारेमा यसरी व्यक्त गरेका छन् :[३९४]

> लोकलयका गीतमा उर्दूगजलको जस्तो वास्ना पाइन्छ तर त्यो सिसीको अत्तर हैन वनकुसुमकै ताजा सुगन्ध हो । यहाँ बिम्बहरू आफ्नो प्रकृति र संस्कृतिबाट लिइएका छन् र भोग्नुपरेका द्वन्द्वका पीडालाई प्रकट गर्न उनले वरपीपलको जरा काट्नुसँगै समीकरण गरेका छन् । यस सङ्ग्रहका प्रेमका गीतमा पहिलेको जस्तै छिटो छरितोपन त पाइन्छ नै यसको साथै पिरतीले नेटो काटेर रहस्यतिर प्रवेश गरेको अनुभूति पनि पाइन्छ ।

यसैगरी कवि गोविन्दराज विनोदीले नन्दका गीतिलयमा आकाश र नन्दको प्रतिबिम्ब प्रस्तुत सङ्ग्रहमा यसरी व्यक्त भएको उल्लेख गरेका छन् :[३९५]

---

[३९२] गोविन्दराज विनोदी, *अमेरिकाको यात्राका कवियात्रीलाई दुई शब्द शुभ-कामना,* **अमेरिकाको यात्रा** , खेमराज दवाडी, पूर्ववत् , पृ घ ।

[३९३] लक्ष्मणप्रसाद गौतम, *शुभ-कामनाका शब्दपुष्प ,* **अमेरिकाको यात्रा** , खेमराज दवाडी, पूर्ववत् , पृ.च ।

[३९४] माधव घिमिरे, *नन्दन वनका अम्लान फूलका थुङ्गा* , **ऐनाभित्रको आकाश**, प्रेमविनोद नन्दन, ( चितवन : चितवन साहित्य परिषद् २०६३), पृ. उल्लेख नभएको ।

[३९५] श्रीभक्तअच्युत वाग्ले, *प्रकाशकीय* , **ऐनाभित्रको आकाश,** , प्रेमविनोद नन्दन, पूर्ववत् , पृ.उल्लेख नभएको ।

ऐनामा आकाश प्रतिबिम्बित छ र त्यहाँ कवि नन्दनको छवि उद्द्योतित छ । ऐनाभित्रको आकाश विचित्र छ त्यहाँ इन्द्रेनीका सप्तरङ्ग, झरी बादलका दृष्य, जीवन र जगतका वसन्त, शिशिर पनि रहेका छन् । यसमा शरच्चन्द्रको शीतल ज्योत्सना पनि छ, ग्रीष्मऋतुको प्रखर धूप र नन्दनवागको बोधिवृक्षको शीतल छहारी पनि छ ।

नन्दनका चिरसञ्चित स्मृतिबिम्बहरू यस सङ्गालो भित्र तरङ्गिएका छन् । यसमा समावेश भएका केही गीतहरू स्थानविशेष, व्यक्तिविशेष र समाजविशेषसित सम्बन्धित गीति रचनाहरू यस सङ्ग्रहमा समावेश भएका छन् । नन्दनजस्ता गीति क्षेत्रमा स्थापित स्रष्टाका रचनाहरूलाई पुस्तकाकार रूपमा प्रस्तुत गरी प्रकाशन गरेर चिसापले यहाको साहित्यिक उत्थानमा थप योगदान दिएको छ ।

### ५.४.३१ श्रीभक्त अच्युत वाग्ले र उनको लघुकाव्य प्रत्यागमन (२०६४)

चिसापको ३१औं प्रकाशनमालाका रूपमा श्रीभक्तअच्युत वाग्लेको दोस्रो पुस्तकाकार कृति कवितासङ्ग्रह **प्रत्यागमन** (२०६४) प्रकाशन गरेको छ । चिसापको अध्यक्ष समेत रहेका वाग्लेले यसअघि कवितासङ्ग्रह **म भित्रको मान्छे** (२०५७) तथा गीति एल्वम **मेरी श्रीमती** ( २०६०) र **निलो पछ्यौरी** (२०६४) समेत निकालेका छन् । १२४औं लेखनाथ जयन्तीका अवसरमा प्रकाशित यस कृति **प्रत्यागमन**को आवरणमा वाग्लेको आफ्नो जन्मभूमि तनहुँ जिल्लाको छापथोकको छविछायाँले सजाइएको छ । प्यारो जन्मभूमिप्रति सपर्पित गरिएको यस कृतिको सर्वाधिकार रचनाकारमा रहेको छ । कृति आकारका हिसावले लघु देखिन्छ । १४+१६ पृष्ठको आयातनमा फैलिएको र ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू २५।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस सङ्ग्रहमा गोविन्दराज विनोदीको समीक्षात्मक भूमिका, प्रेमविनोद नन्दनको शुभकामना मन्तव्य, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, रचनाकार वाग्लेको आत्मनिवेदन समावेश गराई कृतिको ओज बढाइएको छ । आफ्नो जन्मभूमिप्रतिको आस्थालाई कविले प्रस्तुत काव्यकृतिमा अभिव्यक्त गरेको गोविन्दराज विनोदीले यसरी व्यक्त गरेका छन् :[३९६]

> कविले आफू जन्मेहुर्केको ठाउँलाई बाल्यकालमै छोडेर चितवन आउनु परेतापनि कविको अवचेतनमा जन्मभूमिको अमिट समझना जागृत भइरहेको र त्यही जागृतिको सुमधुर झङ्कार वा नाद नै **प्रत्यागमन** लघुकाव्यको निर्मिति हो । आकारमा सानो वा लघु देखिए पनि कविको बाल्यकालीन जीवनका विभिद पक्षहरू समेटिएको एउटा सुन्दर स्मृतिकाव्यकारूपमा **प्रत्यागमन**लाई लिन सकिन्छ ।

आफ्नो जन्मभूमिप्रतिको आस्थालाई कविले कविताको लयमा सम्झेका छन् । आफ्नो जन्मभूमिप्रतिको आस्था र सम्झनालाई कवितामा उतारेर कवि वाग्लेले एकातिर आफ्नो कविता कौशल देखाएका छन् भने अर्कोतिर मातृभूमिको स्नेहलाई पनि भुल्न सकेका छैनन् । आकार प्रकारमा लघु देखिए पनि कवि वाग्लेले आफ्नो मातृभूमि प्रति देखाएको महानतालाई अभिव्यक्त

---

[३९६] गोविन्दराज विनोदी, *प्रत्यागमन भित्र कवि वाग्लेको प्रतिच्छाया* , **प्रत्यागमन** , श्रीभक्तअच्युत वाग्ले, ( चितवन : चितवन साहित्य परिषद् २०६४) , पृ.उल्लेख नभएको ।

प्रस्तुत काव्यकृति प्रकाशन गरेर चि.सा.प.ले यहाँको साहित्यिक विकासमा थप टेवा पुऱ्याएको छ ।

### ५.४.३२ रामबाबु घिमिरे र उनको निबन्धसङ्ग्रह अनर्गल प्रलाप (२०६५)

चिसापको ३२ औं प्रकाशनमालाका रूपमा रामबाबु घिमिरे (२०११)को पाचौं पुस्तकाकार कृति निबन्धसङ्ग्रह **अनर्गल प्रलाप** (२०६५) प्रकाशन भएको छ । चिसापका संस्थापक तथा आजीवन सदस्य समेत रहेका घिमिरेको यसबाहेक उपन्यास **रित्तो आकाश** (२०३२), निबन्धसङ्ग्रहहरू **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्ने कुराहरू** (२०५६), **मुक्तकसङ्ग्रह** (२०५६) प्रकाशित भएका छन् । 'पूजनीय पिता स्व.गम्भीरध्वज घिमिरेमा जसको स्नेह र लगानीका कारणबाट यस कृतिको सिर्जन सम्भव बन्यो' भनी समर्पण गरी वसन्तऋतुको अवसरमा प्रकाशित कृति **अनर्गल प्रलाप**को आवरण कला गोविन्दराज विनोदीको रहेको छ । २८ ओटा निबन्धहरूका सञ्चयन १२३+१६ पृष्ठको आयातनमा फैलिएको यस कृतिको सर्वाधिकार लेखकमा रहेको छ । यसको मूल्य रू१२५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस सङ्ग्रहमा गोविन्दराज भट्टराईको समीक्षत्मक भूमिका, केदारनाथ खनालको प्रकाशकीय मन्तव्य, रामबाबु घिमिरेका आफ्नो भन्नु समावेश गरिएको छ । घिमिरेको निबन्धकारिको चर्चा गर्दै प्रस्तुत सङ्ग्रहका बारे गोविन्दराज भट्टराईले यसरी औंल्याँएका छन् :[३९७]

संस्मरणात्मकजस्ता लाग्ने तर अनेक विषय छुँदै उड्ने व्यङ्ग्य र विनम्रताले भरिएको रामबाबुका निबन्ध नेपाली निबन्धको मेनस्ट्रिममा उनिएका छन् । उनी एक विशिष्ट पहिचान भएका छन्, चितवनका उत्कृष्ट भएका छन् ।

सरल, प्रवाहमय एवम् प्राञ्जल भाषा, सहज सम्प्रेष्यता, मृदु-हास्य, तीखो व्यङ्ग्य, आकारमा लघुतासमेतको वेणी तथा गुणवत्ताको दृष्टिकोणले वजनदार प्रस्तुत निबन्धसङ्ग्रह पाठक-भावकहरूको लागि निश्चय नै रूचिकर हुने ठानिएको छ । चितवनमा उपन्यास प्रकाशन गरी ऐतिहासिक स्थान सुरक्षित बनाएका घिमिरे निबन्ध तथा मुक्तक लेखनमा विशेष दखल राख्छन् । उनको उक्त निबनधसङ्ग्रह **अनर्गल प्रलाप** आफैमा उपलब्धिमूलक कृतिका रूपमा रहेको छ ।

### ५.४.३३ केदारनाथ खनाल र उनको नियात्रासङ्ग्रह यात्राका स्पन्दनहरू (२०६५)

चिसापको ३३औं प्रकाशनमालाका रूपमा केदारनाथ खनालको तेस्रो पुस्तकाकार कृति नियात्रासङ्ग्रह **यात्राका स्पन्दनहरू** (२०६५) प्रकाशन भएको छ । यसअघि खनालका कवितासङ्ग्रह **अनुभूतिका शब्द-तरङ्ग** (२०६१), शैक्षिक लेखहरूको सङ्गालो **शिक्षाः केही गन्थन केही मन्थन** (२०६२), संस्मरणसङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६६) प्रकाशित भएका छन् । नववर्ष २०६५ सालको अवसरमा प्रकाशित यस कृति **यात्राका स्पन्दनहरू**को आवरणमा अमेरिकी स्वतन्त्रताको प्रतीक लिवर्टी स्टाच्यु, अब्राहमलिङ्कन पार्क आदिले सजाइएको छ । १९ ओटा

---

[३९७] गोविन्दराज भट्टराई, *यी शक्तिशाली सिर्जना नै परिचय हुन् यसमाथि कुनै भूमिका नलेख्दा हुने,* **अनर्गल प्रलाप**, रामबाबु घिमिरे, पूर्ववत्, पृ.उल्लेख नभएको ।

नियात्रा स्मरणहरूको सञ्चयन यस कृतिको सर्वाधिकार लेखकमा रहेको छ । १३२+२४ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू १२५।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यसमा गोविन्दराज भट्टराई, लक्ष्मणप्रसाद गौतमका समीक्षात्मक भूमिका, प्रेमविनोद नन्दनको शुभेच्छा तथा श्रीभक्त अच्युत वाग्लेको प्रकाशकीय मन्तव्य समावेश गरिएको छ । गोविन्दराज भट्टराईले खनालको निबन्धकारिकाको प्रसंशा गर्दै लेखकको इमान्दारिता, जिज्ञासाभाव र निर्दोषिता बडो सुन्दर पक्षसँग आएका छन् । भाषा सरल र सुन्दर छ र निरीक्षणको सूक्ष्मता र तीब्रता प्रशंसनीय छन् । ग्लोबताले साँघुरिएको विश्वबारे सुन्दर शैलीमा ज्ञान र सूचना बोकेर आउने यी निबन्धको ठूलो मह,व रहेको उल्लेख गरेका छन् ।[३९८] यसैगरी लक्ष्मणप्रसाद गौतमले यस कृतिलाई यात्रावृतान्तको अनुभूतिगत दस्तावेज हो भन्दै यो वर्णन विवरणमा मात्र केन्द्रित नभएको, वैयक्तिक विवरणमा मात्र पनि केन्द्रित नरहेको, बरू यसले प्रत्येक पाठकलाई त्यहाँ पुऱ्याउँछ, जहाँजहाँ उनी पुगेका छन् भनी बताएका छन् ।[३९९] यसैगरी श्रीभक्त वाग्लेले यस कृतिमा खनालका भारत, जापान, अमेरिका यात्राकाक्रममा सङ्गालिएका अनुभूतिहरू जीवन्त चित्रात्मक रूप देख्न पाइएको र नियात्राकार खनालले सरल भाषा, रोचक वर्णनात्मक शैली र नेत्र दृष्टि एवम् हृदयदृष्ट सत्यको निश्छल प्रकटीकरण गरेका उल्लेख गरेका छन् । [४००]

खनालको कलम यात्रा साहित्य ( संस्मरण) मा पनि त्यत्तिकै सशक्त रूपमा रहेको प्रस्तुत कृतिको अध्ययनबाट थाहा पाउन सकिन्छ । विदेश भ्रमणका रोचक अनुभूतिहरूलाई निबन्धका माध्यमबाट प्रस्तुत गराई खनालले आफूलाई सफल निबन्धकारको रूपमा उभ्याएका छन् । सरल भाषा, रोचक वर्णनात्मक शैलीमा पाठकलाई रोमाञ्चित तुल्याउन सक्नु खनालको विशिष्ट प्राप्ति हो ।

### ५.४.३४ डी.डी.शर्मा (डमरूदेव शर्मा पौडेल) र उनको कवितासङ्ग्रह प्रतिध्वनि (२०६५)

चिसापको ३४औं प्रकाशनमालाका रूपमा डी.डी.शर्मा (डमरूदेव शर्मा पौडेल) (२००५)को दोस्रो पुस्तकाकार कृति कवितासङ्ग्रह **प्रतिध्वनि** (२०६५) प्रकाशित भएको छ । चिसापको पूर्व कोषाध्यक्ष तथा आजीवन सदस्य समेत रहेका शर्माको यसबाहेक कवितासङ्ग्रह **डमरूको आवाज** (२०४८) प्रकाशित भएको छ । १९५औं भानुजयन्तीको अवसरमा प्रकाशित यस कृति **प्रतिध्वनि**को आवरण चित्र गोविन्दराज विनोदीको रहेको छ । कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । १०८+१२ पृष्ठको आयातनमा फैलिएको यस कृतिको मूल्य रू १००।- राखिएको छ भने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

गोविन्दराज विनोदीको समीक्षात्मक भूमिका, श्रीभक्तअच्युत वाग्लेको प्रकाशकीय मन्तव्य, कवि पौडेलको आत्मनिवेदन समावेश गरी प्रकाशित यस कृति **प्रतिध्वनि**मा कवि शर्माले आफूलाई लागेको वा आफ्नो ब्रम्हले देखेका कुरालाई कविताका माध्यमबाट पोखेर

---

[३९८] गोविन्दराज भट्टराई, *आजको पाठकलाई यस्तै सिर्जनाको खाँचो छ,* **यात्राका स्पन्दनहरू**, केदारनाथ खनाल, ( चितवन : चितवन साहित्य परिषद, २०६५), पृ.क-च ।

[३९९] लक्ष्मणप्रसाद गौतम, *यात्राका स्पन्दनहरूको वस्तुविन्यास,* **यात्राका स्पन्दनहरू**, पूर्ववत्, पृ.छ-ड ।

[४००] श्रीभक्तअच्यूत वाग्ले, *प्रकाशकीय ,* **यात्राका स्पन्दनहरू** , केदारनाथ खनाल, पूर्ववत्, पृ.त ।

मनलाई हलुका पार्ने गरेका छन् । त्यसकारण उनका कविता निबन्धजस्ता अनौपचारिक, कथाजस्ता कौतुहलपूर्ण र नाटकजस्ता रहस्यमय एवम रोचक हुन्छन् ।[४०१]

विभिन्न छन्द र विविध विषयवस्तु समेटी प्रकाशित यस कवितासङ्ग्रह निश्चय नै पाठक, भावक वर्गका लागि रूचिकर हुनेछ ठानिएको छ । चिसापले चितवनका पुराना कवि पौडेलको खारिएका कविताहरूको सङ्ग्रह प्रकाशन गरेर यहाँको साहित्यिक संवृद्धिमा बल पुऱ्याएको छ ।

### ५.४.३५ पुष्प आचार्य र उनको गजलसङ्ग्रह दैलो भित्र दैलो बाहिर (२०६५)

चिसापको ३५औं प्रकाशनमालाकारूपमा पुष्प आचार्य (२०३१) को पाचौं पुस्तकाकार कृति गजलसङ्ग्रह **दैलो भित्र दैलो बाहिर** (२०६५) प्रकाशन गरेको छ । चिसापका आजीवन सदस्य रहेका आचार्यको नाटकसङ्ग्रहहरू **नेपाल गयो भन्दिनु है** (२०५८), **मैना** (२०६१),**अन्तिम लास** (२०६३) र **हराएको सूर्य** (२०६५) प्रकाशित भइसकेका छन् । लक्ष्मीजयन्तीको अवसरमा प्रकाशित यस कृति **दैलो भित्र दैलो बाहिर**को आवरण कला नवीनभक्त अधिकारीले कोरेका छन् । १०४+१० पृष्ठको आयातनमा फैलिएको यस कृतिमा १०४ ओटा गजल सञ्चयन गरिएको छ । सर्वाधिकार लेखकमा रहेको यस कृति १००१ प्रति छापिएको छ । व्यक्तिगत मूल्य रू १००।-र संस्थागत मूल्य रू २५०।- राखिएको यस सङ्ग्रहको मुद्रण गौरव अफसेट प्रेस नारायणगढले गरेको हो ।

यस सङ्ग्रहमा प्रेमविनोद नन्दन, केशवराज आमोदीका समीक्षात्मक भूमिका तथा शुभकामना मन्तव्य, श्रीभक्त अच्युत वाग्लेको प्रकाशकीय लेख, गजलकार आचार्यको आत्मनिवेदन समावेश गरिएको छ । आचार्यले यस सङ्ग्रहमा समावेश गरिएका गजलहरूमा सघन भाव, उक्ति वैचित्र्य एवम् बिम्ब र प्रतीकहरूको राम्रो संयोजन गरेका छन् ।[४०२] यसमा सङ्ग्रहित गजलरचनामा प्रेम प्रणयका विभिद भावनाहरू, सामाजिक जीवन भोगाइका आरोह अवरोहहरू, मुलुकले भोग्नुपरेका घात प्रतिघातहरू, सामाजिक, आर्थिक एवम् राजनीतिक विकृति विसङ्गतिहरू, राष्ट्रप्रेम, प्रीतिको अमरता, राष्ट्रिय स्वाभिमान, मानवता, नवपरिवर्तनको चाहजस्ता विषयवस्तुहरू कलात्मक रूपमा प्रस्तुत गरिएका छन् ।'[४०३] यसैगरी देशको समसामयिक राजनीति घटनावलीदेखि लिएर सामाजिक विकृति र विसङ्गतिका साथै प्रेम प्रणयप्रति पनि गजलकारको अभिव्यक्तिले गजलकृति श्रुतिमधुर, हृदयस्पर्शी र भावाभिव्यञ्जनाभिराम बनेको छ ।'[४०४]

प्रेम प्रणयका विभिद भावनाहरू, सामाजिक जीवन भोगाइका आरोह अवरोहहरू, मुलुकले भोग्नुपरेका घात प्रतिघातहरू, सामाजिक, आर्थिक एवम् राजनीतिक विकृति विसङ्गतिहरू, राष्ट्रप्रेमका अभिव्यक्तलाई आचार्यले गजलका माध्यमबाट अभिव्यक्त गरेका छन् । चिसापले ङ्गमञ्चका पर्याय बनिसकेका पुष्प आचार्यको गजलसङ्ग्रह प्रकाशित गरेर यहाँको गजलकारिता फस्टाउन मद्दत गरेको देखिन्छ ।

### ५.४.३६ कुलप्रसाद ढुङ्गाना र उनको संमालोचनासङ्ग्रह संस्कृत साहित्य सिद्धान्त (२०६५)

---

[४०१] गोविन्दराज विनोदी, *प्रतिध्वनिमा तरङ्गस्नान,* **प्रतिध्वनि** डी.डी.शर्मा, ( चितवन : चितवन साहित्य परिषद्, २०६५), पृ. क ।

[४०२] श्रीभक्तअच्यूत वाग्ले, *प्रकाशकीय,* **दैलो भित्र दैलो बाहिर,** पुष्प आचार्य , ( चितवन : चितवन साहित्य परिषद्, २०६५), पृ. उल्लेख नभएको ।

[४०३] गोविन्दराज विनोदी, *भूमिका* , **दैलो भित्र दैलो बाहिर,** पुष्प आचार्य, पूर्ववत् , पृ. उल्लेख नभएको ।

[४०४] केशवराज आमोदी, *शुभाकाङ्छा* , **दैलो भित्र दैलो बाहिर,** पुष्प आचार्य, पूर्ववत् , पृ. उल्लेख नभएको ।

चिसापले ३६औँ  प्रकाशनमालाका रूपमा कुलप्रसाद ढुङ्गना (२०१२) को दोस्रो पुस्तकाकार कृति समालोचनासङ्ग्रह **संस्कृत साहित्य सिद्धान्त**  (२०६५) प्रकाशन गरेको छ । चि.सा.प.का आजीवन सदस्य रहेका ढुङ्गानाको यसअघि शोधमूलक समालोचनासङ्ग्रह **शोध र समीक्षा** (२०६४) प्रकाशित भइसकेको छ ।  यस कृतिको आवरण कला दीपेन्द्रकुमार जोशी 'निक'ले बनाएका छन् भने कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । ११८+८ पृष्ठको आयातनमा फैलिएको यस कृतिमा विभिन्न १२ वटा समालोचनात्मक लेखहरू सङ्गालिएको छ । ५०१ प्रति छापिएको यस कृतिको मूल्य रू १५०।- राखिएको छभने यसको मुद्रण चित्रवन प्रिन्टर्स प्रा.लि.नारायणगढले गरेको हो  ।

यस सङ्ग्रहमा ढुङ्गनाले पूर्वीय साहित्य सिद्धान्तअन्तर्गतका काव्यको परिभाषा, काव्यको हेतु, काव्य प्रयोजन, शब्दशक्ति, रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति, औचित्य, छन्द, गुणजस्ता गहन शास्त्रीय विषयलाई पनि ज्यादै सरल र सरस भाषा शैलीमा प्रस्तुत गरेका छन्।[४०५] उनले साहित्यका विद्यार्थी तथा यसमा रूचि राख्ने जिज्ञासुहरूलाई समेत उपयोगी हुने गरी यस कृति तयार पारेका छन् । संस्कृत भाषामा लेखिएका विभिन्न गहन लक्षणग्रन्थहरू विद्यार्थीको निमित्त भाषिक कारणले जटिल हुने र बजारमा उपलब्ध अति सामान्य प्रश्नोत्तरजस्ता सहयोगीग्रन्थहरूबाट विषयवस्तुको ज्ञान हुन नसक्नेजस्ता कारणले पनि यस किसिमका पुस्तकको आवश्यकता थियो । त्यही आवश्यकता परिपूर्तिका निमित्त यो ग्रन्थ सहयोगी हुने आशा लिइएको छ ।[४०६]

विशेष गरी विश्वविद्यालय तहमा पूर्वीय साहित्य सिद्धान्तका अध्ययन अनुसन्धानका लागि समेत सहायक हुने किसिमका समालोचना सङ्ग्रह प्रकाशन गरेर चिसापले प्रसंशनीय कार्य गरेको छ ।

**५.४.३७ तिलकराज शर्मा पौडेल र उनको हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह दौरासुरुवाल र टोपी आतङ्क  (२०६५)**

चिसापको ३७औँ प्रकाशनमालाका रूपमा तिलकराज शर्मा पौडेल(२०११)को दोस्रो पुस्तकाकार कृति हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **दौरासुरुवाल र टोपी आतङ्क** (२०६५) प्रकाशन गरेको छ । चिसापका संस्थापक तथा आजीवन सदस्य रहेका पौडेलको यस अघि हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **पार्टी खोल्ने धुनमा** (२०५२) प्रकाशित भएको छ । माघेसङ्क्रान्ति २०६५को अवसरमा प्रकाशित यस कृति **दौरासुरुवाल र टोपी आतङ्क** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह १०४+२० पृष्ठको आयातनमा फैलिएको छ । यस कृतिमा २१ ओटा हास्यव्यङ्ग्य निबन्ध सञ्चयन गरिएको र यस कृतिको सर्वाधिकार लेखकमा रहेको छ । १००० प्रति छापिएको यस कृतिको व्यक्तिगत मूल्य रू १००।-र संस्थागत मूल्य रू २००।- राखिएको छ । यसको मुद्रण  चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस सङ्ग्रहमा रामबाबु घिमिरे, गोविन्दराज विनोदी, लक्ष्मणप्रसाद गौतमका समीक्षात्मक भूमिका, केदारनाथ खनालका प्रकाशकीय लेख, लेखकको आत्मनिवेदन समावेश गरिएका छन् । शर्मा हाम्रै समाजमा प्रचलित सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक आदि विविध पक्षीय विसङ्गति र विकृतिका अङ्गहरूलाई कुत्कुत्याएर हँसाउन र मुटु नै छेड्ने व्यङ्ग्यको सुइरो रोप्न निक्कै सिपालु छन् । आत्मपरक र अनौपचारिक शैलीमा निबन्ध लेख्न मन पराउने शर्माको पछिल्लो हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **दौरासुरुवाल र टोपी**

---

[४०५] केदारनाथ खनाल, *प्रकाशकीय,* **संस्कृत साहित्य सिद्धान्त**, कुलप्रसाद ढुङ्गाना, ( चितवन : चितवन साहित्य परिषद्, २०६५), पृ.ग ।

[४०६] कुलप्रसाद ढुङ्गाना, **संस्कृत साहित्य सिद्धान्त,** पूर्ववत् , पृ. च-छ ।

**आतङ्क**ले पनि हाम्रै समाजका वार्तमानिक विकृतिहरूलाई यथार्थरूपमा देखाउन हास्यव्यङ्ग्य पथ रोजेको पाइन्छ ।[४०७] यो कृति एक किसिमले देवकोटाका शब्दहरू सापटी लिएर भन्ने हो भने 'विविधताको मौजी मसला' हो । यी निबन्धहरूले समाजका विविध क्षेत्रमा देखिएका तमाम सङ्गतिहीनतालाई बाहिर ल्याएका छन् । विकृति र विसङ्गतिको कारक त,व स्वयममा मान्छे हो र प्रत्येक मान्छेले आफ्नो आचरणमा सुधार ल्याउने हो भने देश र समाज स्वतः नै सुधिन्छ । यही कथ्य र केन्दीय भावलाई यस सङ्ग्रहका निबन्धले मूल रूपमा अभिव्यञ्जित गर्न खोजेका छन् ।[४०८]

यसमा समाविष्ट निबन्धहरू प्रायः सबै मान्छे र समाजमा व्याप्त विकृति, विसङ्गति, कूरपता, नग्नता, अनैतिकता, उच्छृङ्खलता र छाडापनजस्ता असङ्गतिलाई कुत्कुत्याउँदै मर्मभेदी तीक्ष्ण प्रहार गर्न सफल भएका छन् । 'हास्यव्यङ्ग्य साहित्यको मीठो अचार हो' भन्ने भनाइलाई चरितार्थ पार्दै चिसापले हास्यब्यङ्ग्य सङ्ग्रह प्रकाशन गरेर यहाको साहित्यमा विविधता थपेको छ ।

**५.४.३८ केदारनाथ खनाल र उनको संस्मरणसङ्ग्रह स्मृतिका बिम्बहरू (२०६६)**

चिसापको ३८औँ प्रकाशनमालाकारूपमा केदारनाथ खनालको चौथो पुस्तकाकार कृति संस्मरणसङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६६) प्रकाशन गरेको छ । खनालका कवितासङ्ग्रह **अनुभूतिका शब्द-तरङ्ग** (२०६१), शैक्षिक लेखहरूको सङ्गालो **शिक्षाः केही गन्थन केही मन्थन** ( २०६२) र नियात्रासङ्ग्रह **यात्राका स्पन्दनहरू** (२०६५) समेत प्रकाशित भएका छन् । परमपुज्य हजुरबुबा स्व.हरिकृष्ण उपाध्याय खनाल परमश्रद्धेया हजुरआमा स्व.श्रमिती नन्दकुमारी खनाल तथा पूज्यपाद बुबा स्व. भोगप्रसाद खनाल ममतामयी आमा स्व.श्रीमती देवमाया खनालप्रति समर्पण गरी नव वर्ष २०६६ सालको अवसरमा प्रकाशित यस कृतिको आवरण कलाकार रमेश श्रेष्ठको रहेको छ । कृतिको सर्वाधिकार कृतिकारमा रहेको छ । १०८+२४ पृष्ठको आयातनमा फैलिएको यस कृतिमा विभिन्न २१ ओटा संस्मणात्मक लेखहरू सङ्गालिएको छ । यस कृतिको मूल्य रू १००।- राखिएको छभने यसको मुद्रण चितवन छापाखाना भरतपुरले गरेको हो ।

यस सङ्ग्रहमा तुलसी भट्टराई, कपिल अज्ञातको समीक्षात्मक भूमिका, श्रीभक्त अच्युत वाग्लेको प्रकाशकीय मन्तव्य समेत समावेश गरिएको छ । मानिस संवेदनशील प्राणी भएकाले ऊ भित्र विभिन्न प्रकारका संवेगहरूका भण्डार हुन्छ । परिस्थितिजन्य घटना र परिवेशले सुसुप्तावस्थामा रहेका भावानुभूतिलाई घच्घच्याएर बाहिर निकाली दिन्छ । प्रस्तुत कृति **स्मृतिका बिम्बहरू** त्यस्तै कोटीको प्रकटीकरण हो । विभिन्न समय र सन्दर्भमा कोरिएका बसी बिँयालोको उपज हो ।[४०९]

वाङ्मयका विविध विषयमा एक दर्जनभन्दा बढी कृतिहरूको रचना र सम्पादन गरी सांस्कृतिक-साहित्यिक संयोजकका रूपमा चिनिएका खनालको यस कृति पठनीय तथा सङ्ग्रहणीय छ । चिसापले यस्ता किसिमका कृतिहरू प्रकाशन गरेर यहाको साहित्यलाई सम्वृद्ध बनाएको छ ।

---

[४०७] गोविन्दराज विनोदी, *दौरा सुरूवाल र टोपीआतङ्कको दृष्टिसाक्ष्य* , **दौरासुरुवाल र टोपी आतङ्क** , तिलकराज शर्मा पौडेल, ( चितवन : चितवन साहित्य परिषद् २०६५), पृ.ङ ।

[४०८] लक्ष्मणप्रसाद गौतम, *मीठो व्यङ्ग्यका घोचक बान्कीहरू* , **दौरासुरुवाल र टोपी आतङ्क,** तिलकराज शर्मा पौडेल, पूर्ववत् , पृ.ठ ।

[४०९] केदारनाथ खनाल, *आत्मनिवेदन* , **स्मृतिका बिम्बहरू** ( चितवन : चितवन साहित्य परिषद् २०६६), पृ.द ।

चि.सा.प.ले नेपाली साहित्यका विविध विधाका ३८ ओटा कृतिहरू प्रकाशन गरेको छ । कविताको लघुतम् रूप मानिएको हाइकुको सङ्ग्रह  देखि वृहद रूपको महाकाव्य सम्म प्रकाशन गरेर चितवनको साहित्यिक धरातलमा दह्रोसङ्ग उभिएको छ । चिसापद्वारा प्रकाशित उपर्युक्त कृतिहरूको छोटो समयमा जानकारी लिनका लागि सजिलो होस् भन्ने हेतुले यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

चि.सा.प.ले नेपाली साहित्यका विविध विधाका ३८ ओटा कृतिहरू प्रकाशन गरेको छ । कविताको लघुतम् रूप मानिएको हाइकुको सङ्ग्रह  देखि वृहद रूपको महाकाव्य सम्म प्रकाशन गरेर चितवनको साहित्यिक धरातलमा दह्रोसङ्ग उभिएको छ । चि.सा.प.द्वारा प्रकाशित उपर्युक्त कृतिहरूको छोटो समयमा जानकारी लिनका लागि सजिलो होस् भन्ने हेतुले यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं . ९**
**चितवन साहित्य परिषद्बाट प्रकाशित पुस्तकहरू**

| क.सं. | स्रष्टाको नाम | कृतिको नाम | विधा | प्रकाशन साल |
|---|---|---|---|---|
| १ | प्रेमविनोद नन्दन | विपनीका पाइलाहरू | गीत तथा कवितासङ्ग्रह | २०५२ |
| २ | कपिल अज्ञात | समालोचनाको सन्दर्भ | समालोचनासङ्ग्रह | २०५५ |
| ३ | गोविन्दराज विनोदी | निर्मम निर्मम घडीहरू | गजलसङ्ग्रह | २०५६ |
| ४ | रामबाबु घिमिरे | लेख्न नपर्ने कुराहरू | निबन्धसङ्ग्रह | २०५६ |
| ५ | सूर्यमणि अधिकारी | आत्मावतार | कथासङ्ग्रह | २०५६ |
| ६ | श्रीभक्तअच्युत वाग्ले | म भित्रको मान्छे | कवितासङ्ग्रह | २०५७ |
| ७ | श्यामानन्द पौडेल | शिवशक्ति शिखरिणी | कवितासङ्ग्रह | २०५८ |
| ८ | गोविन्दराज विनोदी | छन्द विनोद | कवितासङ्ग्रह | २०५९ |
| ९ | नारायणदत्त शास्त्री | कृषि डायरी | लघुकाव्य | २०५९ |
| १० | राजकृष्ण पौडेल | दौपदीको पश्चातत्ताप | खण्डकाव्य | २०५९ |
| ११ | नरेन्द्रराज पौडेल | एलो सी माथिको साँझ | संस्मरणात्मक निबन्धसङ्ग्रह | २०६० |
| १२ | विमलप्रकाश देवकोटा | विमल-दर्पण | हाइकुसङ्ग्रह | २०६० |
| १३ | प्रकाश पौडेल 'माइला' | पर्दाफास | हाइकुसङ्ग्रह | २०६१ |
| १४ | केदारनाथ खनाल | अनुभूतिका शब्द-तरङ्ग | कवितासङ्ग्रह | २०६१ |
| १५ | केदारनाथ खनाल र अन्य ( सम्पा.) | कवितामा चितवन | कवितासङ्ग्रह | २०६१ |
| १६ | गायत्री श्रेष्ठ | बादलुको घुम्टोभित्र | गीतिसङ्ग्रह | २०६२ |
| १७ | शीतल कादम्बिनी | सुगन्धयात्रा | गजलसङ्ग्रह | २०६२ |
| १८ | केदारनाथ खनाल | शिक्षाःकेही गन्थन केही मन्थन | शैक्षिक लेखसङ्गालो | २०६२ |
| १९ | इन्द्रलाल श्रेष्ठ'अद्वितीय' | भावनामा राष्ट्रबोल्छ | गजलसङ्ग्रह | २०६२ |
| २० | कल्पना अधिकारी | आमा | कथासङ्ग्रह | २०६२ |
| २१ | सुरेन्द्र अस्तफल | बिम्बशिविर | कवितासङ्ग्रह | २०६२ |
| २२ | बालकृष्ण थपलिया | धारा एकसय सत्ताईस | कविता/गजलसङ्ग्रह | २०६२ |
| २३ | होमनाथ पौडेल 'हिमाँशु' | विभूति दर्पण | महाकाव्य | २०६२ |
| २४ | राजकृष्ण कँडेल | संवेदनाका स्वरहरू | निबन्धसङ्ग्ह | २०६२ |
| २५ | सरस्वती रिजाल | प्रवोधन | कवितासङ्ग्रह | २०६३ |
| २६ | कृष्णकुमारी महत | संयोग वियोग | गजलसङ्ग्रह | २०६३ |

| | | | | |
|---|---|---|---|---|
| २७ | इन्द्रलाल श्रेष्ठ'अद्वितीय' | नयाँ आशाश नयाँ इतिहास | गजलसङ्ग्रह | २०६४ |
| २८ | इन्द्रलाल श्रेष्ठ'अद्वितीय' | बिम्ब प्रतिबिम्व | आध्यात्मिक गजलसङ्ग्रह | २०६४ |
| २९ | खेमराज दवाडी | अमेरिका यात्रा | यात्राकाव्य | २०६४ |
| ३० | प्रेमविनोद नन्दन | ऐना भित्रको आकाश | गीतसङ्ग्रह | २०६४ |
| ३१ | श्रीभक्तअच्युत वाग्ले | प्रत्यागमन | लघुकाव्य | २०६४ |
| ३२ | रामबाबु घिमिरे | अनर्गल प्रलाप | निबन्धसङ्ग्रह | २०६५ |
| ३३ | केदारनाथ खनाल | यात्राका स्पन्दनहरू | नियात्रासङ्ग्रह | २०६५ |
| ३४ | डी.डी.शर्मा | प्रतिध्वनि | कवितासङ्ग्रह | २०६५ |
| ३५ | पुष्प आचार्य | दैलो भित्र दैलो बाहिर | गजलसङ्ग्रह | २०६५ |
| ३६ | कुलप्रसाद ढुङ्गाना | संस्कृत साहित्य सिद्धान्त | काव्यसिद्धान्त | २०६५ |
| ३७ | तिलकराज शर्मा | दौरा सुरूवाल आतङ्क | हास्यव्यङ्ग्य सङ्ग्रह | २०६५ |
| ३८ | केदारनाथ खनाल | स्मृतिका बिम्बहरू | संस्मरण सङ्ग्रह | २०६६ |

## ५.५ निष्कर्ष :

चि.सा.प.ले वि.सं.२०५२ सालदेखि स्थानीय स्तरमा भाषा, कला, साहित्य आदिका क्षेत्रमा उल्लेखनीय योगदान गरेका स्रष्टाहरूलाई चि.सा.प. प्रतिभा पुरस्कार र वि.सं.२०५५ सालदेखि केन्द्रीयस्तरमा कृतिहरूको आह्वान गरी उत्कृष्ट ठहरिएको कृतिका स्रष्टाहरूलाई कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार प्रदान गर्दै आएको छ । परिषद्ले हालसम्म १६ जनालाई चि.सा.प. प्रतिभा पुरस्कार र ९ जनालाई कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कारबाट सम्मान गरेको छ । कतिपय स्रष्टाहरू चि.सा.प. प्रतिभा पुरस्कार र कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार समेत दुवै पुरस्कारबाट सम्मानित भएका छन् ।

चि.सा.प.ले आफ्ना उद्देश्य अनुसार मुखपत्रका रूपमा साहित्यिक पत्रिका **वागीश्वरी** प्रकाशन गरी हालसम्म निरन्तरता दिएको छ । पत्रिका प्रकाशन गर्ने क्रममा यसका कतिपय अङ्कहरू विशेषाङ्कका रूपमा समेत प्रकाशित भएका छन् । यसका कविता, समसामयिक, संस्मरण, गजल, माधव घिमिरे, मनकामना, देवकोटा आदिका बारेमा विशेषाङ्क समेत प्रकाशित गरिएको छ । यसैगरी कतिपय अङ्कहरूमा कविहरू प्रेमविनोद नन्दन, गोविन्दराज विनोदीका बारेमा पनि विशेष सामग्री समावेश गराई प्रकाशित गरिएको छ । संस्थाको मुखपत्रका रूपमा प्रकाशित भए पनि अग्रज, अनुज तथा सबैखाले आस्था र विचार राख्ने स्रष्टाहरूको रचना समावेश गरी यसलाई स्तरीय बनाउने प्रयास गरिएको छ ।

चि.सा.प.ले नेपाली साहित्यका विविध विधाका ३८ ओटा कृतिहरू प्रकाशन गरी चितवनमा संस्थागत रूपबाट सवैभन्दा धेरै कृति प्रकाशन गर्ने संस्थाको रूपमा पनि आफूलाई परिचित गराएको छ । कविताको लघुतम् रूप मानिएको हाइकुसङ्ग्रह देखि वृहद रूपको महाकाव्य सम्म प्रकाशन गरेर चितवनको साहित्यिक धरातलमा दह्रोसङ्ग उभिएको छ । चि.सा.प.ले ५ महिला सहित २७ जनाका विभिन्न विधाका ३८ ओटा पुस्ताकाार कृति प्रकाशन गरेको छ । यसले सर्वाधिक कविताका ९ ओटा कवितासङ्ग्रह प्रकाशित गर्दै यसका अन्य उपविधाका गजलसङ्ग्रह ७, हाइकुसङ्ग्रह २, गीतसङ्ग्रह २, लघुकाव्य २, खण्डकाव्य १, गीत/कवितासङ्ग्रह १, कविता /गजल सङ्ग्रह १, यात्राकाव्य १, महाकाव्य १, प्रकाशित गरेको छ । यसपछि पद्य विधामा कृतिहरू प्रकाशित भएका छन् । निबन्धतर्फ ७, समालोचनातर्फ ३, कथासङ्ग्रह २ ओटा कृतिहरू प्रकाशन गरेको छ । आयामका हिसावले **प्रत्यागमन** लघुकाव्य

३० पृष्ठदेखि **विभूति दर्पण** महाकाव्य २५० सम्म पृष्ठमा फैलिएका कृतिहरू प्रकाशमा ल्याएको छ । मूल्यका हिसावले पनि रू २५।- देखि २५०।- सम्मका कृतिहरू प्रकाशन गरी यसको संस्थागत मान्यता तथा प्रचार प्रसार गरी साहित्यिक श्रीवृद्धीमा टेवा पुऱ्याएको छ ।

## परिच्छेद : छ

# चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान

# परिच्छेद : छ

## चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान

### ६.१ पृष्ठभूमि

आदिवासी थारू र चेपाङ जातिको बसोवास रहेको चितवनको साहित्य सिर्जनाको परम्परा त्यति लामो नभए पनि अलिखित रूपमा रहँदै आएको यहाँको लोकसाहित्य र पहाडका आ-आफ्ना ठाउँबाट ल्याइएका लोकसाहित्यिक परम्परा नै आजको चितवनको साहित्यिक पृष्ठभूमि हो । राप्तीदूत परियोजनाले चरणवद्ध रूपमा विकासका योजनाहरू सञ्चालनमा ल्याउन थालेपछि यहाँ यातायात, शिक्षा, सञ्चारका क्षेत्रमा विकास हुन थाल्यो । यसपछि सामाजिक, साहित्यिक सङ्घ संस्थाको पनि विकास भएको पाइन्छ । वि.सं.२०१६ सालमा नारायणी पुस्तकालय, वि.स.२०१८ सालमा नारायणी कला मन्दिर आदिको स्थापनासँगसँगै पत्रपत्रिका, पुस्तक प्रकाशन, साहित्य सिर्जना, कला आदिको संस्थागत विकास गराउँन यी संस्थाहरू मार्गनिर्देशक बन्न पुगे । राजनीतिक प्रतिकूलता र स्रष्टाहरूमा बैचारिक उच्चताले साहित्यिक संस्थाहरूको स्थापना भएको पाइन्छ ।

चितवनलाई प्रतिनिधित्व गर्ने साहित्यिक गतिविधिको अभाव खड्किएको र भाषा साहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मानिएको अवस्थामा यसलाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न चितवन साहित्य परिषदको गठन भएको हो । यसैक्रममा मदनमणि दीक्षित समेतको उपस्थितिमा वि.सं. २०४४ साल फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा आयोजित साहित्यक कार्यक्रमको समापन समारोहमा सूर्यमणि अधिकारीको संयोजकTवमा विधान मस्यौदा समिति समेत गठन गरी प्रारम्भिक कार्यहरू गर्दै गयो । अन्तत : वि.सं.२०४५ साल फागुन २८ गते जिल्लाका लब्धप्रतिष्ठ २७ जनाको उपस्थितिमा अधिकारीले पेश गरेको विधान अनुमोदन गर्दै चितवन साहित्य परिषद् स्थापना भई जिल्ला कार्यालय चितवनमा दर्ता समेत गराई साहित्यिक संस्थालाई बैधानिक रूपमा अगाडि बढाउने काम गरेको छ ।

### ६.२ उद्देश्यका आधारमा भएका कामहरू

चि.सा.प.ले आफ्ना उद्देश्य अनुरूप जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको व्यत्ति,व एवम् कृति,व अभिलेख राखी सम्मान गर्ने, पुरस्कृत गर्ने गरेको छ । यसक्रममा नेपाली भाषा साहित्यमा उत्कृष्ठ योगदान पुऱ्याएका स्रष्टाहरूलाई चि.सा.प. प्रतिभा पुरस्कार प्रदान गरेर हौसला थप्ने काम गरेको छ । चि.सा.प. प्रतिभा पुरस्कारबाट प्रेमविनोद नन्दनलगायत १६ जना सम्मानित भएका छन् । चितवनलाई कर्मक्षेत्र बनाई राष्ट्रियस्तरको उचाइ बनाइसकेका सर्जकलाई छनौट गरी सामान्यतया भानु जयन्तीका अवसरमा विशेष साहित्यिक कार्यक्रमकावीच नगद रू ५ हजार, सम्मानपत्र तथा दोसल्ला सहित **चि.सा.प. प्रतिभा पुरस्कार**बाट सम्मान गर्ने परम्पराले यस क्षेत्रमा लाग्नेहरूलाई गर्वको विषय बनेको छ । यसबाट स्रष्टाहरूमा साहित्यलेखन तथा सिर्जनजामा हौसला मिलेको छ ।

यसैगरी राष्ट्रियस्तरबाट कृतिहरूको आव्ह्वान गरी उत्कृष्ठ ठानिएको कृतिलाई नगद रू १० हजार १, दोसल्ला र सम्मान पत्र सहित **कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार** वितरण गर्दै

आएको छ । हालसम्म यसबाट २०५५ मा सूर्यमणि अधिकारीको **जुम्ला राज्यको इतिहास** र कपिल अज्ञातको **साहित्य सिर्जना प्रक्रिया** समालोचनासङ्ग्रहलाई सयुक्त रूपमा,
२०५६ मा मोहन दुलालको **मानवीय संवेदनाहरू** कवितासङ्ग्रह, २०५७ मा रमेश श्रेष्ठको **आमा नदीहरू** कवितासङ्ग्रह, **वि.सं.**२०५८ मा शैलेन्द्रप्रकाश नेपालको **अमानिका** खण्डकाव्य, वि.सं.२०५९ र २०६० मा माधव वियोगीको **छन्द शिरोमणि** महाकाव्य र गोविन्दराज विनोदीको **अविश्रान्त** कवितासङ्ग्रहलाई सयुक्त रूपमा वितरण गरियो । यसैगरी वि.सं.२०६१ र २०६२ मा खगेन्द्र लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** समालोचनासङ्ग्रहलाई र वि.सं.२०६३ र २०६४ मा प्रेमविनोद नन्दनको **ऐना भित्रको आकाश** गीतिसङ्ग्रह तथा २०६५ र ०६६ मा लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिकता** समालोचनासङ्ग्रह र भूपिन व्याकुलको **हजार वर्षको निद्रा** कवितासङ्ग्रहलाई सयुक्त रूपमा यो पुरस्कारबाट सम्मान गरेको छ । यसैगरी कवि भूपिन व्याकुलको एकल कविता वाचन, गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल प्रतिष्ठा अमात्य विष्टलाई विशेष कार्यक्रम गरी सम्मान गरिनु, लेखनाथ स्मारक चौतारी निर्माणार्थ जग्गा उपलब्ध गराउन पहल गरिनु, वाक स्वतन्त्रताका लागि सडक कविता जस्ता कार्यक्रममा सहभागिता जनाउनु, जनआन्दोल संयोजन समितिको कार्यक्रम अर्न्तगत चितवनमा क्रियाशील विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूको सयुक्त आयोजनामा आयोजित लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको ऐक्यबद्धतामा संस्थागत सहभागिता जनाउनु, 'अक्षरहरूका माझ सरूभक्त' जस्ता कार्यक्रमका लागि नगद रकम सहयोग गर्नुलाई प्रशंसनीय कार्य गरेको छ । परिषद्ले साहित्यिक क्रियकालपालका अतिरिक्त साहित्यिक प्रतिभाहरूलाई जनमानसमा चिनाउन केही प्रयास पनि गरेको छ । परिषदले नारायणगढ संगमचोक देखि बेलचोक हुँदै यज्ञपुरी फर्मचोक सम्मको सडकलाई भानु मार्ग राख्न अनुरोध गर्दै चितवन मा.वि.(हालको आदिकवि भानु मा.वि.) मा आदिकवि भानुभक्त आचार्यको शालिक राख्न पहल गरी स्थापना समेत गरेको छ ।

चि.सा.प.ले साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, नेपाली र स्थानीय भाषा तथा साहित्यको क्षेत्रमा अध्ययन-अनुसन्धानात्मक कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गरी साहित्यिक-गोष्ठी तथा प्रतियोगिताहरूको आयोजना गर्ने कार्यलाई निरन्तरता दिएको छ । साहित्यिक कार्यक्रमहरू संचालन गर्ने क्रममा विभिन्न किसिमको प्रतियोगिता गरिनु यसको उपलब्धि मान्नुपर्छ । यसक्रममा कविशिरोमणि लेखनाथ पौड्यालको समाधिस्थल देवघाटमा प्रतियोगितात्मक कवि गोष्ठी, 'राष्ट्रउत्थानको निम्ति मोति झैँ चम्कियून् युवा', 'गुढ्थ्यो पजेरो किन ?',स-स्वरवाचन रामायण वाचन प्रतियोगिता, मुनामदन खण्डकाव्यको वाचन प्रतियोगिता, छन्दोबद्ध कविता बाचन तथा प्रतियोगिता समस्यापुर्ति कवितागोष्ठी आदि गराएर स्रष्टाहरूवीच प्रतिर्स्पधात्मक वातावरण र नयाँ नयाँ सिर्जनाका लागि प्रेरणा दिएको पाइन्छ भने विजयी स्रष्टाहरूलाई धेरथोर नगद पुरस्कार राशीले थप हौसला प्रदान गरको पाइन्छ ।

आफ्ना नियमित कार्यक्रमका अलवा राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी, चितवन महोत्सवमा चितवनका कृतिहरूको प्रदर्शनीजस्ता कार्यक्रम, राष्ट्रिय बहुभाषी कवि गोष्ठी, मासिक रूपमा साहित्य सन्ध्या सञ्चालन, चितवनमै पहिलो चोटी जिवित स्रष्टा कविवर माधव घिमिरेलाई रथारोहण तथा अभिनन्दन, सशुल्क कविता वाचन, सिर्जनाका माध्यमबाट निकुञ्जमा कविता र कवितामा निकुञ्जजस्ता वन्यजन्तु र निकुञ्ज संरक्षणमा योगदान, गजल कार्यशाला गोष्ठी, एकल कविता वाचन, सशुल्क कविता वाचन, मनकामना काव्यिक यात्रा आदि गरेर नेपाली साहित्यको उन्नयनमा चितवनको दह्रो उपस्थिति जनाएको छ ।

साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरू प्रकशन गर्ने, भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने क्रममा विभिन्न विधाका तीन दर्जन भन्दा बढी पुस्तकहरू प्रकाशन गरेको छ । यस क्रममा भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने आफ्नो उद्देश्य अनुरूप विभिन्न विधाका तीन दर्जन भन्दा बढी पुस्तकहरू प्रकाशन गरेको छ । यसक्रममा प्रेमविनोद नन्दनको कवितासङ्ग्रह **विपनीका पाइलाहरू** (२०५२), गीतसङ्ग्रह **ऐना भित्रको आकाश** (२०६४), कपिल अज्ञातको समालोचनासङ्ग्रह **समालोचनाको सन्दर्भ** (२०५५), गोविन्दराज विनोदीको **निर्मम निर्मम घडीहरू** कवितासङ्ग्रह (२०५६), कवितासङ्ग्रह **छन्द विनोद** (२०५९), रामबाबु घिमिरेको निबन्धसङ्ग्हहरू **लेख्न नपर्ने कुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५), सूर्यमणि अधिकारीको कथासङ्ग्रह **आत्मावतार** (२०५६), श्रीभक्तअच्युत वाग्लेको कवितासङ्ग्रहहरू **म भित्रको मान्छे** (२०५७), **प्रत्यागमन** (२०६४), श्यामानन्द पौडेलको कवितासङ्ग्रह **शिवशक्ति शिखरिणी** (२०५८), नारायणदत्त शास्त्रीको कवितासङ्ग्रह **कृषि डायरी** (२०५९), राजकृष्ण कँडेलको कवितासङ्ग्रह **दौपदीको पश्चात्ताप** (२०५९), निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) प्रकाशन गरेको छ । यसैगरी नरेन्द्रराज पौडेलको नियात्रासङ्ग्रह **एलो सी माथिको साँझ** (२०६०), विमलप्रकाश देवकोटाको हाइकुसङ्ग्रह **विमलदर्पण** (२०६०), प्रकाश पौडेल माइलाको हाइकुसङ्ग्रह **पर्दाफास** (२०६१), केदारनाथ खनालको कवितासङ्ग्रह **अनुभूतिका शब्द तरङ्ग** (२०६१), शैक्षिक लेख **शिक्षाः केहि गन्थन केहि मन्थन** (२०६२), नियात्रासङ्ग्रह **यात्राका अनुभूतिहरू** (२०६५)संस्मरण सङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६५) र खनाल र अन्यको सम्पादनमा कवितासङ्ग्रह **कवितामा चितवन** (२०६१) प्रकाशन भएको छ । त्यस्तै गायत्री श्रेष्ठको गीतिकवितासङ्ग्रह **बादलुको घुम्टोभित्र** (२०६२), शीतल कादम्बिनीको गजलसङ्ग्रह **सुगन्धयात्रा** (२०६२), इन्द्रलाल श्रेष्ठ'अद्वितीय'को गजलसङ्ग्रहहरू **भावनामा राष्ट्रबोल्छ** (२०६२), **नयाँ आशाश नयाँ इतिहास** (२०६४), **बिम्ब प्रतिबिम्व** (२०६४), कल्पना अधिकारीको कथासङ्ग्रह **आमा** (२०६२), सुरेन्द्र अस्तफलको कवितासङ्ग्रह **बिम्बशिविर** (२०६२), बालकृष्ण थपलियाको कविता/गजलसङ्ग्रह **धारा एकसय सत्ताईस** (२०६२), होमनाथ पौडेल 'हिमांशु'को महाकाव्य **विभूति दर्पण** (२०६२), सरस्वती रिजालको कवितासङ्ग्रह **प्रवोधन** (२०६३), कृष्णकुमारी महतको गजलसङ्ग्रह **संयोग वियोग** (२०६३) प्रकाशित भएका छन् । यसैगरी खेमराज दवाडीको यात्राकाव्य **अमेरिका यात्रा** (२०६४), डी.डी.शर्माको कवितासङ्ग्रह **प्रतिध्वनि** (२०६५), पुष्प आचार्यको गजलसङ्ग्रह **दैलो भित्र दैलो बाहिर** (२०६५), कुलप्रसाद ढुङ्गानाको काव्यसिद्धान्त **संस्कृत साहित्य सिद्धान्त** (२०६५) तिलकराज शर्माको हास्यव्यङ्ग्य सङ्ग्रह **दौरा सुरूवाल आतङ्क** (२०६५) प्रकाशित गरेर चितवनमा हालसम्म सबै भन्दा धेरै पुस्तक प्रकाशन गर्ने अभिलेख राखेको छ ।

चि.सा.प.ले स्थापनाको दोस्रो वर्ष देखिनै ऐतिहासिक स्थान वागीश्वरी तथा विद्याकी देवी सरस्वतीको प्रतीक स्वरूप **वागीश्वरी** नामाकरण गरी मुखपत्रको रूपमा यसलाई निरन्तरता दिदै १७औं अङ्क प्रकाशनमा ल्याएको छ । यस अङ्कहरूमा पनि कविता अङ्क, समसामयिक, संस्मरण, माधव घिमिरे विशेषाङ्क, गजल तथा मनकामना विशेषाङ्क, देवकोटा विशेषङ्क आदि प्रकाशन गरेर सङ्ग्रहणीय कृतिहरू प्रकाशन गरेको छ । यसबाट सयौं प्रतिभाहरूले रचना प्रकाशन गरी आफ्नो प्रतिभा प्रस्फुटन गराएका छन् ।

तथा अञ्चल एवम् राष्ट्रियस्तरका साहित्यिक सङ्घ संस्थासङ्ग सम्पर्क राखी साहित्यिक क्रियाकलापको अभिवृद्धि गर्ने आदि उद्देश्य राखेको छ । स्थापना काल देखिनै आफ्नो उद्देश्य

बसमोजिम परिषद्ले स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका साहित्यिक तथा शैक्षिक, सामाजिक सङ्घ संस्थाहरूसितको हातेमालो गर्दै विविध कार्यक्रम सम्पादन विविध क्रियाकलाप सञ्चालन हुँदै आएका छन् । आफ्ना कार्यक्रम संचालन गर्न राष्ट्रिय स्तरमा स्थापित साहित्यिक तथा शुभ चिन्तकहरूसङ्ग हातेमालो गर्दै आफ्ना कार्यक्रम सम्पादन गर्दैआएको छ । यसले नारायणी कला मनिदर, नेपाली शिक्षा परिषद्, भानु सेवा समिति, नारायणी वाङ्मय प्रतिष्ठान, त्रिवेणी साहित्य परिषद्, देवघाट क्षेत्र विकास समिति, नेपाल पज्ञा प्रतिष्ठान, चितवन राष्ट्रिय निकुञ्ज, रामेश्वर पुस्तकालय, जनक उच्च मा.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, शैक्षिक तालिम केन्द्र, हासने प्रतिष्ठान, मनकामना क्षेत्र विकास समिति आदिको पनि सहयोगमा विविध कार्यक्रम सम्पादन गराएको छ ।

बीस वर्षे समयावधिमा विभिन्न अवसरमा सम्पादित साहित्यिक गतिविधिहरूमा राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा स्थापित स्रष्टा तथा व्यक्ति,वहरूलाई चितवनको माटोमा स्वागत गरी उहाँहरूका अभिव्यक्तिबाट यहाँका सर्जकहरूलाई लाभावन्तित पुऱ्याएको देखिन्छ । चि.सा.प.ले पृथ्वीजयन्ती, भानुजयन्ती, मोतीरामजयन्ती, लेखनाथ जयन्ती, लक्ष्मीप्रसादजयन्ती, प्रजातन्त्र समारोहमा मुलुकका स्थापित स्रष्टाहरू यहाँ निम्त्याएर साहित्यिक आदान प्रदान गरिएका छन् । परिषद्कै आतिथ्यमा नेराप्रका उपकुलपति मोहन कोइराला, कमलमणि दीक्षित, टीकाराम पन्थी, राकेश, मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, सुधा त्रिपाठी, भिक्टर प्रधान, सृजन लम्साल, काजी रोशन, ज्ञानेन्द्र विवश, खगेन्द्रप्रसाद लुइटेल, रमेशमोहन अधिकारी, गोविन्द गिरी प्रेरणा, युवराज नयाँघरे, रमा पराजुली, अच्युत खनाल, ब्याकुल पाठक, माधव काफ्ले, रमेश श्रेष्ठ, सुरेन्द्रबहादुर श्रेष्ठ, ईशान गौतम, यज्ञप्रसाद दङ्गाल, पशुपति भण्डारी, कृष्ण बराल, टङ्क उप्रेती, कृष्ण धरावासी, मनोज दाहाल, रमा शर्मा, दैवज्ञराज न्यौपाने, डा.तुलसी भट्टराई, रमेश गोर्खाली, आनन्ददेव भट्ट, खगेन्द्र सङ्ग्रौला, निर्मोही व्यास, विष्णुविभु घिमिरे, सिक्किमका कवि एवम् समालोचक तथा कवि राजेन्द्र भण्डारी, कमलमणि दीक्षितलाई स्वागत गरेको छ । यसैगरी विष्णुप्रसाद धिताल, रामदायल राकेश, कृष्णप्रसाद वस्ती, आचार्य खेमराज केशवशरण, सनत रेग्मी, घनश्याम 'परिश्रमी', बूँद राना, केशवप्रसाद उपाध्याय, तीर्थ श्रेष्ठ, गोविन्दराज भट्टराई, बलदेव शर्मा मजगैया, धर्मराज बराल, आनन्दप्रकाश नेपाल, शैलेन्द्रप्रकाश नेपाल, बमबहादुर थापा, विष्णु प्रभात , राष्ट्रकवि माधव घिमिरे, नरेन्द्रराज पौडेल, मेजर किसोर गुरूङ, रेडियो नेपालका रमेश पौडेल, शिवहरि मरहट्टा, ह्याग्रीव आचार्य, काशीनाथ अधिकारी, प्रकाश सायमी, वनमाली निराकार आदिलाई प्रमुख तथा विशिष्ट अतिथिको रूपमा निम्त्याएर गरिएका कार्यक्रमको प्रभाव पक्कै पनि प्रभावकारी र मह,वपूर्ण मानिन्छ ।

चितवनको पहिलो दर्ता भएको, नियमित रूपमा आफ्ना कार्यक्रम सञ्चालन गर्दै आएको, विविध स्वाद र बान्कीका कार्यक्रम सम्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वलाई चितवनमा आमन्त्रण तथा स्वागत, मुखपत्र **वागीश्वरी**को निरन्तर प्रकाशन, जिल्लामै सर्वाधिक धेरै पुस्तक प्रकाशन, साहित्यसेवामा विशिष्ठ योगदान पुऱ्याएका स्रष्टालाई नगद सहित चि.सा.प.प्रतिभा पुरस्कार तथा राष्ट्रियस्तरमा उत्कृष्ठ ठहरिएका कृतिलाई कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार प्रदान, करोडौको मूल्य पर्ने जग्गा जोड्न सफल, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, अग्रज-अनुज तथा सबैखाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्चको रूपमा चितवन साहित्य परिषद्ले यहाँ आफ्नो दह्रो उपस्थिति जनाएको छ ।

### ६.३ जिल्लामा स्थापित साहित्यिक सङ्घ-संस्थाका सापेक्षतामा यसले खेलेको भूमिका

चितवनमा औपचारिक रूपमा वि.सं.२०४५ साल देखि साहित्यिक संस्थाहरू स्थापना हुदै आएका छन् । हालसम्म जिल्लामा दर्ता भएका, दर्ता नभएका, विगतमा साहित्यिक कार्यक्रम गरेका तर हाल निश्क्रिय रहेका, गैर साहित्यिक उद्देश्यले स्थापना भएका तर साहित्यिक गतिविधि सञ्चालन गरेका तथा राजनीतिक विचारधाराबाट स्थापना भएका दर्जनौ साहित्यिक संस्थाहरू रहेका छन् । यी संस्थाहरूले बेला मौकामा साहित्यिक कार्यक्रम, अन्तरक्रिया, पुस्तक प्रकाशन, साहित्यिक पत्रिका प्रकाशन गर्दै जिल्लाको साहित्यिक उन्नयनमा धेरथोर योगदान दिएका छन् । चितवनको सबैभन्दा पहिला दर्ता भएको चि.सा.प.ले आफूलाई साङ्गठनिक रूपमा परिपक्व संस्थाका रूपमा तथा साहित्यिक रूपमा जिल्लामा ज्यादै सक्रिय संस्थाका रूपमा परिचित गराएको छ । विभिन्न सामाजिक, शैक्षिक, साहित्यिक संस्थाहरूसित हातेमालो गर्दै वर्षैनी सम्पादन गरेका दर्जनौ विविध साहित्यिक क्रियाकलापबाट यहाँको साहित्यिक सिर्जना तथा यसको विकासमा पुर्‍याएको योगदान बारे थाहा पाउन सकिन्छ ।

पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, बैङ्क मार्फत आर्थिक कारोवार, हरेक वर्ष संस्था नवीकरण, कारणवस बेलैमा साधरणसभा हुन नसके बैठकमा जानकारी गरेर चि.सा.प.लाई संस्थागत रूपमा सुदृढ गरिएको पाइन्छ । खुला छलफल तथा लोकतान्त्रिक तौर तरिका अनुसार नेतृत्व चयन, वर्षेनी नयाँ नयाँ सदस्यहरूलाई संस्थामा आमन्त्रण गरी समसामयिक विषयमा साहित्यिक क्रियाकलाप सञ्चालन गर्नु यसका सवल पक्ष मानिन्छ । आफ्नै नाममा जग्गाको व्यवस्था, उक्त जग्गामा बहुउद्देश्यीय भवन निर्माणको योजना, संस्थाप्रति अग्रज अनुजको सम्मानभाव तथा बढ्दो आकर्षण हुनुले पनि यसको भविष्य उज्ज्वल देखिन्छ । जिल्लामा कतिपय साहित्यिक संस्थाहरू स्थापना भएका छन् । तर तिनले नियमित कार्यक्रम गर्न सकेका छैनन् । पुस्तक प्रकाशन तथा साहित्यिक पत्रिका प्रकाशन हेर्ने हो भने पनि चि.सा.प.ले अन्य साहित्यिक संस्थालाई उछिनेको पाइन्छ । यसले विभिन्न विधाका ३८ ओटा पुस्तक प्रकाशन गरेको छ भने **वागीश्वरी**को प्रकाशनलाई निरन्तरता दिँदै १७ अङ्कसम्म पुर्‍याएको छ । यति धेरै सङ्ख्यामा पुस्तक तथा पत्रिका प्रकाशन अन्य साहित्यिक संस्थाहरूले गर्न सकका छैनन् ।

## ६.४ चि.सा.प.को शक्ति र सीमा

चि.सा.प. चितवनको पहिलो दर्तावाला साहित्यिक संस्था हो । यसले आफ्नो स्थापनाकाल देखि नै विविध साहित्यिक क्रियाकलाप गर्दै यहाँको साहित्यिक उन्नयनमा योगदान दिएको छ । यस संस्थामा आवद्ध सदस्यहरूले राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा आफ्नो पहिचान दिएका छन् । यस संस्थाबाट सम्मानित सदस्य स्व. गञ्जसिंह गुरूङ राजनीतिज्ञ तथा समाजसेवीका रूपमा परिचित छन् भने कृष्णनन्द भारती सफल उद्यमी तथा समाजसेवी दानवीरका रूपमा परिचित छन् । त्यस्तै मानार्थ कविहरू उपेन्द्र श्रेष्ठ तथा द्वारिका श्रेष्ठ दुबै प्रतिभा नेपाली कविता साहित्यका विशिष्ठ साधक मानिन्छन् । यसैगरी यस संस्थामा रहेर उल्लेखनीय योगदान दिने दिवङ्गत सूर्यमणि अधिकारी, कोमलनाथ कोइराला, श्यामानन्द पौडेल, स्व.धर्म प्रधान 'अकिञ्चन'को पनि नेपाली साहित्यमा विशिष्ठ योगदान रहेको कुरा विर्षन हुदैन । यसका आजीवन सदस्य केदारनाथ खनाल कुशल साहित्यिक सङ्गठक तथा निवन्ध तथा समीक्षा तथा कवितामा दख्खल राख्छन् भने कपिल अज्ञात दर्जनौ पुस्तकका लेखक तथा समीक्षा, निबन्ध, ज्योतिष आदि विधामा राष्ट्रिय रूपमै परिचित छन् । यसै संस्थामा आवद्ध प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी राष्ट्रिय रूपमै ख्यातिप्राप्त प्रतिभाहरू हुन् । राष्ट्रियस्तरका दर्जनौ

पुरस्कारबाट पुरस्कृत नन्दन तथा विनोदी यस संस्थामा आवद्ध रहनु र उनीहरूकै नेतृत्व तथा सल्लाहमा यो संस्था अगाडि बढेको छ । नारायणप्रसाद खनाल, लक्ष्मणप्रसाद गौतम, कुलप्रसाद ढुङ्गना, पूर्णप्रसाद अधिकारीजस्ता समालोचकहरू यस संस्थामा रहनु यस क्षेत्रकै लागि उल्लेख्य प्राप्ति मान्नु पर्छ । उनीहरूद्वारा प्रकाशित कैयन समालोचनात्मक कृतिहरू विश्वविद्यालयका सहायक पाठ्यक्रमका रूपमा रहेका छन् । निबन्धकार रामबाबु घिमिरे, धनराज गिरी, राजकृष्ण कंडेल, नरेन्द्रराज पौडेल, तिलकराज शर्मा जस्ता राष्ट्रियस्तरमै स्थापित प्रतिभाहरू यस संस्थामा आवद्ध रहेका छन् । स्थानीय तथा राष्ट्रियस्तरमै राम्रो छाप राख्न सफल कविहरू डी.डी. शर्मा, श्रीभक्त अच्युत वाग्ले, रेशमलाल श्रेष्ठ, प्रभातकुमार जोशी, मणिराम शर्मा काफ्ले, नारायणदत्त शास्त्री, केशवराज आमोदी, गोर्खे साँहिलो, इन्द्रलाल श्रेष्ठ 'अद्वितीय', भानुप्रकाश जोशी, भागवतशरण न्यौपाने, होमनाथ सापकोटा 'सिद्धार्थ', बुद्धिनाथ अधिकारी, श्यामजी अतिथि, देवीदाश अधिकारी, जगन्नाथ पण्डित, विश्वराज लम्साल पनि यस संस्थामा आवद्ध रहेका छन् । यसैगरी युवापुस्ताका सशक्त कविहरू भूपिन व्याकुल, सुरेन्द्र अस्तफल, गणेशप्रसाद, रमेश प्रभात, बालकृष्ण थपलिया, विमलप्रकाश देवकोटा, नवराज ढुङ्गना, विनोद अनुज, तेजराज सुवेदी, हुसैन खाँ, किसान प्रेमी, दीपक गौतम, पुष्प आचार्य, गोपाल पौडेल, अर्जुनमणि पौडेल, युवराज अर्यालजस्ता युवा कविहरूको पनि यो संस्थामा सक्रिय उपस्थिति रहेको छ । गायत्री श्रेष्ठ, सरस्वती रिजाल, सामना पहाड, कृष्णा महत, कल्पना अधिकारी, शीतल कादम्बिनी जमुनाकुमारी जोशीजस्ता नारी प्रतिभाहरू पनि यस संस्थामा रहेर साहित्यिक सेवा गरिरहेका छन् । महाकाव्यकार होमनाथ पौडेल, कथाकार एल. वि. क्षेत्री, हाइकुकार प्रकाश पौडेल 'माइला'को पनि यस संस्थामा आवद्धता रहेको छ । कुशल प्रशासक चिरन्जीवी श्रेष्ठ, चन्द्रविलास अधिकारी, विजयराज भट्टराई, जीवनराज वाग्ले, तुलसीप्रसाद न्यौपाने, उत्सवराज खरेल, दीनबन्धु कोइराला, हिक्मत थापाले पनि यस संस्थामा रहेर साहित्यिक योगदान गरेका छन् ।

जिल्लामा सर्वाधिक धेरै कार्यक्रम गर्ने, धेरै पुस्तक प्रकाशन गर्ने तथा पत्रिकालाई निरन्तरता दिने, स्थानीय तथा राष्ट्रियस्तरका प्रतिभाहरूको छनौट गरी नगद सहित सम्मान गर्ने , साहित्यिक अन्तरक्रिया तथा अवलोकन गराएर जिल्लामा यसले सक्रिय सहभागिता जनाएको छ । यो यस संस्थाको बलियो शक्तिका रूपमा रहेको छ । यसले आयोजना गरेका हरेक कार्यक्रमहरूमा जिल्लाका अन्य साहित्यिक संस्थाका व्यक्तिहरूले सहभागिता जनाउनु सह्रानीय पक्ष हुन ।

आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन, आफ्नो स्थापनाकालदेखि नै विभिन्न साहित्यिक तथा सामाजिक, शैक्षिक संस्थाहरूसित हातेमालो गर्दै विभिन्न कार्यक्रम सम्पादन गर्नु, आफ्नो नाममा करौडौंको जग्गाको व्यवस्था गरी बहुउद्देश्यीय भवन बनाउन खोज्नु, दैनिक गतिविधि तथा पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, राष्ट्रियस्तरका लेखक कविहरूकावीचमा परिचित तथा सम्मानित, स्थानीयस्तरमा विशुद्ध साहित्यिक संस्थाका रूपमा परिचित, सबैखाले आस्था र विचारका प्रतिभाहरूको साझा मञ्च तथा अग्रज अनुजहरूको सहभागिता यस संस्थाका शक्ति रहेका छन् ।

चि.सा.प.ले परम्परागत रूपमा मनाउँदै आएको जयन्तीहरूलाई विविध कार्यक्रम गर्दै निरन्तरता दिनु तर अन्य प्रतिभाहरूको जयन्तीमा कुनै कार्यक्रम नराखिनु यसका सीमा हुन् भन्न सकिन्छ । बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भूपि शेरचन, पारिजात आदिको जयन्ती पनि त मनाउन सकिन्छ, त्यतातिर यसको ध्यान पुग्न नसकेको देखिन्छ । यसैगरी कार्यक्रम पूर्व बैठकमा छलफल हुने, कार्य विभाजन गरिने भएको पाइयो तर कार्यक्रम पश्चात समीक्षा

गर्ने गरेको खासै पाइएन । यसैगरी यसका बारेमा पत्रपत्रिकामा विशेष गरी राष्ट्रियस्तरमा प्रभावकारी सञ्चार गर्न नसकिएको हो कि भन्ने लाग्यो । जिल्लाको यति धेरै कार्यक्रम गर्दै आएका संस्थाका बारेमा राष्ट्रियस्तरका सञ्चार माध्याममा जे जति स्थान ओगट्नु पर्ने हो सो नभएको अनुभूत हुन्छ । यसलाई सीमा मान्न सकिन्छ । चि.सा.प.ले जिल्लामा सबै भन्दा धेरै पुस्तक प्रकाशन गर्ने अभिलेख त राख्यो तर पुस्तक प्रकाशन बारे चि.सा.प.को बैठकमा औपचारिक छलफल हुन नसक्नु यसका सीमा मान्न सकिन्छ । यसैगरी आफूले प्रकाशन गरेका पुस्तक तथा पत्रिकाहरूको व्यवस्थित भण्डार गर्न नसक्नु अर्को कमजोरी रहेको देखिन्छ । प्रकाशक चि.सा.प. भए पनि लेखक आफैले रमक खर्च गरिएको पाइयो । यसैगरी चि.सा.प.बाट प्रकाशित हुने कितावहरुका बारेमा संस्थामा आधिकारिक रुपमा कुनै निर्णय भएको पाइएन । पुरस्कार वितरण तथा अन्य विविध कार्य सम्पादनको लागि अक्षयकोष स्थापना गरिए झैं पुस्तक प्रकाशनका लागि पनि कोष खडा गरी त्यसैको आयबाट पुस्तक प्रकाशन गर्न सकिए लेखकहरूलाई कति रहत हुने थियो होला । यस्तै प्रकाशित पुस्तकहरुको बारेमा प्रचार प्रसारको लागि पनि खासै काम भएको देखिएन । चि.सा.प.ले बेला मौकामा आफ्नो विधान संसोधन गरेको यसका बैठकका निर्णयहरूले देखाउँछ तर त्यसलाई व्यवस्थित रूपमा एकत्रित गरी स्थानीय प्रशासनबाट प्रमाणित नगर्नु यसको सीमा मानिन्छ ।

जे होस साहित्य सिर्जनालाई प्राविधिक कुराले छेक्न सक्दैन । जिल्लामा साहित्यिक कार्यक्रम सम्पादन गर्न चि.सा.प.ले निर्वाह गरेको कुरा कसै सामु छिपेको छैन । जिल्लाको पुरानो साहित्यिक संस्था भएको नाताले यस संस्थाबाट अझ धेरै रचनात्मक क्रियाकलापको अपेक्षा गर्नु अन्यथा मान्न मिल्दैन । आफ्नो सिमित साधनश्रोतबाट जे जति गऱ्यो, त्यो आफैमा ऐतिहासिक र प्रशंसनीय रहेको छ ।

**६.५ निष्कर्ष :**

चितवनलाई प्रतिनिधित्व गर्ने साहित्यिक गतिविधिको अभाव खड्किएको र भाषा साहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मानिएको अवस्थामा यसलाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न वि.सं.२०४५ साल फागुन २८ गते चितवन साहित्य परिषदको गठन भएको हो । यसले आफ्ना उद्देश्यअनुरूप साहित्य सिर्जनामा प्रोत्साहन गर्ने, नेपाली र स्थानीय भाषा तथा साहित्यको क्षेत्रमा अध्ययन-अनुसन्धानात्मक कार्यहरू गर्ने, सामयिक रूपमा साहित्यकारहरूको भेला गरी साहित्यिक-गोष्ठी तथा प्रतियोगिताहरूको आयोजना गर्ने कार्यलाई निरन्तरता दिएको छ । आफ्ना नियमित कार्यक्रमका अतिरिक्त राष्ट्रिय संस्मरण गोष्ठी, राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी, चितवन महोत्सवमा चितवनका कृतिहरूको प्रदर्शनी, राष्ट्रिय बहुभाषी कवि गोष्ठी, कविवर माधव घिमिरेको रथारोहण तथा अभिनन्दन, सशुल्क कविता वाचन, सिर्जनाका माध्यमबाट निकुञ्जमा कविता र कवितामा निकुञ्जजस्ता वन्यजन्तु र निकुञ्ज संरक्षणमा योगदान, गजल प्रशिक्षण कार्यशाला गोष्ठी, एकल कविता वाचन, सशुल्क कविता वाचन, मनकामना काव्यिक यात्रा आदि साहित्यिक कार्यक्रमहरूमा आदि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वलाई आमन्त्रण गरी उनीहरूका अभिव्यक्तिबाट यहाँका लेखकहरूलाई प्रोत्साहन गरेको छ ।

साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरू प्रकशन गर्ने, भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने क्रममा २७ जनाका विभिन्न विधाका तीन दर्जन भन्दा बढी (३८ ओटा)

पुस्तकहरू प्रकाशन गरेको छ । चि.सा.प.ले स्थापनाको दोस्रो वर्ष देखि नै साहित्यिक पत्रिका **वागीश्वरी** प्रकाशनलाई निरन्तरता दिदै १७औं अङ्कसम्म प्रकाशनमा ल्याएको छ । यसका कविता अङ्क, समसामयिक, संस्मरण, माधव घिमिरे, गजल तथा मनकामना काव्यिक यात्रा, देवकोटा विशेषाङ्क आदि प्रकाशन भएका छन् ।

चि.सा.प.ले जिल्लामा रहेका साहित्यिक प्रतिभाहरूको खोजी गरी तिनीहरूको व्यक्ति,व एवम् कृति,वलाई सम्मान गर्दै आएको छ । यसक्रममा विशेष साहित्यिक कार्यक्रमको आयोजना गरी नगद रू ५ हजार, सम्मानपत्र तथा दोसल्ला सहित **चि.सा.प. प्रतिभा पुरस्कार**बाट १६ जनालाई सम्मान गरेको छ । यसैगरी राष्ट्रियस्तरबाट कृतिहरूको आह्वान गरी उत्कृष्ठ ठानिएको कृतिलाई नगद रू १० हजार १, दोसल्ला र सम्मान पत्र सहित ११ जनालाई **कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार** वितरण गरेको छ ।

अग्रज-अनुज तथा सबैखाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्चको रूपमा परिचित चि.सा.प.ले आफ्नै नाममा जग्गाको व्यवस्था, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, बैङ्क मार्फत आर्थिक कारोवार, हरेक वर्ष संस्था नवीकरण, संस्थागत विकास तथा अद्यावधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी संस्थालाई सुदृढ गरेको छ । यसले आफ्नो सीमित साधन स्रोतबाट जे जति गर्‍यो त्यो आफैमा ऐतिहासिक र प्रशंसनीय छन् ।

# परिच्छेद : सात

# उपसंहार

# परिच्छेद : सात

## उपसंहार

थारू र चेपाङ जातिको मात्र मूलथलोको रूपमा रहेको चितवन, विश्वसम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जलगायत चिसापानीगढी, उपरदाङगढी आदि पौराणिक एवम् ऐतिहासिक आधारमा उल्लेखनीय स्थान र प्राकृतिक दृश्यले मात्र रमणीय छैन, धार्मिक पर्यटनको दृष्टिकोणले पनि त्यतिकै मह,वपूर्ण जिल्लाको रूपमा परिचित छ । नेपालको मध्यभागमा रहेको, ऐतिहासिक पृष्ठभूमि बोकेको, सम्पूर्ण सहरी सुविधाका पूर्वाधारहरू- यातायत, शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग, मनोरञ्जन आदिको राम्रो पूर्वाधार भएको, विभिन्न जात, जाति, भाषा, धर्म, संस्कृति-ऋतिरिवाज मान्ने सम्प्रदायका मानिसहरूको वसोवास गर्ने स्थल भएकाले आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक रूपमा पनि यस जिल्लाको विशिष्ट पहिचान बनेको छ । प्रायः नेपालका सबै जिल्लाका मानिसहरूको बसोवास रहेको ले यस जिल्लालाई छयहत्तरौँ जिल्ला पनि भनिन्छ । यहाँ बसोबास गर्ने मानिसहरूका आ-आफ्नै विशेषता रहेकाले यहाँको सामाजिक, सास्कृतिक जनजीवनमा पनि विविधता पाइन्छ । विविधता हुँदा हुँदै पनि अनएकतामा एकता विशेषता बनेको चितवनमा सबै किसिमको विविधता पाइएकाले यसलाई नेपाल भित्रको सानो नेपाल भन्दा पनि हुन्छ ।

आदिवासी थारू र चेपाङ जातिको बसोवास रहेको चितवनमा वि.सं.२०११ मा रापतीदून विकास परियोजनाले विकास निर्माणका पुर्वाधारहरू थालेपछि चितवनमा सबैकुराको विकास हुन थाल्यो । अलिखित रूपमा रहेका लोकसाहित्य पनि लिखितरूपमा आउनथाले भने साहित्यका अन्य विधाका विविध कृतिहरू पनि प्रकाशन हुन थाले । कृष्णवम मल्ल र जनकलाल शर्माले चितवनबारे **रापती उपत्यका** (२०१४) निकालेर लिखित पुस्ताकार कृतिको जग बसाले भने कलानाथ अधिकारीको थारूलोककथा **जितियापावनी** (२०१६)को प्रकाशन गरेर लिखित साहित्यको सुरूवात गरे । रामपुरमा सम्पन्न राष्ट्रव्यापी साहित्य सम्मेलन (२०२२), चितवन हाइस्कुलका विद्यार्थीहरूले निकालेका **चितवनको चिनो** (२०२१) जस्तापत्रिका, प्रेमविनोद नन्दनले प्रकाशन गरेका गीतसङ्ग्रह **सपनीबाट ब्यूँझेर** (२०२३), जिल्लास्तरीय साहित्यगोष्ठी (२०२४), जनस्तरबाट सामुहिक रूपमा प्रकाशित **दोभान** (२०२५) पत्रिकाको पृष्ठभूमिमा चितवनको साहित्य हुर्केको, फुलेको तथा फलेको पाइन्छ । हाल चितवनमा दर्जनौँ साहित्यिक संस्थाहरू, करिव दुईसय पुस्तक प्रकाशन तथा दर्जनौ साहित्यिक पत्रिकाको प्रकाशन भइसकेका छन् ।

जिल्लामा शिक्षाको जागरण, अन्यत्रबाट चितवन बसाई सर्ने प्रवृति, साहित्य कलाप्रतिको अनुराग, आर्थिक सामाजिक राजनीतिक रूपमा अगाडि बढ्दै जाँदा साहित्य रचना, प्रकाशन आदिको क्रमसङगसङ्गै साहित्यिक सङ्घ संस्थाहरू स्थापना हुने क्रम पनि अगाडि बढ्यो । वि.सं.२०१६ सालमा नारायणी पुस्तकालय, वि.स.२०१८ सालमा नारायणी कला मन्दिर आदिको स्थापना सँगसँगै पत्रपत्रिका, पुस्तक प्रकाशन, साहित्य सिर्जना कला आदिको संस्थागत विकास गराउँन यी संस्थाहरू मार्गनिर्देशक बन्न पुगे । राजनीतिक प्रतिकुलता र स्रष्टाहरूमा बैचारिक उच्चताले साहित्यिक संस्थाहरूको स्थापना भएको पाइन्छ । वि.सं.२०४४ सालमा प्रारम्भिक रूपमा चि.सा.प.को विधान मस्यौदा निर्माणका लागि समिति गठन हुनु, यसै वर्ष साहित्य

सङ्गम चितवनको स्थापना भएको सर्न्दभमा वि.सं..सं.२०४५ मा चितवन साहित्य परिषद् स्थापना भई जिल्ला कार्यालय चितवनमा दर्ता
समेत गराई साहित्यिक संस्थालाई बैधानिक रूपमा अगाडि बढाउने काम भए ।

मुलुकमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना भएपछि दर्जनौ साहित्यिक संस्थाहरूका स्थापना भए । यसक्रममा कतिपय संस्थाहरू स्थापना भएका सुरूका वर्षमा साहित्यिक गतिविधि बढाएका र पछि सुस्ताउँदै गएको पाइन्छ । चितवन वाङ्मय प्रतिष्ठान, वाल्मीकि साहित्य सदन, अभिव्यञ्जना साहित्य प्रष्ठिानलगायत आधा दर्जन भन्दा बढी दर्ता भएका र हाम्रो मझेरी साहित्य प्रतिष्ठान, अक्षर समूह, मध्य क्षितिज वाङ्मय प्रतिष्ठानलगायत दर्जनौं संस्थाहरूले संस्था दर्ता नगरी पनि आफ्नो साहित्यिक कार्यक्रम सञ्चालन गर्दै यहाँको साहित्यिक श्रीवृद्धिमा योगदान पु¥याएका छन् । यसैगरी गैर साहित्यिक उद्देश्यले संस्था खोलिए पनि नारायणी कला मन्दिर, रामेश्वर पुस्तकालय तथा वाचनालयल एवम् राजनीतिक विचारधाराबाट स्थापिना भएका साहित्यिक संस्थाहरूले पनि यहाँको साहित्यलाई माथि उकास्न मद्धत पुगेको छ ।

चितवनबाट गद्य, पद्य र मिश्रित रूपमा करिव दुईसय पुस्तकहरू प्रकाशन भएका छन् । यहाँबाट प्रकाशित पुस्तक र पत्रपत्रिकाको सङ्ख्या मात्र बढेको नभई साहित्यका विधागत विविधता र गुणस्तरमा पनि वृद्धि भएको भएका छन् । यहाँको साहित्यको प्रचार प्रसार तथा सम्वर्दनमा स्थानीय एफ् एम.रेडियोहरू, पत्रपत्रिका, स्मारिका, मुखपत्र आदिको पनि उल्लेखनीय भूमिका रहेको छ । कृतिको मूल्याङ्कन, प्रतिभाको सम्मानका लागि यहाँ स्थापना गरी वितरण गरिएका पुरस्कार तथा सम्मान आदि कार्य पनि स्तुत्य रहेका छन् ।

संस्था स्थापना गर्नु तर त्यसलाई विधिसम्मत रूपमा दर्ता नगर्नु, पत्र पत्रिका निकाल्नु तर निरन्तरता दिन नसक्नु, पुस्तक प्रकाशन गर्नु तर तिनलाई उचित प्रचार प्रसार गर्न नसक्नु, पुरस्कार वितरणका क्रममा कतिपय अवस्थामा आग्रह पूर्वाग्रहबाट मुक्त हुन नसक्नु, प्रतिभा छनौटका प्रयाप्त आधारहरू सार्वजनिक गर्न नसक्नु, साहित्य कला जस्तो विशुद्ध सिर्जना क्षेत्रलाई पनि राजनीति निरपेक्ष बनाउन नसक्नु, आर्थिक अवस्थालाई मजबुत बनाउन नसक्नु, यहाँबाट प्रकाशित अधिकाँश कृतिहरू व्यावसायिक नभई ‘रहर पूरा गर्न प्रकाशित गर्नु र उपहारस्वरूप वितरण गर्नु’ मा सीमित रहनु चितवनको साहित्य र यहाँका साहित्यिक सङ्घ संस्थाका सीमा हुन् ।

चितवनलाई प्रतिनिधि,व गर्ने साहित्यिक गतिविधिको अभाव खड्किएको र भाषा साहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मानिएको अवस्थामा यसलाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न चितवन साहित्य परिषदको गठन भएको हो । मदनमणि दीक्षित समेतको उपस्थितिमा वि.सं.२०४४ सालमा सूर्यमणि अधिकारीको संयोजक,वमा विधान मस्यौदा समिति गठन गरी सोही समितिको आव्ह्वानमा मिति २०४५।११।२८ गते जिल्लाका लब्धप्रतिष्ठत सत्ताईस जनाको भेलाले चि.सा.प.को विधान अनुमोदन गर्दै कोमलनाथ कोइरालाको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन ग¥यो । मिति २०४६।२।३१ जिल्ला कार्यालय चितवनमा दर्ता गराइ चितवनको पहिलो दर्तावाल साहित्यिक संस्थाका रूपमा यसले आफ्नो इतिहास बनाएको छ ।

सम्मानित, मानार्थ, आजीवन र साधरण सदस्य गरी ७३ जना सदस्य रहेका, आवधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी कोमलनाथ कोइराला देखि सूर्यमणि अधिकारी, प्रेमविनोद नन्दन, केदारनाथ खनाल हुँदै हाल श्रीभक्त अच्युत वाग्लेले नेतृत्व सम्हालेका चि.सा.प.ले जिल्लामा विविध साहित्यिक क्रियाकलाप सम्पादन गर्दै आएको छ । अग्रज-अनुज

तथा सबैखाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्च चि.सा.प.ले बैङ्क मार्फत आर्थिक कारोवार, हरेक वर्ष संस्था नवीकरण, आफ्नै नाममा जग्गाको व्यवस्था, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना गरी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ ।

राष्ट्रिय प्रतिभाहरू आधुनिक नेपालका एकीकरणकर्ता पृथ्वीनारायण शाह, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, कवि शिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटाको जयन्तीका अवसरमा विविध साहित्यिक गतिविधिहरूका साथै राष्ट्रव्यापी बृहद् संस्मरण गोष्ठी, आदिकवि भानुभक्त आचार्यको प्रतिमा स्थापना, राष्ट्रिय बहुभाषी कवि गोष्ठी, मासिक रूपमा साहित्य सन्ध्या सञ्चालन, कविवर माधव घिमिरेलाई रथारोहण तथा अभिनन्दन, सशुल्क कविता वाचन, प्रतियोगितात्मक कविता/गजल प्रतियोगिता, गजल प्रशिक्षण कार्यशाला गोष्ठी, चितवन महोत्सवमा चितवनका कृतिहरूको प्रदर्शनी, सिर्जनाका माध्यमबाट निकुञ्जमा कविता र कवितामा निकुञ्जजस्ता वन्यजन्तु र निकुञ्ज संरक्षणमा योगदान, एकल कविता वाचन, मनकामना काव्यिक यात्रा, वाक स्वतन्त्रताका लागि सडक कविताजस्ता कार्यक्रमहरू गरेर यहाँको साहित्यिक उन्नयमा योगदान दिएको छ । चि.सा.प.ले आफ्नो मुखपत्रकारूपमा **वागीश्वरी** साहित्यिक विविध प्रकाशन गरी निरन्तरता दिएको छ । यसको १७ अङ्क सम्म प्रकाशन भएको छ । यसका कविता, समसामयिक, संस्मरण, गजल, माधव घिमिरे, मनकामना, देवकोटा आदिका बारेमा विशेषाङ्क समेत प्रकाशित गरिएको छ । त्यस्तै कविहरू प्रेमविनोद नन्दन, गोविन्दराज विनोदीका बारेमा पनि विशेष सामाग्री समावेश गराई प्रकाशित गरिएको **वागीश्वरी** चि.सा.प.को मुखपत्रका रूपमा प्रकाशित भए पनि अग्रज, अनुज तथा सबैखाले आस्था र विचार राख्ने स्रष्टाहरूको रचना समावेस गरी यसलाई स्तरीय बनाउने प्रयास गरेको छ ।

साहित्यिक कृति तथा अभिलेखहरूको सङ्कलन एवम् सामयिक रूपमा साहित्यप्रधान कृति तथा पत्रिकाहरू प्रकशन गर्ने, भाषा, संस्कृति तथा इतिहास, पुरात,वको खोजी गर्ने र प्रकाशमा ल्याउने आफ्नो उद्देश्य अनुरूप विभिन्न विधाका तीन दर्जन भन्दा बढी पुस्तकहरू प्रकाशन गरेको छ । यसक्रममा प्रेमविनोद नन्दनको कवितासङ्ग्रह **विपनीका पाइलाहरू** (२०५२), गीतसङ्ग्रह **ऐना भित्रको आकाश** (२०६४), कपिल अज्ञातको समालोचनासङ्ग्रह **समालोचनाको सन्दर्भ** (२०५५), गोविन्दराज विनोदीको **निर्मम निर्मम घडीहरू ,**कवितासङ्ग्रह (२०५६), कवितासङ्ग्रह **छन्द विनोद** (२०५९), रामबाबु घिमिरेको निबन्धसङ्ग्रहहरू **लेख्न नपर्ने कुराहरू** (२०५६), **अनर्गल प्रलाप** (२०६५), सूर्यमणि अधिकारीको कथासङ्ग्रह **आत्मावतार** (२०५६), श्रीभक्तअच्युत वाग्लेको कवितासङ्ग्रहहरू **म भित्रको मान्छे** (२०५७), **प्रत्यागमन** (२०६४), श्यामानन्द पौडेलको कवितासङ्ग्रह **शिवशक्ति शिखरिणी** (२०५८), नारायणदत्त शास्त्रीको कवितासङ्ग्रह **कृषि डायरी** (२०५९), राजकृष्ण कँडेलको कवितासङ्ग्रह **दौपदीको पश्चात्ताप** (२०५९), निबन्धसङ्ग्रह **संवेदनाका स्वरहरू** (२०६२) प्रकाशन गरेको छ । यसैगरी नरेन्द्रराज पौडेलको नियात्रासङ्ग्रह **एलो सी माथिको साँझ** (२०६०), विमलप्रकाश देवकोटाको हाइकुसङ्ग्रह **विमलदर्पण** (२०६०), प्रकाश पौडेल माइलाको हाइकुसङ्ग्रह **पर्दाफास** (२०६१), केदारनाथ खनालको कवितासङ्ग्रह **अनुभूतिका शब्द तरङ्ग** (२०६१), शैक्षिक लेख **शिक्षाः केहि गन्थन केहि मन्थन** (२०६२), नियात्रासङ्ग्रह **यात्राका अनुभूतिहरू** (२०६५)संस्मरण सङ्ग्रह **स्मृतिका बिम्बहरू** (२०६५) र खनाल र अन्यको सम्पादनमा कवितासङ्ग्रह **कवितामा चितवन** (२०६१) प्रकाशन भएको छ । त्यस्तै गायत्री श्रेष्ठको गीतिकवितासङ्ग्रह **बादलुको घुम्टोभित्र** (२०६२), शीतल कादम्बिनीको गजलसङ्ग्रह **सुगन्धयात्रा** (२०६२), इन्द्रलाल श्रेष्ठ'अद्वितीय'को

गजलसङ्ग्रहहरू **भावनामा राष्ट्रबोल्छ** (२०६२), **नयाँ आशाश नयाँ इतिहास** (२०६४), **बिम्ब प्रतिबिम्व** (२०६४), कल्पना अधिकारीको कथासङ्ग्रह **आमा** (२०६२), सुरेन्द्र अस्तफलको कवितासङ्ग्रह **बिम्बशिविर** (२०६२), बालकृष्ण थपलियाको कविता/गजलसङ्ग्रह **धारा एकसय सत्ताईस** (२०६२), होमनाथ पौडेल 'हिमांशु'को महाकाव्य **विभूति दर्पण** (२०६२), सरस्वती रिजालको कवितासङ्ग्रह **प्रबोधन** (२०६३), कृष्णकुमारी महतको गजलसङ्ग्रह **संयोग वियोग** (२०६३) प्रकाशित भएका छन् । यसैगरी खेमराज दवाडीको यात्राकाव्य **अमेरिका यात्रा** (२०६४), डी.डी.शर्माको कवितासङ्ग्रह **प्रतिध्वनि** (२०६५), पुष्प आचार्यको गजलसङ्ग्रह **दैलो भित्र दैलो बाहिर** (२०६५), कुलप्रसाद ढुङ्गानाको काव्यसिद्धान्त **संस्कृत साहित्य सिद्धान्त** (२०६५) तिलकराज शर्माको हास्यव्यङ्ग्य सङ्ग्रह **दौरा सुरूवाल आतङ्क** (२०६५) प्रकाशित गरेर चितवनमा हालसम्म सबै भन्दा धेरै पुस्तक प्रकाशन गर्ने अभिलेख राखेको छ ।

कविताको लघुतम् रूप मानिएको हाइकुसङ्ग्रह देखि वृहद रूपको महाकाव्य सम्म प्रकाशन गरेर चितवनको साहित्यिक धरातलमा दह्रोसङ्ग उभिएको छ । यसलेले सर्वाधिक कविताका ९ ओटा कवितासङ्ग्रह यसका अन्य उपविधाका गजलसङ्ग्रह ७, हाइकुसङ्ग्रह २, गीतसङ्ग्रह २, लघुकाव्य २, खण्डकाव्य १, गीत/कविता सङ्ग्रह १, कविता /गजल सङ्ग्रह १, यात्राकाव्य १, महाकाव्य १, प्रकाशित गरेको छ । यसपछि पद्य विधामा कृतिहरू प्रकाशित भएका छन् । निबन्धतर्फ ७, समालोचनातर्फ ३, कथासङ्ग्रह २ ओटा कृतिहरू प्रकाशन गरेको छ । आयामका हिसावले **प्रत्यागमन** लघुकाव्य ३० पृष्ठदेखि **विभूति दर्पण** महाकाव्य २५० सम्म पृष्ठमा फैलिएका कृतिहरू प्रकाशमा ल्याएको छ । मूल्यका हिसावले पनि रू २५।- देखि २५०।- सम्मका कृतिहरू प्रकाशन गरी यसको संस्थागत मान्यता तथा प्रचार प्रसार गरी साहित्यिक श्रीवृद्धीमा टेवा पुऱ्याएको छ ।

यसले चितवनलाई कर्मक्षेत्र बनाई राष्ट्रियस्तरको उचाइ बनाइसकेका सर्जकलाई छनौट स्थानीयस्तरमा नेपाली भाषा-साहित्यमा उत्कृष्ट योगदान पुऱ्याएका १६ जना स्रष्टाहरूलाई सामन्यतया भानुजयन्तीका अवसरमा विशेष साहित्यिक कार्यक्रमको आयोजना गरी नगद रू ५,०००।-, दोसल्ला र सम्मान पत्र सहित चि.सा.प. प्रतिभा पुरस्कार बाट सम्मान गऱ्यो । हालसम्म यस पुरस्कारबाट प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, रामबाबु घिमिरे, हरिहर खनाल, नारायणप्रसाद खनाल, विजयराज भट्टराई, खुमनारायण पौडेल, नारायणदत्त शास्त्री, लक्ष्मणप्रसाद गौतम, राजकृष्ण कंडेल, केशवराज आमोदी, गायत्री श्रेष्ठ, सरस्वती रिजाल, कपिल अज्ञात, केदारनाथ खनाल, डी.आर पोखरेललाई सम्मानित भएका छन् । यसैगरी सामन्यतया लेखनाथ जयन्तीका अवसरमा राष्ट्रियस्तरमा कृतिहरू आह्वान गरी ११ ओटा कृतिका लागि नगद पुरस्कार रू १०,००१।-, दोसल्ला र सम्मानपत्र सहित कृष्णाकुमारी गुरूङ स्मृति पुरस्कार समर्पण गरेको छ । यसक्रममा सूर्यमणि अधिकारीको **जुम्ला राज्यको इतिहास** र कपिल अज्ञातको **साहित्य सिर्जना प्रक्रिया** समालोचनासङ्ग्रहलाई सयुक्त रूपमा, मोहन दुलालको **मानवीय संवेदनाहरू** कवितासङ्ग्रह, रमेश श्रेष्ठको **आमा नदीहरू** कवितासङ्ग्रह शैलेन्द्रप्रकाश नेपालको **अमानिका** खण्डकाव्य, माधव वियोगीको **छन्द शिरोमणि** महाकाव्य र गोविन्दराज विनोदीको **अविश्रान्त** कवितासङ्ग्रहलाई सयुक्त रूपमा, खगेन्द्र लुइटेलको **कविताको संरचनात्मक विश्लेषण** समालोचनासङ्ग्रहलाई, प्रेमविनोद नन्दनको **ऐना भित्रको आकाश** गीतिसङ्ग्रह, लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तर आधुनिकता** समालोचना सङ्ग्रह र भूपिन व्याकुलको **हजार वर्षको निद्रा** कवितासङ्ग्रहलाई सयुक्त रूपमा यो पुरस्कार समर्पण गरेको छ । आफ्ना कार्यक्रमहरूमा विभिन्न प्रतिष्ठित साहित्यिक, शैक्षिक, सामाजिक सङ्घ-

सङ्स्थाहरूसित हालेमालो गर्दै क्रियाशील रहेकोचि.सा.प.ले आफ्ना कार्यक्रमहरूमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा स्थापित स्रष्टाहरूलाई आमन्त्रण गरी यहाँका सर्जकहरूलाई लाभावन्तित गराएको छ ।

चि.सा.प.ले परम्परागत रूपमा मनाउँदै आएको जयन्तीहरूलाई विविध कार्यक्रम गर्दै निरन्तरता दिनु प्रशंसनीय कार्य हो तर अन्य प्रतिभाहरूको जयन्तीमा कुनै कार्यक्रम नराखिनु यसका सीमा हुन् भन्न सकिन्छ । चि.सा.प.ले जिल्लामा सबै भन्दा धेरै पुस्तक प्रकाशन गर्ने अभिलेख राखेको छ । आफूले प्रकाशन गरेका पुस्तक तथा पत्रिकाहरूको व्यवस्थित भण्डार गर्न नसक्नु यसको कमजोरी रहेको देखिन्छ । चि.सा.प.ले पुरस्कार वितरण तथा अन्य विविध कार्य सम्पादनको लागि अक्षयकोष स्थापना गरिए झैँ पुस्तक प्रकाशनका लागि पनि कोष खडा गरी त्यसैको आयबाट पुस्तक प्रकाशन गर्न सके लेखकहरूलाई पनि राहत हुने थियो । चि.सा.प.ले बेला मौकामा आफ्नो विधान संसोधन गरी परिवर्तशील, गतिशील संस्थाका रूपमा आफूलाई उभ्याएको छ ।

अग्रज-अनुज तथा सबैखाले विचार र आस्थाका स्रष्टाहरूको साझा साहित्यिक मञ्चको रूपमा परिचित चि.सा.प.ले आफ्नै नाममा जग्गाको व्यवस्था, त्यसैमा बहुउद्देश्यीय भवन निर्माणको योजना, पुरस्कार वितरणार्थ अक्षयकोष स्थापना, बैङ्क मार्फत आर्थिक कारोवार, हरेक वर्ष संस्था नवीकरण, संस्थागत विकास तथा अद्यावधिक निर्वाचनका माध्यमबाट नेतृत्व चयन गरी संस्थालाई सुदृढ गरेको छ । यसले आफ्नो सिमित साधन श्रोतबाट जिल्लामा जे जति रूपमा साहित्यिक क्रियाकलाप सम्पादन गऱ्यो त्यो आफैमा ऐतिहासिक र प्रशंसनीय छन् ।

**सम्भावित शोध शीर्षकहरू :**

१) चितवनमा स्थापना भएका साहित्यिक संस्थाको तुलनामा यहाँको साहित्यिक उन्नयनमा चि.सा.प. को योगदान ।
२) चि.सा.प.ले प्रकाशन गरेका कृतिहरूको कृतिपरक योगदान र मूल्याङ्कन ।
३) चि. सा.प. बाट सम्मानित व्यक्तित्वहरूको जीवनीपरक तथा कृतिपरक अध्ययन ।
४) चितवनको साहित्यले राष्ट्रियस्तरमा पुऱ्याएको योगदान ।
५) चितवन जिल्लाको साहित्यिक उन्नयनमा यहाँ रहेका साहित्यिक संस्थाहरूको योगदान ।
६) चितवन जिल्लामा क्रियाशील साहित्यकारहरूको सर्वेक्षण र मूल्याङ्कन ।
७) चितवनको साहित्यको मूल्याङ्कन र मूल प्रवृत्ति ।
८) नेपाली साहित्यको उन्नयनमा चितवन साहित्य परिषद्को योगदान आदि ।

## सन्दर्भग्रन्थसूची

### क) प्रमुख पुस्तकहरू

अधिकारी, कल्पना, **आमा ,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।
अधिकारी, तेजविलास, **समीक्षा सन्दर्भ**, काठमाण्डौं :विवेक सिर्जनसील प्रकाशन प्रा.लि.,२०६५ ।
अधिकारी, सूर्यमणि **आत्मावतार** , चितवन : चितवन साहित्य परिषद्, २०५६ ।
अस्तफल, सुरेन्द्र, **बिम्बशिविर,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।
अज्ञात, कपिल, **समालोचनाको सन्दर्भ**, चितवन : चितवन साहित्य परिषद्, २०५५ ।

आचार्य , पुष्प **दैलो भित्र दैलो बाहिर,** चितवन : चितवन साहित्य परिषद्, २०६५ ।

कंडेल, राजकृष्ण **द्रौपदिको पश्चाताप**, चितवन : चितवन साहित्य परिषद्, २०५६ ।

—————, **संवेदनाका स्वरहरू,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

कादम्बिनी ,शीतल **सुगन्ध-यात्रा**, चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

कोइराला, सीताराम, **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४ ।

खनाल, केदारनाथ **अनुभूतिका शब्द-तरङ्ग,** चितवन : चितवन साहित्य परिषद्, २०६१ ।

—————, **स्मृतिका बिम्बहरू**, चितवन : चितवन साहित्य परिषद्, २०६६ ।

—————, **शिक्षाः केही गन्थन केही मन्थन**,(चितवन : चितवन साहित्य परिषद् २०६२ ।

—————, **यात्राका स्पन्दनहरू,** चितवन : चितवन साहित्य परिषद्, २०६५ ।

खनाल केदारनाथ र अन्य ( सम्पा.) **कवितामा चितवन**, , चितवन : चितवन साहित्य परिषद्, २०६१ ।

————— , **प्रा.डा. सूर्यमणि अधिकारी स्मृतिग्रन्थ**, चितवन : प्रा.डा. सूर्यमणि अधिकारी स्मृति फाउन्डेसन, २०६५ ।

खनाल, नारायणप्रसाद, **गोरखा डायरी**, गोरखा : हरि सांस्कृतिक केन्द्र, २०६१ ।

————— , **समीक्षा प्रहर प्रहरका**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१ ।

खनाल, हरिहर, **अस्तित्वको खोजी**, काठमाण्डौं : रत्न पुस्तक भण्डार, २०६६ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, ।

गौतम, लक्ष्मणप्रसाद (सम्पा), **समकालीन नेपाली द्वन्द्वकथा,** काठमाण्डौं : पैरवी प्रकाशन प्रा.लि., २०६३ ।

घिमिरे, रामबाबु, **लेख्न नपर्ने कुराहरू,** चितवन : चितवन साहित्य परिषद्, २०५६ ।

—————, **अनर्गल प्रलाप,** चितवन : चितवन साहित्य परिषद्,२०६५ ।

चापागाई ,प्रकाश ( सम्पा.) **कवितामा गणतन्त्र,** चितवन : गणतान्त्रिक कविता उत्सव संयोजन समिति, २०६५ ।

ढुङ्गना, कुलप्रसाद, **संस्कृत साहित्य सिद्धान्त**, चितवन : चितवन साहित्य परिषद्, २०६६ ।

थपलिया, बालकृष्ण, **धारा एकसय सत्ताईस,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

दवाडी,खेमराज, **अमेरिकाको यात्रा,** चितवन : चितवन साहित्य परिषद्,२०६३ ।

देवकोटा, विमलप्रकाश, **विमल-दर्पण**, चितवन : चितवन साहित्य परिषद्, २०६१ ।

नन्दन, प्रेमविनोद, **बिपनीका पाइलाहरू**, चितवन : चितवन साहित्य परिषद्, २०५२ ।

—————, **ऐना भित्रको आकाश,** चितवन : चितवन साहित्य परिषद्, २०६३ ।

'नीरव' रोशन थापा, **नरमेध**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

**नेपालको अन्तरिम संविधान** २०६३ (पाचौं संसोधन), हिमाली प्रकाशन, काठमाण्डौं, २०६५ ।

पोखरेल, डी.आर, **साहित्य सङ्गम चितवनको विगत र वर्तमान ,** चितवन : साहित्य सङ्गम चितवन ।

पौडेल, श्यामानन्द, **शिवशक्ति शिखरिणी**, चितवन : चितवन साहित्य परिषद्, २०५८ ।

पौडेल, नरेन्द्रराज **एलो सी माथिको साँझ**, चितवन : चितवन साहित्य परिषद्, २०६० ।

भट्टराई, देवेन्द्र, **स्रष्टा र समय**, काठमाण्डौं : रत्न पुस्तक भण्डार, २०६२ ।

भाउपन्थी, **कविकोष**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

महत, कृष्णकुमारी, **संयोग-वियोग**, चितवन : चितवन साहित्य परिषद्, २०६३ ।

'माइला', प्रकाश पौडेल, **पर्दाफास**, चितवन : चितवन साहित्य परिषद्, २०६० ।

मोमिला (सम्पा.), **सगरमाथाको नृत्यमग्न आत्मा**, काठमाण्डौं : नेपाली कला साहित्य डट कम प्रतिष्ठान, २०६५ ।

रिजाल, सरस्वती, **प्रबोधन,** चितवन : चितवन साहित्य परिषद्, २०६३ ।

वाग्ले, श्रीभक्तअच्युत **म भित्रको मान्छे**, चितवन : चितवन साहित्य परिषद्, २०५७ ।

__________, **प्रत्यागमन**, चितवन : चितवन साहित्य परिषद्, २०६४ ।

विनोदी, गोविन्दराज **छन्दविनोद,** चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

__________ , **हिमस्पर्श,** चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६ ।

व्याकुल, भूपिन , **हजार वर्षको निद्रा,** , कास्की : पोखरेली युवा सांस्कृतिक परिवार, २०६६ ।

शर्मा, डी.डी. **प्रतिध्वनि,** चितवन : चितवन साहित्य परिषद्, २०६५ ।

शर्मा, तिलकराज, **दौरासुरवाल र टोपी आतङ्क,** चितवन : चितवन साहित्य परिषद्,२०६५ ।

शास्त्री, नारायणदत्त **कृषि डायरी,** चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

श्रेष्ठ, गायत्री **बादलको घुम्टोभित्र,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

__________, **केही कृति : आफ्नै दृष्टि,** काडमाण्डौं : नेपाली लेखक सङ्घ, २०६५, ।

श्रेष्ठ, इन्द्रलाल, **भावनामा राष्ट्र बोल्छ,** चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

__________, **नयाँ आकाश नयाँ इतिहास**, चितवन : चितवन साहित्य परिषद्, २०६४ ।

__________, **बिम्ब प्रतिविम्ब**, चितवन : चितवन साहित्य परिषद्, २०६४ ।

'हिमांशु', होमनाथ पौडेल **विभूति दर्पण**, चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

## ख) प्रमुख पत्रपत्रिकाहरू

खनाल, केदारनाथ, *चितवन जिल्लामा संचालित सामाजिक संघ संस्थाहरू,* **विवेक**, (वर्ष२, अङ्क ५, २०४६), पृ.२३८-२५० ।

__________ , *वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घ-संस्थाहरू,* **चितवन महोत्सव स्मारिका** ( वर्ष, अङ्क उल्लेख नभएको,२०६१), पृ.३१-३६ ।

खनाल, हरिहर, *चितवनको साहित्यिक प्रकाशन,* **चितवन महोत्सव स्मारिका** ( वर्ष, अङ्क उल्लेख नभएको, २०५७), पृ. ८५-८७ ।

गौतम, लक्ष्मणप्रसाद, *चितवनको साहित्य : यात्रा र प्रवृत्ति ,* **चितवन महोत्सव स्मारिका,** (वर्ष, अङ्क उल्लेख नभएको, २०५७) पृ.९५-९९।

__________ *,पचासको दशकमा चितवनका कविता,* **चितवन महोत्सव स्मारिका** ( वर्ष, अङ्क उल्लेख नभएको, २०५९) पृ.४३-४५ ।

पोखरेल, डी.आर., *पचासको दशकमा प्रकाशित चितवनको साहित्य,* **चितवन महोत्सव स्मारिका** (वर्ष, अङ्क उल्लेख नभएको, २०६१), पृ.८७-९१ ।

प्रभात, रमेश, *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन,* **रामेश्वर** स्मारिका, (वर्ष १, अङ्क१, २०६४) पृ.१२५-१४७ ।

## घ) सहयोग लिइएका पत्र पत्रिकाहरू र अन्य सामाग्रीहरू

**आदर्श समाज** दैनिक, **कान्तिपुर** राष्ट्रिय दैनिक, **चितवन पोष्ट** दैनिक, **लोकतन्त्र सन्देश** दैनिक, **पारदर्शी** दैनिक, **चितवन** साप्ताहिक, **नेपाल** साप्ताहिक, **चितवन** साप्ताहिक, **जनमत** मासिक, **नारायणी टुडे** मासिक, **नौलो राँको**, **पल्लव, प्रलेश, मधूलिका**, **मारूनी, समष्टी**, **सम्प्रेषण**, **सिउँडी** मासिक, **हाम्रो पाइला** स्मारिका, **हाम्रो सिर्जना** त्रैमासिकका विभिन्न अङ्कहरू, **वागीश्वरी**का सबै अङ्कहरू, उद्योग वाणिज्य संघ नारायणगढ, जिल्ला शिक्षा कार्यालय चितवन, जिल्ला विकास समिति चितवन, शाखा तथ्याङ्क कार्यालय चितवन, नारायणी कला मन्दिर, नारायणगढद्वारा प्रकाशित **ब्रोसर**हरू

**घ) प्रमुख शोधपत्र, कार्यपत्र तथा अभिलेखहरू**

कोइराला, रामकला, **चितवन जिल्लावाट प्रकाशित साहित्यिक पत्रिकाहरूको विवरणात्मक अध्ययन** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग, बीरेन्द्र बहुमुखी क्याम्पस २०५१)

न्यौपाने देवीप्रसाद, **रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान,** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.(नेपाली विभाग भैरहवा बहुमुखी क्याम्पस २०६४)

भट्टराई, रामजी, **साहित्यकार रामबाबु घिमिरेको जीवनी, व्यक्तित्त्व र कृतित्त्व,** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि. (नेपाली विभाग बीरेन्द्र बहुमुखी क्याम्पस २०६२), ३)

वाग्ले, श्रीचन्द्र, **साहित्यिक पत्रपत्रिका प्रकाशनमा चितवनका संघसंस्थाको भूमिका** अप्र. स्नातकोत्तर शोधपत्र त्रि.वि.(नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस २०६३)

आमोदी केशवराज, *चितवनमा गजलको स्थिति र वास्तविकता ,* कालिका कालिका एफ.एम.द्वारा मिति २०६६।६।२५ मा आयोजित राष्ट्रिय गजल महोत्सवमा प्रस्तुत अप्रकाशित कार्यपत्र ,२०६६ ।

चितवन साहित्य परिषद्द्वारा उपलब्ध गराइएका निर्णय पुस्तिका तथा उपस्थिति पुस्तिकाहरू

## परिशिष्ट-खण्ड

### क) व्यक्तिगत फारम

(चि.सा.प.बाट सम्मानित प्रतिभाहरूको परिचयका लागि प्रयोगमा ल्याइएको नमूना फारम )

श्री                    ज्यू

महोदय,

मैले त्रिभुवन विश्व विद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको अनुसन्धनको लागि चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को योगदान विषयमा शोध गर्न लागेको र चि.सा.प.बाट यहाँ समेत सम्मानित हुनु भएकाले निम्नानुसारको जिज्ञासा मेटाइ दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

बालकृष्ण थपलिया

क) सम्मानित प्रतिभाको सङ्क्षिप्त परिचय

१) नाम :	२) साहित्यिक नाम :
३) जन्म मिति	४) जन्मस्थान :	५) हालको ठेगना
६) आमाको नाम :	७) पिताको नाम :
८) श्रीमतीको नाम	९) छोरा /छोरीको नाम :
ख) शिक्षा :
ग) लेखकीय परिचय
१) साहित्यिक लेखनको सुरूवात	२) पहिलो प्रकाशित रचना, पत्रिका र साल

घ) प्रकाशित कृतिहरू

| **क्रम सङ्ख्या** | **कृतिको नाम** | **प्रकाशित साल** | **कैफियत** |
|---|---|---|---|

ङ) सामाजिक /साहित्यिक सङ्घ-संस्थामा क्रियाशीलता :

| **क्रम सङ्ख्या** | **संस्थाको नाम** | **जिम्मेवारी** | **साल** |
|---|---|---|---|

च) मान,सम्मान/पुरस्कार

| **क्रम सङ्ख्या** | **मान,सम्मान/पुरस्कारको नाम** | **संस्थाको नाम** | **साल** | **कैफियत** |
|---|---|---|---|---|

छ) पेशा/व्यवसाय

ज) मनपर्ने लेखकहरू १) स्वदेशी २) विदेशी

ज) लेखनलाई प्राप्त प्रेरणा

झ) तपाईंको परिभाषामा साहित्य

ञ) जीवनप्रतिको दृष्टि

यहाँको मूल्याँकनमा चितवनको साहित्यिक उन्नयनमा चितवन साहित्य परिषद्को भूमिका कस्तो पाउनु भएको छ ? आगामी दिनमा यस संस्थाबाट के अपेक्षा राख्नु भएको छ ?

......................
हस्ताक्षर
मिति

कृपया अन्य कुराहरू भए उल्लेख गरिदिनु हुन अनुरोध छ । माथि दिइएको स्थानमा नअटाएमा अर्को पाना प्रयोग गर्न सक्नु हुनेछ ।

यहाँको मह,वपूर्ण समय र जानकारीको लागि धन्यवाद ।